# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

| | | लालमोहर र प्रकाशन मिति |
|---|---|---|
| संशोधन गर्ने ऐन | | २०२९।११।२८ |
| १. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पहिलो संशोधन) ऐन, २०३१ | २०३१।६।२० |
| २. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०३९ | २०३९।९।८ |
| ३. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) ऐन, २०४६ | २०४६।६।११ |
| ४. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ५. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (चौथो संशोधन) ऐन, २०४९ | २०५०।२।२७ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ६. | केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ | २०६३।४।२३ |
| ७. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ८. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ९. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) ऐन, २०७३ | २०७३।१२।१७ |
| [2]१०. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |

२०२९ सालको ऐन नं. २०

✂.................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउँहरुको संरक्षण, सम्बर्द्धन, विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९" रहेकोछ ।

(२) यो ऐन नेपाल ✂.......... भर लागू हुनेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

2 यो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि लागू हुनेछ ।✷

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "राष्ट्रिय निकुञ्ज" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

(ख) "संनियमित प्राकृतिक आरक्ष" भन्नाले वैज्ञानिक अध्ययनको निमित्त छुटयाइएको, पारिस्थिकी महत्वको वा अन्यथा महत्व राख्ने क्षेत्र सम्झनु पर्छ ।

(ग) "वन्यजन्तु आरक्ष" भन्नाले वन्यजन्तु सम्पदा र तिनीहरुको वासस्थानको संरक्षण तथा व्यवस्था गर्न छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ ।

(घ) "शिकार आरक्ष" भन्नाले शिकारीहरुलाई शिकार गर्न दिनको निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनको लागि छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ ।

(ङ) "आरक्ष" भन्नाले ☒........... संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष र शिकार आरक्षलाई सम्झनु पर्छ ।

✚(ङ१) "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र सम्झनु पर्छ ।

✂(ङ२) "मध्यवर्ती क्षेत्र" (वफर जोन) भन्नाले स्थानीय जनताहरुलाई नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरीको दफा ३क. बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ ।

☙(ङ३) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवत जावत गर्ने बाटो सम्झनु पर्छ ।

---

✷ यो ऐन मिति २०३०।६।४ देखि लागू हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०३०।६।४) ।

☒ दोस्रो संशोधनद्वारा झिकिएको ।

✚ तेस्रो संशोधनद्वारा थप ।

✂ चौथो संशोधनद्वारा थप ।

☙ पाँचौ संशोधनद्वारा थप ।

📖(च) "वन्यजन्तु" भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंछी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता जाति (एम्फिवियन्स) र कीरा फट्याङ्ग्रा (इन्सेक्ट्स) लाई सम्झनु पर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ ।

✼(च१) "नमूना" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा सङ्कलन गरेको वन्यजन्तु वा वन पैदावार वा त्यसको कुनै भाग वा अंश सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र बाहिरका वन्यजन्तु बासस्थानमा सङ्कलन गरेको वन्यजन्तु वा त्यसको कुनै भाग वा अंश समेतलाई जनाउँछ ।

✼(च२) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय प्रचलन अनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) समेतलाई जनाउँछ ।

(छ) "हातहतियार" भन्नाले जुनसुकै किसिमको बन्दुक, पेस्तोल वा यस्तै गोली चलाइने हतियारहरु, धनुषवाण, भाला, दर्जन, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने जुनसुकै हतियारलाई पनि सम्झनु पर्छ ।

(ज) "शिकार" भन्नाले कुनै वन्यजन्तु जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दु:ख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरीरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको फुल, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गरी दिने कामलाई जनाउँछ ।

(झ) "आखेटोपहार" भन्नाले वन्यजन्तुहरुको जीवित वा मृत शरीर वा चिन्हिन सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्गलाई ➲सम्झनु पर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तु समेतलाई जनाउँछ ।

(ञ) "अधिकार प्राप्त अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई सम्झनु पर्छ ।

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

✼ पाँचौ संशोधनद्वारा थप ।

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

✂(ञ१) "संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त व्यक्ति सम्झनु पर्छ ।

✉(ञ२) "स्थानीय जनता" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा स्थायी बसोबास भएका बासिन्दालाई सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतका नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

☙३. नेपाल सरकारले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्ने : (१) नेपाल सरकारले आवश्यक ठानेमा कुनै क्षेत्रलाई त्यसको चार किल्ला समेत खोलिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरी राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछ ।

✉(१क) उपदफा (१) बमोजिम घोषणा गरिएको राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत व्यवस्थापन योजना अनुसार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकपटक घोषित भैसकेको राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र परित्याग वा स्वामित्वको हस्तान्तरण वा सिमाना हेरफेर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

✂३क. मध्यवर्ती क्षेत्र तोक्न सक्ने : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरीको कुनै पनि क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रको परित्याग, स्वामित्व हस्तान्तरण वा सिमाना हेरफेर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

⊃३ख. मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण : (१) मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण सम्बन्धी कार्य सम्बन्धित उपभोक्ता समितिको परामर्शमा संरक्षकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले स्वीकृत गरेको व्यवस्थापन योजना अनुसार गर्नु पर्नेछ ।

तर यसरी व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भू-स्वामित्वलाई कुनै असर पारिने छैन ।

---

✂ चौथो संशोधनद्वारा थप ।

✉ पाँचौ संशोधनद्वारा थप ।

☙ तेस्रो सशोधनद्वारा संशोधित ।

⊃ पाँचौ संशोधनद्वारा संशोधित ।

(२) वातावरणलाई प्रतिकूल असर नपुग्ने र वन्यजन्तुलाई हानी नोक्सानी नपुग्ने गरी मध्यवर्ती क्षेत्रमा तोकिए बमोजिम उद्योगधन्दा, होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधा सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा वा सुविधा सञ्चालन गर्ने सम्बन्धमा सम्बन्धित उपभोक्ता समितिसँग परामर्श गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले मापदण्ड बनाई लागू गर्नेछ ।

(४) संरक्षकले उपदफा (२) बमोजिम सञ्चालन भएका सेवा वा सुविधाको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम संरक्षकले अनुगमन गर्दा वा गराउँदा उपलब्ध भएसम्म सम्बन्धित उपभोक्ता समितिलाई समेत संलग्न गराउनु पर्नेछ ।

(६) मध्यवर्ती क्षेत्रमा विपद्मा परी कुनै परिवारलाई वन पैदावार आवश्यक परेमा उपभोक्ता समितिको परामर्शमा संरक्षकले मध्यवर्ती क्षेत्रको कुनै स्थानबाट त्यस्तो वन पैदावार सङ्कलन गर्न तोकिए बमोजिम अनुमति दिनेछ ।

ᨕ३ख१. सुरक्षा व्यवस्था : राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको सुरक्षाको लागि नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउनेछ ।

✂३ग. क्षतिपूर्ति दिने : मध्यवर्ती क्षेत्रभित्रका कुनै वासिन्दाको घर जग्गा बाढी पहिरोको कारणबाट राष्ट्रिय निकुञ्ज वा आरक्षको प्राकृतिक सिमानाभित्र पर्न गई त्यस्तो वासिन्दाको घरवास उठेमा दफा १६ग. बमोजिम गठित उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले दफा २५क. बमोजिम स्थानीय जनताको सामुदायिक विकासको लागि छुट्याइने रकम मध्येबाट निजलाई मुनासिव माफिकको क्षतिपूर्ति दिनेछ ।

ᨕ३घ. राहत दिइने : राष्ट्रिय निकुञ्ज तथा आरक्ष भन्दा बाहिर वन्यजन्तुको आक्रमणमा परी धनजनको क्षति भएमा त्यस्तो क्षति बापत तोकिए बमोजिम राहत दिइनेछ ।

४. राष्ट्रिय निकुञ्जभित्र प्रवेशमा बन्देज : (१) तोकिए बमोजिमको प्रवेशपत्र वा अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नपाई कुनै पनि व्यक्ति 🕮राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश गर्न पाउने छैन ।

---

ᨕ पाँचौ संशोधनद्वारा थप ।

✂ चौथो संशोधनद्वारा थप ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

तर काजमा खटिएको सरकारी कर्मचारी वा 📖राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रचलित बाटोको अधिकार पाएको व्यक्तिको हकमा यो उपदफा लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रवेशपत्रको ढाँचा, प्रकार, दस्तुर र अन्य शर्तहरु तोकिए बमोजिमको हुनेछ ।

⊃५. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र निषिद्ध कार्यहरु : (१) अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र देहायको काम गर्न पाउने छैन :-

(क) वन्यजन्तुको शिकार गर्न वा आखेटोपहार ओसारपसार गर्न,

(ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी खुवाउन,

(ङ) रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानि नोक्सानी पुऱ्याउन वा वन पैदावार ओसारपसार गर्न,

(च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वन पैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हातहतियार खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्रको प्रचलित बाटोको यात्रुहरु बाहेक अरुले घरपालुवा वा अन्य किसिमको जीवजन्तु वा आखेटोपहार लैजान, र

(ञ) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न ।

---

⊃ पाँचौ संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण, वन वा वन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज वा आरक्षको प्रकृति अनुसार तोकिए बमोजिमका निकुञ्ज वा आरक्षमा परम्परागत रुपमा उपभोग गर्दै आएका सुविधा प्राप्त बाटो, रैथाने चरिचरन, खानेपानी, सिँचाइ तथा तटबन्धको प्रयोग गर्न, परम्परागत रुपमा सङ्कलन गर्दै आएको जङ्गली सागसब्जी तथा कन्दमूल सङ्कलन र माछा मार्नको लागि स्थानीय जनतालाई तोकिए बमोजिम अनुमति दिइनेछ ।

(३) मध्यवर्ती क्षेत्रमा विपद्मा परी कुनै परिवारलाई वन पैदावार आवश्यक परेमा र मध्यवर्ती क्षेत्रको कुनै स्थानबाट दफा ३ख. को उपदफा (६) बमोजिम सङ्कलन गरिएको वन पैदावार पर्याप्त नहुने भएमा उपभोक्ता समितिको परामर्शमा संरक्षकले राष्ट्रिय निकुञ्ज वा आरक्षको कुनै स्थानबाट त्यस्तो वन पैदावार सङ्कलन गर्न तोकिए बमोजिम अनुमति दिनेछ ।

६. 🕮राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र सेवा सञ्चालन : (१) ▣राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरी हितको निमित्त नेपाल सरकारले स्वयं वा तोकिए बमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्तिले ▣राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र जुनसुकै किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन ।

☙६क. मर्मत सम्भार गर्न सक्ने : कुनै व्यक्ति, निकाय, उपभोक्ता समिति वा ⟩स्थानीय तहले वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिई राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक, सांस्कृतिक वा पुरातात्विक स्थलहरुको आधारभूत संरचनामा परिर्वतन नहुने गरी मर्मत सम्भारको कार्य गर्न सक्नेछ ।

७. ◈... ... ...

८. ◈... ... ...

---

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

▣ चौथो संशोधनद्वारा संशोधित ।

☙ पाँचौ संशोधनद्वारा थप ।

⟩ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

◈ दोस्रो संशोधनद्वारा खारेज ।

९. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश आफ्नो दायित्वमा : (१) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश आफ्नै दायित्वमा हुनेछ ।

(२) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कसैको मृत्यु भएमा वा हानि नोक्सानी भएमा वा कसैलाई चोट पटक लागेमा त्यस्तो मृत्यु, हानि नोक्सानी वा चोट पटकको लागि नेपाल सरकार क्षतिपूर्तिको लागि जिम्मेवार हुने छैन ।

१०. संरक्षित वन्यजन्तु : यस ऐनको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु संरक्षित वन्यजन्तु मानिनेछन् र तिनीहरुको शिकार गर्न निषेध गरिएको छ ।

📖तर,

(क) बौलाएको जङ्गली हात्ती, मानिस खान पल्किएको बाघ र नबाँच्ने किसिमले रोगग्रस्त भएका वा अङ्गभङ्ग भएका वन्यजन्तुलाई तोकिएको अधिकारीको आदेशले मार्न वा पक्रन सकिनेछ ।

(ख) वनक्षेत्र बाहिर आई मानिस वा घर पालुवा पशु पंक्षीलाई धेरै नोक्सान गर्ने वन्यजन्तुलाई मार्नु पर्ने ठहराएमा तोकिएको अधिकारीको आदेशले मार्न, पक्रन वा लखेट्न सकिनेछ ।

११. अनुज्ञापत्र नलिई शिकार गर्न नपाइने : 📖(१) अनुज्ञापत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले वन्यजन्तु शिकार गर्न पाउने छैन ।

तर तोकिएको वन्यजन्तु शिकार गर्न अनुज्ञापत्र लिनु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम अनुज्ञापत्र प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको अधिकारी छेउ तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिए बमोजिम दस्तुर लिई 📖वन्यजन्तुको शिकार गर्न तोकिएको ढाँचा र प्रकारको अनुज्ञापत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले तोकिए बमोजिमको शर्त र तरिकाहरुको अधीनमा रही शिकार गर्नु पर्नेछ ।

(४) तोकिएको अधिकारीले कुनै कारण देखाई वा नदेखाई उपदफा (२) बमोजिमको अनुज्ञापत्र दिन ईन्कार गर्न सक्नेछ ।

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

१२. शिकारको वार्षिक भाग (कोटा) निश्चित गर्ने : समय समयको वन्यजन्तुको गणनाको आधारमा तोकिएको अधिकारीले शिकार आरक्षमा वर्षभरी शिकार गरिने वन्यजन्तुको वार्षिक भाग (कोटा) निश्चित गर्नेछन् ।

१३. नेपाल सरकारले अनुज्ञापत्र रद्द गर्न सक्ने : नेपाल सरकारले आवश्यक देखेमा कारण देखाई वा नदेखाई जुनसुकै बखत पनि दफा ११ बमोजिम प्रदान गरिएको अनुज्ञापत्र रद्द गर्न सक्नेछ ।

१४. शिकार बन्द समय : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको अवधिसम्मको लागि शिकार बन्द समय तोक्न सक्नेछ ।

१५. नमूना सङ्कलन गर्न इजाजतपत्र लिनु पर्ने : (१) इजाजतपत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले 🕮राष्ट्रिय निकुञ्ज, आरक्ष वा अन्य वन्यजन्तु वासस्थानबाटै वैज्ञानिक अनुसन्धानको लागि नमूना सङ्कलन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचाको दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिए बमोजिमको दस्तुर अनुसूची-१ मा उल्लेखित वन्यजन्तु बाहेक जुनसुकै वन्यजन्तुको शिकार गर्न वा कुनै कीट, किटाणु, माछा वा कुनै प्राकृतिक उपज जम्मा गर्न तोकिएको शर्तहरु पालन गर्ने गरी इजाजतपत्र दिन सक्नेछ ।

ꣳ१५क. वन्यजन्तुको अध्ययन अनुसन्धान, प्रजनन् तथा पालन गर्न सक्ने : (१) वन्यजन्तुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमा सघाउ पुऱ्याउने उद्देश्यले वन्यजन्तुको अध्ययन, अनुसन्धान वा व्यावसायिक रुपमा प्रजनन् तथा पालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तुको प्रजनन् तथा पालनको लागि आवश्यक पर्ने बिउ प्राणी (सिड एनिमल) तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरी व्यावसायिक रुपमा उत्पादन गरिएका वन्यजन्तु वा तीनका अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु तोकिए बमोजिम उपयोग, बिक्री, वितरण वा निकासी गर्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका वन्यजन्तुलाई तोकिए बमोजिमको अवस्थामा नेपालभित्र एक

---

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

ꣳ पाँचौ संशोधनद्वारा थप ।

ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न वा कुनै मुलुकमा निकासी गर्न वा कुनै मुलुकबाट पैठारी गर्न पाइने छैन ।

[ॐ]१५ख. <u>अनुसन्धान वा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रदान गर्न सकिने</u> : (१) वन्यजन्तुको वैज्ञानिक अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने ख्यातिप्राप्त स्वदेशी वा विदेशी संघ, संस्थाले अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको प्रयोजनको लागि कुनै वन्यजन्तु माग गरी नेपालको राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र तथा वन्यजन्तुको संरक्षण, सम्बर्द्धन र विकासको लागि सहयोग पु¥याउने लिखित प्रतिबद्धतासहित निवेदन पेश गरेमा नेपाल सरकारले त्यस्तो कार्यको लागि उक्त संस्थालाई वन्यजन्तु प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन वा अनुसन्धानको लागि कुनै वन्यजन्तु प्रदान गर्दा त्यस्तो अध्ययन वा अनुसन्धानबाट प्राप्त हुने नतिजा नेपालको लागि समेत उपयोगी हुने ठानेमा नेपाल सरकारले त्यस्तो नतिजा नेपाललाई समेत उपलब्ध गराउने शर्त सहित त्यस्तो वन्यजन्तु प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम वन्यजन्तु प्रदान गर्दा लाग्ने दस्तुर, पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

[ॐ]१५ग. <u>चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने</u> : (१) कुनै संस्था, निकाय वा स्थानीय तहले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान गर्ने प्रयोजनका लागि तोकिए बमोजिम इजाजतपत्र प्राप्त गरी चिडियाखाना सञ्चालन गर्न सक्नेछ ।

(२) कुनै पनि व्यक्ति, संस्था वा स्थानीय तहले टुहुरा, असहाय, समस्याग्रस्त र उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापनको लागि वन्यजन्तु उद्धार केन्द्र र वन्यजन्तु अस्पताल स्थापना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

[ॐ]१५घ. <u>जैविक मार्गको संरक्षण र सम्बर्द्धन</u> : (१) नेपाल सरकारले आवश्यक देखेमा राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भन्दा बाहिरको कुनै क्षेत्रलाई जैविक मार्ग घोषणा गरी सम्बन्धित उपभोक्ता समितिसँग परामर्श गरी सो को संरक्षण र सम्बर्द्धनको व्यवस्था गर्न सक्नेछ ।

---

ॐ पाँचौ संशोधनद्वारा थप ।

(२) जैविक मार्गको संरक्षण र सम्बर्द्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ॐ१५ङ. विदेशी मुलुकलाई वन्यजन्तु उपलब्ध गराउन सकिने : (१) कुनै पनि विदेशी मुलुकको सरकारले तोकिएको शर्तको अधीनमा रही नेपालमा रहेको वन्यजन्तु माग गरेमा र नेपाल सरकारले संरक्षण र व्यवस्थापनका दृष्टिकोणले उपयुक्त ठानेमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी त्यस्ता वन्यजन्तु उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उपलब्ध गराएको वार्षिक विवरण वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सङ्घीय संसदको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ ।

१६. राष्ट्रिय निकुञ्ज वा आरक्षको व्यवस्थापन : राष्ट्रिय निकुञ्ज वा आरक्षको उपयुक्त व्यवस्थाको लागि आवश्यक भएमा तोकिएको अधिकारीले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र शिकार गर्न, कुनै प्राकृतिक उपज हटाउन वा अन्य यस्तै आवश्यक कामहरु गर्न सक्नेछ ।

◎१६क. वनपैदावार तथा अन्य सेवा उपलब्ध गराउन सकिने : राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र तोकिएको अधिकारीले तोकिए बमोजिमको दस्तुर लिई तोकिएको वन पैदावार वा अन्य सेवा उपलब्ध गराउन सक्नेछ ।

⁽१६ख. संरक्षण क्षेत्रको व्यवस्थापन : दफा ३ को उपदफा (१) बमोजिम घोषणा गरिएको कुनै संरक्षण क्षेत्रको व्यवस्थापन गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो सूचनामा तोकिएको अवधिसम्मको लागि प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्य लिई स्थापना भएको संस्थालाई सुम्पन सक्नेछ ।

✂१६ग. उपभोक्ता समिति : (१) राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र ढलेको रुख, सुकेको काठ, दाउरा र घाँसको व्यवस्थापन गर्न सम्बन्धित संरक्षकले }स्थानीय तहसँग समन्वय गरी उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक उपभोक्ता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

---

◎ दोस्रो संशोधनद्वारा थप ।

⁽ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौ संशोधन) अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

✂ चौथो संशोधनद्वारा थप ।

} केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१७. आखेटोपहार अनुज्ञापत्र दिने अधिकारी समक्ष पेश गर्नु पर्ने : (१) आफूले पाएको अनुज्ञापत्र बमोजिम आखेटोपहार प्राप्त गर्ने व्यक्तिले त्यस्तो आखेटोपहार प्राप्त गरेको समयले बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र अनुज्ञापत्र दिने अधिकारी वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफू समक्ष पेश गरिएको आखेटोपहार अनुज्ञापत्र बमोजिम नै प्राप्त गरिएको हो भन्ने लागेमा अनुज्ञापत्र दिने अधिकारीले त्यसको लगत राखी तोकिए बमोजिमको निस्सा सहित त्यस्ता वन्यजन्तुको सम्पूर्ण शरीर वा अङ्ग पेश गर्ने व्यक्तिलाई नै फिर्ता बुझाई दिनु पर्छ ।

तर शिकार गरिएको वन्यजन्तुको सम्पूर्ण शरीर वा अङ्ग नेपाल सरकार लाग्ने शर्तमा अनुज्ञापत्र दिइएको रहेछ भने सोही शर्त बमोजिम हुनेछ ।

१८. निस्सा नभई आखेटोपहार राख्न नपाइने : (१) यो ऐन लागू हुनुभन्दा अगावै आखेटोपहार प्राप्त गरेको व्यक्तिले ☝तोकिएको म्यादभित्र त्यस्तो आखेटोपहार तोकिएको अधिकारी समक्ष पेश गरी तोकिए बमोजिमको निस्सा लिई राख्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम वा दफा १७ को उपदफा (२) बमोजिम निस्सा प्राप्त नगरी राखिएको आखेटोपहार नेपाल सरकारले जफत गर्न सक्नेछ ।

📖१९. इजाजतपत्र नलिई आखेटोपहारको बिक्री वितरण वा व्यवसाय गर्न नपाईने : (१) तोकिएको अधिकारीबाट इजाजतपत्र नलिई कुनै पनि व्यक्तिले आखेटोपहारको बिक्री वितरण गर्न वा कुनै किसिमले हक छाडी दिन वा आखेटोपहार सम्बन्धी कुनै व्यवसाय गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिबाट खरिद गरेको वा हक हस्तान्तरण भई आफ्नो हक हुन आएको आखेटोपहार सम्बन्धित व्यक्तिले तोकिएको म्यादभित्र तोकिएको अधिकारी कहाँ दर्ता गराई स्वामित्वको निस्सा लिई राख्नु पर्छ ।

२०. आखेटोपहार निकासी वा पैठारी गर्न सिफारिस लिनु पर्ने : प्रचलित नेपाल कानून बमोजिम कुनै आखेटोपहार नेपाल ✂......... बाट विदेशमा निकासी गर्न वा विदेशबाट नेपाल ✂.......... भित्र पैठारी गर्न चाहने व्यक्तिले नेपाल सरकार, 📖वन तथा भू-संरक्षण मन्त्रालयको लिखित सिफारिस लिनु पर्नेछ ।

---

☝ पहिलो संशोधनद्वारा संशोधित ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

[*]२०क. आखेटोपहार प्रयोग गर्न दिन वा नष्ट गर्न सकिने : (१) प्राकृतिक वा अन्य कारणबाट मृत्यु भएका वन्यजन्तुबाट सङ्कलन गरिएको वा प्रचलित कानून बमोजिम जफत गरिएको आखेटोपहार नेपाल सरकारले शैक्षिक वा अनुसन्धान संस्थालाई शैक्षिक वा अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन वा जफत गरिएको आखेटोपहार प्राकृतिक विज्ञान सङ्ग्रहालयमा प्रदर्शनीको लागि राख्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षण गर्न उपयोगी र आवश्यक नदेखिएको आखेटोपहार नेपाल सरकारले नष्ट गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम आखेटोपहार प्रयोग गर्न दिने वा नष्ट गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. आत्म सुरक्षाको लागि आवश्यक काम गर्न सकिने : (१) आफ्नो वा अरु कुनै व्यक्ति वा घरपालुवा जनावरको बचावटको लागि कुनै वन्यजन्तुको वास्तविक र तत्काल आक्रमणका विरुद्ध अन्य कुनै विकल्प नभएमा हातहतियार प्रयोग गर्न वा अन्य कुनै उपाय गर्न सकिनेछ र त्यस्तो गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा यस ऐन बमोजिम कसूर गरिएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा बाटोका म्याद बाहेक सो भए गरेको चौबीस घण्टाभित्र तोकिएको अधिकारी समक्ष सो कुराको सूचना दिनु पर्छ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु विपरीत काम गरिरहेको व्यक्तिको हकमा उपदफा (१) बमोजिमको सुविधा प्राप्त हुने छैन ।

२२. सिमाना चिन्हहरु बिगार्न नपाइने : कुनै पनि व्यक्तिले [◘]राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको सिमाना, बार, पर्खाल, चिन्हपट वा सूचनाहरु नष्ट गर्न, बिगार्न, कुरुप पार्न, हटाउन वा अन्यथा बाधा अड्चन गर्न हुँदैन ।

२३. निरीक्षण तथा खानतलासीको अधिकार : यो ऐन बिरुद्ध कसैले कुनै काम गरेको भन्ने विश्वास हुने मनासिब कारण भएमा निजले गरेको त्यस्तो कामको सबुत बुझ्नको निमित्त वा निजको गिरफ्तारीको निमित्त आवश्यक भएमा तोकिएको अधिकारीले तोकिएको अधिकारीबाट वारेण्ट प्राप्त गरी जुनसुकै समय त्यस्ता व्यक्तिको घर, जग्गा, जमिन र सबै प्रकारको सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्नेछ ।

तर कुनै घर जग्गा, जमिन वा सवारीमा प्रवेश गरी खानतलासी गर्न पाउने वा कुनै कसूरदारलाई गिरफ्तार गर्न पाउने वारेण्ट प्राप्त गर्न केही समय

---

[*] पाँचौ संशोधनद्वारा थप ।

[◘] चौथो संशोधनद्वारा संशोधित ।

लाग्ने भई सो समयभित्र कसूरदार भागी जाने वा कसूरको सबुत गायव गरिने सम्भावना देखिएमा त्यस कुराको लिखित अभिलेख खडा गरी तोकिएको अधिकारीले पनि त्यस्तो घर, जग्गा, जमिन वा सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्छ ।

स्पष्टीकरण : यस दफा अन्तर्गत बिना वारेण्ट प्रवेश र खानतलासी गर्दा दफा ३० मा तोकिएको दर्जा भन्दा मुनिको दर्जाको अधिकारीले गर्न पाउने छैन । साथै त्यसरी बिना वारेण्ट प्रवेश वा खानतलासी गर्दा कसूरदारको गिरफ्तारी वा सबुत बरामद नभएको अवस्थामा प्रवेश वा खानतलासी गर्ने अधिकारीले प्रवेश वा खानतलासीसित सम्बन्धित व्यक्तिलाई प्रवेश वा खानतलासी गरेको कुराको प्रमाणपत्र दिनु पर्छ र त्यसरी प्रवेश वा खानतलासी गर्नु पर्ने कारण समेत खोली सो भए गरेको मितिले पन्ध्र दिनभित्र तोकिएको अधिकारीलाई लिखित सूचना समेत दिनु पर्छ ।

–२४. विना वारेण्ट गिरफ्तार गर्ने अधिकार : (१) यस ऐन बमोजिमको कुनै कसूरदार भाग्छ भन्ने विश्वास पर्ने कारणहरु भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ । ▪.............

(२) उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसूरदार

---

– केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा दफा २४ को सट्टा देहायको दफा २४ संशोधन गरी राखिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने :-

"२४. गिरफ्तार गर्ने अधिकार : (१) यस ऐन बमोजिमको कुनै कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबुत नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिरहेको अवस्थामा फेला पारेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी गिरफ्तार गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिई हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सो बमोजिम गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्ने छैन ।"

▪ पाँचौं संशोधनद्वारा झिकिएको ।

वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडा देखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सो बमोजिम गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्ने छैन ।

ल्ड२४क. म्याद थप सम्बन्धी व्यवस्था : (१) यस ऐन बमोजिम गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र कानूनी कारबाहीको निमित्त मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गिरफ्तार गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भैसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भैरहेको देखिएमा एकैपटक वा पटक पटक गरी बढीमा पैंतालीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

📖२५. पुरस्कार दिने : ▣(१) गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरीगाई मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म र उपरोक्त वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म नगद पुरस्कार दिन सकिनेछ ।

(२) गैरकानूनी तरिकाले कुनै आखेटोपहार राख्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने वा त्यस्तो व्यक्तिलाई पक्रने व्यक्तिलाई सो आखेटोपहार बरामद भई लिलाम बिक्री गरिएकोमा लिलाम बिक्रीबाट आएको मूल्यको पचास प्रतिशत वा वन्यजन्तु संरक्षणको दृष्टिकोणले आखेटोपहार लिलाम बिक्री गर्न

---

ल्ड पाँचौ संशोधनद्वारा थप ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

▣ चौथो संशोधनद्वारा संशोधित ।

नहुने भएमा त्यस्तो आखेटोपहारको अवस्था, महत्व र परिमाण विचार गरी दश हजार रुपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यस ऐन अन्तर्गत कसूर गरेको सुराक लगाई अभियुक्त पक्राउ गराई दिने व्यक्तिलाई एक हजार रुपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।

✂२५क. स्थानीय विकासको लागि खर्च गर्न सकिने : राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये तीस देखि पचास प्रतिशतसम्म रकम }स्थानीय तहसँग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिनेछ ।

📖२६. दण्ड सजाय : ▣(१) गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, ➲खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई ➲पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । –

▣(२) उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई ➲एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्ष देखि दश वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

●(३) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिना देखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

---

✂ चौथो संशोधनद्वारा थप ।

} केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

▣ चौथो संशोधनद्वारा संशोधित ।

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

– केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा दफा २६ को उपदफा (१) पछि उपदफा (१क) थप गरिएकोमा सो ऐन मिति २०७५।५।१ बाट प्रारम्भ हुने :-

"(१क) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याउने व्यक्तिलाई दश वर्षसम्म कैद वा दशलाख रुपैयाँ सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।"

● केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

♥(४) संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना देखि नौ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

♥(५) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

ᛟ(५क) दफा ५ को उपदफा (१) को खण्ड (ख) अन्तर्गतको कसूर गर्नेलाई बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए सो बापत हुने सजाय समेत हुनेछ ।

ᛟ(५ख) दफा ५ को खण्ड (ङ), (च) वा (छ) अन्तर्गतको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) एक हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिबाना,

(ख) एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिबाना वा छ महिनासम्म कैद वा दुवै,

(ग) दश हजार रुपैयाँ भन्दा बढीको बिगो भए विगोको दोब्बर जरिबाना वा एक वर्षसम्म कैद वा दुवै ।

ᛟ(५ग) कसैले यस ऐन अन्तर्गत इजाजत प्राप्त नगरी वन्यजन्तु पालन वा प्रजनन् गरे गराएमा वा चिडियाखाना सञ्चालन गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

ᛟ(५घ) कसैले यस ऐन अनुसार कसूर हुने कुनै अपराधको उद्योग गरेमा त्यस्तो उद्योग गर्नेलाई संरक्षित वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसूरदारलाई भए सरह र अन्य वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

♥(६) ⊃उपदफा (१), (२), (३), (४), (५), (५क), (५ख) र (५ग) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कसूर गर्ने

---

ᛟ पाँचौ संशोधनद्वारा थप ।

ᛟ पाँचौ संशोधनद्वारा थप ।

♥ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⊃ पाँचौ संशोधनद्वारा संशोधित ।

व्यक्तिलाई बिगो कायम भएकोमा बिगोको दोब्बर जरिवाना र एक वर्षसम्म कैद र बिगो कायम नभएको कसूरमा कसूरको मात्रा हेरी बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

२७. मतियारलाई सजाय हुने : यो ऐन अन्तर्गत कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई कसूरदारलाई हुने सजायको आधी सजाय हुनेछ ।

तर गैंडा, बाघ, ◎कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजाय सरह नै सजाय हुनेछ ।

२८. जफत गर्ने अधिकार : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुको उल्लङ्घन गर्ने कसूरदार दोषी ठहरिएमा मुद्दा हेर्ने अधिकारीले अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन र अन्य वस्तुहरु जफत गर्न सक्नेछ ।

◎तर बरामद भएको शिकारी कुकुरलाई मुद्दा किनारा नहुँदै मुद्दा हेर्ने अधिकारीको आदेशले मार्न सकिनेछ ।

२९. नेपाल सरकार वादी हुने : यस ऐन अन्तर्गतका मुद्दाहरुमा नेपाल सरकार वादी हुनेछ ।

३०. मुद्दाको तहकिकात र दायरी : (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात रेञ्जर वा वन र वन्यजन्तु व्यवस्थासित सम्बन्धित सुवेदार दर्जासम्मका कर्मचारी वा कम्तीमा राजपत्रअनङ्कित प्रथम श्रेणीका कर्मचारीले वा प्रहरीमा कम्तीमा नायव निरीक्षक दर्जासम्मको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालय वा वन्यजन्तु संरक्षण कार्यालय वा वन कार्यालय वा वन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा सम्बन्धित अधिकृतले सरकारी वकीलसित राय सल्लाह लिन सक्नेछ ।

●३१. मुद्दा हेर्ने अधिकारी : (१) यस ऐनको दफा २६ को –उपदफा (१) र (२) अन्तर्गत कसूर हुने मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

---

◎ दोस्रो संशोधनद्वारा थप ।

◎ दोस्रो संशोधनद्वारा थप ।

● केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

– केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा "उपदफा (१) र (२)" भन्ने शब्दहरुका सट्टा "उपदफा (१), (१क) र (५)" भन्ने शब्दहरु राखिएकोमा सो ऐन मिति २०७५।५।१ बाट प्रारम्भ हुने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अन्तर्गतको अन्य मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जिल्ला अदालत र तोकिएको अधिकारीले यस ऐन अन्तर्गतका मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम भएको निर्णय उपर पैंतीस दिनभित्र पुनरावेदन दिन सकिनेछ र तोकिएको अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

३२. अनुसूचीमा संशोधन गर्ने नेपाल सरकारको अधिकार : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐनको अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

३३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

[ꙮ]३३क. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३४. खारेजी र बचाउ : (१) जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ लाई खारेज गरिएको छ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएको जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

---

[ꙮ] पाँचौ संशोधनद्वारा थप ।

द्रष्टव्य : (१) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०३९ बमोजिम रुपान्तर भएका शब्दहरु :-
"वन्यजन्तु, पंक्षी," "वन्यजन्तु वा पंक्षी," "वन्यजन्तु तथा पंक्षी" र "वन्यजन्तु र पंक्षी" भन्ने शब्दहरुको सट्टा "वन्यजन्तु" ।

(२) प्रहरी (पहिलो संशोधन) ऐन, २०२९ बमोजिम रुपान्तर भएका शब्दहरु :-
"सव इन्सपेक्टर" को सट्टा "नायव निरीक्षक" ।

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(४) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) ऐन, २०७३ बमोजिम रुपान्तर भएका शब्दहरु :-
"स्थानीय बासिन्दा" भन्ने शब्दहरुको सट्टा "स्थानीय जनता" ।

(५) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएको शब्दहरु :-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

## अनुसूची - १

(दफा १० सित सम्बन्धित)

**संरक्षित वन्यजन्तुहरु**

स्तनधारी जन्तु (म्यामल्स)

आसामी रातो वांदर - (मकाका आसाभेन्सीस)

सालक - (म्यानिस क्रसिक डाटा र म्यानिस पेन्टाडक्टाइला)

हिसपिड खरायो - (क्याप्रोलागस हिसपिडस)

सोंस - (प्लाटानिस्टा ग्यन्जेटिका)

ब्वाँसो - (क्यानिसलुपस)

हिमाली रातो भालु - (असर्स अर्क्टस)

हाब्रे (रेड पाण्डा) - (आइलुरस फल्जेन्स)

लिङ्गसाङ - (प्राओनोडन पार्डिक्लर)

हुँडार - (हाइना हाइना)

चरी बाघ (लेपर्ड क्याट) - (फेलिल बेंगालेन्सिस)

लिक्स - (फेलिस लिंक्स)

ध्वाँसे चितुवा - (निओफेलिस नेबुलोसा)

बाघ - (पान्थेरा टाइग्रिस)

हिउँ चितुवा - (पान्थेरा अन्सिय)

जङ्गली हात्ती - (इलेफस माक्सिमस)

गैंडा - (राइनोसिरस युनिकर्निस)

सानो जातको बँदेल - (सस सल्मानस)

कस्तुरी मृग - (मस्चस मस्चिफेरस)

बाह्रसिंगा - (सरभस डुमासेलि)

गोरवड्सन - (वस गोंरस)

---

दोस्रो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| योक नाक | - | (वस ग्रन्नियन्स) |
| अर्ना | - | (वुवालस वुवालिस) |
| नायन | - | (ओमिस आम्मन) |
| चिरु | - | (पान्थोलप्स हडसोनी) |
| कृष्णसार | - | (एन्टिलोप सर्निकार्पा) |
| चौका | - | (टेट्राकर्निक क्वाड्रिकर्निस) |
| <u>पंक्षी (एभ्स)</u> | | |
| कालो स्टर्क | - | (सीकोनिया नाइग्रा) |
| सेतोस्टर्क | - | (सिकोनिया सिकोनिया) |
| सारस | - | (ग्रस ग्रस) |
| चीर | - | (क्याट्रिएस वालिचाई) |
| डाँफे | - | (लोफोफोरस इन्पिजानस) |
| मोनाल | - | (ट्रागोनपान साटाइरा) |
| खर मुजूर | - | (थपोडोटिस बेंङ्गालेन्सिस) |
| सानो खर मुजूर | - | (साइफिओटाइडस इन्डिका) |
| ठूलो धनेश | - | (बुसेरस वाइकर्निस) |
| <u>घस्रने जातका जन्तु (रेपटायल्स)</u> | | |
| अजिङ्गर | - | (पाईथन स्पिसिज) |
| घडियाल गोही | - | (ग्याभियालिस ग्यान्जेटिक्स) |
| सुन गोहोरी | - | (भारानस फ्लामेसेन्स) |

## ☒अनुसूची - २

.................................

☒ दोस्रो संशोधनद्वारा खारेज ।

# भू तथा जलाधार संरक्षण ऐन, २०३९

लालमोहर र प्रकाशन मिति
२०३९।८।६

संशोधन गर्ने ऐन

१. वन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ २०४८।१२।३०

प्रमाणीकरण र प्रकाशन मिति

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ २०६६।१०।७

३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ २०७२।११।१३

२०३९ सालको ऐन नं. १६

✂.....................

भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : बाढी, पैह्रो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न र सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "भू तथा जलाधार संरक्षण ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संरक्षित जलाधार क्षेत्र" भन्नाले दफा ३ अन्तर्गत घोषित संरक्षित जलाधार क्षेत्र सम्झनु पर्छ ।

(ख) "भू तथा जलाधार संरक्षण" भन्नाले बाढी, पैह्रो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्य सम्झनु पर्छ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ग) "भू-उपयोगिता प्रणाली (लैण्ड यूज सिस्टम)" भन्नाले जग्गाको उर्वरा शक्ति बनाई राख्ने भौतिक तथा रासायनिक गुणहरुलाई कमजोर नपार्ने वा नष्ट हुन नदिने वा कायम रहने किसिमले खेती वा अन्य कार्य गरी त्यस्तो जग्गाको दीर्घकालीन उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले भू तथा जलाधार संरक्षण विभाग सम्झनु पर्छ ।

(ङ) "जलाधार संरक्षण अधिकृत" भन्नाले दफा १९ बमोजिम नियुक्त वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्ने : (१) भू तथा जलाधार संरक्षणको लागि आवश्यक देखेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल ✂............ को कुनै क्षेत्रलाई चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकतानुसार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ ।

४. संरक्षित जलाधार क्षेत्रमा गर्न सकिने कार्यहरु : संरक्षित जलाधार क्षेत्रमा जलाधार संरक्षण अधिकृतले भू तथा जलाधार संरक्षणको लागि देहाय बमोजिम कार्यहरु गर्न गराउन सक्नेछ :-

(क) रोकथाम वा नियन्त्रण गर्ने बाँध (डेम), गल्छी नियन्त्रण (चेकडेम), तटबन्ध (इम्बाङ्कमेण्ट), गरा सुधार (टेरेस इम्प्रुभमेण्ट), कुलो, सहायक कुलो वा ढल (डाइभर्सन च्यानल), टेवा दिने पर्खाल (रिटेनिंगवाल), पोखरी र यस्तै अन्य आवश्यक बनौटको निर्माण गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ख) परीक्षण स्थल (ट्रायल प्लट) हरुको व्यवस्था गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ग) वृक्षारोपण गर्ने, घाँस, झारपात वा अन्य वनस्पति लगाउने र त्यसको स्याहार सम्भार गर्ने तथा हुर्काउने,

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(घ) पहिरो जान सक्ने जग्गाहरु र भिराला पाखाहरुमा रहेका वन जङ्गल, झारपात, घाँस तथा अन्य प्राकृतिक वनस्पतिको संरक्षण गर्ने, त्यसको स्याहार सम्भार गर्ने तथा सम्बर्द्धन गर्ने,

(ङ) बाली र फलफूलको खेती गर्ने,

(च) माटोको उर्वरा शक्ति र पानी तथा वातावरणको स्वच्छता सन्तुलित रुपमा कायम बनाई राख्ने,

(छ) सम्बन्धित ठाउँहरुमा विद्युतीकरण गर्ने,

(ज) नेपाल सरकारले तोकिदिएका भू तथा जलाधार संरक्षण सम्बन्धी अन्य कार्यहरु गर्ने ।

५. संरक्षित जलाधार क्षेत्रभित्रको जग्गाको वर्गीकरण : दफा ४ को प्रयोजनको लागि संरक्षित जलाधार क्षेत्रभित्रको जग्गालाई जलाधार संरक्षण अधिकृतले तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ ।

६. भू-उपयोगिता प्रणाली अपनाई खेती गर्ने : (१) जलाधार संरक्षण अधिकृतले संरक्षित जलाधार क्षेत्रभित्रको तोकिदिएको जग्गामा भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली वा फलफूलको खेती गर्न तथा रुख, विरुवा वा घाँस लगाउन वा अन्य कुनै कार्य गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिएको जग्गा कसैको निजी स्वामित्व भएको जग्गा भएमा सम्बन्धित जग्गाधनी वा मोहीले आफ्नो जग्गामा भू-उपयोगिता प्रणाली अपनाई त्यस्तो कार्यहरु गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्न जग्गाधनी वा मोहीलाई विभागले प्राविधिक ज्ञान तथा सेवा उपलब्ध गराउँनेछ र आवश्यक आर्थिक सहयोग समेत तोकिए बमोजिम दिनेछ ।

(४) उपदफा (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कुनै कार्य गर्न लगाएको कारणबाट कुनै जग्गाबाट मोही निष्काशित हुने भएमा त्यस्तो मोहीलाई नेपाल सरकारले मुआब्जा दिनेछ । भू-उपयोगिता अपनाई कुनै कार्य गर्न लगाएको जग्गामा सम्बन्धित जग्गाधनीले मुआब्जा लिई आफ्नो स्वामित्व नेपाल सरकारलाई छोड्न चाहेमा त्यस्तो जग्गाधनीले स्वामित्व छोड्न सक्नेछ । त्यसरी स्वामित्व छोड्ने जग्गाधनी र मोहीलाई मुआब्जा दिँदा प्रचलित दरभाउलाई ध्यानमा राखी मुआब्जा दिइनेछ ।

७. प्राविधिक ज्ञान तथा सेवा र आर्थिक सहयोग प्रदान गर्ने : दफा ४ को खण्ड (क) बमोजिमका कार्यहरु कसैले आफ्नो निजी स्वामित्व भएको जग्गामा गर्न चाहेमा निजलाई विभागले त्यस्तो कार्य गर्नको लागि आवश्यक प्राविधिक ज्ञान

तथा सेवा उपलब्ध गराउनेछ र आवश्यक आर्थिक सहयोग समेत तोकिए बमोजिम दिनेछ ।

८. क्षतिपूर्ति दिने : दफा ४ को खण्ड (क) वा (ख) बमोजिमका कार्यहरु जलाधार संरक्षण अधिकृतले कसैको निजी स्वामित्व भएको जग्गामा गरेमा ती कार्यहरु त्यस्तो जग्गामा गरे वापत जलाधार संरक्षण अधिकृतले सम्बन्धित जग्गाधनीलाई ◘सम्बन्धित *f*गाउँपालिका वा नगरपालिकाको परामर्श लिई प्रचलित दरभाउलाई समेत ध्यानमा राखी क्षतिपूर्ति दिनेछ ।

९. परीक्षण गर्न सक्ने : (१) जलाधार संरक्षण अधिकृतले दफा ४ को खण्ड (ख) अन्तर्गत कुनै परीक्षण स्थलको व्यवस्था गर्दा त्यस्तो परीक्षण स्थलमा कुनै बाली, फलफूल, रुख, विरुवा, घाँस वा यस्तै अन्य वनस्पति लगाई हुर्काई परीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षण स्थलमा लगाइएको बाली, फलफूल, रुख, बिरुवा, घाँस वा यस्तै अन्य बनस्पतिलाई कसैले कुनै किसिमले नष्ट गर्न हुँदैन ।

१०. प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा निषेधित कार्य : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले संरक्षित जलाधार क्षेत्रभित्रको जग्गा मध्ये बाढी वा पैह्रो आउने वा आउन सक्ने वा भू-क्षय वा भू-कटान हुने वा हुन सक्ने जग्गा भनी जलाधार संरक्षण अधिकृतले तोकिदिएको जग्गामा जलाधार संरक्षण अधिकृतको अनुमति नलिई कसैले देहायको कुनै कार्य गर्न पाउने छैन :-

(क) कुनै खोला, नाला, खहरे, ताल वा जलाश्रयको वा भूमिगत पानी कुनै किसिमले थुन्ने वा जम्मा गर्ने वा थुनिएको वा जम्मा गरिएको पानी कुलो, सहायक कुलो, ढलद्वारा वा अन्य कुनै किसिमले अन्यत्र लैजाने वा फर्काउने वा त्यस्तो पानी त्यसरी थुनी, जम्मा गरी लगी, फर्काई वा अन्य कुनै किसिमले कुनै काममा प्रयोग गर्ने,

(ख) प्रचलित वन सम्बन्धी कानून बमोजिम आफूखुस गर्न पाउने रुख, विरुवा वा अन्य वन पैदावार काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्ने,

(ग) भैरहेको वन जङ्गल, रुख, विरुवा, झारपात, घाँस वा अन्य प्राकृतिक वनस्पति काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्ने,

---

◘ वन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(घ) ढुङ्गा, माटो, बालुवा, हिलो आदि थुप्रिन तथा जम्मा हुन जाने काम गर्ने वा थुप्रिएको तथा जम्मा भएका ढुङ्गा, माटो, बालुवा, हिलो आदि बगाई लैजान दिने काम गर्ने,

(ङ) ढुङ्गा, बालुवा वा अन्य प्रकारको माटो खन्ने, झिक्ने वा लैजाने,

(च) फोहर मैला तथा यस्तै वातावरण दूषित पार्ने खालको अन्य कसिङ्गरहरु फ्याँक्ने वा त्यस्तो फोहर मैला र कसिङ्गरहरु थुपार्ने वा राख्ने ठाउँको निर्माण गर्ने,

(छ) उद्योग, व्यवसाय वा बसोबासको बस्ती स्थापना गर्ने,

(ज) गाई, भैंसी, भेडा, बाख्रा, कुखुरा र यस्तै अन्य घरपालुवा पशु तथा पंक्षीहरु लैजाने, राख्ने वा चराउने ।

११. उद्योग, व्यवसाय तथा बसोबासको बस्तीलाई सार्न सक्ने : (१) संरक्षित जलाधार क्षेत्रभित्रको जग्गामा स्थापना भईरहेको उद्योग, व्यवसाय तथा बसोबासको बस्तीलाई भू तथा जलाधार संरक्षणको कार्यको लागि नेपाल सरकारले अन्यत्र सार्न वा त्यस्तो उद्योग, व्यवसाय वा बसोबासको बस्ती भएको जग्गा प्राप्त गर्न आवश्यक देखेमा नेपाल सरकारले त्यस्तो उद्योग, व्यवसाय तथा बसोबासको बस्तीलाई अन्यत्र सार्न वा सो भएको जग्गालाई जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उद्योग व्यवसाय वा बसोवासको बस्तीलाई अन्यत्र सार्दा त्यसबाट सम्बन्धित व्यक्तिलाई हुन जाने नोक्सानीको उचित क्षतिपूर्ति नेपाल सरकारले दिनु पर्नेछ ।

१२. प्रवेश गर्न सक्ने : (१) जलाधार संरक्षण अधिकृतले वा निजले तोकेको कर्मचारीले दफा ४ मा लेखिएको कुनै कार्य गर्न वा त्यस्तो कार्यहरुको निरीक्षण वा स्याहार सम्भार गर्न संरक्षित जलाधार क्षेत्रभित्रको जग्गामा जुनसुकै बखत प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश गर्दा कसैले बाधा बिरोध गर्न गराउन हुँदैन ।

१३. निषेध गर्न सक्ने : जलाधार संरक्षण अधिकृतले दफा ४ अन्तर्गतको कुनै कार्य भएको जग्गामा तथा त्यस्तो जग्गाको वरपर अरु कसैले भू-क्षय वा भू-कटान हुन सक्ने कार्यहरु गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

१४. जग्गा प्राप्त गर्न सकिने : भू तथा जलाधार संरक्षणको लागि नेपाल सरकारले कसैको निजी स्वामित्व भएको जग्गा प्राप्त गर्न चाहेमा त्यस्तो जग्गा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गर्न सक्नेछ ।

१५. राष्ट्रिय स्रोत संरक्षण आयोग : (१) नेपाल सरकारलाई भू-तथा जलाधार संरक्षण सम्बन्धी विषयमा राय सल्लाह दिन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राष्ट्रिय स्रोत संरक्षण आयोग गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको राष्ट्रिय स्रोत संरक्षण आयोगको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. जिल्ला भू तथा जलाधार संरक्षण समिति : (१) कुनै जिल्लामा भू तथा जलाधार संरक्षण सम्बन्धी कार्यहरुको कार्यान्वयनमा समन्वय ल्याउन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जिल्ला भू तथा जलाधार संरक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको जिल्ला भू तथा जलाधार संरक्षण समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

१७. नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न नहुने : कसैले संरक्षित जलाधार क्षेत्रमा दफा ४ बमोजिम गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफर गर्न गराउन हुँदैन ।

१८. जिल्ला भू तथा जलाधार संरक्षण समितिको परामर्श लिनु पर्ने : जलाधार संरक्षण अधिकृतले दफा ५ बमोजिम संरक्षित जलाधार क्षेत्रभित्रको जग्गालाई वर्गीकरण गर्दा वा दफा ६ को उपदफा (१) बमोजिम त्यस्तो जग्गामा भू-उपयोगिता प्रणाली अपनाई कुनै कार्य गराउँदा निजले जिल्ला भू तथा जलाधार संरक्षण समितिको परामर्श लिनु पर्नेछ ।

१९. जलाधार संरक्षण अधिकृतको नियुक्ति : यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले आवश्यकतानुसार जलाधार संरक्षण अधिकृतहरु नियुक्ति गर्न सक्नेछ । त्यसरी जलाधार संरक्षण अधिकृतहरु नियुक्ति नभएको अवस्थामा सो अधिकृतको काम गर्न नेपाल सरकारले अन्य कुनै अधिकृतलाई तोक्न सक्नेछ ।

२०. कब्जा गर्न सक्ने : कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुको बर्खिलाप काम गरेमा सो कामको सिलसिलामा प्रयोग भएका औजार, चौपाया, सवारी साधन र अन्य माल वस्तुहरु जलाधार संरक्षण अधिकृतले कब्जामा लिन सक्नेछ ।

तर चौपायाको हकमा चौपाया धनीबाट धरौट लिई त्यस्तो चौपाया निजलाई नै बुझाई दिन सक्नेछ र चौपाया धनीले धरौट बुझाउन नचाहेमा जलाधार संरक्षण अधिकृतले सो चौपायालाई लिलाम गर्न सक्नेछ ।

२१. दण्ड सजाय : (१) दफा ६ को उपदफा (२) वा दफा १२ को उपदफा (२) को बर्खिलाप काम गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) दफा १० को बर्खिलाप काम गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) दफा १७ को बर्खिलाप काम गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र नोक्सानीको बिगो समेत त्यस्तो व्यक्तिबाट असुल गरिनेछ ।

(४) यो ऐनको अन्य दफा वा यस ऐन अन्तर्गत बनेको नियमहरुको बर्खिलाप काम गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(५) यस ऐन अन्तर्गत सजाय हुने कसूरसित सम्बन्धित औजार, चौपाया, सवारी साधन र माल वस्तुहरु जफत हुनेछन् ।

२२. नेपाल सरकार वादी हुने : यो ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२३. मुद्दाको तहकिकात : (१) यो ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात जलाधार संरक्षण अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात गर्दा जलाधार संरक्षण अधिकृतले सरकारी वकीलको राय लिन सक्नेछ ।

२४. नेपाल सरकारले जलस्रोतको उपयोग तथा वितरण गर्न बाधा नहुने : नेपाल सरकारले कुनै जलस्रोतको विकास आफैले गर्न यस ऐनमा लेखिएका कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

२५. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

---

दृष्टव्यः- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# वन ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०४९।१०।५

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. वन (पहिलो संशोधन) ऐन, २०५५ | २०५५।१०।२१ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. वन (दोस्रो संशोधन) ऐन, २०७३ | २०७३।७।२९ |

२०४९ सालको ऐन नं. ४९

✂....................

वन जङ्गलको संरक्षण र सुव्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताको आधारभूत आवश्यकता पूरा गर्न, सामाजिक तथा आर्थिक विकास गर्न तथा स्वस्थ वातावरणको प्रवर्द्धन गर्न र राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गरी वनको विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न र निजी वनको संरक्षण र विकासमा सहयोग पुऱ्याउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वन ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि प्रारम्भ हुनेछ ।✷

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
✷ यो ऐन मिति २०५१ साल चैत्र २० गते देखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०५१।१२।२०) ।

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा ✂रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

❐(क१) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ख) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्याउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपट सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई जनाउनेछ ।

(ग) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छ :-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा

✂(२) रुख, बिरुवा, पात, डाँठ, फल, बीज, फूल, भूवा, जरा, गानो, बोक्रा, गमरेजीन लोहवान, जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग, वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार ।

❐(ग१) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छ :-

(१) कार्बन सञ्चिती,

(२) जैविक विविधताको संरक्षण,

(३) जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

(५) तोकिए बमोजिमको अन्य लाभ ।

(घ) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र यस ऐन बमोजिम स्वीकृत वन सम्बन्धी कार्ययोजना सम्झनु पर्छ ।

(ङ) "राष्ट्रिय वन" भन्नाले निजी वन बाहेक नेपाल ✂........ भित्रको वन सिमाना लगाइएको वा नलगाइएको सबै वन सम्झनु पर्दछ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ ।

(च) "सरकारद्वारा व्यवस्थित वन" भन्नाले परिच्छेद-३ बमोजिम नेपाल सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनु पर्छ ।

❒(च१) "चकला वन" भन्नाले दफा २०क. बमोजिम व्यवस्थापन गरिने कम्तीमा पाँचसय हेक्टर क्षेत्रफल भएको सरकारद्वारा व्यवस्थित वनको कुनै भाग सम्झनु पर्छ ।

(छ) "संरक्षित वन" भन्नाले विशेष वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको ठानी नेपाल सरकारले यो ऐन बमोजिम संरक्षित वनको रुपमा घोषित गरेको राष्ट्रिय वन सम्झनु पर्छ ।

❒(छ१) "साझेदारी वन" भन्नाले परिच्छेद-४क. बमोजिम जिल्ला वन कार्यालय, स्थानीय तह र उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वनको कुनै भाग सम्झनु पर्छ ।

❒(छ२) "साझेदारी वन उपभोक्ता समूह" भन्नाले दफा २४घ. बमोजिम गठन भएको साझेदारी वन उपभोक्ता समूह सम्झनु पर्छ ।

(ज) "सामुदायिक वन" भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न दफा २५ बमोजिम उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन सम्झनु पर्छ ।

(झ) "कबुलियती वन" भन्नाले दफा ३१ मा उल्लेखित उद्देश्यहरुको लागि प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था, वन पैदावारमा आधारित उद्योग वा समुदायलाई दफा ३२ बमोजिम

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

❒ दोस्रो संशोधनद्वारा थप ।

कबुलियती वनको रुपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ ।

(ञ) "धार्मिक वन" भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न दफा ३५ बमोजिम कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वन सम्झनु पर्छ ।

(ट) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(ड) "विभाग" भन्नाले नेपाल सरकारको वन विभाग सम्झनु पर्छ ।

❐(ड१) "क्षेत्रीय वन निर्देशक" भन्नाले क्षेत्रीय वन निर्देशनालयको प्रमुख सम्झनु पर्छ ।

(ढ) "जिल्ला वन अधिकृत" भन्नाले जिल्ला वन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ण) "वन अधिकृत" भन्नाले विभाग र अन्तर्गतका कार्यालयहरुमा खटिएका सबै तहका राजपत्राङ्कित प्राविधिक कर्मचारीहरु सम्झनु पर्छ ।

(त) "वन सहायक" भन्नाले राजपत्रअनङ्कित प्राविधिक कर्मचारीहरु सम्झनु पर्छ ।

(थ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(द) "उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको व्यवस्था तथा उपयोग गर्न दफा ४२ बमोजिम दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्छ ।

(ध) "वन सम्बन्धी पट्टा" भन्नाले दफा ३२ अन्तर्गत प्रदान गरिएको पट्टा सम्झनु पर्छ ।

(न) "पट्टावाला" भन्नाले दफा ३२ बमोजिम वन सम्बन्धी पट्टा प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

(प) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रुख विरुवा ताछ्ने, काट्ने, खुकुरी, बञ्चरो, आरा तथा मेशीन समेत सम्झनु पर्छ।

(फ) "बोझ वाहक" भन्नाले गाडा, ट्रक, लहरी, मोटर, ट्रेक्टर, नाउ, डुङ्गा वा वन पैदावार आदि ल्याउने यस्तै अन्य साधन वा जनावर सम्झनु पर्छ।

(ब) "चौपाया" भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावर सम्झनु पर्छ।

(भ) "टाँचा" भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ।

(म) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

परिच्छेद-२

राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था

३. वन सिमाना : जिल्ला वन अधिकृतले यस परिच्छेदमा लेखिएका कुराहरुका अधीनमा रही सम्बन्धित जिल्लाको राष्ट्रिय वनको सिमाना छुट्याई वन सिमाना चिन्ह लगाउन सक्नेछ।

४. जग्गा प्राप्त गर्ने सूचना : (१) दफा ३ बमोजिम राष्ट्रिय वनको सिमाना छुट्याउँदा सो वन वा त्यसको सिमानाको संरक्षणको निमित्त जिल्ला वन अधिकृतले सो वनभित्रको वा सो वनको सिमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो समेत वनको सिमानाभित्र पारी छुट्याउन पर्ने भएमा सोको कारण र त्यस्ता जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्तिको घर दैलो र [}]गाउँपालिका वा नगरपालिकाको कार्यालय, माल वा मालपोत कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका कुराहरु समेत खुलाउनु पर्नेछ :-

(क) प्राप्त गरिने जग्गा वा घरको क्षेत्रफल र चार किल्ला तथा जग्गाको किसिम,

---

} केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

(ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्तिहरुले यो सूचना टाँस भएको वा जानकारी पाएको मितिले बाटोको म्याद बाहेक सत्तरी दिनभित्र जिल्ला वन अधिकृत समक्ष आफ्नो हकभोगको प्रमाण सहित क्षतिपूर्तिको माग दावी गरी दरखास्त दिन आउनु र सो म्यादभित्र दरखास्त दिन नआएमा पछि कुनै उजूर लाग्ने छैन भन्ने कुरा ।

५. घर जग्गा प्राप्त गर्ने कुरामा उजूर गर्ने : (१) दफा ४ को उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र समिति समक्ष उजूर दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीमा आवश्यक जाँचबुझ गरी समितिले निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र ◎जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

६. क्षतिपूर्ति रकम : (१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घर जग्गा बापत दिइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा समितिले देहायका कुराहरु बिचार गरी निर्धारण गर्नु पर्नेछ :-

(क) दफा ४ को उपदफा (१) अन्तर्गत सूचना जारी भएका मितिमा गाउँ बजारमा चलेका दरले सो घर जग्गाको मोल,

(ख) सो जग्गामा भएको खडा बाली र रुख समेत लिने भए सरोकारवाला व्यक्तिले व्यहोर्नु पर्ने नोक्सानी,

(ग) सरोकारवाला व्यक्तिलाई आफ्नो बसोबास वा सरोकारको ठाउँ छोडी अन्त जान कर लागेमा त्यसरी जाँदा व्यहोर्नु पर्ने मनासिब माफिकको खर्च ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि जिल्ला वन अधिकृतले त्यस्तो रकम लिन आउनु भनी सरोकारवालालाई सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना पाएको मितिले पैंतीस दिनभित्र क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ । त्यस्तो पुनरावेदनमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ ।

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(४) उपदफा (२) बमोजिमको सूचना पाएको वा उपदफा (३) बमोजिम निर्णय भएको मितिले पाँच वर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा सो रकम सञ्चित कोषमा जम्मा हुनेछ ।

७. क्षतिपूर्ति दिने : दफा ६ को उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकम जिल्ला वन अधिकृतले सरोकारवाला व्यक्तिलाई सरकारी कोषबाट दिनु पर्नेछ ।

८. जग्गा कब्जामा लिने : दफा ६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त घर जग्गा जिल्ला वन अधिकृतले कब्जामा लिन सक्नेछ र सो मिति देखि उक्त घर जग्गा नेपाल सरकारको हुनेछ ।

९. समितिको गठन : यस परिच्छेदको प्रयोजनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक समिति गठन हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

O(ख) ......................

✡(ग) सम्बन्धित गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख - सदस्य

(घ) मालपोत अधिकृत - सदस्य

(ङ) जिल्ला न्यायाधिवक्ता - सदस्य

(च) जिल्लास्थित मेन्टीनेन्स नापी शाखाका प्रमुख - सदस्य

(छ) जिल्ला वन अधिकृत वा निजले तोकिदिएको वन अधिकृत - सदस्य-सचिव

१०. सरजमिन बुझ्ने : जिल्ला वन अधिकृतले आवश्यक परेमा प्राप्त गरिने घर वा जग्गामा हकदैया पुग्ने व्यक्तिको अंशियार, ठेकदार, बन्धकी साहू वा सो जग्गा कमाउने व्यक्ति र सो जग्गाको पछिल्लो तीन वर्षको कूत, तिरो वा मुनाफा बारे सरजमिन बुझ्न सक्नेछ ।

११. राष्ट्रिय वनको सिमानाभित्र निजी जग्गा पार्न र प्राप्त गर्नमा प्रतिबन्ध : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी घर वा जग्गा राष्ट्रिय वनको सिमानाभित्र पार्दा वा त्यस्तो घर वा जग्गा प्राप्त गर्दा देहायमा लेखिएको कुराहरुका अधीनमा रही गर्नु पर्नेछ :-

---

O केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकी मिति २०७४।२।८ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा लागू भएको ।

✡ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधन भई मिति २०७४।२।८ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा लागू भएको ।

(क) राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता आवाद भैसकेको निजी जग्गा र त्यस्तो जग्गामा घर बनेको भए सो समेत राष्ट्रिय वन वा त्यसको सिमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन र सो बमोजिम प्राप्त गर्दा कुनै एकै व्यक्तिको जग्गा मध्ये तराईमा भए दुई बिगाहा र उपत्यकामा र पहाडमा भए चार रोपनी भन्दा बढी जग्गा नेपाल सरकारको पूर्व स्वीकृति बेगर प्राप्त गरिने छैन र तराईमा पाँच बिगाहा र उपत्यका र पहाडमा दश रोपनी भन्दा बढी त्यस्तो जग्गा सो जग्गा धनीको मञ्जुरीले बाहेक कुनै अवस्थामा प्राप्त गर्न सकिने छैन ।

(ख) चारैतिर राष्ट्रिय वनले घेरिएको वा राष्ट्रिय वनभित्रको कुनै व्यक्तिको नाममा दर्ता भैराखेको घर जग्गा प्राप्त गरी राष्ट्रिय वनको सिमानाभित्र पारी छुट्याउन सकिनेछ ।

१२. पूरै जग्गा प्राप्त गर्ने : यस परिच्छेद बमोजिम जग्गाको केही भाग लिने कारबाही गर्दा सो जग्गाको धनीले पूरै घर जग्गा नेपाल सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदकको केवल दुई विगाहा वा सो भन्दा कम जग्गा रहेछ भने सो जग्गाको केही भागमात्र लिने गर्न हुँदैन । पूरै घर जग्गा यस परिच्छेद बमोजिम गरी लिनु पर्नेछ ।

१३. जिल्ला वन अधिकृत र समितिलाई अदालतको अधिकार हुने : यस परिच्छेद बमोजिम आफू समक्ष पेश हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरु र निजहरुका साक्षीहरुलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार जिल्ला वन अधिकृत र समिति दुवैलाई हुनेछ ।

१४. निजी जग्गाको लगत काट्ने : (१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी राष्ट्रिय वनभित्र पारी छुट्याइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको क्षेत्रफल, साँध, किल्ला, मौजा इत्यादि सबै विवरण खोली जिल्ला वन अधिकृतले स्थानीय माल वा मालपोत कार्यालयमा जनाउ दिनु पर्नेछ र सो बमोजिम मालपोत कार्यालयले पनि सो जग्गाको मालपोत वा करको लगत कट्टा गर्न कारबाही गरी त्यसको सूचना नेपाल सरकार, मालपोत विभागमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले सो जग्गा राष्ट्रिय वनभित्र पारी छुट्याएको मिति देखि सो जग्गाको मालपोत वा अरु कुनै किसिमको कर बुझाउनु पर्ने छैन ।

१५. बल प्रयोग गर्न सक्ने : जिल्ला वन अधिकृतले यस परिच्छेद बमोजिम कारबाही गर्दा वा घर वा जग्गा कब्जामा लिँदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गरी कारबाही गर्न र घर जग्गा कब्जामा लिन सक्नेछ ।

१६. जग्गा दर्ता गर्न नहुने : (१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गराइएको भए तापनि सो दर्ताको नाताले त्यस्तो जग्गा दावी गर्न पाइने छैन र त्यस्तो दर्ता स्वत: बदर हुनेछ ।

❐(२क) उपदफा (२) बमोजिम दर्ता बदर भएको जग्गाको लगतकट्टा गर्न जिल्ला वन अधिकृतले सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछ । त्यसरी लेखी आएको सात दिनभित्र मालपोत कार्यालयले लगतकट्टा गरी सोको जानकारी सम्बन्धित जिल्ला वन कार्यालयलाई दिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृति बेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वत: बदर हुनेछ र त्यस्तो दर्ताको लगत कट्टा गरिनेछ ।

१७. राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने : नेपाल सरकार वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकारीबाट पट्टा वा पूर्जि गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

१८. राष्ट्रिय वनमा हक बेचबिखन गर्न नहुने : नेपाल सरकारको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छाडी दिनु हुँदैन ।

१९. राष्ट्रिय वनमा बाटो, खोला बन्द गर्ने अधिकार : नेपाल सरकारले वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकारीले वनको विकास र संरक्षणको निमित्त राष्ट्रिय वनभित्र पर्ने जोसुकैको निजी वा सार्वजनिक बाटो वा खोला बन्द गर्न सक्नेछ ।

तर त्यसरी बन्द गर्नु अगावै त्यसको सट्टा यथासम्भव त्यत्तिकै सुविधाजनक अर्को बाटो वा खोला उपलब्ध गराई दिनु पर्नेछ ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

## परिच्छेद-३

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

२०. कार्ययोजना : ✂(१) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि जिल्ला वन कार्यालयले तोकिए बमोजिम कार्ययोजना तयार गरी स्वीकृतिको लागि क्षेत्रीय वन निर्देशनालय मार्फत विभागमा पेश गर्नु पर्नेछ ।

✂(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा विभागले त्यस्तो कार्ययोजना क्षेत्रीय वन निर्देशनालयमा फिर्ता पठाउन सक्नेछ र क्षेत्रीय वन निर्देशनालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित पठाएपछि सो कार्ययोजना विभागले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना जिल्ला वन अधिकृतले आ-आफ्नो जिल्लामा लागू गर्नेछ ।

❐२०क. चकला वन : (१) वनको उत्पादकत्व वृद्धि गर्ने प्रयोजनको लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई नेपाल सरकारले सिमाङ्कन गरी चकला वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने चकला वन नेपाल सरकारले तोकिए बमोजिम प्रतिस्पर्धाको आधारमा तोकिएको अवधिको लागि निजी क्षेत्रसँगको साझेदारीमा समेत व्यवस्थापन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम चकला वनको व्यवस्थापनको लागि दफा २० बमोजिम कार्ययोजना स्वीकृत गरी लागू गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थापन गरिएको चकला वनको लागत तथा वन पैदावारको बाँडफाँट तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम निजी क्षेत्रसँग साझेदारीमा व्यवस्थापन गरिएको चकला वन त्यस्तो अवधि समाप्त भए पछि तोकिए बमोजिम नि:शुल्क नेपाल सरकारमा हस्तान्तरण हुनेछ ।

२१. सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्ध : कार्ययोजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

□तर मन्त्रालयबाट स्वीकृत कार्यविधिको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न बाधा परेको मानिने छैन ।

२२. सरकारद्वारा व्यवस्थित वनको वन पैदावारको स्वामित्व र बिक्री वितरण : (१) सरकारद्वारा व्यवस्थित वनको वन पैदावारमा नेपाल सरकारको स्वामित्व रहनेछ ।

(२) उपदफा (१) बमोजिमको वन पैदावार उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न ✂तोकिएको निकाय वा अधिकारीले तोकिए बमोजिम इजाजत दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## संरक्षित वन सम्बन्धी व्यवस्था

२३. संरक्षित वन : (१) नेपाल सरकारलाई राष्ट्रिय वनको कुनै भाग विशेष वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको वा अन्य विशेष महत्व भएको लागेमा त्यस्तो राष्ट्रिय वनको भागलाई संरक्षित वनको रुपमा घोषित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले राष्ट्रिय वनको कुनै भागलाई संरक्षित वनको रुपमा घोषित गरेपछि त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

✂२४. संरक्षित वनको कार्ययोजना : (१) संरक्षित वनमा गरिने वन सम्बन्धी कार्यहरुको व्यवस्थापनको लागि जिल्ला वन कार्यालयले तोकिए बमोजिम कार्ययोजना तयार गरी क्षेत्रीय वन निर्देशनालय मार्फत विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा विभागले क्षेत्रीय वन निर्देशनालयमा फिर्ता पठाउन सक्नेछ र क्षेत्रीय वन निर्देशनालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित पठाएपछि सो कार्ययोजना विभागले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना जिल्ला वन अधिकृतले लागू गर्नेछ ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन क्षेत्रभित्र रहेका अन्य व्यवस्थापन प्रणाली अन्तर्गतका वनको व्यवस्थापन उपदफा (१) बमोजिमको कार्ययोजना अनुरुप नै गर्नु पर्नेछ ।

❒परिच्छेद-४क.

साझेदारी वन सम्बन्धी व्यवस्था

२४क. साझेदारी वन : नेपाल सरकारले देहायका उद्देश्यहरुको लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई जिल्ला वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम व्यवस्थापन गर्न सक्नेछ :-

(क) वनको विकास र दिगो व्यवस्थापन गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन,

(ख) वन क्षेत्रवाट टाढा रहेका उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न,

(ङ) स्थानीय जनताको जिविको पार्जनमा सुधार ल्याउन ।

२४ख. साझेदारी वनको कार्ययोजना : (१) साझेदारी वनको व्यवस्थापनको लागि जिल्ला वन कार्यालयले तोकिए बमोजिम कार्ययोजना तयार गरी स्वीकृतिको लागि क्षेत्रीय वन निर्देशनालय मार्फत विभागमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा विभागले त्यस्तो कार्ययोजना क्षेत्रीय वन निर्देशनालयमा फिर्ता पठाउन सक्नेछ र क्षेत्रीय वन निर्देशनालयले आफ्नो राय सहित आवश्यक हेरफेर गरी पठाएपछि सो कार्ययोजना विभागले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना जिल्ला वन अधिकृतले लागू गर्नेछ ।

२४ग. साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरण : (१) साझेदारी वनबाट उत्पादित काठ दाउराको हकमा सबै गुणस्तर (ग्रेडिङ) को आधारमा चालीस प्रतिशत नेपाल सरकारको, दश प्रतिशत स्थानीय तहको र पचास प्रतिशत साझेदारी वन उपभोक्ता समूहको हुनेछ र गैह्रकाष्ठ वन पैदावारको हकमा तोकिए बमोजिम बाँडफाँट हुनेछ ।

---

❒ दोस्रो संशोधनद्वारा थप ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूह बाहिर पठाउने गरी छुट्याउन सक्नेछ ।

(३) साझेदारी वनबाट साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये साझेदारी वन उपभोक्ता समूहले बढीमा दश प्रतिशत प्रशासनिक कार्यमा, चालीस प्रतिशत कार्ययोजनाले निर्दिष्ट गरेको वन व्यवस्थापन कार्यमा र बाँकी पचास प्रतिशत तोकिए बमोजिम गरिबी निवारण, सामुदायिक विकास र स्थानीय तहको विकासमा खर्च गर्न सक्नेछ ।

२४घ. साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्ने : (१) साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको उपयोग गर्न सम्बन्धित उपभोक्ताहरुले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको साझेदारी वन उपभोक्ता समूह सम्बन्धमा परिच्छेद-९ बमोजिमको व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहित लागू हुनेछ ।

## परिच्छेद-५

## सामुदायिक वन सम्बन्धी व्यवस्था

२५. सामुदायिक वन सुम्पने : (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई सुम्पन सक्नेछ । त्यसरी सामुदायिक वन सुम्पदा जिल्ला वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि जिल्ला वन अधिकृतले उपभोक्ताहरुलाई परिचालन गरी तोकिए बमोजिम उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

२६. कार्ययोजनामा संशोधन : (१) उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्ययोजनामा आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधनको जानकारी जिल्ला वन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा जिल्ला वन अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

२७. सामुदायिक वन फिर्ता लिन सकिने : (१) दफा २५ बमोजिम सुम्पिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा जिल्ला वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

▲(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितको नाममा विधान र कार्ययोजना विपरीत कुनै काम कारबाही गरेको भनी उपभोक्ताको उजूरी परेमा त्यस्ता पदाधिकारीलाई यस ऐन बमोजिम सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले तोकिए बमोजिम क्षेत्रीय वन निर्देशक समक्ष उजूर गर्न सक्नेछ । त्यस्तो उजूरीमा क्षेत्रीय वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

▲(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही गरेमा निजहरुलाई यस ऐन बमोजिम सजाय गर्न बाधा पुर्‍याएको मानिने छैन ।

२८. सामुदायिक वन पुन: सुम्पन सकिने : दफा २७ को उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा जिल्ला वन अधिकृतले साविककै उपभोक्ता समूहलाई पुन: सुम्पनु पर्नेछ । त्यस्तो निर्णय सदर भएमा जिल्ला वन

▲ पहिलो संशोधनद्वारा थप ।

अधिकृतले दफा २५ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन सुम्पनु पर्नेछ ।

२९. कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजाय : सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले उपयुक्त सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

३०. सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वनको रुपमा दिइने छैन ।

❐तर गरिबीको रेखामुनि रहेका समुदायलाई त्यस्तो राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रुपमा प्रदान गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

▲३०क. सामुदायिक वनको विकासको लागि खर्च गर्नु पर्ने : सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ र बाँकी रकम अन्य विकास कार्यको लागि खर्च गर्न सक्नेछ ।

❐३०ख. वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने : सामुदायिक वन उपभोक्ता समूहले जिल्ला वन कार्यालयमा दर्ता गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद - ६
## कबुलियती वन सम्बन्धी व्यवस्था

३१. कबुलियती वन प्रदान गर्ने : नेपाल सरकारले देहायका उद्देश्यहरुको लागि राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रुपमा प्रदान गर्न सक्नेछ :-

(क) वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न,

---

❐ दोस्रो संशोधनद्वारा थप ।

▲ पहिलो संशोधनद्वारा थप ।

(घ) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्य सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न ।

□(च) गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी तोकिए बमोजिम आय आर्जन हुने कार्यक्रम सञ्चालन गर्न ।

□३१क. संरक्षण गरे वापतको हिस्सा दिइने : दफा ३१ को खण्ड (च) बमोजिम प्रदान गरिएको कबुलियती वनमा नेपाल सरकारको स्वामित्वमा रहेका रुखहरुको संरक्षण गरे वापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ ।

३२. कबुलियती वनको पट्टा : (१) दफा ३१ मा उल्लेखित उद्देश्यहरुको लागि कबुलियती वन लिन चाहने प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्था, उद्योग वा समुदायले कबुलियती वनको रुपमा लिन चाहेको वनको क्षेत्रफल र चार किल्ला, उद्देश्य प्राप्त गर्नको लागि गरिने कार्यहरुको योजनाबद्ध कार्यक्रम तथा तोकिएको अन्य विवरणहरु र आर्थिक सम्भाव्यता प्रतिवेदन सहित क्षेत्रीय वन निर्देशक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन पर्न आएमा क्षेत्रीय वन निर्देशकले आवश्यक जाँचबुझ गरी निवेदकले माग गरे बमोजिम वा त्यसमा घटबढ गरी कबुलियती वन प्रदान गर्न उपयुक्त देखिएमा आफ्नो सिफारिस सहित स्वीकृतिको लागि विभाग मार्फत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । त्यसरी लेखी पठाउँदा निवेदकको मागमा थपघट गरिएको भए निवेदकको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतिको लागि लेखी आएपछि मन्त्रालयले तत्सम्बन्धी पत्र प्राप्त भएको मितिले तीस दिनभित्र स्वीकृति दिने नदिने कुराको निर्णय गर्नेछ र त्यसको जानकारी विभाग मार्फत क्षेत्रीय वन निर्देशकलाई दिनेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएपछि मन्त्रालयले स्वीकृति दिने निर्णय गरेकोमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीस दिनभित्र क्षेत्रीय वन निर्देशकले तोकिए बमोजिम वन सम्बन्धी पट्टा तयार गरी तोकिएको दस्तुर लिई निवेदकलाई सो पट्टा सहित कबुलियती वन प्रदान गर्नु पर्नेछ र मन्त्रालयले स्वीकृति नदिने निर्णय गरेकोमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन दिनभित्र त्यसको जनाउ निवेदकलाई दिनु पर्नेछ ।

❒(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गरिबीको रेखामुनि रहेका समुदायले कबुलियती वनका लागि उपदफा (१) बमोजिमका विवरण खुलाई जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

तर यसरी निवेदन दिने समुदायले आर्थिक सम्भाव्यता प्रतिवेदन पेश गर्नु पर्ने छैन ।

❒(६) उपदफा (५) बमोजिम कुनै निवेदन पर्न आएमा जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वन कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त देखेमा सोको निर्णय गरी निवेदकलाई पट्टा दिनु पर्नेछ । यसरी प्रदान गरिने कबुलियती वनको व्यवस्थापन सम्बन्धी कार्ययोजना जिल्ला वन अधिकृतले स्वीकृत गर्न सक्नेछ ।

३३. कबुलियती वन फिर्ता लिन सकिने : (१) दफा ३२ बमोजिम प्रदान गरिएको कबुलियती वनमा पट्टावालाले वन सम्बन्धी पट्टा बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा क्षेत्रीय वन निर्देशकले तोकिए बमोजिम वन सम्बन्धी पट्टा खारेज गरी त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर त्यसरी वन सम्बन्धी पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित पट्टावालालाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम क्षेत्रीय वन निर्देशकले गरेको निर्णय उपर चित्त नबुझ्ने पट्टावालाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

❒(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३२ को उपदफा (६) बमोजिम प्रदान गरिएको कबुलियती वनको हकमा उपदफा (१) बमोजिमको अवस्था भएमा जिल्ला वन अधिकृतले त्यस्तो पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

❒(४) उपदफा (३) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने समुदायले क्षेत्रीय वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ । त्यस्तो उजुरीमा क्षेत्रीय वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

३४. कबुलियती वनमा बाटो, खोला बन्द गर्न सकिने : कुनै कबुलियती वनभित्रको जो सुकैको निजी वा सार्वजनिक बाटो वा खोला बन्द गर्नु परेमा सम्बन्धित पट्टावालाले त्यसरी बन्द गर्नु अगावै त्यसको सट्टा यथासम्भव त्यत्तिकै सुविधाजनक बाटो वा खोला उपलब्ध गराई दिनु पर्नेछ ।

---

❒ दोस्रो संशोधनद्वारा थप ।

❒ दोस्रो संशोधनद्वारा थप ।

□३४क. कार्ययोजना विपरीत गर्नेलाई सजाय : कबुलियती वनमा कसैले कार्ययोजना विपरीतको कुनै काम गरेमा वा वनमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति वा समुदायलाई अन्य राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।

## परिच्छेद-७

## धार्मिक वन सम्बन्धी व्यवस्था

३५. धार्मिक वन : (१) कुनै धार्मिक स्थल वा त्यसको वरिपरीको राष्ट्रिय वनको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाई जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदकले माग गरे बमोजिम वा त्यसमा घटबढ गरी धार्मिक वनको रुपमा त्यस्तो धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पन सक्नेछ । त्यसरी वन सुम्पदा परम्परागत उपभोक्ताहरुको हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३६. धार्मिक वनमा वन सम्बन्धी कार्यको सञ्चालन : धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका अन्य धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ ।

तर वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

३७. धार्मिक वन फिर्ता लिन सकिने : (१) दफा ३५ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ३६ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा जिल्ला वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने धार्मिक निकाय, समूह वा समुदायले तोकिए बमोजिम

क्षेत्रीय वन निर्देशक समक्ष उजूर गर्न सक्नेछ । त्यस्तो उजूरीमा क्षेत्रीय वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-८

## निजी वन सम्बन्धी व्यवस्था

३८. निजी वन सम्बन्धी व्यवस्था : निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

३९. निजी वनको प्रमाणपत्र : (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराई पाउँ भनी जिल्ला वन कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनमा आवश्यक लगत खडा गरी जिल्ला वन अधिकृतले तोकिए बमोजिम प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त गरेका निजी वन धनीलाई आवश्यक प्राविधिक सहयोग जिल्ला वन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

✖४०. ..................

## परिच्छेद-९

## उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था

४१. उपभोक्ता समूहको गठन : सामुहिक हितका लागि कुनै वनको विकास र संरक्षण गर्न तथा वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरुले तोकिए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

४२. उपभोक्ता समूहको दर्ता : (१) दफा ४१ बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान सहित जिल्ला वन अधिकृत समक्ष तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) वन ऐन, २०१८ अन्तर्गत कार्ययोजना बमोजिम सामुदायिक वनको व्यवस्थापन गरिरहेका उपभोक्ता समूहले पनि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र दर्ताको लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि जिल्ला वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

---

✖ दोस्रो संशोधनद्वारा खारेज ।

४३. उपभोक्ता समूह सङ्गठित संस्था हुने : (१) दफा ४१ बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

४४. प्रतिवेदन दिनु पर्ने : (१) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो कृयाकलापको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा जिल्ला वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

४५. उपभोक्ता समूहको कोष : (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) जरिबानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) उपभोक्ता समूहले सामुदायिक वनको विकासको निमित्त खर्च गरी कोषमा बाँकी रहेको रकम अन्य सार्वजनिक हितको कार्यमा खर्च गर्न सक्नेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## वेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

४६. हकको प्रमाण नपुग भएसम्म काठ नेपाल सरकारको ठहर्ने : (१) बगाई ल्याएको, किनारा लागेको, अड्केको, डुबेको सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको, बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेको काठहरु कसैले आफ्नो हकको प्रमाण नपुऱ्याएसम्म नेपाल सरकारको सम्पत्ति ठहरिनेछ ।

(२) उपदफा (१) बमोजिमका काठहरु वन अधिकृतले वेवारिसी वा दरिया बुर्दी काठको निमित्त तोकिदिएको कुनै डिपोमा जम्मा गर्न सकिनेछ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै जात वा किसिमका काठलाई उपदफा (१) र (२) मा लेखिएका कुराहरु लागू नहुने गर्न सक्नेछ ।

४७. वेवारिसी वा दरिया बुर्दी काठको सूचना : दफा ४६ को उपदफा (२) बमोजिम वेवारिसी वा दरिया बुर्दी काठ जम्मा भएपछि त्यस्तो काठको पूरा विवरण र लगत सहितको सूचना सम्बन्धित जिल्ला वन अधिकृतले सम्बन्धित वन कार्यालयमा टाँस गर्नु पर्नेछ र त्यस्तो काठमा हकदावी गर्नेले पन्ध्र दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाण सहितको दरखास्त उक्त वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

४८. हकदावी उपर कारबाही : (१) दफा ४७ बमोजिम कसैको दरखास्त पर्न आएमा सम्बन्धित वन अधिकृतले आवश्यक तहकिकात गरी गराई दरखास्तवालाको हक दावी भए नभएको कुराको निर्णय गरी त्यसको सूचना दरखास्तवालालाई दिनु पर्नेछ र कसैको हकदावी भएको ठहरेमा त्यस्तो काठ डिपोमा ल्याउन र जम्मा गर्न लागेको खर्च निजबाट उपर गरी काठ निजलाई सुम्पिदिनेछ ।

(२) उपदफा (१) बमोजिम वन अधिकृतले हक दावी नभएको भनी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित क्षेत्रीय वन निर्देशक समक्ष उजूर गर्न सक्नेछ ।

(३) कुनै काठमा कसैको हक दावी अस्वीकार गरेको वा त्यस्तो काठ रोकेको वा हराएबाट हुन गएको नोक्सानीको हरजाना नेपाल सरकार वा वन अधिकृतबाट दावी गर्न पाइने छैन ।

(४) कसैको हकदावी नपुगेका वेवारिसी वा दरिया बुर्दी काठहरु जिल्ला वन अधिकृतले तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ ।

▲४८क. कोष दाखिला गर्नु पर्ने : (१) दफा ४८ को उपदफा (४) बमोजिम बेवारिसी वा दरिया बुर्दी काठहरुको बिक्री वितरणबाट प्राप्त रकम मध्येबाट पचास प्रतिशत रकम ƒसम्बन्धित गाउँपालिका वा नगरपालिकाको कोषमा र बाँकी रकम सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ƒगाउँपालिका वा नगरपालिकाको कोषमा जम्मा भएको रकम मध्येबाट पचास प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले जिल्ला भित्रको वन विकासको निश्चित योजना बनाई सो योजना कार्यान्वयनमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-११

## अपराध र दण्ड सजाय

४९. राष्ट्रिय वनमा मनाही भएका कार्यहरु : कसैले पनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कारबाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योग समेत गर्न हुँदैन । त्यस्तो कुनै काम कारबाही गरेमा कसूर गरेको मानिनेछ :-

(क) वन क्षेत्रको जग्गा फाँड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो बनाउन ।

(ख) आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गर्न ।

(ग) चौपायालाई तोकिएको वन क्षेत्रभित्र पसाउन वा चराउन ।

(घ) वन क्षेत्रबाट वन पैदावार हटाउन, ओसार पसार गर्न वा बिक्री वितरण गर्न ।

(ङ) रुख वा विरुवा काट्न, हाँगा बिंगा छिमल्न, खोटो वा बोक्रा झिक्न वा कुनै पनि प्रकारले नोक्सानी गर्न ।

(च) इजाजत प्राप्त गरी रुख काट्दा, ढाल्दा, घिसार्दा वा वन क्षेत्र बाहिर लैजाँदा लापरबाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गर्न ।

---

▲ पहिलो संशोधनद्वारा थप ।

ƒ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधन भई मिति २०७४।२।८ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा लागू भएको ।

(छ) ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्न, गोल वा चून पोल्न वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउन वा यी वस्तुहरु सङ्कलन गर्न ।

(ज) वन पैदावार लिन पूर्जी पाएकोमा पुर्जी शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गर्न ।

(झ) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गर्न ।

(ञ) वन सिमाना चिन्ह उखेल्न, सार्न, फेर्न, मेट्न वा बिगार्न ।

(ट) नर्सरीमा रहेको वा वृक्षारोपण गरिएको बिरुवा काट्न, भाँच्न, उखेल्न वा अरु कुनै प्रकारले नोक्सान गर्न ।

(ठ) नर्सरी वा वृक्षारोपण गरिएको क्षेत्रका खम्बा, तारको बार वा त्यस्ता अरु सम्पत्ति बिगार्न वा चोरी गर्न ।

(ड) टाँचा वा निसाना कीर्ते गर्न वा काठ वा खडा रुखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्न, बिगार्न वा मेट्न ।

(ढ) शिकार खेल्न ।

(ण) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप अन्य कुनै कसूर गर्न ।

५०. दण्ड सजाय : (१) देहायको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ४९ को खण्ड (क) अन्तर्गतको कसूर गर्नेलाई त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र सो जग्गामा बनाएको घर वा छाप्रो समेत जफत हुनेछ । त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ ।

(ख) दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसूर गर्नेलाई बिगो असुल गरी दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(ग) दफा ४९ को खण्ड (ग) अन्तर्गतको कसूर गर्नेलाई प्रत्येक चौपायाको देहायका दरले जरिबाना हुनेछ :-

(१) भेडा, बाखा जातको भए पाँच रुपैयाँ देखि पचास रुपैयाँसम्म ।

(२) हात्ती जातको भए पाँच सय रुपैयाँ देखि एक हजार रुपैयाँसम्म ।

(३) अन्य चौपाया भए दश रुपैयाँ देखि एकसय रुपैयाँसम्म ।

(घ) दफा ४९ को खण्ड (घ), (ङ), (च), (छ) वा (ज) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्बन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछः-

(१) एकसय रुपैयाँसम्मको बिगो भए एक सय रुपैयाँसम्म जरिबाना ।

(२) एकसय रुपैयाँ देखि माथि एक हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिबाना ।

(३) एक हजार रुपैयाँ देखि माथि पाँच हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिबाना वा छ महिनासम्म कैद वा दुवै ।

(४) पाँच हजार रुपैयाँ भन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिबाना वा एक वर्षसम्म कैद वा दुवै ।

(ङ) दफा ४९ को खण्ड (झ) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्बन्धित वन पैदावार जफत गरी बिगो बमोजिम जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै ।

(च) दफा ४९ को खण्ड (ञ) वा (ड) अन्तर्गतको कसूर गर्नेलाई पाँच सय रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै ।

(छ) दफा ४९ को खण्ड (ट) अन्तर्गतको कसूर गर्नेलाई कसूरको मात्रा हेरी प्रति बिरुवाको एक सय रुपैयाँसम्म जरिबाना हुनेछ र सोही कसूर पुनः गर्नेलाई कसूरको मात्रा अनुसार उक्त सजायमा एक हजार रुपैयाँसम्म थप जरिबाना समेत हुनेछ ।

(ज) दफा ४९ को खण्ड (ठ) अन्तर्गतको कसूर गर्नेलाई बिगो असुल गरी पाँच हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(झ) दफा ४९ को खण्ड (ढ) अन्तर्गतको कसूर गर्नेलाई प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

(ञ) दफा ४९ को खण्ड (ण) अन्तर्गतको कसूर गर्नेलाई बिगो भए बिगो असुल गरी एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) दफा १६ को उपदफा (१) अन्तर्गत कसूर गर्ने व्यक्ति वा सरकारी कर्मचारीलाई दश हजार रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

५१. हैरानी गर्ने नियतले कब्जा वा गिरफ्तार गर्नेलाई सजाय : (१) मनासिब माफिकको कारण नभई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा प्रहरी कर्मचारीले रीस ईविले वा हैरानी गर्ने नियतले माल वस्तु कब्जा गरेमा वा कसैलाई गिरफ्तार गरेमा त्यस्ता कर्मचारीलाई एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) उपदफा (१) मा लेखिएका कर्मचारीको नियत त्यस्तो थियो भन्ने कुरा प्रमाणित गर्ने भार उजूरवाला माथि रहनेछ ।

५२. कर्तव्य पालन गर्दा बाधा अड्चन पुऱ्याएमा : यस ऐन बमोजिम सरकारी कर्मचारीले आफ्नो पदीय कर्तव्य पालन गर्दा कसैले बाधा अड्चन पुऱ्याएमा निजलाई एक हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५३. कसूरदारलाई उम्काउनेलाई सजाय : यस ऐन अन्तर्गतको कसूर गर्नेलाई उम्काउने व्यक्तिलाई कसूरदारलाई हुने सरहको सजाय हुनेछ ।

५४. दुरुत्साहन दिनेलाई सजाय : यस ऐन अन्तर्गतको कसूर गर्न दुरुत्साहन दिने वा मिलोमतो गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सरहको सजाय हुनेछ ।

## परिच्छेद-१२

## कसूरको जाँचबुझ र कार्यविधि

५५. कसूर रोक्न आवश्यक कारबाही गर्ने : कसैले यो ऐन बमोजिम सजाय हुने कसूर गर्न लागेको छ भन्ने शङ्का लागेमा वा कसूर गर्दैको अवस्थामा फेला पारेमा वन सम्बन्धी काम गर्ने कर्मचारी वा प्रहरी कर्मचारीले सो अपराध हुन नपाउने प्रबन्ध गर्नु पर्नेछ र सो कामको लागि चाहिदो बल प्रयोग गरी आवश्यक कारबाही गर्न सक्नेछ ।

५६. विशेष अधिकार : (१) यस ऐन अन्तर्गतको वन सम्बन्धी कसूरमा संलग्न कसूरदार वन क्षेत्रभित्र वा बाहिर पक्रन लाग्दा पक्रन नदिने वा पक्रिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हुलहुज्जत गरी कसूरदारलाई भगाई लैजाने

अवस्था परी पक्रनेकै ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था पर्न आएमा वन सुरक्षाको लागि खटिएका कर्मचारीले घुँडा मुनी लाग्ने गरी गोली चलाउन सक्नेछ ।

(२) राष्ट्रिय वन क्षेत्रको जग्गा कसैले आवाद गरेको वा त्यस्तो जग्गामा घर, छाप्रो बनाइसकेको भए पनि जिल्ला वन अधिकृत वा निजले तोकेको वन अधिकृत वा वन सहायकले सो आवादी हटाउन वा घर, छाप्रो भत्काउन सक्नेछ र बाली समेत जफत गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले हुने अरु सजायमा सो उपदफामा लेखिएको कुराले कुनै असर पार्ने छैन ।

५७. खानतलासीको अधिकार : (१) यस ऐन बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा कम्तीमा वन सहायक दर्जासम्मको कर्मचारी वा सहायक प्रहरी निरीक्षक दर्जाको कर्मचारीले कुनै स्थानको खानतलासी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिने व्यक्तिले खानतलासी लिनु पर्ने कारण खोली खानतलासी लिने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खानतलासी लिँदा कम्तीमा दुईजना साक्षी राखी ती साक्षीहरुको रोहवरमा खानतलासी लिनु पर्नेछ ।

(४) मानिस बसोबास गरेको घरमा खानतलासी लिनु परेमा सो घरमा ◎महिला भए हट्न सूचना र मौका दिनु पर्छ ।

(५) यस दफामा लेखिएको कुनै कुराले खानतलासी लिने कर्मचारीलाई सूर्यास्त देखि सूर्योदय नभएसम्म मानिस बसोबास गरेको घरमा प्रवेश गर्न पाउने अधिकार हुने छैन ।

स्पष्टीकरण : यो दफाको प्रयोजनको लागि "स्थान" भन्नाले पाल, डुङ्गा तथा विभिन्न किसिमका सवारीका साधनलाई समेत जनाउँछ ।

५८. वन पैदावार र तत्सम्बन्धी माल वस्तु कब्जा गर्न सक्ने : (१) कुनै वन पैदावारको सम्बन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो वन पैदावार र कसूरसँग सम्बन्धित हतियार, डुङ्गा, सवारी

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

तथा चौपायालाई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा प्रहरी कर्मचारीले कब्जा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको मालको विवरण खोली कसूरसँग सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिई त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडो इलाका वन कार्यालय वा जिल्ला वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको वन पैदावार बाहेकको औजार, हतियार, डुङ्गा, सवारी, चौपाया इत्यादि तोकिएको दिन र स्थानमा दाखिला गर्ने शर्तमा मालधनी वा सम्बन्धित ⁾गाउँपालिका वा नगरपालिकाको सदस्य वा स्थानीय भलाद्मीलाई जमानीको कागज गराई कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीको वन सहायक दर्जासम्मको कर्मचारीले त्यस्तो माल वस्तु छाडी दिन सक्नेछ ।

५९. विना वारेन्ट गिरफ्तार गर्ने अधिकार : (१) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा वन सम्बन्धी काम गर्ने कर्मचारी वा प्रहरी कर्मचारीले निजलाई विना वारेन्ट गिरफ्तार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गिरफ्तार गरिएको व्यक्तिलाई सो गिरफ्तार गर्ने कर्मचारीले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

▲(३) कुनै कसूरको सिलसिलामा गिरफ्तार गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई सो मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भै सकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

▲(४) उपदफा (३) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भैरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

---

⁾ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▲ पहिलो संशोधनद्वारा थप ।

▲५९क. दसी प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्था : (१) यस ऐन बमोजिम कसूर हुने अपराधमा बरामद भएका वन पैदावार वा त्यस्तो कसूर हुने कार्य गर्नको लागि प्रयोग भएका साधन वा औजार दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कसूर हुने अपराधमा बरामद भएका वन पैदावार, औजार तथा अन्य साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न नसकिने भएमा त्यस्तो दसी प्रमाण नजिकको वन कार्यालयको जिम्मामा राखी सोको मुचुल्का पेश गरेमा दसी प्रमाण पेश गरे सरह मानिनेछ ।

(३) मुद्दा हेर्ने अधिकारीले त्यस्तो दसी प्रमाण राखेको ठाउँमा डोर खटाई प्रतिवेदन लिई कारबाही गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६०. मुद्दाको तहकिकात र दायरी : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीको वन सहायक दर्जाको कर्मचारीले गर्नेछ र मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित वन कार्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा सरकारी वकीलको राय सल्लाह लिनु पर्नेछ ।

६१. नेपाल सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

६२. कब्जा गरिएको वन पैदावार, औजार, हतियार, डुङ्गा, सवारी तथा चौपायाको माल धनी पत्ता नलागेमा गर्ने : यस ऐन बमोजिम सजाय हुने कसूरसित सम्बन्धित माल वस्तुको धनी पत्ता नलागेमा तहकिकात गर्ने कर्मचारीले कब्जा गरिएको माल वस्तुको हकदार कुनै भए हकदावी गर्न आउनु भनी सबैले देख्ने ठाउँमा सात दिनको म्याद दिई सूचना टाँस गर्नु पर्नेछ । उक्त माल वस्तु उपर हकदावी परे निर्णयको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । उक्त माल वस्तु उपर हकदावी नपरे वा मुद्दा हेर्ने अधिकारीबाट हकदावी पुग्ने नठहरी फैसला भएमा त्यस्तो माल वस्तु नेपाल सरकारको हुनेछ ।

६३. सडी गली जाने माल वस्तु र चौपाया लिलाम गर्न सकिने : यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा कब्जा गरिएका सडी गली जाने माल वस्तु वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाका माल वस्तु र चौपायालाई नजिकको वन कार्यालय वा सुरक्षित स्थानमा ल्याई जिल्ला वन अधिकृतले लिलाम बिक्री गर्न सक्नेछ । त्यसरी लिलाम बिक्रीबाट आएको रकम पछि ठहरे बमोजिम गर्ने गरी धरौटीमा आम्दानी बाँधिनेछ ।

६४. पूर्पक्ष सम्बन्धी व्यवस्था : (१) यस ऐन बमोजिम गिरफ्तार गरिएको व्यक्तिलाई एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने वन सम्बन्धी मुद्दाको अभियोगमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसूरदार देखिने मनासिब माफिकको आधार देखिएमा त्यस्तो अभियुक्तलाई पूर्पक्षको लागि थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका अरु कसूरदारलाई निजलाई हुन सक्ने कैद वा जरिबानाको उपल्लो हदसम्मको नगद धरौट वा जेथा जमानी दिए तारिखमा र दिन नसकेमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्छ ।

तर पटके कसूरदारलाई धरौटीमा छाड्न पाइने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिम अभियुक्तलाई थुनामा राखी कारबाही गर्दा थुनामा रहेका दिनहरुलाई कैदमा गणना गरी कसूरदारलाई हुनसक्ने सजायको हदभन्दा बढी दिन थुनामा राख्न पाइने छैन ।

६५. मुद्दा हेर्ने अधिकारी : (१) यस ऐन अन्तर्गत दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा जिल्ला वन अधिकृतले कारबाही र किनारा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि र अधिकारको प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र ◎जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

६६. बरामद भएको माल वस्तु जफत हुने : यो ऐन बमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा कसूरमा बरामद भएका सबै बोझबाहक, औजार, चौपाया र अन्य साधनहरु जफत हुने छन् ।

तर बिगो दश हजार रुपैयाँ भन्दा कम्ती मोल पर्ने वन पैदावार लादी ल्याउने ट्रेक्टर, ट्रक, लहरी, मोटर र अन्य सवारी साधनको हकमा त्यस्तो सवारी साधन जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा दश हजार रुपैयाँसम्म थप सजाय हुनेछ ।

## परिच्छेद-१३

## विविध

६७. नेपाल सरकारको भू-स्वामित्व रहने : यस ऐन बमोजिमको □चकला वन, संरक्षित वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन तथा धार्मिक वन क्षेत्रहरुमा नेपाल सरकारको भू-स्वामित्व रहनेछ ।

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

❐६७क. <u>रुख भएको वन क्षेत्रमा बसोबास वा पुनर्वास नगरिने</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रुख भएको कुनै पनि वन क्षेत्र बसोबास वा पुनर्वासको लागि प्रयोग गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्ति वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्दा त्यस्तो क्षेत्रमा बसोबास गरेका व्यक्तिलाई पुनर्स्थापनाको लागि त्यस्तो क्षेत्र प्रयोग गर्नु पर्ने भएमा नेपाल सरकारले स्पष्ट कार्ययोजना सहित निर्णय गरी त्यस्तो क्षेत्र बसोबास र पुनर्वासको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बसोबास र पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गर्दाको बखत देखि नै रहेका रुखहरु नेपाल सरकारको स्वामित्वमा रहनेछन् । त्यस्ता रुखहरु नेपाल सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ ।

(४) उपदफा (३) मा उल्लिखित रुखहरु अधिकार प्राप्त अधिकारीको इजाजत बेगर हटाउने व्यक्तिलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।

❐६७ख. <u>वातावरणीय सेवाको व्यवस्थापन</u> : वनबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. <u>वन प्रयोग गर्न सक्ने</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्न वनको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्तो योजना सञ्चालन गर्नको निमित्त नेपाल सरकारले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन वा धार्मिक वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनको प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुने भएमा नेपाल सरकारले तत्सम्बन्धमा उपयुक्त व्यवस्था गरि दिनु पर्नेछ ।

६९. <u>प्राविधिक सहयोग दिने</u> : कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले सामुदायिक वन, कबुलियती वन, धार्मिक वन वा निजी वनको विकास र संरक्षणको लागि कुनै प्राविधिक सहयोग

---

❐ दोस्रो संशोधनद्वारा थप ।

❐ दोस्रो संशोधनद्वारा थप ।

माग गरेमा सम्बन्धित जिल्ला वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराई दिन सक्नेछ ।

७०. वन क्षेत्रमा प्रवेश निषेध : (१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा तोकिएको अधिकृतले राष्ट्रिय वन वा संरक्षित वनको सम्पूर्ण भाग वा कुनै भागमा निश्चित समयको लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ ।

तर तोकिएको अधिकृतले तोकिदिएको बाटोबाट आवत जावत गर्न यसले कुनै प्रतिबन्ध लगाएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम निषेध गरेको क्षेत्रमा निषेधाज्ञा उल्लङ्घन गरी प्रवेश गर्नेलाई पाँच सय रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

▲७०क. प्रतिबन्ध लगाउन सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि तोकिएको वन पैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

▲७०ख. सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था : (१) नेपाल सरकारद्वारा संरक्षित र व्यवस्थित वनको सुरक्षाको लागि मन्त्रालयले सशस्त्र वन रक्षकको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सशस्त्र वन रक्षकको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७१. असल नियतले काम गरेकोमा बचाउ : यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन ।

❐७१क. सुराकीलाई पुरस्कार दिने : यस ऐन बमोजिमको कसूर हुन लागेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिबानाको दश प्रतिशत पुरस्कार स्वरुप दिइनेछ ।

❐७१ख. वन्यजन्तुबाट हुने क्षति वापत राहत दिइने : तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत तोकिए बमोजिम पीडितलाई राहत दिइनेछ ।

---

▲ पहिलो संशोधनद्वारा थप ।

❐ दोस्रो संशोधनद्वारा थप ।

❐७१ग. उद्धार केन्द्र स्थापना गर्न सक्ने : समस्याग्रस्त, नरभक्षी, घाइते र टुहुरा वन्यजन्तु तथा पंक्षीको उद्धारका लागि तोकिए बमोजिम उद्धार केन्द्रको स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।

❐७१घ. अधिकार प्रत्यायोजन : कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

तर मुद्दाको कारबाही र किनारा गर्ने यस ऐन बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन ।

७२. नियम बनाउने अधिकार : यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

❐७२क. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने : यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

७३. बाफिएमा गर्ने : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएकोमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

७४. खारेजी र बचाउ : (१) देहायका ऐनहरु खारेज गरिएका छन् :-

(क) वन ऐन, २०१८

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि वन ऐन, २०१८ र वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ र उक्त ऐन बमोजिम बनाइएको नियम वा निकालिएको आदेश अन्तर्गत गरिएको काम यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

दृष्टव्य :- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०५५ द्वारा रुपान्तर भएका शब्दहरु:-
"जिल्ला सरकारी अधिवक्ता" को सट्टा "जिल्ला न्यायाधिवक्ता" ।
(२) विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तर भएका शब्दहरु:-
"विशेष अदालत ऐन, २०३१" को सट्टा "विशेष अदालत ऐन, २०५९" ।
(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।
(४) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

# वातावरण संरक्षण ऐन, २०५३

लालमोहर र प्रकाशन मिति
२०५३।१०।१७

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| २. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०५३ सालको ऐन नं. २४

✂................

वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०५३" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।✷

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(ख) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
✷ यो ऐन मिति २०५४।३।१० देखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०५४।३।१०) ।

वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ग) "संरक्षण" भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

(घ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ङ) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(च) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

(छ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

(ज) "फोहर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस ग्याँस, लेदो, धूवाँ, धूलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनु पर्छ ।

(झ) "निष्काशन" भन्नाले ध्वनी, ताप वा फोहरमैला फाल्ने, थुपार्ने वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) सम्झनु पर्छ ।

(ट) "राष्ट्रिय सम्पदा" भन्नाले नेपाल ✂……… भित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, जनसङ्ख्या तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने</u> : प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

४. <u>प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने</u> : यो ऐन प्रारम्भ भएपछि कसैले पनि सम्बन्धित निकाय वा मन्त्रालयबाट तोकिए बमोजिमको प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न, गराउन हुँदैन ।

५. <u>प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्ने</u> : कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन संलग्न गरी त्यस्तो प्रस्ताव स्वीकृतिको लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

६. <u>प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने</u> : (१) दफा ५ बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा सम्बन्धित निकायले सो प्रस्तावसाथ संलग्न प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रस्तावको हकमा आफैंले स्वीकृति दिनेछ र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा आफ्नो राय सहित सो प्रस्ताव मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन पनि गर्नु पर्ने देखिएमा सम्बन्धित निकायले सो प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आदेश दिन सक्नेछ । यसरी सम्बन्धित निकायले दिएको आदेश बमोजिम कुनै प्रस्तावकले वातावरणीय

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

प्रभाव मूल्याङ्कन गरी प्रस्ताव स्वीकृतिको लागि पेश गरेमा सो प्रस्ताव उपर आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित सो प्रस्ताव मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै प्रस्तावसाथ वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन प्राप्त भएमा मन्त्रालयले सो प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि सर्वसाधारणले सो प्रतिवेदन आफैंले उतार गरी लैजान पाउने व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम प्रस्तावसाथ प्राप्त वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदनमा राय सुझाव दिनको लागि मन्त्रालयले सम्बन्धित निकायका विशेषज्ञहरु समेत रहेको एक समिति गठन गर्न सक्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम प्राप्त वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदनमा सर्वसाधारणले कुनै राय सुझाव दिएको भए सो र उपदफा (४) बमोजिम कुनै समिति गठन गरिएकोमा सो समितिले दिएको राय सुझाव समेतको आधारमा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा मन्त्रालयले त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावकलाई स्वीकृति दिनेछ ।

(६) उपदफा (१) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदनबाट प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई कम वा नियन्त्रण गर्न सकिने देखिएमा सम्बन्धित निकाय वा मन्त्रालयले प्रस्तावकलाई आवश्यक शर्तहरु तोकी प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(७) प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिनु पर्ने अवधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. प्रदूषणको रोकथाम तथा नियन्त्रण : (१) कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्काशन गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा सम्बन्धित निकायले तत्

सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ ।

(४) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. वातावरण निरीक्षक : (१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रुपले गर्न गराउन मन्त्रालयले लोक सेवा आयोगबाट निर्धारित प्रकृया पूरा गरी वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्नेछ । वातावरण निरीक्षकहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै ठाउँबाट ध्वनी, ताप वा फोहरमैला निष्काशन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिँदा तोकिएका शर्तहरु बमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने ।

(३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम निरीक्षण गर्न जाँदा सम्बन्धित व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा वा निरीक्षण गर्न जाँदा काममा बाधा विरोध गरेमा वातावरण निरीक्षकले सो व्यक्ति वा संस्थालाई पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्नेले तोकिएको अधिकारी समक्ष उजूरी गर्न सक्नेछ र त्यस्तो उजूरीमा तोकिएको अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. राष्ट्रिय सम्पदाको संरक्षण : (१) राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि सम्बन्धित निकायले पञ्जिका तयार गरी राख्नु पर्नेछ र सो पञ्जिकामा नेपाल ✂.......... भित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पञ्जिकामा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ ।

१०. वातावरण संरक्षण क्षेत्र : (१) वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरु भएको नेपाल ✂......... भित्रको कुनै ठाउँलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रमा तोकिए बमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ ।

११. प्रयोगशालाको स्थापना : (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन नेपाल सरकारले आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा भैरहेका कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. नमूना सङ्कलन गर्न दिनु पर्ने : कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनी, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले सम्बन्धित निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना सङ्कलन गर्न दिनु पर्नेछ ।

१३. वातावरण संरक्षण कोषको स्थापना र सञ्चालन : (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणको लागि वातावरण संरक्षण कोष नामको एउटा कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) वातावरण संरक्षण कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१४. वातावरण संरक्षण परिषद् गठन गर्न सक्ने : वातावरण संरक्षण सम्बन्धी विषयमा नेपाल सरकारलाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरु बीच समन्वय समेत गर्नको लागि नेपाल सरकारले वातावरण सम्बन्धी विशेषज्ञ तथा राष्ट्रियस्तरमा मान्यता प्राप्त राजनैतिक दलका व्यक्तिहरुको समेत प्रतिनिधित्व रहने गरी वातावरण संरक्षण परिषद्को गठन गर्न सक्नेछ ।

१५. सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने : वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रचलित कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका थप सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

१६. समिति गठन गर्न सक्ने : (१) मन्त्रालयले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेका विभिन्न समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१७. क्षतिपूर्ति दिन सक्ने : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनी, ताप वा फोहर मैलाको सृजना वा निष्काशन गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी हुन गएमा त्यस्तो कामबाट प्रभावित व्यक्ति वा संस्थाले सो काम गर्ने व्यक्ति, संस्था वा प्रस्तावकसँग कुनै क्षतिपूर्ति भराउन चाहेमा सोही व्यहोरा खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन र सो ठाउँको वस्तुस्थिति समेतलाई जाँचबुझ गर्दा कुनै व्यक्ति, संस्था वा प्रस्तावकले सृजना वा निष्काशन गरेको प्रदूषण, ध्वनी, ताप वा फोहरमैलाबाट कुनै व्यक्ति वा संस्थालाई प्रतिकूल प्रभाव परी कुनै हानि नोक्सानी पर्न गएको प्रमाणित भएमा तोकिएको अधिकारीले त्यस्तो काम गर्नेबाट सम्बन्धित व्यक्ति वा संस्थालाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

१८. दण्ड सजाय : (१) कसैले दफा ६ बमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत अन्य कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१९. पुनरावेदन : तोकिएको अधिकारीले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्नेले सो निर्णय वा आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२०. कार्यविधि अपनाउनु पर्ने : तोकिएको अधिकारीले यस ऐन बमोजिमको कुनै काम कारबाही गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२१. अधिकार प्रत्यायोजन : मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार नेपाल सरकारको कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. यस ऐन बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२३. निर्देशिका बनाउन सक्ने : नेपाल सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२४. नियम बनाउने अधिकार : (१) नेपाल सरकारले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयमा नियमहरु बनाउन सक्नेछ :-

(क) प्रस्ताव सम्बन्धमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा,

(ग) प्रदूषणको स्रोत, मापदण्ड, रोकथाम र नियन्त्रण सम्बन्धमा,

(घ) जैविक विविधता तथा राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा,

(ङ) जल, वायु, ध्वनी, माटो प्रदूषण सम्बन्धमा,

(च) फोहरमैलाको व्यवस्थापन तथा ओसारपसार आदि सम्बन्धमा,

(छ) वातावरण संरक्षण कोषको सञ्चालन सम्बन्धमा,

(ज) अन्य आवश्यक कुराहरुका सम्बन्धमा ।

---

द्रष्टव्य : १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२. न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

# सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३

प्रमाणीकरण र प्रकाशन मिति
२०७४।१।१०

प्रस्तावना : नेपाल पक्ष भएको सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३ को कार्यान्वयन गर्न सङ्कटापन्न वन्यजन्तु र वनस्पतिका विभिन्न प्रजातिको संरक्षण र त्यसको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्नको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर जहाँसुकै रही बसी यस ऐन अन्तर्गत कसूर मानिने काम गर्ने व्यक्तिको हकमा समेत लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ६ को उपदफा (१) तथा दफा ८ को उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुसन्धान अधिकृत" भन्नाले दफा २३ बमोजिमको अनुसन्धान अधिकृत सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दुर्लभ वन्यजन्तु वा वनस्पति" भन्नाले महासन्धिको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु वा वनस्पतिको कुनै प्रजाति वा उपप्रजाति सम्झनु पर्छ ।

(ङ) "नमुना" भन्नाले देहायका कुरा सम्झनु पर्छ :-

(१) सङ्कटापन्न वन्यजन्तुको जीवित वा मृत शरीर वा त्यस्तो वन्यजन्तुको शरीरको कुनै अङ्ग, अंश, रगत, दाँत, र्‍याल, हाड, छाला, रौं, सिङ वा कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट बनेको वा तयार भएको वा प्रयोग भएको कुनै वस्तु, र

(२) सङ्कटापन्न वनस्पति वा त्यस्तो वनस्पतिको कुनै भाग, टुक्रा, डाँठ, हाँगा, पात, फल,फूल, बिउ, बोक्रा, जरा वा कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट बनेको वा तयार भएको वा प्रयोग भएको कुनै वस्तु ।

(च) "निकासी" भन्नाले नेपाल बाहिर निकासी गर्ने काम सम्झनुपर्छ र सो शब्दले पुन: निकासी समेतलाई जनाउँछ ।

(छ) "नियन्त्रित प्रजनन (क्याप्टिभ ब्रिडिङ्ग)" भन्नाले दुर्लभ वन्यजन्तुको परस्थानीय (एक्ससिटु) संरक्षण गरी वंश संरक्षण गर्ने उद्देश्यको लागि प्रजनन गराई त्यसबाट प्रथम पुस्ताको वन्यजन्तु पैदा गर्ने वा दुर्लभ वनस्पतिको परस्थानीय (एक्ससिटु) संरक्षण गरी वंश संरक्षण गर्ने उद्देश्यको लागि रोप्ने, हुर्काउने, बढाउने र त्यसबाट बिउ वा बिरुवा पैदा गर्ने काम सम्झनु पर्छ ।

(ज) "महासन्धि" भन्नाले संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डि.सी.मा सन् १९७३ को मार्च ३ तारेखका दिन सम्पन्न भएको सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (कन्भेन्सन अन इन्टरनेशनल ट्रेड इन इण्डेन्जर्ड स्पेसिस अफ वाइल्ड फाउना एण्ड फ्लोरा) सम्झनु पर्छ ।

(झ) "लोपोन्मुख वन्यजन्तु वा वनस्पति" भन्नाले महासन्धिको अनुसूची-२ मा उल्लिखित वन्यजन्तु वा वनस्पतिको प्रजाति वा उपप्रजाति सम्झनु पर्छ ।

(ञ) "वैज्ञानिक निकाय" भन्नाले दफा १८ बमोजिमको वैज्ञानिक निकाय सम्झनु पर्छ ।

(ट) "व्यवस्थापन निकाय" भन्नाले दफा १६ बमोजिमको व्यवस्थापन निकाय सम्झनु पर्छ ।

(ठ) "सङ्कटापन्न वन्यजन्तु वा वनस्पति" भन्नाले दुर्लभ वन्यजन्तु वा वनस्पति, लोपोन्मुख वन्यजन्तु वा वनस्पति र संरक्षित वन्यजन्तु वा वनस्पति सम्झनु पर्छ ।

(ड) “संरक्षक” भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारले खटाएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) “संरक्षित वन्यजन्तु वा वनस्पति” भन्नाले महासन्धिको अनुसूची-३ मा उल्लिखित वन्यजन्तु वा वनस्पतिको प्रजाति वा उपप्रजाति सम्झनु पर्छ ।

(ण) “संस्था” भन्नाले वन्यजन्तु वा वनस्पति सम्बन्धी कार्य गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको कारोबार सम्बन्धी व्यवस्था

३. दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको कारोबार वा व्यापार गर्न वा गराउन नहुने : (१) कसैले पनि दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना खरिद बिक्री गर्न, आफूसँग राख्न, प्रयोग गर्न, रोप्न, हुर्काउन, नियन्त्रित प्रजनन गर्न, ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिम अनुमतिपत्र लिई तोकिए बमोजिमको शर्तको अधीनमा रही देहाय बमोजिमको उद्देश्यको लागि दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना राख्न, प्रयोग गर्न, नियन्त्रित प्रजनन गर्न, ओसारपसार, निकासी वा पैठारी गर्न सकिनेछ :-

(क) वन्यजन्तुको पालनपोषण गर्न,

(ख) वनस्पति रोप्न, हुर्काउन,

(ग) वन्यजन्तु वा वनस्पति वा सो को नमुना उत्पादन गर्न, स्वदेश वा विदेशमा खरिद विक्री गर्न,

(घ) अध्ययन, अनुसन्धान, परीक्षण, तालीम, प्रदर्शनी, संरक्षण शिक्षा, जैविक स्रोत संरक्षण वा शैक्षिक प्रयोजनमा उपयोग गर्न ।

४. अनुमतिपत्र माग गर्नु पर्ने : दफा ३ को उपदफा (२) बमोजिमको कुनै कार्य गर्न चाहने व्यक्ति, संस्था वा निकायले तोकिए बमोजिम व्यवस्थापन निकाय समक्ष अनुमतिपत्र माग गर्नु पर्नेछ ।

५. परामर्श माग गर्नु पर्ने : (१) दफा ४ बमोजिम अनुमतिपत्र माग भएमा व्यवस्थापन निकायले सो सम्बन्धमा वैज्ञानिक निकायबाट सिफारिस सहितको परामर्श माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस सहितको परामर्श माग भएमा वैज्ञानिक निकायले सो विषयमा अध्ययन गरी त्यस्तो अनुमतिपत्र दिँदा नेपालमा रहेका दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पतिको प्रजातिको अस्तित्वलाई

प्रतिकूल असर नपर्ने कुरामा विश्वस्त भएमा त्यस्तो अनुमतिपत्र दिन व्यवस्थापन निकायलाई सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम वैज्ञानिक निकायले सिफारिस गर्दा अपनाउने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. <u>अनुमतिपत्र दिन सक्ने</u> : (१) वैज्ञानिक निकायबाट दफा ५ बमोजिम सिफारिस प्राप्त भएमा र व्यवस्थापन निकाय देहाय बमोजिमको अवस्था विद्यमान भएको कुरामा विश्वस्त भएमा सो निकायले अनुमतिपत्र माग गर्ने व्यक्ति, संस्था वा निकायलाई तोकिए बमोजिमको अनुमतिपत्र दिन सक्नेछ :-

(क) पैठारी बाहेकको अन्य कार्यको लागि अनुमतिपत्र माग भएकोमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना अनुमतिपत्र माग गर्ने व्यक्ति, संस्था वा निकायको स्वामित्व वा नियन्त्रणमा रहेको देखिएमा,

(ख) पैठारी बाहेकको अन्य कार्यको लागि अनुमतिपत्र माग भएकोमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना अनुमतिपत्र माग गर्ने व्यक्ति, संस्था वा निकायले प्रचलित कानून बमोजिम प्राप्त गरेको देखिएमा,

(ग) सम्बन्धित निकायबाट त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको स्वस्थताको प्रमाणपत्र प्राप्त भएको देखिएमा,

(घ) जीवित वन्यजन्तु भए त्यसलाई ढुवानी गर्न सकिने पर्याप्त र उपयुक्त बन्दोबस्त भएको र ढुवानी गर्दा त्यसलाई घाउ, चोट नलाग्ने, त्यसको स्वास्थ्यमा हानि नोक्सानी वा त्यस उपर निर्मम व्यवहार नहुने कुरामा विश्वास गर्न सकिने आधार भएमा,

(ङ) जुन मुलुकमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना निकासी गर्न लागिएको हो सो मुलुकको अधिकारप्राप्त निकायल त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना पैठारी गर्न दिएको अनुमतिपत्र वा अनुमतिपत्र दिने मनसायपत्र वा जुन मुलुकबाट त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना नेपालमा पैठारी गर्न लागिएको हो सो मुलुकको अधिकार प्राप्त निकायले त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना निकासी गर्न दिएको अनुमतिपत्र वा अनुमतिपत्र दिने मनसायपत्र प्राप्त भएको देखिएमा,

(च) जुन प्रयोजनका लागि नेपालमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना पैठारी गर्न लागिएको हो सो प्रयोजनका लागि मात्र प्रयोग हुने र व्यापारिक प्रयोजनका लागि प्रयोग नहुने देखिएमा,

(छ) जुन मुलुकमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना निकासी गर्न लागिएको हो सो मुलुकमा त्यसको प्रयोग व्यापारिक प्रयोजनका लागि नहुने गरी त्यस्तो मुलुकको अधिकारप्राप्त निकायबाट आश्वासनपत्र प्राप्त भएको देखिएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था रहेको कुरामा विश्वस्त हुनका लागि आवश्यकता अनुसार व्यवस्थापन निकायले कुनै सक्कल कागजात वा प्रतिलिपि माग गर्न सक्नेछ र यसरी माग भए बमोजिमका कागजात सम्बन्धित व्यक्ति, संस्था वा निकायले व्यवस्थापन निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा व्यवस्थापन निकायले अनुमतिपत्रमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको प्रयोग, व्यवस्थापन, पालनपोषण, संरक्षण, बासस्थान, ढुवानी साधन वा मार्ग आदिका आवश्यक शर्तहरु तोक्न सक्नेछ र त्यस्ता शर्तहरु पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिम व्यवस्थापन निकायबाट जुन प्रयोजनको लागि अनुमतिपत्र दिएको हो अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले सोही प्रयोजनका लागि मात्र त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको प्रयोग गर्नु वा गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम प्रदान गरिएको अनुमतिपत्र जुन व्यक्ति, संस्था वा निकायले प्राप्त गरेको हो सोही व्यक्ति, संस्था वा निकायको प्रयोजनका लागि मात्र मान्य हुनेछ र अन्य व्यक्ति, संस्था वा निकायले प्रयोग गर्ने गरी हस्तान्तरण हुन सक्ने छैन ।

(६) उपदफा (३), (४) वा (५) को प्रतिकूल हुने गरी अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले कुनै काम गरेमा व्यवस्थापन निकायले तोकिए बमोजिमको कार्यविधि पूरा गरी जुनसुकै बखत अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(७) अनुमतिपत्रको अवधि, नवीकरण, दस्तुर र खारेजी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना मानिने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (१) बमोजिम प्रदान

गरिएको अनुमतिपत्र बमोजिम कुनै व्यक्ति, संस्था वा निकायले तोकिए बमोजिम परस्थानीय संरक्षण गरी उत्पादन गरेको देहाय बमोजिमको वन्यजन्तु वा वनस्पति वा सो को नमुनालाई लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना मानिनेछ :-

(क) नियन्त्रित प्रजनन गराई प्रथम पुस्ता (एफ-१ जेनेरेशन) पैदा गर्न अनुमतिपत्र बमोजिम बिउको रुपमा प्रयोग भएको दुर्लभ वन्यजन्तु वा सो को नमुनाबाट उत्पादन गरिएको प्रथम पुस्ता र सोबाट उत्पादन गरिएका वन्यजन्तु तथा सो को नमुना,

(ख) कृत्रिम रुपमा हुर्काउन वा उत्पादन गर्न अनुमतिपत्र बमोजिम बिउको रुपमा प्रयोग भएको दुर्लभ वनस्पति वा सो को नमुनाबाट हुर्काइएको वा उत्पादन गरिएको वनस्पति तथा सो को नमुना ।

तर त्यस्ता वन्यजन्तु वा वनस्पतिको उत्पादन गर्न बिउको रुपमा प्रयोग भएको अनुमतिपत्र बमोजिमको वन्यजन्तु वा वनस्पति वा सो को नमुनालाई दुर्लभ वन्यजन्तु वा वनस्पति वा सो को नमुना नै मानिनेछ ।

८. संरक्षित वन्यजन्तु वा वनस्पतिको नमुनाको कारोबार गर्न सकिने : (१) संरक्षित वन्यजन्तुको पालनपोषण गर्न वा संरक्षित वनस्पति रोप्न, हुर्काउन वा त्यस्तो वन्यजन्तु वा वनस्पतिको नमुना आफूसँग राख्न, प्रयोग गर्न, उत्पादन गर्न, बिउको रुपमा व्यापार गर्न, ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न चाहने व्यक्ति, संस्था वा निकायले अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले व्यवस्थापन निकाय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा सो को जाँचबुझ गर्दा देहायका कुरामा विश्वस्त भएमा वैज्ञानिक निकायसँग परामर्श गरी व्यवस्थापन निकायले उपदफा (१) बमोजिमको कुनै वा सबै प्रयोजनका लागि तोकिए बमोजिम अनुमतिपत्र दिन सक्नेछ :-

(क) पैठारी बाहेकको अन्य कार्यको लागि अनुमतिपत्र माग भएकोमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना अनुमतिपत्र माग गर्ने व्यक्ति, संस्था वा निकायको स्वामित्व वा नियन्त्रणमा रहेको देखिएमा,

(ख) पैठारी बाहेकको अन्य कार्यको लागि अनुमतिपत्र माग भएकोमा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना

अनुमतिपत्र माग गर्ने व्यक्ति, संस्था वा निकायले प्रचलित कानून बमोजिम प्राप्त गरेको देखिएमा,

(ग) जीवित वन्यजन्तु ढुवानी गर्नको लागि पर्याप्त बन्दोबस्त भएको र त्यसलाई ढुवानी गर्दा घाउ, चोट नलाग्ने, हानि नोक्सानी नहुने वा त्यस उपर निर्मम व्यवहार नहुने कुरामा विश्वास गर्ने आधार भएमा ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र दिँदा व्यवस्थापन निकायले आवश्यकता अनुसार त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना राख्ने, प्रयोग गर्ने, पालन पोषण गर्ने, रोप्ने, हुर्काउने तथा उत्पादन गर्ने तरिका सम्बन्धमा तथा त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना बिउको रुपमा व्यापार गर्न, ओसारपसार गर्न वा निकासी वा पैठारी गर्नको लागि मार्ग, ढुवानी गर्ने तरिका, बासस्थान र अन्य आवश्यक विषयमा शर्त तोक्न सक्नेछ र त्यस्ता शर्तहरु पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(५) उपदफा (४) बमोजिमका शर्तहरु पालना नभएमा व्यवस्थापन निकायले तोकिए बमोजिमको कार्यविधि पूरा गरी जुनसुकै बखत त्यस्तो अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम दिइएको अनुमतिपत्रको अवधि, नवीकरण, खारेजी, दस्तुर तथा सो को कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. उत्पत्तिको प्रमाणपत्र र निकासी अनुमतिपत्र आवश्यक हुने : दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि संरक्षित वन्यजन्तु वा वनस्पतिको नमुना पैठारी गर्दा त्यस्तो वन्यजन्तु वा वनस्पतिको प्रजाति महासन्धिको अनुसूची-३ मा समावेश गर्ने मुलुकले प्रदान गरेको उत्पत्तिको प्रमाणपत्र र निकासी अनुमतिपत्र आवश्यक पर्नेछ ।

१०. पुन: निकासी सम्बन्धी विशेष व्यवस्था : (१) एकपटक नेपालभित्र पैठारी गरिएको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना यस दफा बमोजिम पुन: निकासीको अनुमतिपत्र प्रदान नभई निकासी हुन सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना पुन: निकासी गर्न चाहने व्यक्ति, संस्था वा निकायले व्यवस्थापन निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा र पुन: निकासी गर्न लागिएको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना यस ऐन वा प्रचलित कानून बमोजिम नेपालमा पैठारी गरिएको भएमा व्यवस्थापन निकायले

त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना दफा ६ वा ८ बमोजिमको प्रकृया पुरा गरी पुन: निकासी गर्न अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

११. वन्यजन्तु वा वनस्पतिको अस्तित्व उपर जोखिम हुन नहुने : (१) दफा ६, ८ र १० मा जुनसुकै कुरा लेखिएको भए तापनि सो बमोजिम अनुमतिपत्र प्रदान गर्दा त्यस्तो वन्यजन्तु वा वनस्पतिको अस्तित्व लोप नहुने वा त्यसको थप खतरा वा जोखिम नहुने र जुन प्रयोजनका लागि अनुमतिपत्र प्रदान भएको हो सो प्रयोजनका लागि मात्र प्रयोग हुने कुरामा सुनिश्चित हुने गरी प्रदान गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको कारोबार गर्न अनुमतिपत्र प्रदान गरेपछि त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना के कसरी प्रयोग गरेको छ सो को व्यवस्थापन निकाय वा सो निकायले अख्तियारी दिएको निकायले नियमित अनुगमन वा निगरानी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन वा निगरानी गर्दा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था वा निकायले अनुमतिपत्रको शर्त प्रतिकूल हुने गरी सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको प्रयोग गरेको पाइएमा अनुगमन वा निगरानी गर्ने निकायले जुनसुकै वखत त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना जफत गर्न वा नियन्त्रणमा लिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको निकासी गरेको भएमा व्यवस्थापन निकाय वा सो निकायले अख्तियारी दिएको निकायले निकासी गरिएको मुलुकको अधिकारप्राप्त अधिकारीसँग यस दफाको प्रयोजनका लागि नियमित रुपमा तोकिए बमोजिम सम्पर्क गर्नु पर्नेछ ।

१२. महासन्धिको पक्ष राष्ट्र हुनु पर्ने : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना महासन्धिको पक्ष भएको राष्ट्रमा मात्र निकासी गर्न अनुमतिपत्र दिइनेछ ।

## परिच्छेद-३

## सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको दर्ता सम्बन्धी व्यवस्था

१३. सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको प्रजाति दर्ता गर्नुपर्ने : (१) यो ऐन प्रारम्भ हुँदाका बखत कसैले अनुमतिपत्र लिई वा नलिई कुनै जीवित सङ्कटापन्न वन्यजन्तु वा वनस्पति अध्ययन, अनुसन्धान, परीक्षण, प्रशिक्षण, प्रदर्शन, संरक्षण शिक्षा, जैविक स्रोत संरक्षण, शैक्षिक प्रयोजन वा अन्य कुनै प्रयोजनका लागि राखेको, प्रयोग गरेको वा कुनै सङ्कटापन्न वनस्पति रोपेको, हुर्काएको वा कुनै सङ्कटापन्न वन्यजन्तुलाई पालनपोषण गरेको वा घर पालुवा बनाई त्यसबाट लाभ प्राप्त गरेको भए यो ऐन प्रारम्भ भएको एक वर्षभित्र त्यस्तो वन्यजन्तु वा

वनस्पति दर्ता गर्न सम्बन्धित व्यक्ति, संस्था वा निकायले व्यवस्थापन निकाय समक्ष तोकिए बमोजिम निवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा त्यस्तो वन्यजन्तु वा वनस्पति प्रचलित कानून प्रतिकूल नहुने गरी राखेको वा प्रयोग गरेको कुरामा व्यवस्थापन निकाय विश्वस्त भएमा सो निकायले त्यस्तो वन्यजन्तु वा वनस्पति तोकिए बमोजिम दर्ता गरी सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको कार्यविधि पूरा नगरी राखेको वन्यजन्तु वा वनस्पति तोकिए बमोजिम जफत हुनेछ ।

(४) यस दफा बमोजिम दिइने दर्ता प्रमाणपत्रको अवधि, नवीकरण, दर्ता शुल्क तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. पैठारी गरिएको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना दर्ता गर्नु पर्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम नेपालमा पैठारी गरिएका सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना तोकिए बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका वन्यजन्तु वा वनस्पति वा सो को नमुना दर्ता गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा निकायले त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना पैठारी गरेको पैंतीस दिनभित्र देहायका कागजात संलग्न गरी व्यवस्थापन निकाय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना निकासी गर्न सम्बन्धित मुलुकको अधिकार प्राप्त निकायले दिएको अनुमतिपत्र,

(ख) त्यस्तो वन्यजन्तु वा वनस्पतिको नमुनाको उत्पत्तिको प्रमाणपत्र,

(ग) व्यवस्थापन निकायले पैठारी गर्न दिएको अनुमतिपत्र,

(घ) भन्सार महसुल चुक्ता गरेको निस्सा,

(ङ) त्यस्तो वन्यजन्तु वा वनस्पतिको नमुनाको स्वस्थताको प्रमाणपत्र ।

(३) उपदफा (२) बमोजिम परेको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पैठारी गरिएको देखिएमा व्यवस्थापन निकायले त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना दर्ता गरी सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई तोकिए बमोजिम दर्ता प्रमाणपत्र दिनेछ ।

१५. हस्तान्तरण गर्न नहुने : (१) दफा १३ वा १४ बमोजिम दर्ता भएका कुनै पनि सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना व्यवस्थापन निकाय वा तोकिए बमोजिमको अधिकारीको अनुमति बिना हक हस्तान्तरण वा नामसारी हुने छैन ।

(२) उपदफा (१) बमोजिम सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको हक हस्तान्तरण वा नामसारी गर्न अनुमति प्रदान गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## व्यवस्थापन निकाय तथा वैज्ञानिक निकाय सम्बन्धी व्यवस्था

१६. व्यवस्थापन निकाय : (१) यस ऐनको प्रयोजनको लागि देहायका निकायलाई व्यवस्थापन निकाय मानिनेछ :-

(क) वन्यजन्तु वा सो को नमुनाको सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,

(ख) वनस्पति वा सो को नमुनाको सम्बन्धमा वन विभाग ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको सम्बन्धमा कुनै खास निकायलाई व्यवस्थापन निकायको रुपमा तोक्न सक्नेछ ।

१७. व्यवस्थापन निकायको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त व्यवस्थापन निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना निकासी वा पैठारी भए वा नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने,

(ख) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था वा निकायले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा अनुमतिपत्र रद्द गर्ने,

(ग) सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको सम्बन्धमा अध्ययन अनुसन्धान तथा प्रचार प्रसार गर्ने वा गराउने,

(घ) महासन्धिको कार्यान्वयनको स्थितिका सम्बन्धमा गर्नु पर्ने नीतिगत, संस्थागत र कानूनी उपायका सम्बन्धमा नेपाल सरकारको तर्फबाट आवधिक प्रतिवेदन तयार गर्ने,

(ङ) महासन्धि कार्यान्वयन सम्बन्धमा अन्य आवश्यक व्यवस्था गर्ने, र

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१८. वैज्ञानिक निकाय : (१) यस ऐनको प्रयोजनको लागि देहायका निकायलाई वैज्ञानिक निकाय मानिनेछ :-

(क) वन्यजन्तु वा सो को नमुनाको सम्बन्धमा प्राकृतिक विज्ञान सङ्ग्रहालय, त्रिभुवन विश्वविद्यालय,

(ख) वनस्पति वा सो को नमुनाको सम्बन्धमा वनस्पति विभाग ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको सम्बन्धमा कुनै खास निकायलाई वैज्ञानिक निकायको रुपमा तोक्न सक्नेछ ।

१९. वैज्ञानिक निकायको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त वैज्ञानिक निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरहदभित्र पाइने सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको अस्तित्वको अवस्था बारेमा नियमित रुपमा अध्ययन अनुसन्धान गरी व्यवस्थापन निकायलाई आवश्यक परामर्श प्रदान गर्ने र त्यस्तो अध्ययन अनुसन्धानको सम्बन्धमा आवश्यकता अनुसार प्रतिवेदन प्रकाशन गर्ने,

(ख) सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको स्वस्थताको प्रमाणपत्र जारी गर्ने,

(ग) सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिका प्रजातिहरुबारे व्यवस्थापन निकायलाई आवश्यकता अनुसार सल्लाह वा परामर्श उपलब्ध गराउने,

(घ) विभिन्न प्रजातिका सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको परिचय, पहिचान र वर्गिकरणबारे निर्णय गर्ने,

(ङ) महासन्धिमा सूचीकृत सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिका प्रजातिहरुको वैज्ञानिक तथा प्राविधिक विषयमा प्रचार प्रसार गर्ने वा गराउने,

(च) सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको संरक्षणका लागि महासन्धिसँग सम्बन्धित विभिन्न निकाय बीच समन्वय गर्ने, र

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-५

## कसूर र सजाय

२०. कसूर गरेको मानिने : कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) दफा ३ विपरित दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना खरीद बिक्री गर्ने, आफूसँग राख्ने, प्रयोग गर्ने, पालनपोषण गर्ने, रोप्ने, हुर्काउने, नियन्त्रित प्रजनन गर्ने, ओसारपसार गर्ने, निकासी वा पैठारी गर्ने कार्य गरे वा गराएमा,

(ख) दफा ८ विपरित संरक्षित वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको खरिद बिक्रि गर्ने, आफूसँग राख्ने, प्रयोग गर्ने, पालनपोषण गर्ने, रोप्ने, हुर्काउने, ओसारपसार गर्ने, निकासी वा पैठारी गर्ने कार्य गरे वा गराएमा,

(ग) दफा १३ वा १४ बमोजिम सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना दर्ता नगरेमा,

(घ) दफा १५ बमोजिम अनुमति नलिई सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना हक हस्तान्तरण वा नामसारी गराएमा, वा

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिए देखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा ।

२१. सजाय : (१) देहायको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा २० को खण्ड (क) बमोजिम दुर्लभ वन्यजन्तु वा सो को नमुना सम्बन्धी कसूर गर्नेलाई कसूरको मात्रा अनुसार पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा पाँचलाख रुपैयाँदेखि दशलाख रुपैयाँसम्म जरिबाना वा दुबै र दुर्लभ वनस्पति वा सो को नमुना सम्बन्धी कसूर गर्नेलाई कसूरको मात्रा अनुसार एक वर्षदेखि पाँचवर्षसम्म कैद वा एकलाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म जरिबाना वा दुबै ।

(ख) दफा २० को खण्ड (क) बमोजिम लोपोन्मुख वन्यजन्तु वा सो को नमुना सम्बन्धी कसूर गर्नेलाई कसूरको मात्रा अनुसार दुई वर्षदेखि दशवर्षसम्म कैद वा एकलाख रुपैयाँदेखि

पाँचलाख रुपैयाँसम्म जरिबाना वा दुबै र लोपोन्मुख वनस्पति वा सो को नमुना सम्बन्धी कसूर गर्नेलाई छ महिना देखि एक वर्षसम्म कैद वा पचासहजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना वा दुबै ।

(ग) दफा २० को खण्ड (ख) बमोजिम संरक्षित वन्यजन्तु वा सो को नमुना सम्बन्धी कसूर गर्नेलाई एक वर्ष देखि पाँचवर्षसम्म कैद वा बीसहजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना वा दुबै र संरक्षित वनस्पति वा सो का नमुना सम्बन्धी कसूर गर्नेलाई कसूरको मात्रा अनुसार एक महिनादेखि छ महिनासम्म कैद वा एकहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिबाना वा दुबै ।

(घ) दफा २० को खण्ड (ग) र (घ) विपरित कार्य गर्नेलाई कसूरको मात्रा अनुसार पचासहजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना ।

(ङ) दफा २० को खण्ड (ङ) बमोजिमको कुनै कार्य गर्नेलाई कसूरको मात्रा अनुसार एकहजार रुपैयाँदेखि पच्चीसहजार रुपैयाँसम्म जरिबाना ।

(च) यस ऐन बमोजिमको कुनै कसूर गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(२) यस ऐन बमोजिम कसूर ठहरिने कुनै कार्य गर्ने व्यक्तिलाई मद्दत गर्ने वा कुनै किसिमले सहयोग पुऱ्याउने मतियारलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान सम्बन्धी कार्यमा बाधा विरोध गर्नेलाई तीन महिनासम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२२. जफत हुने : यस ऐन अन्तर्गतको कसूरसँग सम्बन्धित सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना तथा त्यस्तो कसूरमा प्रयोग भएका अन्य वस्तु, सामग्री, हातहतियार तथा सवारी साधन समेत जफत हुनेछ ।

## परिच्छेद-६
## मुद्दाको अनुसन्धान तथा दायरी

२३. अनुसन्धान अधिकृत : (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान गर्ने अधिकार राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको हकमा

सम्बन्धित संरक्षक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र अन्य क्षेत्रको हकमा जिल्ला वन कार्यालय रहेको जिल्लामा जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी तथा जिल्ला वन कार्यालय नरहेको जिल्लामा नेपाल सरकारले तोकेको अधिकृतस्तरको कर्मचारीलाई हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन अन्तर्गतको कसूरको अनुसन्धानको लागि संयुक्त अनुसन्धान टोली गठन गर्न वा नेपाल सरकारको कुनै अधिकृतलाई तोक्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अनुसन्धान अधिकृत वा टोलीले कसूरको अनुसन्धान गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कसूरदारलाई तत्काल गिरफ्तार गरी आवश्यक कारबाही गर्ने,

(ख) यस ऐन अन्तर्गतको कसूरमा अनुसन्धान गर्दा वा सबुद प्रमाण सङ्कलन गर्दा प्रचलित कानून बमोजिम जुनसुकै कार्यालय, घर, भवन, गोदाम, सवारी साधन वा अन्य कुनै स्थानको खानतलासी लिने वा लिन लगाउने,

(ग) कसूरसँग सम्बन्धित सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना तथा त्यस्तो कसूरमा प्रयोग भएका अन्य वस्तु, सामग्री, हातहतियार, सवारी साधन तथा दशी प्रमाण प्राप्त भएमा बरामद गर्ने,

(घ) कसूरको अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम अनुसन्धान अधिकृतको हैसियतमा आवश्यक अधिकार प्रयोग गर्ने ।

(४) अनुसन्धान अधिकृतलाई यस ऐन अन्तर्गतको कसूरमा अनुसन्धान गर्दा अभियुक्तलाई बयान गराउने, सरजमीन मुचुल्का तयार गर्ने समेतका अनुसन्धान कार्यको सम्बन्धमा प्रचलित कानून बमोजिम प्रहरी अधिकृतलाई भए सरहको अधिकार हुनेछ ।

(५) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकातको कार्यमा आवश्यक सहयोग गर्नु सुरक्षा निकायको कर्तव्य हुनेछ ।

२४. अभियुक्तलाई थुनामा राख्न सकिने : (१) यस ऐन अन्तर्गत कारबाही चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धानमा बाधा, व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा अनुसन्धान

अधिकृतले कारण खुलाई निजलाई प्रचलित कानून बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आरोपित व्यक्तिलाई थुनामा राख्नु परेमा बाटाको म्याद बाहेक पक्राउ गरेको चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई निजको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले अनुसन्धान सन्तोषजनक भए वा नभएको विचार गरी एकपटकमा तीस दिनमा नबढ्ने गरी बढीमा नब्बे दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

२५. मुद्दाको दायरी : (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ ।

(२) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान सम्पन्न भएपछि अनुसन्धान अधिकृतले मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा अनुसन्धान अधिकृतले मुद्दा दायर गर्नु पर्नेछ ।

२६. मुद्दा हेर्ने अदालत : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

## परिच्छेद-७

## विविध

२७. नेपाल सरकारको विशेष अधिकार : (१) दफा ३ र ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको संरक्षणमा नेपाल सरकारको प्रयासलाई सहयोग पुऱ्याउने वा सो प्रयोजनको लागि अध्ययन वा अनुसन्धानलाई उपलब्धिमूलक बनाउन प्राविधिक सहयोग पुऱ्याउने कुनै मुलुकको अनुरोधमा अध्ययन, संरक्षण शिक्षा वा अनुसन्धानको प्रयोजनका लागि नेपाल सरकारले एक आर्थिक वर्षमा एक जोडीसम्म कुनै प्रजातिको सङ्कटापन्न वन्यजन्तु वा सो को कुनै नमुना वा तोकिए बमोजिमको सङ्ख्या वा परिमाणमा कुनै सङ्कटापन्न वनस्पति वा सो को नमुना नेपाली जनता र नेपाल सरकारको सद्भावनाको प्रतीकको रुपमा उपहार स्वरुप त्यस्तो मुलुकलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराएको वन्यजन्तु वा वनस्पति वा सो को नमुना व्यापारिक प्रयोजनका लागि प्रयोग नगरिने आश्वासन सम्बन्धित मुलुकबाट त्यसरी उपलब्ध गराउनु अघि नै नेपाल सरकारले कुटनैतिक माध्यमबाट प्राप्त गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम वन्यजन्तु वा वनस्पति वा सो को नमूना उपलब्ध गराएको वार्षिक विवरण वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सङ्घीय संसदको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै पनि सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना अध्ययन, अनुसन्धान, अवलोकन, पर्यवेक्षण, परीक्षण, जैविक स्रोत संरक्षण वा संरक्षण शिक्षाको प्रयोजनका लागि राख्न, प्रयोग गर्न वा दुर्लभ वन्यजन्तु भए नियन्त्रित प्रजनन गराई पहिलो पुस्ता पैदा गर्न र दुर्लभ वनस्पति भए कृत्रिम रुपमा बिउ र बेर्ना उत्पादन गर्न, रोप्न वा हुर्काउन सक्नेछ ।

२८. पारवहनमा रहेको अवस्थामा लागू नहुने : (१) दफा ३, ८ र १० मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको शिलबन्द बाकस (कन्साइन्टमेन्ट) अर्को मुलुकबाट नेपालको इलाकामा पारवहन भई तेस्रो मुलुकमा ढुवानी गर्दा यस ऐनको व्यवस्था लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको शिलबन्द बाकस नेपालमा रहँदाको अवधिमा वैज्ञानिक निकाय वा सम्बन्धित क्वारेन्टाइन अधिकारीको निगरानीमा रहनेछ ।

२९. व्यापारिक प्रयोजनको लागि कारोबार भएको नमानिने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि पर्यटकीय, साँस्कृतिक, परम्परागत ज्ञानको प्रवर्द्धन, शैक्षिक, मनोरञ्जनात्मक, खेलकुद, अनुसन्धानात्मक, सौन्दर्यपरक प्रयोजनका लागि तोकिए बमोजिमको दरमा नबढाई सामान्य शुल्क लिई कुनै सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको दृश्यावलोकन वा प्रदर्शनी गराउने कामलाई व्यापारिक प्रयोजनका लागि भएको कारोबार मानिने छैन ।

३०. जफत भएका वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको व्यवस्थापन : (१) यस ऐनको प्रतिकूल हुने गरी कुनै काम कारबाही भएको कारणले यस ऐन बमोजिम जफत भएका सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना व्यवस्थापन निकायले देहाय बमोजिम व्यवस्थापन गर्नु पर्नेछ :-

(क) जीवित नरहेको सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको नमुना नष्ट गर्ने,

(ख) सङ्कटापन्न वन्यजन्तु वा वनस्पति जीवित नै रहेको भएमा र संरक्षण गर्न आवश्यक देखिएमा नेपालभित्रको प्राकृतिक बासस्थानमा छोड्न वा रोप्न वा सार्न वा संरक्षणको लागि अन्य आवश्यक उपाय अपनाउन सम्बन्धित निकायमा पठाउने,

तर जीवित नै रहेको भए तापनि संरक्षण गर्न हानिकारक हुने वा नेपालका रैथाने सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिलाई प्रतिकूल प्रभाव पुऱ्याउने वन्यजन्तु वा वनस्पति वा सो को नमुना नष्ट गर्नु पर्नेछ ।

(ग) संरक्षण गर्न आवश्यक नदेखिएको वा संरक्षण गर्न सम्भव नभएको लोपोन्मुख वा संरक्षित वन्यजन्तु वा वनस्पति वा सो को नमुना प्रचलित कानून बमोजिम लिलाम गर्ने,

(घ) आवश्यक शर्त तोकी शैक्षिक, वैज्ञानिक, अध्ययन, अनुसन्धानको प्रयोजनका लागि वा धार्मिक कार्यका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउने,वा

(ङ) तोकिए बमोजिम अन्य तरिकाले व्यवस्थापन गर्ने वा गराउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको कार्यविधि पूरा नभई पैठारी भएको कारणले जफत भएको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना जुन मुलुकबाट पैठारी भएको हो सोही मुलुकमा फिर्ता पठाउन सम्बन्धित अधिकारीलाई नेपाल सरकारले लेखी पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम लेखी पठाउँदा सम्बन्धित मुलुकले त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना फिर्ता लैजान चाहेमा वा त्यस्तो मुलुकको अधिकारप्राप्त निकायले अनुरोध गरेमा नेपाल सरकारको निर्णयबाट त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना सम्बन्धित मुलुकलाई फिर्ता दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना फिर्ता गर्दा लाग्ने खर्च त्यसरी फिर्ता लैजाने मुलुकले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम निर्णय भएको मितिले नब्बे दिनभित्र सम्बन्धित मुलुकले त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना फिर्ता लैजानु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम लेखी पठाउँदा सम्बन्धित मुलुकले फिर्ता लैजान इच्छा व्यक्त नगरेमा वा इच्छा व्यक्त गरे तापनि उपदफा (५) बमोजिमको अवधिभित्र फिर्ता लैजान नसकेमा त्यस्ता वन्यजन्तु वा वनस्पति वा सो को नमुना व्यवस्थापन निकायले उपदफा (१) बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम कुनै सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना नष्ट गर्नु अघि त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुनालाई वैज्ञानिक परीक्षणका लागि तोकिए बमोजिमको प्रयोगशालामा

पठाउनु पर्नेछ र सो प्रयोगशालाको प्रतिवेदनबाट त्यस्तो वन्यजन्तु वा वनस्पति वा सो को नमुना नष्ट गर्नु पर्ने देखिएमा सम्बन्धित जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका प्रतिनिधिको रोहवरमा तोकिए बमोजिम नष्ट गर्नुपर्नेछ ।

३१. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति राष्ट्रिय समन्वय समिति : (१) यो ऐन तथा महासन्धिको प्रभावकारी कार्यान्वयन गर्नको लागि सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको प्रजातिको संरक्षण र संवर्धन गर्न अपनाउनु पर्ने नीतिगत, कानूनी र संस्थागत उपायका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न र यस ऐनको कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्न देहाय बमोजिमको एक सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति राष्ट्रिय समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | - संयोजक |
| (ख) | सहसचिव, कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (ग) | महानिर्देशक, भन्सार विभाग | - सदस्य |
| (घ) | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | - सदस्य |
| (ङ) | महानिर्देशक, वन विभाग | - सदस्य |
| (च) | महानिर्देशक, वनस्पति विभाग | - सदस्य |
| (छ) | महानिर्देशक, हुलाक सेवा विभाग | - सदस्य |
| (ज) | प्रहरी नायव महानिरीक्षक, केन्द्रीय अनुसन्धान ब्यूरो, नेपाल प्रहरी | - सदस्य |
| (झ) | अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | - सदस्य |
| (ञ) | कार्यकारी निर्देशक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | - सदस्य |
| (ट) | प्रमुख, प्राकृतिक विज्ञान सङ्ग्रहालय, त्रिभुवन विश्वविद्यालय | - सदस्य |
| (ठ) | समितिले तोकेको पदाधिकारी | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको वैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३२. वन्यजन्तु र वनस्पतिको नाम प्रकाशन गर्ने : (१) नेपाल सरकारले महासन्धिको अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा उल्लिखित वन्यजन्तु तथा वनस्पतिको विभिन्न प्रजाति वा उपप्रजातिको वैज्ञानिक नाम, अङ्ग्रेजी नाम तथा सम्भव

भएसम्म नेपाली नाम सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम प्रकाशन गर्दा त्यस्ता वन्यजन्तु वा वनस्पति नेपालमा पाइने हो होइन सो समेत खुलाउनु पर्नेछ ।

३३. विवरणको अभिलेख राख्ने : (१) व्यवस्थापन निकायले प्रत्येक आर्थिक वर्षका लागि देहायको विवरणको अभिलेख राख्नु पर्नेछ :-

(क) दफा ६ को उपदफा (१), दफा ८ को उपदफा (३), दफा १० को उपदफा (३), दफा १३ को उपदफा (२), दफा १४ को उपदफा (३) र दफा १५ को उपदफा (१) बमोजिम प्रदान गरिएको अनुमतिपत्र र दर्ता प्रमाणपत्रको सङ्ख्या, अनुमतिपत्र वा प्रमाणपत्र प्रदान गरिएको मिति र त्यसको किसिम,

(ख) सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना निकासी, पैठारी, खरीद, बिक्री तथा ओसारपसार गर्ने व्यक्ति, संस्था वा निकायको नाम तथा सो को परिमाण र सम्भव भएसम्म त्यस्ता वन्यजन्तुको आकारको विवरण र भाले वा पोथी के रहेको हो सो खुल्ने विवरण,

(ग) दफा २२ बमोजिम जफत भएको वा दफा २३ को उपदफा (३) को खण्ड (ग) बमोजिम बरामद भएको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको विवरण,

(घ) दफा २७ को उपदफा (१) बमोजिम नेपाल सरकारले विदेशी मुलुकलाई उपलब्ध गराएको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको विवरण,

(ङ) यस ऐन बमोजिम जफत वा बरामद भएका सङ्कटापन्न वन्यजन्तु, वनस्पति वा सो को नमुनाका सम्बन्धमा दफा ३० को उपदफा (१) बमोजिम गरिएको व्यवस्थापन सम्बन्धी विवरण,

(च) दफा ३० को उपदफा (३) बमोजिम सम्बन्धित मुलुकले फिर्ता लगेको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको विवरण ।

(२) उपदफा (१) बमोजिमको विवरण व्यवस्थापन निकायले प्रत्येक वर्ष तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

३४. कोष खडा गर्न सकिने : (१) सङ्कटापन्न वन्यजन्तु वा वनस्पतिको संरक्षण, संवर्धन, अध्ययन तथा अनुसन्धान समेतको लागि एउटा कोष खडा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा गरिने रकम, कोषको सञ्चालन तथा व्यवस्थापन र त्यसको आन्तरिक नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

३५. पुरस्कार दिन सकिने : (१) यस ऐन बमोजिम कसूर मानिने कार्य भएको वा हुन लागेको सूचना दिने र अनुसन्धान तथा सबुद प्रमाण सङ्कलनको कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई व्यवस्थापन निकायले एकलाख रुपैयाँसम्म पुरस्कार दिन सक्नेछ ।

(२) यस ऐन बमोजिम कसूर मानिने कार्यको अनुसन्धान तथा सबुद प्रमाण सङ्कलनमा उल्लेखनीय योगदान पुऱ्याई सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको व्यापार नियन्त्रणमा सहयोग पुऱ्याउने व्यक्ति वा कर्मचारीलाई व्यवस्थापन निकायले एकलाख रुपैयाँसम्म रकम प्रोत्साहन पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ ।

३६. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३७. नियम बनाउन सक्ने : नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्नको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

३८. निर्देशिका बनाउन सक्ने : (१) नेपाल सरकारले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको अन्तर्राष्ट्रिय व्यापार नियमन र नियन्त्रणको लागि खासगरी देहायका विषयमा निर्देशिका बनाउन सक्नेछ :-

(क) सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको कारोबारको लागि अनुमतिपत्र प्रदान गर्ने विषय,

(ख) पैठारी गरिएका सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना दर्ता गर्ने सम्बन्धी विषय,

(ग) सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको अभिलेख राख्ने सम्बन्धी विषय,

(घ) जफत भएका सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना व्यवस्थापन गर्ने सम्बन्धी विषय,

(ङ) अन्य आवश्यक विषय ।

# हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२३।१।६

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "हात्तीसार" भन्नाले हात्तीहरुको व्यवस्था गर्ने नेपाल सरकारले खडा गरेको हात्तीसार अड्डा सम्झनु पर्छ ।

(ख) "हाकिम" भन्नाले हात्तीसार अड्डाहरुमा रहेका मुख्य अधिकृत सम्झनु पर्छ ।

३. हाकिमको कर्तव्य : हाकिमको कर्तव्यहरु देहाय बमोजिमका हुनेछन् :-

(१) हात्तीसारलाई हात्तीको स्वास्थ्य अनुकूलको ठाउँमा स्थापित गर्न नेपाल सरकारमा सिफारिस पेश गर्ने,

(२) हात्तीको स्वास्थ्य र सुव्यवस्था गर्दा हात्तीको नुहाउने, निन्द्रा समय र घाँस दाना आदिको पूर्ण जिम्मेवारीसाथ प्रबन्ध गर्ने,

(३) हात्तीको स्वास्थ्यलाई हानी नपुग्ने गरी हात्तीहरुको प्रयोगको उचित व्यवस्था गर्ने,

(४) अन्य आवश्यक काम कुरा जस्तै; घाँस र फोहर मैला फ्याँक्ने व्यवस्था मिलाउने ।

४. हात्तीको प्रयोगमा शर्त बन्देज : (१) वन सेवामा रहेका कर्मचारीहरुले आफ्नो कर्तव्यको पालन गर्ने सिलसिलामा बाहेक अन्य सरकारी वा गैरसरकारी व्यक्तिहरुले नेपाल सरकारबाट तोकिएको दरले भाडा तिरेर मात्र हात्तीको प्रयोग गर्न पाउने छन् ।

(२) हात्तीले हात्तीसार छोडेको दिनदेखि हात्तीसार फिर्ता पुगेको दिनसम्मको हिसाब गरी भाडा असुल उपर गरिनेछ ।

(३) हात्तीको प्रयोग गर्न निमित्त सम्बन्धित इलाकाको कन्जरभेटर कार्यालयमा वा सम्बन्धित हात्तीसारमा रु. १।- एकको टिकट टाँसी दरखास्त दिनु पर्दछ र कन्जरभेटरले वा हाकिमले हात्तीलाई फुर्सद भै प्रयोग गर्न दिन मनासिव ठानेमा प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(४) आवश्यक परेमा नेपाल सरकारले विना भाडामा पनि हात्ती दिन सक्नेछ । तर राजनैतिक काम र बोझ बोक्ने कामको लागि हात्तीहरु दिइने छैन ।

५. हात्ती मरेमा गर्ने : (१) कुनै हात्ती केही कारणले मर्न गएमा सम्बन्धित इलाकाको कन्जरभेटरले आवश्यक जाँच पडताल गरी वा गर्न लगाई हात्तीको अन्त्येष्टी कर्म गर्न आदेश दिनेछ ।

(२) कन्जरभेटरले आफ्नो जाँच पड्तालको प्रतिवेदनमा हात्ती मर्नाको सबै कारण राम्रोसँग खुलाई चीफ कन्जरभेटर कार्यालयमा चाँडो पठाउनु पर्दछ । प्रतिवेदन साथ त्यस्तो हात्तीको हस्तिहाड, दाँत र गजमोती भए सो समेत चलानी गरी पठाउनु पर्दछ ।

६. चीफ कन्जरभेटरको अधिकार : चीफ कन्जरभेटरले हात्तीको सुव्यवस्थाको लागि आवश्यक ठानेको आदेश वा निर्देश कन्जरभेटरहरु वा हाकिमलाई दिन सक्नेछ ।

---

द्रष्टव्य : (१) केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तरण भएका शब्दहरु :-
"अफिसर", "अफिस" र "रिपोर्ट" को सट्टा "अधिकृत", "कार्यालय" र "प्रतिवेदन" ।
(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३०।११।२१

संशोधन

१. चितवन राष्ट्रिय निकुञ्ज (पहिलो संशोधन) नियमावली, २०४६ २०४६।२।१६
२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "निकुञ्ज वा राष्ट्रिय निकुञ्ज" भन्नाले चितवन राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) "संरक्षक (वार्डेन)" भन्नाले नेपाल सरकारबाट नियुक्त भएको राष्ट्रिय निकुञ्जको मुख्य अधिकृत सम्झनु पर्छ ।

३. राष्ट्रिय निकुञ्जको सीमाना : राष्ट्रिय निकुञ्जको सीमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरिए बमोजिम हुनेछ ।

४. निकुञ्जभित्र प्रवेश : (१) निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले अनुसूची-१ मा लेखिए बमोजिम दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो दस्तूर बुझाउने व्यक्तिलाई संरक्षक वा सो कामको लागि नेपाल सरकारले तोकेको कुनै कर्मचारीले अनुसूची-२ बमोजिमको प्रवेशपत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियम १९ बमोजिम बाटोको सुविधा प्रयोग गर्ने व्यक्तिहरुले सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई निकुञ्जभित्रबाट हिँडेकोमा कुनै दस्तूर तिर्नु पर्ने छैन ।

*(३) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोलीलाई संरक्षकले अनुसूची-२क. बमोजिमको नि:शुल्क प्रवेशपत्र दिन सक्नेछ ।

५. निकुञ्जमा प्रवेश आफ्नै दायित्वमा हुने : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानि-नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानि-नोक्सानी चोट पटक वा मृत्यु भए बापत क्षतिपूर्तिको निमित्त नेपाल सरकार जिम्मेवार हुने छैन ।

६. निकुञ्जभित्र गर्न निसिद्ध गरिएका कार्यहरु : संरक्षक (वार्डेन) वा सो कामको लागि नेपाल सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै व्यक्तिले पनि निकुञ्जभित्र देहायका कामहरु गर्न पाउने छैन :-

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रम वा आकार बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भाग कब्जा गर्न, फाँड्न वा आवाद गर्न,

(ग) घर पालुवा पशु वा पंक्षी चराउन वा तिनीहरुलाई पानी खुवाउन,

(घ) रुख, विरुवा, झारी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन छेक्न, छाट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न, आगो लगाउन वा अरु कुनै किमिसले हानि पुऱ्याउन,

(ङ) क्याम्प गर्न भनी छुट्याइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(च) क्याम्प गर्न छुट्याईएको स्थान वा संरक्षक (वार्डेन) ले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न,

(छ) नियम १९ बमोजिम तोकिएको बाटो बाहेक अन्य बाटो वा ठाउँबाट कुनै घर पालुवा पशु लैजान वा हिँडाउन ।

७. साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरु : संरक्षक (वार्डेन) को लिखित अनुमति विना कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा वा नियम १९ अन्तर्गत तोकिएको बाटोबाट हिंड्दा देहायका चीज वस्तुहरु साथमा लैजान वा राख्न पाउने छैन :-

(क) हातहतियार वा खरखजाना,

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(ख) विष्फोटक पदार्थ वा त्यसका साधनहरु,

(ग) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु,

(घ) धनुषवाण, खोर, धराप, पासो, जाल वा विष ।

८. जिम्मेवार हुने : कसैले निकुञ्जको सिमानाभित्र वा बाहिरबाट आगो शुरु गरी निकुञ्जभित्रको वनस्पति, झारपात वा कुनै अन्य चीज वस्तुलाई क्षति पुऱ्याएमा त्यस्तो क्षति बापत आगो सल्काउने वा शुरु गर्ने व्यक्ति जिम्मेवार हुनेछ ।

९. शिकार गर्न र चराहरुको गुँड हटाउन वा बिगार्न नहुने : निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन गर्न ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षक (वार्डेन) को लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा कुनै पनि पंक्षीहरुको फुल वा गुँड हटाउन, भत्काउन, बिगार्न वा खलबल्याउन हुँदैन ।

१०. माछा मार्न अनुमति लिनु पर्ने : (१) संरक्षक (वार्डेन) वा सो कामको निमित्त नेपाल सरकारले तोकेको कुनै कर्मचारीले तोकिदिएको शर्त पालना गर्ने गरी अनुसूची-१ मा लेखिए बमोजिम दस्तूर बुझाएमा मात्र निकुञ्जभित्र रहेको खोला वा पोखरीमा माछा मार्न सकिनेछ ।

*(२) निकुञ्जको सीमानामा पर्ने राप्ती, नारायणी र रिउ नदीहरुमा भने सो नदीको वरपर बस्ने व्यक्तिहरुले मात्र अनुसूची-१ मा तोकिएको दस्तूर बुझाई माछा मार्न सक्नेछन् ।

११. नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने : (१) नेपाल सरकारको स्वीकृति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र माटो, ढुङ्गा, बालुवा वा अन्य कुनै खनिज पदार्थ खोज्न, खन्न वा हटाउन पाउने छैन ।

(२) कसैले निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा नेपाल सरकारको स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१२. विज्ञापन टाँस्न वा राख्न नपाईने : ऐन अनुसार निकुञ्जभित्र स्थापित होटल, लज वा अन्य व्यावसायिक कारोबारको क्षेत्रहरुमा बाहेक निकुञ्जभित्र कुनै व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचनापट, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु राख्न पाउने छैन ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

१३. बाजाहरु बजाउन नपाइने : निकुञ्जभित्र स्थापित होटल, लज र अन्य यस्तै स्थानहरुमा बाहेक अन्यत्र रेडियो, टेप, रेकर्ड वा सङ्गीतका यस्तै अन्य बाजाहरु बजाउन पाइने छैन ।

१४. फोहर मैला फाल्न नपाइने : कुनै पनि व्यक्तिले निकुञ्जभित्र फोहर मैला गर्न वा फाल्न हुँदैन ।

१५. विषालु पदार्थ फ्याक्न नपाइने : निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमका कीटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषालु पदार्थ फ्याँक्न वा निकुञ्ज भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुँदैन ।

१६. निकुञ्जभित्र सवारी चलाउँदा पालन गर्नु पर्ने शर्त : निकुञ्जभित्र सवारीको साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधीनमा रहेर मात्र सवारी चलाउनु पर्नेछ :-

(क) पाँच टनभन्दा बढी वजनको सवारी चलाउन पाइने छैन,

(ख) सवारीको साधन, पैदल यात्रु वा अन्य वस्तुहरुको आवागमनमा बाधा पर्ने गरी सवारी चलाउन वा अड्याई राख्न हुँदैन ।

(ग) तोकिएको गति भन्दा बढी रफ्तारमा सवारी चलाउन वा हर्न बजाउन हुँदैन ।

(घ) नियम १९ को उपनियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्तो बाटोबाट सवारी चलाउन हुँदैन ।

१७. इशारा सङ्केत मान्नु पर्ने : निकुञ्जको क्षेत्रभित्र सबै सवारी चालकले निकुञ्जको कर्मचारीले गरेको इशारा वा सङ्केतलाई वा त्यस्तो इशारा वा सङ्केत जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी चलाउनु पर्नेछ ।

१८. आवागमनमा प्रतिबन्ध : होटल, लज वा तोकिएको क्याम्प स्थानमा बाहेक संरक्षक (वार्डेन) को लिखित अनुमति बिना *सूर्यास्तदेखि सूर्योदयसम्म निकुञ्जभित्र पस्न, हिँडडुल गर्न हुँदैन ।

१९. बाटोको सुविधा : (१) निकुञ्जभित्र अनुसूची-५ मा तोकिए बमोजिमको बाटोबाट पैदल यात्रा गर्न वा सवारी साधन चलाउन सुविधा हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिमको बाटो संरक्षक (वार्डेन) ले चिन्हो लगाई तोकिदिएको ठाउँबाट मात्र उपयोग गर्नु पर्नेछ र संरक्षक (वार्डेन) को लिखित अनुमति बिना कुनै पनि अवस्थामा कुनै व्यक्तिले त्यस्तो बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा त्यस्तो कुनै बाटो बन्द गर्न संरक्षक (वार्डेन) ले उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गर्न सक्नेछ ।

२०. दस्तूर बुझाउनु पर्ने : (१) निकुञ्जभित्र देहायको काम कुरा गरे बापत अनुसूची-१ मा तोकिएको दस्तूर बुझाउनु पर्नेछः-

(क) सवारी चलाएकोमा,

(ख) क्याम्प गरेकोमा,

(ग) निकुञ्जको गाईडको सेवा उपलब्ध गरेकोमा,

(घ) घर पालुवा जन्तु आफ्नो साथ लगेकोमा,

⊕(ङ) खर खडई काट्न ।

(२) उपनियम (१) बमोजिम दस्तूर बुझाउने व्यक्तिलाई अनुसूची-४ बमोजिमको रसिद दिइनेछ ।

⊕(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियम ४ को उपनियम (३) बमोजिम निःशुल्क प्रवेशपत्र पाउने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोलीलाई सवारी चलाए बापत अनुसूची-१ बमोजिमको दस्तूर लाग्ने छैन ।

२१. सवारीको साधन वा वस्तु पक्राउ गरिने : यस नियमावली बमोजिम निकुञ्जभित्र सुविधा दिएको बाहेक अन्य बाटोबाट कुनै सवारीको साधन वा घर पालुवा जीवजन्तु हिँडाएको भेटिएमा संरक्षक (वार्डेन) ले तोकिदिएको दर्जाको निकुञ्जको कर्मचारीले पक्री सम्बन्धित अधिकारीको समक्ष कारबाहीको लागि बुझाउनेछ ।

२२. गिरफ्तार गर्न सकिने : (१) संरक्षक (वार्डेन) बाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक (असिष्टेन्ट वार्डेन), वन्यजन्तु गार्ड वा निकुञ्जका अन्य कर्मचारीहरुले

---

⊕ पहिलो संशोधनद्वारा थप ।

ऐनको बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा भने बिना वारेण्ट पनि अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सकिनेछ ।

२३. सरकारी कामको लागि निकुञ्जभित्र प्रवेशमा छूट : यस नियमावलीमा लेखिएको कुनै कुराले पनि राष्ट्रिय निकुञ्ज वा अन्य कुनै सरकारी कार्यालयका कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारबाही कार्यान्वयन गर्नको लागि निकुञ्जभित्र कुनै समयमा पनि प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

🗗२३क. अधिकार प्रत्यायोजन गर्न सक्ने : संरक्षकले नियम ४ को उपनियम (३) र नियम १८ बमोजिम आफूलाई प्राप्त अधिकार सहायक संरक्षक वा रेन्जरलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. अनुसुचीमा संशोधन गर्न सकिने : नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

*२५. मुद्दा हेर्ने अधिकारी : (१) ऐन र यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सहायक संरक्षक र निज नरहेकोमा रेन्जरलाई हुनेछ :-

(क) पाँचसय रुपैयाँसम्म मोल पर्ने वन पैदावार अनियमित ढङ्गबाट हटाएमा, काटेमा वा झिकेमा,
(ख) प्रवेशपत्र वा अनुमति नलिई निकुञ्जभित्र प्रवेश गरेमा,
(ग) घरपालुवा जीवजन्तु वा पन्छी निकुञ्जमा चराएमा वा पानी खुवाएमा,
(घ) छुट्याइएको क्याम्प, स्थान वा संरक्षकले (वार्डेन) तोकिदिएको स्थान बाहेक अन्यत्र रात बसेमा, क्याम्प गरेमा वा आगो बालेमा,

---

🗗 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) तोकिएको बाटो बाहेक अन्य ठाउँबाट घरपालुवा जीवजन्तु हिँडाएमा,

(च) नियम १० को बर्खिलाप माछा मारेमा,

(छ) नियम १२ को बर्खिलाप कुनै चिन्हपट, सूचनापट, विज्ञापन वा पोस्टरहरु राखेमा वा टाँसेमा,

(ज) नियम १३ को बर्खिलाप कुनै बाजा बजाएमा,

(झ) नियम १४ को बर्खिलाप फोहर मैला गरेमा,

(ञ) नियम १६ र १७ को बर्खिलाप हुने गरी सवारी चलाएमा,

(ट) सूर्यास्तदेखि सूर्योदयसम्म बिना अनुमति निकुञ्जभित्र प्रवेश गरेमा वा हिँडडुल गरेमा,

(ठ) नियम १९ को बर्खिलाप कुनै बाटो वा ठाउँबाट हिँडेमा ।

---

द्रष्टव्य : (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु “श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।

(२) राष्टि«य निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधन भएका शब्दहरु “शाही चितौन राष्ट्रिय निकुञ्ज” भन्ने श्ब्दहरुको सट्टा “चितवन राष्ट्रिय निकुञ्ज” ।

## ⌛अनुसूची-१
(नियम ४, १० र २० सँग सम्बन्धित)

दस्तुर

| क.सं. | विवरण | दस्तुर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क मुलुकका नागरिक | अन्य विदेशी नागरिक |
| (क) | राष्ट्रिय निकुञ्जको प्रवेश दस्तुर (प्रति व्यक्ति प्रति दिन)<br>(१० वर्ष मुनिका बालबालिकालाई प्रवेश दस्तुर लाग्ने छैन ।) | १००।- | ७५०।- | १,५००।- |
| (ख) | माछा मार्ने दस्तुर (बल्छिले मात्र प्रति व्यक्ति प्रति दिनको लागि) (परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय बोटे, दराई, कुमाल, थारु जातिका मानिसहरुलाई वार्षिक शुल्क रु. १००।- तिरी माछा मार्न पाउनेछन् ।) | २००।- | १,०००।- | २,०००।- |
| (ग) | क्याम्पिङ (बास बस्ने) दस्तुर (प्रति व्यक्ति प्रत्येक रातको) | २००।- | ७५०।- | १,५००।- |
| (घ) | निकुञ्जको नदी नालामा पर्यटक घुमाउन डुङ्गा वा र्‍याफ्टीङ चलाए वापत लाग्ने दस्तुर | | | |
| (१) | डुङ्गा (प्रति व्यक्ति प्रति ट्रिप) | २००।- | १,५००।- | २,०००।- |
| (२) | र्‍याफ्टीङ्ग (प्रति व्यक्ति प्रति ट्रिप) | १००।- | ८००।- | २,०००।- |
| (ङ) | खर खडाई, वनकस दस्तुर (प्रति पूर्जी) | २५।- | | |
| (च) | सवारी साधन दस्तुर (प्रति सवारी प्रति पटक) | | | |
| (१) | सुविधा प्राप्त बाटोको लागि | | | |
| | कार, जीप, ट्रक, बस, ट्रयाक्टर, लरी (५ टनसम्म) को लागि | ५०।- | | |
| | मोटरसाइकल, बयलगाडा र टाँगाको लागि | १०।- | | |
| (२) | व्यावसायिक जङ्गल ड्राइभ | | | |
| | कार | २,०००।- | | |
| | जीप | ४,०००।- | | |

⌛ मिति २०६९।३।४ मा नेपाल राजपत्रमा प्रकाशन गरी हेरफेर गरेको ।

| | | |
|---|---|---|
| | भ्यान | ५,०००।- |
| (३) | सुविधा प्राप्त बाटो बाहेक अन्य बाटोको लागि मोटर इन्जिन जडान भएको सवारी साधनको लागि | ५००।- |
| (४) | हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि | ५,०००।- |
| (५) | निजी हात्ती प्रवेश | २,५००।- |
| (छ) | तालीम प्राप्त पञ्जीकृत गाइडले निकुञ्जभित्र गाइड सेवा उपलब्ध गराए वापत प्रति गाइड प्रति वर्ष गाइड शुल्क वापत | १,०००।- |
| ➜(ज) | भरतपुर महानगरपालिका, माडी नगरपालिका र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बस्ने ठोरी र निर्मलबस्तीका स्थानीय बासिन्दाहरुको आगमनमा प्रयोग हुने सार्वजनिक, निजी र आकस्मिक सेवाका सवारी साधनमा अनुसूची-१ को खण्ड (च) को देहाय (१) मा उल्लिखित दस्तुर लाग्ने छैन । | |

द्रष्टव्य:

(क) रीत पूर्वकको प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजादा दस्तुर लाग्ने छैन ।

(ग) खर खडाई पूर्जीको म्याद तीन दिनको हुनेछ ।

(घ) गाइड शुल्क बुझाउने गाइडलाई निकुञ्ज प्रवेश दस्तुर लाग्ने छैन ।

(ङ) व्यावसायिक जङ्गल ड्राइभमा प्रयोग गरिने सवारी साधनमा देहायको संख्या भन्दा बढी पर्यटक राख्न पाइने छैन :-

(क) कार - ४ जना

(ख) जीप - १० जना

(ग) भ्यान - १५ जना

(च) प्रवेशपत्र वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तुरमा शत प्रतिशत अतिरिक्त दस्तुर लिई प्रवेशको अनुमति दिइनेछ ।

(छ) निजी हात्तीको प्रवेश अवधि १ घण्टाको हुनेछ ।

---

➜ मिति २०७४।७।२३ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

## *अनुसूची-२

(नियम ४ (१) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चितवन राष्ट्रिय निकुञ्ज

### प्रवेशपत्र

सि.नं.:-........

मिति:-..........

१. प्रवेशपत्र लिने व्यक्तिको नाम, थर, वतन :-

२. नागरिकत ा:-

३. प्रवेशद्वार :-

४. प्रवेश दस्तूर :-

५. प्रवेशपत्र प्रदान गरेको मिति :-

-----------------

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य :

१. प्रवेशपत्र हस्तान्तरण गर्न पाइने छैन ।

२. निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को पालना गर्नु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

⊡अनुसूची-२क.

(नियम ४ (३) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चितवन राष्ट्रिय निकुञ्ज

<u>निःशुल्क प्रवेशपत्र</u>

सि.नं. ......

मितिः-.......

१. प्रवेशपत्र लिने व्यक्ति वा संस्थाको नाम र ठेगानाः-

२. प्रवेश गर्ने व्यक्तिको संख्याः-

३. प्रवेशद्वारः-

४. प्रवेश गर्नाको उद्देश्यः-

५. गाडी नं.:-

६. प्रवेशपत्र बहाल रहने अवधिः-

-----------------

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

⊡ पहिलो संशोधनद्वारा थप ।

अनुसूची-३

(नियम १० सँग सम्बन्धित)

नेपाल सरकार

वन मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय

चितवन राष्ट्रिय निकुञ्ज

<u>अनुमतिपत्र</u>

सि.नं. ..........

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम, थर: ......................

२. अनुमतिपत्र प्राप्त व्यक्तिको ठेगाना: ........................

(क) स्थायी: ....................................

(ख) अस्थायी: ..................................

३. अनुमतिपत्र प्राप्त व्यक्तिको नागरिकता: .............................

४. माछा मार्न पाइने खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा हिस्साको विवरण: ...................................................

५. अनुमतिपत्र बहाल रहने दिन वा अवधि: ............................

६. अनुमतिपत्र बापत बुझाएको दस्तूर: ................................

अनुमतिपत्र प्रदान गर्ने
अधिकारीको दस्तखत:.......

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको
दर्जा: ..........

मिति:..........

---

<u>द्रष्टव्य</u> : यो अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले संरक्षक (वार्डेन) वा सो कामको निमित्त नेपाल सरकारले तोकेको कर्मचारीले तोकेको शर्तको अधीनमा रही माछा मार्नु पर्नेछ ।

अनुसूची-४

(नियम २० सँग सम्बन्धित)

नेपाल सरकार

वन मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय

चितवन राष्ट्रिय निकुञ्ज

सवारी, घर पालुवा जीवजन्तुको दस्तूर बुझाएको रसिद

नाम र थर :- ................................ वतन :-............................

सवारी/घर पालुवा जीवजन्तुको किसिम :- ......................................

सवारी नम्बर :-..................................................................

दस्तूर :-...........................................................................

बुझाउनेको सही :-............................

दस्तूर बुझिलिनेको सही ............

---

द्रष्टव्य: (१) यो रसिद आफूले राष्ट्रिय निकुञ्जको क्षेत्र छाड्ने ठाउँको तगारो वा चौकीमा बुझाउनु पर्छ ।

(२) सवारी चलाउने वा घर पाल्तु जीवजन्तु निकुञ्जको भित्रबाट लैजाने व्यक्तिले चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को पालना गर्नु पर्नेछ ।

## अनुसूची-५

(नियम १९ सँग सम्बन्धित)

(क) सवारी साधन र पैदल यात्रुको लागि बाटोहरु :-

(१) सोराह ............................... जयमङ्गला,

(२) घटगाई ............................... पौवा,

➤(३) कसरा पुल देखि ध्रुवघाट ............. वनकट्टा,

(४) भोसरघाट .............................. लोखानी,

➔(५) माडीको बगाई देखि अमुवा ........... ठोरी

(ख) पैदल यात्रुको लागि मात्र :-

भीमपुर ............................ सिस्नेठाँटी ............... अमुवा।

---

➤ मिति २०७४।७।२३ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित।

➔ मिति २०७४।७।२३ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप।

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३०।११।२८

संशोधन

| | |
|---|---|
| १. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पहिलो संशोधन) नियमावली, २०३२ | २०३२।२।१ |
| २. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) नियमावली, २०३५ | २०३५।१०।८ |
| ३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) नियमावली, २०४२ | २०४२।६।२१ |
| ४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० | २०७०।१।३० |
| ५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (चौथो संशोधन) नियमावली, २०७४ | २०७४।२।४ |

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले ▶विभागको अधिकृत सम्झनु पर्छ ।

(ग) "संरक्षक (वार्डेन)" भन्नाले राष्ट्रिय निकुञ्ज वा आरक्षको प्रशासनको मुख्य अभिभारा भएको नेपाल सरकारको अधिकृत सम्झनु पर्छ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(घ) "अनुज्ञापत्र (लाइसेन्स)" भन्नाले यस नियमावली बमोजिम प्रदान गरिने कुनै किसिमको अनुज्ञापत्र (लाइसेन्स) सम्झनु पर्छ ।

(ङ) "इजाजतपत्र (पर्मिट)" भन्नाले यस नियमावली बमोजिम प्रदान गरिने कुनै किसिमको इजाजतपत्र (पर्मिट) सम्झनु पर्छ ।

❖(च) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

❖(छ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

## परिच्छेद-२

## राष्ट्रिय निकुञ्ज तथा आरक्ष सम्बन्धी व्यवस्था

३. निकुञ्ज वा आरक्षभित्र सञ्चालन गरिने सेवा : (१) ऐनको दफा ६ बमोजिमको कुनै सेवा सुविधा नेपाल सरकारले कसैबाट सञ्चालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा सञ्चालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्ड टेण्डर दिनको लागि कम्तिमा पैंतीस दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नुपर्छ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नु पर्ने कार्यालय वा अधिकृत र टेण्डर खोलिने समय समेत तोक्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरु रीतपूर्वकको नभए वा सन्तोषप्रद नभएको भन्ने नेपाल सरकारलाई लागेमा अर्को टेण्डर माग गर्नको लागि पुन: सूचना प्रकाशित गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पेश भएको टेण्डर मध्ये नेपाल सरकारलाई सबैभन्दा बढी राजश्व (रोयल्टी) कबूल गर्नेको स्वीकार गर्नु पर्छ ।

तर कुनै खास अवस्थामा कम्ती राजश्व (रोयल्टी) कबूल गर्नेको टेण्डर पनि स्वीकार गर्न सकिनेछ र त्यस्तोमा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नु पर्छ ।

(४) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कुनै सेवा वा सुविधा सञ्चालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा सञ्चालन गर्ने

---

❖ चौथो संशोधनद्वारा थप ।

सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी नेपाल सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

४. संनियमित प्राकृतिक आरक्षमा प्रवेश : (१) काजमा खटिएका सरकारी कर्मचारी बाहेक अन्य कुनै व्यक्तिले प्रमुखको लिखित अनुमति प्राप्त नगरी संनियमित प्राकृतिक आरक्षमा प्रवेश गर्न पाउने छैन र साधारणतया त्यस्तो इजाजतपत्र (पर्मिट) वैज्ञानिक अनुसन्धानको लागि मात्र दिइनेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नु पर्ने शर्त र त्यस्तो इजाजतपत्र बहाल रहने अवधि सोही इजाजतपत्रमा तोकिए बमोजिमको हुनेछ ।

## परिच्छेद-३

## शिकार सम्बन्धी व्यवस्था

५. शिकार गर्न नहुने : कुनै व्यक्तिले अनुज्ञापत्र (लाइसेन्स) प्राप्त गरेर पनि देहायका अवस्थामा कुनै वन्यजन्तु वा पक्षीहरुको शिकार गर्न हुँदैन :-

(क) गर्भिणी वा कलिलो बच्चा साथमा रहेको पोथी भएमा,

(ख) शिकार बन्द समयमा,

(ग) रातको समयमा ।

स्पष्टिकरण : यस नियमको प्रयोजनको लागि “रातको समय” भन्नाले सूर्यास्तको आधा घण्टा पछिदेखि सूर्योदय हुनुभन्दा आधा घण्टा अगाडिसम्मको समयलाई जनाउँछ ।

६. शिकार गर्न निषेध गरिएको तरिकाहरु : (१) प्रमुखको लिखित आदेश नभई कुनै पनि व्यक्तिले देहायको तरिकाबाट वन्यजन्तु वा पक्षीको शिकार गर्न हुँदैन :-

(क) पानी पिउने घाट वा नून वा माटो चाट्ने वा आहाल बस्ने ठाउँमा ढुकेर,
(ख) कुनै किसिमको दर्जन, दामल, जाल, धराप, खोर वा पासो थापेर,
(ग) विष वा लट्ठाउने औषधि खुवाएर,
(घ) विषयुक्त हातहतियार प्रयोग गरेर,
(ङ) पात बजाएर वा कृत्रिम बोलिले बोलाएर वा कुनै किसिमको बाजा वा टेपरेकर्ड बजाएर,
(च) गुँड वा मादमा ढुकी बसेर,

(छ) राँको वा बत्तीहरु देखाएर,

(ज) मचान वा जनावर झुक्याउने गरी लुक्ने ठाउँ बनाएर,

(झ) मोटरकार, जीप, ट्रक, गाडा, ट्याक्टर, हवाई जहाज, हेलिकोप्टरमा चढेर,

(ञ) शिकार गर्ने उद्देश्यले कुनै किसिमको घाँसमा वा जङ्गलमा आगो लगाएर,

(ट) कुनै वन्यजन्तुको शिकारमा कुकुरको मद्दत लिएर र पक्षीको शिकारको हकमा घर पालुवा चराको मद्दत लिएर ।

(२) बौलाएको हात्ती वा मान्छे खाने (म्यानइटर) बाघ वा चितुवालाई मार्नु पर्दा उपनियम (१) को खण्ड (ञ) बाहेक अन्य कुनै तरिका अपनाउन सकिनेछ ।

७. <u>शिकार गर्दा प्रयोगमा ल्याउन नहुने हातहतियार र खरखजाना</u> : देहाय बमोजिम शिकार गर्दा देहायको हातहतियार र खरखजाना प्रयोग गर्न पाइने छैन :-

(क) सबै किसिमको शिकार गर्दा :

(१) स्वचालित (अटोमेटिक)राइफल वा एक चोटी ट्रीगर तान्दा एक भन्दा बढी गोली एकै पटक जाने जुनसुकै किसिमको हतियार,

(२) विषयुक्त पदार्थ वा बम पड्कने खरखजाना,

(३) साइलेन्सर जडान भएको बन्दूक ।

(ख) चौघडा र सो सरहको जन्तु वा पक्षीहरु बाहेक अन्य वन्यजन्तुको शिकार गर्दा :

(१) ►<u>२२</u> बोर रिम फायर राइफल,

(२) हवाई बन्दूक (एअरगन) वा कार्वोनडाईअक्साइड बन्दूक,

(३) सबै किसिमको पेस्तोल वा रिभल्वर,

(ग) लगुना, रातो मृग, घोरल, बनेल र पक्षीहरु बाहेक अन्य कुनै किसिमका वन्यजन्तुको शिकार गर्दा :

---

► तेस्रो संशोधनद्वारा संशोधित ।

(१) जुनसुकै किसिमको छर्रावाल बन्दुक (शटगन),

(२) भरुवा बन्दूक,

(३) ▶२२ बोरभन्दा सानो बोर वा सोभन्दा कम शक्तिको राइफल ।

परिच्छेद-४

शिकार अनुज्ञापत्र (लाइसेन्स) र अन्य इजाजतपत्र (पर्मिट) सम्बन्धी व्यवस्था

८. शिकार अनुज्ञापत्र (लाइसेन्स) का किसिमहरु : शिकार अनुज्ञापत्र देहाय बमोजिम चार किसिमका हुनेछन् :-

(क) जिल्ला शिकार अनुज्ञापत्र,

(ख) सामान्य शिकार अनुज्ञापत्र,

(ग) पूरक शिकार अनुज्ञापत्र,

(घ) पक्षी शिकार अनुज्ञापत्र ।

९. जिल्ला शिकार अनुज्ञापत्र (लाइसेन्स) : ▶(१) जिल्ला शिकार अनुज्ञापत्र अनुसूची-१ बमोजिमको दस्तूर लिई नेपाली नागरिकलाई मात्र दिन सकिनेछ । सो अनुज्ञापत्र दश दिनसम्म बहाल रहने गरी जिल्ला वन कार्यालयले दिन सक्नेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा तोकिएको इलाकामा देहायका वन्यजन्तुहरु र पक्षीहरु देहायको अधिकतम संख्यामा नबढाई वन्यजन्तुको हकमा जम्मा तीनवटासम्म र पक्षीको हकमा जम्मा दशवटासम्म शिकार गर्न पाउनेछ ।

| वन्यजन्तु र पक्षीहरुको नाम : | | | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तु र पक्षीहरुको अधिकतम संख्या :- |
|---|---|---|---|
| (१) | स्तनधारी : | | |
| | (क) रातो मृग | - | १ |
| | (ख) चित्तल | - | १ |
| | (ग) बनेल | - | २ |
| | (घ) चौघडा | - | ३ |
| (२) | पक्षीहरु : | | |
| | (क) मुजूर | - | १ |

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

| | | | |
|---|---|---|---|
| (ख) | कालिज | - | ३ |
| (ग) | लुईचे | - | ५ |
| (घ) | तित्रा, च्याखुरा | - | १० |
| (ङ) | पानी हाँस | - | १० |

तर कुनै पनि दिनमा तीनवटा भन्दा बढी पक्षीहरु मार्न पाइने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि जिल्ला शिकार अनुज्ञापत्र एकै व्यक्तिलाई एक वर्षमा एक पटक भन्दा बढी दिइने छैन र त्यसको म्यादभित्र शिकार गरे पनि नगरे पनि सो अनुज्ञापत्रको म्याद थप हुने छैन ।

▶१०. सामान्य शिकार अनुज्ञापत्र : सामान्य शिकार अनुज्ञापत्र अनुसूची-१ बमोजिमको दस्तूर लिई नेपाली र विदेशी नागरिकलाई महाभारत श्रृंखलादेखि दक्षिण सीमाक्षेत्रसम्म पन्ध्रदिन वा महाभारत श्रृंखलादेखि उत्तर सीमाक्षेत्रसम्म एक्काइस दिनसम्म बहाल रहने गरी दिन सकिनेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा लेखिएको जिल्ला वा क्षेत्रमा देहायका वन्यजन्तुहरु र पक्षीहरु देहायको अधिकतम संख्यामा नबढाई वन्यजन्तुको हकमा जम्मा चारवटासम्म र पक्षीहरुको हकमा जम्मा दशवटासम्म शिकार गर्न पाउनेछ :-

(१) वन्यजन्तुको नाम : शिकार गर्न पाईने प्रत्येक वन्यजन्तुको अधिकतम संख्या :

| | | | |
|---|---|---|---|
| (क) | रातो मृग | - | १ |
| (ख) | चित्तल | - | २ |
| (ग) | लगुना | - | १ |
| (घ) | घोड गधा | - | १ |
| (ङ) | बनेल | - | २ |
| (च) | चौघडा | - | ४ |

(२) पक्षीहरुको नाम : शिकार गर्न पाइने प्रत्येक पक्षीको अधिकतम संख्या :

| | | | |
|---|---|---|---|
| (क) | मुजूर | - | २ |
| (ख) | कालिज | - | ४ |
| (ग) | लुईचे | - | १० |
| (घ) | च्याखुरा र तित्रा | - | १० |

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

| | | | |
|---|---|---|---|
| (ङ) | पानी हाँस र चखेवा | - | १० |
| (च) | ढुकुर, परेवा, हलेसो | - | १० |
| (छ) | बट्टाई | - | १० |
| (ज) | चाहा | - | १० |

तर कुनै पनि दिनमा चाहा र बट्टाई बाहेक अन्य पक्षीहरु पाँचवटा भन्दा बढी मार्न पाइने छैन । चाहा र बट्टाईको हकमा एक दिनमा बढीमा दशवटासम्म शिकार गर्न सकिनेछ ।

▶११. पूरक शिकार अनुज्ञापत्र : सामान्य शिकार अनुज्ञापत्र प्राप्त व्यक्तिलाई सो अनुज्ञापत्रमा तोकिएको ठाउँ र म्यादभित्र शिकार गर्ने गरी अनुसूची-१ बमोजिम लाग्ने दस्तूर बुझाएमा देहायका वन्यजन्तु देहाय बमोजिमको संख्यामा शिकार गर्न पूरक शिकार अनुज्ञापत्र दिन सकिनेछ :-

| | वन्यजन्तुको नाम : | | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तुको अधिकतम संख्या : |
|---|---|---|---|
| (क) | नाउर | - | २ |
| (ख) | जरायो | - | १ |
| (ग) | चितुवा | - | १ |
| (घ) | भालु (हिमालयन बियर) | - | १ |
| (ङ) | भालु (स्थल बियर) | - | १ |
| (च) | थार | - | १ |
| (छ) | झारल | - | १ |
| (ज) | घोरल | - | १ |
| (झ) | चित्तल | - | २ |
| (ञ) | बनेल | - | २ |

१२. पक्षी शिकार अनुज्ञापत्र (लाइसेन्स) : यो अनुज्ञापत्र शिकार खुला समय (सिजन) भरको लागि बहाल रहने गरी नेपाली र विदेशी नागरिकलाई ■अनुसूची-१ बमोजिमको दस्तूर लिई दिन सकिनेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

गर्ने व्यक्तिले देहायमा लेखिएका पक्षीहरुको हकमा एक दिनमा पाँचमा नबढाई शिकार गर्न पाउनेछ । चाहा र बट्टाईको हकमा एक दिनमा दशवटासम्म शिकार गर्न सकिनेछ :-

| पक्षीहरुको नाम : | | शिकार गर्न पाइने प्रत्येक पक्षीको अधिकतम संख्या : |
|---|---|---|
| (१) | मुजूर | ४ |
| (२) | कालिज | २ |
| (३) | तित्रा | जतिसुकै पनि |
| (४) | लुइँचे | ,, |
| (५) | बट्टाई | ,, |
| (६) | पानी हाँस र चखेवा | ,, |
| (७) | परेवा, हलेसो, ढुकुर | ,, |
| (८) | चाहा | ,, |
| (९) | च्याखुरा | ,, |

१३. शिकार अनुज्ञापत्र (लाइसेन्स) दिने अधिकारी : (१) जिल्ला शिकार अनुज्ञापत्र बाहेक नियम १०, ११ र १२ बमोजिमको अनुज्ञापत्र प्रमुख वा सो कामको लागि नेपाल सरकारले तोकेको कुनै अधिकृतले दिन सक्नेछ ।

(२) कुनै किसिमको शिकार अनुज्ञापत्रको लागि दरखास्त दिने व्यक्तिसँग शिकार गर्न चाहेको वन्यजन्तु वा पक्षीहरु मार्न प्रयोग गरिने हातहतियारको प्रचलित नेपाल कानून बमोजिम रीतपूर्वक इजाजतपत्र भएमा मात्र अनुज्ञापत्र दिइनेछ ।

(३) कुनै वर्ष शिकार आरक्षमा मार्न पाउने वन्यजन्तुको वार्षिक भाग (कोटा) प्रमुखले निश्चित गर्नेछ र त्यसरी निश्चित गरेको भाग (कोटा) मा नबढ्ने गरी मात्र शिकार अनुज्ञापत्र दिइनेछ ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वन्यजन्तु पक्षीको उचित संरक्षणको निमित्त आवश्यक परेमा नेपाल सरकारले कुनै जिल्ला, शिकार आरक्ष वा अन्य कुनै क्षेत्रमा शिकार गर्न दिने वन्यजन्तु वा पक्षीको संख्या घटाउन वा त्यस्तो अनुज्ञापत्र दिने काम स्थगित गर्न सक्नेछ ।

१४. अनुज्ञापत्र (लाइसेन्स) बेगर शिकारमा मद्दत गर्न नहुने : नियम १५ वा १६ बमोजिमको अनुज्ञापत्र (लाईसेन्स) प्राप्त नगरी कुनै पनि व्यक्तिले ज्याला, इनाम वा भाडा लिने गरी कुनै व्यक्तिलाई पेशेवार शिकारीको हैसियतले शिकारमा मद्दत गर्न वा शिकारी भई वन्यजन्तु वा पक्षी देखाउन पाउने छैन ।

१५. पेशेवार शिकारी अनुज्ञापत्र : (१) नेपाल ◎....... को पहाडी र तराई दुवै क्षेत्रमा लामो अवधिदेखि शिकार र यात्रा अभियान दलहरुको निमित्त आवश्यक सरसामानहरु समेत व्यवस्था गर्नमा अनुभवी तथा ऐन र सो ऐन अन्तर्गत बनेको नियमहरुको जानकारी भएको व्यक्तिलाई प्रमुखले ■अनुसूची-१ बमोजिमको दस्तूर लिई पेशेवार शिकारीको अनुज्ञापत्र दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुज्ञापत्र जारी भएको मितिले एक वर्षसम्म बहाल रहनेछ । यस किसिमको अनुज्ञापत्र लिन चाहने व्यक्तिले दरखास्त दिँदा सम्बन्धित काम गर्न सक्ने क्षमता र आफ्नो आर्थिकस्तर देखिने अन्य प्रमाणहरु पेश गर्नु पर्नेछ ।

(३) प्रमुखले आवश्यक सम्झेमा उपनियम (१) बमोजिम अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नु पर्ने थप शर्त र बन्देज तोकिदिन सक्नेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आत्मरक्षा वा शिकार अनुज्ञापत्र प्राप्त गर्नेले घाइते बनाएको वन्यजन्तुलाई भाग्नबाट रोक्नको लागि बाहेक अन्य कुनै अवस्थामा पनि कुनै वन्यजन्तुको शिकार गर्न पाउने छैन ।

१६. शिकार गाइड अनुज्ञापत्र (लाइसेन्स) : ▶(१) सम्बन्धित जिल्ला वन नियन्त्रकले देहायको आधारमा कुनै व्यक्तिलाई अनुसूची-१ बमोजिमको दस्तूर लिई शिकार गाईडको अनुज्ञापत्र दिन सक्नेछ र त्यसरी शिकार गाईडको अनुज्ञापत्र दिने अधिकारीले त्यस्तो अनुज्ञापत्रको एकप्रति प्रमुख कहाँ पठाउनु पर्नेछ :-

(क) दरखास्तवाला आफूले काम गर्न चाहेको क्षेत्रभित्रको वन्यजन्तु वा पक्षी शिकारसित परिचित छ भन्ने लागेमा,

(ख) दरखास्तवाला ऐन र ऐन अन्तर्गत बनेका नियमहरुको जानकार हुनुका साथै शिकार गाईडको काम गर्न सक्षम छ भन्ने लागेमा ।

---

◎ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम शिकार गाईड अनुज्ञापत्र प्राप्त व्यक्तिले अनुज्ञापत्रमा तोकिएको जिल्ला वा जिल्लाहरुमा मात्र शिकारीहरुलाई गाइड गर्ने काम गर्न पाउनेछ ।

(३) प्रमुखले वा नेपाल सरकारले सो कामको लागि तोकिदिएको कुनै अधिकृतले आवश्यक देखेमा उपनियम (१) बमोजिम शिकार गाइड अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नु पर्ने थप शर्त र बन्देजहरु तोकिदिन सक्नेछ र यस्तो अनुज्ञापत्र प्राप्त व्यक्तिले आत्मरक्षा र शिकार अनुज्ञापत्र प्राप्त गर्नेले घाईते बनाएको वन्यजन्तुलाई भाग्नबाट रोक्नको लागि बाहेक कुनै अवस्थामा पनि कुनै वन्यजन्तुको शिकार गर्न पाउने छैन ।

१७. एकभन्दा बढी शिकार अनुज्ञापत्र (लाईसेन्स) नदिइने : कुनै पनि व्यक्तिलाई एकभन्दा बढी शिकार अनुज्ञापत्र एकैसाथ दिइने छैन ।

तर नियम ११ अनुसार पूरक शिकार अनुज्ञापत्र र नियम १२ अनुसार पक्षी शिकार अनुज्ञापत्र लिनलाई यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

१८. अनुज्ञापत्र, वन्यजन्तु, आखेटोपहार वा हातहतियार देखाउन पर्ने : अनुज्ञापत्र प्राप्त व्यक्तिले शिकार गर्न जाँदा आफूले पाएको अनुज्ञापत्र साथमा राख्नु पर्नेछ र राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष वा अन्य वन कार्यालयका कर्मचारीहरु मध्ये नेपाल सरकारले तोकेको दर्जासम्मको कर्मचारीले कुनै व्यक्तिको साथमा रहेको शिकार रजिष्टर, मारिएको वा पक्रिएको वन्यजन्तु वा पक्षी आखेटोपहार वा हातहतियार हेर्न चाहेमा देखाउनु पर्नेछ ।

१९. अनुज्ञापत्र (लाईसेन्स) हस्तान्तरण नहुने : अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आफूले प्राप्त गरेको अनुज्ञापत्र कुनै पनि तरिकाबाट कसैलाई हस्तान्तरण गर्न हुँदैन ।

२०. अनुज्ञापत्र (लाईसेन्स) फिर्ता गर्नु पर्ने : कुनै अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आफूले पाएको अनुज्ञापत्रको म्याद नाघेको पैँतीस दिनभित्र शिकार रजिष्टरको साथै त्यस्तो अनुज्ञापत्र फिर्ता गर्नु पर्नेछ । जिल्ला शिकार अनुज्ञापत्र जहाँबाट प्राप्त गरिएको हो सोही ठाउँमा र अन्य किसिमका अनुज्ञापत्र (लाईसेन्स) विभाग वा जहाँबाट प्राप्त गरिएको हो सोही ठाउँमा फिर्ता गर्नु पर्नेछ ।

▶२१. शिकार आरक्षमा क्षेत्र (ब्लक) सुरक्षण इजाजतपत्र : प्रमुखले वा नेपाल सरकारले सो कामको लागि तोकेको कुनै अधिकृतले जिल्ला शिकार अनुज्ञापत्र वा सामान्य शिकार अनुज्ञापत्र प्राप्त गरेका व्यक्तिलाई शिकार आरक्षभित्र शिकार गर्न अनुसुची-१ बमोजिमको दस्तूर लिई क्षेत्र (ब्लक) सुरक्षण

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

इजाजतपत्र दिन सक्नेछ । नेपाली नागरिकको नाममा क्षेत्र (ब्लक) सुरक्षण गरी विदेशीलाई शिकार खेल्न दिन वा खेलाउन सहयोग गर्न समेत हुँदैन ।

२२. नमूना सङ्कलन गर्न वा वन्यजन्तु र पक्षीहरु पक्रन वा शिकार गर्न इजाजतपत्र लिनु पर्ने : (१) वैज्ञानिक अनुसन्धानको लागि कुनै वन्यजन्तु वा पक्षी पक्रन वा शिकार गर्न वा अरु कुनै कीट-किटाणु माछा वा कुनै प्राकृतिक उपज सङ्कलन गर्न चाहने व्यक्तिले प्रमुख समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्ति ▶कुनै मान्यता प्राप्त अध्ययन संस्थान वा चिडियाखाना वा वैज्ञानिक अनुसन्धानशालाको अधिकारी भएमा र त्यस्तो व्यक्तिले देहाय बमोजिम गरी पक्रन वा रेखदेख गर्न सक्छ भन्ने विश्वास भएमा ऐनको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु वा पक्षी बाहेक अरुको हकमा अनुसूची-२ बमोजिमको दस्तूर लिएर प्रमुखले सम्बन्धित वन्यजन्तु पक्षीको शिकार गर्न वा कीट-किटाणु पक्रन इजाजतपत्र दिन सक्नेछ :-

(क) दरखास्तवालाले सम्बन्धित वन्यजन्तु पक्षी वा कीट-किटाणु पक्रने वा सङ्कलन गर्ने कार्यको आफैं उपस्थित भई वा सो काममा दक्ष प्रतिनिधि पठाई सुपरिवेक्षण गर्ने भएमा,

(ख) सम्बन्धित वन्यजन्तु वा पक्षी पक्रने तरिका मनासिब तथा जरुरत भन्दा बढी दुःख नदिने किसिमको भएमा,

(ग) पक्रेको वन्यजन्तु वा पक्षीहरुको उचित रेखदेख वा वसार-पसार गर्न सक्ने क्षमता भएमा ।

(३) उपनियम (२) बमोजिम दिइने इजाजतपत्रको म्याद साधारणतया तीन महिनाको हुनेछ । प्रमुखले मुनासिब देखेमा थप म्याद दिन सक्नेछ र यसरी म्याद थप्दा थप शर्त समेत तोक्न सक्नेछ ।

२३. वन्यजन्तु र पक्षी पक्रने दस्तूर : नियम २२ बमोजिम वन्यजन्तु र पक्षी वा कीट-किटाणु पक्रँदा लाग्ने दस्तूर अनुसुची-२ मा उल्लेख भए बमोजिम हुनेछ र त्यस्तो दस्तूर देहाय बमोजिम गरी बुझाउन सकिनेछ :-

(क) लाग्ने दस्तूर पूरै वा त्यसको पचास प्रतिशत शुरुमा र पचास प्रतिशत सम्बन्धित वन्यजन्तु वा पक्षीहरु पक्रेपछि बुझाउने गरी प्रमुखले दरखास्तवालासँग असूल उपर गर्न सक्नेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(ख) कुनै वन्यजन्तु वा पक्षीहरु पक्रने बखतमा वा पक्री सकेपछि मर्न गएमा इजाजतपत्र प्राप्त व्यक्तिले पक्रन पाएको इजाजतपत्रको संख्यामै गिन्ती हुनेछ र तिनको निमित्त लाग्ने दस्तूर समेत बुझाउनु पर्नेछ ।

(ग) कुनै वन्यजन्तु वा पक्षीहरु पक्रन इजाजतपत्र प्राप्त व्यक्तिले कुनै वन्यजन्तु पक्रन सकेन वा सो पक्रने सिलसिलामा कुनै वन्यजन्तु वा पक्षी मर्न वा घाइते हुन पाएको छैन भन्ने प्रमुखलाई लागेमा इजाजतपत्र प्राप्त व्यक्तिले बुझाउनु पर्ने दस्तूरको पचहत्तर प्रतिशतसम्म रकम फिर्ता गरिदिनेछ ।

२४. अनुज्ञापत्र र इजाजतपत्रको लागि दिइने दरखास्त, त्यसको ढाँचा र दस्तूर : (१) यस नियमावली बमोजिम दिइने अनुज्ञापत्र (लाइसेन्स) र इजाजतपत्र (पर्मिट) को ढाँचा अनुसूची-५, ७, ९, ११ बमोजिमको र तिनीहरु प्राप्त गर्नको लागि दिइने दरखास्तको ढाँचा अनुसूची-३, ४, ६, ८, १० बमोजिमको हुनेछ । शिकार अनुज्ञापत्र र शिकार गाइड अनुज्ञापत्रको निमित्त दरखास्त दिने व्यक्तिले आफ्नो हालसालै खिचेको दुईप्रति फोटो समेत पेश गर्नु पर्छ ।

(२) उपनियम (१) बमेजिम अनुज्ञापत्र (लाइसेन्स) वा इजाजतपत्र (पर्मिट) प्राप्त गर्ने व्यक्तिले अनुसूची-१ बमोजिम लाग्ने दस्तूर बुझाउनु पर्नेछ ।

२५. विदेशी नागरिकलाई शिकार अनुज्ञापत्र दिने बारे : विदेशी नागरिकलाई कुनै किसिमको शिकार अनुज्ञापत्र दिँदा पेशेवार शिकारी अनुज्ञापत्र प्राप्त व्यक्तिको साथमा मात्र शिकार गर्न जान पाउने गरी शर्त तोक्न सकिनेछ ।

तर कुनै विदेशी नागरिक पेशेवार शिकारीको मद्दत विना शिकार गर्न सक्ने क्षमता भएको छ र निज ऐन र ऐन अन्तर्गत बनेको नियमहरुसित साधारणतया परिचित छ भन्ने कुरा अनुज्ञापत्र (लाईसेन्स) दिने अधिकारीलाई लागेमा पेशेवार शिकारी साथमा नलिएर पनि शिकार गर्न जान पाउने गरी छूट दिन सक्नेछ ।

२६. अनुज्ञापत्र निलम्बन गर्न सकिने : यस नियमावली अन्तर्गत प्रदान गरिएको अनुज्ञापत्र वा इजाजतपत्र बर्खिलाप कसूर भएकोमा त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारबाही गर्दा सम्बन्धित मुद्दा हेर्ने अधिकारीले नेपाल सरकार समक्ष जाहेर गरी निकासा भई नआएसम्म त्यस्तो कसूर गर्ने व्यक्तिले प्राप्त गरेको अनुज्ञापत्र वा इजाजतपत्रलाई निलम्बन गर्ने गरी आदेश दिन सक्नेछ ।

२७. अनुज्ञापत्रको नक्कल दिन सकिने : प्रमुख वा नेपाल सरकारले सो कामको लागि तोकेको कुनै अधिकृतले मनासिब सम्झेमा कुनै अनुज्ञापत्र वा इजाजतपत्र हराएमा वा अरु कुनै प्रकारले नष्ट भएमा अनुसूची-१ बमोजिम लाग्ने दस्तूर लिई त्यस्तो अनुज्ञापत्र वा इजाजतपत्रको प्रतिलिपि (डुप्लिकेट) दिन सक्नेछ । यस्तो प्रतिलिपि स्वरुप प्रदान गरिएको अनुज्ञापत्र (लाईसेन्स) र

इजाजतपत्रको म्याद सक्कल अनुज्ञापत्र वा इजाजतपत्रको बाँकी अवधिसम्मको लागि मात्र हुनेछ ।

परिच्छेद-५

विविध

२८. शिकार रजिष्टर : प्रत्येक शिकार अनुज्ञापत्रको साथ एक शिकार रजिष्टर पनि हुनेछ जसमा अनुज्ञापत्र प्राप्त व्यक्तिले शिकारको सिलसिलामा घाइते गरेको वा मारेको सबै वन्यजन्तु र पक्षीहरुको पूर्णतया ठीक-ठीक अभिलेख (रेकर्ड) राख्नु पर्नेछ । जन्तु वा पक्षीहरु मारेको बाह्र घण्टाभित्र वा शिकार आरक्ष छाड्नु अगावै नमेटिने पक्का मसीमा प्रत्येक वन्यजन्तु वा पक्षी मारेको ठाउँ, मिति, जात, भाले, पोथी (वन्यजन्तुको लागि मात्र) प्रष्ट बुझ्ने गरी अनुसूची-१२ बमोजिम शिकार रजिष्टरमा लेख्नुपर्छ ।

२९. तोकिएको किसिमको वा संख्या भन्दा बढी वन्यजन्तु मरेमा बुझाउनु पर्ने : कुनै व्यक्तिले शिकार गर्दा भवितव्य परी आफूले प्राप्त गरेको अनुज्ञापत्र बमोजिम शिकार गर्न पाउने किसिम भन्दा भिन्दै किसिमको वा शिकार गर्न पाउने संख्या भन्दा बढी संख्यामा कुनै वन्यजन्तु वा पक्षी मर्न गएमा वा घाइते भएमा त्यस्तो घाइते वा मर्न गएको वन्यजन्तु वा पक्षीको संख्या र किसिम आफ्नो शिकार रजिष्टरमा चढाई फेला परेका मृत वन्यजन्तु वा पक्षीलाई ■सोही आरक्षमा वा नजीकको वन कार्यालयमा बुझाई दिनुपर्छ ।

❋२९क. बनेल पक्रने अनुज्ञापत्र : (१) राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्र बाहेक अन्य क्षेत्रबाट बनेलको बच्चा पक्रन कुनै नेपाली नागरिकले निवेदन दिएमा सम्बन्धित जिल्ला वन नियन्त्रक वा प्रमुखले त्यस्तो व्यक्तिबाट प्रति बनेलको बच्चाको ▶एक सय रुपैयाँ दस्तूर लिई अनुसूची-१२क. बमोजिमको ढाँचामा अनुज्ञापत्र दिन सक्नेछ ।

(२) अनुज्ञापत्र बमोजिम पक्रने बनेल विदेश निकासी गर्न पाइने छैन ।

(३) अनुज्ञापत्र बमोजिम बनेल पक्रदा बनेल मर्न गएमा त्यस्को सट्टा अर्को बनेल पक्रन पाउने छैन ।

(४) ➔.................

---

■ तेस्रो संशोधनद्वारा थप ।

❋ दोस्रो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

३०. आखेटोपहारको निकासी पैठारी वा व्यापार गर्न सिफारिस प्राप्त गर्नु पर्ने : (१) व्यापारिक उद्देश्यले आखेटोपहारको निकासी पैठारी गर्नको लागि मन्त्रालयको लिखित सिफारिस प्राप्त गर्नको निमित्त दरखास्त दिँदा आखेटोपहार सम्बन्धी कानूनी स्वामित्वको निस्सा वा त्यस्तो आखेटोपहार पैठारी गरिने मुलुकको सम्बन्धित कम्पनी, संस्था वा व्यक्तिको नाउँ र सो सम्बन्धमा आदान प्रदान भएको कागजातको नक्कल समेत पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिसको माग गर्ने व्यक्ति व्यापारको लागि आखेटोपहारको निकासी पैठारी गर्न सक्ने देखिएमा अनुसुची-१ बमोजिम लाग्ने दस्तूर लिई मन्त्रालयबाट अनुसूची-१३ बमोजिमको सिफारिस पत्र दिइनेछ ।

३१. निकासी पैठारी गर्ने बाटो तोक्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको भन्सारको बाटोबाट मात्र आखेटोपहारका निकासी पैठारी गर्न पाउने गरी तोकिदिन सक्नेछ र त्यसरी तोकिएकोमा आखेटोपहार निकासी पैठारी गर्न इजाजत प्राप्त व्यक्तिले सोही भन्सारबाट मात्र आखेटोपहार निकासी पैठारी गर्ने गर्नुपर्छ ।

३२. आखेटोपहारको हस्तान्तरण : ऐनको दफा १९ बमोजिम कुनै व्यक्तिले आफूसित भएको कुनै आखेटोपहार बिक्री वा सट्टा पट्टा वा अन्य कुनै प्रकारको हक छाडी दिँदा त्यस्तो आखेटोपहार सम्बन्धी स्वामित्वको निस्सा समेत त्यस्तो आखेटोपहार लिने व्यक्तिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

*३३. कानूनी स्वामित्वको निस्सा : (१) ऐनको दफा १८ को उपदफा (१) बमोजिम आखेटोपहारको निस्सा लिनु पर्ने व्यक्तिले ऐन लागू हुनु भन्दा अगावै आखेटोपहार प्राप्त गरेको हो भन्ने प्रमाणसाथ ✂२०३६ साल पौष मसान्तसम्म अनुसूची-१४ बमोजिमको ढाँचामा उपनियम (२) बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिई त्यस्तो आखेटोपहारको कानूनी निस्सा लिई राख्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम आखेटोपहारको निस्सा दिने अधिकारी देहायको क्षेत्रको लागि देहायको अधिकृत हुनेछ :-

(क) काठमाडौं उपत्यकाभित्रको जिल्लाको लागि विभागको प्रमुख,

(ख) अन्य जिल्लाहरुको लागि सम्बन्धित क्षेत्रको कन्जरभेटर वा जिल्ला वन नियन्त्रक,

---

* पहिलो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

(ग) कुनै पनि कन्जरभेटर वा जिल्ला वन नियन्त्रकको अधिकार क्षेत्रभित्र नपर्ने जिल्लाहरुको लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी ।

(३) ऐनको दफा १७ को उपदफा (२) तथा दफा १८ को उपदफा (१) बमोजिमको निस्सा अनुसूची-१५ बमोजिमको ढाँचामा दिइनेछ ।

(४) उपनियम (३) बमोजिमको कानूनी स्वामित्वको निस्सा दिने अधिकार प्राप्त अधिकारीले सबै आखेटोपहारमा आफ्नो कार्यालयको निस्सा लगाई दिनुपर्छ र त्यस्तो छाप वा निस्साको विवरण कानूनी स्वामित्वको निस्सामा समेत उल्लेख गरी दिनुपर्छ ।

❖३३क. आखेटोपहार प्रयोग गर्न दिने वा नष्ट गर्ने सम्बन्धी व्यवस्था : (१) प्राकृतिक वा अन्य कारणबाट मृत्यु भएका वन्यजन्तुबाट सङ्कलन गरिएको वा प्रचलित कानून बमोजिम जफत गरिएको आखेटोपहार मन्त्रालयले उपयुक्तताको आधारमा शैक्षिक वा अनुसन्धान संस्थालाई प्रयोग गर्न दिने, प्राकृतिक विज्ञान सङ्ग्रहालयमा प्रदर्शनीको लागि राख्ने वा नष्ट गर्ने स्वीकृतिको लागि नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नेपाल सरकार समक्ष प्रस्ताव पठाउनु अघि मन्त्रालयले आवश्यक देखेमा सो प्रयोजनको लागि नेपाल वन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको संयोजकत्वमा एक सिफारिस समिति गठन गर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रस्ताव प्राप्त भएपछि नेपाल सरकारले त्यस्तो आखेटोपहार शैक्षिक वा अनुसन्धान संस्थालाई प्रयोग गर्न दिन, प्राकृतिक विज्ञान सङ्ग्रहालयमा प्रदर्शनीमा राख्न वा नष्ट गर्न स्वीकृति दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम नेपाल सरकारबाट शैक्षिक वा अनुसन्धान संस्थालाई आखेटोपहार प्रयोग गर्न दिने स्वीकृति भएमा मन्त्रालयले सोही प्रयोजनका लागि मात्र प्रयोग गर्ने गरी त्यस्तो आखेटोपहार कुनै शैक्षिक वा अनुसन्धान संस्थालाई प्रदान गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम प्राकृतिक विज्ञान सङ्ग्रहालयमा प्रदर्शनीमा राख्न स्वीकृत भएका आखेटोपहार दुरुपयोग नहुने गरी सुरक्षित रुपमा राख्ने जिम्मेवारी सम्बन्धित सङ्ग्रहालयको हुनेछ ।

❖ चौथो संशोधनद्वारा थप ।

(६) उपनियम (३) बमोजिम नष्ट गर्न स्वीकृत भएका आखेटोपहारलाई मन्त्रालयले तोकेको स्थानमा सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थितिमा विभागले जलाएर नष्ट गर्नेछ ।

(७) उपनियम (६) बमोजिम आखेटोपहार जलाई सकेपछि बाँकी रहेको खरानीलाई प्रयोग गर्न नसक्ने गरी विभागले व्यवस्थापन गर्नु पर्नेछ ।

(८) यस नियम बमोजिम शैक्षिक वा अनुसन्धान संस्थालाई प्रयोग गर्न दिइएको, प्राकृतिक विज्ञान सङ्ग्रहालयमा प्रदर्शनीमा राखिएको र नष्ट गरिएको आखेटोपहार बाहेक अन्य आखेटोपहार सुरक्षित राख्ने जिम्मेवारी विभागको हुनेछ ।

३४. घाइते भएका वन्यजन्तु पनि शिकार गर्ने संख्यामा गिन्ती गरिने : अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले शिकार गर्दा वन्यजन्तुलाई घाइते तुल्याएमा यथाशीघ्र त्यसलाई पत्ता लगाई मार्नुपर्छ र त्यसरी घाइते भएको वन्यजन्तुको विवरण आफ्नो शिकार रजिष्टरमा चढाउनु पर्छ ।

तर घाइते भएको वन्यजन्तु पत्ता लगाउन नसके पनि अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले शिकार गर्न पाउने वन्यजन्तुमा गिन्ती गरिनेछ ।

३५. सूचना गर्नु पर्ने : (१) कसैले शिकार गर्दा कुनै हिंस्रक वन्यजन्तुलाई घाइतेसम्म तुल्याई मार्न नसकेमा त्यस्तो वन्यजन्तुको किसिम र अरु कुनै विवरण भए सो सहित खुलाई यथाशीघ्र ■सोही आरक्ष वा नजीकको वन कार्यालयलाई सूचना गरिदिनु पर्छ र त्यस्तोमा सम्बन्धित ■आरक्ष वा वन कार्यालयले पनि वरपरका सबै गाउँ बजारका बासिन्दालाई सतर्क रहन सूचित गरी दिनुपर्छ ।

(२) ऐनको दफा २१ बमोजिम आफू वा अरु कुनै व्यक्ति वा घर पालुवा कुनै जनावरको बचावटको लागि कसैले हातहतियार प्रयोग गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा त्यसको सूचना बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र राष्ट्रिय निकुञ्ज वा आरक्ष वा वन कार्यालय रहेको जिल्लामा ▶नजिकको कुनै त्यस्तो कार्यालयको प्रमुखलाई दिनु पर्छ ।

३६. कुनै वन्यजन्तु वा पक्षीलाई हानिकारक घोषित गर्न सकिने : यस नियमावलीमा यस अघि जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयले कुनै खास क्षेत्रमा कुनै खास समयको लागि ऐनको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु वा पक्षी बाहेक अन्य कुनै वन्यजन्तु वा पक्षीहरुलाई नेपाल

---

■ तेस्रो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

राजपत्रमा प्रकाशित गरी कृषिको निमित्त हानिकारक घोषित गर्न सक्नेछ र त्यसरी हानिकारक घोषित गरिएका वन्यजन्तु वा पक्षीलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधिनमा रही खेत, खला, बारीमा बिना अनुज्ञापत्र पनि धपाउन, लखेट्न, पक्रन वा मार्न सकिनेछ ।

३७. अनुसूचीमा संशोधन गर्न सकिने : नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

▶३८. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षको संरक्षकलाई र अन्य क्षेत्रको लागि सम्बन्धित जिल्ला वन नियन्त्रकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षको सहायक संरक्षक (असिष्टेण्ट वार्डेन) र निज नरहेकोमा इलाका वन संरक्षकलाई हुनेछ :-

(क) बिना ईजाजत राष्ट्रिय निकुञ्ज वा आरक्षमा प्रवेश गरेमा,

(ख) मारिएको, समातिएको वा घाईते तुल्याएको वन्यजन्तुलाई शिकार रजिष्टरमा नचढाएमा,

(ग) अनुज्ञापत्र साथमा नराखी शिकार खेलेमा,

(घ) क्याम्प गर्न तोकिएको ठाउँमा भन्दा अन्यत्र क्याम्प खडा गरेमा,

(ङ) शिकार अनुज्ञापत्रमा तोकिएको कुनै शर्त उल्लंघन गरेमा,

(च) राष्ट्रिय निकुञ्ज वा आरक्ष भित्रको पाँचसय रुपैयाँसम्म मोल पर्ने रुख, विरुवा वा अन्य कुनै वन पैदावार काटेमा वा ढालेमा वा अन्य प्रकारले क्षतिग्रस्त गरेमा ।

३९. खारेजी : शिकार नियमावली, २०२६ खारेज गरिएको छ ।

---

टिप्पणी : छिन्न बाँकी मुद्दाहरु सर्ने : यो नियमावली प्रारम्भ हुँदाका बखत मूल नियमावली अन्तर्गत कन्जरभेटर तथा प्रमुख जिल्ला अधिकारी समक्ष दायर भई छिन्न बाँकी रहेका मुद्दाहरु यो नियमावली प्रारम्भ भएपछि सम्बन्धित डि.एफ.ओ. समक्ष सर्नेछन् । (दोस्रो संशोधनको नियम ६ अनुसार)

द्रष्टव्य: (१) तेस्रो संशोधनद्वारा रुपान्तर गरिएका शब्दहरु :-

## ☏अनुसूची-१

(नियम ९ को उपनियम (१), नियम १०, ११, १२, १५, १६, २१ र २४ सँग सम्बन्धित)

### दस्तुर

| क्र.सं. | अनुज्ञापत्र/इजाजतपत्रको नाम | दस्तुर (रु.) | |
|---|---|---|---|
| | | नेपाली नागरिक | विदेशी नागरिक |
| (१) | जिल्ला शिकार अनुज्ञापत्र | ५,०००।- | |
| (२) | सामान्य शिकार अनुज्ञापत्र | ६,०००।- | ५०,०००।- |
| (३) | पक्षी शिकार अनुज्ञापत्र | २,०००।- | १०,०००।- |
| (४) | पूरक शिकार अनुज्ञापत्र | | |
| वन्यजन्तुको नाम | | प्रति वन्यजन्तु | |
| (क) | चितुवा | १०,०००।- | १,५०,०००।- |
| (ख) | नाउर | १०,०००।- | १,००,०००।- |
| (ग) | भालु | ८,०००।- | १,३०,०००।- |
| (घ) | जरायो | १५,०००।- | ७५,०००।- |
| (ङ) | घोरल | ७,०००।- | ५०,०००।- |
| (च) | थार | ३,०००।- | ५०,०००।- |
| (छ) | झारल | ७,०००।- | ५०,०००।- |
| (ज) | चित्तल | ५,०००।- | २५,०००।- |
| (झ) | बंदेल | ३,०००।- | ५,०००।- |

---

(क) "वन मन्त्रालय" को सट्टा "वन तथा भू-संरक्षण मन्त्रालय"।
(ख) "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय" को सट्टा "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग"।
(ग) "डि.एफ.ओ." को सट्टा "जिल्ला वन नियन्त्रक"।
(घ) "रेन्जर" को सट्टा "इलाका वन संरक्षक"।

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

(३) चौथो संशोधनद्वारा रुपान्तर गरिएका शब्दहरु :-
(क) "नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय",
(ख) "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग" भन्ने शब्दहरुको सट्टा "विभाग"।

☏ मिति २०६९।३।४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरेको।

| | | | |
|---|---|---|---|
| (ञ) | घोडगधा | ७,०००।- | २५,०००।- |
| (ट) | सामान्य शिकार अनुज्ञापत्रमा भएका वन्यजन्तु थप प्रत्येकको | ३,०००।- | २५,०००।- |
| (५) | पेशेवार शिकारी अनुज्ञापत्र (पाँच वर्षको लागि) | १,००,०००।- | ५,००,०००।- |
| (६) | शिकार गाईड अनुज्ञापत्र | ५,०००।- | |
| (७) | शिकार आरक्षमा क्षेत्र (ब्लक) सुरक्षण इजाजतपत्र (शिकारी क्षेत्र सुरक्षण गर्न प्रति शिकारी प्रति हप्ता) | १०,०००।- | २५,०००।- |
| (८) | आखेटोपहारको कानूनी स्वामित्वको प्रमाणपत्र | १,०००।- | ५,०००।- |
| (९) | अनुज्ञापत्र नक्कल | १,०००।- | ५,०००।- |
| (१०) | विविध सिफारिसपत्र | २,०००।- | ५,०००।- |

द्रष्टव्य :

(क) प्रवेशपत्र वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तुरमा शत प्रतिशत थप दस्तुर लिई प्रवेशको अनुमति दिइनेछ ।

(ख) E–Bidding को माध्यमद्वारा प्रतिस्पर्धा गराई बढी बोलकवोल गर्नेलाई पनि तोकिएको कोटाभित्रका माथि तोकिएका वन्यजन्तुहरुको शिकार गराउन अनुमति प्रदान गर्न सकिनेछ ।

☏अनुसूची-२

(नियम २२ सँग सम्बन्धित)

वैज्ञानिक अनुसन्धानको लागि वन्यजन्तु वा पक्षीहरु (सुरक्षित इन्डेजर्स सूचीमा नपरेका मात्र) पक्रन र सङ्कलन गर्न इजाजतपत्र वापतको दस्तुर

| क्र.सं. | वन्यजन्तुको किसिम | दस्तुर (रु.) |
|---|---|---|
| (क) | स्तनधारी वन्यजन्तु | |
| (१) | चितुवा | ३०,०००।- |
| (२) | भालु (स्थल र हिमाली) | ३०,०००।- |
| (३) | नाउर | ४०,०००।- |
| (४) | जरायो, घोडगधा | २५,०००।- |
| (५) | झारल, थार, घोरल | २०,०००।- |
| (६) | रातो बाँदर | १०,०००।- |
| (७) | जङ्गली कुकुर | ५,०००।- |
| (८) | सबै किसिमका वन विरालाहरु (संरक्षित वन्यजन्तुको सूचीमा नपरेका मात्र) | ३,०००।- |
| (९) | चित्तल | १०,०००।- |
| (१०) | लगुना, रातो मृग | ५,०००।- |
| (११) | ढेडु ( लङ्गुर) बाँदर | ३,०००।- |
| (१२) | स्याल, फ्याउरो | २,०००।- |
| (१३) | बँदेल | १,०००।- |
| (१४) | ओत, रत्तेल | २,०००।- |
| (१५) | मार्टिन (मलसाप्रो) मारमोट, लिजेल, हेलजग, ब्यजर | १,०००।- |
| (१६) | चमेरा | ५००।- |
| (१७) | उड्ने लोखर्के र ठूलो लोखर्के | २,०००।- |
| (१८) | अन्य लोखर्के | ५००।- |
| (१९) | खरायो, मुसे खरायो | ५००।- |
| (२०) | न्याउरी मुसो | २००।- |

☏ मिति २०६९।३।४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरेको ।

| | | |
|---|---|---|
| (२१) | दुम्सी | २००।- |
| (२२) | छुचुन्द्रो, मोल, भोल | १००।- |
| (२३) | मुसा | ५०।- |
| (ख) | पक्षीहरु (फुलसमेत) | |
| (१) | ठूलो बाज (शाही वाज) | ६,०००।- |
| (२) | सारस, कर्‍याङकुरुङ, गरुड, सारस | २,०००।- |
| (३) | चिल, गिद्ध, ठूलो शिकारी पक्षी | १,५००।- |
| (४) | ठूलो लाटोकोसेरो, माछा मार्ने लाटोकोसेरो | २,०००।- |
| (५) | कालिज, कोकलास र ठूलो हाँस | ५००।- |
| (६) | धनेश | ५००।- |
| (७) | सानो बाज, सानो शिकारी पक्षी, लुइचे, तित्रा | ५००।- |
| (८) | च्याखुरा, हाँस, चखेवा, मैना | ५००।- |
| (९) | अन्य लाटोकोसेरो | ५००।- |
| (१०) | परेवा, मलेवा, ढुकुर, जुरेली, तोरीचरा, बट्टाई | १००।- |
| (११) | ग्रेकल्स, रानीचरी, कुथुर्के, बुंगे चरा, फ्लावर पर्कस, सनवर्ड | १००।- |
| (१२) | लाहँचे, काठ फोडुवा, कोइली, कुक्कु | १००।- |
| (१३) | सुगा | १००।- |
| (१४) | अन्य पक्षीहरु | १००।- |
| (ग) | घस्रिने जन्तु (रेप्टाइल्स), माछा तथा किराहरु | |
| (१) | मगर गोही | ६,०००।- |
| (२) | मगर गोहीको फुल | १,०००।- |
| (३) | कछुवा | २,०००।- |
| (४) | कछुवाको फुल | ५००।- |
| (५) | अन्य सर्प जाति | १००।- |
| (६) | छेपारो | १००।- |
| (७) | माछा (५ इन्च र सो भन्दा लामो) | ५०।- |
| (८) | माछा (५ इन्च भन्दा छोटो) | २५।- |
| (९) | भ्यागुतो | २५।- |
| (१०) | पुतली | ५०।- |
| (११) | अरु किरा फट्याङ्ग्रा (प्रति सय) | १०।- |

अनुसूची-३

(नियम २४ सँग सम्बन्धित)

<u>जिल्ला शिकार अनुज्ञापत्रको दरखास्त फाराम</u>

श्री ..........................

.......................... कार्यालय ............... जिल्ला ............ अञ्चल

१. ................. जिल्लाको ............ व्लक ........... मा शिकार गर्नको लागि जिल्ला शिकार अनुज्ञापत्र पाउँ ।

<u>विवरण</u>

२. शिकार गर्न चाहेको वन्यजन्तु तथा पक्षीहरुको नाम र संख्या :

| | नाम | संख्या |
|---|---|---|
| (क) | ...................... | ....................... |
| (ख) | ...................... | ....................... |
| (ग) | ...................... | ....................... |
| (घ) | ...................... | ....................... |
| (ङ) | ...................... | ....................... |

३. <u>शिकार गर्दा प्रयोग गर्ने हातहतियारको विवरण</u> :

(क) हातहतियारको किसिम, बोर र कम्पनी ...............................

...................................................................................

(ख) हातहतियारको इजाजतपत्र (लाइसेन्स) दिने कार्यालयको नाम .......

(ग) इजाजतपत्र (लाइसेन्स) को नं. .........................................

दरखास्त गर्ने व्यक्तिको सही .........

नाम, थर ..............................

ठेगाना (स्थायी) .......................

मिति : ..........................

अस्थायी ...............................

नागरिकता ............................

## अनुसूची-४

(नियम २४ सँग सम्बन्धित)

<u>शिकार अनुज्ञापत्र (लाइसेन्स दरखास्त फाराम)</u>

श्री ..............................

........................... कार्यालय ।

१. .......... जिल्ला/अञ्चल/वन कार्यालय/शिकार आरक्ष अन्तर्गतको क्षेत्र । ब्लकमा शिकार गर्नको लागि .......... शिकार अनुज्ञापत्र (लाइसेन्स) पाउँ ।

२. शिकार गर्न चाहेको वन्यजन्तुको नाम र संख्या (पूरक शिकार अनुज्ञापत्रको निमित्त)

<u>विवरण</u>

| | वन्यजन्तुको नाम | शिकार गर्न चाहेको संख्या |
|---|---|---|
| (क) | ..................... | .............................. |
| (ख) | ..................... | .............................. |
| (ग) | ..................... | .............................. |

३. <u>हातहतियारको विवरण</u> :

(क) हातहतियारको किसिम, बोर, कम्पनी .................................

(ख) हातहतियारको इजाजतपत्र (लाइसेन्स) नं. ..... दिने कार्यालय .......

४. शिकार क्षेत्रमा लगिने हात्ति, घोडा, खच्चर, गधा, बैलगाडा, मोटर तथा अन्य सवारीको संख्या र नम्बर ..........................................................

५. क्याम्प बनाउन चाहेको स्थान ......................................................

६. यो भन्दा अगाडि मिति ....... मा कार्यालयबाट ........... नम्बरको .........

अनुज्ञापत्र (लाइसेन्स) प्राप्त गरेको छु । थिएँ ।

मिति :- ..................... दरखास्त गर्ने व्यक्तिको सही ...................

नाम, थर .....................................
नागरिकता ....................................
ठेगाना .......................................
स्थायी .........................................
अस्थायी .......................................

अनुसूची-५

(नियम २४ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

................ कार्यालय

शिकार अनुज्ञापत्र

| |
|---|
| अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको फोटो |

१. अनुज्ञापत्र (लाइसेन्स) नं. ...........

२. अनुज्ञापत्र (लाइसेन्स) को किसिम .................

३. (क) अनुज्ञापत्र (लाइसेन्स) प्राप्त गर्ने व्यक्तिको नाम, थर ...................

(ख) ठेगाना - स्थायी ....................

अस्थायी .................

(ग) नागरिकता .....................

| ४. | मार्न सकिने वन्यजन्तु र पक्षीको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| | १<br>२<br>३ | | |

५. अनुज्ञापत्र (लाइसेन्स) बहाल रहने अवधि ........... देखि ................ सम्म

६. शिकार गरिने क्षेत्र ......................... ब्लक ................................

७. हातहतियारको किसिम, बोर र कम्पनी ............................ इजाजतपत्र (लाइसेन्स) नं. .....................

८. शिकार गर्दा प्रयोग गरिने सवारीको किसिम र संख्या ...........................

नम्बर (सवारीको) ....................

९. साथमा जाने व्यक्तिको नाम वा संख्या .....................

(क)

(ख)

१०. अनुज्ञापत्र (लाइसेन्स) बापत प्राप्त भएको दस्तूर .................................

११. वन्यजन्तु बापत प्राप्त भएको दस्तूर (पुरक शिकार अनुज्ञापत्रको लागि) ......

| | |
|---|---|
| अनुज्ञापत्र पाउने व्यक्तिको सही | अनुज्ञापत्र दिने अधिकारीको सही |
| ................................... | ....................................... |
| मिति ........................... | नाम ................................ |
| | दर्जा ................................. |
| | मिति ................................ |

द्रष्टव्य :- अनुज्ञापत्र प्राप्त व्यक्तिले ऐन र राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली, २०३० को अधीनमा रही शिकार गर्नु पर्नेछ ।

अनुसूची-६

(नियम १५ र १६ सँग सम्बन्धित)

पेशेवार शिकारी/शिकारी गाईड अनुज्ञापत्रको दरखास्त फाराम

श्री ..............................

कार्यालय ................

जिल्ला ................ अञ्चल ............

विषय :- पेशेवार शिकारी/शिकारी गाईड अनुज्ञापत्र सम्बन्धमा ।

उपरोक्त किसिमको अनुज्ञापत्रको निमित्त देहायको व्यहोरा खुलाई अनुरोध गर्दछु ।

विवरण

(पेशेवार शिकारीको निमित्त मात्र)

(१) अनुभव .......................

(२) कार्य सम्बन्धित क्षमताको प्रमाण ...............................

(३) आर्थिक स्रोत देखिने प्रमाण ......................................

(शिकार गाईडको निमित्त मात्र)

(१) काम गर्न खोजेको क्षेत्र ...........................

(२) गाईडको काम गर्न सक्ने क्षमता सम्बन्धित प्रमाण ................

दरखास्त गर्ने व्यक्तिको सही

..................................

नाम, थर .......................

ठेगाना/स्थायी ..................

अस्थायी ...............

मिति :- ....................... नागरिकता .....................

अनुसूची-७

(नियम १५ र १६ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

................ कार्यालय

पेशेवार शिकारी, शिकारी गाईड अनुज्ञापत्र

अनुज्ञापत्र
प्राप्त

अनुज्ञापत्र नं. ...............

यो पेशेवार शिकारी/शिकार गाईडको अनुज्ञापत्र ......... बस्ने ................ लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० अनुसार पेशेवार शिकारी/शिकार गाईडको काम ................ जिल्ला / क्षेत्रमा गर्न पाउने गरी प्रदान गरिएको छ ।

| अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको सही | अनुज्ञापत्र दिने अधिकृतको सही |
|---|---|
| .......................................... | ....................................... |
| | नाम ................................ |
| | दर्जा ................................ |
| मिति .................................... | मिति ............................... |

अनुसूची-८

(नियम २४ सँग सम्बन्धित)

शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्रको दरखास्त फाराम

श्री ....................

.............................. कार्यालय ......................

जिल्ला .................. अञ्चल ....................

विषय :- शिकार आरक्षमा शिकार गर्ने शिकार आरक्ष इजाजतपत्र सम्बन्धमा ।

........................... शिकार आरक्षको ब्लक / क्षेत्र .................. मा शिकार गर्न शिकार आरक्ष इजाजतपत्र (पर्मिट) पाउँ ।

अन्य विवरण :

(क) शिकार अनुज्ञापत्रको किसिम ..............

(ख) " अनुज्ञापत्र प्रदान गर्ने कार्यालय ....................

(ग) " अनुज्ञापत्रको नं. ............................

(घ) " अनुज्ञापत्र बहाल रहने अवधि ............. देखि .............. सम्म

शिकार गर्न चाहेको वन्यजन्तु र पक्षीको किसिम संख्या

(क) वन्यजन्तु .............

(ख) पक्षी ...............

दरखास्त गर्ने व्यक्तिको सही

.................................

नाम, थर.....................

ठेगाना / स्थायी ............

अस्थायी ............

मिति: ....................... नागरिकता ....................

अनुसूची-९

(नियम २१ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

.................. कार्यालय

<u>शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्र</u>

इजाजतपत्र नं. .............

यो शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्र ......... मितिमा ............ बाट प्राप्त ............ नं. को ........... शिकार अनुज्ञापत्र पाउने .................. बस्ने ............... लाई ............... शिकार आरक्षको ................ ब्लकमा ............. देखि ........... मिति सम्म निम्न लेखिएको किसिम र संख्याको वन्यजन्तु वा पक्षीहरु शिकार गर्न प्रदान गरिएको छ ।

| वन्यजन्तु वा पक्षीहरुको किसिम | संख्या |
|---|---|
| (क) | |
| (ख) | |
| (ग) | |

| इजाजतपत्र प्राप्त गर्ने व्यक्तिको सही | इजाजतपत्र दिने अधिकृतको सही |
|---|---|
| ................................ | ..................................... |
| मिति .......................... | नाम .............................. |
| | दर्जा .............................. |
| | मिति ............................. |

अनुसूची-१०

(नियम २२ सँग सम्बन्धित)

वैज्ञानिक नमूनाहरु सङ्कलन गर्न वा वन्यजन्तु वा पक्षी पक्रने इजाजतपत्रको निमित्त

दरखास्त फाराम

श्री ................

......................

वन्यजन्तु वा पक्षी पक्रन वा शिकार गर्ने / कीट-किटाणु, माछा वा कुनै प्राकृतिक उपज सङ्कलन गर्ने इजाजतपत्रको निमित्त तल लेखिएको व्यहोरा खुलाई दरखास्त गर्न आएको छु ।

१. दरखास्तवालाको पूरा नाम, थर .................

२. ठेगाना :- (क) स्थायी ...............

(ख) अस्थायी ..............

३. नागरिकता .....................

४. वन्यजन्तु, पक्षी, कीट-किटाणु वा प्राकृतिक उपज पक्रन शिकार गर्न वा सङ्कलन गर्नु परेको कारण ..............................

५. वन्यजन्तु, पक्षी, कीट-किटाणु, माछा वा प्राकृतिक उपज कुनै मान्यता प्राप्त चिडियाखाना वा वैज्ञानिक संस्थाको निमित्त पक्रने वा सङ्कलन गर्ने भए त्यसको नाम, ठेगाना ..............................................................

६. पक्रने, सङ्कलन गर्ने आदिको उद्देश्य .............................................

७. वन्यजन्तु वा पक्षी पक्रने सम्बन्धमा प्राप्त गरेको अनुभवको छोटकरी विवरण ...................................................................................

८. पक्रन, शिकार गर्न वा सङ्कलन गर्न चाहेको वन्यजन्तु, पक्षी, कीट-किटाणु वा अन्य प्राकृतिक उपजको विवरण :-

| जात वा किसिम | संख्या या परिमाण | शिकार गर्ने ठाउँ वा क्षेत्र | पक्रन | सङ्कलन गर्न चाहेको |
|---|---|---|---|---|
| | | | | |

दरखास्त गर्ने व्यक्तिको सही

..............................

मिति .......................

अनुसूची-११

(नियम २४ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

.................. कार्यालय

वैज्ञानिक नमूनाहरु सङ्कलन गर्ने / वन्यजन्तु पक्रने इजाजतपत्र

इजाजतपत्र नं. ...................

यो इजाजतपत्र ............................ बस्ने ......................... लाई निम्न लेखिए बमोजिम किसिम, संख्या वा परिमाणमा तल लेखिएको ठाउँबाट शिकार गर्न / पक्रन सङ्कलन गर्न प्रदान गरिएको छ ।

पक्षी / कीट-किटाणु / माछा / प्राकृतिक उपजको विस्तृत विवरण

| जात वा किसिम | संख्या वा परिमाण | शिकार गर्ने ठाउँ वा क्षेत्र | पक्रने | सङ्कलन गर्न पाउने |
|---|---|---|---|---|
| | | | | |

यो इजाजतपत्र .............. मिति / अवधिसम्मको लागि प्रदान गरिएको छ ।

शर्तहरु (कुनै भए) :- .............

.....................................
इजाजतपत्र प्राप्त गर्ने व्यक्तिको सही
....................................
मिति ..............................

इजाजतपत्र दिने अधिकृतको सही

.......................................
नाम ................................
दर्जा ................................
मिति ................................

अनुसूची-१२

(नियम २८ सँग सम्बन्धित)

<u>शिकार रजिष्टर</u>

| मिति | शिकार गरेको स्थान | वन्यजन्तु वा पक्षीको नाम र किसिम | | भाले | पोथी | निरीक्षण गर्ने कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | मारेको | घाइते भएको | | | | |
| | | | | | | | |

म .................. बस्ने ......................... ले माथि उल्लिखित किसिम र संख्याको वन्यजन्तु वा पक्षीहरु शिकार गरेको ठीक साँचो छ । नियम २८ अनुसार यो शिकार रजिष्टर भरी पेश गरेको छु झुट्टा ठहरे ऐन बमोजिम सजाय सहुँला ।

शिकार गर्ने व्यक्तिको सही ....................

शिकार अनुज्ञापत्रको विवरण ..................

अनुज्ञापत्रको किसिम र नं. ....................

अनुज्ञापत्र प्रदान गर्ने कार्यालय ................

मिति .....................                    अनुज्ञापत्र बहाल रहने अवधि .................

❋अनुसूची-१२क.

(नियम २९क. सँग सम्बन्धित)

नेपाल सरकार

............... कार्यालय ............

<u>बनेल पक्रने अनुज्ञापत्र</u>

अनुज्ञापत्र नं. ............

बनेलको बच्चा पक्रन ................... बस्ने ........................ लाई अनुज्ञापत्र प्रदान गरिएको छ ।

१. पक्रने बनेलको बच्चाको संख्या :-

२. बनेल पक्रने ठाउँ वा क्षेत्र :-

३. बनेल पक्रन पाउने अवधि :-

४. अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको,-

सही :-

ठेगाना :- स्थायी ...............

अस्थायी .............

मिति :-

अनुज्ञापत्र दिने अधिकृतको,-

सही ....................

नाम ....................

दर्जा ....................

मिति ...................

❋ दोस्रो संशोधनद्वारा थप ।

अनुसूची-१३

(नियम ३० सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

आखेटोपहार निकासी पैठारी व्यापार गर्नको लागि गरिएको सिफारिस पत्र

सिफारिस पत्र पाउनेको नाम, थर ...................... .......... सि. नं. ...............

ठेगाना :- (क) स्थायी (ख) अस्थायी

उपरोक्त व्यक्ति आखेटोपहारको निकासी पैठारी व्यापार गर्न सक्षम देखिएकोले यो सिफारिस पत्र दिइएको छ ।

| | |
|---|---|
| सिफारिस पत्र बुझी लिनेको सही | सिफारिस गर्ने अधिकृतको सही |
| .................................... | ................................ |
| मिति ............................ | नाम ......................... |
| | दर्जा ......................... |
| | मिति ........................ |

## *अनुसूची-१४

(नियम ३३ को उपनियम (१) सँग सम्बन्धित)

कानूनी स्वामित्वको निस्साको लागि दिनु पर्ने दरखास्तको ढाँचा

श्री ..................

................ कार्यालय

जिल्ला ................ अञ्चल ................

विषय : कानूनी स्वामित्वको निस्सा पाउँ ।

ऐनको दफा १८ बमोजिम मेरो साथमा भएको निम्न विवरण बमोजिमका आखेटोपहार राख्ने निस्सा पाउँ ।

विवरण

| आखेटोपहारको किसिम | संख्या | प्राप्त गरेको मिति र | कैफियत |
|---|---|---|---|
| | | | |

दरखास्त दिनेको सही ................

नाम, थर ..............................

ठेगाना :- स्थायी ......................

अस्थायी ....................

मिति ................................

नागरिकता ...........................

---

* पहिलो संशोधनद्वारा संशोधित ।

***अनुसुची-१५**

(नियम ३३ को उपनियम (३) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

................ कार्यालय

<u>कानूनी स्वामित्वको निस्सा</u>

सि.नं.

...................... बस्ने श्री .................................. लाई ......................... कार्यालयबाट प्राप्त गरेको अनुज्ञापत्र नं. ............. बमोजिम शिकार गरी प्राप्त गरेको वा आफ्नो साथमा रहेको देहायको विवरणको आखेटोपहार राख्न पाउने गरी कानूनी स्वामित्वको निस्सा प्रदान गरिएको छ ।

| आखेटोपहारको छोटकरी विवरण | आखेटोपहारको किसिम | संख्या वा परिमाण | निस्साको नमूना |
|---|---|---|---|
| | | | |

निस्सा बुझिलिनेको सही ............
मिति ...............

निस्सा प्रदान गर्ने अधिकारीको सही .........
नाम, थर .................
दर्जा ......................
मिति.......................

* पहिलो संशोधनद्वारा संशोधित ।

# वन्यजन्तु आरक्ष नियमावली, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३४।४।२४

संशोधन
वन्यजन्तु आरक्ष (पहिलो संशोधन) नियमावली, २०४२ २०४२।६।२१

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "वन्यजन्तु आरक्ष नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।
(ख) "आरक्ष" भन्नाले ऐन अन्तर्गत घोषित वन्यजन्तु आरक्ष सम्झनु पर्छ ।
*(ग) "संरक्षक" भन्नाले आरक्षको मूख्य अधिकृत सम्झनु पर्छ ।
(घ) "सहायक संरक्षक" भन्नाले आरक्षको सहायक संरक्षक (असिस्टेन्ट वार्डेन) सम्झनु पर्छ ।

३. आरक्षको सिमाना : आरक्षको सिमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरिए बमोजिम हुनेछ ।

*४. आरक्षभित्र प्रवेश : (१) आरक्षभित्र प्रवेश गर्न चाहने वा आरक्षभित्र क्याम्पिङ गर्न (बास बस्न) चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर बुझाई अनुसूची-२ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम १९ बमोजिम बाटोको सुविधा प्रयोग गर्ने व्यक्तिले आरक्षको सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई आरक्षभित्रबाट हिँडेकोमा कुनै दस्तूर लाग्ने छैन ।

(३) आरक्षको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण वा अन्य कुनै संस्थाको टोलीलाई संरक्षकले निःशुल्क प्रवेश गर्न दिन सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

५. आरक्षमा प्रवेश आफ्नै दायित्वमा हुने : अनुमति लिई वा नलिई आरक्षभित्र प्रवेश गर्ने व्यक्तिलाई आरक्षभित्र कुनै किसिमको हानि नोक्सानी भएमा वा चोट पटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानि नोक्सानी, चोट पटक वा मृत्यु भए बापत क्षतिपूर्तिको निमित्त नेपाल सरकार जिम्मेवार हुने छैन ।

६. आरक्षभित्र निषिद्ध कार्यहरु : कुनै पनि व्यक्तिले संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए नेपाल सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति नलिई आरक्षभित्र देहायका काम गर्न पाउने छैन :-

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु बनौट बनाउन वा भोग गर्न,
(ख) कुनै भू-भाग कब्जा गर्न, वनस्पति सफा गर्न, नोक्सानी पुऱ्याउन, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,
(ग) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा तिनीहरुलाई पानी खुवाउन,
(घ) रुख विरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा वन पैदावारमा आगो लगाउन वा अरु कुनै प्रकारले हानि नोक्सानी पुऱ्याउन,
(ङ) कुनै स्थानमा रात बिताउन वा क्याम्प गर्न वा आगो बाल्न,
(च) ढुङ्गा, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो वा अन्य यस्तै पदार्थ हटाउन,
(छ) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु लैजान,
(ज) आरक्षभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विष्फोटक पदार्थहरु प्रयोग गर्न ।

७. साथमा राख्न वा लैजान नपाइने वस्तुहरु : संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुबै नभए नेपाल सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति विना कुनै व्यक्तिले आरक्षभित्र प्रवेश गर्दा वा रहँदा वा नियम १९ अन्तर्गत तोकिएको बाटोबाट हिँड्दा देहायका वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैन :-

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने वा गोली चलाउने जुनसुकै हातहतियार,

खरखजाना, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु ।

*८. क्षति पुऱ्याउन नहुने : (१) आरक्षको सिमानाभित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै प्रकारबाट आरक्षभित्रको वनस्पति, झारपात वा अन्य कुनै चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

(२) आरक्षभित्रको बाटो, पुल, मचान, घर, कार्यालय भवन, तारबार, चिन्हपट वा अन्य कुनै चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

९. वन्यजन्तु वा पंक्षी शिकार गर्न र पंक्षी वा कीट-किटाणुको फुल, गुँड वा गोला बिगार्न नहुने : ऐन अन्तर्गत इजाजतपत्र प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुबै नभए नेपाल सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले आरक्षभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु, पंक्षी वा कीट-किटाणुलाई मार्न, पक्रन वा चोट पटक पुऱ्याउन वा कुनै पनि पंक्षी वा कीट किटाणुको फुल, गुँड वा गोला हटाउन, बिगार्न वा खल्बल्याउन हुँदैन ।

*१०. अनुमतिपत्र नलिई माछा मार्न नपाईने : संरक्षकले तोकिदिएको शर्त पालना गर्ने गरी अनुसूची-१ बमोजिम दस्तूर बुझाई अनुसूची-३ बमोजिम अनुमतिपत्र नलिई आरक्षभित्र रहेको खोला वा पोखरीमा माछा वा अन्य कुनै जलचर मार्न पाईने छैन ।

११. नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने : कसैले आरक्षभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१२. विज्ञापन टाँस्न वा राख्न नपाइने : सरकारी काममा प्रयोग हुने बाहेक आरक्षभित्र कुनै व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँस्न वा राख्न पाउने छैन ।

१३. बाजा बजाउन नपाइने : आरक्षभित्रका सरकारी कार्यालय भवन र अन्य यस्तै स्थानमा बाहेक अन्यत्र रेडियो, टेप, रेकर्ड वा बाजाहरु बजाउन पाइने छैन ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

१४. फोहर मैला गर्न नपाइने : कुनै पनि व्यक्तिले आरक्षभित्र फोहर मैला गर्न वा फाल्न हुँदैन ।

१५. विषालु पदार्थ फ्याँक्न नपाइने : आरक्षभित्र वा आरक्षभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याँक्न वा आरक्षभित्र भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा आरक्षभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुँदैन ।

१६. आरक्षभित्र सवारी चलाउँदा पालन गर्नु पर्ने शर्त : आरक्षभित्र सवारीको साधन चलाउने व्यक्तिले देहायको कुराहरुको अधीनमा रहेर मात्र सवारी चलाउनु पर्नेछ :-

(क) पाँच टनभन्दा बढी वजनको सवारी चलाउन पाइने छैन ।

*तर आरक्षभित्र कुनै सरकारी परियोजना सम्बन्धी निर्माण कार्य गर्नु परेमा नेपाल सरकारले पाँच टनभन्दा बढी वजनको सवारी चलाउन स्वीकृति दिन सक्नेछ ।

(ख) सवारीको साधन, पैदल यात्रु वा अन्य वस्तुहरुको आवागमनमा बाधा पर्ने गरी सवारी चलाउन वा अड्याई राख्नु हुँदैन ।

(ग) हर्न बजाउन वा तोकिएको भन्दा बढी गतिमा सवारी चलाउन हुँदैन ।

(घ) नियम १९ को उपनियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्तो बाटोबाट सवारी चलाउन हुँदैन ।

⊕१६क. आरक्षभित्रको राजमार्ग खुला रहने : आरक्षभित्रबाट जाने राजमार्ग कुनै पनि वजनको सवारीका लागि सधैं खुला रहनेछ । त्यसरी राजमार्गबाट जाने सवारीमा रहेका सबै सामानहरु प्रवेश चौकीमा जँचाई लैजान र ईजाजतपत्र प्राप्त हातहतियार साथमा लैजान समेत नियम ७ मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१७. सङ्केत वा चिन्ह मान्नु पर्ने : आरक्षको क्षेत्रभित्र सबै सवारी चालकले आरक्षको कर्मचारीले गरेको सङ्केत वा चिन्हलाई वा त्यस्तो सङ्केत वा चिन्ह जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी चलाउनु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

⊕ पहिलो संशोधनद्वारा थप ।

१८. आवागमनमा प्रतिबन्ध : संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुबै नभए नेपाल सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति विना सूर्यास्तदेखि सूर्योदयसम्म आरक्षभित्र पस्न वा हिँडडुल गर्न वा सवारी चलाउन हुँदैन ।

१९. बाटोको सुविधा : (१) संरक्षक भए संरक्षकले, संरक्षक नभए सहायक संरक्षकले र सो दुबै नभए नेपाल सरकारले तोकेको कुनै कर्मचारीले आरक्षभित्र सर्वसाधारण जनताका सुविधाको लागि पैदल यात्रा गर्न, घरपालुवा जीवजन्तु हिँडाउन वा सवारी साधन चलाउन चिन्हपट लगाई बाटो तोकिदिन सक्नेछ र सर्वसाधारणले यसरी चिन्हपट लगाई तोकिदिएको बाटो मात्र उपयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा तोकिएको अधिकारीको लिखित अनुमति बिना कुनै पनि अवस्थामा कुनै व्यक्तिले उपनियम (१) बमोजिम चिन्हपट लगाई तोकिदिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिकूल मौसममा त्यस्तो कुनै बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गर्न सकिनेछ ।

⊡१९क. दस्तूर बुझाउनु पर्ने : आरक्षभित्र देहायका काम गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिम दस्तूर बुझाई अनुसुची-४ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ :-

(क) सवारी चलाउन,

(ख) आरक्षको गाईडको सेवा उपलब्ध गर्न,

(ग) खर खडाई काट्न,

(घ) नियम १९ अनुसार सुविधा प्राप्त बाटोबाट घरपालुवा जन्तु आफ्नो साथ लैजान ।

२०. सवारीको साधन वा घर पालुवा जन्तु पक्री कारबाहीको लागि बुझाउने : यस नियमावली बमोजिम आरक्षभित्र सुविधा दिएको बाटो बाहेक अन्य बाटोबाट कुनै सवारीको साधन चलाएको वा घर पालुवा जीवजन्तु हिँडाएको भेटिएमा संरक्षक भए संरक्षकले, संरक्षक नभए सहायकले र सो दुबै नभए नेपाल सरकारले तोकेको कुनै कर्मचारीले पक्री सम्बन्धित अधिकारीको समक्ष कारबाहीको लागि बुझाउनेछ ।

२१. गिरफ्तार गर्न सकिने: (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, वन्यजन्तु गार्ड वा आरक्षका अन्य कर्मचारीले ऐन बर्खिलाप काम गरेको

---

⊡ पहिलो संशोधनद्वारा थप ।

अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसमान वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा भने बिना वारेण्ट पनि सहायक संरक्षक, रेन्जर वा सुवेदार दर्जासम्मका वन्यजन्तु गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

२२. सरकारी कामको लागि आरक्षभित्र प्रवेशमा छुट : यस नियमावलीमा लेखिएको कुनै कुराले पनि आरक्ष वा अन्य कुनै सरकारी कार्यालयको कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारबाही कार्यान्वयन गर्नको लागि आरक्षभित्र कुनै समयमा पनि प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

*२३. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सहायक संरक्षक वा रेन्जरलाई हुनेछ :-

(क) नियम ४ बमोजिम प्रवेशपत्र नलिई आरक्षभित्र प्रवेश गरेमा,

(ख) नियम ६ को खण्ड (ग), (घ) वा (ङ) को बर्खिलाप कुनै काम कारबाही गरेमा,

(ग) नियम १० बमोजिम अनुमति नलिई माछा वा अन्य कुनै जलचर मारेमा,

(घ) नियम १२ को बर्खिलाप चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु टाँसेमा वा राखेमा,

(ङ) नियम १३ को बर्खिलाप बाजा बजाएमा,

(च) नियम १४ को बर्खिलाप फोहर मैला गरेमा वा फ्याँकेमा,

(छ) नियम १६ वा १७ को बर्खिलाप सवारी चलाएमा,

(ज) नियम १८ को बर्खिलाप आरक्षभित्र पसेमा, हिँडडुल गरेमा वा सवारी चलाएमा,

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(झ) नियम १९ को बर्खिलाप काम कारबाही गरेमा ।

⊡२३क. अनुसूचीमा संशोधन : नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसुचीहरुमा संशोधन गर्न सक्नेछ ।

## αअनुसूची-१

(नियम ४, १० र १९क. सँग सम्बन्धित)

दस्तुर

| क.सं. | विवरण | दस्तुर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क मुलुकका नागरिक | अन्य विदेशी नागरिक |
| (क) | आरक्षको प्रवेश दस्तुर (प्रति व्यक्ति प्रति दिन) (१० वर्ष मुनिका बालबालिकालाई प्रवेश दस्तुर लाग्ने छैन ।) | ५०।- | ५००।- | १,०००।- |
| (ख) | क्याम्पिङ (बास बस्ने) दस्तुर (प्रति व्यक्ति प्रत्येक रातको लागि) | २००।- | ५००।- | १,०००।- |
| (ग) | माछा मार्ने दस्तुर (वल्छिले मात्र, प्रति व्यक्ति प्रति दिनको लागि) (परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय वोटे, दराई, कुमाल, थारु जातिका मानिसले वार्षिक शुल्क रु. १००।- तिरी माछा मार्न पाउने छन्) । | २००।- | १,०००।- | २,०००।- |
| (घ) | सवारी साधन दस्तुर (प्रति सवारी प्रति पटक) | | | |
| | (१) सुविधा प्राप्त बाटोको लागि | | | |
| | (क) कार, जीप, ट्रक, बस, ट्र्याक्टर, लरी (५ टनसम्म) को लागि | २००।- | | |
| | (ख) मोटरसाइकल, बयलगाडा, टाँगाको लागि | १०।- | | |

⊡ पहिलो संशोधनद्वारा थप ।

α पहिलो संशोधनद्वारा थप भई मिति २०६९।३।४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरेको ।

| | | | | |
|---|---|---|---|---|
| | (२) सुविधा प्राप्त बाटो वाहेक अन्य बाटोमा मोटर इन्जिन जडान भएको सवारी साधनको लागि | १५०।- | | |
| | (३) व्यावसायिक जङ्गल ड्राइभ | | | |
| | कार | १०००।- | | |
| | जीप | २,०००।- | | |
| | भ्यान | २,५००।- | | |
| | (४) हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि | ५,०००।- | | |
| (ङ) | डुङ्गा वा ऱ्याफ्टीङ चलाए बापतको दस्तुर | | | |
| | (१) डुङ्गा (प्रति व्यक्ति प्रति ट्रिप) | २००।- | १,५००।- | २,०००।- |
| | (२) ऱ्याफ्टीङ (प्रति व्यक्ति प्रति ट्रिप) | १००।- | ८००।- | २,०००।- |
| (च) | तालीम प्राप्त पञ्जीकृत गाइडले आरक्षभित्र गाइड सेवा उपलब्ध गराए बापत प्रति गाइड प्रति वर्ष गाइड शुल्क | १,०००।- | | |
| (छ) | खर खडाई, वनकस दस्तुर (प्रति पूर्जी) | २५।- | | |

द्रष्टव्य:

(क) रीत पूर्वकको प्रवेशपत्र बाहकलाई मात्र आरक्षभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) खर खडाई पूर्जीको म्याद तीन दिनको हुनेछ ।

(ग) गाइड शुल्क बुझाउने गाइडलाई आरक्ष प्रवेश दस्तुर लाग्ने छैन ।

(घ) व्यावसायिक जङ्गल ड्राइभमा प्रयोग गरिने सवारी साधनमा देहायको संख्या भन्दा बढी पर्यटक राख्न पाइने छैन :-

(क) कार - ४ जना
(ख) जीप - १० जना
(ग) भ्यान - १५ जना

(ङ) प्रत्येक घर पालुवा जीवजन्तुलाई आरक्षको सुविधा प्राप्त बाटोबाटै लैजाँदाको दस्तुर लाग्ने छैन ।

(च) प्रवेशपत्र वा अनुमतिपत्र नलिई आरक्षभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तुरमा शत प्रतिशत अतिरिक्त दस्तुर लिई प्रवेशको अनुमति दिइनेछ ।

## ⊕अनुसूची-२

(नियम ४ (१) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................................ आरक्ष कार्यालय

सि.नं. ...........

मितिः..................

<u>प्रवेशपत्र</u>

प्रवेशपत्र लिने व्यक्तिको नाम, थर, वतन :-

उमेर :-

नागरिकता :-

प्रवेश गर्ने व्यक्तिको संख्या :-

प्रवेश दस्तूर :-

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

.........................................

⊕ पहिलो संशोधनद्वारा थप ।

[⊡]अनुसुची-३

(नियम १० सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.................................... आरक्ष कार्यालय

सि.नं. .............

मिति.....................

अनुमतिपत्र

अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतन :-

उमेर :-

नागरिकता :-

माछा मार्न पाउने खोला वा पोखरीको नाम, खण्ड :-

अनुमतिपत्र बहाल रहने अवधि :-

माछा मार्दा पालन गर्नु पर्ने शर्त :-

अनुमतिपत्र दस्तूर :-

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

............................

⊡ पहिलो संशोधनद्वारा थप ।

⊞अनुसुची-४

(नियम १९क. सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.................................... आरक्ष कार्यालय

सि.नं. .............

मिति.....................

अनुमतिपत्र

दस्तूर बुझाउनेको नाम, थर, वतन :-

(क) सवारी वा घरपालुवा जीवजन्तुको किसिम :-

सवारी नम्बर :-

दस्तूर :-

(ख) खरखडाई सङ्कलन गर्ने क्षेत्र :-

दस्तूर :-

अवधि :

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

.......................................

⊞ पहिलो संशोधनद्वारा थप ।

# हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३६।५।२५

संशोधन
हिमाली राष्ट्रिय निकुञ्ज (पहिलो संशोधन) नियमावली, २०७१ २०७१।२।१९

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली, तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "निकुञ्ज" भन्नाले सगरमाथा राष्ट्रिय निकुञ्ज, लामटाङ राष्ट्रिय निकुञ्ज, *रारा राष्ट्रिय निकुञ्ज, शे-फेक्सुण्डो राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज वा नेपाल सरकारले ऐन अन्तर्गत घोषित गरेको अन्य हिमाली राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) "संरक्षक (वार्डेन)" भन्नाले निकुञ्जको प्रशासनको अभिभारा भएको नेपाल सरकारको मुख्य अधिकृत सम्झनु पर्छ ।

(घ) "सहायक संरक्षक (असिष्टेण्ट वार्डेन)" भन्नाले निकुञ्जको सहायक संरक्षक सम्झनु पर्छ ।

(ङ) "स्थानीय व्यक्ति" भन्नाले निकुञ्जको क्षेत्रले घेरिएको तर निकुञ्ज क्षेत्र भनी घोषित नभएको बीच बीचको गाउँमा स्थायी बसोबास गरेको व्यक्ति सम्झनु पर्छ ।

३. निकुञ्जको सीमाना : निकुञ्जको सीमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरे बमोजिम हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

४. <u>निकुञ्जभित्र प्रवेश</u> : निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले संरक्षकबाट अनुसूची-१ बमोजिम प्रवेशपत्र लिनु पर्नेछ र प्रवेशपत्र लिँदा अनुसूची-२ बमोजिमको दस्तूर लाग्नेछ ।

५. <u>प्रवेश निषेध गर्न सक्ने</u> : निकुञ्जको हितको लागि संरक्षकले निकुञ्जभित्र कुनै पनि व्यक्तिको प्रवेश निषेध गर्न सक्नेछ ।

तर यसरी प्रवेश निषेध गर्दा स्थानीय व्यक्ति तथा निकुञ्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिलाई निकुञ्जको बाटो भएर आवत जावत गर्न रोक लगाएको वा नियम १८ बमोजिम तोकिएको बाटोबाट आवागमन गर्न रोक लगाएको मानिने छैन ।

६. <u>निकुञ्जको प्रवेश आफ्नो दायित्वमा हुने</u> : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानि नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए बापत क्षतिपूर्तिको निमित्त नेपाल सरकार जिम्मेवार हुनेछैन ।

७. <u>निकुञ्जभित्र निषिद्ध कार्यहरु</u> : संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र देहायका कार्यहरु गर्न पाउने छैन :-

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु बनौट बनाउन वा भोग गर्न,

(ख) कुनै भूभाग कब्जा गर्न, वनस्पति सफा गर्न वा नोक्सानी पुऱ्याउन, आवाद गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) घरपालुवा जीवजन्तु वा पंक्षी चरी चराउन र तिनीहरुलाई खोला वा पोखरीमा पानी खुवाउन,

(घ) रुख, विरुवा, झाडी वा अन्य कुनै वनस्पति काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा त्यस्तो वनस्पति सुक्ने कुनै काम गर्न वा त्यस्तो वनस्पतिमा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(ङ) कुनै स्थानमा रात बिताउन वा क्याम्प गर्न वा आगो बाल्न,

(च) ढुङ्गा, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो वा अन्य यस्तै पदार्थ हटाउन वा कुनै किसिमले जग्गालाई क्षति पुऱ्याउन,

(छ) निकुञ्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानीकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

(ज) बाहिरी वातावरणमा हुर्केको (एक्जोटिक) विरुवा, जीवजन्तु वा पंक्षी निकुञ्जभित्र ल्याउन वा छाड्न ।

८. साथमा राख्न, लैजान वा प्रयोग गर्न नपाइने वस्तुहरु : संरक्षकको लिखित अनुमति नलिई कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा वा नियम १८ बमोजिम तोकिएको बाटोबाट हिँड्दा देहायका चीज वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैनः-

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने वा गोली चलाइने जुनसुकै हातहतियार, खरखजाना, विष, विस्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु ।

तर स्थानीय व्यक्ति निकुञ्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिले आफ्नो घरायसी कामको लागि खुकुरी, बन्चरो र यस्तै हातहतियार मात्र निकुञ्ज भएर लैजान बाधा पर्ने छैन ।

९. वनस्पति वा अन्य चीज वस्तुलाई क्षति पुऱ्याउन नहुने : कसैले निकुञ्जको भित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै किसिमले निकुञ्जभित्रको वनस्पति, झारपात वा अन्य चीज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

१०. वन्यजन्तु वा पंक्षीको शिकार गर्न र पंक्षी वा कीट किटाणुको फुल, गुँड वा गोला बिगार्न नहुने : ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षकको लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु, पंक्षी वा कीट किटाणुलाई मार्न, पक्रन वा चोट पुऱ्याउन वा कुनै पनि पंक्षी वा कीट किटाणुको फुल, गुँड वा गोला हटाउन, बिगार्न वा खलबल्याउन वा कुनै कीट किटाणु, माछा वा प्राकृतिक उपज संकलन गर्न हुँदैन ।

११. अनुमति नलिई माछा मार्न नपाइने : (१) कसैले अनुसूची-२ बमोजिम लाग्ने दस्तूर तिरी संरक्षकबाट अनुसूची-३ बमोजिमको ढाँचाको अनुमतिपत्र नलिई निकुञ्जभित्र रहेको खोला वा पोखरीको माछा मार्न हुँदैन ।

(२) यस नियम बमोजिम अनुमतिपत्र लिई माछा मार्न चाहने व्यक्तिले माछा मार्दा बल्छी बाहेक अन्य साधन प्रयोग गर्न हुँदैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि चैत्र १ गतेदेखि आश्विन मसान्तसम्म माछा मार्न पाइने छैन ।

१२. नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने : (१) कसैले निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गरी त्यस्तो काम गर्न सक्नेछ । त्यसरी स्वीकृति प्राप्त गरी गरेको अनुसन्धानको एकप्रति नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१३. पोष्टर टाँस्न वा राख्न नपाइने : निकुञ्जको प्रयोजनको लागि निकुञ्जको कार्यालयको कर्मचारीले बाहेक निकुञ्जभित्र अरु कसैले कुनै किसिमको चिन्हपट, सूचनापट विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँस्न वा राख्न पाउने छैन ।

१४. बाजाहरु बजाउन नपाउने : निकुञ्जभित्र धार्मिक स्थल वा निवासस्थान, होटल, लज वा रेष्टुराँमा बाहेक अन्यत्र कसैले रेडियो, टेपरेकर्ड वा बाजाहरु बजाउन पाउने छैन ।

१५. फोहर मैला गर्न वा फाल्न नपाइने : कसैले निकुञ्जभित्र फोहर मैला गर्न वा फोहर फाल्न हुँदैन ।

१६. विषालु पदार्थ फ्याँक्न, हाल्न वा छर्न नपाइने : निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याँक्न वा निकुञ्ज भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुँदैन ।

१७. आवागमनमा प्रतिबन्ध : संरक्षकको लिखित अनुमति बिना साँझ सात बजेदेखि बिहान पाँच बजेसम्म कसैले निकुञ्जभित्र पस्न वा हिँडडुल गर्न वा याक वा खच्चड लगायत कुनै सवारी हिँडाउन हुँदैन ।

तर स्थानीय व्यक्ति वा निकुञ्ज भएरै मात्र पुग्न सक्ने गाउँको व्यक्ति निकुञ्जको बाटो भएर आवात जावत गर्न वा सरकारी कर्मचारीले आफ्नो कामकाजको सिलसिलामा कुनै समयमा पनि निकुञ्जभित्र प्रवेश गर्न बाधा पार्ने छैन ।

१८. बाटोको सुविधा : (१) संरक्षकले निकुञ्जभित्र अनुसुची-४ मा तोकिए बमोजिमको बाटोबाट पैदल यात्रा गर्न, घरपालुवा जीवजन्तु हिँडाउन वा याक वा खच्चड लगायत कुनै सवारी हिँडाउन सर्वसाधारण जनताको सुविधाको

लागि चिन्हपट लगाई त्यस्तो बाटो तोकिदिन सक्नेछ र सर्वसाधारणले त्यसरी चिन्हपट लगाई तोकिदिएको बाटोमात्र उपयोग गर्नु पर्नेछ ।

(२) संरक्षकको लिखित अनुमति विना कुनै पनि अवस्थामा कसैले उपनियम (१) बमोजिम चिन्हपट लगाई तोकिदिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा चिन्हपट लगाई तोकिदिएको कुनै बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेसम्म संरक्षकले सो बाटो बन्द गर्न सक्नेछ ।

१९. सवारी साधन वा घरपालुवा जीवजन्तु पक्री कारबाहीको लागि बुझाउने : यस नियमावली बमोजिम निकुञ्जभित्र सुविधा दिइएको बाटो बाहेक अन्य बाटोबाट घरपालुवा जीवजन्तु हिँडाएको भेटिएमा संरक्षक वा निजले खटाएको अन्य कर्मचारीले त्यस्तो घरपालुवा जीवजन्तु पक्री सम्बन्धित अधिकारी समक्ष कारबाहीको लागि बुझाउनेछ ।

२०. गिरफ्तार गर्न सकिने : (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, वन्यजन्तु गार्ड वा निकुञ्जका अन्य कर्मचारीले ऐनको बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको घर, मालसामान वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि सहायक संरक्षक, रेञ्जर वा सुवेदार दर्जासम्मका वन्यजन्तु गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

२१. निकुञ्जभित्र प्रवेश गर्दा पालना गर्नु पर्ने कुराहरु : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने प्रत्येक व्यक्तिले देहायका कुराहरुको पालना गर्नु पर्नेछ :-

(क) निकुञ्जभित्र प्रवेश गरेपछि आफ्नो वा आफ्ना साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य व्यक्तिले प्रयोग गरेका खानेकुराहरुका बट्टाहरु, मादक पदार्थ वा अन्य वस्तुका शिशीहरु, फिलिमका रोलका बट्टाहरु, प्याक गर्ने कागजपत्रहरु, प्लाष्टिकका थैलाहरु, अक्सिजनका भाँडा वा सिलिण्डर, अन्य कुनै किसिमका भाँडाहरु वा अन्य फ्याँकिने सरसामग्रीहरु संरक्षक वा निकुञ्जका अन्य कुनै कर्मचारीले तोकेको ठाउँमा फाल्नु पर्नेछ ।

(ख) निकुञ्जभित्र आफ्नो र आफ्नो साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको दैनिक उपयोगको

लागि चाहिने काठ, दाउरा, स्याउला र पालको किला वा कुनै अन्य प्रयोजनको लागि चाहिने काठ निकुञ्जभित्रको झाडी, बुट्यान वा ढलेको रुख वा खडा रुख समेतबाट प्रयोग गर्न हुँदैन र त्यस्तो काठ दाउरा स्थानीय व्यक्तिबाट खरिद पनि गर्न हुँदैन ।

(ग) निकुञ्जभित्र प्रवेश गर्दा आफ्नो र आफ्नो साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको लागि पर्याप्त मात्रामा चाहिने मट्टितेल, ग्याँस, पेट्रोल वा अन्य यस्तै इन्धन निकुञ्जभित्र प्रवेश गर्ने बखतमा आफूसँग साथमा हुनु पर्नेछ ।

२२. प्रवेश दस्तूरमा छुट : (१) सरकारी काम कारबाहीको सिलसिलामा कुनै कर्मचारी निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(२) कसैले निकुञ्जभित्र पर्ने कुनै धार्मिक स्थलमा आफ्नो परम्परा अनुसार पाठपूजा वा दर्शन गर्नको लागि निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(३) निकुञ्जभित्र वा निकुञ्ज भएर मात्रै पुग्न सकिने गाउँमा स्थापित सार्वजनिक संस्थानको नेपाली तथा गैरनेपाली कर्मचारीलाई र त्यस्तो संस्थाको सेवा उपलब्ध गर्ने व्यक्तिलाई निकुञ्ज भएर जाँदा प्रवेश दस्तूर लाग्ने छैन ।

(४) नियम २८ बमोजिम नेपाल सरकारसित करार गरी कुनै सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थाका कर्मचारीको प्रवेश दस्तूरको हकमा सोही करार बमोजिम हुनेछ ।

(५) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण संस्था वा अन्य कुनै संस्थाको व्यक्ति वा संस्थाका संरक्षकले नि:शुल्क प्रवेश गर्न दिन सक्नेछ ।

(६) पर्वतारोहणको सिलसिलामा कसैले निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

तर निकुञ्जको कर्मचारीले पर्वतारोहणको अनुमतिपत्र हेर्न चाहेमा सम्बन्धित व्यक्तिले देखाउनु पर्नेछ ।

२३. दुर्घटना तथा मृत्यु भएमा सूचना गर्नु पर्ने : निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्तिको दुर्घटना वा मृत्यु भएमा त्यस्तो व्यक्तिसित साथमा गएका अन्य व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा निकुञ्जको कार्यालयमा गर्नु पर्नेछ ।

२४. <u>काठ दाउरा दिन सकिने</u> : (१) घर बनाउन वा मर्मत गर्न निमित्त काठ दाउरा लिन चाहने स्थानीय व्यक्तिले वन पैदावार बिक्री वितरण सम्बन्धी प्रचलित नियम बमोजिमको दस्तूर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसूची-५ बमोजिमको काठ दाउरा लिन पाउने पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको पूर्जी बमोजिमको काठ दाउरा सोही पूर्जीमा तोकेको क्षेत्रबाट लिनु पर्नेछ ।

📖२४क. <u>जडीबुटीको सङ्कलन तथा बिक्री वितरण</u> : (१) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको वनबाट प्रचलित कानून बमोजिम सङ्कलन गर्न पाउने जडीबुटीहरु सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले जडीबुटीको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खोली संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा माग बमोजिमको जडीबुटी सङ्कलन गर्न इजाजत दिन उपयुक्त देखिएमा अनुसूची-५क. मा उल्लिखित जडीबुटीको हकमा सो बमोजिमको दस्तुर समेत लिई तोकिएको क्षेत्र र परिमाणमा वर्षमा एक सिजनमा बढीमा तीस दिनको लागि अनुसूची-५ख. बमोजिमको ढाँचामा संरक्षकले जडीबुटी सङ्कलन गर्ने इजाजतपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त जडीबुटी सङ्कलन गर्ने इजाजतपत्र बमोजिम सङ्कलन गरिएको जडीबुटी त्यस्ता इजाजतपत्रसँग भिडाई तथा सङ्कलन गरेको परिमाण जाँची संरक्षकले प्रचलित कानून बमोजिमको दस्तुर लिई अनुसूची-५ग. बमोजिमको ढाँचामा छोडपूर्जी दिनु पर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकेको जातको जडीबुटीको सङ्कलन तथा बिक्री वितरणको लागि संरक्षकले बोल कबोल प्रथाद्वारा सबैभन्दा बढी दस्तुर कबोल गर्ने व्यक्तिलाई इजाजत दिन सक्नेछ ।

(५) उपनियम (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम सङ्कलन गर्न प्रतिबन्ध लगाइएका जडीबुटीको हकमा सङ्कलन इजाजत तथा छोडपूर्जी दिइने छैन ।

(६) कुनै व्यक्ति वा संस्थाले यस नियमावली बमोजिम सङ्कलन गरेको वा प्राप्त गरेको जडीबुटी मध्ये प्रचलित कानून बमोजिम विदेश निकासीमा प्रतिबन्ध लगाएको जडीबुटी बाहेक अन्य जडीबुटी विदेश निकासी गर्न

---

📖 पहिलो संशोधनद्वारा थप ।

निवेदन दिएमा संरक्षकले विदेश निकासी गर्ने अनुमतिका लागि सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

(७) प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित भई सारतत्व निकालेर मात्र विदेश निकासी गर्न पाइने भनी उल्लेख भएका जडीबुटीको हकमा सोही सूचना बमोजिम हुनेछ ।

२५. लगत लिन सकिने : संरक्षकले निकुञ्जको कार्यालयको अभिलेखको लागि स्थानीय व्यक्तिहरु तथा निजहरुको घर, खेतबारी र घरपालुवा जीवजन्तुहरुको लगत अनुसूची-६ बमोजिमको ढाँचामा लिन सक्नेछ ।

२६. निस्सा दिन र चिन्ह लगाउन सक्ने : संरक्षकले निकुञ्जको हितको लागि स्थानीय व्यक्तिलाई परिचयको निस्सा दिन र निजहरुको घरपालुवा जीवजन्तुलाई चिन्ह लगाउन सक्नेछ ।

२७. चरी चराउन सक्ने : स्थानीय व्यक्तिले निकुञ्जभित्र आफ्नो घरपालुवा जीवजन्तुलाई संरक्षकले तोकेको क्षेत्रमा मात्र चरी चराउन वा गोठ राख्न पाउनेछ ।

२८. नेपाल सरकारले निकुञ्जको हितका लागि सेवा सञ्चालन गर्न गराउन सक्ने : (१) निकुञ्जको हितको लागि नेपाल सरकारले निकुञ्जभित्र होटल, लज, छाप्रो, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था आफैं वा कुनै व्यक्तिसित करार गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्य व्यक्तिबाट सेवा सञ्चालन गराउँदा नेपाल सरकारले आवश्यकतानुसार त्यसको शर्त तोक्न सक्नेछ ।

(३) यो नियमावली लागू हुनुभन्दा अघिदेखि निकुञ्जभित्र सञ्चालन भएको होटल, लज, रेष्टुराँ वा चिया पसलका मालिकले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र यस नियमावली बमोजिम नेपाल सरकारसित करार गर्नु पर्नेछ ।

२९. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेञ्जरलाई हुनेछ :-

(क) नियम ४ को बर्खिलाप प्रवेशपत्र नलिई निकुञ्जभित्र प्रवेश गरेमा,

(ख) नियम ७ को खण्ड (ग), (ङ) वा (च) को बर्खिलाप कुनै काम कारबाही गरेमा वा सोही नियमको खण्ड (घ) को

बर्खिलाप पाँचसय रुपैयाँसम्म मोल पर्ने वन पैदावारमा कुनै किसिमले हानि नोक्सानी पुऱ्याएमा,

(ग) नियम ११ बमोजिम अनुमति नलिई माछा मारेमा,

(घ) नियम १३ को बर्खिलाप कुनै चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु टाँसेमा वा राखेमा,

(ङ) नियम १४ को बर्खिलाप कुनै बाजा बजाएमा,

(च) नियम १५ को बर्खिलाप फोहर मैला गरेमा वा फ्याँकेमा,

(छ) नियम १७ को बर्खिलाप निकुन्जभित्र पसेमा, हिँडडुल गरेमा वा सवारी चलाएमा,

(ज) नियम १८ को बर्खिलाप तोकिएको बाटो छोडी अन्यत्रबाट यात्रा गरेमा, घरपालुवा जीवजन्तु हिँडाएमा वा कुनै सवारी चलाएमा ।

३०. निर्माण कार्य गर्न नेपाल सरकारको स्वीकृति लिनु पर्ने : निकुञ्जभित्र कुनै सरकारी वा गैरसरकारी निर्माण कार्य वा योजना सञ्चालन गर्दा गराउँदा नेपाल सरकार, वन मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

३१. प्रवेश शुल्क नलगाउन सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको निकुञ्जहरुमा अवधि तोकी वा नतोकी नेपाली नागरिकलाई निकुञ्जभित्र प्रवेश शुल्क नलगाउन सक्नेछ ।

३२. सहायक संरक्षकको अधिकार : कुनै निकुञ्जमा संरक्षक नभएको अवस्थामा नियम २९ बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक यस नियमावली बमोजिमको संरक्षकको अधिकार सहायक संरक्षकले प्रयोग गर्न पाउनेछ ।

३३. अनुसूचीमा संशोधन गर्ने अधिकार : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरुमा संशोधन गर्न सक्नेछ ।

📖३४. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने : ऐन तथा यस नियमावलीको कार्यान्वयन गर्न वन तथा भू-संरक्षण मन्त्रालयले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

द्रष्टव्य : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

अनुसूची-१

(नियम ४ सँग सम्बन्धित)

नेपाल सरकार

..................... राष्ट्रिय निकुञ्ज

<u>प्रवेशपत्र</u>

सि.नं.

.............................

प्रदान गरेको मिति ............

प्रवेश गरेको मिति .............

प्रवेशस्थान.......................

नाम र थर :-

ठेगाना :-

राष्ट्रियता :-

उमेर :-

प्रवेश दस्तूर :- रु. ............................. (अक्षरुपी) ..................................

प्रवेशपत्र प्रदान गर्ने अधिकारी :-

नाम :-

सही :-

दर्जा :-

कार्यालयको छाप :-

<u>द्रष्टव्य:</u>

१. पाँच वर्षदेखि बाह्र वर्ष उमेरसम्मको व्यक्तिले प्रवेश दस्तूरको आधी तिर्नु पर्नेछ ।

२. यो प्रवेशपत्र एक पटक प्रवेशको निमित्त मात्र मान्य हुनेछ र अरु कसैलाई हस्तान्तरण गर्न सकिने छैन ।

३. यस प्रवेशपत्रको अर्को पृष्ठमा निकुञ्ज सम्बन्धी नियमहरु उल्लेख गरिएका छन् ।

४. यस निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सो अन्तर्गत बनेको नियमहरुको पालना गर्नु पर्नेछ ।

५. यस प्रवेशपत्रलाई आफ्नै साथमा राख्नु पर्नेछ र निकुञ्जको सम्बन्धित कर्मचारीले हेर्न चाहेमा देखाउनु पर्नेछ ।

## ❋अनुसूची-२

(नियम ४ र ११ सँग सम्बन्धित)

दस्तुर

| क्र.सं. | विवरण | दस्तुर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क मुलुकका नागरिक | अन्य विदेशी नागरिक |
| (क) | १. राष्ट्रिय निकुञ्जको प्रवेश दस्तुर (प्रति व्यक्ति प्रति प्रवेश) (१० वर्ष मुनिका बालबालिकालाई प्रवेश दस्तुर लाग्ने छैन ।) | निःशुल्क | १,५००।- | ३,०००।- |
| | २. पर्यटकीय भरियालाई राष्ट्रिय निकुञ्ज प्रवेश दस्तुर | २५।- | | |
| (ख) | १. माछा मार्ने दस्तुर (बल्छीले मात्र प्रति व्यक्ति प्रति दिनको लागि) | २००।- | १,०००।- | २,०००।- |
| | २. परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय बोटे, दराई, कुमाल, माझी, थारु तथा अन्य यस्तै जँतिका मानिसलाई | १००।- | | |

द्रष्टव्य :

(क) रीतपूर्वकको प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) निकुञ्जभित्र रहेको गाउँ वस्तीमा बसोबास गर्ने स्थानीय बासिन्दालाई निकुञ्ज प्रवेश दस्तुर लाग्ने छैन ।

(ग) घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजाँदा दस्तुर लाग्ने छैन ।

(घ) प्रवेशपत्र वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तुरमा शत प्रतिशत अतिरिक्त दस्तुर लिई प्रवेशको अनुमति दिइनेछ ।

---

❋ मिति २०६९।३।४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संशोधन गरिएको ।

## अनुसूची-३

(नियम ११ सँग सम्बन्धित)

नेपाल सरकार

..................... राष्ट्रिय निकुञ्ज

यस निकुञ्जभित्र माछा मार्नको लागि .......................................... बस्ने ................................ लाई निम्न दस्तूर लिई यो अनुमतिपत्र प्रदान गरिएको छ :-

१. सि.नं. :-

२. माछा मार्न बापत दस्तूर :-

३. माछा मार्न पाइने खोला/पोखरीको नाम :-

४. अनुमतिपत्र बहाल रहने अवधि :-

५. अनुमतिपत्र बुझिलिने व्यक्तिको सही :-

उमेर ....................

नागरिकता ..............

ठेगाना:-

स्थायी ..................

अस्थायी .................

६. मिति ..................

अनुमतिपत्र दिने अधिकारीको,-

नाम ..........

सही ..........

दर्जा .........

मिति .........

कार्यालयको छाप ........

अनुसूची-४

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

<u>बाटोहरु</u>

(क) <u>लामटाङ्ग राष्ट्रिय निकुञ्जको लागि:</u>

१. राम्चे-धुन्चे-स्याब्रु-रसुवागढी-मूलबाटो ।

२. धुन्चे-भार्सु-स्याब्रु-लामटाङ्ग-क्यानजिङध्याङ-मूलबाटो ।

३. धुन्चे-चन्दनवारी (सिंहगुम्वा)-गोसाईकुण्ड-ठाडेमेलाम्चे-मूलबाटो ।

४. स्याब्रुबेसी-वङगाल, खाङजिम-सेर्पा गाउँ लामटाङ्ग-मूलबाटो ।

५. छ्वाङडु-गान्जिला पास-हेलम्बु-मूलबाटो ।

६. धुन्चे-चन्दनवारी-गोसाईकुण्ड-ठाडैपाटी-गुल्फ भन्ज्याङ-मूलबाटो ।

(ख) <u>रारा राष्ट्रिय निकुञ्जको लागि:</u>

१. गुम-रारा-भूर्मा-मूलबाटो ।

२. भुर्मा-गोरुसिङ्गा-मूलबाटो ।

३. झ्यारी-मिलीचौर-भुर्मा-मूलबाटो ।

(ग) <u>सगरमाथा राष्ट्रिय निकुञ्जको लागि:</u>

१. लुक्ला-जोरसल्ले-नाम्चे-मूलबाटो ।

२. नाम्चे-थामे-नाङपाला-मूलबाटो ।

३. थामेगोम्पा-त्रासिलाप्चा पास-मूलबाटो ।

४. नाम्चे-खुण्डे-खुमजुङ-लाफार्मा-गोकियो-मूलबाटो ।

५. नाम्चे-खुमजुङ-ट्याङबोचे-मूलबाटो ।

६. नाम्चे-थ्याङबोचे-पाङ्वोचे-फेरिचे-लोबुचे-गोरकक्षप-काला पत्थर-सगरमाथा वेश क्याम्प-मूलबाटो ।

७. पाङबोचे-डिङवोचे-छुकुङ्ग-मूलबाटो ।

८. पाङबोचे-फोर्त्से-कोनार ना (गङथा) गोकियो-मूलबाटो ।

९. खुमजुङ-फार्त्से-मूलबाटो ।

१०. नाम्चे-स्याङबोचे होटेल एभरेष्ट भ्यू-मूलबाटो ।

११. खुमजुङ-नाम्चे-स्याङबोचे-मूलबाटो ।

१२. नाम्चे-स्याङबोचे-खुण्डे-मूलबाटो ।

📖(घ) शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको लागि :

१. दुनै-रह-आखे खोले-छेप्का-रेजीमूल बाटो ।

२. रैजी-पुग्मा-कागमारा लेक-हुरीकोट मूल बाटो ।

३. रैजी-पुनेखा-गुनाहा मूलबाटो ।

४. पुग्मा रिके-मुडुवा-रिग्म-शे गोम्बा मूल बाटो ।

५. पुग्म-पोलाप-रिग्म मूल बाटो ।

६. शे गोम्बा-टाट गाउँ-भिजेर फोता गाउँ-डोल्फू जाने मूल बाटो ।

७. मुडुवा-वरिया भन्ज्याङ-नाम्दो-साल्दाङ्ग-निसाल-खुङ भञ्ज्याङ जाने मूल बाटो ।

८. भिजेर गाउँ-कु गाउँ मूल बाटो ।

९. दुनै-खालारुपी-जलास-आखे खोला मूल बाटो ।

१०. शे गोम्बा-सालदाङ्ग मूल बाटो ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

अनुसूची-५

(नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

...................... राष्ट्रिय निकुञ्ज

काठ दाउरा लिन पाउने पूर्जी

१. सि.नं.:-

२. निकुञ्जभित्र काठ दाउरा लिन पाइने क्षेत्र:-

३. काठ दाउराको किसिम र परिमाण:-

४. टाँचा लगाउनु पर्नेमा लगाईने टाँचाको विवरण:-

५. पूर्जी बहाल रहने अवधि:-

६. काठ दाउरा लिन बापत लाग्ने दस्तूर:-

७. पूर्जी बुझी लिने व्यक्तिको:-

| | |
|---|---|
| नाम थर ........................... | पूर्जी दिने अधिकारीको,- |
| सही ............................... | नाम ....................... |
| नागरिकता ......................... | सही ...................... |
| ठेगाना: स्थायी ................... | दर्जा ..................... |
| अस्थायी ................ | मिति .................... |
| मिति ....................... | कार्यालयको छाप ...................... |

## 📖अनुसूची-५क.

(नियम २४क. को उपनियम (२) सँग सम्बन्धित)

**निकुञ्जबाट जडीबुटी सङ्कलन गर्न लाग्ने दस्तुर**

यार्सा गुम्बा प्रति व्यक्ति प्रति पूर्जी :

१. निकुञ्जको मध्यवर्ती क्षेत्रका बासिन्दाहरुका लागि रु. ५,००।-

२. मध्यवर्ती क्षेत्र बाहेक निकुञ्ज रहेको जिल्लाका बासिन्दाहरुका लागि रु. २,०००।-

३. निकुञ्ज रहेको जिल्ला बाहेकका अन्य जिल्लाका बासिन्दाहरुका लागि रु. ३,०००।-

📖 पहिलो संशोधनद्वारा थप ।

📖अनुसूची-५ख.

(नियम २४क. को उपनियम (२) सँग सम्बन्धित)

**जडीबुटी सङ्कलन इजाजतपत्र**

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................राष्ट्रिय निकुञ्ज कार्यालय

...............................

इजाजत प्राप्त गर्नेको,-
नाम, थर, वतन :-
नागरिकता नं :-
सङ्कलन गर्ने म्याद :-

घाटगद्दी स्थान :-

सङ्कलन दस्तुर :-

| सि.नं. | सङ्कलन गर्ने जडीबुटीको नाम | जडीबुटी सङ्कलन गर्ने क्षेत्र (वनको नाम, चौहद्दि) | परिमाण | सङ्कलन गर्ने तरिका | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बोधार्थ :

१) ...................... कार्यालय,
.....................।

..........................
(संरक्षक)

---

📖 पहिलो संशोधनद्वारा थप ।

[1] अनुसूची-५ग.

(नियम २४क. को उपनियम (३) सँग सम्बन्धित)

**जडीबुटीको छोडपूर्जी**

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

...........राष्ट्रिय निकुञ्ज कार्यालय

..................................

श्री ...........................

..................................

मिति ................ को सङ्कलन इजाजतपत्र अनुसार तपसिल बमोजिमको जडीबुटी ................ दिनभित्र .......................... स्थानबाट ................................. स्थानसम्म उठाई लैजाने गरी यो छोडपूर्जी दिइएको छ । बाटोमा पर्ने वन/निकुञ्ज/आरक्ष चेक पोष्टहरुबाट अनिवार्य रुपमा दरपीठ गराई लैजानु होला ।

तपसिल

| क्र.सं. | जडीबुटीको नाम | परिमाण | दर प्रति इकाई | कुल रकम जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बोधार्थ/कार्यार्थ :

१) ............................ कार्यालय ।
२) ...........राष्ट्रिय निकुञ्ज कार्यालय, लेखा शाखा ।
३) बाटोमा पर्ने सबै वन/निकुञ्ज/आरक्ष चेक पोष्टहरु ।

........................

(संरक्षक)

---

[1] पहिलो संशोधनद्वारा थप ।

अनुसूची-६

(नियम २५ सँग सम्बन्धित)

नेपाल सरकार

.......................... राष्ट्रिय निकुञ्ज

<u>लगत लिने ढाँचा</u>

सि.नं.

१. गाउँको नाम:-

२. ▶पञ्चायत र वडा:-

३. परिवारको मुख्यको नाम:-

४. परिवारको सदस्य संख्या:-

(क) बाह्र वर्ष माथिका (मर्दाना ...............

(जनाना .............

(ख) बाह्र वर्षसम्मको (मर्दाना .............

(जनाना ...............

५. घरपालुवा जीवजन्तु :-

| जीवजन्तुको किसिम वा जात | भाले संख्या | पोथी संख्या | जम्मा संख्या |
|---|---|---|---|
| याक, चौंरी | - | - | - |
| भेडा, च्याङग्रा | - | - | - |
| बोका, बाखा | - | - | - |
| गाई, गोरु | - | - | - |
| भैंसी, राँगो | - | - | - |
| घोडा तथा खच्चड | - | - | - |
| हाँस कुखुरा तथा अन्य पंक्षी | - | - | - |
| कुकुर | - | - | - |
| बिरालो | - | - | - |
| अन्य जनावर | - | - | - |
| | - | - | - |

▶ हाल "पञ्चायत" भन्ने निकायको सट्टा "गाउँपालिका वा नगरपालिका" भन्ने निकाय रहेको ।

६. घरको :-

तल्ला .........

गाह्रो (काठ, ढुङ्गा, ईट वा अन्य)...............

छाना (काठ, ढुङ्गा, जस्ता, टीन वा अन्य) ........

चिम्नी (भएको वा नभएको) .........

अन्य विवरण (केही भए) ....................

७. खेतवारी :-

खेत, बारी, गोठ, खर्क, आदि के हो त्यसको विवरण :-

खेत, बारी, खर्क, अन्य (छुट्टा छुट्टै) क्षेत्रफल :-

८. विविध :-

सालिन्दा चाहिने दाउराको अनुमानित मानिस भारी ................

घर मरमतको लागि चाहिने अनुमानित काठ (क्यूविक फुट) ............

चरिचरणको लागि चाहिने अनुमानित जग्गा क्षेत्रफल .....................

लगत लिने अधिकारीको,-

नाम .....................

सही ....................

दर्जा ...................

मिति ..................

# भू तथा जलाधार संरक्षण नियमावली, २०४२

नेपाल राजपत्रमा प्रकाशित मिति
२०४२।१२।३१

संशोधन

भू तथा जलाधार संरक्षण (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।३०

भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "भू तथा जलाधार संरक्षण नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले "भू तथा जलाधार संरक्षण ऐन, २०३९" सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले ऐनको दफा १५ बमोजिम गठन भएको राष्ट्रिय स्रोत संरक्षण आयोग सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १६ बमोजिम गठन भएको जिल्ला भू तथा जलाधार संरक्षण समिति सम्झनु पर्छ ।

३. संरक्षित जलाधार क्षेत्र घोषित गर्ने : (१) भू तथा जलाधार संरक्षणको लागि नेपाल ⏭……… को कुनै क्षेत्रलाई ऐनको दफा ३ बमोजिम संरक्षित जलाधार क्षेत्र घोषित गर्ने प्रयोजनको लागि जलाधार संरक्षण अधिकृतले आवश्यक जाँचबुझ, अध्ययन तथा सर्वेक्षण गरी समितिको समेत परामर्श लिई संरक्षित जलाधार क्षेत्र घोषित गर्न आवश्यक देखिएको क्षेत्रको चारकिल्ला तथा क्षेत्रफल खुलाई विभागमा लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखी आएपछि विभागले आवश्यक देखेमा पुन: जाँचबुझ, अध्ययन तथा सर्भेक्षण गरी गराई चारकिल्ला तथा क्षेत्रफलमा हेरफेर गर्नु पर्ने देखिएमा सो समेत गरी नेपाल सरकार, वन तथा भू संरक्षण मन्त्रालयमा पठाउनु पर्नेछ ।

४. जग्गाको वर्गीकरण : (१) संरक्षित जलाधार क्षेत्रमा भू तथा जलाधार संरक्षणको लागि ऐनको दफा ४ मा उल्लेख भए बमोजिमका कामहरुको

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

प्रयोजनको लागि संरक्षित जलाधार क्षेत्रभित्रको जग्गालाई जलाधार संरक्षण अधिकृतले सिमाना, क्षेत्रफल र त्यस्तो जग्गामा गरिने कार्यहरु समेत खुलाई वर्गीकरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षित जलाधार क्षेत्रभित्रको जग्गाको वर्गीकरण गर्दा जलाधार संरक्षण अधिकृतले समितिको परामर्श लिनु पर्नेछ ।

(३) यस नियम बमोजिम जग्गाको वर्गीकरण गरिएको सूचना अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्तिहरुको जानकारीको लागि जलाधार संरक्षण अधिकृतले आफ्नो कार्यालय, गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समितिको कार्यालयमा टाँस्नु पर्नेछ र त्यस्तो सूचना एक प्रति विभागमा पनि पठाउनु पर्नेछ ।

५. भू-उपयोगिता प्रणाली अपनाई खेती गर्ने : (१) जलाधार संरक्षण अधिकृतले संरक्षित जलाधार क्षेत्रभित्रको जग्गामध्ये ऐनको दफा ४ को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिम कार्य गरिनु पर्ने भनी वर्गीकरण गरिएको जग्गामा भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली वा फलफूलको खेती गर्न तथा रुख विरुवा वा घाँस लगाउन वा अन्य कुनै कार्य गर्नु गराउनु पर्ने भएमा त्यस्ता जग्गाको क्षेत्रफल र सिमाना समेत तोकिदिनु पर्नेछ र त्यसको जानकारी विभागलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई खेती गर्नु गराउनु भनी तोकिदिएको जग्गा निजी स्वामित्वको भएमा त्यस्तो जग्गामा जग्गाधनी वा मोहीले भू-उपयोगिता प्रणाली अपनाई खेती गर्नु पर्नेछ ।

६. भू-उपयोगिता प्रणाली अपनाई खेती गर्न सहयोग दिने : (१) नियम ५ बमोजिम भू-उपयोगिता प्रणाली अपनाई खेती गर्न प्राविधिक ज्ञान, सेवा तथा आर्थिक सहयोग चाहेमा खेतीको प्रकृति अनुसार आवश्यक पर्ने प्राविधिक ज्ञान, सेवा तथा आर्थिक सहयोगको विवरण खोली सम्बन्धित जग्गाधनी वा मोहीले अनुसूची-२ बमोजिमको ढाँचामा जलाधार संरक्षण अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा जलाधार संरक्षण अधिकृतले आवश्यक जाँचबुझ गरी जग्गा धनी वा मोहीलाई आवश्यक पर्ने प्राविधिक ज्ञान, सेवा तथा आर्थिक सहयोगको किटान समेत गरी निकासाको लागि विभागमा लेखिपठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निकासाको लागि लेखि आएपछि विभागले आवश्यक देखेमा पुन: जाँचबुझ गराई यथाशीघ्र निकासा दिनु पर्नेछ ।

७. जग्गा धनीले जग्गाको स्वामित्व छोड्न सक्ने : (१) ऐनको दफा ६ र नियम ५ बमोजिम भू-उपयोगिता प्रणाली अपनाई खेती गर्नु पर्ने भनी तोकिदिएको निजी स्वामित्वको जग्गा सम्बन्धित जग्गाधनीले मुआव्जा लिई आफ्नो स्वामित्व नेपाल सरकारलाई छोड्न सक्नेछ । त्यसरी आफ्नो स्वामित्व छोड्न चाहने जग्गाधनीले मुआव्जा निर्धारणको निमित्त सम्बन्धित जग्गाको क्षेत्रफल, सिमाना र त्यस्तो जग्गामा स्वामित्व भएको प्रमाण पत्र समेत संलग्न गरी जलाधार संरक्षण अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि जलाधार संरक्षण अधिकृतले प्रचलित दरभाउलाई ध्यानमा राखी जग्गाको मुआव्जा निर्धारण गरी जग्गाको मुआव्जा निकासाको लागि विभागमा लेखि पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमेजिम निकासाको लागि लेखी आएपछि विभागले आवश्यक देखेमा पुन: जाँचबुझ गराई यथाशीघ्र निकासा दिनु पर्नेछ ।

८. जग्गाको स्वामित्व नेपाल सरकारमा सर्ने : (१) नियम ७ बमोजिम निजी स्वामित्वको जग्गाको मुआव्जा निकासा भई आए पछि जलाधार संरक्षण अधिकृतले सम्बन्धित जग्गाधनीलाई निकासा भएको मुआव्जा बुझी लिनको लागि जनाउ दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जनाउ जग्गाधनीलाई दिएपछि सो जग्गा नेपाल सरकारको स्वामित्वमा सर्नेछ ।

९. प्राविधिक ज्ञान तथा सेवा र आर्थिक सहयोग प्रदान गर्ने : (१) संरक्षित जलाधार क्षेत्रभित्र परेको निजी स्वामित्वको जग्गामा बाढी, पैह्रो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको रोकथाम वा नियन्त्रण गर्ने, बाँध, गल्छी नियन्त्रण, तटवन्ध, गरा सुधार, कुलो, सहायक कुलो, ढल, टेवा दिने पर्खाल, पोखरी र त्यस्तो अन्य आवश्यक बनोटको निर्माण गर्न तथा त्यसको स्याहार सम्भार गर्नु पर्ने भएमा त्यस्तो काम जग्गाधनी आफैँ गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको काम गर्न आवश्यक पर्ने प्राविधिक ज्ञान, सेवा र आर्थिक सहयोग चाहेमा कामको योजना, आवश्यक पर्ने प्राविधिक ज्ञान, सेवा र आर्थिक विवरण खोली सम्बन्धित जग्गाधनीले अनुसूची–३ बमोजिमको ढाँचामा जलाधार संरक्षण अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम परेको निवेदनमा जलाधार संरक्षण अधिकृतले आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित निकासाको लागि विभागमा लेखी पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम लेखीआएपछि विभागले आवश्यक देखेमा पुन: जाँचबुझ गरी गराई यथाशीघ्र निकासा दिनु पर्नेछ ।

१०. प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गा तोक्ने : (१) जलाधार संरक्षण अधिकृतले संरक्षित जलाधार क्षेत्रभित्रको जग्गा मध्ये बाढी पैरो आउने वा आउन सक्ने वा भू-क्षय वा भू कटान हुने वा हुन सक्ने जग्गाको क्षेत्रफल र सिमाना तोकिदिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिदिएको जग्गामा नियम ११ बमोजिम अनुमति नलिई ऐनको दफा १० को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा उल्लिखित कार्यहरु कसैले गर्न पाउने छैन ।

(३) यस नियम बमोजिम प्राकृतिक प्रकोप हुने वा हुन सक्ने भनी तोकिदिएको जग्गाको सिमाना र सो क्षेत्रमा अनुमति नलिई गर्न नपाइने कार्यहरुको विवरण सहितको सूचना सर्वसाधारणको जानकारीको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समितिको कार्यालयमा टाँस्नु पर्नेछ ।

११. अनुमति लिनु पर्ने : (१) नियम १० को उपनियम (१) बमोजिम प्राकृतिक प्रकोप हुने वा हुन सक्ने भनी तोकिदिएको जग्गामा ऐनको दफा १० को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिमका कुनै कार्य गर्नुपर्ने भएमा त्यस्तो कार्य गर्नु परेको कारणसमेत खोली अनुसूची–४ बमोजिको ढाँचामा जलाधार संरक्षण अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि जलाधार संरक्षण अधिकृतले जाँचबुझ गर्दा ऐनको उद्देश्य विपरीत कार्य हुने नदेखिएमा अनुसूची–५ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ ।

१२. भू-क्षय वा भू-कटान रोक्न सक्ने : (१) जलाधार संरक्षण अधिकृतले ऐनको दफा ४ अन्तर्गतको कुनै काम भएको जग्गामा र त्यस्तो जग्गाको वरपरको जग्गामा भू-क्षय वा भू-कटान हुन सक्ने कामहरु गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै काम गर्न निषेध गरिएको सूचना सम्बन्धित जग्गाको सिमाना तथा निषेधित कामहरुको विवरण समेत खोली सर्वसाधारणको जानकारीको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समितिको कार्यालयमा टाँस्नु पर्नेछ ।

१३. राष्ट्रिय स्रोत संरक्षण आयोगको काम, कर्तव्य र अधिकार : (१) ऐनको दफा १५ बमोजिमको राष्ट्रिय स्रोत संरक्षण आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बाढी पैरो, भू क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण सम्बन्धी विषयमा नीति, उद्देश्य,

प्राथमिकता एवं लक्ष्य निर्धारण गर्नको लागि नेपाल सरकारलाई राय दिने ।

(ख) भू तथा जलाधार संरक्षण सम्बन्धी काम कार्यान्वयन गर्ने आयोजनाहरु बीच समन्वय गराउने ।

(ग) भू तथा जलाधार संरक्षण योजनाहरुको समीक्षा एवं मूल्याङ्कन गरी नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्ने ।

(घ) भू तथा जलाधार संरक्षणको लागि अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पर्क स्थापित गर्ने ।

(ङ) भू तथा जलाधार संरक्षण सम्बन्धी गोष्ठी, तालिम, सम्मेलन, सेमिनारको आयोजना गर्ने ।

(च) भू तथा जलाधार संरक्षण सम्बन्धी नेपाल सरकारले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

१४. आयोगको बैठक र कार्यविधि : (१) आयोगको बैठक आवश्यकता अनुसार आयोगको अध्यक्षले तोकेको स्थान र समयमा बस्नेछ ।

(२) आयोगको बैठकको गणपुरक संख्या आयोगको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(३) आयोगको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा आयोगको अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।

(४) आयोगको निर्णय वा आदेश आयोगको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(५) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. आयोगको सचिवालय : आयोगको सचिवालयको व्यवस्था भू तथा जलाधार संरक्षण विभागले गर्नेछ ।

१६. समितिको काम, कर्तव्य र अधिकार : ऐनको दफा १६ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित जिल्लामा सञ्चालन हुने भू तथा जलाधार संरक्षण सम्बन्धी कार्यहरु लक्ष्य र उद्देश्य अनुरुप लागू गर्न सहयोग गर्ने ।

(ख) भू तथा जलाधार संरक्षण सम्बन्धी आयोजना कार्यान्वयन गर्दा स्थानीय स्तरका समस्या समाधान गर्न सघाउ पुऱ्याउने ।

(ग) भू तथा जलाधार संरक्षण आयोजना सञ्चालन गर्ने विभिन्न निकाय बीच समन्वय कायम गर्ने ।

(घ) भू तथा जलाधार संरक्षणको लागि आवश्यकता पर्ने जनसहभागिता उपलब्ध गराउने ।

(ङ) आवश्यकता अनुसार उप-समितिहरु गठन गर्ने ।

१७. समितिको बैठक र कार्यविधि : (१) समितिको बैठक आवश्यकतानुसार समितिको अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(३) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा समितिको अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।

(४) समितिको निर्णय वा आदेश समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

---

द्रष्टव्य : (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) पहिलो संशोधनद्वारा रुपान्तर भएका शब्दहरु "गाउँ वा नगर र जिल्ला पञ्चायत कार्यालयमा" को सट्टा "गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समितिको कार्यालयमा" रहेकोमा हाल ती निकायको सट्टा "गाउँपालिका वा नगरपालिका र जिल्ला समन्वय समिति" कायम भएको ।

# अनुसूची-१

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

संरक्षित जलाधार क्षेत्रभित्रको निम्न लिखित जग्गामा भू तथा जलाधार संरक्षणको लागि निम्न लिखित कार्यहरु गर्ने गराउने प्रयोजनको लागि जग्गाको वर्गीकरण गरिएको हुँदा सम्बन्धित व्यक्तिहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>जग्गाको सिमाना</u> <u>क्षेत्रफल</u>

<u>कामहरु</u>

(१)

(२)

(३)

(४)

जलाधार संरक्षण अधिकृतको,-

दस्तखत :-

पूरा नाम :-

मिति :-

अनुसूची-२

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

श्री जलाधार संरक्षण अधिकृत,

भू तथा जलाधार संरक्षण कार्यालय ........................।

संरक्षित जलाधार क्षेत्रभित्रको निम्न लिखित जग्गामा भू-उपयोगिता प्रणाली अपनाई निम्न लिखित कामहरु गर्न निम्न बमोजिमको प्राविधिक ज्ञान तथा आर्थिक सहयोग आवश्यक भएकोले सो उपलब्ध गराई दिनु हुन निवेदन गरेको छु/छौं।

(१) जग्गाको विवरण :-

(क) क्षेत्रफल

(ख) सिमाना

(ग) ..........

(२) कामको विवरण :-

(क) ...........

(ख) ............

(ग) ...........

(३) आवश्यक प्राविधिक ज्ञान र सेवाको विवरण :-

(क) ..............

(ख) ..............

(ग) ..............

(४) भू-उपयोगिता प्रणाली अपनाई गरिने कार्यको लागि चाहिने खर्चको विस्तृत विवरण :-

(क) जम्मा लाग्ने रकम :-

(ख) आफुले व्यहोर्ने रकम :-

(ग) आर्थिक सहयोग माग गरेको रकम :-

निवेदकको,-

दस्तखत :-

पूरा नाम :-

मिति :-

अनुसूची-३

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

श्री जलाधार संरक्षण अधिकृत,

भू तथा जलाधार संरक्षण कार्यालय................।

मेरो/हाम्रो निजी स्वामित्व भएको निम्न लिखित जग्गामा निम्न लिखित काम गर्ने इच्छा भएको र सो कामको लागि निम्न बमोजिमको प्राविधिक ज्ञान, सेवा तथा आर्थिक सहयोगको आवश्यकता भएकोले सो उपलब्ध गराइ दिनु हुन निवेदन गरेको छु/छौं।

(१) जग्गाको विवरण :-
(क) क्षेत्रफल
(ख) सिमाना
(ग) ..........

(२) कामको विवरण :-
(क) ...........
(ख) ............
(ग) ...........

(३) आवश्यक प्राविधिक ज्ञान र सेवाको विवरण :-
(क) ..............
(ख) ..............
(ग) ..............

(४) लाग्ने खर्चको विस्तृत विवरण :-
(क) जम्मा लाग्ने रकम :-
(ख) आफुले व्यहोर्ने रकम :-
(ग) आर्थिक सहयोग माग गरेको रकम :-

निवेदकको,-
दस्तखत :-
पूरा नाम :-
मिति :-

## अनुसूची-४

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

श्री जलाधार संरक्षण अधिकृत,

भू तथा जलाधार संरक्षण कार्यालय............।

संरक्षित जलाधार क्षेत्रभित्र निम्न लिखित कारणले गर्दा निम्नलिखित काम गर्न आवश्यक भएकोले अनुमतिको लागि निवेदन गरेको छु/छौं । उल्लिखित कार्य भू तथा जलाधार संरक्षण ऐन र नियम तथा त्यस कार्यालयबाट तोकिदिएको शर्त बन्देजको अधीनमा रही गर्नेछु/छौं ।

(१) कामको विवरण :-

(क)...........

(ख)............

(ग)...........

(२) उल्लिखित काम गर्नु परेको कारणहरु :-

(क)..............

(ख)..............

(ग)..............

निवेदकको,-

दस्तखत :-

पूरा नाम :-

मिति :-

## अनुसूची-५

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

श्री ......................................।

...........................................।

भू तथा जलाधार संरक्षण ऐन, नियम तथा निम्न लिखित शर्त बन्देजको अधीनमा रही मिति .............. देखि मिति ............ सम्म निम्न लिखित कार्य गर्न पाउने गरी यो अनुमति प्रदान गरिएको छ ।

(१) गर्न पाउने कामको विवरण :-

(क) ...........

(ख) ............

(ग) ...........

(२) शर्त बन्देजहरु :-

(क) ..............

(ख) ..............

(ग) ..............

जलाधार संरक्षण अधिकृतको,

दस्तखत :-

पूरा नाम :-

मिति :-

# खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०४४।७।२

संशोधन
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही
नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम “खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) “निकुञ्ज” भन्नाले खप्तड राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) “संरक्षक” भन्नाले निकुञ्जको प्रशासनको अभिभारा भएको निकुञ्जको मुख्य अधिकृत सम्झनु पर्छ ।

(घ) “सहायक संरक्षक” भन्नाले निकुञ्जको सहायक संरक्षक सम्झनु पर्छ ।

(ङ) “धार्मिक क्षेत्र” भन्नाले खप्तड राष्ट्रिय निकुञ्जभित्रको कुनै क्षेत्रमा सिमाङ्कन गरी धार्मिक क्षेत्र भनी छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

(च) “स्थानीय व्यक्ति” भन्नाले निकुञ्जको क्षेत्रले घेरिएको वा निकुञ्जसँग जोडिएको गाउँमा स्थायी बसोबास गरेको व्यक्ति सम्झनु पर्छ ।

(छ) “विभाग” भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

३. निकुञ्जको सिमाना : निकुञ्जको सिमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

४. निकुञ्जभित्र प्रवेश : निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले संरक्षकबाट अनुसूची-१ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ र प्रवेशपत्र लिँदा अनुसूची-२ बमोजिमको दस्तूर लाग्नेछ ।

५. प्रवेश निषेध गर्न सक्ने : निकुञ्जको हितको लागि संरक्षकले निकुञ्जभित्र कुनै पनि व्यक्तिको प्रवेश निषेध गर्न सक्नेछ ।

तर यसरी प्रवेश निषेध गर्दा स्थानीय व्यक्ति तथा निकुञ्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिलाई निकुञ्जको बाटो भएर आवत जावत गर्न रोक लगाएको वा नियम २० बमोजिमको तोकिएको बाटोबाट आवागमन गर्न रोक लगाएको मानिने छैन ।

६. निकुञ्जमा प्रवेश आफ्नो दायित्वमा हुने : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानि नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानि नोक्सानी, चोटपटक वा मृत्यु भए बापत क्षतिपूर्तिको निमित्त नेपाल सरकार जिम्मेवार हुनेछैन ।

७. निकुञ्जभित्र निषिद्ध कार्यहरु : संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र देहायका कार्यहरु गर्न गराउन पाउने छैन ।

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु बनोट बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भागमा कब्जा गर्न, वनस्पति सफा गर्न वा नोक्सानी पुऱ्याउन, आवाद गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) घरपालुवा जीवजन्तु वा पंक्षी चरी चराउन र तिनीहरुलाई खोला वा पोखरीमा पानी खुवाउन,

(घ) रुख, बिरुवा, झाडी वा अन्य कुनै वनस्पति काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा त्यस्तो वनस्पति सुक्ने कुनै काम गर्न वा त्यस्तो वनस्पतिमा आगो लगाउन वा अरु कुनै प्रकारको हानि नोक्सानी पुऱ्याउन,

(ङ) कुनै स्थानमा रात बिताउन, क्याम्प गर्न वा आगो बाल्न,

(च) ढुङ्गा बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो वा अन्य त्यस्तै पदार्थ हटाउन वा कुनै किसिमले जग्गालाई क्षति पुऱ्याउन,

(छ) निकुञ्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

(ज) बाहिरी वातावरणमा हुर्केको (एक्जोटिक) बिरुवा, जीवजन्तु वा पंक्षी निकुञ्जभित्र ल्याउन वा छाड्न ।

तर खप्तड राष्ट्रिय निकुञ्ज स्थापना हुनु अघि निकुञ्जभित्र कानूनी अधिकार पाई बसेका स्थानीय बासिन्दाहरुको आफ्नो हक भोगको जग्गामा यो नियम लागू हुनेछैन ।

८. धार्मिक क्षेत्रभित्र निषिद्ध कार्यहरु : कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्रका धार्मिक क्षेत्रभित्र देहायका कार्यहरु गर्न पाउनेछैन :-

(क) कुनै पशु, पंक्षीलाई मार्न, बली चढाउन वा मासु बिक्री गर्न, खान वा खुवाउन,

(ख) कुनै मादक पदार्थ बिक्री गर्न वा सेवन गर्न,

(ग) पूजा तथा अन्य धार्मिक कार्यको लागि बाहेक धर्मशालामा रात बिताउन,

(घ) चरी चराउन वा गोठ राख्न,

(ङ) तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा आगो बाल्न ।

९. साथमा राख्न, लैजान वा प्रयोग गर्न नपाइने वस्तुहरु : संरक्षकको लिखित अनुमति नलिई कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा वा नियम २० बमोजिम तोकिएको बाटोबाट हिँड्दा देहायका चिज वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैन :-

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप वा चोट पुऱ्याउन सक्ने वा गोली प्रयोग हुने जुनसुकै हातहतियार, खरखजाना, विष, विस्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुका सुकेको वा आलो मासु ।

तर स्थानीय व्यक्ति र निकुञ्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिले आफ्नो घरायसी कामको लागि खुकुरी, बन्चरो र यस्तै हातहतियार मात्र निकुञ्जभित्रबाट लैजान बाधा पर्नेछैन ।

१०. वनस्पति वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन नहुने : कसैले निकुञ्जभित्र वा बाहिरबाट आगो लगाई वा अन्य कुनै किसिमले निकुञ्जभित्रको वनस्पति, झारपात वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

११. वन्यजन्तु वा पंक्षीको शिकार गर्न र पंक्षी वा कीट कीटाणुको फुल, गुँड वा गोला बिगार्न नहुने : निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन गर्न ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षकको लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु पंक्षी वा कीट कीटाणुलाई मार्न, पक्रन वा चोट पुऱ्याउन वा अन्य कुनै पंक्षी वा कीट कीटाणुको फुल, गुँड वा गोला हटाउन बिगार्न वा खलबल्याउन वा कुनै कीट कीटाणु, माछा वा प्राकृतिक उपज सङ्कलन गर्न हुँदैन ।

१२. अनुमति नलिई माछा मार्न नपाइने : (१) कुनै व्यक्तिले अनुसुची-२ बमोजिम लाग्ने दस्तूर तिरी संरक्षकबाट अनुसूची-३ बमोजिमको ढाँचाको अनुमतिपत्र नलिई निकुञ्जभित्र रहेको खोला वा पोखरीको माछा मार्न हुँदैन ।

(२) धार्मिक क्षेत्रभित्रको खोला वा पोखरीमा माछा मार्न पाइने छैन ।

(३) यस नियम बमोजिम अनुमतिपत्र लिई माछा मार्न चाहने व्यक्तिले माछा मार्दा बल्छी बाहेक अन्य साधन प्रयोग गर्न हुँदैन ।

(४) उपनियम (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि चैत्र १ गतेदेखि आश्विन मसान्तसम्म माछा मार्न पाइने छैन ।

१३. विभागको पूर्व स्वीकृति लिनु पर्ने : कसैले निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति प्राप्त गरी त्यस्तो काम गर्न सक्नेछ । त्यसरी स्वीकृति प्राप्त गरी गरेको अनुसन्धानको एकप्रति विभाग समक्ष पेश गर्नु पर्नेछ ।

तर अनुसन्धान कार्य गर्ने इजाजत प्राप्त व्यक्तिले निकुञ्जको हितको प्रतिकूल असर पर्ने कुनै काम कारबाही गर्नु हुँदैन । निकुञ्जको हितको प्रतिकूल असर पर्ने काम कारबाही गरेकोमा त्यस्तो कार्य संरक्षकले तत्काल रोकी सम्पूर्ण विवरण सहित विभागमा पठाउनु पर्नेछ र विभागले पनि त्यसरी आएको विवरणमा आवश्यक जाँचबुझ गर्दा निकुञ्जको हितको प्रतिकूल असर पर्ने काम कारबाही गरेको ठहरे त्यस्तो अनुसन्धान कार्य गर्न इजाजत रद्द गर्न सक्नेछ ।

१४. पोस्टर टाँस्न वा राख्न नपाउने : निकुञ्जको प्रयोजनको लागि निकुञ्जको कार्यालयको कर्मचारीले बाहेक निकुञ्जभित्र अरु कसैले पनि कुनै किसिमको चिन्हपट, सूचनापट, विज्ञापन वा अन्य यस्तै किसिमका पोस्टरहरु टाँस्न वा राख्न पाउने छैन ।

१५. बाजाहरु बजाउन नपाइने : निकुञ्जभित्रको धार्मिक स्थल, निवास स्थान, होटल, लज वा रेष्टुराँमा बाहेक अन्यत्र कसैले रेडियो, टेप, रेकर्ड वा अन्य कुनै बाजाहरु बजाउन पाइने छैन ।

१६. फोहर मैला गर्न वा फाल्न नपाउने : कसैले निकुञ्जभित्र फोहर मैला गर्न वा फोहर फाल्न हुँदैन ।

१७. विषालु पदार्थ फ्याक्न, हाल्न वा छर्न नपाइने : निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रसायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याक्न वा निकुञ्ज भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुँदैन ।

१८. इशारा सङ्केत मान्नु पर्ने : निकुञ्जको क्षेत्रभित्र सबै सवारी चालक, पैदल यात्री वा तीर्थयात्रीले निकुञ्जको कर्मचारीले गरेको इशारा वा सङकेतलाई वा त्यस्तो इशारा वा सङ्केत जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी चलाउनु र हिँड्नु पर्नेछ ।

१९. आवागमनमा प्रतिबन्ध : होटल, लज वा तोकिएको स्थानमा बाहेक संरक्षकको लिखित अनुमति बिना साँझ सात बजेदेखि बिहान पाँच बजेसम्म कसैले निकुञ्जभित्र पस्न वा हिँडडुल गर्न वा याक वा खच्चड लगायतका कुनै पनि किसिमको सवारी हिँडाउन हुँदैन ।

तर स्थानीय व्यक्ति वा निकुञ्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिलाई निकुञ्जको बाटो भएर आवत जावत गर्न वा सरकारी कर्मचारीले आफ्नो काम काजको सिलसिलामा कुनै पनि समयमा निकुञ्जभित्र प्रवेश गर्न बाधा पर्ने छैन ।

२०. बाटोको सुविधा : (१) संरक्षकले निकुञ्जभित्र सर्वसाधारणको सुविधाको लागि अनुसूची-४ मा तोकिए बमोजिमको बाटोबाट पैदल यात्रा गर्न घरपालुवा जीवजन्तु हिँडाउन वा याक वा खच्चड लगायत कुनै पनि किसिमको सवारी हिँडाउन चिन्हपट लगाई त्यस्तो बाटो तोकी दिन सक्नेछ र सर्वसाधारण जनताले पनि त्यसरी चिन्हपट लगाई तोकिदिएको बाटो मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संरक्षकको लिखित अनुमति विना कुनै पनि अवस्थामा कसैले उपनियम (१) बमोजिम चिन्हपट लगाई तोकिदिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा चिन्हपट लगाई तोकिदिएको बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म संरक्षकले सो बाटो बन्द गर्न सक्नेछ ।

२१. सवारी साधन वा घरपालुवा जीवजन्तु पक्री कारबाहीको लागि बुझाउने : यस नियमावली बमोजिम निकुञ्जभित्र सुविधा दिइएको बाटो बाहेक अन्य बाटोबाट सवारी साधन वा घर पालुवा जीवजन्तु हिँडाएको भेटिएमा संरक्षक वा निजले खटाएको कर्मचारीले त्यस्तो सवारी साधन वा घर पालुवा जीवजन्तु पक्री सम्बन्धित अधिकारी समक्ष कारबाहीको लागि बुझाउनेछ ।

२२. गिरफ्तार गर्न सकिने : (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, वन्यजन्तु सुरक्षा गार्ड वा निकुञ्जका अन्य कर्मचारीले कुनै व्यक्तिलाई ऐनको बर्खिलाप काम गरेको अभियोगमा गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको घर, मालसामान वा सवारी साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि सहायक संरक्षक, रेञ्जर वा जमदार दर्जासम्मका वन्यजन्तु सुरक्षा गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

२३. निकुञ्जभित्र प्रवेश गर्दा पालन गर्नु पर्ने कुराहरु : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने प्रत्येक व्यक्तिले देहायका कुराहरुको पालना गर्नु पर्नेछ :-

(क) निकुञ्जभित्र प्रवेश गरेपछि आफ्नो वा आफ्नो साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य व्यक्तिले प्रयोग गरेका खानेकुराहरुका बट्टाहरु, मादक पदार्थ वा अन्य वस्तुका शिशीहरु, फिलिमका रीलका बट्टाहरु, प्याक गर्ने कागजपत्रहरु, प्लाष्टिकका थैलाहरु, अक्सिजनका भाँडा वा सिलिण्डर वा अन्य फ्याँकिने सरसामग्रीहरु संरक्षक वा निकुञ्जका अन्य कुनै कर्मचारीले तोकेको ठाउँमा फाल्नु पर्नेछ ।

(ख) निकुञ्जभित्र आफ्नो र आफ्नो साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको दैनिक उपभोगको लागि चाहिने काठ, दाउरा, स्याउला र पालको किला वा कुनै अन्य प्रयोजनको लागि चाहिने काठ, निकुञ्जको झाडी, बुट्यान वा ढलेको रुख वा खडा रुख समेतबाट प्रयोग गर्नु हुँदैन र त्यस्तो काठ दाउरा स्थानीय व्यक्तिबाट खरिद गर्न समेत हुँदैन ।

(ग) निकुञ्जभित्र प्रवेश गर्दा आफ्नो र आफ्ना साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको लागि पर्याप्त मात्रामा चाहिने मट्टितेल, ग्याँस, पेट्रोल वा अन्य यस्तै इन्धन निकुञ्जभित्र प्रवेश गर्ने बखत आफूसँग साथमा हुनुपर्नेछ ।

२४. प्रवेश दस्तूरमा छुट : (१) सरकारी काम कारबाहीको सिलसिलामा कुनै कर्मचारी निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(२) कसैले निकुञ्जभित्र पर्ने कुनै धार्मिक स्थलमा आफ्नो परम्परा अनुसार पाठ पूजा वा दर्शन गर्नको लागि निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(३) निकुञ्जभित्र वा निकुञ्ज भएर मात्र पुग्न सकिने गाउँमा स्थापित सार्वजनिक संस्थामा काम गर्ने नेपाली तथा गैरनेपाली कर्मचारीलाई र त्यस्तो संस्थाको सेवा उपभोग गर्ने व्यक्तिलाई र नियम २० बमोजिम बाटोको सुविधा प्रयोग गर्ने स्थानीय व्यक्तिलाई प्रवेश दस्तूर लाग्ने छैन ।

(४) नियम ३१ बमोजिम नेपाल सरकारसित करार गरी कुनै सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थाको कर्मचारीको प्रवेश दस्तूरको हकमा सोही करारमा लेखिए बमोजिम हुनेछ ।

(५) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण संस्था वा अन्य कुनै संस्थाको व्यक्ति वा दललाई निकुञ्जभित्र संरक्षकले नि:शुल्क प्रवेश गर्न दिन सक्नेछ ।

२५. दुर्घटना तथा मृत्यु भएमा सूचना गर्नु पर्ने : निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्ति दुर्घटनामा परेमा वा मृत्यु भएमा त्यस्तो व्यक्तिसित साथमा गएका अन्य व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा निकुञ्जको कार्यालयमा गर्नु पर्नेछ ।

२६. क्षेत्र छुट्याउन सक्ने : निकुञ्जको व्यवस्थापनको लागि संरक्षकले आवश्यकता अनुसार निकुञ्जलाई विभिन्न क्षेत्रमा वर्गीकरण गर्न सक्नेछ ।

२७. काठ दाउरा दिन सकिने : (१) घर बनाउन वा घर मर्मत गर्न काठ, दाउरा लिन चाहने स्थानीय व्यक्तिले वन पैदावार बिक्री वितरण सम्बन्धी प्रचलित नियम बमोजिमको दस्तूर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसूची-५ बमोजिमको काठ दाउरा लिन पाउने पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको पूर्जी बमोजिमको काठ दाउरा सोही पूर्जीमा तोकिएको क्षेत्रबाट लिनु पर्नेछ ।

२८. खर, घाँस, निगालो वा लोक्ता दिन सकिने : (१) घर बनाउन, घर मर्मत गर्न वा कुटिर उद्योगको लागि खर, घाँस, निगालो वा लोक्ता लिन चाहने स्थानीय व्यक्तिले अनुसूची-२ मा तोकिए बमोजिमको दस्तूर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसुची-६ बमोजिमको खर, घाँस, निगालो वा लोक्ताको पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको पूर्जी बमोजिमको खर, घाँस, निगालो वा लोक्ता संरक्षकले तोकेको क्षेत्रबाट तोकेको अवधिसम्म मात्र दिइनेछ ।

२९. लगत लिन सकिने : संरक्षकले निकुञ्जको कार्यालयको अभिलेखको लागि स्थानीय व्यक्तिहरु तथा निजहरुको घर, खेतबारी र घरपालुवा जीवजन्तुहरुको लगत अनुसुची-७ बमोजिमको ढाँचामा लिन सक्नेछ ।

३०. निस्सा दिन र चिन्ह लगाउन सक्ने : संरक्षकले निकुञ्जको हितको लागि स्थानीय व्यक्तिलाई परिचयको निस्सा दिन र निजहरुको घरपालुवा जीवजन्तुलाई चिन्ह लगाउन सक्नेछ ।

३१. चरी चराउन सक्ने : आफ्नो घरपालुवा जीवजन्तुलाई निकुञ्जभित्र चरी चराउन चाहने वा गोठ राख्न चाहने स्थानीय व्यक्तिले अनुसूची-२ मा तोकिए बमोजिमको दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो व्यक्तिलाई संरक्षकले तोकेको क्षेत्रमा तोकेको अवधिको लागि चरी चराउन वा गोठ राख्न अनुसूची-८ बमोजिमको अनुमतिपत्र दिन सक्नेछ ।

तर निकुञ्जभित्र चरी चराउन दिन मनासिब नहुने ठानेमा संरक्षकले कुनै खास समयसम्मका लागि चरी चराउन वा गोठ राख्ने अनुमति बन्द गर्न सक्नेछ ।

३२. नेपाल सरकारले निकुञ्जको हितको लागि सेवा सञ्चालन गर्न गराउन सक्ने : (१) निकुञ्जको हितको लागि नेपाल सरकारले निकुञ्जभित्र होटेल, लज, छाप्रो, सार्वजनिक यातायात वा यस्तै किसिमको अन्य सेवा वा सुविधाको व्यवस्था आफैं वा अन्य व्यक्तिसित करार गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्य व्यक्तिबाट सेवा सञ्चालन गराउँदा नेपाल सरकारले आवश्यकता अनुसार त्यसको शर्त तोक्न सक्नेछ ।

(३) यो नियमावली लागू हुनु भन्दा अघिदेखि निकुञ्जभित्र सञ्चालन भएका होटेल, लज, रेष्टुराँ वा चिया पसलको मालिकले यो नियमावली प्रारम्भ भएको मितिले ६ महीनाभित्र यस नियमावली बमोजिम नेपाल सरकारसँग करार गर्नु पर्नेछ ।

३३. मुद्दा हेर्ने अधिकारी : (१) ऐन र यस नियमावलीको अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार निकुञ्ज भित्रको लागि निकुञ्जको संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेञ्जरलाई हुनेछ :-

(क) नियम ४ को बर्खिलाप प्रवेशपत्र नलिई निकुञ्जभित्र प्रवेश गरेमा,

(ख) नियम ७ को खण्ड (ग), (ङ) वा (च) को बर्खिलाप कुनै काम कारबाही गरेमा वा सोही नियमको खण्ड (घ) को बर्खिलाप पाँचसय रुपैयाँसम्म मोल पर्ने वन पैदावारमा कुनै किसिमले हानि नोक्सानी पुऱ्याएमा,

(ग) नियम ८ को बर्खिलाप धार्मिक क्षेत्रभित्र निषिद्ध कार्य गरे गराएमा,

(घ) नियम १२ को बर्खिलाप अनुमति नलिई माछा मारेमा,

(ङ) नियम १४ को बर्खिलाप कुनै चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु टाँसेमा वा राखेमा,

(च) नियम १५ को बर्खिलाप कुनै किसिमको बाजा बजाएमा,

(छ) नियम १६ को बर्खिलाप फोहर मैला गरेमा वा फ्याँकेमा,

(ज) नियम १८ को बर्खिलाप इशारा वा सङ्केत नमानेमा,

(झ) नियम १९ को बर्खिलाप निकुञ्जभित्र पसेमा, हिँडडुल गरेमा वा सवारी चलाएमा,

(ञ) नियम २० को बर्खिलाप तोकिएको बाटो छोडी अन्यत्रबाट यात्रा गरेमा, घरपालुवा जीवजन्तु हिँडाएमा वा कुनै सवारी चलाएमा ।

३४. निर्माण कार्य गर्न नेपाल सरकारको स्वीकृति लिनु पर्ने : निकुञ्जभित्र कुनै सरकारी वा गैरसरकारी निर्माण कार्य वा योजना सञ्चालन गर्दा गराउँदा नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको स्वकिृति लिनु पर्नेछ ।

३५. प्रवेश शुल्क नलगाउन सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अवधि तोकी वा नतोकी नेपाली नागरिकलाई निकुञ्जभित्र प्रवेश शुल्क नलगाउन सक्नेछ ।

३६. सहायक संरक्षकको अधिकार : निकुञ्जमा संरक्षक नभएको अवस्थामा नियम ३३ को उपनियम (१) बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक यस नियमावली बमोजिमको संरक्षकको अधिकार सहायक संरक्षकले प्रयोग गर्न पाउनेछ ।

३७. अनुसूचीमा संशोधन गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरुमा संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(नियम ४ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

<u>प्रवेशपत्र</u>

सि.नं. .........

मिति:...........

१. प्रवेश पत्र लिने व्यक्तिको नाम, थर, वतन:-

२. उमेर:-

३. नागरिकता:-

४. प्रवेश स्थान:-

५. प्रवेश दस्तूर:-

प्रवेशपत्र प्रदान गर्ने अधिकारीको,-

नाम:-

सही:-

दर्जा:-

कार्यालयको छाप:-

<u>द्रष्टव्य:-</u>

१. प्रवेशपत्रको अर्को पृष्ठमा निकुञ्ज सम्बन्धी नियमहरु उल्लेख गरिएका छन् ।

२. निकुञ्जभित्र रहुन्जेल प्रत्येक व्यक्तिले प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ र निकुञ्जको सम्बन्धित कर्मचारीले हेर्न चाहेमा जुनसुकै बखत देखाउनु पर्नेछ ।

## ☏अनुसूची-२

(नियम ४, १२, २८ र ३१ सँग सम्बन्धित)

### दस्तूर

(क) राष्ट्रिय निकुञ्जको प्रवेश दस्तूर (प्रतिव्यक्ति प्रतिप्रवेश) :

| | |
|---|---|
| नेपाली नागरिकलाई | नि:शुल्क |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु. १००।- |
| अन्य विदेशी नागरिकलाई | रु.१०००।- |

(दश वर्षभन्दा मुनिका केटाकेटीलाई दस्तूर लाग्ने छैन) ।

(ख) माछा मार्ने दस्तूर :

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु.५०।- |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु.२००।- |
| अन्य विदेशी नागरिकलाई | रु.५००।- |

(ग) क्याम्पिङ (बासबस्ने) दस्तूर (प्रतिव्यक्ति प्रत्येक रातको लागि) :

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु.५०।- |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु.२००।- |
| अन्य विदेशी नागरिकलाई | रु.५००।- |

(घ) खर, घाँस, निगालो र लोक्ता बापतको पूर्जी दस्तूर :

| | |
|---|---|
| खर र घाँस (प्रतिपूर्जी) | रु. २।- |
| निगालो (प्रति भारी) | रु. ५।- |
| लोक्ता (प्रतिभारी) | रु. १५।- |

(ङ) चरी चराउने वा गोठ राख्ने दस्तूर (प्रतिगोटा, प्रतिगोठ) :

| | |
|---|---|
| राँगा, भैंसी | रु.१०।- |
| गधा, खच्चर | रु.१०।- |

☏ मिति २०५७।२।९ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गरिएको ।

| | | |
|---|---|---|
| | गाई, गोरु | रु. ३।- |
| | भेडा, बाखा र अन्य यस्तै जीवजन्तु | रु. २।- |
| (च) | हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि | रु.२०००।- |
| ▶(छ) | सिनेमा, (डकुमेन्ट्री, फिल्म) छायाङ्कन दस्तुर | |
| | नेपाली नागरिकलाई | रु ५,०००।- |
| | सार्क मुलुकभित्रका नागरिकलाई | रु २५,०००।- |
| | अन्य राष्ट्रका नागरिकलाई | यू.एस. डलर १,०००.०० बराबरको नेपाली रुपैयाँ |

द्रष्टव्य : छायाङ्कन टोलीका साथ विभागले एकजना सम्पर्क अधिकारी खटाउनेछ ।

द्रष्टव्य:

प्रवेशपत्र वा अनुमति पत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

---

▶ मिति २०६४।१।३१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थपिएको ।

अनुसूची-३

(नियम १२ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

अनुमतिपत्र

सि.नं. .............

मितिः- ............

अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतन :-

उमेर :-

नागरिकता :-

माछा मार्न पाउने खोला वा पोखरीको नाम, खण्ड :-

माछा मार्दा पालन गर्नु पर्ने शर्त :-

अनुमतिपत्र दस्तूर :-

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको,-

नाम :-

सही :-

दर्जा :-

कार्यालयको छाप :-

अनुसूची-४

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

<u>बाटोहरु</u>

| | | | | |
|---|---|---|---|---|
| १. | लोखडा | खप्तड | झिग्राना | मूलबाटो |
| २. | कुडौंन | खप्तड | झिग्राना | मूलबाटो |
| ३. | रातो माटो | खप्तड | झिग्राना | मूलबाटो |
| ४. | बलेल्तो | सहस्र लिङ्ग-खप्तड | झिग्राना | मूलबाटो |

अनुसूची-५

(नियम २७ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

<u>काठ दाउरा लिन पाइने पूर्जी</u>

सि.नं. .........

मिति:...........

१. पूर्जी लिने व्यक्तिको नाम, थर, वतन :-

२. उमेर :-

३. नागरिकता :-

४. पूर्जी बहाल रहने अवधि :-

५. निकुञ्जभित्र काठ दाउरा लिन पाउने क्षेत्र :-

६. काठ दाउराको किसिम र परिमाण :-

७. टाँचा लगाउन पर्नेमा लगाइने टाँचाको विवरण :-

८. पूर्जी दस्तूर :-

पूर्जी दिने अधिकारीको,-

नाम :-

सही :-

दर्जा :-

कार्यालयको छाप :-

अनुसूची-६

(नियम २८ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

सि.नं. .........

मितिः...........

खर/घाँस/निगालो/लोक्ता लिन पाउने पूर्जी

१. पूर्जी लिने व्यक्तिको नाम, थर, वतन :-

२. उमेर :-

३. पूर्जी बहाल रहने अवधि :-

४. निकुञ्जभित्र खर, घाँस, निगालो वा लोक्ता लिन पाउने क्षेत्र :-

५. खर, घाँस, निगालो वा लोक्ताको किसिम र परिमाण :-

७. पूर्जी दस्तूर :-

पूर्जी दिने अधिकारीको,-

नाम :-

सही :-

दर्जा :-

कार्यालयको छाप :-

द्रष्टव्य :- खर, घाँस, निगालो वा लोक्ताको पूर्जीको म्याद दश दिनसम्म मात्र कायम रहनेछ ।

अनुसूची-७

(नियम २९ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

लगत लिने ढाँचा

१. गाउँको नाम :-

२. *गाउँ विकास समिति र वार्ड :-

३. परिवारको मुख्यको नाम :-

४. परिवारको सदस्य संख्या :-

(क) बाह्र वर्षमाथिको (पुरुष) :-
(महिला) :-

(ख) बाह्र वर्षसम्मको (पुरुष) :-
(महिला) :-

५. परिवारको साक्षर संख्या :-

(क) एस.एल.सी. वा सो सरह भन्दा तल (पुरुष) :-
(महिला) :-

(ख) एस.एल.सी. वा सो सरह (पुरुष) :-
(महिला) :-

(ग) एस.एल.सी. वा सो सरह भन्दा माथि (पुरुष) :-
(महिला) :-

६. घरपालुवा जीवजन्तु :-

| जीवजन्तुको किसिम वा जात | भाले संख्या | पोथी संख्या | जम्मा संख्या |
|---|---|---|---|
| याक, चौंरी :- | | | |
| भेडा, च्याङ्ग्रा :- | | | |
| बोका, बाखा :- | | | |

* पहिलो संशोधनद्वारा संशोधित । हाल : गाउँपालिका रहेको तर नियमावलीमा संशोधन हुन बाँकी ।

गाई, गोरु :-

भैंसी, राँगो :-

घोडा, खच्चड :-

हाँस, कुखुरा तथा अन्य पंक्षी :-

कुकूर :-

बिरालो :-

अन्य जनावर :-

७. <u>घरको</u> :-

तल्ला :-

गाह्रो (काठ, ढुङ्गा, ईट वा अन्य) :-

छाना (काठ, ढुङ्गा, जस्ता, टिन वा अन्य) :-

चिम्नी (भएको वा नभएको) :-

अन्य विवरण (केही भए) :-

८. <u>खेतबारी</u> :-

गोठ, खर्क आदि के हो त्यसको विवरण :-

खेत, बारी, खर्क क्षेत्रफल :-

९. <u>विविध</u> :-

(क) सालिन्दा चाहिने दाउराको अनुमानित भारी (प्रतिव्यक्ति) :-

(ख) घर मर्मतको लागि चाहिने अनुमानित काठ :-

(ग) घर मर्मत तथा कुटिर उद्योगको लागि चाहिने खर, घाँस निगालो वा लोक्ता (अनुमानित परिमाण) भारी :-

(घ) चरी चराउनको लागि चाहिने अनुमानित जग्गा क्षेत्रफल :-

लगत लिने अधिकारीको,-
नाम :-
सही :-
दर्जा :-
मिति :-

अनुसूची-८

(नियम ३१ सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

चरी चराउन वा गोठ राख्न पाउने अनुमतिपत्र

सि.नं. .........

मिति:...........

१. अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतन :-

२. उमेर :-

३. घरपालुवा जीवजन्तुको किसिम र संख्या :-

४. चरी चराउन वा गोठ राख्न पाउने क्षेत्र :-

५. चरी चराउन वा गोठ राख्ने दस्तूर :-

अनुमतिपत्र दिने अधिकारीको,-

नाम :-

सही :-

दर्जा :-

द्रष्टव्य : चरी चराउन वा गोठ राख्नको लागि दिइएको अनुमतिपत्र तीन महिनासम्मको लागि मात्र मान्य हुनेछ ।

# वन नियमावली, २०५१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५१।१२।२०

संशोधन
१. वन (पहिलो संशोधन) नियमावली, २०५६ २०५६।५।२१
२. वन (दोस्रो संशोधन) नियमावली, २०५९ २०५९।४।२७
३. वन (तेस्रो संशोधन) नियमावली, २०६२ २०६२।६।१०
४. वन (चौथो संशोधन) नियमावली, २०७० २०७०।१।३०
५. वन (पाँचौं संशोधन) नियमावली, २०७२ २०७२।६।२५

वन ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यी नियमहरुको नाम "वन नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले वन ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "महानिर्देशक" भन्नाले वन विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ग) "निर्देशक" भन्नाले क्षेत्रीय वन कार्यालयको क्षेत्रीय वन निर्देशक सम्झनु पर्छ ।

(घ) "अधिकार प्राप्त अधिकारी" भन्नाले जिल्ला वन अधिकृत सम्झनु पर्छ र त्यस्तो अधिकृत नियुक्त नभएको अवस्थामा नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ ।

(ङ) "दाउरा" भन्नाले खयर बाहेक बल्लाबल्लीको रुपमा वा चिरानको रुपमा जान नसक्ने दुई फिट भन्दा कम लम्बाई र डेढ फिट भन्दा कम गोलाईको काठ सम्झनु पर्छ ।

(च) "निकाय" भन्नाले नेपाल सरकारले काठ, दाउराको सङ्कलन, कटान, मुछान, घाटगद्दी तथा बिक्री वितरणको व्यवस्थापन गर्न पाउने गरी अख्तियारी दिएको निकाय सम्झनु पर्छ ।

(छ) "विधान" भन्नाले उपभोक्ता समूहको विधान सम्झनु पर्छ ।

## परिच्छेद-२

## सरकारद्वारा व्यवस्थित वन

३. कार्ययोजना तयार गर्ने : (१) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि विभागले देहायका कुराहरु खुलाई एक वा एकभन्दा बढी जिल्लाको निमित्त भू-बनोट तथा प्राकृतिक सिमानाको आधारमा वन व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्नेछ :-

(क) सबै जङ्गल, झाडी, बुट्यान, घाँसे जग्गाले ओगटेको तथा खाली पर्ति रहेको क्षेत्र,

(ख) वन सीमाहरुको अवस्थिति,

(ग) भू-उपयोग तथा रुखका प्रजाति अनुसारको विवरण देखिने गरी तयार गरिएको वनको नक्शा,

(घ) जनसंख्या तथा जनघनत्व तथा वन पैदावारको उपयोग सम्बन्धी विवरण,

(ङ) वन पैदावारको विवरण,

(च) वन जङ्गलका विकास तथा संरक्षण सम्बन्धी कार्यक्रम र उपाय,

(छ) वन पैदावारको सङ्कलन, उपयोग तथा बिक्री सम्बन्धी वार्षिक विवरण,

(ज) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावार,

(झ) कार्ययोजना अवधिभर वन पैदावारबाट प्राप्त हुने वार्षिक राजश्वको अनुमान,

(ञ) कार्ययोजना लागू गर्नको लागि आवश्यक पर्ने जनशक्ति तथा खर्चको विवरण,

(ट) भू-संरक्षण, पर्यटन विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(ठ) वन व्यवस्थापनको लागि उपयुक्त अन्य विवरणहरु ।

(२) यो नियम प्रारम्भ हुनु भन्दा अघि स्वीकृत भएका कार्ययोजना यसै नियमावली बमोजिम तयार गरेको मानिनेछ ।

४. कार्यान्वयन तथा मूल्याङ्कन : निर्देशकले आफ्नो क्षेत्रभित्र पर्ने सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको एकप्रति जानकारीको लागि विभागमा पठाउनु पर्नेछ ।

५. कार्ययोजनामा संशोधन : (१) जिल्ला वन अधिकृतले कार्ययोजनामा कुनै संशोधन गर्नुपर्ने देखेमा आफ्नो राय सहितको प्रतिवेदन विभागमा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट कार्ययोजनामा संशोधन गर्नु उपयुक्त हुने देखिएमा विभागले आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

६. सङ्कलन तथा बिक्री वितरण गर्न नपाईने : (१) कार्ययोजनामा वर्ष भरिमा सङ्कलन तथा बिक्री वितरण गर्न तोकिएको परिमाणभन्दा बढी हुने गरी वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न पाइने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पैह्रो, हिमपात, आगजनी आदि जस्ता दैवी प्रकोपको कारणले गर्दा वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने अवस्था आई परेमा सो वन पैदावारलाई वन क्षेत्रबाट सङ्कलन गर्न र बिक्री वितरण गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन ।

७. इजाजतपत्र लिनु पर्ने र टाँचा लगाउनु पर्ने : (१) यस नियमावली बमोजिम अधिकार प्राप्त अधिकारीबाट इजाजतपत्र नलिई कसैले कुनै किसिमको वन पैदावार उपलब्ध गर्न, सङ्कलन गर्न, हटाउन, बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न हुँदैन र उपरोक्त उद्देश्यले वन क्षेत्रभित्र प्रवेश गर्न समेत हुँदैन ।

(२) ऐनको दफा २२ को उपदफा (२) बमोजिम इजाजतपत्र प्राप्त गरेको कुनै व्यक्ति वा निकायले वनमा कुनै काठ वा दाउरा काट्दा टुक्र्याउँदा वा त्यसको निकासी गर्दा इजाजतपत्रमा उल्लेख भएको तथा नेपाल सरकारले निर्धारण गरेको शर्तहरु अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

(३) वनको काठ दाउरा काट्दा, टुक्र्याउँदा, उपभोग गर्दा, हटाउँदा, बिक्री वितरण गर्दा, ओसारपसार गर्दा वा निकासी गर्दा विभागले तोकिदिएको टाँचा लगाउनु पर्नेछ ।

(४) काठ दाउरा बाहेकका अन्य वन पैदावार काट्दा, टुक्रचाउँदा, उपयोग गर्दा, हटाउँदा, बिक्री वितरण गर्दा, ओसारपसार गर्दा वा निकासी गर्दा नेपाल सरकारले निर्धारण गरेको कार्यविधिको अधीनमा रही गर्नु पर्नेछ ।

८. वन पैदावार प्राप्त गर्न निवेदन दिनु पर्ने : (१) वन पैदावार प्राप्त गर्न चाहने कुनै व्यक्ति, जिल्ला वन पैदावार आपूर्ति समिति वा निकायले देहायका कुराहरु खुलाई अधिकार प्राप्त अधिकारी समक्ष रितपूर्वकको निवेदन दिनु पर्नेछ :-

(क) वन पैदावारको नाम,

(ख) वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

(ग) वन पैदावारको किसिम र परिमाण,

(घ) वन पैदावार लिन चाहेको प्रयोजन, र

(ङ) वन पैदावार प्रयोग गरिने ठाउँ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी कार्ययोजना अनुसार बिक्री वितरण गर्न तोकिएको परिमाण समेतलाई विचार गरी अनुसूची-१ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीले निवेदन दिने व्यक्ति, जिल्ला वन पैदावार आपूर्ति समिति वा निकायबाट यस नियमावली बमोजिम लाग्ने वन पैदावारको मूल्य, शुल्क वा दस्तूर अग्रिम रुपमा बुझेर मात्र इजाजतपत्र दिनु पर्नेछ ।

९. काठ दाउराको बिक्री वितरण सम्बन्धी व्यवस्था : *(१) नेपाल सरकारले सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी उपनियम (२) बमोजिम काठ, दाउरा बिक्री, वितरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिदिएको जिल्लामा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहेको एक जिल्ला वन पैदावार आपूर्ति समिति गठन गर्नसक्नेछ :-

(क) जिल्ला वन अधिकृत - अध्यक्ष
(ख) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य
(ग) कोष तथा लेखा नियन्त्रक - सदस्य
(घ) जिल्ला विकास समितिले तोकेको सो समितिको एकजना सदस्य - सदस्य

* पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) समाजसेवी तथा लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट मन्त्रालयबाट मनोनित दुई जना - सदस्य

(च) सहायक वन अधिकृत - सदस्य सचिव ।

⊡(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(२) उपनियम (१) बमोजिमको समिति गठन भएका जिल्लाहरुमा सो समितिले अधिकार प्राप्त अधिकारीबाट नियम ८ बमोजिम इजाजतपत्र लिई देहायको प्रयोजनको लागि काठ दाउराको बिक्री वितरणको व्यवस्था गर्नेछ :-

(क) ग्रामीण जनताको घरकाजको लागि,

(ख) जन सहभागिताद्वारा गरिने साना लागतको विकास निर्माण कार्यको लागि,

(ग) दैवी प्रकोप उद्धार तथा कृषि औजारको लागि ।

(३) उपनियम (१) बमोजिम गठित समितिले यस नियमावलीमा उल्लेखित कुराहरुका अतिरिक्त नेपाल सरकारले समय समयमा दिएका निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

(४) कार्ययोजना बमोजिम बिक्री वितरण गर्न तोकिएको परिमाणको अधीनमा रही अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिमको समिति गठन भएका जिल्लाहरुमा त्यस्तो समितिलाई बिक्री वितरणको लागि एकमुष्ट वा लट-लट गरी काठ दाउरा उपलब्ध गराउन सक्नेछ र त्यसरी उपलब्ध भएको काठ दाउरा समितिले नियम ८ बमोजिमको इजाजतपत्र लिई टाँचा लगाई आफ्नै खर्चमा कटान, चिरान र ढुवानी गर्नु पर्नेछ ।

(५) कार्ययोजना बमोजिम काठ दाउरा प्राप्त नहुने जिल्लाको हकमा नेपाल सरकारले अन्य काठ दाउरा उपलब्ध हुन सक्ने जिल्लाबाट काठ दाउरा उपलब्ध गराई बिक्री वितरणको व्यवस्था मिलाउन सक्नेछ ।

(६) उपनियम (२) को प्रयोजनको लागि बिक्री वितरण गरिएको काठ दाउरा अन्य प्रयोजनको लागि प्रयोग गर्न तथा जिल्ला बाहिर ओसार-पसार गर्न पाइने छैन ।

(७) अधिकार प्राप्त अधिकारीले बिक्री वितरण गरी सकेको काठ दाउरा समयमै उठाई नलगेको वा बिक्री वितरण गरी बाँकी रहेको दाउरा काठ अधिकार प्राप्त अधिकारीले अनुसूची-२ मा तोकिएको मूल्यमा नघटाई

⊡ पहिलो संशोधनद्वारा थप ।

प्रचलित बजार मूल्य समेतलाई आधार मानी बोलकबोल प्रथाद्वारा बिक्री वितरण गर्न सक्नेछ ।

(८) काठ दाउरा बिक्री वितरणको परिमाण तथा कार्यविधि कार्ययोजनाले तोकिदिए बमोजिम हुनेछ ।

तर कार्ययोजना तयार नभएको अवस्थामा नेपाल सरकारले निर्धारण गरी तोकिदिए बमोजिम हुनेछ ।

(९) अधिकार प्राप्त अधिकारीले काठ दाउराको बिक्री वितरण गर्दा अनुसूची-२ बमोजिमको मूल्य लिई बिक्री वितरण गर्नु पर्नेछ ।

तर जिल्ला वन पैदावार आपूर्ति समितिलाई अधिकार प्राप्त अधिकारीले काठ दाउरा उपलब्ध गराउँदा समितिले काठ दाउरा बिक्री वितरण गरिसकेपछि मात्र मूल्य बुझाउने गरी उपलब्ध गराउन यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

▶१०. खयर काठ (जरा समेत) को बिक्री : नियम ९ मा जुनसुकै कुरा लेखेको भए तापनि अधिकार प्राप्त अधिकारीले खयरको जरा बिक्री गर्दा तौलको आधारमा र खयर काठ (गोलिया) बिक्री गर्दा घन फिटको आधारमा अनुसूची-२ मा तोकिएको मूल्यमा नघटाई प्रचलित बजार मूल्यलाई समेत आधारमानी बोलकबोल प्रकृयाद्वारा बिक्री गर्नु पर्नेछ ।

११. जडीबुटीको सङ्कलन तथा बिक्री वितरण : (१) कुनै वन क्षेत्रबाट अनुसूची-३ मा उल्लेखित जडीबुटीहरु सङ्कलन गर्न चाहनेले जडीबुटीको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खोली अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा माग बमोजिमको जडीबुटी सङ्कलन गर्न प्रतिबन्ध लागेको नदेखिएमा अनुसूची-४ बमोजिमको ढाँचामा अधिकार प्राप्त अधिकारीले जडीबुटी सङ्कलन गर्ने इजाजतपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त जडीबुटी सङ्कलन गर्ने इजाजतपत्र बमोजिम सङ्कलन गरिएको जडीबुटी त्यस्तो इजाजतपत्रसँग भिडाई तथा सङ्कलन गरेको परिमाण जाँची अधिकार प्राप्त अधिकारीले अनुसूची-३ बमोजिमको दस्तूर लिई अनुसूची-५ बमोजिमको ढाँचामा छोडपूर्जी दिनु पर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकेको जातको जडीबुटीको सङ्कलन तथा बिक्री वितरण बोलकबोल प्रथाद्वारा सबैभन्दा बढी दस्तूर कबोल गर्ने व्यक्तिलाई दिन सक्नेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(५) अनुसूची-३ मा नपरेका र पहिचान हुन नसकेका जडीबुटीको पहिचान र बिक्री वितरणको लागि अधिकार प्राप्त अधिकारीले नेपाल सरकारमा पेश गरी नेपाल सरकारबाट निकासा भए बमोजिम गर्नु पर्नेछ ।

१२. सङ्कलन तथा बिक्री वितरणमा प्रतिबन्ध लगाउन सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास किसिमको वन पैदावारको सङ्कलन, उपयोग, बिक्री वितरण तथा ओसार-पसार गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

१३. वन पैदावारको निकासी सम्बन्धी व्यवस्था : (१) कुनै व्यक्तिले यस नियमावली बमोजिम सङ्कलन गरेको वा प्राप्त गरेको वन पैदावार मध्ये उपनियम (२) बमोजिम विदेश निकासीमा प्रतिबन्ध लगाएको वन पैदावार बाहेक अन्य वन पैदावार विदेश निकासी गर्न निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले विदेश निकासी गर्ने अनुमतिका लागि सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास किसिमको वन पैदावारको विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(३) कुनै व्यक्ति, संघ संस्था वा उद्योगले सङ्कलन, उपयोग, बिक्री वितरण, ओसार-पसार तथा निकासीमा प्रतिबन्ध लगाएदेखि बाहेक अन्य वन पैदावार भन्सारको प्रज्ञापनपत्र र सम्बन्धित मुलुकको आधिकारिक प्रमाण सहित विदेशबाट आयात गरी बिक्री वितरण गर्न वा पुन: विदेश निकासी गर्नको निमित्त निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो वन पैदावार आयात गरी बिक्री वितरण गर्न वा पुन: विदेश निकासी गर्नको लागि अनुमति दिन सक्नेछ ।

१४. अन्य वन पैदावारको बिक्री वितरण : (१) काठ, दाउरा, खयर र जडीबुटी बाहेक अनुसूची-६ मा उल्लेखित वन पैदावार प्रयोग गर्न चाहनेले अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम काठ, दाउरा, खयर र जडीबुटी बाहेक अन्य वन पैदावार लिन निवेदन परेमा अधिकार प्राप्त अधिकारीले अनुसूची-६ बमोजिमको दस्तूर लिई त्यस्तो वन पैदावार बिक्री वितरण गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले काठ, दाउरा, खयर र जडीबुटी बाहेकका अन्य वन पैदावार बिक्री वितरण बोलकबोल प्रथाद्वारा गरी सबैभन्दा बढी दस्तूर कबोल गर्नेलाई दिन सक्नेछ ।

१५. धार्मिक कार्यको निमित्त विना मूल्य काठ दाउरा दिन सकिने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्ययोजनाले तोकेको वार्षिक परिमाणको अधीनमा रही निर्माण कार्य बाहेक परम्परादेखि

चलिआएको धार्मिक कामको निमित्त काठ दाउरा माग भएमा नेपाल सरकारले निर्धारण गरिदिए बमोजिमको काठ दाउरा अधिकार प्राप्त अधिकारीले विना मूल्य वितरण गर्न सक्नेछ ।

▶१६. काठ दाउरा सङ्कलन गर्ने तथा निकाल्ने म्याद : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका जिल्लाहरुको वन क्षेत्रमा कार्तिकदेखि जेष्ठ मसान्तसम्म र अन्य जिल्लाहरुको वन क्षेत्रमा जिल्ला वन अधिकृतले जिल्ला विकास समितिसँग परामर्श गरी बढीमा आठ महीनासम्मको लागि काठ दाउरा सङ्कलन गरी वन क्षेत्रबाट बाहिर निकाल्ने म्याद निर्धारण गर्नेछ र त्यसरी निर्धारित म्यादभित्र काठ दाउरा सङ्कलन गरी वन क्षेत्रबाट बाहिर निकाली सक्नु पर्नेछ ।

तर दैवी प्रकोपमा परेका व्यक्तिहरुलाई जुनसुकै समयमा काठको बिक्री वितरण गर्नको लागि वन क्षेत्रबाट काठ सङ्कलन गरी बाहिर निकाल्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपनियममा तोकिएको अवधिभित्र वन क्षेत्रबाट काठ दाउरा सङ्कलन गरी निकाल्न नसक्ने उचित र पर्याप्त कारण परेमा जिल्ला वन अधिकृतले बढीमा दुई महिनाको लागि काठ दाउरा बाहिर निकाल्ने म्याद थप गर्न सक्नेछ ।

१७. रुखको छपान गर्ने, काठ दाउरा नाप्ने र आयतन निकाल्ने तरिका : (१) रुख छपान गर्दा नेपाल सरकारले निर्धारण गरेको बिक्री शर्तनामाको अधीनमा रही गर्नु पर्नेछ ।

(२) रुख तथा काठको आयतन निकाल्ने तरिका अनुसूची-७ बमोजिम हुनेछ ।

१८. बिगो कायम गर्ने : (१) वन जङ्गल नोक्सान भई ठूटासम्म भएको तर काठ फेला नपरी बिगो कायम गर्नु पर्दा अनुसूची-७ बमोजिम ठूटाबाट आयतन निकाली अनुसूची-२ बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गरिनेछ ।

(२) ठूटा फेला नपरी काठ मात्र फेला परेमा रुखको ३ गिडालाई एक रुख मानि सबैभन्दा मोटो काठको मोटो छेउलाई ठूटाको आधार मानी आयतन निकाली अनुसूची-२ बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गरिनेछ ।

(३) केही काठ फेला परेको र ठूटा मौजूद भएको अवस्थामा ठूटालाई नै आधार मानी आयतन निकाली अनुसूची-२ बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गरिनेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

१९. चरिचराउको निमित्त इजाजतपत्र : कार्ययोजनामा नपरेको वा अधिकार प्राप्त अधिकारीले निषेध गरेको क्षेत्र बाहेकका अन्य क्षेत्रमा अनुसूची-८ मा तोकिए बमोजिमको दस्तूर लिई अधिकार प्राप्त अधिकारीले कुनै व्यक्तिलाई जनावर चरिचराउन अनुसूची-९ बमेजिमको इजाजतपत्र दिन सक्नेछ ।

२०. वन क्षेत्र उपलब्ध गराउन सकिने : (१) कार्ययोजनाले निर्दिष्ट गरेका तथा वन विकास कार्य गर्नको लागि नेपाल सरकारले राष्ट्रिय वा अन्तर्राष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकेको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइएको वन क्षेत्रमा रहेका वन पैदावारको उपयोग यस परिच्छेदमा उल्लेख भए बमोजिम नै हुनेछ ।

२१. काठको ओसार पसार : (१) राष्ट्रिय वन क्षेत्रभित्र सङ्कलन गरिएको गोलिया काठलाई घाटगद्दीबाट टाँचा लगाई अधिकार प्राप्त अधिकारीले ओसार पसार गर्न छोडपूर्जी दिनेछ ।

(२) उपनियम (१) बमोजिम छोडपूर्जी भएको गोलिया काठ चिरान गरेपछि स:मिल तथा फर्निचर उद्योगले आफ्नो उत्पादन भनी जिल्ला वन कार्यालयमा दर्ता गराइए बमोजिमको ढाँचा प्रयोग गरी ओसार पसार गर्नु पर्नेछ । यसरी ओसार पसार गर्दा सोको अग्रिम जानकारी जिल्ला वन कार्यालयमा दिई बाटोमा पर्ने जाँच चौकीहरुबाट दरपिठ गराई लैजानु पर्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीले शङ्का लागेमा जुनसुकै समयमा स:मिल तथा फर्निचर उद्योगको जाँचबुझ गर्न सक्नेछ ।

२२. वन विकास सम्बन्धी व्यवस्था : (१) कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम वा नेपाल सरकारद्वारा स्वीकृत विकास कार्यहरु (नर्सरी निर्माण, विरुवा उत्पादन, वृक्ष रोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हारभेष्टिङ्ग, फेलिङ्ग इत्यादि) शुरु गर्दा कम्तिमा राजपत्र अनङ्कित प्रथम श्रेणीको वन सहायक कर्मचारीले विभागले दिएको निर्देशनको अधीनमा रही लागत इष्टिमेट बनाई अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई गर्नु पर्नेछ ।

(२) स्वीकृत कार्यक्रममा परेका वन विकास तथा संरक्षण, वन कार्यालयको निर्माण तथा मर्मत सम्भार कार्यको लागि आवश्यक पर्ने काठ दाउरा जिल्ला वन कार्यालयले लगत राखी उपभोग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमका कार्यहरु मध्ये भवन, घर, छाप्रो, वन पथ, पुल निर्माण मर्मत आदि कार्य गर्दा राजपत्र अनङ्कित प्रथम श्रेणीको वन सहायकले दुई लाख रुपैयाँसम्म, सहायक वन अधिकृतले दशलाख रुपैयाँसम्म, जिल्ला वन अधिकृतले सो भन्दा माथिको लागत इष्टिमेट गरी एक तह माथिको पदाधिकारीबाट स्वीकृत गराई कार्य सञ्चालन गर्न सक्नेछ ।

(४) विकास कार्यको जाँचपास गर्ने अधिकार अधिकार प्राप्त अधिकारीले तोकिदिएको अधिकृतको हुनेछ ।

तर जाँचपास गर्ने अधिकार कार्य सम्पन्न गर्ने कर्मचारी भन्दा एक तह माथिको प्राविधिक कर्मचारीलाई हुनेछ ।

२३. क्षेत्र तोक्न सक्ने : अधिकार प्राप्त अधिकारीले राष्ट्रिय वनको कुनै क्षेत्रलाई बीउ उत्पादन, अनुसन्धान वा तालिम सञ्चालन क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

## परिच्छेद-३

## संरक्षित वन

२४. संरक्षित वनको कार्ययोजना : संरक्षित वनमा गरिने वन सम्बन्धी कार्यहरुको व्यवस्थापनको लागि विभागले देहाय बमोजिमका कुराहरु समावेश गरी कार्ययोजना तयार गर्नु पर्नेछ :-

(क) वन क्षेत्रको चार किल्ला र क्षेत्रफल,

(ख) वन संरक्षणका लागि अपनाइने तरिकाहरु,

(ग) वन पैदावारको उपयोग सम्बन्धी व्यवस्थाहरु,

(घ) वन व्यवस्थापन सम्बन्धी तरिकाहरु ।

२५. अनुमतिपत्र दिने : (१) अधिकार प्राप्त अधिकारीले संरक्षित वनबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको तरिका र परिमाणमा वन पैदावार निकाल्ने अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको ढाँचा अनुसूची-१० बमोजिम र वन पैदावारको दस्तूर अनुसूची-२, अनुसूची-३ र अनुसूची-६ बमोजिम हुनेछ ।

## परिच्छेद-४

## सामुदायिक वन

२६. सामुदायिक वनको निर्धारण : (१) जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा सुम्पदा गाउँ वस्तीबाट जङ्गलको दूरीका साथै वन व्यवस्थापन गर्ने स्थानीय उपभोक्ताहरुको चाहना र व्यवस्थापन क्षमता समेतलाई ध्यान दिनु पर्नेछ ।

(२) राष्ट्रिय वन क्षेत्रभन्दा बाहिरको सार्वजनिक जग्गामा स्थानीय उपभोक्ताहरुले वा अरु कसैले रुख विरुवा लगाई रुख विरुवाको संरक्षण गरेको रहेछ भने वा स्थानीय उपभोक्ताहरुले उपभोक्ता समूह गठन गरी त्यस्तो जग्गामा स्वामित्व भएको संस्थाको स्वीकृति लिई सोही संस्थामा जग्गाको

स्वामित्व रहने गरी रुख विरुवा लगाउन चाहेमा जिल्ला वन अधिकृतले सो वन क्षेत्रलाई सामुदायिक वनको रुपमा मान्यता दिन सक्नेछ ।

२७. उपभोक्ता समूहको गठन र दर्ता : (१) सामुदायिक वनको रुपमा वन व्यवस्थापन गर्न चाहने उपभोक्ताहरुले सम्बन्धित इलाका वन कार्यालय मार्फत वा सोझै जिल्ला वन अधिकृत समक्ष लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा जिल्ला वन अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएका कर्मचारीले स्थानीय निकाय समेतको सहयोग लिई उपभोक्ता समूह गठन गर्न र त्यसको विधान तयार गर्न उपभोक्ता समूहलाई सहयोग गर्नु पर्नेछ । उपभोक्ता समूहको विधानमा अन्य कुराहरुको अतिरिक्त अनुसूची-११ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको विधान तयार गर्दा र विधान अनुसारको उपभोक्ता समूह गठन गर्दा वडा, गाउँ, नगर तथा जिल्लाको सिमानाले असर नपार्ने गरी सर्वसम्मतिको आधारमा गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम पहिचान भएका उपभोक्ताहरुले उपनियम (४) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप सम्पूर्ण उपभोक्ताहरु रहने गरी एक उपभोक्ता समूह गठन गरी उपभोक्ता समूहको विधान सहित अनुसूची-१२ बमोजिमको ढाँचामा सम्बन्धित इलाका वन कार्यालय मार्फत वा सोझै जिल्ला वन कार्यालयमा उपभोक्ता समूह दर्ता गराउन दरखास्त दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको दरखास्त दिने उपभोक्ता समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा जिल्ला वन अधिकृतले त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी ऐन, यस नियमावली तथा नेपाल सरकारले तोकिदिएको शर्तहरु पालन गर्न कबुलियत गराई अनुसूची-१३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

२८. सामुदायिक वनको कार्ययोजना : (१) उपभोक्ता समूहले देहायका कुराहरु समावेश गरी सामुदायिक वनको कार्ययोजना तयार गर्नु पर्नेछ :-

(क) वनको विवरण - नाम, सिमाना, क्षेत्रफल, वनको अवस्था र वनको किसिम,

(ख) वनको नक्सा,

(ग) व्लक विभाजन र यसको विवरण - नाम, सिमाना, क्षेत्रफल, मोहडा, भीरालोपन, माटो, वनको किसिम, मुख्य जात, उपयोगी जात, उमेर तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(घ) वन व्यवस्थापनको उद्देश्य,

(ङ) वन संरक्षणको तरिका,

(च) वन सम्बर्द्धनका कार्यहरु - थिनिङ्ग, प्रुनिङ्ग, क्लिनिङ्ग, र अन्य वन सम्बर्द्धनका कार्यहरु,

(छ) नर्सरी, वृक्षारोपण, आयमूलक कार्यक्रम र समय तालिका,

(ज) जडीबुटी खेतीको लागि सम्भाव्य क्षेत्रको विवरण, जडीबुटीका जाति प्रजाति, खेतीको कार्यक्रम र समय तालिका,

(झ) वन पैदावारको बिक्री वितरण र अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ञ) ऐनको दफा २९ बमोजिम उपभोक्ताहरुलाई हुन सक्ने सजाय सम्बन्धी व्यवस्था,

(ट) वन्य जन्तुको संरक्षण सम्बन्धी प्रावधान,

(ठ) विभागले तोकेको अन्य विषयहरु ।

(२) उपभोक्ता समूहले सामुदायिक वनमा मुख्य वन पैदावारको घनत्व (Crown Cover) र उत्पादनमा ह्रास नआउने गरी अन्न बाली बाहेकका लामो अवधिसम्म एउटै बोटले उत्पादन दिने खालका नगदे बाली लगाउन चाहेमा सो सम्बन्धी विवरण कार्ययोजनामा उल्लेख गर्नु पर्नेछ ।

(३) जिल्ला वन अधिकृतले यस नियम बमोजिम कार्ययोजना तयार गर्न सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२९. <u>सामुदायिक वन सुम्पने प्रकृया</u> : (१) राष्ट्रिय वनको कुनै भागलाई उपभोक्ता समूहले सामुदायिक वनको रुपमा लिन चाहेमा अनुसूची-१४ बमोजिमको ढाँचामा जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन र उपभोक्ता समूहले स्वीकृतिको लागि पेश गरेको कार्ययोजना उपर जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी कार्ययोजनामा थपघट गर्नु पर्ने भएमा उपभोक्ता समूहको सहमति लिई थपघट गरी स्वीकृत गरिएको कार्ययोजना बमोजिमको

वन क्षेत्र सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई नेपाल सरकारले तोकेको शर्तहरु पालन गर्ने कबुलियत गराई सामुदायिक वनको रुपमा सुम्पनेछ । त्यसरी सामुदायिक वन सुम्पदा अनुसूची-१५ बमोजिमको प्रमाणपत्र पनि सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गरिनेछ ।

(३) वन क्षेत्र सामुदायिक वनको रुपमा सुम्पँदा गाउँ, नगर तथा जिल्लाको सिमानाले असर पार्ने छैन ।

(४) सामुदायिक वनको रुपमा सुम्पिने वन क्षेत्र दुई वा सो भन्दा बढी जिल्लाभित्र पर्ने भएमा जुन जिल्लाका जिल्ला वन अधिकृत समक्ष निवेदन परेको हो निजले अन्य जिल्लाका जिल्ला वन अधिकृतको सहमति लिई सामुदायिक वन सुम्पन सक्नेछ ।

(५) उपनियम (२) र (४) बमोजिम सुम्पिएको सामुदायिक वनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित जिल्लाका जिल्ला वन अधिकृतले गर्नु पर्नेछ ।

३०. सामुदायिक वनको लगत राख्ने : जिल्ला वन अधिकृतले नियम २९ बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वन सुम्पिएपछि सोको लगत आफ्नो कार्यालयमा राखी त्यसको एक-एक प्रति विभाग तथा सम्बन्धित क्षेत्रीय वन कार्यालयमा पठाउनु पर्नेछ ।

३१. सामुदायिक वनमा गर्न नहुने काम : (१) उपभोक्ता समूहले सामुदायिक वनमा कार्ययोजनाले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुँदैन :-

(क) वन मास्न, सामुदायिक वनले चर्चेको जग्गा धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) खोरिया फडानी गर्न,

(ग) घर छाप्रो बनाउन,

(घ) भू-क्षय हुने कुनै काम गर्न,

(ङ) प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(च) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न ।

(२) उपनियम (१) को खण्ड (क) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला वन अधिकृतको स्वीकृति लिई सामुदायिक वन विकासको

लागि सामुदायिक वनको वन पैदावार धितो बन्धक राखी वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न वा सुरक्षाको लागि आवश्यक पर्ने घर वा छाप्रो बनाउन सकिनेछ ।

३२. वन पैदावारको सङ्कलन तथा बिक्री वितरण : (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावारको मात्र सङ्कलन तथा बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम काठ, दाउरा र अन्य वन पैदावार निकालेपछि उक्त वन क्षेत्रमा उपभोक्ता समूहले यथाशीघ्र वृक्षारोपण गर्ने र पुनरुत्थानको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपभोक्ता समूहले वन पैदावारको बिक्रीदरको जानकारी सम्बन्धित जिल्ला वन कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपभोक्ता समूहले कार्ययोजना अनुसार वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न सक्ने भएमा जिल्ला वन अधिकृतको सिफारिसमा सम्बन्धित निकायको स्वीकृति लिई सामुदायिक वन क्षेत्र बाहिर त्यस्तो उद्योग सञ्चालन गर्न सक्नेछ ।

३३. वन पैदावारको रसिद र लगत : (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावार उपभोक्ता समूहमा खपत हुने भएमा सो वन पैदावारको लगत राखी अनुसूची-१६ बमोजिमको अनुमतिपत्र दिई वितरण गर्न सक्नेछ ।

(२) उपभोक्ता समूहले वन पैदावारको बिक्री वितरण गर्दा अनुसूची-१७ को ढाँचामा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई र एक प्रति सम्बन्धित इलाका वन कार्यालयलाई दिई र एक प्रति आफैंले राख्नु पर्नेछ ।

(३) उपभोक्ता समूहले सामुदायिक वनबाट बिक्री वितरण भएको वन पैदावारको लगत तथा आम्दानी खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ ।

३४. टाँचा दर्ता गर्नु पर्ने : (१) उपभोक्ता समूहले सामुदायिक वनको काठ ओसार पसारको लागि फलामे टाँचा बनाई जिल्ला वन कार्यालयमा टाँचा दर्ता गराई पाउँ भनी निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर टाँचाको नाम दोहोरो नपर्ने गरी जिल्ला वन अधिकृतले टाँचा नि:शुल्क दर्ता गरी दिनु पर्नेछ ।

३५. वन पैदावारको ओसार पसार : (१) उपभोक्ता समूहले बिक्री गरेको काठ उपभोक्ता समूहको क्षेत्रभन्दा बाहिर ओसार पसार गर्दा उपभोक्ता समूहले तोकेको व्यक्ति वा समितिले नियम ३४ बमोजिमको टाँचा लगाई अनुसूची-१६ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम काठ ओसार पसार गर्दा सम्बन्धित वन कार्यालयलाई अग्रिम जानकारी दिई बाटोमा पर्ने चेकपोष्टमा दरपिठ गराई लैजानु पर्नेछ ।

(३) काठ बाहेक अन्य वन पैदावारको ओसार पसार गर्दा जिल्ला वन कार्यालयलाई अग्रिम जानकारी दिई उपभोक्ता समूहले तोकेको व्यक्ति वा समितिबाट अनुमतिपत्र लिई लैजानु पर्नेछ ।

३६. उपभोक्ता समूहको कोष सञ्चालन : (१) उपभोक्ता समूहको कोष र खाताको सञ्चालन उपभोक्ता समूहले तोकेको सो समूहका दुईजना पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपभोक्ता समूहको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण उपभोक्ता समूहले तोकेको व्यक्ति वा निकायबाट हुनेछ ।

(३) उपनियम (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एक प्रति उपभोक्ता समूहले सम्बन्धित जिल्ला वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) अधिकार प्राप्त अधिकारीले उपभोक्ता समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

३७. सामुदायिक वन फिर्ता लिने : (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेको वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली तथा नेपाल सरकारले तोकेको शर्तहरु पालना नगरेको भन्ने जानकारी प्राप्त हुन आएमा जिल्ला वन अधिकृतले यथासक्य चाँडो कर्मचारी खटाई स्थलगत निरीक्षण गराई सोको प्रतिवेदनको आधारमा देहाय बमोजिम कारबाही गर्नु पर्नेछ :-

(क) उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेको वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली तथा नेपाल सरकारले तोकेको शर्तहरु पालना नगरेको भन्ने प्रतिवेदनबाट देखिएमा उपभोक्ता समूहलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(ख) उपभोक्ता समूहले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट सामुदायिक वन फिर्ता लिन उचित ठहऱ्याएमा जिल्ला वन अधिकृतले सो वन फिर्ता लिन र उक्त उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ ।

(ग) सम्बन्धित उपभोक्ता समूहलाई सामुदायिक वन फिर्ता लिएको र उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी सो भए गरेको मितिले पन्ध्र दिनभित्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वन फिर्ता लिने र दर्ता खारेज गर्ने गरी गरिएको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिनभित्र सम्बन्धित निर्देशक समक्ष उजूरी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको उजूरी उपरको निर्णय उजूरी परेको मितिले ९० दिनभित्र निर्णय गरी सक्नु पर्नेछ ।

३८. सहयोग लिन सक्ने : यस परिच्छेद बमोजिमको कार्यको लागि विभाग तथा उपभोक्ता समूहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछ ।

## परिच्छेद-५

## कबुलियती वन

३९. कबुलियती वन प्रदान गर्ने प्रक्रिया : (१) कबुलियती वन लिन चाहने सङ्गठित संस्था, उद्योग वा समुदायले ऐनमा उल्लेखित कुराहरुको अतिरिक्त देहाय बमोजिमको विवरणहरु खुलाई आर्थिक सम्भाव्यता प्रतिवेदन सहित जिल्ला वन कार्यालय मार्फत वा सोझै निर्देशक समक्ष अनुसूची-१८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) कबुलियती वनको अवधि,

(ख) वातावरणमा पर्न सक्ने असरको सामान्य लेखाजोखा,

(ग) वन क्षेत्रभित्र रहेका वन पैदावार तथा अन्य प्राकृतिक श्रोतको विवरण,

(घ) वन क्षेत्रभित्र रहेका बाटो, नहर, बाँध, खानी आदिको विवरण,

(ङ) अन्य आवश्यक विवरणहरु ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा माग गरेको वन क्षेत्र कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त भएमा निर्देशकले सो वन क्षेत्र वरिपरी बसोबास गर्ने उपभोक्ताहरुलाई उक्त वन क्षेत्र सामुदायिक वनको रुपमा लिन चाहने हो वा नचाहने हो सो जानकारीको लागि पैंतीस दिनको म्याद दिई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र अन्य सार्वजनिक स्थानमा सूचना प्रकाशन गर्न जिल्ला वन कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनाको म्यादभित्र उक्त वन क्षेत्र वरिपरी बसोबास गर्ने उपभोक्ताहरुले सो वन क्षेत्र सामुदायिक वनको रुपमा लिन चाहेमा निर्देशकले कबुलियती वनको लागि माग गरिएको निवेदनलाई मुलतवी राखी तीन महीनाभित्र उपभोक्ता समूह गठन गर्न जिल्ला वन कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्यादभित्र निवेदन नपरेमा वा उपनियम (३) बमोजिमको म्यादभित्र उपभोक्ता समूह गठन नभएमा कबुलियती वनको रुपमा दिन उपयुक्त देखिएमा निर्देशकले निवेदकसँग देहाय बमोजिमको थप विवरण माग गर्नु पर्नेछ :-

(क) विस्तृत कार्ययोजना,

(ख) उक्त क्षेत्रमा रहेका रुखहरुको जात र नाप पैमाइस सहितको विवरण,

(ग) भएका रुखहरु हटाउनु पर्ने भएमा सो को योजना,

(घ) कबुलियती वनको अवधि समाप्त हुँदाका बखतको वनको स्थिति,

(ङ) अन्य आवश्यक प्राविधिक कुराहरु ।

(५) उपनियम (४) बमोजिमको विस्तृत कार्ययोजना तयार गर्ने सिलसिलामा निवेदकले सो वन क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरु माग गरेमा उपलब्ध भएसम्मका तथ्याङ्कहरु निवेदकलाई जिल्ला वन अधिकृत वा निर्देशकले विना दस्तुर उपलब्ध गराउनु पर्नेछ ।

(६) एउटै वन क्षेत्र एक भन्दा बढी सङ्गठित संस्था, उद्योग वा समुदायबाट कबुलियती वनको रुपमा लिन निवेदन परेमा गरीबीको रेखामुनीका अधिकांश व्यक्तिहरु रहेको समुदायलाई पहिलो प्राथमिकता र वृक्षारोपण गरी वन पैदावार उत्पादन गर्ने वन पैदावारमा आधारित उद्योगलाई दोस्रो प्राथमिकता दिइनेछ ।

(७) कुनै समुदायलाई कबुलियती वन सुम्पदा कुनै प्राविधिक सहयोग आवश्यक भएमा जिल्ला वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

❋३९क. प्रस्ताव आव्हान गरी कबुलियती वन दिन सकिने : (१) नियम ३९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले राष्ट्रिय वनको देहायको क्षेत्रलाई प्रस्ताव आव्हान गरी सङ्गठित संस्था वा उद्योगलाई कबुलियती वनको रुपमा दिन सक्नेछ :-

---

❋ दोस्रो संशोधनद्वारा थप ।

(क) झाडी बुट्यान क्षेत्र,

(ख) अतिक्रमणकारीहरुबाट फिर्ता लिएको क्षेत्र,

(ग) प्राकृतिक प्रकोपका कारण वन क्षति भई पुन: उकास भएको क्षेत्र,

(घ) बीस प्रतिशतभन्दा कम क्राउन कभर भएको वन क्षेत्र,

(ङ) भू-संरक्षणको हिसाबले संवेदनशील क्षेत्र ।

(२) निर्देशकले उपनियम (१) बमोजिमको वन क्षेत्रको वातावरण र जैविक विविधताको संरक्षण लगायत दिगो व्यवस्थापन गर्ने आधारहरु समेत खुलाई इच्छुक सङ्गठित संस्था वा उद्योगलाई प्रस्ताव पेश गर्न आह्वान गरेको प्रस्तावमा सहभागी हुन चाहने इच्छुक सङ्गठित संस्था वा उद्योगले देहायका कुराहरु खुलाई प्रस्ताव पेश गर्न सक्नेछन् :-

(क) कबुलियती वनको अवधि,

(ख) कबुलियती वनको रुपमा लिन चाहेको स्थान, क्षेत्रफल र चार किल्ला,

(ग) उत्पादन गरिने वन पैदावारको किसिम र तिनको दिगो उपयोग सम्बन्धी वन विकासको कार्ययोजना,

(घ) कबुलियती वन क्षेत्रभित्र कुनै किसिमको भौतिक निर्माण (घर टहरा आदि) गरिने भए सो को विवरण,

(ङ) नेपाल सरकारलाई बुझाउने वार्षिक दस्तुर सम्बन्धी प्रावधानहरु,

(च) सम्झौता अवधि समाप्त भएपछि उक्त वन क्षेत्र नेपाल सरकारलाई फिर्ता बुझाउँदाको अवस्थामा कायम रहने वनको अनुमानित स्वरुप र वन पैदावारको स्थिति विवरण,

(छ) अन्य आवश्यक कुराहरु ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रस्तावलाई ऐनको दफा ३२ को उपदफा (२) बमोजिम प्रक्रिया पूरा गरी निर्देशकले विभागमा पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्देशकबाट प्राप्त प्रस्तावको प्राविधिक तथा आर्थिक मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ :-

(क) महानिर्देशक - संयोजक

(ख) सम्बन्धित निर्देशक - सदस्य

(ग) प्रमुख लेखा नियन्त्रक, मन्त्रालय - सदस्य

(घ) महानिर्देशकले तोकेको वन विभागको अधिकृत - सदस्य

(५) उपनियम (४) बमोजिमको मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) उपनियम (४) बमोजिमको मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा देहायको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) वातावरण तथा जैविक विविधताको संरक्षण, भू-क्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट वन विकास सम्बन्धी कार्यक्रम,

(ख) नेपाल सरकारलाई प्रत्यक्ष रुपमा प्राप्त हुने दस्तुर तथा राजस्व,

(ग) कबुलियतमा लिने वन क्षेत्रको वरपर रहने बासिन्दाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारको सम्भावना,

(घ) स्थानीय क्षेत्रमा औद्योगिक क्रियाकलाप बृद्धि हुने अन्य आयमूलक कार्यक्रम ।

(७) उपनियम (६) बमोजिम मूल्याङ्कन गर्दा सबैभन्दा उपयुक्त ठहर भएको प्रस्ताव पेश गर्ने प्रस्तावकलाई कबुलियती वन दिन मन्त्रालयमा सिफारिस पेश गर्नु पर्नेछ ।

(८) नेपाल सरकारले उपनियम (७) बमोजिम सिफारिस भई आएको प्रस्तावकसँग सम्झौता गरी कबुलियती वन प्रदान गर्ने निर्णय गर्नेछ ।

(९) उपनियम (८) बमोजिम सम्झौता गर्दा प्रस्तावकले देहाय बमोजिमका काम कुरा गर्न नपाउने गरी निषेध गर्नु पर्नेछ :-

(क) वन विभागको पूर्व स्वीकृति नलिई वन क्षेत्रभित्र बग्ने नदीनाला, खोलाको स्रोत थुनछेक गर्ने वा फर्काउने,

(ख) वनस्पतिको विकासमा अवरोध पुऱ्याउने, जीवजन्तुको बासस्थानमा हानी नोक्सानी पुऱ्याउने, प्राकृतिक वा भौतिक स्वरुप विगार्ने वा सीमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउने,

(ग) जलचर वा अन्य कुनै किसिमका जनावर, पशुपन्छी वा जीवजन्तुलाई हानी नोक्सानी हुने गरी कुनै किसिमको विषादी प्रयोग गर्ने,

(घ) ढुङ्गा, गिट्टी, बालुवा झिक्ने वा खानी सञ्चालन गर्ने, वरिपरिका स्थानीय बासिन्दाको सामाजिक रीतिरिवाजमा अवरोध पुग्ने कार्य गर्ने गराउने वा बाटोघाटो खोलानालाको निर्वाध उपयोग जस्ता पारम्परिक अधिकारको उपयोगमा व्यवधान उत्पन्न गराउने ।

४०. कबुलियती वन सुम्पने विशेष व्यवस्था : (१) नेपाल सरकारले गरिबीको रेखामुनी रहेका समुदायहरुको निमित्त कबुलियती वन सम्बन्धी आयोजना तयार पारी सो आयोजनाबाट लाभ पाउने व्यक्तिहरुलाई कबुलियती वन सुम्पन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियती वन सुम्पनु भन्दा अगाडि कबुलियती वन सम्बन्धी आयोजनाले सम्बन्धित समुदायलाई कार्ययोजना तयार गर्न लगाई सो कार्ययोजना स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सुम्पिएको कबुलियती वनमा रहेका वन पैदावारको उपयोग र संरक्षण कार्ययोजनामा तोकिए बमोजिम नै हुनेछ ।

४१. कबुलियती वनको पट्टा र दस्तुर : ऐनको दफा ३२ को उपदफा (४) बमोजिम मन्त्रालयले कबुलियती वन प्रदान गर्न स्वीकृति दिएमा निर्देशकले अनुसूची-१९ बमोजिमको ढाँचामा कबुलियती वनको कबुलियतनामा तयार गरी अनुसूची-२० मा उल्लेखित वार्षिक दस्तुर लिई निवेदकलाई अनुसूची-२१ बमोजिमको पट्टा सहित कबुलियती वन प्रदान गर्नु पर्नेछ ।

४२. कबुलियती वनको लगत : कबुलियती वन सुम्पिएपछि त्यसको लगत क्षेत्रीय वन कार्यालयमा राखी सोको जानकारी जिल्ला वन कार्यालयलाई दिनु पर्नेछ ।

४३. कबुलियतको म्याद थप सम्बन्धी व्यवस्था : (१) पट्टावालाले कबुलियतमा उल्लेखित म्यादभित्र कार्ययोजना अनुसार कार्य सञ्चालन गर्न नसकेमा सोको मनासिब माफिकको कारण देखाई निवेदन दिएमा र नेपाल सरकारले मनासिब देखेमा कबुलियतको म्याद बढीमा ६ महीनाको लागि थप गर्न सक्नेछ । सो म्यादभित्र पनि कार्य सञ्चालन गर्न नसकेमा त्यस्तो कबुलियती वनको कबुलियतनामा खारेज गरिनेछ ।

४४. कबुलियती वनको संरक्षण : (१) कबुलियती वनको संरक्षणको व्यवस्था पट्टावाला आफैंले गर्नु पर्नेछ ।

(२) पट्टावालाले कबुलियती वनको संरक्षणको लागि कुनै सहयोग मागेमा जिल्ला वन अधिकृतले उपयुक्त सहयोग प्रदान गर्नुका साथै अन्य निकायलाई सहयोगको लागि सिफारिस गरिदिनु पर्नेछ ।

४५. <u>कबुलियती वनमा गर्न नहुने काम</u> : (१) कबुलियती वनमा देहायको कुनै कार्य गर्न वा गराउन हुँदैन :-

(क) कबुलियती वनले चर्चेको जग्गा बिक्री गर्न, धितो राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न,

(ख) कार्ययोजनाले गर्न हुने भनी तोके बाहेकका अन्य कार्य गर्न ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियती वनको विकासको लागि आफूले लगाई हुर्काएको वन पैदावार धितो बन्धक राखी वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

४६. <u>हक हस्तान्तरण वा बिक्री गर्न सकिने</u> : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियतको एक तिहाई अवधिसम्म सन्तोषजनक रुपमा काम गर्ने पट्टावालाले आफ्नो अधिकार अन्य कुनै सङ्गठित संस्था, उद्योग वा समुदायलाई हस्तान्तरण वा बिक्री गर्न सक्नेछ । यसरी आफ्नो हक हस्तान्तरण वा बिक्री गर्नु पर्दा सम्बन्धित पट्टावालाले मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हक हस्तान्तरण वा बिक्रीको स्वीकृतिको लागि निवेदन पेश भएकोमा मन्त्रालयले सो वनमा पट्टावालाले लगाएको वा हुर्काएको वन पैदावार नेपाल सरकारको तर्फबाट खरिद गर्न चाहेमा सो वन पैदावारको अनुसूची-२ बमोजिमको मूल्य बराबरको रकम पट्टावालालाई बुझाई खरिद गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम हस्तान्तरण वा बिक्री गरिएको कबुलियती वन कुनै सङ्गठित संस्था, उद्योग वा समुदायले खरिद गरेमा साविक पट्टावालाले नेपाल सरकारसँग गरेको कबुलियतनामा निज खरिदकर्तामा हस्तान्तरण भएको मानिनेछ ।

(४) उपनियम (१) बमोजिम हस्तान्तरण वा बिक्री भएको कबुलियती वनको पट्टामा निर्देशकले त्यसरी कबुलियती वन हस्तान्तरण वा बिक्री भएको व्यहोरा जनाई आफ्नो लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

४७. <u>वन पैदावारको उत्पादन तथा उपभोग</u> : (१) कबुलियती वनको वन पैदावार उपभोग वा बिक्री वितरण गर्दा कार्ययोजनाले निर्दिष्ट गरेको परिमाण बमोजिमको वन पैदावार मात्र उपभोग वा बिक्री वितरण गर्न सकिनेछ ।

(२) पट्टावालाले कबुलियती वनमा वृक्षारोपण गरेको वन पैदावारको जात र परिमाण खुलाई प्रत्येक वर्ष जिल्ला वन कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(३) पट्टावालाले फलामे टाँचा बनाई जिल्ला वन कार्यालयमा टाँचा दर्ता गराई पाउँ भनी निवेदन दिनु पर्नेछ । सो निवेदन उपर टाँचाको नाम दोहोरो नपर्ने गरी जिल्ला वन अधिकृतले टाँचा दर्ता गरिदिनु पर्नेछ ।

(४) कबुलियती वनको वन पैदावार ओसार पसार गर्दा उपनियम (३) बमोजिमको टाँचा लगाई सोको अग्रिम जानकारी जिल्ला वन कार्यालयमा दिई बाटोमा पर्ने जाँच चौकीहरुबाट दरपिठ गराई लैजानु पर्नेछ ।

४८. कबुलियती वन प्रदान गर्दाका रुखहरुको स्वामित्व : (१) कबुलियती वन प्रदान गर्दा त्यसमा भएको रुखहरुको स्वामित्व नेपाल सरकारको हुनेछ । त्यस्ता रुखहरुको व्यवस्थापन र सुरक्षा गर्ने प्रावधान कार्ययोजनामा उल्लेख गरी त्यस्ता रुखहरु पट्टावालाले जिम्मामा लिनु पर्नेछ ।

(२) ऐनको दफा ३१ को खण्ड (क) र (ख) को उद्देश्यको लागि कबुलियती वन प्रदान गर्दा जङ्गलको प्रकृति हेरी त्यहाँ रहेका रुखहरुको मूल्याङ्कन गरी सोको बढीमा दश प्रतिशतसम्मको रकम त्यस्तो कबुलियती वनको पट्टावालाबाट धरौटी वा बैंक ग्यारेण्टी लिन सकिनेछ ।

तर गरिबीको रेखामुनिका समुदायलाई कबुलियती वन प्रदान गर्दा त्यस्तो धरौटी लिइने छैन ।

(३) उपनियम (१) बमोजिमका रुखहरु कटान गर्दा पट्टावालाले जिल्ला वन कार्यालयको रेखदेखमा कटान गरी प्राप्त भएको वन पैदावार कार्ययोजना अनुसार पट्टावालाले लिन चाहेमा पहिलो पाँच वर्षसम्मको लागि अनुसूची-२ बमोजिमको मूल्य लिई बिक्री गरिनेछ ।

तर पट्टावालाले लिन नचाहेमा सरकारद्वारा व्यवस्थित वनमा भएको व्यवस्था अनुसार बिक्री वितरण गरिनेछ ।

४९. कबुलियती वनको दस्तुर : (१) पट्टावालाले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्ममा अनुसूची-२० बमोजिमको वार्षिक दस्तुर जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र दस्तुर नबुझाउने पट्टावालालाई पौष मसान्तसम्मको लागि दश प्रतिशत, चैत्र मसान्तसम्मको लागि पचास प्रतिशत र अर्को आषाढ मसान्तसम्मको लागि शत प्रतिशत जरिबाना गरी दस्तुर असूल गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र दस्तुर नबुझाउने पट्टावालाको पट्टा खारेज हुनेछ ।

तर पट्टावालाले दस्तुर बुझाउन नसकेको कारण खुलाई नेपाल सरकार समक्ष निवेदन दिएमा र नेपाल सरकारलाई मनासिब लागेमा उपनियम (२) बमोजिम जरिबाना सहित लाग्ने जम्मा दस्तुरमा शत प्रतिशत थप जरिबाना थप लिई एक वर्षसम्म पट्टा कायम राख्न सक्नेछ ।

५०. <u>कबुलियती वनको अवधि</u> : (१) कबुलियती वन बढीमा चालीस वर्षसम्मको लागि सुम्पन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियती वनको अवधि निर्धारण गर्दा कार्ययोजना बमोजिम त्यस्तो वनमा लगाइने वन पैदावारको किसिम र त्यस क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमलाई आधार मानी गर्नु पर्नेछ ।

(३) पट्टावालाले कार्ययोजना र कबुलियतनामा बमोजिम सन्तोषजनक रुपले कबुलियती वन सञ्चालन गरेको देखिएमा र पट्टावालाले चाहेमा त्यस्तो वन क्षेत्रलाई थप चालीस वर्षसम्मको लागि पुन: सुम्पन सकिनेछ ।

५१. <u>पट्टाको नक्कल दिन सकिने</u> : (१) कबुलियती वनको पट्टा हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिन परेमा पट्टावालाले निर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा निर्देशकले कबुलियती वनको पट्टाको प्रतिलिपि दिनु पर्नेछ ।

५२. <u>मूल्याङ्कन</u> : (१) पट्टावालाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महीनाभित्र कबुलियती वनको वार्षिक प्रतिवेदन निर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(२) निर्देशक वा निजले तोकेको अधिकृतले पट्टावाला वा निजको प्रतिनिधिको रोहवरमा कम्तिमा वर्षको एक पटक कबुलियती वनमा कार्ययोजना बमोजिम कार्य गरे नगरेको अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनको व्यहोराबाट पट्टावालाले निषेधित कार्य गरेको भन्ने देखिएमा सोको छानविन नहुन्जेल निर्देशकले कबुलियती वनको वनपैदावार उपभोग वा सङ्कलन गर्न नपाउने गरी वा कार्ययोजना बमोजिमको कुनै कार्य गर्न नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

५३. <u>पट्टा खारेज गर्न सक्ने</u> : (१) पट्टावालाले पट्टा बमोजिम कार्य सञ्चालन गर्न नसकेको, वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली बमोजिम पालना गर्नु पर्ने कुराहरु पालन नगरेको भनी उजूरी परेमा वा अन्य कुनै स्रोतबाट पट्टावालाले निषेधित कार्य वा कार्ययोजना विपरित कार्य गरेको देखिएमा निर्देशकले प्राविधिक कर्मचारी खटाइ पट्टावाला वा निजको प्रतिनिधिको रोहवरमा स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको स्थलगत निरीक्षण प्रतिवेदनबाट वा नियम ५२ को उपनियम (२) बमोजिम पेश भएको मूल्याङ्कन प्रतिवेदनबाट पट्टावालाले निषेधित कार्य गरेको देखिन आएमा निर्देशकले

सम्बन्धित पट्टावालालाई बढीमा पैंतीस दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पट्टावालाले पेश गरेको सफाई सन्तोषजनक नभएमा त्यस्तो सफाई पेश भएको मितिले पैंतालीस दिनभित्र निर्देशकले पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय भएकोमा त्यस्तो कबुलियती वनमा पट्टावालाले लगाई हुर्काएको वन पैदावारको हकमा निर्देशकले जिल्ला वन कार्यालयलाई उक्त वन पैदावारको मूल्याङ्कन गर्न लगाई अनुसूची-२ बमोजिमको रकम क्षतिपूर्ति बापत पट्टावालालाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम गरिएको वन पैदावारको मूल्याङ्कनमा पट्टावाला सहमत नभएमा $^{\alpha}$मध्यस्थता ऐन, २०५५ बमोजिम उक्त विवाद टुङ्गो लगाइनेछ ।

(६) उपनियम (४) वा (५) बमोजिम निर्धारण भएको क्षतिपूर्ति दिँदा पट्टावालाले पट्टामा उल्लेखित शर्त विपरित काम गरेको कारण भएको हानी नोक्सानीको बिगो बापतको रकम कट्टा गरी बाँकी रकम मात्र पट्टावालालाई दिनु पर्नेछ ।

५४. कार्ययोजनामा संशोधन : कबुलियती वनको कार्ययोजना संशोधन गर्नु परेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-६

## धार्मिक वन

५५. धार्मिक वनको लागि निवेदन : (१) प्रचलित कानून बमोजिम दर्ता भएका धार्मिक निकाय, समूह वा समुदायले परम्परागत वा सनातनदेखि चलिआएको धार्मिक कार्यको लागि प्रयोग गरिरहेको वनको व्यवस्थापन सुनियोजित तवरले गर्न चाहेमा ऐनको दफा ३५ मा उल्लेखित विषयका अतिरिक्त देहायका विवरणहरु समेत खुलाई कार्ययोजना सहित अनुसूची-२२ बमोजिमको ढाँचामा जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ :-

(क) धार्मिक वनको नाम,
(ख) धार्मिक वनको संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी तरिका,
(ग) धार्मिक वनको वन पैदावार सङ्कलन गर्ने तरिका,
(घ) वृक्षारोपण र वनको सुधार सम्बन्धी तरिका,

$\alpha$ चौथो संशोधनद्वारा संशोधित ।

(ङ) धार्मिक वनको लागि आवश्यक पर्ने अन्य विवरणहरु ।

(२) जिल्ला वन अधिकृतले उपनियम (१) बमोजिम पर्न आएको निवेदनमा आवश्यक जाँचबुझ गरी अनुसूची-२३ बमोजिमको प्रमाणपत्र सहित सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई धार्मिक वन सुम्पन सक्नेछ ।

५६. धार्मिक वनको लगत राख्ने : नियम ५५ को उपनियम (२) बमोजिम सुम्पिएको धार्मिक वनको जिल्ला वन अधिकृतले लगत खडा गरी त्यसको एक-एक प्रति निर्देशक र विभाग समक्ष पठाउनु पर्नेछ ।

५७. कार्ययोजनाको कार्यान्वयन : धार्मिक वनको रुपमा सुम्पिएको वन क्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले कार्ययोजना बमोजिमको कार्य साधारणतया तीन महिनाभित्र शुरु गरिसक्नु पर्नेछ ।

५८. धार्मिक वनको अनुगमन : धार्मिक वनमा कार्ययोजना बमोजिम काम भए नभएको अनुगमन जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले गर्नेछ ।

५९. धार्मिक वनको वन पैदावारको उपयोग : धार्मिक वनको वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न पाउनेछ ।

तर धार्मिक वन क्षेत्रभित्र रहेका काठ दाउरा बाहेकका अन्य वन पैदावार बिक्री गरी त्यसबाट प्राप्त रकम धार्मिक कार्यमा उपयोग गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

६०. धार्मिक वन फिर्ता लिन सकिने : (१) धार्मिक निकाय, समूह वा समुदायले ऐन र यस नियमावली तथा कार्ययोजना विपरीतको कार्य गरेमा जिल्ला वन अधिकृतले धार्मिक वन फिर्ता लिन सक्नेछ ।

(२) जिल्ला वन अधिकृतले उपनियम (१) बमोजिमको धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई बढीमा पैंतीस दिनको म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) जिल्ला वन अधिकृतले उपनियम (१) बमोजिम धार्मिक वन फिर्ता लिने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र निर्देशक समक्ष उजूर दिन सक्नेछ र निर्देशकको निर्णय अन्तिम हुनेछ ।

(४) यस नियम बमोजिम जिल्ला वन अधिकृतले धार्मिक वन फिर्ता लिने गरी निर्णय गरेमा सो धार्मिक वनलाई पुन: धार्मिक वनकै रुपमा जिल्ला वन अधिकृतले व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद-७

## निजी वन

६१. निजी वन दर्ताको लागि निवेदन : (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले त्यस्तो निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोगको निस्सा प्रमाण संलग्न राखी अनुसूची-२४ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा जिल्ला वन अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदनमा उल्लेखित जग्गा निजी हक भोगको ठहरिन आएमा त्यस्तो जग्गामा रहेका रुखहरुको जात र संख्या खुलाई सो जग्गा निजी वनको रुपमा दर्ता गरी अनुसूची-२५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता भएको निजी वनको जग्गा धनीले आफ्नो हक भोगको जग्गामा नयाँ वृक्षारोपण गरेकोमा वन पैदावारको जात र संख्या खुलाई लिखित रुपमा सम्बन्धित जिल्ला वन कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

६२. [ᑐ]वन पैदावारको ओसार पसार : (१) निजी वन धनीले निजी वन रहेकै ठाउँमा आफ्नो प्रयोजनको लागि निजी वनको वन पैदावार प्रयोग गर्ने भएमा सो वन पैदावारको जात र परिमाण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्यको सिफारिस साथ प्रयोग गर्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै सम्बन्धित इलाका वन कार्यालय मार्फत वा सोझै जिल्ला वन कार्यालयमा लिखित रुपमा सूचना दिई प्रयोग गर्न सक्नेछ ।

(२) यस परिच्छेद बमोजिम दर्ता भएको निजी वनको धनीले निजी वनको वन पैदावार ओसार पसार गर्दा वन पैदावारको जात र परिमाण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्यको सिफारिस साथ ओसार पसार गर्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै सम्बन्धित जिल्ला वन कार्यालयमा लिखित सूचना दिई बाटोमा पर्ने वन चेक पोष्टमा दरपिठ गराई निजी वन पैदावार ओसार पसार गर्न सक्नेछ ।

(३) यस परिच्छेद बमोजिम दर्ता नभएको निजी वन धनीले सम्बन्धित इलाका वन कार्यालय मार्फत वा सोझै जिल्ला वन कार्यालयमा निजी वनको वन पैदावार मध्ये रुख कटानको लागि निवेदन दिनु पर्नेछ । सो निवेदन उपर आवश्यक जाँचबुझ गरी जिल्ला वन अधिकृतले रुख कटान गर्ने अनुमति दिन सक्नेछ ।

---

[ᑐ] पाँचौ संशोधनद्वारा संशोधित ।

(४) उपनियम (३) बमोजिमको निजी वनको काठ ओसार पसार गर्दा सम्बन्धित जिल्ला वन कार्यालयबाट छोडपूर्जि लिई वन चेक पोष्टमा दरपिठ गराई ओसार पसार गर्न सक्नेछ ।

[ℭ](४क) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिम दर्ता नभएको निजी वन धनीले त्यस्तो निजी वनमा रहेका अनुसूची-२६ बमोजिमका रुख अनुमति नलिई कटान गर्न र त्यसको काठ दाउरा छोडपुर्जि नलिई ओसार पसार गर्न सक्नेछ ।

[ℭ](४ख) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिम दर्ता नभएको निजी वन धनीले त्यस्तो निजी वनमा रहेका अनुसूची-२७ बमोजिमका जडीबुटी वा अन्य वन पैदावार छोडपुर्जि नलिई ओसार पसार गर्न सक्नेछ ।

[ℭ](४ग) उपनियम (४क) र (४ख) बमोजिम काठ दाउरा, जडीबुटी वा अन्य वन पैदावार ओसार पसार गर्दा सम्बन्धित जिल्ला वन कार्यालय वा सो कार्यालयको कार्यक्षेत्रभित्रको इलाका वन कार्यालयबाट काठ दाउराको हकमा अनुसूची-२८ बमोजिम र जडीबुटी वा अन्य वन पैदावारको हकमा अनुसूची-२९ बमोजिम लगत प्रमाणित गराउनु पर्नेछ ।

(५) यो नियमावली प्रारम्भ हुनु भन्दा अगावै निजी वनको कटान भै सकेको काठ ओसार पसार गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी वा समिति समक्ष निवेदन दिनु पर्नेछ । सो निवेदन उपर त्यसरी तोकिएको अधिकारी वा समितिले आवश्यक जाँचबुझ गरी निर्णय गरे मुताविक ओसार पसार गर्नु पर्नेछ ।

६३. प्रमाणपत्रको नक्कल दिन सकिने : निजी वनको दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अन्य कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिन सम्बन्धित निजी वनको धनीले निवेदन दिएमा जिल्ला वन अधिकृतले प्रमाणपत्रको नक्कल दिनु पर्नेछ ।

६४. निजी वनको लगत कट्टा गर्ने : (१) नियम ६२ बमोजिम दर्ता भएको निजी वन फाड्न चाहने धनीले सो कुराको सूचना जिल्ला वन कार्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा जिल्ला वन कार्यालयले त्यस्तो निजी वनको लगत कट्टा गर्नु पर्नेछ ।

---

ℭ पाँचौ संशोधनद्वारा थप ।

## परिच्छेद-८

## विविध

६५. प्राथमिकता प्राप्त योजनाको सञ्चालन : (१) कुनै वन क्षेत्रभित्र राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्दा सोबाट स्थानीय व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुन गएमा सो बापतको क्षतिपूर्तिको रकम सम्बन्धित योजना सञ्चालनकर्ताले नै व्यहोर्नु पर्नेछ ।

(२) स्वीकृत प्राप्त योजनाले प्रयोग गर्ने वन क्षेत्रको वन पैदावार काट्दा, टुक्राउँदा तथा ढुवानी गर्दाको सम्पूर्ण खर्च योजना सञ्चालनकर्ताले नै व्यहोर्नु पर्नेछ ।

६६. लिलाम बिक्री सम्बन्धी व्यवस्था : कुनै पनि वन पैदावारको पच्चीस लाख रुपैयाँसम्मको लिलाम बिक्री गर्ने गराउने अधिकार महानिर्देशकलाई र पाँचलाख रुपैयँसम्मको वन पैदावारको लिलाम बिक्री गर्ने गराउने अधिकार जिल्ला वन अधिकृतलाई हुनेछ ।

६७. निर्देशिका बनाउन सक्ने : यस नियमावलीको उद्देश्य पूरा गर्नको लागि मन्त्रालयले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ र त्यसरी जारी गरिएको निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

६८. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

६९. खारेजी : देहायका नियमावलीहरु खारेज गरिएका छन् :-

(क) वन पैदावार बिक्री वितरण नियमावली, २०२७

(ख) वन संरक्षण (विशेष व्यवस्था) नियमावली, २०२७

(ग) पञ्चायत संरक्षित वन नियमावली, २०३५

(घ) कबुलियती वन नियमावली, २०३५

(ङ) पञ्चायती वन नियमावली, २०३५

(च) निजी वन नियमावली, २०४१

---

द्रष्टव्य : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

अनुसूची-१

(नियम ८ सँग सम्बन्धित)

वन पैदावार प्राप्त गर्ने इजाजतपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय ...........

मिति :-

(१) इजाजतपत्र प्राप्त गर्नेको नाम, थर, वतन :-

(२) वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम :-

(३) वन पैदावारको नाम :-

(४) वन पैदावारको किसिम र परिमाण :-

(५) वन पैदावारको लिन चाहेको प्रयोजन :-

(६) वन पैदावारको प्रयोग हुने ठाउँ:-

(७) वन पैदावारको सङ्कलन र निकाल्ने म्याद :-

(८) ढाँचाको विवरण :-

(९) घाटगद्दी स्थान :-

(१०) वन पैदावारको दस्तुर :-

...............

(जिल्ला वन अधिकृत)

जिल्ला वन कार्यालय

बोधार्थ/कार्यार्थ

१. .................. इलाका वन कार्यालय ।

२. जिल्ला वन कार्यालय, ................ लेखा शाखा ।

◎अनुसूची-२

(नियम ९, १०, १८, २५, ४६, ४८ र ५३ सँग सम्बन्धित)

काठ दाउराको मूल्य दर

(क) गोलिया काठ :

| क्र.सं. | काठको प्रजाति | स्तर (ग्रेड) | प्रति क्यू.फिट मूल्य दर रु. |
|---|---|---|---|
| १ | सतिसाल | - | १५००।- |
| २ | साल | ए | ८००।- |
| | | बी | ५००।- |
| | | सी | ३००।- |
| ३ | जङ्गली सिसौ | ए | १०००।- |
| | | बी | ८००।- |
| | | सी | ५००।- |
| ४ | ओखर, चाँप, सागवान र दार | – | ५००।- |
| ५ | विजय साल | – | ३००।- |
| ६ | सन्दन र पाजन | – | ३००।- |
| ७ | सिसौ (वृक्षारोपण) | ४ फिट र सो भन्दा बढी गोलाइ भएको | ४००।- |
| | | ४ फिट भन्दा कम गोलाइ भएको | २००।- |
| ८ | अस्ना, जामुन, कर्मा, टुनी, सिरिस र गम्हारी | ए | ३००।- |
| | | बी | २००।- |
| ९ | देवदार | – | १५०।- |
| १० | खोटे सल्लो | ए | २००।- |
| | | बी | १५०।- |
| ११ | सिमल | – | १२५।- |
| १२ | हर्रो, बर्रो, फल्दु, चिलाउने र सौर | – | २००।- |
| १३ | भुडकुल, गुटेल, पपलर, उत्तिस, टिकुल, कटुस, मसला, आँप, अन्य सल्लो, फर र स्प्रुस | - | १००।- |
| १४ | बाँझी र बोटधगेंरो | - | ८०।- |

◎ मिति २०६८।२।२३ मा नेपाल राजपत्रको सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

| | | | |
|---|---|---|---|
| १५ | खयर (आयतन निकाल्दा लम्बाइलाई पनि अन्तिम इन्चसम्म नाप्ने) | - | ६००।- |
| | | | २०।- प्रति किलोग्राम |
| १६ | श्वेत चन्दन | - | ८००।- प्रति किलोग्राम |
| १७ | अन्य (माथि उल्लेख भएदेखि बाहेक) | - | ७५।- प्रति क्यू. फिट |

(ख) जरा र ठुटा :

| क्र.सं. | प्रजाति | मूल्य दर रु. |
|---|---|---|
| १. | खयर | २५।- प्रति किलोग्राम |
| २. | साल | ७५।- प्रति ठुटा |
| ३. | अन्य | ४०।- प्रति ठुटा |

(ग) बल्लाबल्ली :

| क्र.सं. | प्रजाति | स्तर (ग्रेड) | प्रति क्यू. फिट मूल्य दर रु. |
|---|---|---|---|
| १. | साल | ए | १५०।- |
| | | बी | १००।- |
| २. | अस्ना, कर्मा र जामुन | ए | ७५।- |
| | | बी | ५०।- |
| ३. | मसला | ए | ५०।- |
| | | बी | २५।- |
| ४. | अन्य | ए | २५।- |
| | | बी | १५।- |

(घ) <u>दाउरा</u> :

| क.सं. | प्रयोजन | प्रजाति | मूल्य दर रु. |
|---|---|---|---|
| १. | व्यापारिक | (क) साल | ८,०००।- प्रति चट्टा |
| | | | १।०० प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| | | (ख) सिसौ र टिक | १२,०००।-प्रति चट्टा |
| | | | १।५० प्रति किलोग्राम |
| | | (ग) अन्य | ४,०००।-प्रति चट्टा |
| | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| २. | दाह संस्कार | (क) साल | २,०००।- प्रति चट्टा |
| | | | ०।२५ प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| | | ख) अन्य | १,०००।- प्रति चट्टा |
| | | | ०।१५ प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| ३. | घरकाज | (क) साल | ४,०००।- प्रति चट्टा |
| | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| | | (ख) अन्य | २,०००।- प्रति चट्टा |
| | | | ०।२५ प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |

<u>द्रष्टव्य</u> :

(१) कृषि औजार (हलो, जुवा, हेगा, हरिस) र दैवी प्रकोपमा परेका परिवारलाई दिइने काठमा माथि उल्लिखित मूल्यको १० प्रतिशत मात्र मूल्य लिइनेछ ।

(२) खडा रुख र ठुटाबाट काठ दाउरा मूल्याङ्कन गर्दा स्तर निर्धारण भएको प्रजातिको काठको हकमा “बी” स्तरको मूल्य, स्तर निर्धारण नभएको प्रजातिको काठको हकमा माथि उल्लेख भए बमोजिमको मूल्य र दाउराको हकमा व्यापारिक प्रयोजनको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरिनेछ ।

(३) प्राकृतिक रुपमा आएको सिसौलाई जङ्गली सिसौ मानिनेछ र जङ्गली वा वृक्षारोपणको सिसौ नछुटिने अवस्था परेमा जङ्गली सिसौको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन र विगो कायम गरिनेछ ।

(४) गोलिया काठ र बल्लाबल्लीको मूल्य निर्धारण गर्ने प्रयोजनको लागि स्तर (ग्रेड) निर्धारण गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा गरिनेछ :-

(क) गोलिया काठ : दोषको मात्रा घटी बढी भई उत्पादन हुन सक्ने परिमाणमा फरक पर्ने देखिएमा उत्पादन हुन सक्ने चिरान प्रतिशतलाई आधार मानी ग्रेड कायम गर्नु पर्नेछ । उदाहरणको लागि ७ फिट लम्वाइ र ६ फिट भन्दा बढी गोलाइ भएको काठमा दोषको मात्रा वढी भई ६५ प्रतिशत भन्दा घटी चिरान काठ उत्पादन हुने भएमा "बी" ग्रेड कायम गर्न सकिनेछ । ५ फिट लम्वाइ र ५ फिट भन्दा बढी गोलाइ भएको काठमा दोषको मात्रा कम भई ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने भए "ए" ग्रेड कायम गर्नु पर्नेछ । काठको गोलाइ र चिरान प्रतिशत नै ग्रेडिङको मूल आधार हुनेछ ।

(१) साल :

(क) "ए" ग्रेड : लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "बी" ग्रेड : लम्बाइ ४ फिट भन्दा बढी, गोलाइ ४ फिटदेखि ६ फिटसम्म, किरा लागेको भए ५ प्वालसम्म, चिरिएको र चर्केको, गाँठो भएको र बोक्रा भित्र पसेको, धोद भएको र ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(ग) "सी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिट भन्दा बढी, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको, मक्किएको र सडेको र रिङ्ग भएको र ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(२) अस्ना, जामुन, कर्मा, टुनी, सिरिस र गम्हारी :

(क) "ए" ग्रेड : लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "बी" ग्रेड : लम्बाई २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिटदेखि ७ फिटसम्म, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा लागेको भए २ प्वाल भन्दा बढी भएको, मक्किएको / सडेको / रिङ्ग भएको र ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(३) <u>जङ्गली सिसौ :</u>

(क) "ए" ग्रेड : लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "बी" ग्रेड : लम्बाइ ६ फिट भन्दा बढी, गोलाइ ५ फिटदेखि ६ फिटसम्म, किरा लागेको भए ५ प्वालसम्म, चिरिएको र चर्केको, गाँठो भएको र बोक्राभित्र पसेको, धोद भएको र ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(ग) "सी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिटदेखि ६ फिटसम्म, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको, मक्किएको/सडेको /रिङ्ग भएको र ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(४) <u>खोटे सल्ला :</u>

(क) "ए" ग्रेड : लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ५ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "बी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ ५ फिट भन्दा कम, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको, मक्किएको/सडेको /रिङ्ग भएको र ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) बल्लाबल्ली :

(क) "ए" ग्रेड : लम्बाइ ६ फिट भन्दा बढी, गोलाइ २ फिट देखि २ फिट ११ इन्चसम्म, चिरिएको र फाटेको ।

(ख) "बी" ग्रेड : लम्बाइ ६ फिट भन्दा बढी, गोलाइ १ फिट ४ इन्च देखि १ फिट ११ इन्चसम्म, चिरिएको, फाटेको, बाङ्गो टिङ्गो भएको ।

स्पष्टीकरण : यस अनुसूचीको प्रयोजनको लागि "बल्लाबल्ली" भन्नाले फेदमा ३ फिट भन्दा कम गोलाइ भएको र ६ फिट भन्दा बढी लम्बाइ भएको गोलिया काठ जनाउँछ ।

(५) गोलिया तथा चिरान काठ र दाउराको मूल्य निर्धारण गर्ने प्रयोजनको लागि मापन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) गोलिया काठ :

(अ) लम्बाइ :

(१) लम्बाइ मापन गर्दा फेददेखि टुप्पो पट्टि घट्दै गएको गोलियाको लागि गोलियाको बीच भागमा बोक्रा मुनि गोलाइ मापन गर्नु पर्नेछ ।

(२) फेद, टुप्पो पट्टि अथवा कहीं बीच भागमा एउटै गोलाइ नभएको गोलियाको लागि गोलियाको दुबै छेउमा गोलाइ नाप गरी त्यसको औसत नाप कायम गर्नु पर्नेछ ।

(३) गोलियाको बीच भागमा कुनै ठूलो गाँठो अथवा खाल्डो छ भने त्यस भागलाई छोडेर नजिकको दुई भागमा नाप गरी औसत नाप निकाल्नु पर्नेछ ।

(४) गोलिया असमान रुपले फैलिएको वा साँघुरो भएको छ भने ३ ठाँउमा (२ वटा छेउमा र बीच भागमा) गोलाइ नापी औसत गोलाइ कायम गर्नु पर्नेछ ।

(५) लम्बाइ मापन गर्दा नजिकको फिटमा ८ इन्च माथि १ फिट, ४ इन्चदेखि ८ इन्चसम्म ०.५ फिट र ४ इन्च मुनि ० फिट मापन गर्नु पर्नेछ ।

(आ) गोलाइ : गोलाइ मापन गर्दा नजिकको इन्चमा ४ लाइन भन्दा माथि १ इन्च र ४ लाइनसम्म ० इन्च मापन गर्नु पर्नेछ ।

(ख) चिरान काठ :

(अ) लम्बाइ :

(१) चिरान काठको लम्बाइ मापन गर्दा छड्के भागलाई कटाएर नजिकको इन्चसम्म मापन गर्नु पर्नेछ ।

(२) चिरान काठको चौडाइ मापन गर्दा नजिकको इन्चसम्म मापन गर्नु पर्नेछ ।

(आ) चौडाइ र मोटाइ : चिरान काठको चौडाइ र मोटाइ मापन गर्दा बाहिरी भागको मक्किएको, सडेको भागलाई कटाएर नजिकको इन्चसम्म मापन गर्नु पर्नेछ ।

(ग) दाउरा : दाउरा मापन चट्टामा देहाय बमोजिम हुनेछ :-

एक चट्टा (५०० घन फिट) = २० फिट × ५ फिट × ५ फिट

(६) धोदकट्टी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) गोलिया काठको एकापट्टिको छेउमा मात्र भएको धोद/रिङ्ग/सडेको भागको हकमा गोलिया काठको लम्बाइसम्म रहेको धोदको लम्बाइ नाप गरी कायम गर्नु पर्नेछ । धोदको क्षेत्रफल (Cross Sectional Area) निकाल्दा सबै भन्दा लामो साइड नापी क्षेत्रफल निकाल्नु पर्नेछ । धोदको आयतनको लागि धोदको लम्बाइ र क्षेत्रफल गुणन गरी निस्कने धोदको आयतनलाई गोलियाको आयतनमा कट्टा गरी गोलियाको वास्तविक आयतन कायम गर्नु पर्नेछ ।

(ख) गोलियाको दुवै पट्टिका छेउमा भएको धोद कट्टि गर्दा पूरै गोलियाको लम्बाइ कायम गर्नु पर्नेछ । धोदको क्षेत्रफल निकाल्न दुवै छेउको धोदको सबै भन्दा लामो साइड नापी दुबैको क्षेत्रफलको औसत क्षेत्रफल यकिन गरी त्यसलाई धोदको लम्बाइले गुणन गरी धोदको आयतन कायम गरी त्यसलाई गोलियाको आयतनबाट घटाइ गोलियाको वास्तविक आयतन कायम गर्नु पर्नेछ ।

## ☏अनुसूची - ३

(नियम ११ र २५ सँग सम्बन्धित)

**जडीबुटीको नाम र दस्तुर**

| क्र.सं. | नेपाली नाम | वैज्ञानिक नाम, अङ्ग्रेजी नाम | दस्तुर प्रति के.जी. (रु.) |
|---|---|---|---|
| (क) जरा तथा गानो जाति | | | |
| १. | अनन्तमूल | *Hemidesmus indicus* | १०।- |
| २. | अतिस | *Aconitum heterophyllum / Delphinium himalayai* | १५।- |
| ३. | असारेफूल | *Mussaenda frondosa* | ८।- |
| ४. | इन्द्रेणी | *Citrullus colosynthis / Trichosanthes wallichiana* | १०।- |
| ५. | उन्यू | *Dryopteris filix-mas, D. cochleata* | ८।- |
| ६. | कचुर/वन हलेदो | *Curcuma zedoaria* | ५।- |
| ७. | काकोली/वेत लौरी | *Fritillaria cirrhosa / Roscoea purpurea* | ५।- |
| ८. | कामराज | *Helminthostachys zeylanica* | ६।- |
| ९. | कुकुरतरुल, वनतरुल, भ्याकुर | *Dioscorea spp.* | १५।- |
| १०. | कुचिला | *Strychnos nux-vomica* | ७।- |
| ११. | कुट्की | *Neopicrorhiza scrophulariifolia* | १५।- |
| १२. | कुरिलो/सतावरी | *Asparagus spp.* | ५।- |
| १३. | खसखस/उशीर | *Vetiveriazizanioides* | १०।- |
| १४. | गुजरगानो | *Stephania spp.* | ५।- |
| १५. | गुर्जो/गुडुची | *Tinosporasinensis, T. cordifolia* | ५।- |
| १६. | गोकुलधुप | *Camphora mukul* | ५।- |

☏ मिति २०७२।७।१७ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको।

| | | | |
|---|---|---|---|
| १७. | चुत्रो/दारुहल्दी | *Berberis aristata* | ८।- |
| १८. | जटामसी | *Nardostachys grandiflora* | २०।- |
| १९. | जमानेमान्द्रो | *Mahonia nepaulensis* | ५।- |
| २०. | टुकीफूल | *Taraxacum officinale* | ५।- |
| २१. | नागरमोथे, मोथे | *Cyperus spp.* | ५।- |
| २२. | निरमसी/निरबिषी | *Delphinium denudatum* | ५०।- |
| २३. | पदमचाल/अमलवेद | *Rheum australe* | १०।- |
| २४. | पाखनवेद/पाषाणभेद | *Bergenia ciliata* | ५।- |
| २५. | पाँचऔंले | *Dactylorhiza hatagirea* | १०००।-<br>(प्रति गोटा) |
| २६. | पिपला/पिपली | *Piper longum* | १०।- |
| २७. | बज्रदन्ती | *Potentilla fulgens* | ५।- |
| २८. | वन प्याज | *Allium sp.* | १०।- |
| २९. | वनमुला | *Dipsacus inermis* | १०।- |
| ३०. | वनलसुन | *Allium wallichii* | १५।- |
| ३१. | वाटुलपाते | *Cissampelos pareira* | २।- |
| ३२. | विदारीकन्द | *Pueraria tuberosa* | २।- |
| ३३. | विलौने | *Maesa chisia* | ५।- |
| ३४. | विष, विषमा | *Aconitum spp.* | १०।- |
| ३५ | विषफेज | *Polypodium vulgare* | १०।- |
| ३६. | बोझो | *Acorus calamus* | ५।- |
| ३७. | भूतकेश | *Selinum tenuifolium* | ५।- |
| ३८. | ममिरा | *Parnassia nubicola* | ७०।- |
| ३९. | मुसली (कालो) | *Curculigo orchioides* | ६।- |
| ४०. | मुसली (सेतो) | *Chlorophytum spp.* | ५।- |
| ४१. | लघुपत्र | *Podophyllum hexandrum* | ५।- |
| ४२. | शटी | *Hedychium spicatum /* | ५।- |

| | | | |
|---|---|---|---|
| | | *Curcuma zedoaria* | |
| ४३. | सतुवा/ नक्कली सतुवा | *Paris polyphylla / Trillidium govanianum* | २०।- |
| ४४. | सर्पगन्धा/चाँदमरुवा | *Rauvolfia serpentina* | २०।- |
| ४५. | सातगांठे | *Panax pseudo-ginsing* | ५०।- |
| ४६. | सिस्नु | *Urtica dioica* | २।- |
| ४७. | सुगन्धवाल | *Valeriana jatamansii* | १५।- |
| ४८. | सेतकचिनी/कुकुरडाइनो | *Smilax spp.* | ५।- |
| (ख) बोक्रा जाति | | | |
| १. | अर्जुन | *Terminalia arjuna* | १०।- |
| २. | ओखर (काण्ड) | *Juglans regia* | १००।- |
| ३. | ओखर (फल) | *Juglans regia* | ५।- |
| ४. | अँ गेरी | *Lyonia ovalifolia* | ५।- |
| ५. | काफल | *Myrica esculenta* | १००।- |
| ६. | कुटमिरो/काल्चुरी | *Litsea monopetala* | ५।- |
| ७. | कोइरालो/कचनार | *Bauhinia variegata* | ५।- |
| ८. | चुत्रो/दारुहल्दी | *Berberis aristata* | ८।- |
| ९. | छतिवन | *Alstonia scholaris, A.neriifolia* | १०।- |
| १०. | जमानेमान्द्रो | *Mahonia nepaulensis* | ५।- |
| ११. | टटेलो/टोटला | *Oroxylum indicum* | ५।- |
| १२. | टाँकी | *Bauhinia purpurea* | ५।- |
| १३. | दार/दारगिठी | *Boehmeria rugulosa* | १०।- |
| १४. | धूपी | *Juniperus spp.* | २५।- |
| १५. | निम | *Azadirachta indica* | ५।- |
| १६. | नेपाली दालचिनी/सिन्कौली | *Cinnamomum tamala* | ७।- |
| १७. | पलास | *Butea monosperma* | २०।- |
| १८. | पावन/काउलो | *Persea duthiei, P.odoratissima* | १५।- |
| १९. | पैंयु | *Prunus cerasoides* | १०।- |

| | | | |
|---|---|---|---|
| २०. | बकाइनो | *Melia azedarach* | २।- |
| २१. | वनखिर्रो/कुटज | *Holarrhena pubescens* | ५।- |
| २२. | विलौने | *Maesa chisia* | १०।- |
| २३. | भोजपत्र | *Betula utilis* | २०।- |
| २४. | भोर्ला | *Bauhinia vahlii* | २।- |
| २५. | सल्ला | *Pinus spp.* | २।- |
| (ग) पात/ डाँठ जाति | | | |
| १. | अदुवाघाँस | *Carex sp.* | १।- |
| २. | अमलवेद/पदमचाल/ चुल्ठे अमिलो/ काराज चुल्ठी | *Rheum australe* | ५।- |
| ३. | असुरो/अडुस/वासक | *Justicia adhatoda* | १।- |
| ४. | उन्यू | *Dryopteris filix-mas, D. cochleata* | १।- |
| ५. | गुडमार | *Gymnema sylvestre* | ५।- |
| ६. | गुर्जोलहरा/गुडुची | *Tinospora sinensis , T. cordifolia* | २।- |
| ७. | घिउकुमारी | *Aloe vera* | ५।- |
| ८. | चुम्लानी | *Skimmia laureola* | ००।५० |
| ९. | जगर/जिगर | *Caryota urens* | २।- |
| १०. | टोकला | | १।- |
| ११. | ठिँगुरेसल्ला/ ठिङ्गेसल्ला | *Tsuga dumosa* | २।- |
| १२. | डालेचुक | *Hippophae spp.* | १।- |
| १३. | तालिसपत्र | *Abies spectabilis* | ५।- |
| १४. | तितेपाती | *Artemisia spp.* | १।- |
| १५. | तेजपात | *Cinnamomum tamala* | २।- |
| १६. | दुधेलहरा/ सरीवा | | १।- |
| १७. | धसिँग्रे/मछिनो/पटपटे | *Gaultheria fragrantissima* | १।- |
| १८ | धूपी | *Juniperus spp.* | २।- |

| | | | |
|---|---|---|---|
| १९. | नुनढिकी | *Osyris spp.* | १।- |
| २०. | मजिठो | *Rubia manjith* | ५।- |
| २१. | मलाटा | *Macaranga spp.* | १।- |
| २२. | मसला | *Eucalyptus spp.* | ००।२५ |
| २३. | लेमनग्रास, सिट्रोनेला, पामारोजा | *Cymbopogon spp.* | १।- |
| २४. | लौठसल्ला | *T. wallichiana/T.contorta/T.mairei* | ३०।- |
| २५. | सिकाकाई | *Acacia ruguta* | ३।- |
| २६. | सिस्नु | *Urtica dioica* | १।- |
| २७. | सुनपाती | *Rhododendron anthopogon* | ५।- |
| २८. | सोमलता | *Ephedra gerardiana* | ५।- |
| २९. | हिंगुवा/चियापाते | *Camellia kissi* | ००।५० |
| ३०. | करिपत्ता | *Murraya koenigii* | १।- |
| (घ) फूल र भूवा जाति | | | |
| १. | असुरो/अडुस/वासक | *Justicia adhatoda* | १।- |
| २. | आँकको भूवा | *Calotropis gigantea* | ४।- |
| ३. | कोइरालो/कचनार | *Bauhinia variegata* | ००।५० |
| ४. | गुराँस/चिमाल | *Rhododendron spp.* | २।- |
| ५. | टटेलोफूल/टोटला | *Oroxylum indicum* | ३।- |
| ६. | टुकीफूल | *Taraxacum officinale* | ५।- |
| ७. | धँयरो | *Woodfordia fruticosa* | १।- |
| ८. | नागेश्वर/नारेश्वर | *Mesua ferrea* | ५।- |
| ९. | पदमपुष्कर/निनाइजडि | *Iris decora* | ३।- |
| १०. | बुकीफूल | *Anaphalis spp.,Gnaphalium spp.* | १।- |
| ११. | मौवा (तराई) | *Bassia latifolia* | ५।- |
| १२. | मौवा (पहाडी) | *Engelhardtia spicata* | २।- |

| | | | |
|---|---|---|---|
| १३. | रुखकमल | *Magnolia grandiflora* | २५।- |
| १४. | सिमलको फूल | *Bombax ceiba* | ३।- |
| १५. | सिमलको भूवा | *Bombax ceiba* | ४।- |
| १६. | सुनपाती | *Rhododendron anthopogon* | ५।- |
| (ङ) फल र बीज जाति | | | |
| १. | अंडेर | *Ricinus communis* | २।- |
| २. | अमला | *Phyllanthus emblica* | १।- |
| ३. | अस्ना/साज | *Terminalia tomentosa* | २।- |
| ४. | इन्द्रजौ | *Holarrhena pubescens* | १।- |
| ५. | इन्द्रेणी | *Citrullus colosynthis/Trichosanthes wallichiana* | ८।- |
| ६. | उत्तिस | *Alnus nepalensis* | ५०।- |
| ७. | ओखर फल | *Juglans regia* | ५।- |
| ८. | कन्टकारी | *Solanum xanthocarpum* | १।- |
| ९. | काइयो फल/टकाली | *Pavetta indica* | ५।- |
| १०. | काउसो | *Mucuna pruriens* | २।- |
| ११. | कालादाना | | ५।- |
| १२. | कुचिला | *Strychnos nux-vomica* | २।- |
| १३. | कुसुम | *Schleichera oleosa* | २।- |
| १४. | कोइरालो/कचनार | *Bauhinia variegata* | १।- |
| १५. | खयर | *Acacia catechu* | २५।- |
| १६. | खोटेसल्लाको बीउ | *Pinus roxburghii* | २००।- |
| १७. | चम्पावती/चाँप | *Magnolia champaca* | ५०।- |
| १८. | चिउरी | *Aesandra butyracea* | ३।- |
| १९. | चिलाउनेको गेडा | *Schima wallichii* | ००।२५ |
| २०. | जामुन | *Syzygium cumini* | १।- |

| | | | |
|---|---|---|---|
| २१. | जङ्गली गुलाब | *Rosa serisea* | ५।- |
| २२. | जङ्गली जीरा (वनजिरा) | *Centratherum anthelminticum* | ५।- |
| २३. | जङ्गली ज्वानो | *Apium graveolens* | ५।- |
| २४. | टाप्रे | *Cassia tora* | १।- |
| २५. | टिमुर | *Zanthoxylum armatum* | ८।- |
| २६. | डालेचुक | *Hippophae spp.* | ५।- |
| २७. | ढालेकटुस | *Castanopsis indica* | १।- |
| २८. | तिगेडी | | ५।- |
| २९. | देवदार | *Cedrus deodara* | १००।- |
| ३०. | धतुरो | *Datura spp.* | २।- |
| ३१. | धूपीको गेडा | *Juniperus spp.* | ३।- |
| ३२. | नागवेली | *Lycopodium clavatum* | ५०।- |
| ३३. | नागेश्वर/नारेश्वर | *Mesua ferrea* | ५।- |
| ३४. | निमको बीउ | *Azadirachta indica* | १।- |
| ३५. | पलास | *Butea monosperma* | ५।- |
| ३६. | पाङ्ग्रा/लेक पाङ्ग्रा | *Entada phaseoloides / Aesculus indica* | ५।- |
| ३७. | पानी अमला | *Nephrolepis cordifolia* | १।- |
| ३८. | पिपला/पिपली | *Piper longum* | १०।- |
| ३९. | पैंयुको फल | *Prunus cerasoides* | २।- |
| ४०. | बकाइनो | *Melia azedarach* | १।- |
| ४१. | वन करेला | *Herpetospermum pedunculosum* | १।- |
| ४२. | बयर | *Zizyphus mauritiana* | २।- |
| ४३. | बर्रो | *Terminalia bellerica* | २।- |
| ४४. | बेत | *Calamus spp.* | ५।- |
| ४५. | बेल | *Aegle marmelos* | २।- |
| ४६. | भलायो | *Semecarpus anacardium* | २।- |

| | | | |
|---|---|---|---|
| ४७. | भूजेत्रो/भूलेत्रो | *Butea minor* | ५।- |
| ४८. | मौवा (तराई) | *Bassia latifolia* | ३।- |
| ४९. | मौवा (पहाडी) | *Engelhardtia spicata* | ३।- |
| ५०. | रतीगेडी/लालगेडी | *Abrus precatorius* | ५।- |
| ५१. | राजवृक्ष | *Cassia fistula* | २।- |
| ५२. | रामफल/आटी/सरिफा | *Annona reticulata* | २।- |
| ५३. | रिठ्ठा | *Sapindus mukorossi* | ३।- |
| ५४. | रुखकमलको फल | *Magnolia grandiflora* | २५।- |
| ५५. | रुद्राक्ष, भद्राक्ष | *Elaeocarpus sphericus* | ८।- |
| ५६. | रोहिणी/सिंदुरे | *Mallotus philippinensis* | ५।- |
| ५७. | लप्सी | *Choerospondias axillaris* | ३।- |
| ५८. | सजिवन | *Jatropha curcas* | २।- |
| ५९. | सतिसाल | *Dalbergia latifolia* | ३०।- |
| ६०. | सिसौ | *Dalbergia sissoo* | १५।- |
| ६१. | सिकाकाई/रसुल्ला | *Acacia rugata* | ४।- |
| ६२. | सिमलको फल | *Bombax ceiba* | ३।- |
| ६३. | सिल्टीमुर | *Lindera neesiana* | २।- |
| ६४. | सीताफल | *Annona squamosa* | २।- |
| ६५. | सुगन्धकोकिला/ मलायागेडी | *Cinnamomum glaucescens/ Cinnamomum tenuipile kosterm* | ७।- |
| ६६. | हर्रो | *Terminalia chebula* | २।- |
| (च) बिरुवा जाति | | | |
| १. | एक्लेवीर | *Lobelia pyramidalis* | ५।- |
| २. | कुम्कुम् | *Didymocarpus cinereus* | २।- |
| ३. | गुच्ची च्याउ | *Morchella spp.* | ३००। |
| ४. | घोडताप्रे/ब्राहमी | *Centella asiatica* | १।- |
| ५. | चावा | *Piper chaba* | १०।- |
| ६. | चिराइतो | *Swertia spp.* | १५।- |
| ७. | सुनाखरी/सुनगाभा/ जिवन्ती/ गामाडोल (पाँच औले बाहेक) | *Orchids* | २००।- |
| ८. | झ्याउ | *Lichen* | १५।- |

| | | | |
|---|---|---|---|
| ९. | टाप्रे | *Cassia tora* | १।- |
| १०. | तितेपाती | *Artemisia spp.* | १।- |
| ११. | द्रोणपुष्पी | *Leucas cephalotes* | १।- |
| १२. | नागवेली | *Lycopodium clavatum* | १०।- |
| १३. | पुदिना | *Mentha spp.* | २।- |
| १४. | पुनर्नवा | *Boerhaviadiffusa* | ८।- |
| १५. | वनमारा | *Ageratina spp.* | ००।१० |
| १६. | भृंगराज | *Eclipta prostrate , E. alba* | ००।५० |
| १७. | यार्सागुम्वा (यार्चगुम्वू) | *Cordyceps spp.* | २५,०००।- |
| १८. | साधारण च्याउ | *Wild mushroom* | ५।- |
| १९. | सिलाजिनेला | *Selaginella spp.* | १।- |
| २०. | हडचुर | *Viscum album , V. articulatum* | ३।- |
| २१. | हलहले | *Rumex nepalensis* | ३।- |
| (छ) गम, रेजिन, लोहवान जाति | | | |
| १. | काकरसिंगी | *Insect gall on Pistacia integerrima* | १०।- |
| २. | मइन | *Bee wax* | ५।- |
| ३. | मह | *Bee honey* | १०।- |
| ४. | लाहा/लोहवान | *Lac gum* | ४०।- |
| ५. | शिलाजित | *Rock exudate /Asphaltum* | ५०।- |
| ६. | श्रीखण्ड (काठ) | *Santalum album* | २५।- |
| ७. | सालधुप | *Shorea robusta* | १०।- |
| ८. | हिंग | *Ferula assafoetida* | ४५।- |

द्रष्टव्य :

(१) CITES को अनुसूचीमा परेका प्रजातिहरुको हकमा प्रचलित कानून बमोजिम हुने तथा सोको निर्यात प्रमाणपत्र दिँदा रु. १०००।- दस्तुर लाग्नेछ ।

(२) गैरकानूनी तवरले ल्याइएको नेपालमा नपाइने प्रजातिको हकमा सम्बन्धित मुलुकको राजस्व दस्तुरको पाँच गुणा मूल्य कायम गरिने छ ।

अनुसूची-४

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

जडीबुटी सङ्कलन इजाजतपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय ..........

...................

इजाजत प्राप्त गर्नेको नाम, थर, वतन :-

सङ्कलन गर्ने म्याद :

घाटगद्दी स्थान

| सि.नं. | सङ्कलन गर्ने जडीबुटीको नाम | जडीबुटी सङ्कलन गर्ने क्षेत्र (वनको नाम, चौहद्दि) | परिमाण | सङ्कलन गर्ने तरिका | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बोधार्थ :-

१) ..............., इलाका वन कार्यालय ।

.........................

(जिल्ला वन अधिकृत)

अनुसूची-५

(नियम ११ को उपनियम (३) सँग सम्बन्धित)

जडीबुटीको छोडपूर्जी

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, ...........

श्री .............................

.................................

मिति ................. को सङ्कलन इजाजतपत्र अनुसार तपसिल बमोजिमको जडीबुटी ............ दिनभित्र ..................... स्थानबाट ........................... स्थानसम्म उठाई लैजाने गरी यो छोडपूर्जी दिइएको छ । बाटोमा पर्ने इकाई, इलाका वन चेक पोष्टहरुबाट अनिवार्य रुपमा दरपिठ गराई लैजानु होला ।

तपसिल

| क्र.सं. | जडीबुटीको नाम | परिमाण | दर प्रति इकाई | कुल रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | जम्मा | | |

बोधार्थ/कार्यार्थ :-

१) ................ , इलाका वन कार्यालय ।

२) जिल्ला वन कार्यालय, ................ लेखा शाखा ।

(.............)

जिल्ला वन अधिकृत

जिल्ला वन कार्यालय, .....

## 🗐अनुसूची - ६
### (नियम १४ र २५ सँग सम्बन्धित)
### काठ दाउरा, खयर र जडीबुटी बाहेक अन्य वन पैदावारको मूल्य दर

| क.सं. | नेपाली नाम | वैज्ञानिक नाम, अङ्ग्रेजी नाम | इकाई | दस्तुर (रु.) |
|---|---|---|---|---|
| क. वनस्पतिजन्य वन पैदावार | | | | |
| १. | अम्रिसो/अम्लिसो | *Thysanolaena maxima* | प्रति के. जी. | २।- |
| २. | अर्गेली | *Edgeworthia gardeneri* | प्रति के. जी. | ५।- |
| ३. | अल्लो | *Girardinia diversifolia* | प्रति के. जी. | ५।- |
| ४ | ठोट्ने | *Aconoginem mille* | प्रति के. जी. | १।- |
| ५. | खस्रुको आँख्ला | *Quercus* spp. | प्रति गोटा | २।- |
| ६. | गोल्चे (गाभा) | | प्रति के. जी. | १०।- |
| ७. | डण्डीसण्ठी, नरकट, खरखडाई | *Phragmites karka* | प्रति भारी<br>प्रति वयलगाडा | १।-<br>१५।- |
| ८. | तेन्दु पात | *Diospyros spp.* | प्रति के. जी. | ३।- |
| ९ | थाकल | *Phonix sp.* | प्रति भारी | १।- |
| १०. | निगालो | *Arundinaria spp.* | प्रति गोटा<br>प्रति भारी (१०० गोटा)<br>प्रति वयलगाडा<br>प्रति ट्याक्टर<br>प्रति ट्रक | ००।१५<br>१५।-<br>३००।-<br>७००।-<br>२,०००।- |
| ११. | निगालोको टुसा | *Arundinaria spp.* | प्रति गोटा | ००।१० |
| १२. | नेपाली रक्तचन्दन (काठ) | *Daphniphyllum himalense* | प्रति के.जी. | १५।- |
| १३. | रक्तचन्दन | *Pterocarpus santalines Red* | प्रति के.जी. | ८००।- |

🗐 मिति २०७२।७।१७ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

| | | | | |
|---|---|---|---|---|
| १४. | मालागिरी | *Cinnamoum glanduli forum* | प्रति क्यू.फि. | ३००।- |
| १५. | वनकस/वावियो/सवाईघाँस | *Eulaliopsis binata* | प्रति के. जी. | ००।७५ |
| १६. | बाँस | *Dendrocalamus spp.* | प्रति गोटा | १०।- |
| १७. | बाँसको तामा | *Dendrocalamus spp.* | प्रति गोटा | ३।- |
| १८. | वेत | *Calamus spp.* | प्रति के. जी. | २५।- |
| १९. | भलायो पात | *Semecarpus anacardium* | प्रति के. जी. | १।- |
| २०. | भोर्ला पात | *Bauhinavahlii* | प्रति के. जी. | ००।५० |
| २१. | लोक्ता | *Daphne spp.* | प्रति के. जी. | ५।- |
| २२. | सल्लाको आँख्ला | *Pinus spp.* | प्रति गोटा | ५।- |
| २३. | सल्लाको खोटो | *Pinus spp.* | प्रति के. जी. | ८।- |
| २४. | सल्लाको सिम्टा | *Pinus spp.* | प्रति गोटा | ००।२५ |
| २५. | सालको पात | *Shorearobusta* | प्रति के. जी. | ००।१० |
| २६. | सालको बीउ | *Shorea robusta* | प्रति के. जी. | २।- |
| ख. खनिजजन्य वन पैदावार | | | | |
| १. | ग्रावेल | | प्रति क्यू. फिट | ३।- |
| २. | चुन ढुङ्गा | | प्रति क्यू. फिट | ३।- |
| ३. | छाप्ने ढुङ्गा | | प्रति वर्गफिट | ३।- |
| ४. | बालुवा | | प्रति क्यू. फिट | १।५० |
| ५. | साधारण ढुङ्गा | | प्रति क्यू. फिट | १।५० |
| ६. | स्लेट | | प्रति वर्गफिट | ३।- |
| ७. | गोल/पत्थर कोइला | | प्रति के. जी. | १५।- |
| ८. | मिट्टी कोइला | | प्रति के. जी. | २।- |

द्रष्टव्य :

(१) प्रचलित कानून बमोजिम अन्य सरकारी निकायमा एक पटक राजस्व तिरिसकेको भए सोको लागि दोहोरो राजस्व लिइने छैन ।

(२) विदेश निकासीको लागि माथि उल्लिखित दस्तुरको तेब्बर दस्तुर लाग्नेछ ।

## अनुसूची-७

(नियम १७ र १८ सँग सम्बन्धित)

**रुखको काठ नाप्ने आयतन निकाल्ने, मूल्याङ्कन गर्ने तरिका**

(क) काठ नाप्दा आयतन निकाल्दा र मूल्याङ्कन गर्दा निम्न बमोजिमको आधारमा गर्नु पर्नेछ :-

(१) गोलिया काठको आयतन निकाल्दा क्वार्टर गर्थ सूत्र अनुसार निकालिने छ ।

(क्वार्टर गर्थ सूत्र:- आयतन = लम्बाई x (गोलाई)$^{२}$ / १६"

$$\text{Volume} = \frac{(\text{Girth})^2 \times \text{Length}}{16}$$

(२) रुखको आयतन हिसाब गर्न छातीको उचाईमा (जमीनबाट ४॥ फीटमा) त्यसको व्यास टेपले एक दशमलव इन्ची (१।१० इन्ची) सम्म नाप्नुपर्छ ।

(३) रुखको उचाई (टोटल हाईट) एवनिज टेबुलमा आखिरी फुटसम्म लिनु पर्छ ।

(४) छातीको उचाईमा ११ इन्ची वा सो भन्दा बढी व्यास भएका खयर बाहेकका रुखहरुको निम्न बमोजिम वर्गिकरण गर्नु पर्छ :-

क्लास-१ हरियो, मर्न लागेको वा मरेको, खडा वा ढलेको ठोस राम्रो तना भएको रुख जसमा कुनै रोग वा घाउ चोटले बाहिरबाट दागी नदेखिने ।

क्लास-२ हरियो, मर्न लागेको वा मरेको, खडा वा ढलेको रुख जसमा धोधर वा अन्य दागीले गर्दा पूरा आयतन नपाउने तर ८ इन्ची डायमिटरसम्ममा कम्तिमा ६ फिट लामो २ वटा सोझो मुडा वा १० फिट लामो एउटा सोझो मुडासम्म आउने ।

क्लास-३ क्लास १ र २ मा नपर्ने बाँकी सबै रुख ।

(५) छातीको उचाईमा ११ इन्ची भन्दा मुनि ५ इन्चीसम्म व्यास भएका रुखहरुलाई बल्लाबल्ली कायम गरिनेछ । यिनीहरुको विभाजन निम्न अनुसार गरिएको छ :-

(१) ✂ ...................................

---

✂ मिति २०६८।२।२३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

(२) ३८ ...................................

(३) ३८ ...................................

(४) ३८ ...................................

(५) ३८ ...................................

(६) ५.० इन्ची भन्दा कम व्यासको रुखको लगत गरिने छैन ।

(७) आयतन हिसाब गर्दा क्लास १ र २ को आयतन ८ इन्ची टप व्याससम्मको र क्लास ३ को आयतन ४ इन्ची टप व्याससम्मको स्थानीय आयतन तालिकाहरुबाट निकाल्नु पर्छ ।

(८) क्र.सं. (७) बमोजिम प्राप्त क्लास १ को ग्रस आयतनलाई (क्वार्टर गर्थ नापमा बदल्नको लागि) ०.७८५४ ले गुणन गरी आएको आयतनलाई नेट आयतन मानिनेछ र क्लास २ मा ८ इन्ची व्यास भएको टुप्पासम्ममा काठको प्रयोगमा आउन नसक्ने भाग, बाहिरी भित्री खराबीको भाग र क्वाटर गर्थ नापमा बदल्दा नापभित्र नपर्ने भाग समेत कट्टा गर्नु पर्ने हुँदा क्र.सं. (७) बमोजिम प्राप्त आयतनलाई ०.६००८ ले गुणन गरी आएको आयतनलाई काठको नेट आयतन मानिनेछ ।

(९) खयरका रुखको हकमा ४ इन्ची टप व्यासको स्थानीय आयतन तालिकाबाट आयतन निकाली यसैलाई नेट आयतन मानिनेछ ।

(१०) क्लास ३ को ४ इन्ची व्याससम्मको पूरै आयतन र क्लास १ र क्लास २ को काठमा उपयोग नहुने ४ इन्ची व्याससम्मको बाँकी लकडीबाट दाउराको चट्टा हिसाब गर्न निम्न सूत्र लगाई हिसाब गर्नुपर्छ ।

दाउराको चट्टा $\frac{(०.८७७८ \text{ आ.एक} + १.४३१६ \text{ आ. दुई} + ३ \text{ आ.तीन}}{१०००}$

जसमा:-

आ. एक- क्लास १ का रुखको ८ इन्ची टपसम्मको ग्रस आयतन ।

आ. एक- क्लास २ का रुखको ८ इन्ची टपसम्मको ग्रस आयतन ।

आ. तीन- क्लास ३ का रुखको ४ इन्ची टपसम्मको ग्रस आयतन ।

(ख) ३८ ....................................

(ग) जङ्गल नोक्सानी भई ठूटासम्म भएको तर काठ फेला नपरी ठूटाबाट बिगो कायम गर्दा निम्न तालिकामा उल्लेख भएको काठको जात र साईज अनुसार

---

३८ मिति २०६८।२।२३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

आयतन कायम गरी उक्त आयतनलाई ▲अनुसूची-२ बमोजिम काठको मोलले गुणा गरी बिगो कायम गर्नु पर्छ ।

ठुटाबाट आयतन कायम गर्ने तरिका

जमिनबाट एकफूटमाथि ठुटोका बोक्रा भित्रको गोलाई

| काठको जात | २'मुनि | २'-३' | ३'-४' | ४'-५' | ५'-६' | ६'-७' | ७'-८' | ८'-९' | ९'-१०' | १०'-११' | ११'-१२' | १२' फिट माथी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फर देवदार | २ | ९ | १८ | ३४ | ४५ | ८० | १०७ | १३८ | १६४ | १९१ | २१३ | २४५ |
| चाँप | १ | ६ | १२ | ३० | ४० | ६१ | ८१ | १२६ | १६० | २१३ | २६० | ३११ |
| सिसौ | ३ | १० | १७ | २७ | ४० | ५४ | ७० | ८६ | १०१ | ११५ | १२८ | १३४ |
| माल | २ | ८ | १५ | २७ | ४१ | ५० | ७० | ८६ | ११९ | १३८ | १६२ | १८१ |
| अरुना | १ | ५ | १० | २१ | ३४ | ५४ | ८६ | १०२ | १३१ | १६१ | १९२ | २२५ |
| कर्मा | १ | ४ | ७ | १५ | २६ | ४० | ५४ | ६९ | ८२ | ९३ | १०४ | ११४ |
| टून | २ | ८ | १४ | २५ | ३८ | ५२ | ६६ | ८० | ८३ | १०८ | ११८ | १३० |
| चिर | १ | ६ | १६ | ३५ | ६२ | ९८ | १४१ | १९१ | २४२ | ५९२ | ३५२ | ४०६ |
| अम्सल्ला | २ | ८ | १६ | ३१ | ५२ | ७० | १०० | १४१ | १७१ | २०१ | २२० | २२० |
| खयर (फूलसर कुमजमा) | १ | ० | १६ | २९ | ४७ | ७२ | १०२ | १२९ | - | - | - | - |
| भुइकृत | १ | ७ | १४ | २६ | ४१ | ५९ | ७८ | ९९ | ११९ | १४२ | १६१ | १९२ |
| मुडेल | २ | ६ | १५ | २१ | ३२ | ४६ | ६२ | ८१ | १०३ | १२७ | १५१ | १७५ |
| जामुन | १ | ५ | १० | १८ | २८ | ३० | ४० | ५४ | ६० | ६५ | ६९ | ७४ |
| उनिम | २ | ८ | १६ | ३७ | ५४ | ८३ | ११५ | १५२ | १९३ | २४० | २९० | ३४२ |
| चिलाउने | १ | ४ | ८ | १८ | ३० | ४४ | ६० | ७६ | ९३ | १०६ | १३२ | १२२ |
| सिमल | १ | ६ | १३ | २७ | ४४ | ६६ | ९५ | १२४ | १५५ | १८८ | २२३ | २५९ |
| अन्य जात | २ | ६ | ११ | २० | ३० | ४२ | ५४ | ७० | ८३ | ९९ | ११३ | १३१ |
| | | | | | | | | | | | | |

(घ) चिरानी मालको बिगो कायम गर्नु पर्दा चिरानी मालको हुन आउने आयतनलाई १.४ ले गुणन गरी आएको आयतनलाई अनुसूची-२ बमोजिमको मोलले गुणा गरी बिगो कायम गर्नु पर्छ ।

---

▲ मिति २०६८।२।२३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संशोधन गरिएको ।

अनुसूची-८

(नियम १९ सँग सम्बन्धित)

चरिचराउ दस्तूर

| क्र.सं. | जनावर | एक महीना | छ महीना | एक वर्ष |
|---|---|---|---|---|
| १. | हात्ती प्रत्येकको | २००।- | - | - |
| २. | ऊँट प्रत्येकको | १५०।- | - | - |
| ३. | घोडा प्रत्येकको | ४।- | १२।- | ३०।- |
| ४. | गधा, खच्चड प्रत्येकको | ३।५० | ८।- | २०।- |
| ५. | भैंसी, राँगा, याक, चौंरी गाई, झोना (नाक) प्रत्येकको | ३।- | ६।- | १५।- |
| ६. | गोरु प्रत्येकको | २।- | ५।- | ८।- |
| ७. | भेडा, च्याङ्ग्रा प्रत्येकको | १।५० | ४।५० | ७।- |
| ८. | बोका, खसी प्रत्येकको | १।- | ४।- | ६।- |
| ☟९. | माहुरी प्रति घारको | ५।- | | |

द्रष्टव्य:-

(१) राष्ट्रिय वनमा नेपाली नागरिकको जनावरलाई मात्र चरिचराउ गर्न दिइनेछ ।

(२) गाई चरिचराउ गर्न कुनै दस्तूर लाग्ने छैन ।

---

☟ मिति २०६७।२।३१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थपिएको ।

अनुसूची-९

(नियम १९ सँग सम्बन्धित)

चरिचराउ गर्न दिइने इजाजतपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, ................

...................

मिति :

१. इजाजतपत्र प्राप्त गर्नेको नाम, थर, वतन :-

२. चरिचराउ गर्न दिएको जनावरको नाम :-

३. चरिचराउ गर्न दिइने वन क्षेत्रको चार किल्ला :-

४. चरिचराउ गर्ने समय :-

५. चरिचराउ दस्तूर :-

६. चरिचराउ गर्न दिएको अवधि :-

.....................

जिल्ला वन अधिकृत

जिल्ला वन कार्यालय .......

बोधार्थ/कार्यार्थ :-

१) ........... इलाका वन कार्यालय ।

२) जिल्ला वन कार्यालय, ............. लेखा शाखा ।

अनुसूची-१०

(नियम २५ सँग सम्बन्धित)

<u>संरक्षित वनको वन पैदावार निकाल्न दिइने अनुमतिपत्र</u>

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, …………

मिति :

१. अनुमतिपत्र प्राप्त गर्नेको नाम, थर, वतन :-

२. वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम :-

३. वन पैदावारको नाम :-

४. वन पैदावारको किसिम र परिमाण :-

५. वन पैदावार लिन चाहेमा प्रयोजन :-

६. वन पैदावार प्रयोग हुने ठाउँ:-

७. वन पैदावार सङ्कलन र निकाल्ने म्याद :-

८. टाँचाको विवरण :-

९. घाटगद्दी स्थान :-

१०. वन पैदावारको दस्तूर :-

…………………

(जिल्ला वन अधिकृत)

जिल्ला वन कार्यालय, ……

## अनुसूची-११

(नियम २७ को उपनियम (३) सँग सम्बन्धित)

**उपभोक्ता समूहको विधानमा समावेश हुनु पर्ने कुराहरु**

१. उपभोक्ता समूहको नाम, ठेगाना :-

२. उपभोक्ता समूहको उद्देश्य :-

३. उपभोक्ता समूहको छाप :-

४. उपभोक्ताहरुको नाम, थर र वतन :-

५. उपभोक्ता समूहको क्षेत्रभित्र रहने घरधुरी संख्या :-

६. उपभोक्ता समूहको अनुमानित जनसंख्या :-

७. उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार :-

८. उपभोक्ता समितिको गठन विधि :-

९. उपभोक्ता समितिका पदाधिकारीहरुको नामावली :-

१०. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :-

११. उपभोक्ता समितिको कार्यविधि :-

१२. वन अपराधलाई नियन्त्रण गर्न अपनाइने तरिकाहरु :-

१३. कार्ययोजना विपरित काम गर्ने उपभोक्ता समूहका सदस्यहरुलाई दिईने सजायहरु :-

१४. उपभोक्ता समूहका सदस्यहरुलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि :-

१५. कोषको सञ्चालन गर्ने तरिका :-

१६. लेखापरीक्षण गर्ने तरिका :-

१७. विविध :-

## अनुसूची-१२

(नियम २७ को उपनियम (५) सँग सम्बन्धित)

<u>उपभोक्ता समूहको दर्ताको लागि दिइने निवेदन</u>

श्रीमान् जिल्ला वन अधिकृतज्यू,

जिल्ला वन कार्यालय, ................

........................................... ।

वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ मा भएका व्यवस्था बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

निवेदक

............. उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मिति :-

अनुसूची-१३

(नियम २७ को उपनियम (६) सँग सम्बन्धित)

उपभोक्ता समूह दर्ताको प्रमाणपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, ........

दर्ता नं.:- मिति :-

श्री ..................................... उपभोक्ता समूह

यस कार्यालयको मिति ............... को निर्णय अनुसार वन ऐन, २०४९ र वन नियमावली, २०५१ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण :

उपभोक्ता समूहको क्षेत्र :-

घर धुरीको संख्या :-

कुल जनसंख्या :-

प्रमाणपत्र दिने अधिकृतको

नाम :-

दर्जा :-

दस्तखत :-

मिति :-

द्रष्टव्य :- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

## अनुसूची-१४

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

### सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री जिल्ला वन अधिकृतज्यू,

जिल्ला वन कार्यालय, ............

.................................... ।

वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं :-

(क) प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना :-

चार किल्ला :-

क्षेत्रफल :-

(ख) वन्य जन्तु छ छैन ? छन् भने कुन कुन जातका वन्य जन्तु छन् :

निवेदक

उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मिति :- .................

अनुसूची-१५

(नियम २९ को उपनियम (२) सँग सम्बन्धित)

सामुदायिक वन दर्ताको प्रमाणपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, ........

श्री ......................... उपभोक्ता समूह,

..................................

.................................

वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

सामुदायिक वनको विवरण :

नाम :-

चार किल्ला :-

क्षेत्रफल :-

प्रमाणपत्र दिने जिल्ला वन अधिकृतको,-

नाम, थर :-

दस्तखत :-

मिति :-

द्रष्टव्य:- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

अनुसूची-१६

(नियम ३३ र ३५ सँग सम्बन्धित)

सामुदायिक वनको वन पैदावार दिएको अनुमतिपत्र

.............................. उपभोक्ता समूह

..........................

........................ ।

उपभोक्ता समूहको दर्ता नं.:-

अनुमतिपत्र नं.:-

श्री .........................

.............................. ।

यस उपभोक्ता समूहले व्यवस्थापन संरक्षण गरेको सामुदायिक वनको तपसिलमा उल्लेखित वन पैदावारको मूल्य लिई यो अनुमतिपत्र दिइएको छ ।

| क्र.सं. | वन पैदावारको नाम र जात | ईकाई परिमाण | टाँचा लगाउनु पर्ने भए सोको विवरण | कैफियत |
|---|---|---|---|---|

अनुमतिपत्र बुझी लिनेको,-

नाम :-

दस्तखत :-

मिति :-

अनुमतिपत्र दिनेको,-

नाम :-

दस्तखत :-

मिति :-

बोधार्थ/कार्यार्थ :

१. .................. वन कार्यालय .............

२. .................. उपभोक्ता समूह ।

अनुसुची-१७

(नियम ३३ को उपनियम (२) सँग सम्बन्धित)

सामुदायिक वनको वन पैदावार बिक्री वितरण रसिद

....................... उपभोक्ता समूह

............................ ।

उपभोक्ता समूहको दर्ता नम्बर:-

रसिद नम्बर :-

श्री ...............................

......................................

.........................................

| क्र.सं. | वन पैदावारको नाम र जात | इकाई | परिमाण | कुल रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

रसिद बुझिलिनेको,-

नाम :-

दस्तखत :-

मिति :-

रसिद दिनेको,-

नाम :-

दस्तखत :-

पद :-

मिति :-

अनुसुची-१८

(नियम ३९ को उपनियम (१) सँग सम्बन्धित)

<u>कबुलियती वन दर्ताको लागि दिइने निवेदन</u>

श्री क्षेत्रीय वन निर्देशकज्यू,

............. क्षेत्रीय वन कार्यालय,

................................... ।

वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही वनको संरक्षण र विकास गर्ने गरी वन पैदावार उत्पादन गर्न, कृषि वन बाली लगाउन, पर्यटन व्यवसाय सञ्चालन गर्न, कीट पतङ्ग, वन्य-जन्तु फर्म सञ्चालन गर्न, वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न तथा त्यसबाट प्राप्त वन पैदावार वा अन्य जन्तुको उपभोग गर्नको लागि कबुलियती वन लगाउन चाहेकोले देहायको विवरण खुलाई आर्थिक सम्भाव्यता प्रतिवेदन तथा कार्ययोजना समेत यसैसाथ संलग्न गरी यो निवेदन गरेको छु ।

१. कबुलियती वन लगाउन चाहेको राष्ट्रिय वनको,-

(क) ................ अञ्चल ............... जिल्ला .......................
गा.वि.स. .......... नं. वडाको ............... नाम भएको वन ।

(ख) चार किल्ला ..........................

(ग) क्षेत्रफल ............................. हेक्टर

२. कबुलियती वन लिन चाहेको उद्देश्य

३. उत्पादन गर्न चाहेको वन पैदावार, कीट पतङ्ग र वन्य जन्तुको विवरण र परिमाण

४. उत्पादन गर्न लाग्ने समय

५. कबुलियती वन लिन चाहेको अवधि

६. वातावरणमा पर्न सक्ने असरको सामान्य लेखाजोखा

७. वन क्षेत्रको प्राकृतिक श्रोतको विवरण

८. वन क्षेत्रको स्थिति

९. खर्चको व्यवस्था

संस्था/उद्योग/समुदायको छाप :

निवेदक

........संस्था/उद्योग/समुदायको तर्फबाट

प्रतिनिधिको नाम, थर, वतन :-

उद्योग, संस्था वा समुदायको नाम :-

ठेगाना :-

मिति :-

## अनुसूची-१९

(नियम ४१ सँग सम्बन्धित)

## कबुलियती वनको कबुलियतनामा

............. अञ्चल ............. जिल्ला ............... न.पा./गा.वि.स. ............ स्थित ................. तर्फबाट अख्तियार प्राप्त म/हामी ............ आगे हाम्रो संस्था/उद्योग/समुदायले दिएको निवेदन र कार्ययोजनामा कारबाही भै निर्णय भए बमोजिम ......... अञ्चल ......... जिल्ला ......... गा.वि.स./न.पा. वडा नं. ..... मा पर्ने पूर्व ........ दक्षिण ....... पश्चिम ............. र उत्तर ............ भएको ................................. यति चार किल्ला भित्रको .......................... नाम भएको राष्ट्रिय वन ....................... हेक्टर वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही यसैसाथ संलग्न स्वीकृत कार्ययोजना अनुरुप तपसिलका शर्तहरु बमोजिम उक्त क्षेत्रमा ऐनको दफा ३१ को खण्ड .................. को उद्देश्यको निमित्त ............. अवधिका लागि कबुलियती वन लगाउन मञ्जूर छु भनी खुशी राजीसँग यो कबुलियतनामा लेखी नेपाल सरकार जिल्ला वन कार्यालय, .......... मार्फत वा ................ क्षेत्रीय वन निर्देशनालयमा चढाएँ । यो कबुलियत बमोजिमको शर्त पालन नगरेमा वन ऐन, २०४९ र वन नियमावली, २०५१ बमोजिम सहुँला बुझाउँला ।

### तपसिल

१. स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक अन्य कुनै काम कारबाही गर्ने छैन ।
२. आफूले कबुलियती वन लगाउन पाएको क्षेत्र बाहेक अन्यत्र वन जग्गामा अतिक्रमण वा अन्य कुनै प्रकारले हानि-नोक्सानी गर्ने गराउने छैन ।
३. यस कबुलियतको अवधि समाप्त भएपछि पुनः सोही कबुलियती वन क्षेत्र नपाएमा सो क्षेत्र नेपाल सरकारलाई नियमानुसार हस्तान्तरण गर्नेछु ।
४. कबुलियत भएको मितिले १ वर्षभित्र स्वीकृत कार्ययोजना अनुसार कार्य प्रारम्भ गर्नेछु ।
५. समय-समयमा क्षेत्रीय वन निर्देशनालय तथा वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरुप कार्य गर्नेछु ।
६. कबुलियती वनबाट उत्पादन गरिएको वन पैदावार निकालेपछि कार्ययोजना अनुरुप तत्कालै वृक्षारोपण पुनरुत्थानको व्यवस्था गर्नेछु ।
७. कबुलियती वनमा यो कबुलियत हुनुभन्दा अघिदेखि भएका रुखहरु कार्ययोजना बमोजिम नेपाल सरकारले प्रचलित ऐन, नियम बमोजिम नहटाएसम्म सुरक्षा, संरक्षण गर्नेछु ।

८. कबुलियती वन लगाउन पाएको जग्गाको वार्षिक दस्तूर ……….. (रुपैयाँ) आर्थिक वर्षको आषाढ मसान्तभित्र सम्बन्धित वन कार्यालयमा बुझाउनेछु ।

९. तोकेको फाराममा कबुलियती वनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सम्बन्धित वन डिभिजन कार्यालयमा बुझाउनेछु ।

१०. कबुलियती वनबाट प्राप्त हुने वन पैदावार ओसार पसार गर्न जिल्ला वन कार्यालयले तोकिदिए बमोजिमको टाँचा रु. ५००।- बुझाई प्रयोग गर्नेछु र सो टाँचा प्रत्येक वर्ष रु. ५००।- बुझाई नवीकरण गर्नेछु ।

११. यो पट्टा हराएमा, च्यातिएमा वा नासिएमा पाँच सय रुपैयाँ दस्तूर बुझाई अर्को पट्टा लिन म पट्टावाला मन्जूर गर्दछु ।

इच्छाएको व्यक्तिको
नाम, थर र वतन

कबुलियत गर्ने सङ्गठित संस्था, उद्योग
वा समुदायको

सहीछाप :-

(१)

(२)

इति संवत् … साल … गते रोज … शुभम् ……………………….

## ♠अनुसूची-२०

(नियम ४१ र ४९ सँग सम्बन्धित)

<u>कबुलियती वनको वार्षिक दस्तुर</u>

प्रति हेक्टर रु. मा (१ हेक्टर = १९.७ रोपनी = १.४५ बिघा)

| वर्गीकरण | उद्देश्य | हिमाली क्षेत्र | पहाडी क्षेत्र | तराई क्षेत्र | काठमाडौं उपत्यका |
|---|---|---|---|---|---|
| समुदाय | कच्चा पदार्थ उत्पादन | ८००।- | १२००।- | २०००।- | २०००।- |
| | वृक्षारोपण / कृषि वन | ८००।- | १२००।- | १८००।- | १५००।- |
| | वन्यजन्तु फार्म | ४००।- | १०००।- | १८००।- | १५००।- |
| | पर्या-पर्यटन / उद्योग | १५००।- | २०००।- | २५००।- | ३०००।- |
| उद्योग वा सङ्गठित संघ संस्था | कच्चा पदार्थ उत्पादन | १२००।- | २५००।- | ३५००।- | ३०००।- |
| | वृक्षारोपण / कृषि वन | १२००।- | २५००।- | ३५००।- | ३०००।- |
| | वन्यजन्तु फार्म | ८००।- | २०००।- | ३०००।- | २५००।- |
| | पर्या-पर्यटन / उद्योग | २०००।- | ३५००।- | ५०००।- | ५०००।- |

द्रष्टव्य :-

(क) गरिबीको रेखामुनिका समुदायलाई कबुलियती वन प्रदान गर्दा कुनै पनि दस्तुर लाग्ने छैन ।

(ख) सम्झौता भएको मितिबाट दुई आर्थिक वर्षलाई सञ्चालनमा ल्याउने समयावधि मानी तत्पश्चात तेस्रो आर्थिक वर्षदेखि उक्त दस्तुरमा प्रत्येक वर्ष दश प्रतिशतका दरले वार्षिक वृद्धि हुँदै जानेछ ।

(ग) प्रत्येक दश वर्षमा यो दस्तुरलाई पुनरावलोकन गरिनेछ ।

---

♠ मिति २०६८।४।२३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

अनुसूची-२१
(नियम ४१ सँग सम्बन्धित)
<u>कबुलियती वनको पट्टा</u>
नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
................... क्षेत्रीय वन कार्यालय
.........................

वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही देहायको राष्ट्रिय वन क्षेत्रमा स्वीकृत वन योजना अनुरुप ............................................ उद्देश्यको लागि यो कबुलियती वनको पट्टा दिइएको छ :-

१. सम्बन्धित सङ्गठित संस्था/उद्योग/समूदायको :
   (क) नाम थर :-
   (ख) ठेगाना :-
२. कबुलियती वनको :-
   (क) ....... अञ्चल ...... जिल्ला ..... गा.वि.स./न.पा. वडा नं. .......
   (ख) चार किल्ला :-
   (ग) नाम :-
   (घ) क्षेत्रफल :-
३. कबुलियती वनको अवधि :-
४. कबुलियती वनको दस्तूर :-
५. पट्टा गरेको मिति :-
६. स्वीकृत कार्ययोजनाको विवरण :-
   (१)
   (२)

................
(निर्देशक)
................. क्षेत्रीय वन कार्यालय
मिति :- .........................

अनुसूची-२२

(नियम ५५ को उपनियम (१) सँग सम्बन्धित)

<u>धार्मिक वन दर्ताको लागि दिइने निवेदन</u>

श्री जिल्ला वन अधिकृतज्यू,

जिल्ला वन कार्यालय, .............

.......................................... ।

वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही संलग्न वन कार्ययोजना अनुसार धार्मिक वनको रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस धार्मिक निकाय/समूह/समुदायलाई हस्तान्तरण गर्न हुन यो निवेदन पेश गरेको छु ।

प्रस्तावित धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको राष्ट्रिय वन :

नाम :-

चार किल्ला :-

क्षेत्रफल :-

<u>धार्मिक निकाय/समूह/समुदायको तर्फबाट</u> :

नाम :-

दस्तखत :-

पद :-

मिति :-

अनुसूची-२३

(नियम ५५ को उपनियम (२) सँग सम्बन्धित)

धार्मिक वन दर्ताको प्रमाणपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, ……………

……………………… ।

श्री ……………………

…………………………

………………………… ।

त्यस निकाय/समूह/समुदायलाई वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही देहायको राष्ट्रिय वन यसै साथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न धार्मिक वनको रुपमा सुम्पिएको छ ।

धार्मिक वनको विवरण :

नाम :-
चार किल्ला :-
क्षेत्रफल :-

प्रमाणपत्र दिने अधिकृतको
नाम, थर :-

दर्जा :-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तुर लाग्नेछ ।

अनुसूची-२४

(नियम ६१ को उपनियम (१) सँग सम्बन्धित)

निजी वन दर्ताको लागि दिइने निवेदन

श्री जिल्ला वन अधिकृतज्यू,

जिल्ला वन कार्यालय,....................

............................. ।

मैले/हामीले आफ्नो आवादी जमीनमा रुख लगाई राखेको वन ऐन, २०४९ र वन नियमावली, २०५१ अनुसार रुख दर्ता गरी पाउँ । मैले/हामीले लगाएको रुखको जात, परिमाण र त्यसले ओगटेको जग्गाको क्षेत्रफल तपसिल बमोजिम छ । म/हामीसँग भएको जग्गाको निस्सा प्रमाण पूर्जा पनि यसैसाथ संलग्न गरेको छु/छौं ।

तपसिल

| क.सं. | जग्गाको कि.नं. | जग्गाको क्षेत्रफल | रुख विरुवाको जात | रुख विरुवाको संख्या |
|---|---|---|---|---|

निवेदक

नाम, थर :-

वतन :-

मिति :-

अनुसूची-२५

(नियम ६१ को उपनियम (२) सँग सम्बन्धित)

निजी वन दर्ताको प्रमाणपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, ...............

........................

श्री ..............................

.....................................

तपाईले यस कार्यालयमा निजी वन दर्ता गराई पाउँ भनी दिएको निवेदन उपर कारबाही हुँदा वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही देहायको आवादी जमिनमा लगाएको वन पैदावारलाई निजी वनको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

निजी वनको विवरण :

नाम :-

चार किल्ला :-

क्षेत्रफल :-

वन पैदावारको जात :-

वन पैदावारको संख्या :-

प्रमाणपत्र दिने अधिकृतको

नाम, थर :-

दर्जा :-

दस्तखत :-

मिति :-

द्रष्टव्यः  यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तुर लाग्नेछ ।

## ✳अनुसूची-२६

(नियम ६२ को उपनियम (४क) सँग सम्बन्धित)

**<u>दर्ता नभएको निजी वन धनीले कटान गर्न अनुमति लिनु नपर्ने र काठ दाउरा ओसार पसार गर्न छोडपुर्जि लिनु नपर्ने रुखहरु</u>**

| | | | |
|---|---|---|---|
| १. आँप | २. लिची | ३. कटहर | ४. अम्बा |
| ५. हलुवावेद | ६. इमली | ७. लहरेपिपल | ८. गोल्डमोहर |
| ९. वीरेन्द्रफूल | १०. कपोक | ११. बकाईनो | १२. नीम |
| १३. बबुर/बबुल | १४. मसला | १५. सिसौ (वृक्षारोपण) | १६. इपिलइपिल |
| १७. कदम | १८. टिक | १९. क्यासिया सियामिया | २०. काभ्रो |
| २१. लप्सी | २२. मोलाटो | २३. टुनी | |

✳ पाँचौ संशोधनद्वारा थप ।

## ☞अनुसूची-२७

(नियम ६२ को उपनियम (४ख) सँग सम्बन्धित)

**दर्ता नभएको निजी वन धनीले ओसार पसार गर्न छोडपुर्जि लिनु नपर्ने वन पैदावार**

(क) जडीबुटी

| | | | |
|---|---|---|---|
| १. रिठ्ठा | २. लप्सी | ३. रुद्राक्ष | ४. अमला |
| ५. बोधिफल/बोधिचित्त | ६. चिउरी | ७. टिमुर | ८. तेजपात |
| ९. चिराइतो | १०. कुरिलो/सतावरी | ११. सिल्टीमुर | १२. बेल |
| १३. मसलाको पात | | | |

(ख) अन्य वन पैदावार

१. अम्रिसो/अम्लिसो २. बाँस

---

☞ पाँचौ संशोधनद्वारा थप ।

[ध्र]अनुसूची-२८

(नियम ६२ को उपनियम (४ग) सँग सम्बन्धित)

दर्ता नभएको निजी वनबाट उत्पादित काठ दाउरा ओसार पसार लगत प्रमाणित फाराम

जिल्ला वन कार्यालय.............

................., इलाका वन कार्यालय

१. जग्गाधनीको नाम : २. ठेगाना :

३. कित्ता नं : ४. कटान रुख सङ्ख्या :

५. उत्पादित परिमाण: (क) काठ : (ख) दाउरा : ६. लैजाने स्थान :

७. टाँचाको विवरण : ८. सिलको विवरण :

९. लैजाने अवधि :

| क्र.सं. | वन पैदावारको प्रजाति | किसिम (काठ/दाउरा) | नाप (साईज) | | | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | लम्बाई (फिट) | गोलाई (ईञ्च) | थान | | |
| | | | | | | | |
| जम्मा परिमाण | | | | | | | |

[ध्र] पाँचौ संशोधनद्वारा थप ।

द्रष्टव्य :

१. यस फाराम बमोजिमको वन पैदावार नेपालभित्र मात्र ओसार पसार गर्न सकिनेछ ।

२. बाटोमा पर्ने वन चेकपोष्टहरुले दरपिठ गरी छाडिदिनु पर्नेछ ।

३. यस फारामको एक प्रति निवेदकलाई दिई जिल्ला वन कार्यालय र इलाका वन कार्यालयमा एक एक प्रति राख्नु पर्नेछ ।

४. निवेदन दिएको सात दिनभित्र टाँचा लगाई पन्ध्र दिनभित्र निवेदकलाई यस बमोजिमको लगत प्रमाणित फाराम प्राप्त हुनेछ ।

| | | |
|---|---|---|
| जग्गाधनी वा खरिदकर्ताको,- | लगत तयार गर्ने कर्मचारीको,- | प्रमाणित गर्ने कर्मचारीको,- |
| नाम : | नाम : | नाम : |
| दस्तखत : | पद : रेञ्जर | पद : जिल्ला वन अधिकृत/सहायक वन अधिकृत |
| | दस्तखत : | दस्तखत : |

ॐअनुसूची-२९

(नियम ६२ को उपनियम (४ग) सँग सम्बन्धित)

दर्ता नभएको निजी वनबाट उत्पादित जडीबुटी तथा अन्य वन पैदावार ओसार पसार लगत प्रमाणित फाराम

जिल्ला वन कार्यालय, ..............

..................., इलाका वन कार्यालय

१. जग्गाधनीको नाम :        २. ठेगाना :        ३. कित्ता नं :

४. लैजाने स्थान :        ५. लैजाने अवधि :        ६. सिलको विवरण :

| क्र.सं. | वन पैदावारको नाम | ईकाई | परिमाण | प्याकिङ्ग थान (बोरा / भारी) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| जम्मा परिमाण | | | | | |

द्रष्टव्य :

१. यस फाराम बमोजिमको गैरकाष्ठ वन पैदावार नेपालभित्र मात्र ओसार पसार गर्न सकिनेछ ।

२. बाटोमा पर्ने वन चेकपोष्टहरुले दरपिठ गरी छाडिदिनु पर्नेछ ।

३. यस फारामको एक प्रति निवेदकलाई दिई जिल्ला वन कार्यालय र इलाका वन कार्यालयमा एक एक प्रति राख्नु पर्नेछ ।

| जग्गाधनी वा खरिदकर्ताको,- | लगत तयार गर्ने कर्मचारीको,- | प्रमाणित गर्ने कर्मचारीको,- |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| दस्तखत : | पद : रेन्जर | पद : जिल्ला वन अधिकृत/सहायक वन अधिकृत |
| | दस्तखत : | दस्तखत : |

ॐ पाँचौ संशोधनद्वारा थप ।

# मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५२।११।२८

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले नेपाल सरकारको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(घ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले वन पैदावारको उपयोग गर्न र स्थानीय जनताको सामुदायिक विकासको लागि सञ्चालन गरिने आयोजनाबाट प्रत्यक्ष लाभ पाउने मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने सबै व्यक्ति सम्झनु पर्छ ।

(च) "उपभोक्ता समिति" भन्नाले नियम ८ बमोजिम गठन गरिएको उपभोक्ता समिति सम्झनु पर्छ ।

(छ) "मध्यवर्ती सामुदायिक वन" भन्नाले नियम २१ बमोजिम उपभोक्ता समितिलाई सुम्पिएको मध्यवर्ती सामुदायिक वन सम्झनु पर्छ ।

(ज) "मध्यवर्ती धार्मिक वन" भन्नाले नियम २२ बमोजिम धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको मध्यवर्ती धार्मिक वन सम्झनु पर्छ ।

(झ) "मध्यवर्ती निजी वन" भन्नाले नियम २३ बमोजिम मध्यवर्ती क्षेत्रभित्रको आफ्नो हक भोगको जग्गामा लगाइएको मध्यवर्ती निजी वन सम्झनु पर्छ ।

(ञ) "मध्यवर्ती क्षेत्र वन" भन्नाले ऐनको दफा ३क. बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रभित्रको मध्यवर्ती सामुदाीयक वन, मध्यवर्ती धार्मिक वन र मध्यवर्ती निजी वन बाहेकका नियम २५ बमोजिमको वन सम्झनु पर्छ ।

## परिच्छेद-२

## मध्यवर्ती क्षेत्रको सीमाङ्कन

३. मध्यवर्ती क्षेत्र तोक्ने : ऐनको दफा ३क. बमोजिम नेपाल सरकारले राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरीको क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्दा प्राकृतिक सीमानालाई मुख्य आधार बनाउनुका साथै देहायका कुराहरुमा समेत विचार पुऱ्याउनु पर्नेछ :-

(क) राष्ट्रिय निकुञ्ज तथा आरक्षबाट प्रभावित हुन सक्ने क्षेत्र,

(ख) राष्ट्रिय निकुञ्ज तथा आरक्षको भौगोलिक अवस्थिति,

(ग) राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्र पर्ने गाउँ तथा वस्तीहरुको अवस्थिति,

(घ) मध्यवर्ती क्षेत्रको व्यवस्थापनको दृष्टिकोणले सरल र व्यवहारिक हुन सक्ने क्षेत्र ।

४. मध्यवर्ती क्षेत्रको इकाई विभाजन : (१) संरक्षकले मध्यवर्ती क्षेत्रको समुचित व्यवस्थापनको लागि उक्त क्षेत्रलाई विभिन्न इकाईहरुमा विभाजन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मध्यवर्ती क्षेत्रलाई इकाईहरुमा विभाजन गर्दा मध्यवर्ती क्षेत्रको स्वरुप, विस्तार र उपभोक्ताहरुको बसोबास क्षेत्रलाई समेत आधार मानी स्थानीय निकाय तथा उपभोक्ताहरुसँग समन्वय राखी गर्नु पर्नेछ ।

## परिच्छेद-३

## मध्यवर्ती क्षेत्रको व्यवस्थापन

५. व्यवस्थापन कार्ययोजना तयार गर्ने : (१) मध्यवर्ती क्षेत्रको सामुदायिक विकास, वातावरणको संरक्षण र सो क्षेत्रको वन पैदावारको सन्तुलित उपयोगका लागि संरक्षकले मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्ययोजना तयार गरी विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजनामा देहायका कुराहरु समावेश गर्नु पर्नेछ :-

(क) जङ्गल, झाडी, बुट्यान, घाँसे जग्गाले ओगटेको तथा खाली पर्ति रहेको क्षेत्रको विवरण,

(ख) वन सीमाहरुको अवस्थिति,

(ग) पर्ति र आवादी जग्गाको विवरण,

(घ) नदी नाला तथा अन्य जलस्रोत समेत देखिने गरी तयार गरिएको नक्सा,

(ङ) जनसंख्या, जनघनत्व तथा वन क्षेत्र र वन पैदावारको उपयोग सम्बन्धी विवरण,

(च) मध्यवर्ती क्षेत्रभित्रको सामुदायिक, धार्मिक र निजी वनको रुपमा सुम्पन सकिने वन क्षेत्रको विवरण,

(छ) वन विकासको लागि अपनाइने कार्ययोजना,

(ज) समुदायको विकासको लागि अपनाइने कार्ययोजना,

(झ) कार्ययोजना लागू गर्नको लागि आवश्यक पर्ने जनशक्ति तथा आर्थिक स्रोत,

(ञ) भू-संरक्षण, पर्यटन विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(ट) वन पैदावारको सङ्कलन र उपयोग सम्बन्धी वार्षिक विवरण,

(ठ) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावारको विवरण,

(ड) भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने क्षेत्रको विवरण,

(ढ) मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि आवश्यक अन्य विवरणहरु ।

(३) उपनियम (१) बमोजिम पेश भएको व्यवस्थापन कार्ययोजनामा कुनै थपघट गर्नु पर्ने भए सो गरी महानिर्देशकले स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश हुन आएको व्यवस्थापन कार्ययोजनालाई मन्त्रालयले स्वीकृति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृति प्राप्त व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित संरक्षकको हुनेछ ।

६. व्यवस्थापन कार्ययोजनामा संशोधन : (१) संरक्षकले व्यवस्थापन कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने देखेमा आफ्नो राय सहितको प्रतिवेदन विभागमा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट व्यवस्थापन कार्ययोजनामा संशोधन गर्नु उपयुक्त हुने देखिएमा विभागले आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. मध्यवर्ती क्षेत्रमा संरक्षण : मध्यवर्ती क्षेत्रका देहायका कुराहरुको संरक्षण गर्ने गराउने जिम्मेवारी संरक्षकको हुनेछ :-

(क) वन्यजन्तु,

(ख) प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोत,

(ग) जैविक विविधता (वायोडाईभरसिटी),

(घ) वन जङ्गल,

(ङ) विकास निर्माण कार्यहरु ।

## परिच्छेद-४

## उपभोक्ता समिति

८. उपभोक्ता समितिको गठन : (१) संरक्षकले नियम ४ बमोजिम विभाजन गरेको इकाईहरुमा नियम ७ मा उल्लिखित कुराहरुको संरक्षण तथा सामुदायिक विकास र वन पैदावारको सन्तुलित उपयोगको कार्यमा सघाउ पुऱ्याउन स्थानीय निकायसँग समन्वय राखी आवश्यकता अनुसार उपभोक्ता समितिहरुको गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको उपभोक्ता समितिमा उपभोक्ताहरुले आफूहरु मध्येबाट छानेका एकजना अध्यक्ष, एक जना उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्यक्ष र कम्तिमा पाँच जना सदस्यहरु रहनेछन् ।

(३) उपभोक्ता समितिका पदाधिकारीहरुको छनौट प्रकृया उपभोक्ताहरु आफैंले निर्धारण गर्नेछन् ।

(४) उपभोक्ता समितिका पदाधिकारीहरुको पदावधि पाँच वर्षको हुनेछ ।

९. उपभोक्ता समितिको दर्ता : (१) नियम ८ बमोजिम उपभोक्ता समितिको गठन भएपछि सो उपभोक्ता समिति दर्ता गर्नको लागि संरक्षक समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले आवश्यक जाँचबुझ गरी उपभोक्ता समितिलाई दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

१०. <u>उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार</u> : उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो क्षेत्रको स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका कार्यहरु गर्ने, गराउने,

(ख) आफूले जिम्मा लिएको आयोजना व्यवस्थित ढङ्गबाट कार्यान्वयन गर्ने,

(ग) आफूले जिम्मा लिएको आयोजनाको सञ्चालन र सम्भारको व्यवस्था मिलाउने,

(घ) आयोजना सम्पन्न गर्न लाग्ने जनसहभागिता र श्रमको परिचालन गर्ने,

(ङ) उपभोक्ताहरुको बैठक बोलाई आम्दानी खर्चको विवरण र वार्षिक कार्यक्रम सो बैठकमा पेश गरी स्वीकृत गराउने,

(च) सम्बन्धित निकायबाट माग भएका आर्थिक एवं अन्य विवरण उपलब्ध गराउने,

(छ) उपभोक्ताहरुबाट मर्मत सम्भार शुल्क असूल गरी मर्मत सम्भारको व्यवस्था मिलाउने,

(ज) प्रत्येक वर्ष स्थानीय जनतालाई दैनिक उपभोगका लागि आवश्यक पर्ने वन पैदावारको किसिम, परिमाण, उपभोग गर्ने क्षेत्र, तरिका, समय र दस्तूर तोक्ने,

(झ) चरिचरण गर्न पाउने क्षेत्र, जनावरको किसिम, संख्या र चरिचरण दस्तूर तोक्ने,

(ञ) आफ्नो क्षेत्रभित्र बसाई सरी आउने र आफ्नो क्षेत्रबाट बसाई सरी जाने उपभोक्ताहरुको लगत अद्यावधिक बनाउने,

(ट) कुनै विकास आयोजना हस्तान्तरण गरिएमा त्यसको जिम्मेवारी लिने,

(ठ) आफ्नो कार्यविधि नियमित गर्न आवश्यक पर्ने निर्देशिका तयार गरी स्वीकृतिको लागि संरक्षक समक्ष पेश गर्ने,

(ड) आफ्नो क्षेत्रमा वृक्षारोपण गर्ने, गराउने,

(ढ) बाढी, पहिरो तथा भू-क्षय नियन्त्रण गर्न कार्यक्रमहरु सञ्चालन गर्ने,

(ण) उपभोक्ता समितिको कोषको सञ्चालन गर्ने,

(त) अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

११. उपसमितिहरु गठन गर्न सक्ने : (१) उपभोक्ता समितिले आफ्नो क्षेत्रमा नियम १० बमोजिमका कार्यहरु सुचारु रुपले सञ्चालन गर्न गराउन आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमका उपसमितिहरुको गठन विधि, काम, कर्तव्य र अधिकार उपभोक्ता समितिले तोके बमोजिम हुनेछ ।

१२. उपभोक्ता समितिको बैठक र निर्णय : (१) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपभोक्ता समितिको बैठकको अध्यक्षता उपभोक्ता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपभोक्ता समितिको उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित उपभोक्ता समितिका सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकको गणपुरक संख्या जम्मा सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(५) बैठकको निर्णय सामान्य बहुमतबाट हुनेछ ।

(६) बैठकको निर्णय उपभोक्ता समितिको सचिवले प्रमाणित गर्नेछ ।

(७) उपभोक्ता समितिको बैठक सम्बन्धी अन्य कार्यविधि उपभोक्ता समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. उपभोक्ता समितिको कार्ययोजना : (१) उपभोक्ता समितिले मध्यवर्ती क्षेत्रभित्रको आफ्नो क्षेत्रमा गरिने सामुदायिक विकास, प्राकृतिक स्रोतको संरक्षण र वन पैदावारको उपयोग सम्बन्धी कार्यको लागि कार्ययोजना तयार गरी उपभोक्ताहरुको बैठकबाट पारित गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजना तयार गर्दा संरक्षकले उपभोक्ता समितिलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कार्ययोजनामा देहायका कुराहरु समावेश हुनु पर्नेछ :-

(क) सम्बन्धित उपभोक्ता समितिको नाम,

(ख) सम्बन्धित उपभोक्ता समिति रहेको इकाईको सिमाना,

(ग) वन, वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी तरिका,

(घ) वन पैदावारको सङ्कलन गर्ने तरिका,

(ङ) वन क्षेत्रमा चरिचरण गर्ने स्थान र तरिका,

(च) बिरुवा काँटछाँट गर्ने, पातलो पार्ने, सफा गर्ने र अन्य वन वर्धन उपचारहरुको तरिका,

(छ) वृक्षारोपण र वन सुधार सम्बन्धी तरिका,

(ज) वन पैदावारको वितरण, प्रबन्ध र बिक्री वितरण गर्ने तरिका,

(झ) भूमि व्यवस्थापनको लागि अपनाइने नीति तथा तरिका,

(ञ) अन्य आवश्यक कुराहरु ।

(४) उपनियम (१) बमोजिम उपभोक्ताहरुको बैठकबाट पारित कार्ययोजना संलग्न गरी उपभोक्ता समितिले स्वीकृतिको लागि संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृतिको लागि पेश भएको कार्ययोजना उपर संरक्षकले आवश्यक जाँचबुझ गरी सो कार्ययोजनामा कुनै कुरा थपघट गर्नु पर्ने भएमा सो समेत गरी कार्ययोजना स्वीकृत गरी सोको जानकारी सम्बन्धित उपभोक्ता समितिलाई दिनु पर्नेछ ।

१४. उपभोक्ता समितिको विघटन : (१) संरक्षकले देहायको अवस्थामा उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ :-

(क) स्वीकृत कार्ययोजना विपरित काम गरेमा,

(ख) नियम १० बमोजिम आफ्नो काम, कर्तव्य पूरा गर्न नसकेमा,

(ग) नियम १७ बमोजिम निषेधित कार्य गरेमा ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता समिति विघटन गर्नु भन्दा पूर्व संरक्षकले उक्त उपभोक्ता समितिलाई कारबाही गर्नु पर्ने कारण सहितको विवरण खोली पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा संरक्षकले आफैं वा आफ्नो मातहतका प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थलगत निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनको आधारमा संरक्षकले आवश्यक ठानेमा त्यस्तो उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ ।

(५) सम्बन्धित उपभोक्ता समितिका दुई तिहाई सदस्यहरुले सो उपभोक्ता समिति विघटन गर्न लिखित अनुरोध गरेमा संरक्षकले उपभोक्ता समिति विघटन गर्न सक्नेछ ।

(६) उपनियम (४) वा (५) बमोजिम उपभोक्ता समिति विघटन गरिएकोमा त्यसमा चित्त नबुझ्ने उपभोक्ता समितिका पदाधिकारीले उपभोक्ता समिति विघटन भएको सूचना पाएको मितिले पैंतीस दिनभित्र महानिर्देशक समक्ष उजूरी दिन सक्नेछ । महानिर्देशकले यस सम्बन्धमा दिएको निर्णय अन्तिम हुनेछ ।

(७) उपनियम (६) बमोजिम उजूरी परेकोमा संरक्षकले उपभोक्ता समिति विघटन गरेको निर्णय सदर गरेमा वा उजूरी नपरेकोमा सो उजूरी दिने म्याद भुक्तान भएपछि संरक्षकले पुन: अर्को उपभोक्ता समिति गठन गराई कार्य सञ्चालन गराउनु पर्नेछ ।

(८) उपभोक्ता समिति विघटन भई उपनियम (६) बमोजिम उजूरी परेकोमा सोको अन्तिम निर्णय नभएसम्म वा उजूरी नपरेकोमा उपनियम (७) बमोजिम अर्को उपभोक्ता समिति गठन नभएसम्मको लागि संरक्षक वा निजले खटाएको कर्मचारीले सो क्षेत्रको व्यवस्थापन गर्नेछ ।

(९) विघटित उपभोक्ता समितिको सम्पत्ति र दायित्व उपनियम (७) बमोजिमको उपभोक्ता समितिमा सर्नेछ ।

१५. उपभोक्ता समितिको कोष : (१) उपभोक्ता समितिको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) मध्यवर्ती क्षेत्र सामुदायिक वन कार्ययोजनाले निर्दिष्ट गरेका वन पैदावार बिक्री वितरणबाट प्राप्त आम्दानी,

(ख) ऐनको दफा २५क. बमोजिम प्राप्त रकम,

(ग) नियम ३५ बमोजिम शिकार खेल्ने अनुमति दिए बापत प्राप्त हुने रकम,

(घ) दातृ संस्था वा व्यक्तिबाट प्राप्त चन्दा वा आर्थिक सहयोग आदि,

(ङ) विविध ।

(३) उपभोक्ता समितिले बैंकमा खाता खोली कोषको सञ्चालन गर्नु पर्नेछ ।

तर बैंकिङ्ग सुविधा नभएको क्षेत्रमा रु. १०,०००।- सम्म समितिले तोकेको व्यक्तिले राख्न सक्नेछ ।

(४) कोषको सञ्चालन उपभोक्ता समितिले तोकेको उपभोक्ता समितिका दुईजना पदाधिकारीहरुको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपभोक्ता समितिको तर्फबाट गर्नु पर्ने खर्चहरु, उपभोक्ता समितिको कोषबाट व्यहोरिनेछ ।

(६) उपभोक्ता समितिलाई जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रम वा काममा खर्च गर्नु पर्नेछ ।

(७) उपभोक्ता समितिले निर्माण कार्य गर्दा गराउँदा मन्त्रालयले समय समयमा तोकेको वन, वनस्पति, वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमको लागि दर विश्लेषण सम्बन्धी सिद्धान्त (नर्म्स) मा तोकेको दरमा नबढ्ने गरी गर्नु गराउनु पर्नेछ ।

१६. उपभोक्ता समितिको लेखापरीक्षण : (१) उपभोक्ता समितिको प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सम्बन्धित संरक्षकले खटाएको व्यक्तिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्न आउने व्यक्तिले माग गरेको श्रेस्ता कागजात तथा हिसाब किताबको अभिलेख उपभोक्ता समितिले पेश गर्नु पर्नेछ ।

(३) लेखापरीक्षणबाट उपभोक्ता समितिको पदाधिकारीले आर्थिक दुरुपयोग गरेको पाइएमा संरक्षकले सो रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

## परिच्छेद-५

## मध्यवर्ती क्षेत्रभित्र निषेधित कार्यहरु

१७. मध्यवर्ती क्षेत्रभित्र निषेधित कार्यहरु : संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले मध्यवर्ती क्षेत्रभित्र देहायका कामहरु गर्न पाउने छैन । त्यस्तो कुनै काम गरेमा कसूर गरेको मानिनेछ ।

(क) आफ्नो हक नपुग्ने कुनै भू-भाग नियन्त्रण गर्न वा रुख काट्न, वन फाँड्न वा वन क्षेत्र आवाद गर्न,

(ख) वन पैदावार नास हुने कुनै काम गर्न वा वनमा आगो लगाउन,

(ग) वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्न सक्ने गरी ढुङ्गा, माटो, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(घ) मध्यवर्ती क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको स्रोतमा कुनै हानिकारक विषादी वा विष्फोटक पदार्थहरु प्रयोग गर्न,

(ङ) अनधिकृत रुपमा शिकार खेल्न र वन्यजन्तुलाई क्षति पुऱ्याउन ।

१८. काम कारबाही रोक्न वा सुधार गर्न आदेश दिन सक्ने : (१) मध्यवर्ती क्षेत्रभित्र वा बाहिरबाट भईरहेका वा हुन लागेको कुनै काम कारबाहीबाट मध्यवर्ती क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने सम्भावना भएमा संरक्षकले सम्बन्धित उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित व्यक्ति वा संस्थालाई तत्काल यस्तो काम कारबाही रोक्न वा त्यसमा सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको आदेशमा के कति कारणले त्यस्तो काम कारबाहीलाई निषेध गर्नु परेको हो वा त्यस्तो काम कारबाहीमा के कस्तो सुधार गर्नु पर्ने हो सो कुराको विवरण स्पष्ट रुपले खुलाएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम संरक्षकले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र विभाग समक्ष निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनमा विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

१९. क्षति पुऱ्याउन नहुने : कसैले पनि मध्यवर्ती क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, तारबार, चिन्हपट, सङ्केत वा अन्य कुनै सार्वजनिक चिज वस्तुलाई कुनै प्रकारको क्षति पुऱ्याउनु हुँदैन ।

२०. सहमति लिनु पर्ने : (१) मध्यवर्ती क्षेत्रमा घरेलु उद्योग बाहेकका अन्य उद्योगहरु सञ्चालन गर्न पाउने गरी उद्योग दर्ता गर्नु वा इजाजतपत्र प्रदान गर्नु भन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको लिखित सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा सञ्चालन गर्ने इजाजतपत्र प्रदान गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन पैदावारमा आधारित घरेलु उद्योग दर्ता गर्न वा इजाजतपत्र प्रदान गर्नु भन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा सञ्चालन गर्ने इजाजतपत्र प्रदान गर्नु पर्नेछ ।

(३) विभागले उपनियम (१) बमोजिम उद्योग खोल्न सहमति दिने सम्बन्धमा निश्चित मापदण्डहरु तयार गर्नु पर्नेछ ।

(४) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि मध्यवर्ती क्षेत्रमा सञ्चालन भै रहेको घरेलु उद्योग बाहेकको अन्य उद्योग र वन पैदावारमा आधारित घरेलु उद्योगले पनि ऐनको दफा ३क. बमोजिम मध्यवर्ती क्षेत्र तोकिएको मितिले एक वर्ष भित्र उपनियम (३) बमोजिम विभागले तयार गरेको मापदण्डको अधीनमा रही त्यस्तो उद्योग सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-६

## वन विकास सम्बन्धी व्यवस्था

२१. मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पन सकिने : (१) नियम ४ बमोजिम मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पन निर्धारण गरेको क्षेत्रमा मध्यवर्ती सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र लिन चाहने उपभोक्ता समितिले अनुसूची-३ बमोजिमको ढाँचामा संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले उपभोक्ता समितिलाई कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको निवेदन र उपभोक्ता समितिले स्वीकृतिको लागि पेश गरेको कार्ययोजना उपर संरक्षकले आवश्यक जाँचबुझ गरी निवेदनमा उल्लेखित वन क्षेत्र पूरै वा आंशिक रुपमा अनुसूची-४ बमोजिमको प्रमाणपत्र सहित सम्बन्धित उपभोक्ता समितिलाई सुम्पन सक्नेछ ।

(४) उपभोक्ता समितिले संरक्षकद्वारा स्वीकृत भईसकेको कार्ययोजनामा आवश्यक परेमा संशोधन गर्ने प्रस्ताव पेश गर्न सक्नेछ । त्यस्तो प्रस्तावलाई संरक्षकले सोही बमोजिम वा थपघट गरी स्वीकृति दिन सक्नेछ ।

(५) एउटै वन क्षेत्र दुई वा सो भन्दा बढी उपभोक्ता समितिका उपभोक्ताहरुले मध्यवर्ती सामुदायिक वनको रुपमा माग गरेमा संरक्षकले सम्बन्धित उपभोक्ताहरुसँग समन्वय गरी सहमतिको आधारमा सो वन क्षेत्र सुम्पन सक्नेछ ।

(६) उपनियम (३) बमोजिम मध्यवर्ती सामुदायिक वन जिम्मा लिने उपभोक्ताहरुको उपभोक्ता समितिले कार्ययोजना बमोजिम कार्य नगरेमा उपभोक्ता समितिलाई बढीमा १५ दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(७) उपभोक्ता समितिले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट मध्यवर्ती सामुदायिक वन फिर्ता लिनु मनासिब देखिएमा संरक्षकले सो वन फिर्ता लिई त्यसको व्यवस्थापन संरक्षक आफैंले गर्नेछ ।

(८) उपनियम (७) बमोजिम मध्यवर्ती सामुदायिक वन फिर्ता लिने गरी गरिएको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समितिले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिनभित्र महानिर्देशक समक्ष उजूरी दिन सक्नेछ । यस्तोमा महानिर्देशकले दिएको निर्णय अन्तिम हुनेछ ।

(९) उपनियम (८) बमोजिम उजूरी परेकोमा सोको अन्तिम निर्णय नभएसम्म सो वनको व्यवस्थापन संरक्षक आफैंले गर्नेछ ।

(१०) उपभोक्ता समिति आफैंले बिरुवा लगाई हुर्काएको वन पैदावारको उपयोग कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी सम्बन्धित उपभोक्ता समितिले तोकेको दस्तूर तिरी उक्त मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरुले उपयोग गर्न पाउने छन् ।

(११) उपभोक्ता समितिले मध्यवर्ती सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएका वन पैदावारको उपयोग कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी उपभोक्ता समितिले तोकेको दस्तूर लिई उक्त मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरुले उपयोग गर्न पाउने छन् ।

(१२) उपनियम (१०) र (११) बमोजिम प्राप्त गरेको काठ, दाउरा बाहेकका अन्य वन पैदावार उपभोक्ताहरुले मध्यवर्ती क्षेत्रभन्दा बाहिरको क्षेत्रमा ओसार पसार गर्न पाउने छन् । त्यसरी ओसार पसार गर्नु अघि उपभोक्ताहरुले संरक्षकबाट अनुमति प्राप्त गर्नु पर्नेछ ।

२२. <u>मध्यवर्ती धार्मिक वनको रुपमा सुम्पन सकिने</u> : (१) मध्यवर्ती क्षेत्रभित्रका परापूर्वकालदेखि रहेको कुनै धार्मिकस्थल वा त्यसको वरिपरिको वन क्षेत्रको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला र त्यस्तो वनमा गरिने कार्यहरुको विवरण खुलाई अनुसूची-५ बमोजिमको ढाँचामा संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले आवश्यक जाँचबुझ गरी निवेदकले माग गरे बमोजिम वा त्यसमा आवश्यक थपघट गरी मध्यवर्ती धार्मिक वनको रुपमा त्यस्तो धार्मिक निकाय, समूह वा समुदायलाई अनुसूची-६ बमोजिमको प्रमाणपत्र सहित सुम्पन सक्नेछ । त्यसरी वन सुम्पदा परम्परागत उपभोक्ताहरुको हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) मध्यवर्ती धार्मिक वनमा रहेका काठ, दाउरा, सम्बन्धित धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न सकिनेछ ।

तर वातावरणमा प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानी नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

(४) उपनियम (२) बमोजिम सुम्पिएको मध्यवर्ती धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले उपनियम (३) विपरीतको कार्य गरेमा वा मध्यवर्ती धार्मिक वनमा गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा संरक्षकले त्यस्तो मध्यवर्ती धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर मध्यवर्ती धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र महानिर्देशक समक्ष उजूरी दिन सक्नेछ । त्यस्तो उजूरीमा महानिर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

२३. मध्यवर्ती निजी वन लगाउन सकिने : (१) मध्यवर्ती क्षेत्रभित्रको आफ्नो हक पुग्ने जग्गाका धनीले आफ्नो इच्छा अनुसार मध्यवर्ती निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) संरक्षकले मध्यवर्ती निजी वनको धनीलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) मध्यवर्ती निजी वनका वन पैदावारहरु मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्रभित्र स्वतन्त्र रुपले ओसार पसार र बिक्री वितरण गर्न पाउनेछ ।

(४) मध्यवर्ती निजी वनका वन पैदावारहरु मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार र बिक्री वितरण गर्नु परेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित संरक्षक समक्ष दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएमा संरक्षकले आवश्यक जाँचबुझ गर्दा गराउँदा, उक्त वन पैदावार मध्यवर्ती निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई वातावरणीय असर नपर्ने किसिमले काठको हकमा टाँचा लगाई संरक्षकले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार गर्ने पूर्जी दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको पूर्जी बाटोमा पर्ने वन चेक पोष्टमा दरपिठ गराई वन पैदावार ओसार पसार गर्नु पर्नेछ ।

२४. काठ, दाउरा उपलब्ध गराउन सकिने : (१) मध्यवर्ती क्षेत्रभित्र बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको काठ दाउराहरु संरक्षक आफैंले वा उपभोक्ता समिति मार्फत सङ्कलन गराउन सक्नेछ ।

(२) मध्यवर्ती क्षेत्रभित्र कानूनी कारबाहीको सिलसिलामा बरामद भएका काठ, दाउरा संरक्षकले सुरक्षित साथ राख्ने व्यवस्था मिलाउनु पर्नेछ । त्यस्तो काठ, दाउरा, उपभोक्ता समितिले व्यवस्थापन गरेको वनको रहेछ भने त्यस्तो काठ, दाउरा सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमका काठ र दाउराको बिक्रीको लागि डिपो राख्न उपयुक्त हुने स्थानको निर्धारण र स्थानीय उपभोक्ताहरुलाई दिइने काठ, दाउराको अधिकतम परिमाणको निर्धारण संरक्षकले गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको काम गर्दा संरक्षकले सम्बन्धित उपभोक्ता समितिसँग समन्वय राखी गर्नु पर्नेछ ।

(५) स्थानीय उपभोक्तालाई काठ, दाउराको बिक्री गर्दा सम्बन्धित उपभोक्ता समितिको सिफारिस तथा उपनियम (३) बमोजिमको परिमाण र उपनियम (६) बमोजिमको मूल्यको आधारमा डिपोले सम्बन्धित उपभोक्ताहरुलाई बिक्री गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम बिक्री गरिने काठ, दाउराको मूल्य निर्धारण गर्दा त्यस्तो काठ, दाउरा सङ्कलन गर्दा लागेको खर्च समेत जोडी संरक्षकले प्रचलित वन सम्बन्धी कानूनले तोकेको काठ, दाउराको मूल्यको आधारमा मूल्य निर्धारण गर्नु पर्नेछ ।

(७) उपनियम (५) बमोजिम बिक्री गरिएको काठ, दाउराको उपयोग मध्यवर्ती क्षेत्र बाहिर गर्न पाइने छैन ।

(८) उपनियम (५) बमोजिम बिक्रीबाट प्राप्त गरिएको रकममध्ये काठ, दाउरा सङ्कलन गर्दा लागेको खर्च कटाई बाँकी हुन आएको रकम राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

२५. मध्यवर्ती क्षेत्र वन : (१) नियम ४ बमोजिम निर्धारण गरिएको मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि संरक्षकले आवश्यक देखेकोमा कुनै इकाईलाई मध्यवर्ती क्षेत्र वनको रुपमा निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मध्यवर्ती क्षेत्र वन निर्धारण गर्दा त्यस क्षेत्रको भू-संरक्षण, वन्यजन्तु, वनस्पति तथा वातावरण पक्षलाई समेत ध्यानमा राखेर गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम निर्धारण गरिएको मध्यवर्ती क्षेत्रभित्रको वनको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन संरक्षकले गर्नु पर्नेछ ।

(४) मध्यवर्ती क्षेत्र वनभित्र प्राप्त हुने वन पैदावार मध्यवर्ती क्षेत्रभित्रको कुनै उपभोक्ता समितिले लिन चाहेमा सोही उपभोक्ता समितिलाई नियमानुसार लाग्ने दस्तूर लिई संरक्षकले बिक्री वितरण गर्नु पर्नेछ । एकभन्दा बढी उपभोक्ता समितिले उक्त वन पैदावार लिन चाहेमा दामासाहीका हिसावले बिक्री वितरण गर्नु पर्नेछ ।

(५) कुनै पनि उपभोक्ता समितिले उक्त वन पैदावार लिन नचाहेको अवस्थामा संरक्षकले बोल कबोल प्रथाद्वारा बिक्री वितरण गर्नु पर्नेछ ।

## परिच्छेद-७

## सामुदायिक विकास

२६. सामुदायिक विकासको लागि खर्चको निर्धारण : (१) ऐनको दफा २५क. बमोजिम राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गरिने रकमको प्रतिशत निर्धारण मन्त्रालयले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले सामुदायिक विकासको लागि खर्च गरिने रकमको प्रतिशत निर्धारण गर्दा देहायका कुराहरुलाई आधार मानी गर्नेछ :-

(क) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको वार्षिक आम्दानी,

(ख) मध्यवर्ती क्षेत्रको जनसंख्या र क्षेत्र,

(ग) मध्यवर्ती क्षेत्रको सामुदायिक विकासको स्थिति,

(घ) मध्यवर्ती क्षेत्रभित्र राष्ट्रिय निकुञ्ज तथा आरक्षले पुऱ्याएको असरको परिमाण,

(ङ) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको संरक्षणमा स्थानीय जनताले पुऱ्याएको योगदान,

(च) सामुदायिक विकासका लागि आवश्यक पर्न सक्ने स्थानीय श्रोत र साधनको उपलब्धता,

(छ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सकृयता तथा सहभागिता ।

(३) मध्यवर्ती क्षेत्रभित्रको सामुदायिक विकासको लागि प्राप्त रकम मध्ये कुन इकाईलाई कति रकम वितरण गर्ने भन्ने कुराको निर्धारण गर्दा देहाय बमोजिमको समिति गठन हुनेछ :-

(क) मध्यवर्ती क्षेत्रभित्रका उपभोक्ता समितिका अध्यक्षहरुले आफू मध्येबाट छानेको व्यक्ति - अध्यक्ष

(ख) सम्बन्धित जिल्ला विकास समितिको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित उपभोक्ता समितिका अध्यक्षहरु - सदस्य

(घ) संरक्षक - सदस्य-सचिव

(४) मध्यवर्ती क्षेत्र एकभन्दा बढी जिल्लामा पर्न गएमा उपनियम (३) बमोजिमको समितिमा सबै जिल्ला विकास समितिका प्रतिनिधिहरु रहनेछन् ।

(५) उपनियम (३) बमोजिमको समितिको बैठक अध्यक्षसँग परामर्श गरी आवश्यकतानुसार संरक्षकले बोलाउनेछ । बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम (३) बमोजिमको समितिले सामुदायिक विकासको लागि प्राप्त रकम वितरण गर्दा ऐनको दफा ३ग. बमोजिम दिइनु पर्ने क्षतिपूर्तिको अनुमानित रकम छुट्याई बाँकी हुन आएको रकमलाई देहायका आधारमा उपभोक्ता समितिलाई वितरण गर्न छुट्याउनु पर्नेछ :-

(क) उपभोक्ता समितिको इलाका र जनसंख्या,
(ख) सामुदायिक विकासको माग र आवश्यकता,
(ग) राष्ट्रिय निकुञ्ज वा आरक्षले सो क्षेत्रमा पुऱ्याएको असर,
(घ) वन्यजन्तु, वन पैदावार तथा प्राकृतिक स्रोतको संरक्षण गर्न त्यस क्षेत्रका बासिन्दाले गरेको योगदान,
(ङ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सकृयता तथा सहभागिता,
(च) कुनै खास इकाईमा सञ्चालन हुने आयोजनाको लागत ।

(७) उपनियम (६) बमोजिम सामुदायिक विकासको लागि वितरण गरिने रकम चौमासिक रुपमा निकासा दिइनेछ ।

२७. <u>सामुदायिक विकास सम्बन्धी कार्यको सञ्चालन</u> : (१) नियम २६ बमोजिम उपभोक्ता समितिलाई सामुदायिक विकासको लागि दिइने रकमबाट सञ्चालन गर्न सकिने आयोजनाहरुको छनौट गरी उपभोक्ता समितिले उक्त आयोजनाहरुको लागत इष्टिमेट सहितको प्रस्ताव तयार गरी उपभोक्ताहरुको श्रमदानको अंश समेत उल्लेख गरी संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लागत इष्टिमेट तयार गर्ने काममा संरक्षकले उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ । संरक्षकले प्राविधिक सहयोग उपलब्ध गराउन नसकी जिल्ला विकास

समितिलाई अनुरोध गरेमा सम्बन्धित जिल्ला विकास समितिले उपभोक्ता समितिलाई त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश भएको आयोजनाको प्रस्ताव सम्बन्धमा संरक्षकले आवश्यक जाँचबुझ गरी उपयुक्तताको आधारमा त्यस्तो आयोजना सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम उपभोक्ता समितिले पेश गरेको लागत इष्टिमेट बमोजिमको रकम किस्ताबन्दीको आधारमा संरक्षकले सम्बन्धित उपभोक्ता समितिलाई निकासा दिनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भएपछि सम्बन्धित उपभोक्ता समितिले संरक्षक समक्ष उक्त आयोजनाको जाँच पास गराई दिन अनुरोध गर्नु पर्नेछ र त्यस्तो अनुरोध भै आएमा संरक्षकले प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ । संरक्षकले प्राविधिक सहयोग उपलब्ध गराउन नसकी जिल्ला विकास समितिलाई अनुरोध गरेमा सम्बन्धित जिल्ला विकास समितिले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(६) उपभोक्ता समितिले सञ्चालन गरेको आयोजनाको कार्यसम्पन्न भएपछि उपभोक्ता समितिले उक्त आयोजनाको हिसाब किताब र जाँचपासको प्रतिवेदन संरक्षक समक्ष पेश गर्नु पर्नेछ । संरक्षकले उक्त हिसाब किताब र जाँचपासको प्रतिवेदन दर्ता गरी सोको निस्सा उपभोक्ता समितिलाई दिनेछ ।

(७) संरक्षकले विल भरपाई र जाँचपास प्रतिवेदन पेश भएपछि आवश्यकतानुसार स्थलगत निरीक्षण समेत गरी कार्य सम्पन्न भएको देखिएमा उपभोक्ता समितिले लिएको पेश्की फछ्र्यौट गरी दिनु पर्नेछ ।

(८) उपनियम (१) बमोजिमको आयोजनाको लागत इष्टिमेट गर्दा र जाँचपास गर्दा लागेको खर्च सम्बन्धित आयोजनाको खर्चमा समावेश गरिनेछ ।

२८. <u>दोहोरो नपर्ने गरी विकास आयोजना सञ्चालन गर्नु पर्ने</u> : संरक्षकले नियम २७ बमोजिम सामुदायिक विकास सम्बन्धी कार्य गर्दा सो इकाईमा अन्य निकाय, संघ संस्था वा कार्यालयले सञ्चालन गरिराखेको कुनै सामुदायिक विकास सम्बन्धी आयोजनामा दोहोरोपना नआउने गरी सञ्चालन गर्नु पर्नेछ ।

२९. <u>प्राथमिकताको आधारमा आयोजनाको छनौट गर्नु पर्ने</u> : उपभोक्ता समितिले आयोजनाको छनौट गर्दा स्थानीय जनताको आवश्यकता परिपूर्ति गर्ने र प्राकृतिक श्रोतको संरक्षण गर्ने किसिमका आयोजनालाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

३०. स्थानीय उपभोक्ताहरुको दायित्व : नियम २६ बमोजिम सामुदायिक विकासको लागि प्राप्त रकमबाट आयोजना सञ्चालन गरिएकोमा सो आयोजनाबाट लाभ पाउने स्थानीय उपभोक्ताहरुको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) आयोजना सम्पन्न गर्न लाग्ने श्रमदान गर्ने,

(ख) आयोजनाको मर्मत सम्भार शुल्क बुझाउने,

(ग) आयोजना सम्पन्न गर्न, सञ्चालन गर्न र आयोजनाको मर्मत सम्भार गर्न आवश्यक सहयोग गर्ने ।

## परिच्छेद-८

## रकम जम्मा गर्ने र क्षतिपूर्ति निर्धारण गर्ने तरिका

३१. धरौटी खातामा रकम जम्मा गर्ने : (१) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालयको नाममा बैंकमा धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धरौटी खातामा जम्मा गरेको रकम मध्ये मन्त्रालयले सामुदायिक विकासको लागि नियम २६ बमोजिम निर्धारण गरेको प्रतिशतको रकम चौमासिक रुपमा छुट्याई बाँकी रकम राजश्व खातामा दाखिल गर्नु पर्नेछ ।

३२. क्षतिपूर्ति रकम निर्धारण गर्ने तरिका : (१) ऐनको दफा ३ग. बमोजिमको क्षतिपूर्तिको रकम माग गर्ने बासिन्दाले क्षति भएको विवरण उल्लेख गरी सम्बन्धित उपभोक्ता समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा सम्बन्धित उपभोक्ता समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी क्षतिको वास्तविक विवरण तथा निवेदकलाई सो बापत दिनु पर्ने क्षतिपूर्तिको रकम यकिन गरी सिफारिस गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको उपभोक्ता समितिको सिफारिस प्राप्त हुन आएमा नियम २६ को उपनियम (३) बमोजिमको समितिले आवश्यक जाँचबुझ गरी क्षतिपूर्ति दिनु पर्ने देखिन आएमा क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्धारण भएको क्षतिपूर्तिको रकम सम्बन्धित बासिन्दालाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सम्बन्धित बासिन्दालाई क्षतिपूर्ति दिइसकेपछि त्यस्तो क्षतिपूर्ति दिएको जग्गाको लगत कट्टा गर्न संरक्षकले सम्बन्धित मालपोत कार्यालयलाई लेखि पठाउनु पर्नेछ ।

## परिच्छेद-९

## विविध

३३. मध्यवर्ती क्षेत्रभित्र सञ्चालन गरिने सेवा : (१) मन्त्रालयले मध्यवर्ती क्षेत्रभित्र ऐनको दफा ६ बमोजिमको कुनै सेवा वा सुविधा कसैबाट सञ्चालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा सञ्चालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्ड टेण्डर दिनको लागि कम्तिमा पैंतीस दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नु पर्ने कार्यालय वा अधिकारी र टेण्डर खोलिने समय समेत तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरु रीतपूर्वक नभए वा सन्तोषप्रद नभएको भन्ने मन्त्रालयलाई लागेमा अर्को टेण्डर माग गर्नको लागि पून: सूचना प्रकाशन गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पेश भएको टेण्डर मध्ये मन्त्रालयले सबैभन्दा बढी राजश्व (रोयल्टी) कबूल गर्ने र वातावरण संरक्षणको दृष्टिबाट उपयुक्त हुने टेण्डर स्वीकार गर्नु पर्नेछ ।

तर कुनै खास अवस्थामा मन्त्रालयले कम्ती रोयल्टी कबूल गर्नेको टेण्डर पनि स्वीकार गर्न सक्नेछ र त्यस्तोमा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नु पर्नेछ ।

(४) मध्यवर्ती क्षेत्रभित्र कुनै सेवा वा सुविधा सञ्चालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा सञ्चालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

३४. भू-उपयोगिता प्रणाली लागू गर्ने : (१) नियम ५ बमोजिमको व्यवस्थापन कार्ययोजनामा भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने भनी तोकिएको क्षेत्रका जग्गामा संरक्षकले सम्बन्धित उपभोक्ता समितिको सहमति लिई भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली लगाउन वा फलफूल खेती गर्न वा रुख बिरुवा वा घाँस लगाउन वा अन्य कुनै कार्य गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्ने जग्गाधनी वा मोहीलाई संरक्षकले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

३५. शिकार गर्न पाइने : राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रभित्र वन्यजन्तुको संख्यामा अत्यधिक वृद्धि हुन गई मध्यवर्ती क्षेत्रभित्र त्यस्ता वन्यजन्तुको चाप बढेमा संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु मध्यवर्ती क्षेत्रभित्र शिकार गर्न

पाउने गरी विभागले तोकिदिएको कोटामा नबढ्ने गरी प्रचलित कानून बमोजिम विभागले शिकार खेल्ने अनुमति दिन सक्नेछ ।

३६. अनुसन्धान कार्य गर्न सकिने : (१) कसैले मध्यवर्ती क्षेत्रभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धान प्रतिवेदनको एकप्रति विभाग समक्ष पेश गर्नु पर्नेछ ।

तर विदेशी व्यक्ति वा संस्थाले त्यस्तो कार्य गर्न खोजेमा विभागले तोकेको दस्तूर लिई अनुसन्धान गर्ने स्वीकृति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान गर्न चाहने व्यक्तिलाई संरक्षक र उपभोक्ता समितिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३७. संरक्षकलाई सूचना दिनु पर्ने : उपभोक्ता समितिले आफ्नो क्षेत्रभित्र बसाई सरी आउने र आफ्नो क्षेत्रबाट बसाई सरी जाने उपभोक्ताहरुको लगतलाई अद्यावधिक बनाई सोको सूचना संरक्षकलाई दिनु पर्नेछ ।

३८. संरक्षकलाई सहयोग गर्नु पर्ने : मध्यवर्ती क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने काममा संरक्षकलाई स्थानीय प्रशासन, प्रहरी, सरकारी वा गैरसरकारी निकाय, उपभोक्ता समिति तथा सम्बन्धित सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३९. अन्तरिम व्यवस्था : (१) मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना लागू नभएसम्मको लागि विभागको मार्ग दर्शनको अधीनमा रही संरक्षकले मध्यवर्ती क्षेत्रमा उपयुक्तताको आधारमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) नियम १३ बमोजिम उपभोक्ता समितिको व्यवस्थापन कार्ययोजना लागू नभएसम्मको लागि सम्बन्धित उपभोक्ता समितिले संरक्षकले दिएको निर्देशन बमोजिम आफ्नो क्षेत्रको कार्य सञ्चालन गर्नु पर्नेछ ।

४०. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन : (१) ऐनको दफा ३क. बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षणसँग सम्बन्धित कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

४१. निर्देशिका बनाउने : संरक्षकले मध्यवर्ती क्षेत्रको व्यवस्थापन, संरक्षण र विकासको लागि आवश्यक निर्देशिका तयार गरी मन्त्रालयबाट स्वीकृत गराई आफ्नो क्षेत्रमा लागू गर्न सक्नेछ ।

४२. मध्यवर्ती क्षेत्रको परित्यागको परिणाम : (१) ऐनको दफा ३क. को उपदफा (२) बमोजिम नेपाल सरकारले मध्यवर्ती क्षेत्रको परित्याग गरेमा मध्यवर्ती क्षेत्रका

स्थानीय बासिन्दाहरुले ऐन बमोजिम पाउने सुविधा सहुलियत तथा सामुदायिक विकासको लागि प्राप्त हुने रकम त्यस्तो क्षेत्रमा प्रदान गरिने छैन ।

तर मध्यवर्ती क्षेत्रमा कार्य सञ्चालन शुरु भएको आयोजना सम्पन्न गर्न लाग्ने रकम नेपाल सरकारले उपलब्ध गराई दिनु पर्नेछ ।

(२) मध्यवर्ती क्षेत्रको परित्याग गरिएमा त्यस्तो वन क्षेत्रमा प्रचलित वन सम्बन्धी कानून लागू हुनेछ ।

४३. अनुसूचीमा हेरफेर वा थपघट गर्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४४. बचाउ : यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि प्रचलित कानून बमोजिम सामुदायिक वन, कबुलियत वन, धार्मिक वन आदिको रुपमा सुम्पिएको वन क्षेत्र मध्यवर्ती क्षेत्रभित्र पर्न गएमा सम्बन्धित व्यवस्थापन कार्ययोजनाको म्याद समाप्त नभएसम्म प्रचलित कानून बमोजिम नै हुने र सोको म्याद समाप्त भएपछि यस नियमावली बमोजिम मध्यवर्ती क्षेत्रको रुपमा काम कारबाही गरिनेछ ।

---

द्रष्टव्य : १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२. न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

३. "जिल्ला विकास समिति" को सट्टा हाल "जिल्ला समन्वय समिति" कायम भएको तर नियमावलीमा संशोधन हुन बाँकी ।

## अनुसूची-१

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

### उपभोक्ता समितिको दर्ताको लागि दिने निवेदनको ढाँचा

श्री संरक्षकज्यू,

..................... राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

.....................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ मा भएका व्यवस्था बमोजिम उपभोक्ता समितिको गठन गरी उक्त उपभोक्ता समितिको दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं । उपभोक्ता समितिको दर्ता गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

तपसिल

(क) उपभोक्ता समितिको नाम :

(ख) चार किल्ला :

(ग) अन्दाजी क्षेत्रफल :

(घ) घरधुरीको संख्या :

(ङ) कूल जनसंख्या :

निवेदकहरु

.................. उपभोक्ता समितिका तर्फबाट

| सि.नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मिति :-

अनुसूची-२

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

............. राष्ट्रिय निकुन्ज/आरक्ष कार्यालय

उपभोक्ता समिति दर्ताको प्रमाणपत्र

दर्ता नं.:- मिति :-

श्री ...................... उपभोक्ता समिति,

.....................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

उपभोक्ता समितिको विवरण :-

(क) नाम :-
(ख) चार किल्ला :-
(ग) अन्दाजी क्षेत्रफल :-
(घ) घरधुरीको संख्या :-
(ङ) कूल जनसंख्या :-

प्रमाणपत्र दिने अधिकृतको

नाम :

दर्जा :

दस्तखत :

द्रष्टव्य:- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

अनुसूची-३

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

मध्यवर्ती सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री संरक्षकज्यू,

........................ राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

...................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधीनमा रही संलग्न कार्ययोजना अनुसार मध्यवर्ती सामुदायिक वनको रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं :-

(क) प्रस्तावित मध्यवर्ती सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना :-

चार किल्ला :-

क्षेत्रफल :-

(ख) वन्यजन्तु छन् वा छैनन् ? छन् भने कुन कुन जातका वन्यजन्तु छन् ?:

निवेदकहरु

उपभोक्ता समितिको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मिति :- ..................

अनुसूची-४

(नियम २१ को उपनियम (३) सँग सम्बन्धित)

## मध्यवर्ती सामुदायिक वन दर्ताको प्रमाणपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.................. राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

श्री ................. उपभोक्ता समिति

.......................

.......................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधीनमा रही देहायको मध्यवर्ती वन क्षेत्र यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

मध्यवर्ती सामुदायिक वनको विवरण :

नाम :-

चारकिल्ला :-

क्षेत्रफल :-

प्रमाणपत्र दिने संरक्षकको
नाम, थर :-
दस्तखत :-
मिति :-

द्रष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

अनुसूची -५

(नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

मध्यवर्ती धार्मिक वन दर्ताको लागि दिइने निवेदन

श्री संरक्षकज्यू,

.................. राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

...................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधीनमा रही संलग्न कार्ययोजना अनुसार मध्यवर्ती धार्मिक वनको रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको मध्यवर्ती क्षेत्र वन यस धार्मिक निकाय/समूह/समुदायलाई हस्तान्तरण गर्न हुन यो निवेदन पेश गरेको छु ।

प्रस्तावित मध्यवर्ती धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको मध्यवर्ती क्षेत्र वन :-

नाम :-

चार किल्ला :-

क्षेत्रफल :-

धार्मिक निकाय/समूह/समूदायको तर्फबाट

नाम :

दस्तखत :

पद :

मिति :

अनुसूची-६

(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

मध्यवर्ती धार्मिक वन दर्ताको प्रमाणपत्र

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.............. राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

श्री ...................

........................

.........................

त्यस निकाय/समूह/समुदायलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधीनमा रही देहायको मध्यवर्ती क्षेत्र वन यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न मध्यवर्ती धार्मिक वनको रुपमा सुम्पिएको छ ।

मध्यवर्ती धार्मिक वनको विवरण :

नाम :-

चार किल्ला :-

क्षेत्रफल :-

प्रमाणपत्र दिने संरक्षकको

नाम, थर :-
दर्जा :-
दस्तखत :-
मिति :-

द्रष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

# बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५३।५।२४

संशोधन
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही
नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय निकुञ्ज" भन्नाले बर्दिया राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) "सहायक संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्जको सहायक संरक्षक सम्झनु पर्छ ।

(घ) "सवारी साधन" भन्नाले मोटर इन्जिन जडान भएको सवारी साधन सम्झनु पर्छ ।

(ङ) "राजमार्ग" भन्नाले निकुञ्जभित्र भएर गएको राजमार्ग सम्झनु पर्छ ।

३. राष्ट्रिय निकुञ्जको सिमाना : राष्ट्रिय निकुञ्जको सिमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषणा गरिए बमेजिम हुनेछ ।

४. राष्ट्रिय निकुञ्जभित्र प्रवेश : (१) राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो दस्तूर बुझाउने व्यक्तिलाई संरक्षक वा राष्ट्रिय निकुञ्जको कुनै कर्मचारीले अनुसूची-२ बमोजिमको प्रवेशपत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम २० बमोजिम सुविधा प्राप्त बाटो प्रयोग गर्ने व्यक्तिहरुले सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई राष्ट्रिय निकुञ्जभित्रबाट हिँडेमा कुनै दस्तूर तिर्नु पर्ने छैन ।

(३) राष्ट्रिय निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोली वा सरकारी कर्मचारीलाई संरक्षकले अनुसूची-३ बमोजिमको नि:शुल्क प्रवेशपत्र दिन सक्नेछ ।

५. राष्ट्रिय निकुञ्जमा प्रवेश आफ्नै दायित्वमा हुने : प्रवेशपत्र लिई वा नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई राष्ट्रिय निकुञ्जभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी चोटपटक वा मृत्यु भएबापत क्षतिपूर्तिको निमित्त नेपाल सरकार जिम्मेवार हुने छैन ।

६. राष्ट्रिय निकुञ्जभित्र गर्न निसिद्ध गरिएका कार्यहरु : संरक्षक वा सो कामको लागि नेपाल सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र देहायका कामहरु गर्न पाउने छैन :-

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रम वा आकार बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भाग कब्जा गर्न, फाड्न वा आवाद गर्न,

(ग) घरपालुवा पशु वा पंक्षी चराउन वा तिनीहरुलाई पानी खुवाउन,

(घ) रुख, विरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न, आगो लगाउन वा अरु कुनै किसिमले हानि पुऱ्याउन,

(ङ) क्याम्प गर्न भनी छुट्याइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(च) क्याम्प गर्न छुट्याईएको स्थान वा संरक्षकले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न,

(छ) नियम २० बमोजिम तोकिएको बाटो बाहेक अन्य बाटो वा ठाउँबाट कुनै घरपालुवा पशु लैजान वा हिँडाउन ।

७. साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरु : संरक्षकको लिखित अनुमति बिना कुनै व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा नियम २० अन्तर्गत तोकिएको बाटोबाट हिँड्दा देहायका चिज बस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउनेछैन :-

(क) हात हतियार, खरखजाना, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु,

(ग) धनुषवाण, भाला, जाल, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने अन्य यस्तै वस्तुहरु ।

तर राजमार्गबाट सवारी साधनद्वारा यात्रा गर्ने हिँड्ने यात्रुहरुले इजाजत प्राप्त हातहतियार साथमा लैजान कुनै बाधा पर्ने छैन ।

८. क्षति पुऱ्याउन नहुने : (१) राष्ट्रिय निकुञ्जको सिमानाभित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै प्रकारबाट राष्ट्रिय निकुञ्जभित्रको वनस्पति, झारपात वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

(२) राष्ट्रिय निकुञ्जभित्रको बाटो, पुल, मचान, घर, कार्यालय भवन, तारवार, चिन्हपट वा अन्य कुनै चिजवस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

९. वैज्ञानिक अनुसन्धानको लागि नमूना सङ्कलन गर्न सकिने : (१) राष्ट्रिय निकुञ्जको हितका लागि उपयुक्त हुने काम वा वैज्ञानिक अनुसन्धानको निमित्त ऐन बमोजिम नमूना सङ्कलन गर्न चाहने व्यक्तिले संरक्षक समक्ष लिखित निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले ऐनको अनुसूची-१ मा उल्लेखित वन्यजन्तु बाहेक अन्य वन्यजन्तुलाई पक्री अनुसन्धान गर्न आवश्यक शर्तहरु तोकी वा नतोकी अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र दिँदा लाग्ने दस्तुर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

१०. शिकार गर्न र चराहरुको गुँड हटाउन वा बिगार्न नहुने : राष्ट्रिय निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन अनुमति प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र कुनै पनि वन्यजन्तुलाई मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा कुनै पनि पंक्षीहरुको फुल वा गुँड हटाउन, भत्काउन, बिगार्न वा खलबल्याउन हुँदैन ।

११. माछा मार्न अनुमति लिनु पर्ने : (१) राष्ट्रिय निकुञ्जभित्रको नदी, खोला, नाला, ताल वा पोखरीमा माछा मार्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दस्तूर बुझाएपछि संरक्षक वा राष्ट्रिय निकुञ्जका कर्मचारीले आवश्यक शर्त तोकी वा नतोकी अनुसूची-४ बमोजिमको माछा मार्ने अनुमतिपत्र दिनेछ ।

१२. नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने : (१) नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र माटो, ढुङ्गा, बालुवा वा अन्य कुनै खनिज पदार्थ खोज्न, खन्न वा हटाउन पाउने छैन ।

(२) कसैले राष्ट्रिय निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा नेपाल सरकारको स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१३. विज्ञापन टाँस्न वा राख्न नपाइने : ऐन बमोजिम राष्ट्रिय निकुञ्जभित्र स्थापित होटल, लज वा अन्य सेवा व्यवसायीहरुले बाहेक राष्ट्रिय निकुञ्जभित्र कुनै पनि व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँसी प्रचार प्रसार गर्नु, गराउनु हुँदैन ।

१४. बाजाहरु बजाउन नपाइने : राष्ट्रिय निकुञ्जभित्रका सरकारी कार्यालय, भवन वा ऐन बमोजिम स्थापित होटल, लज वा अन्य सेवा स्थलहरुमा बाहेक अन्यत्र रेडियो, टेप रेकर्ड र सङ्गीतका यस्तै अन्य बाजाहरु बजाउन पाइनेछैन ।

१५. फोहर मैला फाल्न नपाइने : कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र फोहर मैला गर्न वा फाल्न हुँदैन ।

१६. विषालु पदार्थ फ्याँक्न नपाइने : राष्ट्रिय निकुञ्जभित्र वा राष्ट्रिय निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको किटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषालु पदार्थ फ्याक्न वा राष्ट्रिय निकुञ्जभित्र भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै स्रोतमा हाल्न वा छर्न वा राष्ट्रिय निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुँदैन ।

१७. राष्ट्रिय निकुञ्जभित्र सवारी साधन चलाउँदा पालन गर्नु पर्ने कुराहरु : (१) राष्ट्रिय निकुञ्जभित्र सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधीनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछ :-

(क) पाँच टन भन्दा बढी वजनको सवारी साधन चलाउन पाइने छैन ।

(ख) बयलगाडा चलाउन पाइने छैन ।

(ग) सवारी साधन, पैदल यात्रु वा अन्य वस्तुको आवागमनमा बाधा पर्ने गरी सवारी साधन चलाउन वा अड्याई राख्नु हुँदैन ।

(घ) यस नियमावली बमोजिम सुविधा प्राप्त बाटो बाहेक अन्य बाटो वा ठाउँबाट कुनै घर पालुवा जीवजन्तु लैजान वा हिँडाउनु हुँदैन ।

(ङ) हर्न बजाउन वा ३० कि.मि. प्रतिघण्टा भन्दा बढी रफ्तारमा सवारी साधन चलाउनु हुँदैन ।

(च) नियम २० को उपनियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्ता बाटोबाट सवारी साधन चलाउन वा यात्रा गर्नु हुँदैन ।

(२) राजमार्गमा सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधीनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछ :-

(क) राजमार्गबाट जाने सवारी साधनमा रहेका सबै सामानहरु प्रवेश चौकीमा जँचाई लैजानु पर्नेछ ।

(ख) राजमार्गमा आवश्यकतानुसार राखिएको तगारो र सवारी साधनको गति कम गराउन बनाइएको गति नियन्त्रकको पालना गर्नु पर्नेछ ।

(ग) राष्ट्रिय निकुञ्जभित्र राखिएको तगारो भाँच्न, बिगार्न वा कुनै क्षति पुऱ्याउन हुँदैन ।

(घ) सवारी साधनले कुनै पनि वन्यजन्तुलाई लखेट्न, ठक्कर दिन, घाइते बनाउन, कुल्चिन वा मार्न हुँदैन ।

(ङ) राजमार्गमा सवारी साधन चलाउँदा प्रतिघण्टा ४० कि.मि.को गतिभन्दा बढी चलाउनु हुँदैन ।

१८. इशारा वा सङ्केत मान्नु पर्ने : राष्ट्रिय निकुञ्जको भित्र सबै सवारी साधनका चालकले राष्ट्रिय निकुञ्जको कर्मचारीले गरेको इशारा वा सङ्केतलाई पालना गर्नु पर्नेछ र त्यस्तो इशारा वा सङ्केत जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी साधन चलाउनु पर्नेछ ।

१९. आवागमनमा प्रतिबन्ध : राष्ट्रिय निकुञ्जभित्रको होटल, लज, क्याम्प अनुमति प्राप्त स्थान वा राजमार्गमा बाहेक अन्य स्थानमा लिखित अनुमति विना सूर्यास्तदेखि सूर्योदयसम्म पस्न, हिँडडुल गर्न वा सवारी साधन चलाउनु हुँदैन ।

२०. बाटोको सुविधा : (१) राष्ट्रिय निकुञ्जभित्र अनुसूची-५ बमोजिमको बाटोबाट पैदल यात्रा गर्न, घर पालुवा जीवजन्तु हिँडाउन वा सवारी साधन चलाउन संरक्षकले चिन्हपट लगाई तोकेको बाटोबाट सुविधा प्राप्त हुनेछ ।

(२) संरक्षकको लिखित अनुमति बिना उपनियम (१) बमोजिमको चिन्हपट लगाई तोकिदिएको बाटो बाहेक अन्य बाटोको प्रयोग गर्न पाइने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिकूल मौसममा चिन्हपट लगाई तोकिदिएको कुनै बाटो बन्द गर्न संरक्षकले उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गरी अन्य कुनै बाटो तोक्न सक्नेछ ।

२१. दस्तूर बुझाउनु पर्ने : (१) राष्ट्रिय निकुञ्जभित्र देहायको काम कुरा गरे बापत अनुसूची-१ बमोजिमको दस्तूर बुझाउनु पर्नेछ :-

(क) सवारी साधन चलाएमा,

(ख) क्याम्प गरेमा,

(ग) राष्ट्रिय निकुञ्जको गाइडको सेवा उपलब्ध गरेमा,

(घ) खरखडाई वा वनकस काटेमा ।

(२) उपनियम (१) बमोजिम दस्तूर बुझाउने व्यक्तिलाई अनुसूची-६ बमोजिमको दस्तूर बुझाएको रसिद दिइनेछ ।

२२. सवारी साधन वा वस्तु पक्राउ गरिने : यस नियमावली बमोजिम राष्ट्रिय निकुञ्जभित्र सुविधा दिएको बाटो बाहेक अन्य बाटोबाट कुनै सवारी साधन वा वन्यजन्तु हिँडाएको भेटिएमा संरक्षकले तोकिदिएको दर्जाको राष्ट्रिय निकुञ्जको कर्मचारीले पक्री सम्बन्धित अधिकारी समक्ष कारबाहीका लागि बुझाउनेछ ।

२३. गिरफ्तार गर्न सकिने : (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, रेञ्जर, वन्यजन्तु गार्ड वा राष्ट्रिय निकुञ्जका अन्य कर्मचारीहरुले ऐनको बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारी साधनको खानतलासी गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारी साधनको खानतलासी गर्न सकिनेछ ।

२४. दुर्घटना वा मृत्यु भएमा सूचना गर्नुपर्ने : राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्तिको दुर्घटना वा मृत्यु भएमा त्यस्तो व्यक्तिको साथमा गएका अन्य व्यक्तिले वा सो दुर्घटना वा मृत्यु भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा राष्ट्रिय निकुञ्जको कार्यालयमा दिनु पर्नेछ ।

२५. सरकारी कामको लागि राष्ट्रिय निकुञ्जभित्र प्रवेशमा छूट : यस नियमावलीमा लेखिएको कुनै कुराले पनि राष्ट्रिय निकुञ्ज वा अन्य कुनै सरकारी कार्यालयका कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारबाही कार्यान्वयन गर्नको लागि राष्ट्रिय निकुञ्जभित्र कुनै पनि समयमा प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२६. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेन्जरलाई हुनेछ :-

(क) नियम ४ विपरीत अनुमति नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गरेमा,
(ख) दुई हजार पाँचसय रुपैयाँसम्म मोल पर्ने वन पैदावार अनियमित ढङ्गबाट हटाएमा, काटेमा वा झिकेमा,
(ग) घरपालुवा जीवजन्तु वा पंक्षीलाई राष्ट्रिय निकुञ्जभित्र चराएमा वा पानी खुवाएमा,
(घ) छुट्याइएको क्याम्प वा स्थान बाहेक, अन्यत्र रात बसेमा, क्याम्प गरेमा वा आगो बालेमा,
(ङ) नियम ११ विपरीत अनुमति नलिई माछा मारेमा,
(च) नियम १३ को बर्खिलाप कुनै चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु राखेमा वा टाँसेमा,
(छ) नियम १४ को बर्खिलाप कुनै बाजा बजाएमा,
(ज) नियम १५ को बर्खिलाप फोहरमैला गरेमा,
(झ) नियम १७ र १८ को बर्खिलाप हुने गरी सवारी साधन चलाएमा,
(ञ) नियम १९ विपरीत सूर्यास्तदेखि सूर्योदयसम्म अनुमति विना निकुञ्जभित्र प्रवेश गरेमा वा हिँडडुल गरेमा,
तर राजमार्गमा चल्ने सवारी साधनको लागि २४ सै घण्टा खुल्ला रहनेछ ।
(ट) नियम २० विपरीत तोकेको बाटो बाहेक अन्य ठाउँबाट पैदल यात्रा गरे, घर पालुवा जीवजन्तु हिँडाए वा सवारी साधन चलाएमा ।

२७. <u>अधिकार प्रत्यायोजन गर्न सकिने</u> : संरक्षकले आफूले प्राप्त अधिकार मध्ये नियम २६ बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आफू मुनिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. <u>सवारी साधन र पर्यटक संख्यामा नियन्त्रण</u> : राष्ट्रिय निकुञ्जको वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा संरक्षकले त्यस्तो क्षेत्रमा प्रवेश गर्ने सवारी साधनमा प्रतिबन्ध लगाउन र पर्यटक संख्यामा नियन्त्रण गर्न सक्नेछ ।

२९. <u>अनियमित तरिकाबाट सङ्कलन गरेको वन पैदावार लिलाम बिक्री गर्ने</u> : (१) कसैले राष्ट्रिय निकुञ्जभित्र गैरकानूनी तरिकाले सङ्कलन गरेको वन

पैदावारलाई संरक्षकले वा निजले खटाएको राष्ट्रिय निकुञ्जको अन्य कुनै कर्मचारीले त्यस्तो वन पैदावारको बिगो कायम गरी लिलाम बिक्री गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा अपनाउनु पर्ने कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

३०. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने : नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

---

द्रष्टव्य : (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधन भएका शब्दहरु "शाही बर्दिया राष्ट्रिय निकुञ्ज" को सट्टा "बर्दिया राष्ट्रिय निकुञ्ज" ।

## ⌛अनुसूची-१

(नियम ४, ११ र २१ सँग सम्बन्धित)

<u>दस्तुर</u>

| क.सं. | विवरण | दस्तुर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क मुलुकका नागरिक | अन्य विदेशी नागरिक |
| (क) | राष्ट्रिय निकुञ्जको प्रवेश दस्तुर (प्रति व्यक्ति प्रति दिन)<br>(१० वर्ष मुनिका बालबालिकालाई प्रवेश दस्तुर लाग्ने छैन ।) | ५०।- | ५००।- | १,०००।- |
| (ख) | माछा मार्ने दस्तुर (बल्छीले मात्र, प्रति व्यक्ति प्रति दिनको लागि)<br>(परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय बोटे, दराई, कुमाल, थारु जातिका मानिसहरुलाई वार्षिक शुल्क रु. १००।- तिरी माछा मार्न पाउने छन् ।) | १००।- | १,०००।- | २,०००।- |
| (ग) | क्याम्पिङ (बास बस्ने) दस्तुर (प्रति व्यक्ति प्रत्येक रातको लागि) | १००।- | ५००।- | १,०००।- |
| (घ) | निकुञ्जको नदी नालामा पर्यटक घुमाउन डुङ्गा वा ऱ्याफ्टीङ चलाए वापत लाग्ने दस्तुर | | | |
| | (१) डुङ्गा (प्रति व्यक्ति प्रति ट्रिप) | १००।- | ७५०।- | १,०००।- |
| | (२) ऱ्याफ्टीङ (प्रति व्यक्ति प्रति ट्रिप) | १००।- | १,०००।- | २,०००।- |
| (ङ) | तालीम प्राप्त पञ्जीकृत गाइडले निकुञ्जभित्र गाइड सेवा उपलब्ध गराए बापत प्रति गाइड प्रति वर्ष गाइड शुल्क | १,०००।- | | |
| (च) | सवारी साधन दस्तूर (प्रति सवारी प्रति पटक) | | | |
| | (१) राजमार्ग बाहेक सुविधा प्राप्त बाटोको लागि : | | | |
| | (क) कार, जीप, ट्रक, बस, ट्रयाक्टर, लरी (५ टन सम्म) को लागि | ५०।- | | |

⌛ मिति २०६९।३।४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

| | | |
|---|---|---|
| | (ख) मोटर साइकल, बयलगाडा र टाँगाको लागि | १०।- |
| | (२) व्यावसायिक जङ्गल ड्राइभ | |
| | कार | १,०००।- |
| | जीप | २,०००।- |
| | भ्यान | २,५००।- |
| | (३) सुविधा प्राप्त बाटो बाहेक अन्य बाटोको लागि<br>मोटर इन्जिन जडान भएको सवारी साधनको लागि | ३००।- |
| | (४) हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि | ५,०००।- |
| (छ) | खर खडाई, वनकस दस्तुर (प्रति पूर्जी) | २५।- |

<u>द्रष्टव्य</u> :

(क) रीत पूर्वकको प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजाँदा दस्तुर लाग्ने छैन ।

(ग) खर खडाइ पूर्जीको म्याद तीन दिनको हुनेछ ।

(घ) गाइड शुल्क बुझाउने गाइडलाई निकुञ्ज प्रवेश दस्तुर लाग्ने छैन ।

(ङ) व्यावसायिक जङ्गल ड्राइभमा प्रयोग गरिने सवारी साधनमा देहायमा तोकिएको संख्या भन्दा बढी पर्यटक राख्न पाइने छैन :-

(क) कार - ४ जना

(ख) जीप - १० जना

(ग) भ्यान - १५ जना

(च) प्रवेशपत्र वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तुरमा शत प्रतिशत थप दस्तुर लिई प्रवेशको अनुमति दिइनेछ ।

अनुसुची-२

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बर्दिया राष्ट्रिय निकुञ्ज

प्रवेशपत्र

क्र.सं. मिति :-

१. प्रवेशपत्र लिने व्यक्तिको नाम :

२. ठेगाना :

३. राष्ट्रियता :

४. प्रवेशद्वार :

५. प्रवेश गर्ने दस्तूर :

६. प्रवेश गर्ने मिति :

७. प्रवेशपत्र बहाल रहने अवधि :

------------------------

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य :- (१) प्रवेशपत्र हस्तान्तरण गर्न पाइने छैन ।

(२) राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ को पालना गर्नु पर्नेछ ।

अनुसूची-३

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बर्दिया राष्ट्रिय निकुञ्ज

निःशुल्क प्रवेशपत्र

क्र.सं. मिति :-

१. प्रवेशपत्र लिने व्यक्ति वा संस्थाको नाम :

२. ठेगाना :

३. प्रवेश गर्ने व्यक्तिको संख्या :

४. प्रवेशद्वार :

५. प्रवेश गर्ने उद्देश्य :

६. प्रवेशपत्र बहाल रहने अवधि :

-------------

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्यः- (१) यो प्रवेशपत्र हस्तान्तरण गर्न पाइने छैन ।

(२) राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ को पालना गर्नु पर्नेछ ।

अनुसूची-४

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बर्दिया राष्ट्रिय निकुञ्ज

माछा मार्ने अनुमतिपत्र

क्र.सं. मिति :-

१. अनुमतिपत्र लिने व्यक्तिको नाम :

२. ठेगाना :

३. नागरिकता :

४. माछा मार्न पाइने नदी खोला वा पोखरीको नाम वा
त्यसको खण्ड वा हिस्साको विवरण :

५. माछा मार्ने दस्तूर :

६. अनुमतिपत्र बहाल रहने अवधि :

--------------------

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य :- यो अनुमति प्राप्त गर्ने व्यक्तिले संरक्षकले तोकेको शर्तको अधीनमा रही माछा मार्नु पर्नेछ ।

## अनुसूची-५

(नियम २० सँग सम्बन्धित)

घर पालुवा जीवजन्तु, सवारी साधन र पैदल यात्रुको लागि बाटोहरु

१. बबईदेखि सैनावारसम्मको राजमार्ग ।

२. अम्रेनीदेखि कर्णाली पुलसम्मको राजमार्ग ।

३. अम्रेनी दानुवाताल हुँदै तेलपानीसम्म ।

४. राँझागाउँबाट आउने बाटोको किनारा च्यामा खोलादेखि निकुञ्जको वनपथ हुँदै चिसापानी करेली खोलासम्म ।

अनुसूची-६

(नियम २१ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बर्दिया राष्ट्रिय निकुञ्ज

दस्तूर बुझाएको रसिद

क्र.सं. मिति :-

दस्तूर बुझाउनेको नाम, थर :

ठेगाना :

दस्तूर बुझाउने प्रयोजन :

१. सवारी चलाउन

२. क्याम्प गर्न

३. निकुञ्जको गाइड सेवा उपलब्ध गर्न

४. खरखडाई वा वनकस काट्न

--------------------

दस्तूर बुझिलिनेको दस्तखत

द्रष्टव्य :- यो रसिद दस्तूर बुझाउने व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र रहँदा साथमा राख्नु पर्नेछ ।

# संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५३।८।१७

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले नेपाल सरकारको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(ग) "संरक्षण क्षेत्र" भन्नाले ऐनको दफा ३ बमोजिम नेपाल सरकारले घोषणा गरेको संरक्षण क्षेत्र सम्झनु पर्छ ।

(घ) "संस्था" भन्नाले ऐनको दफा १६ख. बमोजिम नेपाल सरकारले कुनै संरक्षण क्षेत्रको व्यवस्थापनको लागि सुम्पिएको संस्था सम्झनु पर्छ ।

(ङ) "प्रधान कार्यालय" भन्नाले नियम ४ बमोजिम स्थापित संरक्षण क्षेत्रको प्रधान कार्यालय सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले नियम ४ को उपनियम (२) बमोजिम नियुक्त भएको प्रधान कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(छ) "कार्यालय" भन्नाले नियम ६ बमोजिम स्थापित इलाका संरक्षण कार्यालय सम्झनु पर्छ ।

(ज) "संरक्षण अधिकृत" भन्नाले नियम ६ को उपनियम (२) बमोजिम नियुक्त भएका कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले नियम ८ बमोजिम गठित संरक्षण क्षेत्र व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) "व्यवस्थापन कार्ययोजना" भन्नाले नियम १५ बमोजिम स्वीकृत व्यवस्थापन कार्ययोजना सम्झनु पर्छ ।

## परिच्छेद-२

## संरक्षण क्षेत्रको सिमाना र व्यवस्थापन

३. संरक्षण क्षेत्रको सिमाना : संरक्षण क्षेत्रको सिमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ ।

४. संरक्षण क्षेत्र प्रधान कार्यालयको स्थापना तथा प्रमुखको नियुक्ति : (१) संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको निमित्त संस्थाद्वारा संरक्षण क्षेत्रको प्रधान कार्यालयको स्थापना गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको प्रधान कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी संस्थाले एक प्रमुख नियुक्त गर्नेछ ।

(३) प्रमुखको पदावधि संस्थाले तोकिदिए बमोजिम हुनेछ ।

५. संरक्षण क्षेत्रको इलाका विभाजन : संस्थाले संरक्षण क्षेत्रको व्यवस्थापनको लागि प्राकृतिक सिमानाको आधारमा संरक्षण क्षेत्रलाई आवश्यकतानुसार विभिन्न संरक्षण इलाकाहरुमा विभाजन गर्नेछ ।

६. इलाका संरक्षण कार्यालयको स्थापना : (१) नियम ५ बमोजिम विभाजित प्रत्येक इलाकामा संस्थाले एउटा ईलाका संरक्षण कार्यालयको स्थापना गर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापित इलाका संरक्षण कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी संस्थाले एक संरक्षण अधिकृत नियुक्त गर्नेछ ।

७. अन्य कार्यालयहरु खोल्न सक्ने : संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि संस्थाले आवश्यक देखेमा अन्य कार्यालयहरु खोल्न सक्नेछ र त्यस्ता कार्यालयहरुको काम, कर्तव्य र अधिकार संस्थाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## संरक्षण क्षेत्र व्यवस्थापन समिति

८. संरक्षण क्षेत्र व्यवस्थापन समितिको गठन : (१) संरक्षण क्षेत्रमा गरिने सामुदायिक विकास सम्बन्धी निर्माण कार्य, सो क्षेत्रको प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक सम्पदाको सन्तुलित उपयोग सम्बन्धी व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नको लागि सम्बन्धित संरक्षण अधिकृतले संरक्षण क्षेत्रभित्रको प्रत्येक गाउँ विकास समितिमा देहाय बमोजिमको एउटा संरक्षण क्षेत्र व्यवस्थापन समितिको गठन गर्नेछ :-

(क) सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष - सदस्य

(ख) स्थानीय उपभोक्ताहरुले आफूमध्ये प्रत्येक वडाबाट एकजनाका दरले छानेका व्यक्तिहरु - सदस्य

(ग) संरक्षण अधिकृतले स्थानीय उपभोक्ताहरु मध्येबाट मनोनयन गरेका पाँचजना व्यक्तिहरु - सदस्य

(२) संरक्षण अधिकृतले सदस्यको मनोनयन गर्दा महिला, पिछडिएको जाति र सामाजिक कार्यकर्ताहरुको प्रतिनिधित्व हुने गरी गर्नेछ ।

(३) समितिका सदस्यहरुले आफू मध्येबाट एकजना अध्यक्ष र एकजना सचिव छान्नेछन् ।

तर पदेन सदस्य अध्यक्ष र सचिव पदमा छनौट हुन सक्ने छैन ।

(४) समितिका पदाधिकारी र सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

९. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो क्षेत्रभित्रका प्राकृतिक वातावरणको संरक्षण, सामुदायिक विकास, प्राकृतिक सम्पदाको विकास तथा त्यसको सन्तुलित व्यवस्थापनको लागि व्यवस्थापन कार्ययोजना बनाई संरक्षण अधिकृत मार्फत प्रमुख समक्ष पेश गर्ने ।

(ख) यस नियमावली बमोजिम माछा मार्ने दस्तूर, वन पैदावार उपभोग दस्तूर, पशु चरिचराउ दस्तूर वा प्राकृतिक स्रोत उपयोग दस्तूर उठाउने साथै अनुमतिपत्र दिने ।

(ग) प्रमुख वा संरक्षण अधिकृतलाई आवश्यक पर्ने विवरण वा तथ्याङ्कहरु उपलब्ध गराउने ।

(घ) आफ्नो क्षेत्रभित्र पहिरो, भू-क्षय जस्ता प्रकोपको रोकथाम, वन पैदावारको संरक्षण, प्राकृतिक स्रोत तथा वन्यजन्तुको संरक्षण, वातावरणीय सफाई तथा उपभोक्ताहरुको सामुदायिक विकासको निमित्त विभिन्न रचनात्मक कृयाकलापहरु संचालन गर्ने ।

(ङ) प्रमुख तथा संरक्षण अधिकृतले समय समयमा दिएको निर्देशनको पालना गर्ने, गराउने ।

१०. समितिका बैठक तथा कार्यविधि : (१) समितिको बैठक दुई महिनाभन्दा बढीको अन्तर नपर्ने गरी वर्षको कम्तीमा छ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा सचिवले बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(४) कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको निर्णय बहुमतबाट गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा अध्यक्षले आवश्यकतानुसार कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

११. उपसमितिहरु गठन गर्न सक्ने : (१) समितिले आफूले गर्नु पर्ने काम सुव्यवस्थित रुपले सञ्चालन गर्न आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन गरिने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१२. समितिको विघटन : (१) देहायको अवस्थामा संरक्षण अधिकृतले कुनै समितिलाई विघटन गर्न सक्नेछ :-

(क) व्यवस्थापन कार्ययोजना विपरित हुने गरी कुनै काम गरेमा,

(ख) नियम ९ बमोजिम पालन गर्नु पर्ने काम, कर्तव्य र अधिकारको पालना नगरेमा वा गर्न नसकेमा,

(ग) ऐन वा यस नियमावली विपरित कुनै काम कारबाही गरेमा,

(घ) समितिले कुनै कारणले आफूलाई सुम्पिएको दायित्व पूरा गर्न सकेको छैन वा स्थानीय उपभोक्ताहरुको हित विपरीत कुनै काम गरेको छ वा उपभोक्ताहरुको हित संरक्षण गर्न सकेको छैन भन्ने कुरामा संरक्षण अधिकृत विश्वस्त भएमा ।

(२) उपनियम (१) बमोजिम कुनै समिति विघटन गर्नु पर्ने भएमा संरक्षण अधिकृतले उक्त समितिलाई सुधारको निमित्त उचित म्याद दिई लिखित रुपमा सचेत गराउन वा निर्देशन दिन सक्नेछ । यसरी संरक्षण अधिकृतले सचेत गराएको वा निर्देशन दिएका कुराहरुको पालना गर्नु त्यस्तो समितिको कर्तव्य हुनेछ । यसरी दिएको निर्देशनको पालना नगरिएमा संरक्षण अधिकृतले त्यस्तो समितिलाई निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै समिति विघटन भएमा संरक्षण अधिकृतले पुन: अर्को समिति गठन गर्नु पर्नेछ ।

## परिच्छेद-४

## संरक्षण क्षेत्रको व्यवस्थापन योजना र कार्यान्वयन

१३. संरक्षण क्षेत्रको संरक्षण तथा विकास कार्यको सञ्चालन : संरक्षण क्षेत्रको संरक्षण तथा विकास कार्यको व्यवस्थापन र सञ्चालन स्वीकृत व्यवस्थापन कार्ययोजना बमोजिम गरिनेछ ।

१४. व्यवस्थापन कार्ययोजना तर्जुमा गर्ने : (१) प्रत्येक समितिले देहायका कुराहरु खुलाई आफ्नो क्षेत्रमा उपयोग गरिने प्राकृतिक श्रोत, वन्यजन्तुको संरक्षण तथा तिनीहरुको उपयोग, सामुदायिक विकास तथा स्थानीय उपभोक्ताहरुको हित अभिवृद्धि सम्बन्धी व्यवस्थापन कार्ययोजना तर्जुमा गरी संरक्षण अधिकृत समक्ष पेश गर्नु पर्नेछ :-

(क) उक्त गाउँ विकास समिति अन्तर्गत पर्ने संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल,

(ख) उक्त गाउँ विकास समिति अन्तर्गतको संरक्षण क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पति तथा यस्तै अन्य प्राकृतिक श्रोत वा वन पैदावारको स्थिति,

(ग) स्थानीय उपभोक्ताहरुको संख्यात्मक विवरण र तिनीहरुलाई आवश्यक पर्ने पैदावार,

(घ) व्यवस्थापन कार्ययोजना अवधिमा गरिने वृक्षारोपण,

(ङ) व्यवस्थापन कार्ययोजना अवधिमा उपभोक्ताहरुको सामुदायिक विकास वा अन्य हित अभिवृद्धि सम्बन्धमा सञ्चालन गरिने विस्तृत कार्यक्रमहरु,

(च) व्यवस्थापन कार्ययोजना अवधिमा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा वन्यजन्तु तथा वनस्पतिको संरक्षण र पर्यटन विकास सम्बन्धमा सञ्चालन गरिने कार्यक्रमको विस्तृत विवरण,

(ङ) व्यवस्थापन कार्ययोजना अवधिमा विभिन्न दस्तूर आदिबाट हुन सक्ने कुल आम्दानी,

(ज) व्यवस्थापन कार्ययोजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने साधन, स्रोत, जनशक्ति तथा रकम ।

(२) व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा पाँच वर्षको अवधिको लागि तर्जुमा गरी उक्त पाँच वर्षभित्रको कुल लक्ष्य र कार्यक्रमहरुलाई वार्षिक रुपमा पूरा गरिने लक्ष्य र कार्यक्रमहरुमा समेत विभाजन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको व्यवस्थापन कार्ययोजना आफ्नो इलाका अन्तर्गतका समितिहरुबाट प्राप्त गरेपछि संरक्षण अधिकृतले ती व्यवस्थापन कार्ययोजनाहरुमा एकरुपता र समन्वय हुने गरी आवश्यक संशोधन गरी प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) इलाका संरक्षण कार्यालयहरु मार्फत समितिहरुको व्यवस्थापन कार्ययोजना प्राप्त भएपछि प्रमुखले ती व्यवस्थापन कार्ययोजनाहरुसँग समन्वय र एकरुपता हुने गरी देहायका कुराहरु खुलाई विस्तृत व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्नेछ :-

(क) संरक्षण क्षेत्रको कुल क्षेत्रफल र सिमाना विस्तारको सम्भावना,

(ख) संरक्षण क्षेत्र अन्तर्गत हाल गरिएको इलाका विभाजन र व्यवस्थापन कार्ययोजना अवधिमा गरिने कुल इलाका विभाजन,

(ग) संरक्षण क्षेत्रभित्र रहेका कुल वन्यजन्तु, वनस्पति तथा यस्तै अन्य प्राकृतिक श्रोत वा वन पैदावारको स्थिति,

(घ) स्थानीय उपभोक्ताहरुको संख्यात्मक विवरण र उनीहरुलाई आवश्यक पर्ने वन पैदावार,

(ङ) व्यवस्थापन कार्ययोजना अवधिमा गरिने वृक्षारोपण,

(च) व्यवस्थापन कार्ययोजना अवधिमा प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन, वन्यजन्तु तथा वनस्पतिको संरक्षण, पर्यटन विकास सम्बन्धमा सञ्चालन गरिने कार्यक्रमहरुको विस्तृत विवरण,

(छ) व्यवस्थापन कार्ययोजना अवधिमा उपभोक्ताहरुको सामुदायिक विकास वा अन्य हित अभिवृद्धि सम्बन्धमा सञ्चालन गरिने कार्यक्रमहरुको विस्तृत विवरण,

(ज) व्यवस्थापन कार्ययोजना अवधिमा विभिन्न दस्तूर आदिबाट हुन सक्ने कुल आम्दानी,

(झ) व्यवस्थापन कार्ययोजनामा उल्लिखित कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत, जनशक्ति तथा रकम,

(ञ) व्यवस्थापन कार्ययोजना अवधिमा प्रधान कार्यालय, इलाका संरक्षण कार्यालय र समितिहरु मार्फत व्यवस्थापन कार्ययोजना बमोजिम गरिने कार्यगत खर्च र प्रशासनिक खर्चको विवरण ।

(५) व्यवस्थापन कार्ययोजना तयार गर्दा पाँच वर्षको अवधिको लागि तयार गरी उक्त अवधिभित्रको कुल लक्ष्य र कार्यक्रमहरुलाई वार्षिक रुपमा पूरा गरिने लक्ष्य र कार्यक्रमहरुमा समेत विभाजन गर्नु पर्नेछ ।

१५. व्यवस्थापन कार्ययोजना स्वीकृत गर्ने : (१) नियम १४ बमोजिम व्यवस्थापन कार्ययोजना तयार गरिसकेपछि संरक्षण अधिकृतहरुसँग आवश्यक परामर्श र समन्वय गरी प्रमुखले अन्तिम स्वीकृतिको निमित्त संस्था समक्ष पेश गर्नेछ र संस्थाले त्यस्तो व्यवस्थापन कार्ययोजना स्वीकृत गर्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यवस्थापन कार्ययोजना स्वीकृत गर्दा संस्थाले समितिहरुले आर्जन गरेको रकमको कम्तीमा तीस प्रतिशत रकम स्थानीय उपभोक्ताहरुको सामुदायिक विकास सम्बन्धी कार्यक्रमहरुमा खर्च गर्न पाउने गरी स्वीकृत गर्नेछ ।

## परिच्छेद-५

## संरक्षण क्षेत्रभित्र निषेधित कार्यहरु

१६. संरक्षण क्षेत्रभित्र निषेधित कार्यहरु : (१) प्रमुखबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रभित्र देहायका कामहरु गर्न पाउने छैन :-

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, वनपैदावार नास हुने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(ग) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कंक्रिट, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(घ) वन्यजन्तु, पंक्षी वा सार्वजनिक जग्गालाई क्षति पुऱ्याउन,

(ङ) हातहतियार, खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(च) संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोतमा विद्युतीय करेण्ट प्रयोग गर्न,

(छ) संरक्षण क्षेत्रमा हेलिकोप्टर वा अन्य यस्तै वायुयान अवतरण गर्न, त्यसबाट मानिस वा कुनै वस्तु अवतरण गराउन वा खसाउन ।

(२) प्रमुखले उपनियम (१) मा निषेध गरिएका कामहरु मध्ये केही कामहरु संरक्षण क्षेत्रभित्रको कुनै इलाका वा खण्डहरुमा निषेध नहुने गरी छूट दिन सक्नेछ ।

१७. निषेध गर्न सक्ने : (१) संरक्षण क्षेत्रभित्र वा बाहिरबाट भइरहेको वा हुन लागेको कुनै काम कारबाहीबाट संरक्षण क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने सम्भावना भएमा प्रमुखले वा संरक्षण अधिकृतले सम्बन्धित व्यक्तिलाई तत्काल त्यस्तो काम कारबाही रोक्न वा त्यसमा सुधार गर्ने आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आदेश दिँदा प्रमुख वा संरक्षण अधिकृतले त्यस्तो आदेश दिनु परेको कारण र गर्नु पर्ने सुधार स्पष्ट रुपले खुलाएको हुनु पर्नेछ ।

१८. क्षति पुऱ्याउन नहुने : कसैले पनि संरक्षण क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, घर, कार्यालय भवन, तारबार, चिन्ह, सङ्केत वा अन्य कुनै चिज, वस्तुलाई कुनै प्रकारले क्षति पुऱ्याउन पाइने छैन ।

१९. प्रवेशपत्र र अनुमतिपत्र लिनु पर्ने : (१) विदेशी नागरिकले संरक्षण क्षेत्रभित्र प्रवेश गर्न चाहेमा प्रधान कार्यालय वा प्रधान कार्यालयले तोकेको कार्यालयमा अनुसूची-१ बमोजिमको दस्तूर तिरी अनुसूची-२ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रवेशपत्र एक पटकको प्रवेशको लागि मात्र मान्य हुनेछ ।

(३) संरक्षण क्षेत्रभित्र माछा मार्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर तिरी अनुसूची-३ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ ।

(४) कसैले संरक्षण क्षेत्रभित्र कुनै सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन चाहेमा प्रधान कार्यालय वा प्रधान कार्यालयले तोकेको

कार्यालयमा अनुसूची-१ बमोजिमको दस्तूर तिरी अनुसूची-४ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ ।

(५) संस्थाले मनासिब देखेमा कुनै व्यक्ति, संस्था वा निकायको हकमा यस नियमावली बमोजिम लाग्ने कुनै दस्तूर मिनाहा दिन सक्नेछ ।

२०. पूर्व स्वीकृति लिनु पर्ने : कुनै व्यक्तिले संरक्षण क्षेत्रभित्र वैज्ञानिक अनुसन्धान सम्बन्धी काम गर्न चाहेमा प्रमुखको स्वीकृति लिएर गर्न सक्नेछ । प्रमुखले स्वीकृति दिँदा कुनै शर्त राखी वा नराखी अनुसन्धान गर्ने विषय र समय खुलाएर मात्र स्वीकृति दिनु पर्नेछ ।

२१. अनुमतिपत्र लिनु पर्ने : (१) कुनै व्यक्तिले संरक्षण क्षेत्रभित्रको सरकारी स्वामित्वको जग्गामा व्यावसायिक वा अन्य कुनै काम गर्दा प्राकृतिक श्रोत प्रयोग गरी वा सो क्षेत्रको प्राकृतिक श्रोतमा असर पर्ने गरी निजी स्वामित्वको जग्गामा व्यावसायिक काम शुरु गर्नु भन्दा पहिले प्रमुखले तोकिदिएको दस्तूर तिरी प्रमुखबाट अनुसूची-५ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रमुखले अनुमतिपत्र दिँदा आवश्यक शर्तहरु तोक्न सक्नेछ र ती शर्तहरुको पालना नगरेमा वा गर्न नसकेमा प्रमुखले उक्त अनुमतिपत्र रद्द गरी काम बन्द गर्ने आदेश दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको कुनै काम गर्ने अनुमतिपत्र दिँदा स्थानीय उपभोक्ताहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

२२. संरक्षण क्षेत्रभित्र सेवा व्यवसाय सञ्चालन गर्ने : (१) कुनै व्यक्तिले संस्थासँग करार गरेर संरक्षण क्षेत्रभित्रको कुनै जग्गामा होटेल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा व्यवसाय सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको करार गर्नु पूर्व संस्थाले सम्बन्धित समिति र संरक्षण अधिकृतसँग परामर्श लिन सक्नेछ ।

२३. संरक्षण क्षेत्रमा आवागमनको सुविधा : संरक्षण क्षेत्रभित्र सर्वसाधारणले साविकदेखि प्रयोग गर्दै आएको आवागमनको सुविधाको लागि प्रमुखले मानिस, घरपालुवा जनावर तथा ढुवानी साधनको निमित्त चिन्ह लगाई बाटो तोकिदिन सक्नेछ । त्यसरी बाटो तोक्दा संरक्षण क्षेत्रभित्रको वातावरण प्रदूषण हुने गरी कुनै सवारी साधन चलाउन वा आवागमनको सुविधा प्रयोग गर्न निषेध गर्न सक्नेछ ।

२४. संस्था वा नेपाल सरकार जिम्मेवार नहुने : प्रवेशपत्र लिई संरक्षण क्षेत्रभित्र प्रवेश गर्ने विदेशी नागरिकलाई कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्युको लागि नेपाल सरकार वा संस्था जिम्मेवार हुनेछैन ।

२५. प्राकृतिक श्रोतको उपयोग वा परिचालन बापत दस्तूर बुझाउनु पर्ने : (१) संरक्षण क्षेत्रभित्रबाट दैनिक उपभोगका लागि आवश्यक पर्ने वन पैदावार उपभोग गर्दा, जनावर चरिचराउको लागि वा अन्य प्राकृतिक श्रोतको उपयोग गर्दा लाग्ने दस्तूर समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) समितिले दस्तूर निर्धारण गर्दा प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको दस्तूर बुझाउने व्यक्तिलाई समितिले अनुसूची-६ बमोजिमको अनुमतिपत्र दिनेछ ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

२६. समितिले गरेको आम्दानी संस्थाको हुने : (१) समितिले यस नियमावली बमोजिम उठाएको सम्पूर्ण दस्तूर संस्थाको हुनेछ ।

(२) समितिले आफूले आर्जन गरेको सम्पूर्ण रकम संस्थाको नाममा जम्मा गर्नु पर्नेछ ।

(३) स्वीकृत व्यवस्थापन कार्ययोजना बमोजिम सञ्चालन हुने बिभिन्न कार्यक्रम तथा प्रशासनिक खर्चको लागि संस्थाले समितिलाई आवश्यकतानुसार रकम उपलब्ध गराउनु पर्नेछ र समितिले उक्त रकम आफूलाई पायक पर्ने बैंकमा जम्मा गर्नु पर्नेछ ।

२७. पारिश्रमिक : समितिको सचिवले प्रमुखले तोकिदिए बमोजिमको पारिश्रमिक पाउनेछ ।

२८. समितिको लेखा र लेखा परीक्षण : (१) समितिको लेखा संस्थाले तोके बमोजिम राख्नु पर्नेछ र त्यस्तो लेखा राख्ने दायित्व सचिवको हुनेछ ।

(२) प्रमुख वा संरक्षण अधिकृतले समितिको काम कारबाही, लेखा तथा अन्य सम्बन्धित कागजातहरु जुनसुकै बखत हेर्न वा निरीक्षण गर्न सक्नेछ ।

(३) समितिको आम्दानी खर्चको वार्षिक लेखापरीक्षण संस्थाले नियुक्त गरेको दर्तावाला लेखा परीक्षकबाट हुनेछ ।

(४) उपनियम (२) बमोजिमको निरीक्षण गर्दा वा उपनियम (३) बमोजिम लेखा परीक्षण गर्दा कसैले लापरबाही वा बदनियत साथ रकम हिनामिना गरेको पाइएमा संस्थाले निजले त्यसरी हिनामिना गरेको रकम वा संस्थालाई पुऱ्याएको हानी नोक्सानीको रकम सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

२९. बैंक खाताको सञ्चालन : समितिको बैंक खाताको सञ्चालन अध्यक्ष र सचिव तथा अध्यक्षको अनुपस्थितिमा एकजना सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

३०. आम्दानी तथा खर्चको विवरण : (१) समितिले गरेको आम्दानी तथा खर्चको मासिक तथा वार्षिक विवरण नियमित रुपले संरक्षण अधिकृतलाई पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिहरुबाट प्राप्त विवरणको आधारमा संरक्षण अधिकृतले सबै कार्यालयको छुट्टाछुट्टै र एकमुष्ट रुपमा देखिने गरी आम्दानी खर्चको विवरण खुलाई प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-७
## विविध

३१. सम्पर्क अधिकारी : संस्था र नेपाल सरकारबिच सम्पर्क स्थापना गर्नको लागि विभागले कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत कर्मचारीलाई सम्पर्क अधिकारी तोक्नेछ ।

३२. वारेन्ट जारी गर्ने अधिकार : ऐनको दफा २३ बमोजिम वारेन्ट जारी गर्ने अधिकार विभागले तोकेको कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई हुनेछ ।

३३. निरीक्षण, खानतलासी तथा गिरफ्तार गर्ने अधिकार : ऐनको दफा २३ को प्रयोजनको लागि यस नियमावली विरुद्ध काम कारबाही भएको कुराको निरीक्षण, खानतलासी तथा गिरफ्तार गर्ने अधिकार विभागले तोकेको कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीको कर्मचारीलाई हुनेछ ।

३४. मुद्दा हेर्ने अधिकार : ऐनको दफा ३१ बमोजिमको मुद्दा हेर्ने अधिकार नियम ३१ बमोजिमको सम्पर्क अधिकारीलाई हुनेछ ।

३५. कारबाहीको निमित्त अनुरोध गर्न सक्ने : कसैले ऐन वा यस नियमावली बिपरीत निषेधित कार्य गरेकोले निज उपर ऐन वा यस नियमावली बमोजिम कारबाही गर्न आवश्यक छ भनी सम्बन्धित समिति वा संरक्षण अधिकृत वा प्रमुखले मुद्दाको तहकिकात गर्ने वा मुद्दा दायर गर्ने अधिकारीलाई लिखित अनुरोध गर्न सक्नेछ ।

३६. निर्देशन दिन सक्ने : (१) नेपाल सरकारले सोझै वा सम्पर्क अधिकारी मार्फत संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

(२) प्रमुखले संरक्षण अधिकृत वा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संरक्षण अधिकृत वा समितिको कर्तव्य हुनेछ ।

३७. विवरण उपलब्ध गराउनु पर्ने : प्रमुखले आवश्यक देखेको कुनै विषयमा संरक्षण अधिकृत वा समितिसँग कुनै विवरण माग गर्न सक्नेछ र त्यस्तो विवरण उपलब्ध गराउनु संरक्षण अधिकृत वा समितिको कर्तव्य हुनेछ ।

३८. अधिकार प्रत्यायोजन : (१) संस्थाले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुखले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार संरक्षण अधिकृत वा समितिको अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. सहमति लिनु पर्ने : संरक्षण क्षेत्रभित्रको जलस्रोतको उपयोग गर्ने सम्बन्धमा कारबाही गर्नु पूर्व वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिनु पर्नेछ ।

४०. निर्देशिका बनाउन सक्ने : संस्थाले संरक्षण क्षेत्रको व्यवस्थापन र विकासको लागि आवश्यक निर्देशिका तयार गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत गराई संरक्षण क्षेत्रमा लागू गर्न सक्नेछ ।

४१. अनुसूचीमा हेरफेर वा थपघट गर्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४२. यस नियमावली बमोजिम हुने : यस नियमावलीमा उल्लेख भएका कुरामा यसै नियमावली बमोजिम, जलस्रोत सम्बन्धी कुरामा जलस्रोत नियमावली, २०५० बमोजिम, संरक्षण क्षेत्रभित्र शिकार गर्ने कुरामा राष्ट्रिय निकुञ्ज तथा संरक्षण नियमावली, २०३० बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

---

द्रष्टव्य : १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२. "गाउँ विकास समितिको" को सट्टा "गाउँपालिका" कायम भएको तर नियमावलीमा संशोधन हुन बाँकी ।

## [♦]अनुसूची-१

(नियम १९ सँग सम्बन्धित)

दस्तूर

(क) संरक्षण क्षेत्रको प्रवेश दस्तूर (प्रतिव्यक्ति प्रत्येक प्रवेशको लागि) :

| | |
|---|---|
| नेपाली नागरिकलाई | नि:शुल्क |
| सार्क मुलुकका नागरिकलाई | रु. २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. २,०००।- |

द्रष्टव्य : दश वर्षभन्दा मुनिका केटाकेटीलाई दस्तूर लाग्ने छैन ।

(ख) माछा मार्ने दस्तूर :

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु. ५०।- |
| सार्क मुलुकका नागरिकलाई | रु. २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. ५००।- |

(ग) सवारी दस्तूर :

१. राजमार्ग बाहेक सुविधा प्राप्त बाटोको लागि :-

| | | |
|---|---|---|
| (क) | कार, जीप, बस, ट्रयाक्टर, लरी वा ५ टनसम्म ट्रकको लागि | रु. ५०।- |
| (ख) | मोटरसाइकल र टाँगाको लागि | रु. १०।- |
| (ग) | हेलिकोप्टर अवतरण (प्रति पटक) | रु. २,०००।- |

२. संरक्षण क्षेत्रको अन्य पथको लागि :-

| | | |
|---|---|---|
| (क) | मोटर इन्जिन जडान भएको कुनै पनि सवारी साधनको लागि | रु. २००।- |

---

♦ मिति २०५७।३।१९ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।

(ख) पर्यटक घुमाउने व्यवसायिक (जङ्गल ड्राइभ)

सवारी साधनको लागि रु. १,०००।-

(ग) ग्लाइडर (इन्जिन जडान भएको वा नभएको) रु. ५००।-

(घ) ✂.....................

⌛(ङ) सिनेमा (डकुमेन्ट्री फिल्म) छायाङ्कन दस्तुर :-

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु ५,०००।- |
| सार्क मुलुकभित्रका नागरिकलाई | रु २५,०००।- |
| अन्य राष्ट्रका नागरिकलाई | यू.एस. डलर १,०००.०० बराबरको नेपाली रुपैयाँ |

द्रष्टव्य : छायाङ्कन टोलीका साथ विभागले एकजना सम्पर्क अधिकारी खटाउनेछ ।

द्रष्टव्य : संस्थाले तोकेको कार्यालयबाट सम्बन्धित क्षेत्रमा प्रवेशपत्र वा अनुमतिपत्र नलिई प्रवेश वा कुनै काम गरेमा तोकिएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशपत्र वा अनुमति दिइनेछ ।

---

✂ मिति २०५९।२।२७ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।

⌛ मिति २०६४।१।३१ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थपिएको ।

अनुसूची-२

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

................ संरक्षण क्षेत्र

........................ संरक्षण कार्यालय

<u>प्रवेशपत्र</u>

प्रवेशपत्र नं. मिति :-

१. प्रवेशपत्र लिनेको नाम, थर :

२. उमेर :

३. नागरिकता :

४. प्रवेश गर्न चाहेको कारण :

५. प्रवेश शुल्क :

<u>प्रवेशपत्र दिने अधिकारीको</u>

दस्तखत :

नाम, थर :

दर्जा :

<u>द्रष्टव्य</u> :-

१. यो प्रवेशपत्र एक पटक प्रवेशका लागि मात्र मान्य हुनेछ । यसबाट संरक्षण क्षेत्रभित्र तोकेको क्षेत्रमा मात्र प्रवेश गर्न पाइनेछ ।

२. संरक्षण क्षेत्रभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सो अन्तर्गत बनेको नियमहरुको पालना गर्नु पर्नेछ ।

३. यस प्रवेशपत्रलाई आफ्नो साथमा राख्नु पर्नेछ र संरक्षण क्षेत्रको सम्बन्धित कर्मचारीले हेर्न चाहेमा देखाउनु पर्नेछ ।

अनुसूची-३

(नियम १९ को उपनियम (३) सँग सम्बन्धित)

................... संरक्षण क्षेत्र

...................... संरक्षण कार्यालय

.................... समिति

माछा मार्ने अनुमतिपत्र

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम, थर :....................................

२. अनुमतिपत्र प्राप्त व्यक्तिको ठेगाना :

(क) स्थायी ....................................

(ख) अस्थायी ................................

३. अनुमतिपत्र प्राप्त व्यक्तिको नागरिकता ..............................

४. माछा मार्न पाइने खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा हिस्साको विवरण .................................................

५. अनुमति बहाल रहने दिन वा अवधि ......................

६. अनुमतिपत्र बापत बुझाएको दस्तूर .................

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको

दस्तखत : .................

नाम, थर ................

दर्जा .......................

मिति ........................

अनुसूची-४

(नियम १९ को उपनियम (४) सँग सम्बन्धित)

...................... संरक्षण क्षेत्र

........................ संरक्षण कार्यालय

<u>सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्ने अनुमतिपत्र</u>

१. सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन चाहने व्यक्ति/संस्थाको नाम :

२. अनुमति प्राप्त गर्नेको ठेगाना र नागरिकता :

३. सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन दिएको क्षेत्रको चार किल्ला :

४. सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन दिएको अवधि र दस्तूर :

५. अनुमतिपत्र बुझिलिनेको दस्तखत :

नाम, थर :

उमेर :

नागरिकता :

ठेगाना : स्थायी :

अस्थायी :

<u>अनुमतिपत्र दिने अधिकारीको</u>

दस्तखत :

नाम, थर :

दर्जा :

मिति :

अनुसूची-५

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

........................... संरक्षण क्षेत्र

................... संरक्षण कार्यालय

व्यावसायिक वा अन्य कार्य गर्ने अनुमतिपत्र

१. अनुमतिपत्र लिन चाहने व्यक्तिको नाम, थर, वतन र नागरिकता :

२. अनुमतिपत्र दिएको जग्गाको चार किल्ला र क्षेत्रफल :

३. अनुमतिपत्र दिएको प्रयोजन :

४. अनुमतिपत्र मान्य हुने अवधि :

अनुमतिपत्र दिने अधिकारीको,-

दस्तखत :

नाम, थर :

दर्जा :

मिति :

अनुसूची-६

(नियम २५ को उपनियम (३) सँग सम्बन्धित)

.................... संरक्षण क्षेत्र

................... संरक्षण कार्यालय

........................... समिति

<u>वन पैदावार/जनावर चरिचराउ/प्राकृतिक श्रोतको उपयोग अनुमतिपत्र</u>

१. अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिको नाम, थर :

२. अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिको ठेगाना :

३. अनुमतिपत्र बहाल रहने अवधि :

४. अनुमतिपत्र लागू हुने क्षेत्र :

५. वन पैदावारको किसिम र परिमाण :

६. अनुमति दिएका जनावरको किसिम, संख्या र अवधि :

७. अन्य :

<u>अनुमतिपत्र दिने अधिकारीको</u>,-

दस्तखत :

नाम, थर :

दर्जा :

मिति :

# वातावरण संरक्षण नियमावली, २०५४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५४।३।१२

संशोधन

| | |
|---|---|
| १. वातावरण संरक्षण (पहिलो संशोधन) नियमावली, २०५५ | २०५५।१२।२२ |
| २. वातावरण संरक्षण (दोस्रो संशोधन) नियमावली, २०६९ | २०६९।१२।२६ |
| ३. वातावरण संरक्षण (तेस्रो संशोधन) नियमावली, २०७० | २०७०।१।३० |
| ४. वातावरण संरक्षण (चौथो संशोधन) नियमावली, २०७२ | २०७३।१।१३ |
| ५. वातावरण संरक्षण (पाँचौं संशोधन) नियमावली, २०७२ | २०७३।१०।१७ |

वातावरण संरक्षण ऐन, २०५३ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "वातावरण संरक्षण नियमावली, २०५४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले "वातावरण संरक्षण ऐन, २०५३" सम्झनुपर्छ ।

(ख) "सम्बन्धित निकाय" भन्नाले ऐन वा यस नियमावलीमा उल्लिखित कामसँग सम्बन्धित नेपाल सरकारको कुनै मन्त्रालय सम्झनुपर्छ ।

(ग) "क्षेत्र" भन्नाले ⏭............ वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि नियम ४ बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनुपर्छ ।

(घ) "प्रतिवेदन" भन्नाले प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनुपर्छ ।

(ङ) "कार्यसूची" भन्नाले प्रतिवेदन तयार गर्नको लागि नियम ५ बमोजिम स्वीकृत कार्यसूची सम्झनुपर्छ ।

(च) "उद्योग" भन्नाले अनुसूची-७ मा तोकिए बमोजिमका उद्योग सम्झनुपर्छ ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

(छ) ⏭............

(ज) "निरीक्षक" भन्नाले ऐनको दफा ८ को उपदफा (१) बमोजिम नियुक्त वा तोकिएको वातावरण निरीक्षक सम्झनुपर्छ ।

❋(ज१) "ब्याट्री" भन्नाले शिसाजन्य पदार्थ (लिड धातु) तथा अम्ल (एसिड) को प्रयोग गरी बनाइएको विद्युतीय शक्तिको रुपमा रहेको लिड एसिड ब्याट्री सम्झनुपर्छ ।

❋(ज२) "ब्याट्री व्यवसायी" भन्नाले ब्याट्रीको उत्पादन, मर्मत, पुन: प्रशोधन, आयात, डिलर वा संकलक सम्झनु पर्छ र सो शव्दले ब्याट्रीको खुद्रा बिक्रेताको रुपमा कार्य गर्ने व्यक्ति वा संस्था समेतलाई जनाउँछ ।

(झ) "पञ्जिका" भन्नाले ऐनको दफा ९ को उपदफा (२) बमोजिम सम्बन्धित निकायले तयार गरेको पञ्जिका सम्झनुपर्छ ।

(ञ) "प्रयोगशाला" भन्नाले ऐनको दफा ११ बमोजिम स्थापना गरिएको वा तोकिएको प्रयोगशाला सम्झनुपर्छ ।

(ट) "कोष" भन्नाले ऐनको दफा १३ बमोजिम स्थापना गरिएको वातावरण संरक्षण कोष सम्झनु पर्छ ।

(ठ) "सञ्चालक समिति" भन्नाले नियम ३९ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(ड) "क्षतिपूर्ति" भन्नाले नियम ४५ बमोजिम निर्धारण गरिएको क्षतिपूर्ति सम्झनुपर्छ ।

## परिच्छेद-२

## प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन

✱३. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने : प्रस्तावकले अनुसूची-१ मा उल्लेख भएका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

✱४. वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण (स्कोपिङ्ग) गर्नु पर्ने : (१) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिका तथा त्यस क्षेत्रका

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।
❋ दोस्रो संशोधनद्वारा थप ।
✱ पहिलो संशोधनद्वारा संशोधित ।

विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव दिनको लागि पन्ध्र दिनको अवधि तोकी राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्बन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ । यसरी राय सुझाव दिनेले त्यसको जानकारी सम्बन्धित निकायलाई समेत दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गरी प्रस्तावकले सो प्रस्तावको कार्यान्वयनबाट वातावरणको के कस्तो क्षेत्रमा कस्तो प्रभाव पर्दछ सो उल्लेख गरी क्षेत्र निर्धारणको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित निकायले निवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी क्षेत्र निर्धारण सम्बन्धमा आफ्नो राय सहित सो निवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम क्षेत्र निर्धारणको लागि कुनै निवेदन प्राप्त भएमा मन्त्रालयले सो निवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी प्रस्तावित वा संशोधित रुपमा क्षेत्र निर्धारण गरी दिनु पर्नेछ ।

*५. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि कार्यसूची स्वीकृत गर्नु पर्ने : (१) प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको प्रतिवेदनको लागि अनुसूची-३ बमोजिमको ढाँचामा कार्यसूची बनाई सो कार्यसूची सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको प्रतिवेदनको लागि नियम ४ बमोजिम मन्त्रालयले निर्धारण गरेको क्षेत्र समेतको आधारमा अनुसूची-४ बमोजिमको ढाँचामा कार्यसूची बनाई सो कार्यसूची मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

तर कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको प्रतिवेदन तयारीको लागि नियम ४ बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची बनाई सम्बन्धित निकायको राय सहित मन्त्रालयमा एकै पटक पठाएमा मन्त्रालयले एकै पटक क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गरी दिन सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

ᴙ(२क) कुनै प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भएमा प्रस्तावकले क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गराउने प्रक्रिया बाहेक यस नियमावली बमोजिमको अन्य सबै प्रक्रिया पूरा गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस नियमावलीको प्रयोजनको लागि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन भन्नाले एकपटक स्वीकृत भई सकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन वा स्वरुप परिमार्जन गर्ने, संरचना स्थानान्तरण वा फेरबदल गर्ने, वन क्षेत्र वा आयोजनाको क्षमता थप गर्नको लागि पेश भएको प्रस्ताव उपर पुन: गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(३) उपनियम (१) र (२) बमोजिम कार्यसूची स्वीकृत गर्दा प्रस्तावको प्रकृति अनुसार सम्बन्धित निकाय वा मन्त्रालयले त्यस्तो कार्यसूचीलाई आवश्यकता अनुसार सामान्य हेरफेर वा परिमार्जन गर्न सक्नेछ ।

*६. पुन: कारबाही गर्नु पर्ने : प्रस्तावकले यस नियमावली बमोजिम प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार गरेकोमा ऐनको दफा ६ को उपदफा (२) बमोजिम सो प्रस्ताव साथ प्राप्त प्रतिवेदन जाँचबुझ गर्दा प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन समेत गर्नु पर्ने गरी सम्बन्धित निकायले ठहर गरेमा प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न पूरा गर्नुपर्ने यस नियमावली बमोजिमको सबै प्रक्रिया पूरा गर्नु पर्नेछ ।

*७. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि प्रतिवेदन तयार गर्ने : (१) प्रस्तावकले नियम ५ बमोजिम स्वीकृत भएको कार्यसूचीको आधारमा अनुसूची-५ बमोजिमको ढाँचामा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-६ बमोजिमको ढाँचामा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिका तथा जिल्ला विकास समिति वा सरोकार राख्ने व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा पन्ध्र दिन भित्र लिखित राय सुझाव दिनको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका, जिल्ला विकास समितिको कार्यालय, विद्यालय, अस्पताल र स्वास्थ्य केन्द्रमा सूचना टाँस गरी मुचुल्का तयार गर्नेछ र सोही बमोजिमको पन्ध्र दिने सूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा समेत प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना प्रकाशन

---

ᴙ पाँचौ संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

भएपछि सो सम्बन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा सो राय सुझाव समेतलाई प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

तर वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिकाको ईलाकामा एक पटक प्रस्ताव बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ ।

ꙮ(३) कुनै प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत भई सकेको तर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेश भई नसकेको अवस्थामा सो प्रस्तावको कुनै विषयमा परिवर्तन आउने भएमा परिवर्तन हुने विषय र त्यसको प्रभावलाई समेत प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरी पेश गर्नु पर्नेछ ।

🗐८. ... ... ... ...

🗐९. ... ... ... ...

*१०. प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्ने : ऐनको दफा ५ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले नियम ७ बमोजिम तयार भएको प्रतिवेदनको पन्ध्र प्रति र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

ꙮतर प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दा थप प्रभावित हुने क्षेत्रको सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।

११. प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने : (१) नियम १० बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा सम्बन्धित निकायले सो प्रस्ताव साथ संलग्न प्रतिवेदन जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे हुने प्रस्तावको सम्बन्धमा सो प्रस्ताव प्राप्त भएको मितिले *एक्काईस दिन भित्र आफैले स्वीकृति दिनेछ र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको सम्बन्धमा आफ्नो राय र प्रतिवेदनका दश प्रति संलग्न गरी प्रस्ताव प्राप्त भएको *एक्काईस दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

---

ꙮ पाँचौ संशोधनद्वारा थप ।

🗐 पहिलो संशोधनद्वारा खारेज ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव प्राप्त भएमा सो प्रस्ताव साथ प्राप्त प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि मन्त्रालयले ⊟राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा सार्वजनिक सूचना प्रकाशन गरी सो प्रतिवेदन आफैले उतार गरी लैजान वा अध्ययन गर्नको लागि सर्वसाधारणलाई तीस दिनको समय दिनेछ ।

∞(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा सर्वसाधारणले राय सुझाव दिनको लागि मन्त्रालयले राष्ट्रियस्तरको कुनै एक दैनिक समाचारपत्रमा पन्ध्र दिनको समय दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भएमा त्यसरी प्रतिवेदन *पहिलो पटक प्रकाशन भएको मितिले तीस दिन भित्र सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नो राय सुझाव मन्त्रालयमा पठाई सक्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कुनै राय सुझाव प्राप्त भएमा सो राय सुझाव र ऐनको दफा ६ को उपदफा (४) बमोजिम कुनै समिति गठन गरिएकोमा सो समितिले दिएको राय सुझाव समेतको आधारमा प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय ⊟प्रतिकूल प्रभाव पार्ने नदेखिएमा मन्त्रालयले प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिनेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृति दिँदा मन्त्रालय समक्ष प्रस्ताव प्राप्त भएको मितिले *साठी दिन भित्र दिई सक्नु पर्नेछ ।

⊟(६) उपनियम (५) बमोजिमको म्यादभित्र विशेष कारण परी स्वीकृति दिन नसकेमा मन्त्रालयले उक्त समय समाप्त भएको मितिले तीस दिन भित्र प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिनेछ ।

❖११क. प्रस्तावको क्षेत्र निर्धारण (स्कोपिङ्ग), प्रतिवेदन तयारी तथा स्वीकृति सम्बन्धी विशेष व्यवस्था : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय विपद् वा प्राकृतिक प्रकोपको व्यवस्थापनसँग सम्बन्धित आयोजना वा नेपाल सरकारले तत्काल कार्यान्वयन गर्नु पर्ने भनी तोकेका योजना, आयोजना वा कार्यक्रमसँग सम्बन्धित प्रस्तावको क्षेत्र निर्धारण (स्कोपिङ्ग) गर्ने, प्रतिवेदन तयार गर्ने र प्रस्तावको स्वीकृति गर्ने कार्य देहाय बमोजिमको समयावधि भित्र सम्पन्न गर्नु पर्नेछ :-

(क) नियम ४ को उपनियम (१) बमोजिम सुझाव लिने कार्य सात दिन,

---

⊟ पहिलो संशोधनद्वारा थप ।
∞ पाँचौ संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।
❖ चौथो संशोधनद्वारा थप ।

(ख) नियम ४ को उपनियम (२) बमोजिम राय सुझाव दिने कार्य सात दिन,

(ग) नियम ७ को उपनियम (२) बमोजिम राय सुझाव दिने तथा सूचना प्रकाशन गर्ने कार्य सात दिन,

(घ) नियम ११ को उपनियम (१) बमोजिम प्रस्ताव स्वीकृति गर्ने वा प्रस्ताव स्वीकृतिको लागि प्रतिवेदन पठाउने कार्य पाँच दिन,

(ङ) नियम ११ को उपनियम (२) बमोजिम राय सुझाव लिनको लागि सूचना प्रकाशन गर्ने कार्य सात दिन,

(च) नियम ११ को उपनियम (३) बमोजिम राय सुझाव दिने कार्य दश दिन,

(छ) नियम ११ को उपनियम (५) बमोजिम प्रस्ताव स्वीकृति दिने कार्य बीस दिन ।

स्पष्टीकरण :- यस नियमको प्रयोजनका लागि,-

(क) "राष्ट्रिय गौरवको आयोजना" भन्नाले नेपाल सरकारले राष्ट्रिय गौरवका आयोजना भनी तोकेका आयोजना सम्झनु पर्छ ।

(ख) "विपद् वा प्राकृतिक प्रकोप व्यवस्थापनसँग सम्बन्धित आयोजना" भन्नाले प्रस्तावसँग सम्बन्धित मन्त्रालयले विपद् वा प्राकृतिक प्रकोपको व्यवस्थापनसँग सम्बन्धित आयोजना भनी तोकेको योजना, आयोजना वा कार्यक्रम सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम प्रस्तावसँग सम्बन्धित मन्त्रालयले कुनै आयोजनालाई विपद् वा प्राकृतिक प्रकोपसँग सम्बन्धित आयोजना तोकेमा त्यसको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

[ञ]११ख. पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको लागि निवेदन दिनु पर्ने : एक पटक स्वीकृत भईसकेको प्रस्तावमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने र त्यसबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा प्रस्तावकले त्यस्तो प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कनका लागि परिवर्तन गर्नु परेको कारण र वातावरणमा पर्न सक्ने असरहरुका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याईं सहित पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको लागि सम्बन्धित निकायमा निवेदन दिनु पर्नेछ ।

---

[ञ] पाँचौ संशोधनद्वारा थप ।

[⊗]११ग. <u>मन्त्रालयमा सिफारिस गर्नु पर्ने</u> : (१) नियम ११ख. बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न उपयुक्त देखिएमा सम्बन्धित निकायले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने अनुमतिका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

(२) नियम ११ख. मा जुनसुकै कुरा लेखिएको भए तापनि एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कनमा केही भौतिक पूर्वाधार, डिजाईन, क्षमता वा स्वरुप परिमार्जन गर्ने, संरचना स्थानान्तरण वा फेरबदल गर्ने, रुख कटान सङ्ख्यामा थप गर्नु पर्ने भए तापनि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने अवस्था नदेखिएमा सम्बन्धित निकायले सो प्रस्तावको वातावरणीय व्यवस्थापन योजना स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

[⊗]११घ. <u>अनुमति दिन सक्ने</u> : (१) नियम ११ग. को उपनियम (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको लागि सम्बन्धित निकायबाट सिफारिस भई आएमा मन्त्रालयले देहायका अवस्थामा सो प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अनुमति दिन सक्नेछ ।

(क) आयोजनाको कुनै भौतिक संरचनात्मक इकाई विस्तार वा स्थानान्तरण गर्दा सो इकाई स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित प्रभावित क्षेत्रभित्र पर्ने भएमा,

(ख) स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित वनक्षेत्रको दश प्रतिशत भन्दा बढी क्षेत्र थप हुने भएमा,

(ग) अन्य परिवर्तित संरचना वा इकाईको कारणले एकसय जनासम्म जनसङ्ख्याको वा पुनर्वास गर्नु पर्ने अवस्था भएमा,

तर अन्य परिवर्तित संरचना वा इकाईको कारणले एकसय जना भन्दा बढी जनसङ्ख्याको स्थायी बसोबास, स्थानान्तरण वा पुनर्वास गर्नु पर्ने अवस्थामा पुन: वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(घ) समग्रमा वातावरण र जैविक विविधतामा उल्लेखनीय प्रतिकूल प्रभाव नपर्ने भएमा ।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम समग्रमा वातावरण र जैविक विविधतामा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने वा नपर्ने भन्ने विषयको निर्णय मन्त्रालयले गर्नेछ ।

---

[⊗] पाँचौ संशोधनद्वारा थप ।

ॐ११ङ. <u>वातावरणीय व्यवस्थापन योजना स्वीकृत गर्न सक्ने</u> : नियम ११ग. को उपनियम (२) बमोजिम सम्बन्धित निकायबाट स्वीकृतिका लागि प्राप्त भएको वातावरणीय व्यवस्थापन योजना सम्बन्धी कागजातहरु अध्ययन गर्दा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने अवस्था नदेखिएमा मन्त्रालयले थप प्रभाव र सो को न्यूनीकरणको उपाय सहितको वातावरणीय व्यवस्थापन योजना स्वीकृत गर्न सक्नेछ ।

ॐ११च. <u>प्रभावको क्षति न्यूनीकरण गर्नु पर्ने</u> : यस नियमावली बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा वातावरणमा नकारात्मक असर पर्न सक्ने देखिएमा प्रस्तावकले त्यस्तो प्रभावको क्षति आफ्नै खर्चमा न्यूनीकरण गर्नु पर्नेछ ।

ॐ११छ. <u>खारेजी र बचाउ</u> : (१) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०७२ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

१२. <u>प्रतिवेदन पालन गर्नुपर्ने</u> : प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा प्रतिवेदनमा उल्लेख भए बमोजिमका कुराहरु र सम्बन्धित निकाय वा मन्त्रालयले तोकिदिएका शर्तहरु अनिवार्य रुपले पालन गर्नु पर्नेछ ।

१३. <u>अनुगमन तथा मूल्याङ्कन</u> : (१) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित निकायले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा प्रस्ताव स्वीकृत हुँदा तोकिएको शर्तमा उल्लेख गरिएका प्रभाव भन्दा बढी प्रभाव परेको देखिएमा सम्बन्धित निकायले त्यस्ता प्रभावहरु हटाउन वा हटाउने उपायहरु अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तावकलाई दिएको निर्देशनको जानकारी सम्बन्धित निकायले मन्त्रालयलाई दिनु पर्नेछ ।

१४. <u>वातावरणीय परीक्षण गरी अद्यावधिक राख्नु पर्ने</u> : मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्ताव कार्यान्वयन भई *<u>सेवा, वितरण वा उत्पादन</u> शुरु भएको दुई वर्ष पछि त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न गएको प्रभाव, त्यस्तो प्रभावलाई कम गर्न अपनाइएका उपाय आदिको वातावरणीय परीक्षण गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

---

ॐ पाँचौ संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद-३

## प्रदूषणको रोकथाम तथा नियन्त्रण

१५. मापदण्ड विपरीत फोहर मैला निष्काशन गर्न नहुने : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मापदण्ड विपरीत हुने गरी कसैले पनि कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्कासन गर्न गराउन हुँदैन ।

*१६. अस्थायी वा स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्बन्धी व्यवस्था : (१) अनुसूची-७ मा उल्लेख भए बमोजिमका हाल सञ्चालन भई रहेका उद्योगले यो नियमावली प्रारम्भ भएको मितिले नब्बे दिन भित्र र यो नियमावली प्रारम्भ हुनु पूर्व दर्ता भई उत्पादन शुरु नभएका उद्योग वा यो नियमावली प्रारम्भ भएपछि दर्ता हुने उद्योगले उत्पादन शुरु गरेको मितिले साठी दिन भित्र सम्बन्धित उद्योगको विस्तृत विवरण उल्लेख गरी अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र लिन सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो निवेदन उपर जाँचबुझ गरी आवश्यकता अनुसार उद्योग सञ्चालन हुने गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव समेत लिँदा त्यस्तो उद्योग सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखेमा वा त्यस्तो प्रभाव कम वा नियन्त्रण गर्न सकिने भएमा त्यस्तो निवेदन प्राप्त भएको मितिले नब्बे दिन भित्र निवेदकलाई एक वर्षको निमित्त अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ भएपछि दर्ता हुने उद्योगले नियम ४ बमोजिम क्षेत्र निर्धारण गर्ने सिलसिलामा वा नियम ७ बमोजिम प्रतिवेदन तयार गर्ने सिलसिलामा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव प्राप्त गरिसकेको भए सम्बन्धित निकायले उपनियम (१) बमोजिम उद्योग सञ्चालन गर्दा वातावरणमा पर्ने प्रभावको सम्बन्धमा पुन: गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव लिनु पर्ने छैन ।

(३) नियम १५ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगको ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला सम्बन्धी मापदण्ड तोकिएको रहेछ भने त्यस्ता उद्योगलाई यसरी मापदण्ड तोकिएको मितिले ६ महिना भित्र ऐनको दफा ११ बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाबाट परीक्षण गराई सम्बन्धित निकायले तीन वर्षको लागि स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(४) उपनियम (१) र (३) बमोजिम तोकिएको म्याद भित्र अस्थायी वा स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र वितरण गर्न नसकिएमा सम्बन्धित निकायले उक्त म्याद समाप्त भएको मितिले थप तीन महिना भित्र त्यस्तो प्रमाणपत्र दिन सक्नेछ ।

(५) उपनियम (१) र (३) बमोजिम अस्थायी वा स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिँदा सम्बन्धित निकायले त्यस्तो उद्योगहरुले पालन गर्नु पर्ने गरी आवश्यकता अनुसार देहायका सबै वा कुनै शर्तहरु तोक्न सक्नेछ :-

(क) प्रदूषण कम गर्न वा नियन्त्रण गर्न आवश्यक उपकरणहरु निर्धारित समयमा जडान गर्ने,

(ख) जडान भएका प्रदूषण नियन्त्रण उपकरणहरुको उचित प्रयोग गर्ने,

(ग) निर्धारित समयमा मात्र उद्योग सञ्चालन गर्ने,

(घ) कुनै उद्योग हाता भित्र कुनै काम गरिएबाट प्रदूषण भएकोमा सो काम रोक्का गर्नको लागि खास उपायहरु अवलम्वन गर्ने,

(ङ) कुनै उद्योगको काम कारबाहीबाट उद्योग हाता बाहिर प्रदूषण भएमा सो काम कारबाहीलाई नियन्त्रण गर्नको लागि खास उपायहरु अवलम्बन गर्ने,

(च) अनुगमनको लागि आवश्यक पर्ने उपकरणहरु निश्चित समयमा उपलब्ध गराउने,

(छ) सम्बन्धित निकायले उद्योगको प्रकृति अनुसार आवश्यक सम्झी तोकिदिएका अन्य शर्त बमोजिमका काम गर्ने ।

(६) उपनियम (१) बमोजिमको अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र प्रत्येक एक वर्षमा र उपनियम (३) बमोजिमको स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र प्रत्येक तीन वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(७) यस नियम बमोजिम पाएको अस्थायी वा स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्रमा उल्लिखित शर्तहरु सबैले देख्ने गरी उद्योग सञ्चालन भएको ठाउँमा राख्नु पर्नेछ ।

(८) सम्बन्धित निकायले यस नियम बमोजिम प्रमाणपत्र पाएका उद्योगहरुको नामावली अद्यावधिक रुपमा राखी सो नामावली मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१७. <u>प्रदूषण गरेमा वा फोहरमैला निष्काशन गरेमा उजूरी गर्न सक्ने</u> : कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण नगरेमा वा फोहर मैला निष्काशन गरेमा सो

कार्यबाट प्रभावित व्यक्ति, संस्था, गाउँ विकास समिति वा नगरपालिकाले सम्बन्धित निकायमा उजूर गर्न सक्नेछ ।

१८. प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्काशन नगर्न सूचना गर्ने : (१) सम्बन्धित निकायले जाँचबुझको सिलसिलामा वा नियम १७ बमोजिम उजूरी परी जाँचबुझ गर्दा कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन र यस नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण नगरेको वा फोहरमैला निष्काशन गरेको देखिएमा त्यस्तो व्यक्ति, संस्था वा उद्योगलाई सम्बन्धित निकायले त्यस्तो शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्काशन नगर्नको लागि तुरुन्त सूचना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित व्यक्ति, संस्था वा उद्योगलाई सूचना दिँदा देहायका कुनै वा सबै काम तुरुन्त गर्नु भनी समयावधि तोकी सम्बन्धित निकायले आदेश दिन सक्नेछ :-

(क) प्रदूषण नियन्त्रण गर्ने वा फोहरमैला निष्कासन नगर्ने सम्बन्धमा तुरुन्त अवलम्बन गर्नु पर्ने कुराहरु,
(ख) कुनै उपकरण वा साधन प्रयोग गर्न, सञ्चालन गर्न वा त्यस्तो उपकरणमा सुधार गर्न,
(ग) प्रयोग वा सञ्चालन गरिएका कुनै वा सबै उपकरण प्रयोग वा सञ्चालन नगर्न,
(घ) निश्चित अनुगमन कार्यक्रम अवलम्बन गरी आफू समक्ष प्रतिवेदन पेश गर्न लगाउन,
(ङ) प्रदूषण नियन्त्रण गर्न तथा फोहरमैला निष्काशन नगर्न विभिन्न किसिमका वैकल्पिक उपायहरु अवलम्बन गर्न,
(च) वातावरण व्यवस्थापन प्रणाली विकसित गरी सो को जानकारी दिन लगाउन,
(छ) प्रदूषणको नियन्त्रण तथा फोहरमैला निष्काशन सम्बन्धी कार्यमा रोक लगाउने विषयमा उपयुक्त सम्झेको अन्य कार्य गर्न लगाउन ।

१९. शर्तहरु परिवर्तन गर्न सक्ने : (१) प्रदूषण कम गर्ने वा नियन्त्रण गर्ने सम्बन्धमा *नियम १६ को उपनियम (५) बमोजिम तोकिएका शर्तहरुमा केही परिवर्तन गरी अन्य उपायहरु अवलम्बन गर्न उपयुक्त भएमा उद्योगले सोही व्यहोरा खुलाई सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनमा उल्लेख भए बमोजिम प्रदूषण कम वा नियन्त्रण गर्न अन्य उपायहरु अवलम्बन गर्न सकिने देखिएमा सम्बन्धित निकायले निवेदकको माग बमोजिम केही शर्तहरु परिवर्तन गरी अन्य उपायहरु अवलम्बन गर्न स्वीकृति दिन सक्नेछ ।

२०. सम्बन्धित निकाय आफैले सरसफाई सम्बन्धी काम गर्न सक्ने : (१) कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावलीमा तोकिएको शर्त वा मापदण्ड विपरीत फोहरमैला निष्काशन नगर्ने सूचना गर्दा पनि फोहरमैला निष्कासन गरेको कारणले सर्वसाधारणमा प्रतिकूल असर पर्न गएमा सम्बन्धित निकायले आफ्नै खर्चमा त्यस्तो फोहरमैला हटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित निकायले कुनै ठाउँबाट फोहरमैला हटाउँदा लागेको खर्च र सो काम गरे वापतको थप पच्चीस प्रतिशत रकम त्यस्तो फोहरमैला निष्काशन गर्ने व्यक्ति, संस्था वा उद्योगसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

❋परिच्छेद-३क.

ब्याट्रीको व्यवस्थापन

❋२०क. मापदण्ड पूरा गर्नु पर्ने : (१) ब्याट्रीको व्यवसाय गर्न चाहने ब्याट्री व्यवसायीले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा आफ्नो व्यवसाय दर्ता गर्न वा सो व्यवसायको लागि त्यस्तो निकायबाट स्वीकृति वा अनुमति लिनको लागि अनुसूची-८ बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "सम्बन्धित निकाय" भन्नाले ब्याट्रीको कारोबार दर्ता गर्ने वा सो प्रयोजनको लागि स्वीकृति वा अनुमति प्रदान गर्न प्रचलित कानून बमोजिम अधिकार पाएको निकायलाई जनाउँछ ।

(२) यो नियम प्रारम्भ हुनु अघि प्रचलित कानून वमोजिम ब्याट्री व्यवसाय दर्ता गरेका वा त्यस्तो व्यवसाय गर्न सम्बन्धित निकायबाट स्वीकृति वा अनुमति पाएका ब्याट्री व्यवसायीले यो नियम प्रारम्भ भएको मितिले नब्बे दिनभित्र उपनियम (१) बमोजिमको मापदण्ड पूरा गरी सम्बन्धित निकायलाई जानकारी गराउनु पर्नेछ ।

❋२०ख. मन्त्रालयको राय लिन सक्ने : कुनै ब्याट्री व्यवसायीले आफ्नो ब्याट्री व्यवसाय दर्ता गर्न वा त्यस्तो व्यवसाय गर्नका लागि स्वीकृति वा अनुमति लिन कुनै निवेदन गरेमा सम्बन्धित निकायले त्यस्तो व्यवसाय दर्ता गर्न वा सो विषयको स्वीकृति वा अनुमति दिनु अघि मन्त्रालयको राय लिनु पर्नेछ ।

---

❋ दोस्रो संशोधनद्वारा थप ।

❋२०ग. दर्ता वा स्वीकृतिको जानकारी गराउनु पर्ने : (१) सम्बन्धित निकायले ब्याट्री व्यवसायीको रुपमा कुनै व्यक्ति वा संस्थाको कारोबार दर्ता गरेको वा सो गर्न स्वीकृति वा अनुमति दिएको मितिले पन्ध्र दिनभित्र सो कुराको जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

(२) यो नियम प्रारम्भ हुनु अघि ब्याट्री व्यवसाय दर्ता गरेका वा सो कार्य गर्न स्वीकृति वा अनुमति लिएका ब्याट्री व्यवसायीको विवरण सम्बन्धित निकायले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

❋२०घ. शर्त पालना गर्नु पर्ने : (१) ब्याट्री व्यवसायीले ब्याट्री व्यवसाय गर्दा अनुसूची-९ बमोजिमको शर्तहरु पालना गर्नु पर्नेछ ।

(२) ब्याट्री व्यवसायीले उपनियम (१) बमोजिमको शर्तहरु पालना गरे नगरेको सम्बन्धमा मन्त्रालयले निरीक्षक खटाई त्यस्तो कामको निरीक्षण गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निरीक्षण गर्दा कुनै ब्याट्री व्यवसायीले उपनियम (१) बमोजिम तोकिएको शर्त उल्लङ्घन गरेको देखिएमा निरीक्षकले सो कुराको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निरीक्षकबाट प्राप्त भएको प्रतिवेदन जाँचबुझ गर्दा ब्याट्री व्यवसायीलाई कुनै निर्देशन दिन आवश्यक देखिएमा मन्त्रालयले त्यस्तो व्यवसायीलाई अवधि तोकी शर्त पालना गर्न निर्देशन दिनेछ ।

(५) उपनियम (४) बमोजिम दिइएको अवधिभित्र कुनै ब्याट्री व्यवसायीले शर्त बमोजिम आफ्नो काममा सुधार नगरेमा मन्त्रालयले त्यस्तो व्यवसाय तुरुन्त बन्द गराई त्यस्तो ब्याट्री व्यवसायीलाई ऐन बमोजिम सजाय गर्न सक्नेछ ।

(६) ब्याट्रीको प्रयोगकर्ताले अनूसूची-९ बमोजिम तोकिएका शर्तहरुको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-४

## निरीक्षकको योग्यता तथा काम, कर्तव्य र अधिकार सम्बन्धी

✱२१. निरीक्षकको योग्यता : निरीक्षक पदमा नियुक्ति हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता निजामती सेवाको सम्बन्धित सेवा समूह सम्बन्धी नियमहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

२२. काम कारबाही रोक्का राख्न सक्ने : (१) निरीक्षकले ऐनको दफा ८ बमोजिम जाँचबुझको सिलसिलामा ऐन वा यस नियमावली विपरीत भए गरेको कुनै काम कारवाई तुरुन्त रोक्का गर्नु पर्ने भएमा सम्भव भएसम्म मन्त्रालयको अनुमति लिई

---

❋ दोस्रो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

रोक्का गर्नु पर्नेछ र त्यसरी अनुमति लिन सम्भव नभएमा त्यस्तो काम कारवाई रोक्का राखी सो कुराको जानकारी यथाशक्य छिटो मन्त्रालयलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले कुनै काम कारबाही रोक्का राख्नु परेको वा राखेको जानकारी प्राप्त भएमा मन्त्रालयले सो सम्बन्धमा तुरुन्त जाँचबुझ गर्न लगाई उपयुक्त आदेश दिनु पर्नेछ ।

२३. निरीक्षकले जाँचबुझको प्रतिवेदन पेश गर्नु पर्ने : (१) निरीक्षकले ऐनको दफा ८ बमोजिम निरीक्षण गरिसकेपछि निरीक्षणमा देखिएका कुराहरुको विस्तृत विवरण सहितको जाँचबुझ प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले सो सम्बन्धमा देहायको कुनै वा सबै काम गर्न सक्नेछ :-

(क) ऐन वा यस नियमावली विपरीत प्रदूषण गर्ने वा फोहर मैला निष्काशन गर्ने व्यक्ति, संस्था वा प्रस्तावकलाई उपस्थित गराई बयान गराउने,

(ख) कुनै संयन्त्र, औजार, मेशिनरी, माल सामान आदि जाँचबुझ गराउने,

(ग) जाँचबुझ पश्चात कुनै संयन्त्र, औजार, मेशिनरी आदिको प्रयोगमा रोक लगाउने,

(घ) प्रदूषणको रोकथाम तथा फोहरमैलाको निष्काशन नगर्न उपयुक्त सम्झेको कुनै आदेश दिने ।

२४. स्थानीय प्रशासनले सहयोग गर्नु पर्ने : निरीक्षणको सिलसिलामा कसैले निरीक्षकलाई बाधा विरोध गरेमा वा निरीक्षण गर्न जाँदा बल प्रयोग गर्नु पर्ने भई निरीक्षकले प्रहरीको सहयोग माग गरेमा स्थानीय प्रशासनले निरीक्षकलाई आवश्यक प्रहरी उपलब्ध गराउनु पर्नेछ ।

२५. निरीक्षकलाई सजाय हुने : निरीक्षकले ऐन वा यस नियमावली बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा जानी जानी वा बदनियतसाथ कुनै काम गरी कसैलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

## परिच्छेद-५

## राष्ट्रिय सम्पदा र वातावरण संरक्षण क्षेत्रको संरक्षण

२६. पञ्जिका तयार गर्दा अपनाउनु पर्ने कार्यविधि : (१) सम्बन्धित निकायले पञ्जिकामा समावेश गरिने वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि उल्लेख गरी सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लेख भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको सम्बन्धमा कसैको कुनै प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले तीस दिन भित्र सम्बन्धित निकायमा उजूर गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम कुनै उजूरी परेमा सो उजूरी उपर छानबीन गरी र कुनै उजूरी नपरेमा तीस दिनको म्याद समाप्त भएपछि सम्बन्धित निकायले पञ्जिका तयार गर्नु पर्नेछ ।

२७. चिन्ह तथा सिमाना राख्नु पर्ने : (१) सम्बन्धित निकायले पञ्जिकामा समावेश भएका वस्तु वा स्थलको पहिचानको लागि त्यस्तो वस्तु वा स्थलमा आवश्यकतानुसार चिन्ह तथा सिमाना राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको चिन्ह तथा सिमाना सम्बन्धी विवरण र सो सँग सम्बन्धित नक्सा सम्बन्धित निकायले अद्यावधिक रुपमा राखी सो को जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

२८. हानी नोक्सानी गर्न नहुने : सम्बन्धित निकायको स्वीकृति वेगर कसैले पनि पञ्जिकामा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीव जन्तु आदिका सम्बन्धमा देहायका कुनै काम गर्नु गराउनु हुँदैन :-

(क) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि हटाउन, फेरबदल गर्न वा त्यसलाई नोक्सान पुग्ने कुनै काम गर्न,

(ख) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि कसैलाई उपहार दिन वा हकछाडी बेचविखन गर्न वा हस्तान्तरण गर्न,

(ग) पञ्जिकामा समावेश भएका कुनै जीवजन्तुहरुलाई नोक्सान पुऱ्याउने किसिमका अन्य जीवजन्तु राष्ट्रिय सम्पदा संरक्षण क्षेत्रमा प्रवेश गराउन,

(घ) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि बिग्रने वा नासिने गरी अन्य कुनै काम गर्न ।

२९. उजूरी गर्न सकिने : (१) पञ्जिकामा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको कसैले नियम २८ मा लेखिए विपरीत हानी नोक्सानी हुने कुनै काम गरे गराएमा सो विषयमा जो सुकैले सम्बन्धित निकायमा उजूरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजूरी परी जाँचबुझ गर्दा वा सम्बन्धित निकाय आफैले जाँचबुझको सिलसिलामा पञ्जिकामा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको हानी नोक्सानी भएको देखिएमा सो कार्य तुरुन्त रोक्नु पर्नेछ ।

३०. वातावरण संरक्षण क्षेत्रमा गर्न नपाइने काम : (१) कसैले पनि वातावरण संरक्षण क्षेत्र भित्र देहायका कुनै काम गर्न गराउन हुँदैन :-

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई विगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानी नोक्सानी पुऱ्याउन,

(ख) कुनै पनि वन्यजन्तुको खरिद बिक्री, व्यापार गर्न, शिकार गर्न तथा त्यस्ता वन्य जन्तुलाई क्षति पुऱ्याउन,

(ग) जैविक विविधतालाई प्रतिकूल असर पुग्ने किसिमको कुनै काम गर्न,

(घ) कुनै पनि वनस्पति काट्न, ढाल्न, हटाउन, छेक्न, उखेल्न तथा वनस्पतिलाई हानी नोक्सानी हुने किसिमका काम गर्न,

(ङ) ऐतिहासिक तथा साँस्कृतिक महत्वका स्थलहरु बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरुमा कुनै पोष्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरु टाँस्न वा अरु कुनै प्रकारले हानी हुने काम गर्न,

(च) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको श्रोतमा विद्युतीय धार (करेण्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक रसायन पदार्थ प्रयोग गर्न,

(छ) कुनै पनि किसिमको घरपालुवा जनावरहरुबाट जननकृति (जेनेटिक मेकअप) मा परिवर्तन गर्न,

(ज) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कङ्क्रिट वा अन्य पदार्थ हटाउन,

(झ) होटल, लज, सार्वजनिक यातायात, स्वास्थ्यचौकी, विद्यालय, कुटी वा अन्य यस्तै किसिमका सेवाहरु सञ्चालन गर्न,

(ञ) मन्त्रालयबाट अधिकार प्राप्त अधिकारीको स्वीकृति वेगर वातावरण संरक्षण क्षेत्रमा प्रवेश गर्न,

(ट) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, सङ्केत वा अन्य कुनै चिजवस्तुलाई हानी नोक्सानी पुऱ्याउन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएका भएतापनि वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि मन्त्रालयले स्वीकृति दिएका कुनै कार्यहरु गर्न सो उपनियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

३१. स्वीकृति बेगर अनुसन्धान गर्न नहुने : कुनै पनि विदेशी संघ संस्था वा तिनीहरुसँग आवद्ध व्यक्ति वा संस्थाले सम्बन्धित निकायको पूर्व स्वीकृति बेगर नेपाल ➔.......... भित्रको कुनै पनि ठाउँमा *कुनै जीव, जीवाणु र वनस्पतिको नमूना सङ्कलन गर्न तथा जैविक विविधताको अनुसन्धान सम्बन्धी कुनै कार्य गर्न गराउन हुँदैन ।

३२. स्वीकृतिको लागि निवेदन दिनुपर्ने : (१) कुनै पनि विदेशी संघ संस्था वा तिनीहरुसँग आवद्ध व्यक्ति वा संस्थाले नेपाल ➔.......... भित्रको कुनै ठाउँमा *कुनै जीव, जीवाणु र वनस्पतिको नमूना सङ्कलन गर्न र जैविक विविधताको अनुसन्धान सम्बन्धी कुनै कार्य गर्न चाहेमा त्यसको उद्देश्य खुलाई स्वीकृतिको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन पर्न आएमा सम्बन्धित निकायले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट *कुनै जीव, जीवाणु तथा वनस्पतिको नमूना सङ्कलन गर्न तथा जैविक विविधताको अनुसन्धान सम्बन्धी कुनै कार्य गर्न दिन मनासिब देखिएमा आवश्यक शर्तहरु तोकी स्वीकृति दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृति दिइएको जानकारी सम्बन्धित निकायले मन्त्रालयलाई गराउनु पर्नेछ ।

३३. शर्त विपरीत काम गर्न नहुने : (१) नियम ३२ बमोजिम स्वीकृति प्राप्त व्यक्ति वा संस्थाले *कुनै जीव, जीवाणु र वनस्पतिको नमूना सङ्लन तथा जैविक विविधताको अनुसन्धान गर्दा सम्बन्धित निकायले तोकिदिएका शर्त विपरीत हुने गरी कुनै काम कारबाही गर्नु हुँदैन ।

(२) उपनियम (१) विपरीत कसैले कुनै काम गरेको देखिएमा सम्बन्धित निकायले सो काम तुरुन्त रोक्नु पर्नेछ ।

## परिच्छेद-६

## प्रयोगशाला सम्बन्धी व्यवस्था

३४. गुणस्तरयुक्त प्रयोगशाला मात्र तोकिने : ऐनको दफा ११ को उपदफा (१) बमोजिम गैरसरकारी क्षेत्रमा सञ्चालन भएका प्रयोगशालाहरु तोक्दा गुणस्तरयुक्त प्रमाणपत्र पाएका प्रयोगशालाहरु मात्र तोकिनेछन् ।

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

३५. प्रयोगशालाको काम, कर्तव्य र अधिकार : (१) ऐनमा लेखिएदेखि बाहेक प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वातावरणको संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायबाट परीक्षण गर्न अनुरोध गरिएका चिज वा वस्तुलाई प्राथमिकता दिई परीक्षण गर्ने,

(ख) विशेष किसिमको प्रदूषण फैलिएको कारणबाट वातावरणमा गम्भिर असर पर्न गएको देखिएमा मन्त्रालयले तोकिदिएको समयावधि भित्र त्यस्तो प्रदूषण सम्बन्धमा जाँच गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदूषण जाँच गर्ने प्रविधि नभएका प्रयोगशालाले सम्बन्धित निकाय वा मन्त्रालयको अनुरोधमा विदेश स्थित प्रयोगशालाबाट त्यस्तो प्रदूषणको जाँच गराउनु पर्नेछ ।

३६. अर्को प्रयोगशालाबाट जाँच गराउन सकिने : सम्बन्धित निकाय वा मन्त्रालयले एउटा प्रयोगशालाबाट जाँच भएको प्रदुषणको स्तर आवश्यकतानुसार अर्को प्रयोगशालाबाट समेत जाँच गराउन सक्नेछ ।

३७. प्रयोगशालाबाट गरिएको जाँच प्रकाशन गर्न सक्ने : सम्बन्धित निकाय वा मन्त्रालयले यस नियमावली बमोजिम प्रयोगशालाबाट जाँच गराएको प्रदूषणको स्तर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ ।

३८. प्रयोगशालाको सूची अद्यावधिक राख्नु पर्ने : मन्त्रालयले सरकारी तथा गैरसरकारी क्षेत्रमा स्थापना भएका गुणस्तरयुक्त प्रयोगशालाहरुको सूची तयार गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

## परिच्छेद-७

## कोष सञ्चालन सम्बन्धी व्यवस्था

३९. सञ्चालक समितिको गठन सम्बन्धी : (१) कोषको व्यवस्था, सञ्चालन र रेखदेख समेतको काम गर्नको लागि देहायका सदस्यहरु रहेको एक कोष सञ्चालक समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) | सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (ग) | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |

(ङ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ — सदस्य

(च) वातावरणविद्‌हरु वा वातावरण सम्बन्धी गैर सरकारी संस्थाका प्रमुखहरु मध्येबाट एकजना — सदस्य

(छ) सह-सचिव (वातावरण महाशाखा), जनसंख्या तथा वातावरण मन्त्रालय — सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (च) बमोजिमको सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र निजको पदावधि दुई वर्षको हुनेछ ।

(३) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सञ्चालक समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. सचिवालय र प्रशासकीय खर्च सम्बन्धी व्यवस्था : (१) सञ्चालक समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ ।

(२) सञ्चालक समितिको सचिवालयको लागि प्रशासकीय खर्चको रकम मन्त्रालयको बजेटबाट व्यहोरिनेछ ।

४१. कोषको व्यवस्थापन र सञ्चालन : (१) कोषलाई आवर्ति (रिभल्वीङ्ग) कोषको रुपमा सञ्चालन गरिनेछ ।

(२) कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिम खोलिएको खाताको सञ्चालन सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

४२. कोषको प्रयोग : कोषमा जम्मा भएको रकम वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणसँग सम्बन्धित विषयमा र देहायका काममा सञ्चालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछ :-

(क) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण र त्यस्ता कार्यका लागि जनचेतना अभिवृद्धि गर्न प्रभावकारी भूमिका खेल्ने संस्थालाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) वातावरणीय शिक्षा, तालीम, अध्ययन, अनुसन्धान सम्बन्धी काममा आवश्यक आर्थिक सहयोग पुर्‍याउने,

(ग) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई पुरस्कारको व्यवस्था गर्ने,

(घ) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा नियमित कार्यक्रममा नपरेको योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

४३. लेखा व्यवस्था : कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

४४. वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्ने : सञ्चालक समितिले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-८
## क्षतिपूर्ति तथा अन्य व्यवस्था

४५. क्षतिपूर्ति भराउन निवेदन दिन सक्ने : (१) ऐनको दफा १७ बमोजिम कसैले कुनै व्यक्ति, संस्था वा प्रस्तावकसँग क्षतिपूर्ति भराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकले गरेको कुन कामबाट निवेदकलाई के कस्तो क्षति पुग्न गएकोले कति क्षतिपूर्ति भराउन चाहेको हो सो व्यहोरा खुलाई सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले सो निवेदन र आवश्यकता अनुसार सम्बद्व ठाउँको वस्तुस्थिति समेतको जाँचबुझ गरी सो विषयमा जिल्लास्थित सम्बन्धित कार्यालय र उक्त जिल्लामा निरीक्षक खटिएको भए निरीक्षक समेतको राय, सुझाव लिई निवेदकलाई पुग्न गएको वास्तविक क्षतिको मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कारणले क्षतिको मूल्याङ्कन गर्न नसक्ने भएमा प्रमुख जिल्ला अधिकारीले सो विषयमा सुझावको लागि सम्बन्धित निवेदन प्राप्त भएको तीस दिन भित्र सो निवेदन सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कुनै निवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो सम्बन्धमा जाँचबुझ गरी आवश्यकतानुसार सम्बन्धित ठाउँको वस्तुस्थिति हेरी राय सुझाव सहित त्यस्तो निवेदन सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष फिर्ता पठाउनु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम क्षतिको मूल्याङ्कन गरिएकोमा सोही बमोजिम र सम्बन्धित निकायबाट सुझाव माग गरिएकोमा उपनियम (४) बमोजिम सुझाव प्राप्त भए पछि प्रमुख जिल्ला अधिकारीले सो सुझाव अनुसार क्षतिपूर्ति निर्धारण गर्नुपर्नेछ ।

(६) क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपनियम (३) बमोजिम सम्बन्धित निकायमा पठाइएकोमा सम्बन्धित निकायबाट सुझाव प्राप्त भएको मितिले पन्ध्र दिन भित्र र सम्बन्धित निकायमा निवेदन नपठाएकोमा क्षतिपूर्तिको लागि

निवेदन परेको साठी दिन भित्र प्रमुख जिल्ला अधिकारीले क्षतिपूर्ति सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(७) क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई आफू समक्ष उपस्थित गराई वयान गराउने, कुनै कागजात, उपकरण, यन्त्र आदि पेश गर्न लगाउने, प्रदूषण, ध्वनि, ताप वा फोहर मैलाको सृजना वा निष्काशन गरेको ठाउँमा प्रवेश गरी जाँचबुझ गर्ने अधिकार हुनेछ ।

(८) प्रमुख जिल्ला अधिकारीले यस नियम बमोजिम निर्धारण गरेको क्षतिपूर्तिको रकम उचित र मनासिब हुनु पर्नेछ ।

४६. निर्धारित समयमा क्षतिपूर्ति रकम बुझाउनु पर्ने : (१) नियम ४५ बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको मितिले तीस दिन भित्र सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद भित्र क्षतिपूर्तिको रकम बुझाउन नसकेको मनासिब माफिकको कारण जनाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले म्याद थपको लागि निवेदन गरेमा र त्यसरी निवेदनमा उल्लेख भएको कारण मनासिब देखिएमा प्रमुख जिल्ला अधिकारीले एक पटकको लागि बढीमा तीस दिनको म्याद थप गरिदिन सक्नेछ ।

४७. जायजेथाबाट क्षतिपूर्ति असूल उपर गरिने : (१) नियम ४६ बमोजिमको म्याद भित्र सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले क्षतिपूर्तिको रकम नबुझाएमा सो म्याद नाघेको तीन महीना भित्र क्षतिपूर्ति पाउने व्यक्ति वा संस्थाले त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा खुलाई क्षतिपूर्ति असूल उपर गरी पाउन प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन परेमा प्रमुख जिल्ला अधिकारीले क्षतिपूर्ति बुझाउनु पर्ने व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी क्षतिपूर्तिको रकम भराई दिई बाँकी रकम प्रचलित कानूनको रीत पुऱ्याई लिन आए सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई फिर्ता दिनुपर्नेछ ।

४८. सजाय गर्ने अधिकारी तोकिएको : (१) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रस्ताव स्वीकृत नगराई कुनै कार्य गरेमा ऐनको दफा १८ को उपदफा (१) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ४ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्ताव स्वीकृत नगराई कुनै कार्य गरेमा ऐनको दफा १८ को उपदफा (१) बमोजिम सजाय गर्ने अधिकारी मन्त्रालय हुनेछ ।

(३) कुनै उद्योगले नियम १६ बमोजिम प्रमाणपत्र नलिई उद्योग सञ्चालन गरेमा वा कुनै व्यक्ति, संस्था वा उद्योगलाई नियम १८ बमोजिम प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्काशन नगर्न सूचना गर्दा पनि प्रदुषण नियन्त्रण नगरेमा वा फोहरमैला निष्काशन गरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(४) कसैले नियम २३ को उपनियम (२) बमोजिम दिइएको आदेश बमोजिम कुनै काम नगरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी मन्त्रालय हुनेछ ।

(५) कसैले पञ्जिकामा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको नियम २८ बमोजिम हानी नोक्सानी हुने कुनै कार्य गरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(६) कसैले नियम ३२ बमोजिम स्वीकृति नलिई वा तोकिएको शर्त विपरीत कुनै काम गरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(७) कसैले यस नियममा माथि लेखिएदेखि बाहेकका ऐन वा यस नियमावली विपरीतको कुनै काम गरेमा ऐनको दफा १८ बमोजिम सजाय गर्ने अधिकारी मन्त्रालय हुनेछ ।

४९. पुरस्कार, प्रशंसापत्र वा चिन्ह प्रदान गर्न सक्ने : (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई मन्त्रालयले कदर स्वरुप नगद पुरस्कार र प्रशंसापत्र प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उल्लेखनीय योगदान पुऱ्याउने उद्योगलाई सो उद्योगको खास उत्पादनमा प्रयोग गर्न पाउने गरी मन्त्रालयले वातावरण अनुकूल चिन्ह प्रदान गर्न सक्नेछ ।

(३) कुनै उद्योगले ऐन वा यस नियमावली विपरीत प्रदूषणको नियन्त्रण तथा रोकथाम नगरेमा मन्त्रालयले त्यस्तो उद्योगलाई प्रदान गरेको वातावरण अनुकूल चिन्ह प्रयोग गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम रोक लगाइएको सूचना मन्त्रालयले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

५०. <u>वातावरण सम्बन्धी विशेषज्ञको नामावली</u> : मन्त्रालयले वातावरणको सम्बन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुको नामावली अद्यावधिक गरी राख्नु पर्नेछ ।

५१. <u>अधिकारी तोकिएको</u> : ऐनको दफा ८ को उपदफा (६) को प्रयोजनको लागि तोकिएको अधिकारी मन्त्रालय हुनेछ ।

*५२. <u>अधिकार प्रत्यायोजन</u> : (१) मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार सम्बन्धित निकाय, आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) सम्बन्धित निकायले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर सम्बन्धित निकायले मन्त्रालयमा आफ्नो राय पठाउने कुराको हकमा अधिकार प्रत्यायोजन गर्ने छैन ।

५३. <u>यसै नियमावली बमोजिम हुने</u> : यस नियमावलीमा लेखिए जति कुरामा यसै नियमावली बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

५४. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने</u> : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

<u>द्रष्टव्य</u> : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## ✍अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

**<u>प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु</u>**

(अ) वन क्षेत्र

१. तराईमा ५० देखि ५०० हेक्टरसम्म र पहाडमा २५ देखि १०० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरु तराईमा १० देखि १०० हेक्टरसम्म र पहाडमा ५ देखि ५० हेक्टर सम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

३. तराईमा ५० देखि २०० हेक्टरसम्म र पहाडमा १० देखि ५० हेक्टरसम्म क्षेत्रफलको वन कवुलियती वनको रुपमा दिने ।

४. सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ देखि ३० हेक्टर क्षेत्रफल सम्मको राष्ट्रिय वन सरपट कटान गर्ने ।

५ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र र वातावरण संरक्षण क्षेत्र स्थापना गर्ने वा विस्तार गर्ने ।

६. वन तथा संरक्षित क्षेत्र व्यवस्थापन योजनामा वन पैदावारको परिमाण उल्लेख नभएको अवस्थामा एक जिल्लाबाट एउटै वन क्षेत्र वा धेरै वन क्षेत्रबाट एकपटक वा पटक पटक गरी प्रति प्रजाति वार्षिक ५ देखि ५० मे. टनसम्म जरा झिक्ने प्रजातिका वन पैदावार सङ्कलन गर्ने ।

७. संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन योजना तर्जुमा गर्ने ।

८. १० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन विउ वगैंचा र चिडियाखाना निर्माण गर्ने ।

९. विभिन्न प्रजातिका आयातित जङ्गली जनावरहरु प्रतिस्थापना गर्ने ।

१०. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र र तिनको मध्यवर्ति क्षेत्र एवं सिमसार क्षेत्र समेतमा व्यवस्थापन योजना तयार गर्ने र सरकारद्वारा व्यवस्थित सबै प्रकारका जिल्लास्तरीय वन व्यवस्थापन योजनाहरु तयार गर्ने ।

---

✍ मिति २०६४।५।३ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा अनुसूची हेरफेर गरिएको ।

११. सार्वजनिक बुट्यान क्षेत्रमा जडीबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडीबुटी केन्द्र स्थापना गर्ने ।

१२. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एउटै वन क्षेत्र वा धेरै वन क्षेत्र वा एक वा धेरै सिजनमा एक पटक वा पटक पटक गरी एक जिल्लाबाट प्रति प्रजाति ५ देखि ५० टनसम्म वन पैदावार सङ्कलन गर्ने ।

१३. १० कि.मि. भन्दा बढी वन पथ र १० कि.मि. भन्दा लामो अग्नी रेखा निर्माण गर्ने ।

१४. वन क्षेत्र वा वन क्षेत्र भएर वहने नदी, खोलाहरुबाट दैनिक १०० घनमिटर भन्दा बढी वालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने ।

१५. वन क्षेत्रबाट कोइला र अन्य खनिजजन्य पदार्थ निकाल्ने ।

१६. निरपेक्ष गरिबीको रेखामुनिका समूह मार्फत सञ्चालित ५० हेक्टरभन्दा बढी वन कबुलियती वनको रुपमा दिने ।

१७. वनसँग सम्बन्धित सरकारी निकाय बाहेक अन्य निकायहरुबाट कार्यान्वयन हुने प्रस्तावको लागि ५ हेक्टरसम्मको वन क्षेत्र भित्रको वनस्पति हटाउने कार्य गर्ने ।

❐१८. ५०० देखि ७५० हेक्टरसम्मको वन क्षेत्र एउटै समुदायलाई व्यवस्थापन गर्न हस्तान्तरण गर्ने ।

१९. वन तथा संरक्षित क्षेत्र व्यवस्थापन योजनामा वन पैदावारको परिमाण उल्लेख नभएको अवस्थामा एक जिल्लाबाट एउटै वन क्षेत्र वा धेरै वन क्षेत्रबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाति वार्षिक १०-१०० मे. टनसम्म बोक्रा झिक्ने प्रजातिका वन प्रैदावार सङ्कलन गर्ने ।

२०. प्रचलित कानून अनुसार सङ्कलन गर्न प्रतिवन्ध नलगाइएका एउटै वन क्षेत्र वा धेरै वन क्षेत्र वा एक वा धेरै सिजनमा माथि क्र.सं. ६ र १९ का सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात लगायत काठ बाहेकका वन पैदावर एक जिल्लाबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाति वार्षिक ५-१०० मे. टनसम्म सङ्कलन गर्ने ।

२१. वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्र, मध्यवर्ति क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा १० देखि ५० शैयासम्मका रिसोर्ट, होटल र सफारी तथा साना खालका शिक्षण संस्था, अस्पताल वा नेपाल सरकारको वनसँग सम्बन्धित निकाय बाहेक अन्य निकायबाट हुन सक्ने निर्माण कार्य गर्ने ।

---

❐ मिति २०६९।११।१४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

२२. स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने ।

२३. एलियन (Alien) तथा इन्भेसिभ (Invasive) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना (Introduced) लगायत जि.एम.ओ. (Genetically Modified Organism) र एल.एम.ओ. (Living Modified Organism) प्रभावित प्रजाति एवं प्रविधिको स्थापना, प्रशारण तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने ।

२४. एक जिल्लाबाट वार्षिक ५ मे. टनभन्दा बढी खोटो सङ्कलन गर्ने ।

(आ) उद्योग क्षेत्र

(क)

१. ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी स्थापना गर्ने ।

२. दैनिक १०० मे. टनसम्म उत्पादन क्षमता भएको एसिड, अल्काली र प्राथमिक रसायन उद्योगहरु स्थापना गर्ने ।

३. दैनिक १०,००० वर्ग फिटसम्म छाला प्रशोधन गर्ने ।

४. कुकिङ्ग, नेचुरल ग्यास रिफिलिङ्ग, फिलिङ्ग, उत्पादन-वितरण गर्ने उद्योग स्थापना गर्ने ।

५. ढुङ्गा क्रसिङ्ग उद्योग स्थापना गर्ने ।

६. श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उद्योग स्थापना गर्ने ।

७. दैनिक १०,००० लिटर भन्दा बढी क्षमता भएको दुग्ध प्रशोधन उद्योग स्थापना गर्ने ।

८. ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्ट्स् उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

९. फोम उत्पादन उद्योग स्थापना गर्ने ।

१०. ड्राइ वा वेट सेल (ब्याट्री) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

११. दैनिक ३००० मे. टन सम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१२. परम्परागत घरेलु, उद्योग बाहेकका धागो कपडा रङ्गाई, छपाई वा धुलाई उद्योग (गलैंचा समेत) स्थापना गर्ने ।

१३. परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मे. टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

१४. वार्षिक २ करोड गोटासम्म उत्पादन क्षमता भएको इटा, टायल आदि उद्योग स्थापना गर्ने ।

▶१५. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३ हजार मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

१६. दैनिक ५०० मे. टनसम्म चुन उत्पादन उद्योग स्थापना गर्ने ।

१७. औषधी उद्योग स्थापना गर्ने र दैनिक ५० मे. टन सम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने ।

१८. दैनिक ५ मे. टन भन्दा बढी प्लाष्टिक उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थमा आधारित) स्थापना गर्ने ।

१९. पाईप लाइन बाहेक व्यापारिक प्रयोजनका लागि प्रति सेकेण्ड १० लिटरभन्दा बढी दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(ख) मेसिन, औजार र उपकरणमा रु. १० लाख भन्दा बढी (कम्पनीको मूल्यमा) लगानी हुने देहायका उद्योगहरु स्थापना गर्ने :-

१. टायर, ट्यूब्स र रबर प्रशोधन तथा उत्पादन ।

२. फाउण्ड्री ।

३. बिटुमिन तथा बिटुमिन इमल्सन ।

४. दैनिक ५० मे. टनसम्म हाड, सिङ र खुरको रासायनिक प्रशोधन गर्ने ।

५. आयुर्वेदिक औषधी ।

६. ५० करोडसम्म स्थिर पूँजी लगानी हुने (सिभिल कार्य र मेशीनरी) खानीमा आधारित उद्योग स्थापना गर्ने ।

---

▶ मिति २०७२।७।३० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

७. दैनिक ५० मे. टनसम्म फेरस तथा नन् फेरस (रिरोलिङ्ग, रिमोल्टिङ्ग र फेब्रिकेशन बाहेक) प्रारम्भिक स्मेल्टिङ्ग गरी धातु उत्पादन गर्ने ।

८. वार्षिक ५ हजारदेखि ५० हजार क्यूविक फिटसम्म काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने ।

(इ) खानी क्षेत्र :

१. २५ देखि १०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन् गर्ने ।

२. रेडियोधर्मी धातुहरु बाहेक अन्य धातुहरु उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २०० टनसम्म र सतही उत्खनन् भए दैनिक ४०० टनसम्म उत्खननको कार्य गर्ने ।

▶३. एस्वेस्टस बाहेक अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २०० टनसम्म र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टनसम्म उत्खनन् कार्य गर्ने ।

४. डेकोरेटिभ ढुङ्गा (जस्तै - Marble, Granite, Amphibolite/ Polished Stone) सङ्कलन तथा उत्पादन गर्ने ।

५. साधारण निर्माणमुखी ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खनन्का लागि दैनिक ३०० क्यू.मि. सम्म उत्खननको कार्य गर्ने ।

६. कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २०० टन र सतही उत्खनन् भए दैनिक ४०० टनसम्म उत्खननको कार्य गर्ने ।

७. दैनिक १ लाख घनमिटरसम्म प्राकृतिक ग्याँस (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने ।

(ई) सडक क्षेत्र

१. देहायका नयाँ सडकहरु निर्माण गर्ने :-

(क) जिल्ला सडकहरु

(ख) शहरी सडकहरु

२. ५ देखि ५० कि.मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने ।

---

▶ मिति २०७२।७।३० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

३. १ देखि ५ कि.मि. सम्मको केबुल कार मार्ग निर्माण गर्ने ।

४. प्रमुख पुलहरु निर्माण गर्ने ।

५. सडक प्रयोजनको लागि सुरुङहरु बनाउने ।

६. राष्ट्रिय राजमार्ग तथा सहायक सडकहरुको स्तरवृद्धि, पुनर्स्थापना तथा पुन: निर्माण गर्ने ।

(उ) आवास, भवन तथा शहरी विकास क्षेत्र

१. ५,००० वर्गमिटर क्षेत्रफल भन्दा माथि १०,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने ।

२. १,००० देखि २,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने ।

☛३. १ हेक्टरदेखि ४ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने ।

४. १० हेक्टरदेखि १०० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

५. १० हेक्टर भन्दा माथि Hard Surface Pavement (जस्तै- Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने ।

६. २०,००० क्यू. मिटरभन्दा माथि माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने ।

७. १० तल्ला वा २५ मिटरभन्दा माथि १६ तल्ला वा ५० मिटरसम्मका भवनहरु निर्माण गर्ने ।

(ऊ) जलस्रोत र उर्जा क्षेत्र

१. विद्युत लाईन निर्माण अन्तर्गत :

(क) ➢.............

(ख) ➢.............

---

☛ मिति २०६५।३।१६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संशोधन गरिएको ।

➢ मिति २०६५।११।२६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी झिकिएको ।

✪(ग) १३२ के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने ।

(घ) विद्यमान २२० के.भी. वा सो भन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सवस्टेशन निर्माण गर्ने ।

◆१क. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत प्रशारण लाइन निर्माण गर्दा जतिसुकै वन क्षेत्र उपयोग गर्नु पर्ने भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण मात्र पर्याप्त हुनेछ ।

तर यसरी विद्युत प्रशारण लाइन निर्माण गर्दा रुख कटान गर्नु परेमा एक रुख कटान भएकोमा त्यसको न्यूनतम पच्चीसको अनुपातमा रुख रोपेर हुर्काएको हुनु पर्नेछ ।

२. विद्युत उत्पादन अन्तर्गत :

ൟ(क) १ मेगावाटदेखि ५० मेगावाट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने ।

(ख) १ मेगावाटदेखि ५ मेगावाट क्षमतासम्मको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

३. सिँचाईको नयाँ प्रणाली अन्तर्गत :

(क) तराई र भित्री मधेशमा २०० हेक्टरदेखि २,००० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

४. सिँचाईको पुनरुत्थान प्रणाली अन्तर्गत :

(क) विद्यमान प्रणाली अन्तर्गतका सिँचाई आयोजनाहरुमा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने ।

५. २५ जनादेखि १०० जनासम्म स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने ।

ൟ६. १० कि.मि. भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने ।

---

✪ मिति २०६५।११।२६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरेफेर गरिएको ।

◆ मिति २०६६।१०।१३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थपिएको ।

ൟ मिति २०६५।१०।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

‖ (ऊ१) <u>वीकरणीय ऊर्जा क्षेत्र</u>

(क) १ मेगावाटदेखि १० मेगावाट क्षमतासम्मको सौर्य उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) १ मेगावाटदेखि १० मेगावाट क्षमतासम्मको वायु उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) ०.५ मेगावाटदेखि २ मेगावाट क्षमतासम्मको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ए) <u>पर्यटन क्षेत्र</u>

१. ५० शैयादेखि १०० शैयासम्मको होटल स्थापना र सञ्चालन गर्ने ।

२. विद्यमान विमानस्थलको क्षेत्रफल थप्ने ।

३. माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्ग कार्य सञ्चालन गर्ने ।

४. तालमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने ।

(ऐ) <u>खानेपानी क्षेत्र</u>

१. २०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षादको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतहरुको प्रयोग गर्ने ।

२. सेफ इल्ड १ क्यूसेकसम्मको सतही पानीको स्रोत र पानीको ५० प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने ।

३. प्रति सेकेण्ड २५ लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने ।

४. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ५० प्रतिशतसम्म रिचार्ज गर्ने ।

५. सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

६. खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसंख्या विस्थापन गर्ने ।

७. पानीको श्रोतको माथिल्लो भागमा ५०० जनसंख्यासम्मको बसोबास गराउने ।

---

⇅ मिति २०६५।३।१६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरेफेर गरिएको ।

‖ मिति २०६७।६।१८ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थपिएको ।

८. पाँच हजारदेखि पचास हजारसम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

९. दश हजारदेखि एक लाखसम्म मानिसहरुलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।

१०. १ कि.मि. भन्दा बढीको रिभर ट्रेनिङ्ग एण्ड डाइभरसन् सम्बन्धी काम गर्ने ।

११. ट्रिटमेन्ट सहितको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने ।

(ओ) फोहोर मैला व्यवस्थापन क्षेत्र

१. घर एवं आवास क्षेत्रहरुबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्ने :

(क) वार्षिक १,००० देखि ५,००० टनसम्म फोहोरमैला जमिनमा भर्ने ।

(ख) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने ।

(ग) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने ।

(घ) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने ।

(ङ) ५० लाखभन्दा बढी लागतको ढल निकास आयोजना सञ्चालन गर्ने ।

(औ) कृषि क्षेत्र

१. पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म राष्ट्रिय वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. निर्माण सम्बन्धी देहायको काम गर्ने :-

(क) ३०,००० वटाभन्दा बढी पंक्षी जाति पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ख) १,००० वटाभन्दा बढी ठूला चौपायहरु पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ग) ५,००० वटाभन्दा बढी साना चौपायहरु (भेडा, बाखा) पाल्नको लागि निर्माण कार्य गर्ने ।

(घ) महानगरपालिका र उपमहानगरपालिका क्षेत्र अन्तर्गत तराईमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने ।

(ङ) इजाजत प्राप्त बधशाला निर्माण गर्ने । ।

३. म्याद नाघेका विषादीको (सूचित विषादीहरुको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने ।

४. रासायनिक मल (इनअर्गानिक फर्टिलाईजर) र रासायनिक विषादि (इनअर्गानिक पेस्टिसाईट) उत्पादन, संश्लेषण (फर्मूलेशन), रिप्याकेजिङ, भण्डारण तथा डिस्पोजल गर्ने ।

५. केमिकल फर्टिलाईजर (ब्लेण्डिङ्ग) तथा किटनाशक पदार्थ (ब्लेण्डिङ्ग) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(अं) स्वास्थ्य क्षेत्र

१. २५ देखि १०० शैयासम्मको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन अध्यापन समेत) सञ्चालन गर्ने ।

(अ:) खण्ड (अ) देखि खण्ड (अं) सम्म उल्लेखित र सो भन्दा कमस्तरका प्रस्तावहरु तथा अनुसूची-२ मा उल्लिखित प्रस्तावहरुभन्दा कमस्तरका प्रस्तावहरु बाहेक पाँच करोड रुपैयाँदेखि पच्चीस करोड रुपैयाँसम्म लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने ।

✍अनुसूची-२

(नियम ३ सँग सम्बन्धित)

<u>वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावहरु</u>

(अ) वन क्षेत्र

१. तराईमा ५०० हेक्टरभन्दा बढी र पहाडमा १०० हेक्टरभन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवाहरु तराईमा १०० हेक्टरभन्दा बढी र पहाडमा ५० हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षरोपण गर्ने ।

३. तराईमा २०० हेक्टरभन्दा बढी र पहाडमा ५० हेक्टरभन्दा बढी क्षेत्रफलको वन कबुलियती वनको रुपमा दिने ।

४. सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक ३० हेक्टरभन्दा बढीका राष्ट्रिय वन सरपट कटान गर्ने ।

५. कच्चा पदार्थका लागि वनमा आधारित र प्रशोधन विधि प्रयोग हुने वन क्षेत्रको १ कि.मि. भित्र स्थापना हुने रोजिन एण्ड टर्पेण्टाइन, रबर, प्लाइउड र भेनिर, इटा तथा टायल, सूर्ति कत्था र काठमा आधारित सलाई पल्प र कागज उद्योग, दाउरा बढी खपत गर्ने अलैंची लगायत मध्यम र ठूला चिया उद्योग तथा लौठसल्ला र धूप उद्योग स्थापना गर्ने ।

६. फोहर तथा प्रदुषण फाल्ने, जडीबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक तथा औद्योगिक प्रशोधन गर्ने ।

७. वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा ५० शैयाभन्दा बढीका रिसोर्ट, होटेल र सफारी तथा मध्यम र ठूला खालका शिक्षण संस्था, अस्पताल र उद्योग स्थापना वा अन्य निर्माण कार्य गर्ने ।

८. वन तथा संरक्षण क्षेत्र व्यवस्थापन योजनामा वन पैदावारको परिमाण उल्लेख नभएको अवस्थामा एक जिल्लाबाट एउटै वन क्षेत्र वा धेरै वन क्षेत्रबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाति वार्षिक ५० मे. टनभन्दा बढीका जरा झिक्ने प्रजातिका वन पैदावार सङ्कलन गर्ने ।

९. वन तथा संरक्षण क्षेत्र व्यवस्थापन योजनामा वन पैदावारको परिमाण उल्लेख नभएको अवस्थामा एक जिल्लाबाट एउटै वन क्षेत्र वा धेरै वन

---

✍ मिति २०६४।५।३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

क्षेत्रबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाति वार्षिक १०० मे.टनभन्दा बढीका बोक्रा झिक्ने प्रजातिका वन पैदावार सङ्कलन गर्ने ।

१०. प्रचलित कानून अनुसार सङ्कलन गर्न प्रतिवन्ध नलगाइएका एउटै वन क्षेत्र वा धेरै क्षेत्र वा एक वा धेरै सिजनमा जरा र बोक्रा प्रजाति, सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात लगायत काठ बाहेकका वन पैदावार एक पटक वा पटक पटक गरी प्रति प्रजाति वार्षिक १०० टनभन्दा बढी एक जिल्लाबाट सङ्कलन गर्ने ।

११. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एउटै वन क्षेत्र वा धेरै वन क्षेत्र वा एक वा धेरै सिजनमा एक जिल्लाबाट प्रति प्रजाति ५० टन भन्दा बढी वन पैदावार सङ्कलन गर्ने ।

१२. वनसँग सम्बन्धित सरकारी निकाय बाहेक अन्य निकायहरुबाट कार्यान्वयन हुने प्रस्तावको लागि ५ हेक्टर भन्दा बढीको वन क्षेत्र कटान गर्ने ।

❒१३. ७५० हेक्टरभन्दा बढीको वन क्षेत्र एउटै समुदायलाई व्यवस्थापन गर्न हस्तान्तरण गर्ने ।

(आ) उद्योग क्षेत्र

१. दैनिक ५ लाख लिटरभन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेसन सुविधायुक्त ब्रुअरी तथा वाइनरी स्थापना गर्ने ।

२. दैनिक १०० मे. टनभन्दा बढी उत्पादन क्षमता भएको कोरोसिभ, एसिड, अल्काली जस्ता प्राथमिक रसायन उत्पादन (साइट्रिक, टारटरिक, एसेटिक, एसिड जस्ता बाहेक) गर्ने ।

३. दैनिक १०,००० वर्ग फिटभन्दा बढी छाला प्रशोधन गर्ने ।

४. रु. ५० करोडभन्दा बढी स्थिर पूँजी लगानी हुने (सिभिल कार्य र मेशिनरी) खानीमा आधारित उद्योग स्थापना गर्ने ।

५. पेट्रो रासायनिक उत्पादन तथा प्रशोधन (डिजेल, मट्टितेल, लुब्रिकेन्टस्, प्लाष्टिक, सिन्थेटिक रबर आदि) गर्ने ।

६. दैनिक ५० टनभन्दा माथि फेरस तथा नन्फेरस (रिरोलिङ्ग रिमेल्टिङ्ग र फेव्रिकेशन बाहेक) प्रारम्भिक स्मेल्टिङ्ग गरी धातु उत्पादन गर्ने ।

७. दैनिक ३,००० मे. टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

---

❒ मिति २०६९।११।१४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

►८. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३ हजार मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

९. दैनिक ५०० मे. टनभन्दा बढी उत्पादन क्षमता भएको चून उद्योग स्थापना गर्ने ।

१०. एस्बेस्टस उत्पादन गर्ने ।

११. रेडियो विकिरण निष्काशन हुने (न्यूक्लियर/एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने ।

१२. दैनिक ५० मे. टनभन्दा बढी औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने ।

१३. अति घातक (Extremely Hazardous) पदार्थ जस्तै :- आइसोनाइट, मर्करी कम्पाउण्ड आदि उत्पादन गर्ने ।

१४. नेपाली सेना वा नेपाल प्रहरीले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली गट्ठा, बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने ।

१५. दैनिक १०० मे. टनभन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

१६. वार्षिक २ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको इटा टायल उद्योग स्थापना गर्ने ।

१७. दैनिक ५० मे. टन भन्दा माथि हाड, सिङ र खुरको रासायनिक प्रशोधन गर्ने ।

१८. बार्षिक ५० हजार क्यूविक फिटभन्दा बढी काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने ।

(इ) खानी क्षेत्र :

१. खानी उत्खनन् गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्याको स्थायी बसोबास, स्थानान्तरण वा पुनर्वास गर्ने ।

२. खानी उत्खनन् कार्यको लागि :

(क) सबै रेडियोधर्मी धातुहरुको उत्पादन गर्न उत्खनन् कार्य गर्ने ।

(ख) अन्य धातुहरु उत्पादन गर्न भूमिगत उत्खनन् भए दैनिक २०० टनभन्दा वढी र ⁄सतही उत्खनन् भए दैनिक १,२०० टनभन्दा बढी उत्खनन् कार्य गर्ने ।

---

► मिति २०७२।७।३० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

▶(ग) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २०० मेट्रिक टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टन भन्दा बढी उत्खनन् कार्य गर्ने ।

(घ) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल र औद्योगिक माटोको उत्खनन्का लागि दैनिक ३०० क्यू.मि. भन्दा बढी उत्खनन् कार्य गर्ने ।

(ङ) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २०० टनभन्दा बढी र सतही उत्खनन् भए दैनिक ४०० टनभन्दा बढी उत्खनन् कार्य गर्ने ।

(च) दैनिक १ लाख घनमिटरभन्दा बढी प्राकृतिक ग्याँस (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने ।

(छ) पेट्रोलियम पदार्थको उत्खनन् र प्रशोधन सम्बन्धी कार्य गर्ने ।

(ज) नदी नाला सतहबाट दैनिक २५० घनमिटर भन्दा बढी बालुवा, ग्राभेल (गिर्खा) माटो निकाल्ने ।

✥तर नदी नाला सतहबाट विकास निर्माणका लागि आवश्यक पर्ने रोडा, ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल (गिर्खा), माटो निकाल्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे पुग्नेछ ।

(ई) सडक क्षेत्र

१. देहायका सडकहरु निर्माण गर्ने :

(क) राष्ट्रिय राजमार्ग ।

(ख) प्रमुख सहायक सडकहरु ।

२. ५० कि.मि. भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने ।

३. ५ कि.मि. भन्दा लामा केबुल कार मार्ग निर्माण गर्ने ।

(उ) आवास, भवन तथा शहरी विकास क्षेत्र

१. १०,००० वर्गमिटर क्षेत्रफलभन्दा माथिको Built Up Area वा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने ।

---

✧ मिति २०६७।६।१८ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संशोधन गरिएको ।

▶ मिति २०७२।७।३० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

✥ मिति २०७३।१।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप गरिएको ।

२. २,००० जनाभन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने ।

☛३. ४ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने ।

४. १०० हेक्टरभन्दा माथिको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

५. १६ तल्ला वा ५० मिटर भन्दा माथिका भवनहरु निर्माण गर्ने ।

(ऊ) जलस्रोत र उर्जा क्षेत्र

१. ➢.............

✍२. ५० मेगावाटभन्दा बढी क्षमताको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने ।

३. विद्युत उत्पादन अन्तर्गत :

(क) १ मेगावाटभन्दा बढीको कोइला वा आणविक विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) ५ मेगावाटभन्दा बढीको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

४. सिँचाईको नयाँ प्रणाली अन्तर्गत :

(क) तराई र भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिँचाई गर्ने ।

(ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टरभन्दा बढीको क्षेत्र सिँचाई गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २०० हेक्टर भन्दा बढी क्षेत्रमा सिँचाई गर्ने ।

५. १०० जनाभन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने ।

६. वहुउद्देश्यीय जलाशयको निर्माण गर्ने ।

७. एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने ।

---

☛ मिति २०६५।३।१६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संशोधन गरिएको ।

➢ मिति २०६५।११।२६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी झिकिएको ।

✍ मिति २०६५।१०।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

ǁ (ऊ१) <u>नवीकरणीय ऊर्जा क्षेत्र</u>

(क) १० मेगावाटभन्दा बढी क्षमताको सौर्य उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ख) १० मेगावाटभन्दा बढी क्षमताको वायु उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) २ मेगावाटभन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ए) <u>पर्यटन क्षेत्र</u>

१. १०० शैयाभन्दा बढीको होटल निर्माण, स्थापना र सञ्चालन गर्ने ।

२. नयाँ विमानस्थल निर्माण गर्ने ।

(ऐ) <u>खानेपानी क्षेत्र</u>

१. २०० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको वर्षादको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतहरुको प्रयोग गर्ने ।

२. सेफ इल्ड १ क्यूसेकभन्दा बढी सतही पानीको स्रोत र सो पानीको स्रोतको सम्पूर्ण भाग सुख्खा समयमा आपूर्ति गर्ने ।

३. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ५० प्रतिशतभन्दा बढी रिचार्ज गर्ने ।

४. खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्या विस्थापित गर्ने ।

५. पानीको स्रोतको माथिल्लो भागमा ५०० जनाभन्दा बढीको जनसंख्या बसोबास गराउने ।

६. पचास हजार भन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

७. एक लाख भन्दा बढी मानिसहरुलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।

८. जैविक एवं रासायनिक प्रदुषणहरु हुने पोयन्ट तथा नन् पोयन्ट स्रोतहरु वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको ओभर माइनिङ्ग गर्ने,

९. प्रति सेकेण्ड २५ लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोत सम्बन्धी वहुद्देश्यीय आयोजना सञ्चालन गर्ने ।

---

ǁ मिति २०६७।६।१८ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थपिएको ।

(ओ) फोहोर मैला व्यवस्थापन क्षेत्र

१. १०,००० भन्दा बढी जनसंख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने फोहोरमैला व्यवस्थापन कार्य गर्ने ।

२. घर एवं आवास क्षेत्रहरुबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्ने :

(क) वार्षिक ५,००० टनभन्दा बढी फोहोरमैला जमिनमा भर्ने ।

(ख) १० हेक्टरभन्दा बढी  क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने ।

(ग) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट, केलाउने, तह लगाउने र पुन: प्रयोग गर्ने ।

(घ) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने ।

(ङ) कम्तीमा १०,००० जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहोरमैला गाड्ने काम गर्ने ।

३. देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहोरमैला सम्बन्धी देहायका निर्माण सम्बन्धी काम गर्ने : -

(क) फोहोरमैला संयन्त्र निर्माण ।
(ख) फोहोरमैला रिकोभरी प्लाण्ट निर्माण ।
(ग) फोहोरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण ।
(घ) फोहोरमैला भण्डारण गर्ने ठाउँको निर्माण ।
(ङ) फोहोरमैला ट्रिटमेण्ट सुविधाको निर्माण ।

४. घातक फोहोर पदार्थ सम्बन्धी देहायका काम गर्ने :

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुहरुको निस्काशन र व्यवस्थापन गर्ने ।

(ख) पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुहरुको निस्काशन र व्यवस्थापन गर्ने ।

(ग) कम्तीमा २५ शैया भएको स्वास्थ्य केन्द्र वा अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक घातक पदार्थहरुको अन्तिम निस्काशन व्यवस्थापन गर्ने ।

(घ) कुनै पनि घातक पदार्थलाई भष्म वा पुन : प्रयोग गर्नको लागि १ हेक्टर वा सोभन्दा बढी क्षेत्रफल जमीन र उर्जा सम्बन्धी कुनै काम गर्ने ।

(औ) <u>कृषि क्षेत्र</u>

१. पहाडमा १ हेक्टरभन्दा बढी र तराईमा ५ हेक्टरभन्दा बढी सरकारी वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. कृषियोग्य भूमिमा शहरीकरण योजना गर्ने ।

३. जीवनाशक विषादी (सूचित विषादीहरुको मात्र) प्लाण्ट स्थापना गर्ने ।

(अं) <u>स्वास्थ्य क्षेत्र</u>

१. १०० शैयाभन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन/अध्यापन समेत) सञ्चालन गर्ने ।

(अ:) <u>देहायको क्षेत्रमा कुनै प्रस्ताव कार्यान्वयन गर्ने भएमा</u>

१. ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र ।

३. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार र संरक्षण क्षेत्र ।

ꣻतर राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार र संरक्षण क्षेत्रको नदी नाला सतहबाट विकास निर्माणका लागि आवश्यक पर्ने रोडा, ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल (गिर्खा), माटो निकाल्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे पुग्नेछ ।

७. सार्वजनिक खानेपानी आपूर्तिका मुख्य स्रोतहरु रहेको क्षेत्र ।

(अ:१) खण्ड (अ) देखि खण्ड (अं) सम्म उल्लिखित र सोभन्दा कमस्तरका प्रस्तावहरु तथा अनुसूची-१ मा उल्लिखित र सोभन्दा कमस्तरका प्रस्तावहरु बाहेक पच्चीस करोड रुपैयाँभन्दा बढी लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने ।

---

ꣻ मिति २०७३।१।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप गरिएको ।

## अनुसूची-३

(नियम ५ सँग सम्बन्धित)

**<u>प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची</u>**

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :-

२. प्रस्तावको,-

(क) सामान्य परिचय

(ख) प्रस्तावको सान्दर्भिकता

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्न पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरु

५. प्रतिवेदन तयार गर्दा लाग्ने,-

(क) समय

(ख) अनुमानित बजेट

६. ⏭... ... ...

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव,-

(क) सामाजिक-आर्थिक
(ख) साँस्कृतिक-भौतिक
(ग) रसायनिक
(घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका विकल्पहरु,-

(क) डिजाइन
(ख) आयोजना स्थल
(ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ
(घ) अन्य कुराहरु

९. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरु

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

११. अन्य आवश्यक कुराहरु ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

अनुसूची-४

(नियम ५ सँग सम्बन्धित)

<u>वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची</u>

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :-

२. प्रस्तावको सामान्य परिचय

३. प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्यांक र तथ्यांकहरु सङ्कलन विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन नियम र निर्देशिकाहरु

५. प्रतिवेदन तयार गर्दा लाग्ने,-

(क) समय

(ख) अनुमानित खर्च

(ग) आवश्यक पर्ने विशेषज्ञ

६. प्रतिवेदन तयार गर्नको लागि निर्धारण गरिएको क्षेत्र

७. प्रतिवेदन कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु,-

(क) सामाजिक-आर्थिक

(ख) साँस्कृतिक-भौतिक

(ग) रसायनिक

(घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका अन्य विकल्पहरु,-

(क) डिजाइन

(ख) आयोजना स्थल

(ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ

(घ) वातावरण व्यवस्थापन प्रणाली

(ङ) प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने

(च) अन्य कुराहरु

९. प्रस्ताव कार्यान्वयन गर्दा देखिने नकारात्मक प्रभावहरु हटाउने उपायहरु

१०. प्रस्तावको लागत प्रतिफलको विवरण

११. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

१२. प्रतिवेदन तयार गर्दा उल्लेख गर्नु पर्ने सान्दर्भिक सूचना, सन्दर्भ सूची, परिशिष्ट, नक्सा, फोटो चित्र, तालीका, चार्ट, ग्राफ र प्रश्नावलीहरु

## अनुसूची-५

(नियम ७ सँग सम्बन्धित)

<u>प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु</u>

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :-

२. प्रस्तावको सारांश : (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरु संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू-उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,

(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरु ।

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने :-

(क) प्रस्तावको किसिम
(१) प्रशोधन गर्ने (२) उत्पादन गर्ने (३) जडान गर्ने (४) सर्भिस डेलिभरी (५) अन्य

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

(ग) प्रस्तावको,-
(१) जडान क्षमता (२) प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुने

(घ) प्रयोग गरिने सामाग्री (परिमाण र वर्ष उल्लेख गर्ने)

(ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमा निष्कासन हुने हो खुलाउनु पर्ने ।
(१) ठोस (२) तरल (३) हावा (४) ग्याँस (५) ध्वनि (६) धूलो (७) अन्य

(च) प्रयोग हुने उर्जाको,-
(१) किसिम (२) स्रोत (३) खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा)

(छ) जनशक्तिको आवश्यकता कति पर्ने

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने

(१) कूल पूँजी (२) चालू पूँजी (३) जमिनको क्षेत्रफल (४) भवन र तिनका किसिम (५) मेसिनरी औजार (६) अन्य

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण :

(१) नक्सा (२) सो क्षेत्र र वरिपरीको जनसंख्या र बसोबासको स्थिति (३) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिज वस्तुको विवरण (४) हालको स्थिति (५) पानीको स्रोत (६) फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था (७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवात जावत गर्ने बाटो

(ञ) उत्पादन प्रक्रिया (ट) प्रविधिको विवरण (ठ) अन्य आवश्यक कुराहरु

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु,-

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

(१) मानव स्वास्थ्यमा पर्ने प्रभाव (२) खेती योग्य जमिनको क्षय (३) वन जङ्गलको क्षय (४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन

(५) अन्य

(ख) जैविक प्रभावहरु

(१) जनसंख्या (२) वनस्पति तथा जीवजन्तु (३) प्राकृतिक वासस्थान र समुदाय

(ग) भौतिक प्रभावहरु

(१) जमिन (२) वायुमण्डल (३) पानी (४) ध्वनी (५) मानव निर्मित वस्तुहरु (६) अन्य

५. प्रभाव कार्यान्वयनका विकल्पहरु,-

(१) डिजाइन (२) आयोजना स्थल (३) प्रक्रिया, समय-तालिका

(४) प्रयोग हुने कच्चा पदार्थ (५) अन्य कुराहरु

६. प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई कम वा रोकथाम गर्ने उपायहरु

७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

८. अन्य आवश्यक कुराहरु

<u>द्रष्टव्य</u> :- प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्याङ्क, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्नेछ ।

अनुसूची-६

(नियम ७ सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :-

२. प्रस्तावको सारांश : (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरु उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू-उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,

(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरु ।

३. प्रतिवेदनको सारांश : वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका कुराहरुको संक्षिप्त विवरण ।

४. प्रस्तावको विवरण :

(क) प्रस्तावको प्रविधिक, भौगोलिक, वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पक्ष उल्लेख गर्ने ।

(ख) प्रस्तावको कार्यान्वयनको प्रत्येक चरणमा गरिने कार्यहरुको उद्देश्य, कार्यनीति तथा कार्यतालिका उल्लेख गर्ने ।

५. प्रस्तावको आधारभूत जानकारी : प्रस्तावको प्रकृति अनुसार मूल्याङ्कन गरिने क्षेत्रको भू-भौतिक, साँस्कृतिक, जैविक तथा सामाजिक, आर्थिक परिस्थितिका साथै प्रस्ताव सञ्चालन हुनुभन्दा पहिला हुन सक्ने कुनै परिवर्तनका बारेमा आधारभूत जानकारी उल्लेख गर्ने । उपलब्ध हुन नसक्ने कुनै तथ्याङ्क तथा अध्ययनले समेट्न नसक्ने विषय वस्तुहरु भए सो पनि उल्लेख गर्ने ।

६. वातावरणीय प्रभावको पहिचान : प्रस्ताव कार्यान्वयन गर्दा वातावरणको देहायका क्षेत्रमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावहरुको उल्लेख गर्ने तथा सम्भव भएसम्म समय र कार्य तालिका अनुसार सम्भावित प्रभावहरुको अनुमान गर्ने र परिमाण तोक्ने :-

(क) प्रस्तावको कार्यान्वयनबाट लाभदायी वा प्रतिकूल प्रभाव पर्ने समय र भौगोलिक क्षेत्र ।

(ख) प्रस्तावको कार्यान्वयनबाट निष्काशन हुने फोहरमैला र प्रदूषणका प्रभावहरु ।

(ग) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रत्यक्ष, अप्रत्यक्ष र समग्र (कुमुलेटीभ) प्रभावहरु ।

७. प्रस्तावको विकल्प विश्लेषण : देहायको विषयमा विश्लेषण गर्नु पर्ने :-

(क) प्रस्तावको डिजाइन, आयोजना स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका प्रयोग हुने कच्चा पदार्थ आदिको विषयमा ।

(ख) प्रस्ताव कार्यान्वयन गर्दा आवश्यक पर्ने स्थिर पूँजी र चालू पूँजी, स्थानीय अनुकूलता, संस्थागत तालिम र सुपरिवेक्षणको आवश्यकताहरुका आधारमा तुलना गर्ने र सम्भव भएसम्म प्रत्येक वैकल्पिक उपायको वातावरणीय लागत प्रतिफल तथा आर्थिक महत्वको बारेमा ।

(ग) प्रस्ताव कार्यान्वयन गर्दा पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रतिकूल असरहरु ।

(घ) प्रस्ताव कार्यान्वयन गर्दा प्रयोग हुने उर्जा र त्यस्तो उर्जा बचत गर्न अपनाइने उपायहरु ।

(ङ) प्रस्ताव कार्यान्वयन नगरेमा हुन सक्ने परिणामको विश्लेषण ।

८. वातावरणीय प्रभाव कम गर्ने उपायहरु :

(क) वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने सबै क्रियाकलापहरुको लागि अपनाउनु पर्ने व्यावहारिक सुरक्षात्मक उपायहरु उल्लेख गर्ने ।

(ख) सुरक्षात्मक उपायहरुद्वारा वातावरणमा पर्ने प्रभाव पूर्ण रुपमा हटाउन नसकिने भएमा क्षतिपूर्तिका सम्बन्धमा उल्लेख गर्ने । अन्य सम्भावित विकल्पहरुसँग तुलना गरी सुरक्षाका उपायहरु खर्चका दृष्टिकोणबाट कत्तिको प्रभावकारी छन् भन्ने कुराका विश्लेषण गर्ने ।

(ग) अन्य सम्भावित विकल्पहरुसँग तुलना गरी सुरक्षाका उपायहरु खर्चका दृष्टिकोणबाट कतिको प्रभाव परेका छन् भन्ने कुरामा विश्लेषण गर्ने ।

९. वातावरणीय व्यवस्थापन योजनाका सम्बन्धमा उल्लेख गर्ने ।

१०. नीतिगत तथा कानूनी व्यवस्थाको समीक्षा : प्रस्तावको प्रकृति र स्तरका आधारमा सम्बन्धित नीति तथा ऐन नियमहरुको समीक्षा गर्ने । कुनै नीति तथा कानूनी व्यवस्थामा सुधार गर्नु पर्ने भए सो उल्लेख गर्ने ।

११. प्रस्तावको अनुगमन : प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका सम्बन्धमा गरिने अनुगमनको तरिका, अनुगमन गर्ने निकाय र समय-तालिका, अनुगमन तथा मूल्याङ्कनका सूचक आदि उल्लेख गर्ने ।

१२. वातावरणीय परीक्षणको ढाँचा तथा त्यसको सार्थकताका बारेमा उल्लेख गर्ने ।

१३. सन्दर्भ सामग्रीहरु : प्रतिवेदन तयार गर्दा उद्धृत गरिएका सन्दर्भहरुको प्रकाशन सम्बन्धी सूची निम्नलिखित आधारमा बनाउने :-

(क) लेखक,
(ख) प्रकाशित भएको मिति,
(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक,
(घ) उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम,
(ङ) वर्ष, खण्ड, अङ्क आदि (भएको खण्डमा),
(च) पृष्ठ

१४. परिशिष्टमा देहायका कुराहरु समावेश गर्ने :

(क) भू-बनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्शाहरु,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरुको हवाई फोटोहरु,

(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नावली वा विषय वस्तुको सूची,

(घ) चार्ट तथा चित्रहरु जस्ता वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कुराहरु,

(ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्याङ्क (समयको आधारमा क्रमबद्ध गरी),

(च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क,

(छ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनीको स्तर सम्बन्धी जानकारी,

(झ) वातावरण प्रभाव मूल्याङ्कनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखा चित्र,

(ञ) नक्शा, स्लाइड, रेकर्डहरु तथा भिडियो फिल्म जस्ता सहायक श्रव्य दृश्य सामग्री,

(ट) बाली लगाउने तरिका, पशुपालन, माटोको गुण, रासायनिक मल प्रयोग गर्ने मात्रा सम्बन्धी तथ्याङ्क,

(ठ) अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीहरुको सन्दर्भ सूची,

(ड) आमन्त्रित व्यक्तिहरु तथा सहभागीहरुको सूची तथा सम्बन्धित संस्थाहरु बीचको छलफल, भेला र बैठकको रेकर्डहरु तथा छलफल र अनुगमनको छोटो जानकारी,

(ढ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीको व्यक्ति तथा संस्थाहरुको नामावली,

(ण) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाहरुको नाम, ठेगाना र टेलिफोन नम्बर ।

***अनुसूची-७**

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

प्रदुषण नियन्त्रण प्रमाणपत्र लिनु पर्ने उद्योगहरु

१. व्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी सम्बन्धी ।

२. फर्मेन्टेशन सुविधायुक्त ब्रुअरी र वाईनरी सम्बन्धी ।

३. कोरोसिभ, एसिड, अल्काली जस्ता प्राथमिक रसायन उत्पादन सम्बन्धी (साइट्रिक, टारटरिक, एसेटिक, एसिड जस्ता बाहेक) ।

४. छाला प्रसोधन गर्ने ।

५. इलेक्ट्रो प्लेटिङ्क तथा ग्याल्भनाइजिङ्ग, सम्बन्धी ।

६. कुकिङ्ग, नेचुरल ग्याँस रिफिलिङ्ग, फिलिङ्ग, उत्पादन-वितरण गर्ने ।

७. ढुङ्गा क्रसिङ्ग सम्बन्धी ।

८. रङ्ग रोगन सम्बन्धी ।

९. दुग्ध प्रसोधन सम्बन्धी ।

१०. व्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने ।

११. फोम उत्पादन सम्बन्धी ।

१२. ड्राइ वा वेट सेल (व्याट्रि) उत्पादन गर्ने ।

१३. खाँडसारी वा चिनी उत्पादन गर्ने ।

१४. परम्परागत घरेलु उद्योग बाहेकका धागो कपडा रङ्गाई, छपाई वा धुलाई (गलैंचा समेत) सम्बन्धी ।

१५. परम्परागत घरेलु उद्योग बाहेकका पल्प वा कागज सम्बन्धी ।

१६. इटा, टायल आदि सम्बन्धी ।

१७. चुन ढुङ्गा वा क्लिङ्करमा आधारित सिमेन्ट सम्बन्धी ।

१८. चुन उत्पादन सम्बन्धी ।

१९. औषधि सम्बन्धी ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

२०. केमिकल फर्टिलाइजर (व्लेण्डिङ्ग) तथा किट नाशक पदार्थ (व्लेण्डिङ्ग) उत्पादन गर्ने ।

२१. प्लाष्टिक (खेर गएको प्लाष्टिकको कच्चा पदार्थमा आधारित) सम्बन्धी ।

२२. सलाई सम्बन्धी ।

२३. अटो वर्कशप (२ पाँग्रे बाहेक) सम्बन्धी ।

२४. कोइलाबाट कोक, व्रिकेट आदि उत्पादन तथा प्रसोधन सम्बन्धी ।

२५ प्लाष्टिक प्रोसेसिङ्ग (खेर गएको पदार्थ प्रोसेस गर्ने बाहेक) सम्बन्धी ।

२६. टायर ट्यूब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने ।

२७. साबुन (डिटरजेन्ट, क्लिनिङ्ग स्याम्पू समेत) सम्बन्धी ।

२८. फोटो प्रोसेसिङ्ग सम्बन्धी ।

२९. फाउण्ड्री सम्बन्धी ।

३०. चुरोट, विडी, सूर्ती, पान मसला उत्पादन गर्ने ।

३१. पशु बधशाला सम्बन्धी ।
३२. ग्लास (काँच) सम्बन्धी ।
३३. खाद्य प्रशोधन सम्बन्धी ।
३४. धातुगत (रिमेल्टिङ्ग, रिरोलिङ्ग तथा फेव्रिकेशन समेत) सम्बन्धी ।

३५. विटुमिन तथा विटुमिन इमल्सन सम्बन्धी ।

३६. कोल्ड स्टोरेज सम्बन्धी ।

३७. धागो कताई सम्बन्धी ।

३८. वनस्पति घ्यू, तेल सम्बन्धी ।

३९. जडिबुटी प्रशोधन सम्बन्धी ।

४०. हाड, सिङ र खुरबाट विभिन्न वस्तु उत्पादन सम्बन्धी ।

४१. रोजिन टर्पेन्टाइन, भेनिएर तथा कत्था सम्बन्धी ।

४२. माछामासु प्रशोधन सम्बन्धी ।

४३. प्याकेजिङ पदार्थ उत्पादन सम्बन्धी ।

४४. पशुपंक्षीको दाना सम्बन्धी ।

४५. मेशिन शप सम्बन्धी ।

४६. वेल्डिङ्ग प्रक्रिया बाहेकको केमिकल फर्टिलाइजर, किटनाशक पदार्थ उत्पादन सम्बन्धी ।

४७. रु. ५ करोड भन्दा बढी स्थिर पूँजी लगानी हुने खानीमा आधारित उद्योग सम्बन्धी ।

४८. पेट्रो रसायनिक उत्पादन तथा प्रशोधन (डिजेल, मट्टीतेल, लुब्रिकेन्टस्, प्लाष्टिक, सिन्थेटीक रबर आदि उत्पादन गर्ने)

४९. फेरस तथा नन् फेरस (रिरोलिङ्ग, रिमेल्टिङ्ग र फेब्रिकेशन बाहेक) प्रारम्भिक स्मेल्टिङ्ग गरी धातु उत्पादन ।

५०. एस्वेस्टस उत्पादन गर्ने ।

५१. रेडियो विकिरण निष्कासन हुने (न्यू क्लियर र एटोमिक प्रशोधन) सम्बन्धी ।

५२. औषधिको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) उत्पादन गर्ने ।

५३. अति घातक (Extremely hazardous) पदार्थ जस्तै : आइसोसाइनाइट, मर्करी कम्पाउण्ड आदि सम्बन्धी ।

५४. गोली गठ्ठा, बारुद लगायतका विष्फोटक पदार्थ उत्पादन गर्ने ।

५५. हाडको रासायनिक प्रशोधन सम्बन्धी ।

## *अनुसूची-८

(नियम २०क. को उपनियम (१) सँग सम्बन्धित)

### मापदण्ड

ब्याट्री व्यवसायीको रुपमा कारोबार दर्ता गर्न वा स्वीकृति वा अनुमति लिन देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

१. ब्याट्रीको कारोवार गर्ने स्थानमा एसिड प्रशोधन प्रणाली जडान गरेको हुनु पर्ने ।

२. ब्याट्रीको कारोवार गर्ने स्थानमा एसिडबाट हुने हानी वा नोक्सानीको बचाउ सम्बन्धी प्रर्याप्त व्यवस्था गरेको हुनु पर्ने ।

३. ब्याट्रीको कारोवार गर्ने स्थानमा ब्याट्रीबाट निस्कने एसिडलाई निस्कृय पार्ने व्यवस्था गरेको हुनु पर्ने ।

४. ब्याट्रीको मर्मत तथा पुन: प्रशोधन सम्बन्धी कारोवार गर्नेको हकमा ब्याट्री मर्मत वा पुन: प्रशोधन गर्दा निस्कने झिल्काको असरलाई निस्प्रभावी पार्न प्रर्याप्त व्यवस्था गर्नुको साथै ब्याट्री मर्मत वा पुन: प्रशोधन गर्नको लागि सङ्कलन गरिने र मर्मत वा पुन: प्रशोधन गरिसकेका ब्याट्रीको भण्डारणको लागि प्रर्याप्त र अलग अलग स्थानको व्यवस्था गरेको हुनु पर्ने ।

५. ब्याट्रीको डिलर वा खुद्रा विक्रेताको कारोवार गर्नेको हकमा ब्याट्री भण्डारण गर्न पर्याप्त स्थानको व्यवस्था गरेको हुनु पर्ने ।

---

* दोस्रो संशोधनद्वारा थप ।

## ❋अनुसूची-९

(नियम २०घ.को उपनियम (१) र उपनियम (६) सँग सम्बन्धित)

<u>ब्याट्रीको कारोबार गर्दा पालना गर्नु पर्ने शर्तहरु</u>

ब्याट्री व्यवसायीको रुपमा कारोवार गर्दा देहायको शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) <u>उत्पादकको लागि</u> :

१. ब्याट्रीबाट मानव, जीवजन्तु तथा पर्यावरणमा पर्ने वा पर्न सक्ने नकारात्मक प्रभावको सम्बन्धमा मन्त्रालयले तोके बमोजिमको जोखिमको सङ्केत चिन्ह सहित स्पष्ट भाषामा चेतनामूलक सन्देश ब्याट्रीमा उल्लेख गर्नु पर्ने ।

२. पुन: प्रशोधित लिड खरिद गर्दा प्रचलित कानून बमोजिम कारोवार दर्ता गरेका वा स्वीकृति वा अनुमति लिएका व्यक्ति वा संस्थासँग मात्र खरिद गर्नु पर्ने ।

३. उत्पादन शुरु गरेको मितिले एक वर्षभित्र नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थाबाट गुणस्तर सम्बन्धी प्रमाणपत्र लिनु पर्ने ।

४. मन्त्रालयले तोके बमोजिमको जोखिमको सङ्केत चिन्ह ब्याट्रीमा उल्लेख गर्नु पर्ने ।

(ख) <u>मर्मतकर्ताको लागि</u> :

ब्याट्रीको मर्मत सम्भार गर्दा ब्याट्रीबाट हुन सक्ने आकस्मिक जोखिमको व्यवस्थापनको लागि अल्पकालिन र दीर्घकालिन योजना वनाई लागू गर्नु पर्ने ।

(ग) <u>पुन: प्रशोधकको लागि</u> :

१. ब्याट्री पुन: प्रशोधन गर्ने स्थानमा ब्याट्रीबाट निस्कने एसिडलाई जमिनले नसोस्ने व्यवस्था गर्नु पर्ने ।

२. ब्याट्री पुन: प्रशोधन गर्दा निस्कने एसिडलाई निस्प्रभावी पार्ने व्यवस्था गर्नु पर्ने ।

३. ब्याट्री पुन: प्रशोधन गर्दा निस्कने लिडका कणको मात्रा न्यूनीकरण व्यवस्था गर्नु पर्ने ।

---

❋ दोस्रो संशोधनद्वारा थप ।

४. ब्याट्री पुन: प्रशोधन गर्दा हुन सक्ने आगजनीजन्य जोखिमलाई व्यवस्थापन गर्न तत्काल उद्धारको व्यवस्था गर्नु पर्ने ।

५. पुन: प्रशोधनको लागि ब्याट्री फुटाउँदा मेसिनको प्रयोग गर्नु पर्ने ।

(घ) आयातकर्ताको लागि :

ब्याट्री आयात गर्दा त्यसरी आयात गर्न अनुमति प्राप्त व्यक्ति वा संस्थाले मात्र आयात गर्नु पर्ने ।

(ङ) डिलरको लागि :

१. टुटेफुटेका वा एसिड चुहिएका ब्याट्री खुद्रा विक्रेतालाई विक्री गर्न नहुने ।

२. प्रयोगकर्तावाट प्राप्त भएका ब्याट्री छ महिनाभित्र सुरक्षितसाथ पुन:प्रशोधक समक्ष पठाउने ।

३. प्रयोग भएका ब्याट्रीहरु पुन: प्रशोधन नगरी पुन: बिक्री नहुने ।

(च) सङ्कलकको लागि :

१. प्रयोग भइसकेका ब्याट्री प्रयोगकर्ता तथा खुद्रा विक्रेताबाट सङ्कलन गरी तीन महिनाभित्र पुन: प्रशोधक समक्ष पठाउने ।

२. ब्याट्री सङ्कलन गर्ने स्थानहरु यकिन गरी सम्बन्धित प्रयोगकर्ता, डिलर तथा खुद्रा विक्रेतालाई जानकारी गराउनु पर्ने ।

३. एसिड नचुहिने गरी ब्याट्री सङ्कलन गर्नु पर्ने ।

(छ) खुद्रा विक्रेताको लागि :

१. टुटेफुटेका वा एसिड चुहिएका ब्याट्री प्रयोगकर्तालाई विक्री गर्न नहुने ।

२. प्रयोग भईसकेका ब्याट्री आफूसमक्ष सङ्कलन भएपछि पुन:प्रशोधनको लागि तीन महिनाभित्र सङ्कलक वा पुन: प्रशोधक समक्ष पठाउने ।

३. आफुले विक्री गरेका ब्याट्री प्रयोगकर्ताबाट प्रयोग भइसकेपछि प्रचलित बजार मूल्यमा पुन: आफैले खरीद गर्ने व्यवस्था मिलाउनुपर्ने ।

(ज) सामूहिकरुपमा पालना गर्नु पर्ने शर्त :

ब्याट्री व्यवसायीले सामूहिकरुपमा पालना गर्नु पर्ने शर्तहरु :-

१. ब्याट्रीको कारोवार गर्दा नेपाल सरकारबाट स्वीकृत पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड लागू गर्नु पर्ने ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “कारोवार” भन्नाले ब्याट्रीको उत्पादन, मर्मत, पुनः प्रशोधन, आयात, डिलर, सङ्कलक वा खुद्रा विक्रेता सम्बन्धी कुनै कार्यलाई जनाउँछ ।

२. ब्याट्रीको कारोवार गर्ने स्थानमा ब्याट्रीबाट हुनसक्ने आकस्मिक जोखिम व्यवस्थापनको लागि तत्काल उद्धारको व्यवस्था गर्नु पर्ने ।

३. ब्याट्रीको कारोवार गर्दा निस्कने एसिड लगायत अन्य तरल पदार्थको मात्रा ६ पी.एच.भन्दा कम हुनु नहुने ।

४. ब्याट्रीको भण्डारण गर्दा मानवीय तथा पर्यावरणीय हिसावले नोक्सानी नहुने गरी भण्डारण गर्नु पर्ने ।

५. ब्याट्रीको ढुवानी तथा भण्डारण गर्दा वातावरणीय प्रदुषण हुन नदिन प्रचलित वातावरण सम्बन्धी कानूनले तोकेका शर्तहरु पालना गर्नु पर्ने ।

६. ब्याट्री ढुवानी गर्दा एसिड नचुहिने गरी एसिड अबरोधक प्लास्टिक वा एसिड अबरोधक पदार्थबाट बनेको एप्रोन प्रयोग गर्नुको साथै ब्याट्रीलाई ढुवानी गर्ने साधनमा राख्दा नहल्लिने गरी ठाडो पारी राख्नु पर्ने ।

७. ब्याट्रीको विज्ञापन गर्दा लिड तथा एसिडबाट उत्पन्न हुन सक्ने जोखिमको विषयमा सरोकारवालालाई जानकारी गराउनु पर्ने ।

८. आफूले वर्षभरि गरेको ब्याट्रीको कारोवार सम्बन्धी विवरण अद्यावधिक गरी सोको एक प्रति मन्त्रालयले तोकेको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले कारोवार दर्ता गरेको वा सो प्रयोजनको लागि स्वीकृति वा अनुमति लिएको निकायमा पेश गर्नु पर्ने ।

९. मन्त्रालयले समय समयमा तोकेका शर्तहरु पालना गर्नु पर्ने ।

(झ) ब्याट्री प्रयोगकर्ताको लागि :

१. प्रयोग गरिसकेका ब्याट्री तथा ब्याट्रीका कुनै अवयव घरायसी फोहोरमा मिसाउन नहुने ।

२. ब्याट्रीलाई तोडफोड गरी आफै नष्ट गर्न नहुने ।

३. प्रयोग भईसकेका ब्याट्री खुद्रा विक्रेता, सङ्कलक वा डिलर समक्ष पठाउनु पर्ने ।

# संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५७।५।१९

संशोधन
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही
नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(घ) "संरक्षण क्षेत्र" भन्नाले ऐनको दफा ३ बमोजिम नेपाल सरकारले घोषणा गरेको संरक्षण क्षेत्र सम्झनु पर्छ ।

(ङ) "संरक्षक" भन्नाले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारबाट नियम ५ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(च) "व्यवस्थापन कार्ययोजना" भन्नाले नियम ७ बमोजिम तर्जुमा र स्वीकृत भएको योजना सम्झनु पर्छ ।

(छ) "एकीकृत योजना" भन्नाले संरक्षण क्षेत्रको प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक श्रोतको सन्तुलित उपयोगको लागि नियम ८ बमोजिम तर्जुमा र स्वीकृत भएको योजना सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले नियम १० बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ ।

(झ) "परिषद्" भन्नाले नियम २४ बमोजिम गठित संरक्षण क्षेत्र व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

## परिच्छेद-२

## संरक्षण क्षेत्रको सिमाना र व्यवस्थापन

३. संरक्षण क्षेत्रको सिमाना : संरक्षण क्षेत्रको सिमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ ।

४. संरक्षण क्षेत्र कार्यालयको स्थापना : विभागले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नियम ३ बमोजिम निर्धारित संरक्षण क्षेत्रमा संरक्षण क्षेत्र कार्यालयको स्थापना गर्नेछ ।

५. संरक्षक : (१) नेपाल सरकारले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नियम ४ बमोजिम स्थापित कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी एक संरक्षक नियुक्त गर्नेछ ।

(२) एकीकृत योजनाको कार्यान्वयन गर्ने गराउने प्रमुख जिम्मेवारी संरक्षकको हुनेछ ।

६. संरक्षण क्षेत्रको इलाका विभाजन र इलाका कार्यालय : (१) संरक्षकले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि स्थानीय निकाय तथा समितिसँग समन्वय राखी संरक्षण क्षेत्रलाई आवश्यकता अनुसार विभिन्न संरक्षण इलाकामा विभाजन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षण इलाका विभाजन गर्दा संरक्षण क्षेत्रको भौगोलिक स्वरुप, विस्तार, मानिसको बसोबास क्षेत्र र प्राकृतिक सिमानालाई आधार मानिनेछ ।

(३) उपनियम (१) बमोजिम विभाजन गरिएको इलाकामा आवश्यकता अनुसार इलाका कार्यालय स्थापना गर्न सकिनेछ ।

## परिच्छेद-३

## व्यवस्थापन कार्ययोजना तथा एकीकृत योजनाको तर्जुमा र स्वीकृति

७. व्यवस्थापन कार्ययोजना तर्जुमा र स्वीकृत गर्ने : (१) प्रत्येक समितिले उपभोक्ता समूहसँग छलफल गरी देहायका कुराहरु खुलाई आफ्नो क्षेत्रभित्रको प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक श्रोतको सन्तुलित उपयोगको लागि व्यवस्थापन कार्ययोजना तर्जुमा गरी संरक्षक समक्ष पेश गर्नु पर्नेछ :-

(क) सम्बन्धित समितिको नाम,
(ख) सम्बन्धित समिति अन्तर्गत रहेको संरक्षण क्षेत्रको सिमाना,
(ग) वन, वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी तरिका,
(घ) वन पैदावारको सङ्कलन गर्ने तरिका,
(ङ) वन क्षेत्रमा चरिचरण गर्ने स्थान र तरिका,
(च) बिरुवा काटछाँट गर्ने, पातलो पार्ने, सफा गर्ने र अन्य उपचारहरुको तरिका,
(छ) वृक्षारोपण र वन सुधार सम्बन्धी तरिका,
(ज) वन पैदावारको वितरण, प्रबन्ध र बिक्री वितरण गर्ने तरिका,
(झ) भूमि व्यवस्थापनको लागि अपनाइने नीति तथा तरिका,
(ञ) सामुदायिक विकासका कार्यक्रम र कार्यान्वयन गर्ने तरिका, र
(ट) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) बमोजिम समितिले आ-आफ्नो क्षेत्रको व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा पाँच वर्षको अवधिको लागि तर्जुमा गरी उक्त अवधि भित्रको कूल लक्ष्य र कार्यक्रमलाई वार्षिक रुपमा पूरा गरिने लक्ष्य र कार्यक्रममा समेत विभाजन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश हुन आएको व्यवस्थापन कार्ययोजना संरक्षकले परिषद्मा पेश गर्नेछ र परिषद्ले आवश्यक छलफल गरी स्वीकृत गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा संरक्षकले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

८. एकीकृत योजना तर्जुमा र स्वीकृति गर्ने : (१) संरक्षकले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्नको लागि देहायका कुराहरु खुलाई सम्बन्धित समितिसँग समन्वय राखी स्वीकृत व्यवस्थापन कार्ययोजनासँग एकरुपता हुने गरी पाँच वर्षको लागि एकीकृत योजना तर्जुमा गर्नेछ :-

(क) आफ्नो क्षेत्रभित्र रहेका जङ्गल, झाडी, बुट्यान, घाँसे जग्गाले ओगटेको तथा पर्ति रहेको र आवादी क्षेत्रको विवरण,

(ख) वन सीमाको अवस्थिति,

(ग) नदी नाला तथा अन्य जलस्रोत समेत देखिने गरी तयार गरिएको नक्सा,

(घ) स्थानीय जनसङ्ख्या तथा जनघनत्व सम्बन्धी विवरण,

(ङ) आफ्नो क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पति तथा यस्तै अन्य प्राकृतिक श्रोत वा वन पैदावारको स्थिति,

(च) आफ्नो क्षेत्रभित्रको सामुदायिक र धार्मिक वनको रुपमा सुम्पन सकिने वन क्षेत्र र वनको विवरण,

(छ) वृक्षारोपण, भू-संरक्षण र वन विकासको योजना,

(ज) स्थानीय जनताको मौलिक र परम्परागत ज्ञान तथा सीपको संरक्षण सम्बन्धी कार्यक्रम,

(झ) स्थानीय उपभोक्तालाई आवश्यक पर्ने वन पैदावार र सोको सङ्कलन र उपयोग सम्बन्धी वार्षिक कार्यक्रम,

(ञ) आफ्नो क्षेत्रभित्र गरिने सामुदायिक विकास, पर्यटन विकास, वन्यजन्तु, वनस्पति र वातावरण संरक्षण तथा ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(ट) आफ्नो क्षेत्रमा हुन सक्ने वार्षिक आम्दानी,

(ठ) एकीकृत योजना कार्यान्वयन गर्न आवश्यक पर्ने साधन, श्रोत, जनशक्ति तथा रकम,

(ड) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावारको विवरण,

(ढ) वन पैदावारको सङ्कलन र उपयोग सम्बन्धी वार्षिक विवरण,

(ण) भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने क्षेत्रको विवरण ।

(२) उपनियम (१) बमोजिम तर्जुमा भएको एकीकृत योजना संरक्षकले छलफलको लागि परिषद्मा पेश गर्नेछ ।

(३) उपनियम (१) बमोजिम परिषद्मा छलफल भई तयार भएको एकीकृत योजना परिषद्को सिफारिस सहित संरक्षकले विभाग समक्ष पेश गर्नु पर्नेछ र विभागले सो एकीकृत योजना स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश हुन आएको एकीकृत योजना उपर विचार गरी प्राप्त एकीकृत योजना कार्यान्वयन गर्न उपयुक्त देखेमा मन्त्रालयले उक्त एकीकृत योजनालाई स्वीकृत गर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृत एकीकृत योजनाको पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. एकीकृत योजनामा संशोधन : (१) नियम ८ बमोजिम स्वीकृत भएको एकीकृत योजनामा कुनै संशोधन गर्नु पर्ने देखेमा संरक्षकले परिषद्को सिफारिस र आफ्नो राय सहितको प्रतिवेदन विभागमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट एकीकृत योजनामा संशोधन गर्न उपयुक्त देखिएमा विभागले आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदनको अध्ययन गरी मन्त्रालयले एकीकृत योजनामा संशोधन गर्न उपयुक्त देखेमा सोको स्वीकृति प्रदान गर्नेछ ।

## परिच्छेद-४

## उपभोक्ता समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

१०. उपभोक्ता समितिको गठन : (१) एकीकृत योजना अनुसार संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न संरक्षकले स्थानीय निकायसँग समन्वय राखी एक गाउँ विकास समितिमा बढीमा दुईवटा उपभोक्ता समिति गठन गर्नेछ ।

(२) समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् :-

(क) समिति अन्तर्गतका उपभोक्ता समूहको अध्यक्षहरुले आफूहरु मध्येबाट छानेको पाँच जना - सदस्य

(ख) समिति अन्तर्गतका महिला उपभोक्ता समूहका अध्यक्षहरुले आफूहरुमध्येबाट छानेका तीन जना - सदस्य

(ग) समितिसँग सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष - पदेन सदस्य

(३) समितिका सदस्यहरुले उपनियम (२) को खण्ड (क) र (ख) बमोजिमका सदस्यहरु मध्येबाट एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्षको छनौट गर्नेछन् ।

(४) समितिका पदाधिकारीको छनौट प्रकृया समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिका सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

११. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका आयोजनाको सञ्चालन र कार्यान्वयन गर्ने,

(ख) आफूले सम्पन्न गरेको आयोजनाको सञ्चालन र मर्मत सम्भारको व्यवस्था मिलाउने,

(ग) आयोजनाको आम्दानी खर्चको हिसाब दुरुस्त राखी उपभोक्ता समूहहरुलाई जानकारी गराउने,

(घ) संरक्षकले समय समयमा माग गरेको विवरण पेश गर्ने,

(ङ) नियमित रुपमा कार्य प्रगति विवरण तयार गरी संरक्षक समक्ष पेश गर्ने,

(च) संरक्षण क्षेत्र अन्तर्गतका अन्य उपभोक्ता समितिसँग आवश्यक समन्वय राखी कार्य गर्ने,

(छ) आफ्नो कार्यक्षेत्रभित्रका स्थानीय बासिन्दाहरुको दैनिक उपभोगको लागि आवश्यक पर्ने वन पैदावार उपभोग गर्ने तरिका र दस्तूर तोक्ने,

(ज) वृक्षारोपण गर्ने वा गराउने,

(झ) चरिचरण गर्न वा गोठ राख्न पाउने क्षेत्र, जनावरको किसिम, संख्या र दस्तूर तोक्ने,

(ञ) पहिरो तथा भू-क्षयको नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ट) वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने वा गराउने,

(ठ) विभिन्न दातृ संघ संस्था एवं व्यक्तिबाट प्राप्त अनुदान सहयोगबाट संरक्षण तथा विकास निर्माणका कार्यक्रम एकीकृत योजनाको लक्ष्य अनुरुप सञ्चालन गर्ने वा गराउने ।

(ड) स्वीकृत एकीकृत योजना वा व्यवस्थापन कार्ययोजना र संरक्षकले दिएका मार्ग दर्शनको पालन गर्ने वा गराउने,

(ढ) संरक्षण क्षेत्रको हितको लागि आवश्यक देखिएका अन्य काम गर्ने वा गराउने ।

१२. समितिको बैठक तथा कार्यविधि : (१) समितिको बैठक कम्तीमा तीन महीनामा एक पटक बस्ने छ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सचिवले बोलाउनेछ ।

(३) कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । उपाध्यक्षको पनि अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकको निर्णय बहुमतबाट गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा अध्यक्षले आवश्यकतानुसार कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

१३. समितिको दर्ता सम्बन्धी व्यवस्था : (१) नियम १० बमोजिम पहिलो पटक समिति गठन भएपछि दर्ताको लागि अनुसूची-१ बमोजिमको ढाँचामा समितिले तयार गरेको आफ्नो विधान समेत संलग्न गरी संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले सो समितिलाई दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा समिति दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

१४. उपसमिति गठन गर्न सक्ने : (१) समितिले यस नियमावली बमोजिम आफूलाई सुम्पिएको काम कारबाहीलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक संख्यामा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>उपभोक्ता समूह</u> : (१) संरक्षण क्षेत्रबाट प्रत्यक्ष लाभ पाउने सम्बन्धित गाउँ विकास समिति अन्तर्गतका घरधुरीका सदस्य मध्येबाट प्रतिनिधित्व हुने गरी आवश्यक संख्यामा उपभोक्ता समूह गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिम समूह गठन गर्दा सम्बन्धित गाउँ विकास समिति अन्तर्गत महिलाको सहभागिता बढाउन आवश्यक संख्यामा महिला समूह समेत गठन हुनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको उपभोक्ता समूहमा एक जना अध्यक्ष, एक जना सचिव र प्रत्येक घर धुरीका प्रतिनिधि सदस्य हुनेछन् ।

(४) उपनियम (१) र (२) बमोजिम गठित उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

१६. <u>उपभोक्ता समूहको दायित्व</u> : नियम १५ बमोजिम गठित प्रत्येक उपभोक्ता समूहको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) आयोजना सम्पन्न गर्न लाग्ने श्रमदान गर्ने,

(ख) आयोजनाको मर्मत सम्भार शुल्क बुझाउने,

(ग) आयोजना सम्पन्न गर्न, सञ्चालन गर्न र आयोजनाको मर्मत सम्भार गर्न समितिलाई आवश्यक सहयोग गर्ने ।

१७. <u>समितिको विघटन</u> : (१) संरक्षकले देहायको अवस्थामा समिति विघटन गर्न सक्नेछ :-

(क) समितिले व्यवस्थापन कार्ययोजना स्वीकृत नगराई वा स्वीकृत व्यवस्थापन कार्ययोजना विपरित हुने कुनै कार्य गरेमा,

(ख) समितिले नियम ११ बमोजिम आफ्नो काम, कर्तव्य पूरा नगरेमा वा गर्न नसकेमा,

(ग) ऐन वा यस नियमावली विपरित कुनै काम कारबाही गरेमा,

(घ) समितिले कुनै कारणले आफूलाई सुम्पिएको दायित्व पूरा गर्न नसकेको वा स्थानीय उपभोक्ताहरुको हित विपरित कुनै काम गरेको वा उपभोक्ताहरुको हित संरक्षण गर्न नसकेको भन्ने कुरामा संरक्षक विश्वस्त भएमा ।

(२) उपनियम (१) बमोजिम समिति विघटन गर्नु पूर्व संरक्षकले उक्त समिति विघटन गर्नु पर्ने कारण खोली पैंतीस दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा संरक्षकले आफैं वा आफ्नो मातहतका प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गर्न, गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थलगत निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनको आधारमा संरक्षकले त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिका दुई तिहाई सदस्यहरुले सो समिति विघटन गर्न संरक्षक समक्ष कारण खुलाई लिखित रुपमा अनुरोध गरेमा संरक्षकले त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

(६) यस नियम बमोजिम कुनै समिति विघटन भएमा संरक्षकले पुन: अर्को समिति गठन गर्न सक्नेछ ।

१८. उजूर गर्न सक्ने : (१) नियम १७ बमोजिम समिति विघटन गरिएकोमा सो उपर चित्त नबुझ्ने समितिका सदस्यहरुले समिति विघटन भएको मितिले पैंतीस दिनभित्र विभाग समक्ष उजूरी दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम दिइएको उजूरी सम्बन्धमा विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-५

## आर्थिक व्यवस्था

१९. धरौटी खातामा रकम जम्मा गर्ने र सामुदायिक विकासको लागि रकम छुट्याउने : (१) संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम संरक्षण क्षेत्र कार्यालयको नाममा बैंकमा धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धरौटी खातामा जम्मा गरेको रकमलाई मन्त्रालयले ऐनको दफा २५क. बमोजिम संरक्षण तथा सामुदायिक विकासको लागि वार्षिक रुपमा प्रतिशत छुट्याउनेछ ।

(३) उपनियम (१) बमोजिम सामुदायिक विकासको लागि छुट्याइएको प्रतिशतको रकम परिषद्ले विभिन्न समितिमा वितरण गर्नेछ र बाँकी रकम राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सामुदायिक विकासको लागि परिषद्ले विभिन्न समिति बीच रकम वितरण गर्दा देहायका कुराहरुलाई आधार मान्नु पर्नेछ :-

(क) समितिको इलाका र जनसंख्या,

(ख) सामुदायिक विकासको माग र आवश्यकता,

(ग) संरक्षण क्षेत्रले सो क्षेत्रमा पुऱ्याएको असर,

(घ) वन्यजन्तु, वन पैदावार तथा प्राकृतिक श्रोतको संरक्षण गर्न त्यस क्षेत्रका बासिन्दाले गरेको योगदान,

(ङ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सक्रियता तथा सहभागिता,

(च) कुनै खास क्षेत्रमा सञ्चालन हुने आयोजनाको लागत,

(छ) जैविक विविधताको संरक्षण ।

(५) उपनियम (४) बमोजिम सामुदायिक विकासको लागि वितरण गरिने रकम संरक्षकले चौमासिक रुपमा निकासा दिनु पर्नेछ ।

२०. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नियम १९ को उपनियम (३) बमोजिम समितिलाई प्राप्त हुने रकम,

(ख) विदेशी राष्ट्र, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम विदेशी राष्ट्र वा संस्थासँग कुनै किसिमको सहयोग वा ऋण लिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२१. समितिको खाता सञ्चालन : (१) समितिले बैंकमा खाता खोली कोषको सञ्चालन गर्नु पर्नेछ ।

(२) कोषको सञ्चालन समितिले तोकेका समितिका कम्तीमा दुईजना पदाधिकारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२२. समितिको खर्च : (१) समितिले आफूलाई प्राप्त भएको रकम व्यवस्थापन कार्ययोजनाले निर्दिष्ट गरेका कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(२) समितिको तर्फबाट उपनियम (१) बमोजिम गर्नु पर्ने खर्चहरु समितिको कोषबाट व्यहोरिनेछ ।

२३. समितिको लेखा परीक्षण : (१) समितिको प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण संरक्षकले खटाएको दर्तावाल लेखा परीक्षकबाट हुनेछ ।

(२) उपनियम (१) बमोजिम लेखा परीक्षण गर्न आउने लेखा परीक्षकले हेर्न चाहेको श्रेस्ता कागजात तथा हिसाब किताब समितिले जुनसुकै बखत देखाउनु पर्नेछ ।

(३) लेखा परीक्षणबाट समितिको कुनै पदाधिकारीले आर्थिक दुरुपयोग गरेको देखिएमा संरक्षकले सो रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गर्नु पर्नेछ ।

परिच्छेद-६

संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

२४. संरक्षण क्षेत्र व्यवस्थापन परिषद् : (१) संरक्षण क्षेत्रको व्यवस्थापनको लागि देहाय बमोजिमका सदस्य भएको एक संरक्षण क्षेत्र व्यवस्थापन परिषद् गठन हुनेछ :-

(क) प्रत्येक समितिको अध्यक्ष -सदस्य

(ख) समितिमा महिला समूहबाट प्रतिनिधित्व गरी रहेका महिला सदस्यहरुले आफूहरु मध्येबाट छानेका दुईजना -सदस्य

(ग) प्रतिनिधि, सम्बन्धित जिल्ला विकास समिति -सदस्य

(घ) पिछडिएका वर्ग वा जाति मध्येबाट संरक्षकले मनोनित गरेका सामाजिक कार्यकर्ता एक जना -सदस्य

(ङ) संरक्षक -सदस्य सचिव

(२) परिषद्ले उपनियम (१) को खण्ड (क) र (ख) का सदस्य मध्येबाट एक जना अध्यक्षको छनौट गर्नेछ ।

(३) परिषद्ले आवश्यकतानुसार दातृ संस्था एवं स्थानीय सामाजिक संघ संस्थाको प्रतिनिधित्व हुने गरी बढीमा दुई जनालाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

२५. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एकीकृत योजना स्वीकृतिको लागि सिफारिस गर्ने,
(ख) व्यवस्थापन कार्ययोजना र संरक्षण क्षेत्रभित्रका संरक्षण तथा सामुदायिक विकास कार्यक्रमहरु स्वीकृत गर्ने,
(ग) एकीकृत योजना तर्जुमा गर्दा आवश्यक राय सुझाव दिने,
(घ) संरक्षण क्षेत्रको सामुदायिक विकासका लागि प्राप्त रकम मध्ये समितिलाई कार्ययोजना बमोजिमका कार्यक्रम सञ्चालन गर्न रकम वितरण गर्ने,

(ङ) समितिले सञ्चालन गरेका संरक्षण तथा सामुदायिक विकास कार्यक्रमको नियमित रुपमा अनुगमन तथा निर्देशन गर्ने ।

२६. परिषद्को बैठक : (१) परिषद्को बैठक परिषद्को अध्यक्षसँग परामर्श लिई आवश्यकतानुसार संरक्षकले बोलाउनेछ ।

(२) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. परिषद्को प्रशासनिक खर्च : ऐनको दफा २५क. बमोजिम स्थानीय जनताको सामुदायिक विकासको लागि प्राप्त रकम मध्येबाट परिषद्ले आफ्नो प्रशासनिक कार्यको लागि पन्ध्र प्रतिशतसम्म रकम खर्च गर्न पाउनेछ ।

## परिच्छेद-७

## संरक्षण क्षेत्रभित्र निषेधित कार्य

२८. संरक्षण क्षेत्रभित्र निषेधित कार्य : संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रभित्र एकीकृत योजनामा निषेधित कार्यको अतिरिक्त देहायका कार्य गर्न पाउनेछैन :-

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रम वा अरु आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी ख्वाउन,

(ङ) रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वन पैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हातहतियार खर खजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा संरक्षण क्षेत्रभित्रको प्रचलित बाटोको यात्रुहरु बाहेक अरुले घरपालुवा वा अन्य किसिमको जीवजन्तु वा आखेटोपहार लैजान, र

(ञ) संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विष्फोटक पदार्थहरु प्रयोग गर्न ।

२९. संरक्षकले निषेध गर्न सक्ने : (१) संरक्षकले संरक्षण क्षेत्रभित्र वा बाहिर भइरहेको वा हुन लागेको कुनै काम कारबाहीको कारणबाट संरक्षण क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने सम्भावना देखिएमा सम्बन्धित व्यक्तिलाई तत्काल त्यस्तो काम, कारबाही रोक्न वा निषेध गर्न वा त्यसमा सुधार गर्न लिखित आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको आदेशमा के कति कारणले त्यस्तो काम, कारबाही रोक्न वा निषेध गर्न वा सुधार गर्न परेको हो सो कुरा स्पष्ट रुपमा खुलेको हुनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम संरक्षकले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम विभाग समक्ष पेश हुन आएको निवेदनमा विभागले आवश्यक जाँचबुझ गरी निर्णय दिनेछ । यस सम्बन्धमा विभागले दिएको निर्णय अन्तिम हुनेछ ।

३०. क्षति पुऱ्याउन नहुने : कसैले पनि संरक्षण क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, घर, कार्यालय, भवन, तारबार, चिन्हपट वा अन्य कुनै चिज वस्तुलाई कुनै प्रकारले क्षति पुऱ्याउन हुँदैन ।

३१. लिखित स्वीकृति लिनु पर्ने : (१) कसैले पनि संरक्षण क्षेत्रभित्रको माटो, ढुङ्गा, रोडा वा बालुवा झिक्न संरक्षकको लिखित स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षकले लिखित स्वीकृति दिँदा सम्बन्धित समितिको सिफारिस लिनु पर्नेछ ।

३२. अनुमति लिनु पर्ने : कसैले पनि संरक्षण क्षेत्रभित्रको प्राकृतिक श्रोत प्रयोग गरी वा सो क्षेत्रको प्राकृतिक श्रोतमा असर पर्ने गरी व्यवसायिक वा अन्य कुनै काम शुरु गर्नु भन्दा पहिले संरक्षकको अनुमति लिनु पर्नेछ । त्यसरी अनुमति दिँदा संरक्षकले समितिसँग समन्वय राखी आवश्यक शर्त तोक्न सक्नेछ ।

३३. सहमति लिनु पर्ने : (१) संरक्षण क्षेत्रमा वन पैदावारमा आधारित घरेलु उद्योग र साना पर्यटन उद्योग लगायत अन्य उद्योग सञ्चालन गर्न पाउने गरी उद्योग दर्ता वा इजाजतपत्र प्रदान गर्नु भन्दा पूर्व विभागको सहमति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उद्योग सञ्चालन गर्न सहमति दिने सम्बन्धमा र त्यस्तो उद्योग सञ्चालन गर्ने सम्बन्धमा विभागले निश्चित मापदण्ड तयार गर्नु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि संरक्षण क्षेत्रमा सञ्चालन भै रहेको घरेलु उद्योग बाहेकको अन्य उद्योग र वन पैदावारमा आधारित घरेलु उद्योगले समेत ऐनको दफा ३ बमोजिम संरक्षण क्षेत्र घोषणा भएको मितिले दुई वर्षभित्र उपनियम (२) बमोजिम विभागले तयार गरेको मापदण्डको अधीनमा रही त्यस्तो उद्योग सञ्चालन गर्नु पर्नेछ ।

३४. संरक्षण क्षेत्रभित्र सेवा वा सुविधा सञ्चालन गर्ने : (१) संरक्षण क्षेत्रभित्रका सरकारी जग्गामा ऐनको दफा ६ बमोजिमका सेवा वा सुविधा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले प्रस्ताव सहित संरक्षक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक छानविन गरी संरक्षकले आफ्नो राय सहित विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदनमा विभागले आफ्नो राय एवं सिफारिस सहित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएको निवेदनका सम्बन्धमा मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थासँग करार गरी त्यस्तो सेवा वा सुविधा सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-८

## वन व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था

३५. संरक्षण सामुदायिक वनको रुपमा सुम्पन सकिने : (१) संरक्षण क्षेत्रभित्रको कुनै वन क्षेत्रलाई एकीकृत योजना अनुसार संरक्षण सामुदायिक वनको रुपमा संरक्षण तथा व्यवस्थापन गर्न चाहने समितिले सोको दर्ताका लागि अनुसूची-३ बमोजिमको ढाँचामा व्यवस्थापन कार्ययोजना सहित संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट निवेदनमा उल्लेखित वन क्षेत्र पूरै वा आंशिक रुपमा सुम्पन मनासिब देखेमा त्यस्तो संरक्षण सामुदायिक वन दर्ता गरी सम्बन्धित समितिलाई सुम्पन सक्नेछ । त्यसरी संरक्षण सामुदायिक वन सुम्पदा अनुसूची-४ बमोजिमको प्रमाणपत्र समेत प्रदान गर्नु पर्नेछ ।

(३) एउटै वन क्षेत्र दुई वा सो भन्दा बढी समितिले संरक्षण सामुदायिक वनको रुपमा माग गरेमा संरक्षकले सम्बन्धित समितिसँग समन्वय गरी सहमतिको आधारमा सो वन क्षेत्र सुम्पन सक्नेछ ।

३६. <u>संरक्षण सामुदायिक वन फिर्ता लिन सकिने</u> : नियम ३५ बमोजिम संरक्षण सामुदायिक वन जिम्मा लिने समितिले वन व्यवस्थापन कार्ययोजना बमोजिम कार्य नगरेमा संरक्षकले त्यस्तो समितिसँग बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण सामुदायिक वन फिर्ता लिन मनासिब देखिएमा संरक्षकले त्यस्तो वन फिर्ता लिन सक्नेछ । यसरी फिर्ता लिइएको संरक्षण सामुदायिक वनको संरक्षण अर्को व्यवस्था नभएसम्मको लागि संरक्षक आफैंले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने समितिले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिनभित्र विभाग समक्ष उजूरी दिन सक्नेछ र यस सम्बन्धमा विभागको निर्णय अन्तिम हुनेछ ।

(४) उपनियम (३) बमोजिम उजूरी परेकोमा सोको अन्तिम निर्णय नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन संरक्षक आफैंले गर्नेछ ।

३७. <u>वन पैदावारको उपयोग</u> : समिति आफैंले बिरुवा लगाई हुर्काएको वा समितिले संरक्षण सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएको वन पैदावारको उपयोग व्यवस्थापन कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी सम्बन्धित समितिले तोकेको दस्तूर तिरी उपभोक्ता समूहहरुले उपयोग गर्न पाउनेछन् ।

३८. <u>संरक्षण धार्मिक वनको रुपमा सुम्पन सकिने</u> : (१) संरक्षण क्षेत्रभित्रको वन क्षेत्रलाई एकीकृत योजना अनुसार संरक्षण धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहने कुनै धार्मिक संस्था, समूह वा समुदायले सोको दर्ताका लागि अनुसूची-५ बमोजिमको ढाँचामा वन व्यवस्थापन कार्ययोजना सहित संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले सो सम्बन्धमा आवश्यक जाँचुबझ गर्नेछ र जाँचबुझबाट निवेदनमा उल्लेखित वन क्षेत्र पूरै वा आंशिक रुपमा सुम्पन मनासिब देखेमा त्यस्तो संरक्षण धार्मिक वन दर्ता गरी सम्बन्धित धार्मिक संस्था र समूह वा समुदायलाई सुम्पन सक्नेछ । त्यसरी संरक्षण धार्मिक वन सुम्पदा अनुसूची-६ बमोजिमको प्रमाणपत्र समेत प्रदान गर्नु पर्नेछ ।

(३) संरक्षण धार्मिक वनमा रहेका काठ दाउरा धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न पाइनेछ ।

तर वातावरणमा प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानी नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

३९. संरक्षण धार्मिक वन फिर्ता लिन सकिने : (१) नियम ३८ बमोजिम सुम्पिएको संरक्षण धार्मिक वन जिम्मा लिने सम्बन्धित धार्मिक संस्था, समूह वा समुदायले वन व्यवस्थापन कार्ययोजना बमोजिम कार्य नगरेमा संरक्षकले त्यस्तो धार्मिक संस्था, समूह वा समुदायसँग बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण धार्मिक वन फिर्ता लिन मनासिब देखिएमा संरक्षकले त्यस्तो वन फिर्ता लिन सक्नेछ । यसरी फिर्ता लिएको संरक्षण धार्मिक वनको संरक्षण अर्को व्यवस्था नभएसम्मको लागि संरक्षक आफैंले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने धार्मिक संस्था, समूह वा समुदायले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र विभाग समक्ष उजूरी दिन सक्नेछ र यस सम्बन्धमा विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) उपनियम (२) बमोजिम उजूरी परेकोमा सोको अन्तिम निर्णय नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन संरक्षक आफैंले गर्नेछ ।

४०. संरक्षण निजी वन सम्बन्धी व्यवस्था : (१) संरक्षण क्षेत्रभित्रको जग्गाका धनीले संरक्षण क्षेत्रको एकीकृत योजनाको अधीनमा रही निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) यस नियम बमोजिम निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न संरक्षकले निजी वनको धनीलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) संरक्षण निजी वनको धनीले सो वनको वन पैदावार संरक्षण क्षेत्रभित्र स्वतन्त्र रुपले ओसार पसार र बिक्री वितरण गर्न पाउनेछ ।

(४) संरक्षण निजी वनका वन पैदावार सोको धनीले संरक्षण क्षेत्र बाहिर ओसार पसार र बिक्री वितरण गर्नु परेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित समितिको सिफारिस सहित संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएमा संरक्षकले आवश्यक जाँचबुझ गर्दा उक्त वन पैदावार निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई काठको हकमा टाँचा लगाई संरक्षकले संरक्षण क्षेत्र बाहिर ओसार पसार गर्न अनुसूची-७ बमोजिम छोडपूर्जि दिनु पर्नेछ ।

## परिच्छेद-९

## सामुदायिक विकास सम्बन्धी आयोजना सञ्चालन

४१. सामुदायिक विकास सम्बन्धी आयोजना सञ्चालन : (१) समितिले सामुदायिक विकासको लागि प्राप्त रकमबाट सञ्चालन गर्न सकिने आयोजनाको छनौट गरी सो आयोजनाको लगत इष्टिमेट सहितको प्रस्ताव तयार गरी उपभोक्ताको श्रमदानको अंश समेत उल्लेख गरी संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लगत इष्टिमेट तयार गर्ने काममा संरक्षकले समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको आयोजना संरक्षकले परिषद्मा पेश गर्नेछ र परिषद्बाट पारित भएका आयोजना संरक्षकले समितिद्वारा कार्यान्वयन गराउनेछ ।

(४) यस नियम बमोजिम सञ्चालित आयोजना सम्पन्न भएपछि सम्बन्धित समितिले संरक्षक समक्ष उक्त आयोजनाको जाँचपास गराई दिन अनुरोध गर्नु पर्नेछ र त्यसरी अनुरोध भै आएमा संरक्षकले सो जाँचपास गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(५) आयोजनाको कार्य सम्पन्न भएपछि समितिले सो आयोजनाको हिसाब किताब र जाँचपासको प्रतिवेदन संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम हिसाब किताब, विल भरपाई र जाँचपास प्रतिवेदन पेश भएपछि संरक्षकले आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी कार्य सम्पन्न भएको देखिएमा समितिले पेश्कीको रुपमा लिएको रकम फछ्र्यौट गरी दिनु पर्नेछ ।

(७) यस नियम बमोजिमको आयोजनाको लगत इष्टिमेट र जाँचपास गर्दा लागेको खर्च सम्बन्धित आयोजनाको खर्चमा समावेश गरिनेछ ।

४२. स्वीकृति लिनु पर्ने : संरक्षण क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्न चाहेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४३. दोहोरो नपर्ने गरी विकास आयोजना सञ्चालन गर्नु पर्ने : संरक्षकले नियम ४१ बमोजिम सामुदायिक विकास सम्बन्धी कार्य गर्दा अन्य कुनै निकाय, संघ

संस्था वा कार्यालयले सञ्चालन गरी राखेको कुनै सामुदायिक विकास सम्बन्धी आयोजनामा दोहोरोपना नआउने गरी सञ्चालन गर्नु पर्नेछ ।

परिच्छेद-१०

विविध

४४. संरक्षण क्षेत्रमा शिकार सम्बन्धी व्यवस्था : (१) संरक्षण क्षेत्रका बासिन्दाले आफ्नो परम्परागत संस्कृति र रीति रिवाज चलाउन संरक्षकले निर्धारण गरेको वार्षिक कोटा अनुसार निर्धारित स्थानमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमका वन्यजन्तु वा पंक्षीको शिकार गर्न पाउनेछन् ।

(२) शिकार सम्बन्धी अनुज्ञापत्र दस्तूर, पुरक शिकार अनुज्ञापत्र दस्तूर र अन्य व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

४५. प्रवेशपत्र लिनु पर्ने : (१) कुनै विदेशी पर्यटक वा व्यक्तिले संरक्षण क्षेत्रभित्र प्रवेश गर्न चाहेमा नजिकको प्रवेशद्वारमा अनुसूची-८ बमोजिमको दस्तूर तिरी अनुसूची-९ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभाग वा संरक्षकले कुनै विदेशी पर्यटक वा कुनै व्यक्ति वा संघ, संस्था वा निकायका प्रतिनिधिलाई लाग्ने प्रवेश शुल्क मिनाहा दिन सक्नेछ ।

४६. संरक्षण क्षेत्रभित्र अवतरण गर्न अनुमति लिनु पर्ने : (१) कसैले संरक्षण क्षेत्रमा कुनै किसिमको हेलिकप्टर, हट एयर बेलुन वा त्यस्तै किसिमका उपकरणको अवतरण गर्न चाहेमा सोको अनुमति लिनको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि विभागले अनुसूची-८ बमोजिमको दस्तूर लिई संरक्षण क्षेत्रमा हेलिकप्टर, हट एयर बेलुन वा त्यस्तै किसिमको उपकरणको अवतरण गर्न अनुसूची-१० बमोजिमको अनुमतिपत्र दिन सक्नेछ ।

४७. फिल्म छायाँङ्कनको लागि अनुमति लिनु पर्ने : (१) संरक्षण क्षेत्रभित्र कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाले व्यावसायिक डकुमेन्ट्री वा फिचर फिल्म छायाँङ्कन गर्न चाहेमा अनुसूची-११ बमोजिमको ढाँचामा विभाग वा संरक्षण क्षेत्र कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा विभाग वा संरक्षण क्षेत्र कार्यालयले अनुसूची-८ बमोजिमको दस्तूर लिई अनुसूची-१२ बमोजिमको ढाँचामा फिल्म छायाँङ्कन अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको फिल्म छायाँङ्कन अनुमतिपत्र दिँदा विभाग वा संरक्षण क्षेत्र कार्यालयले आफ्नो कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी निजको रोहवरमा फिल्म छायाँङ्कन गर्ने व्यवस्था गर्न सक्नेछ ।

४८. वैज्ञानिक अनुसन्धान गर्न स्वीकृति लिनु पर्ने : कसैले संरक्षण क्षेत्रभित्र वैज्ञानिक अनुसन्धान सम्बन्धी काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिई अनुसन्धान गर्दा सोको प्रतिवेदन विभागमा बुझाउनु पर्नेछ ।

४९. क्षतिपूर्तिको लागि जिम्मेवार नहुने : कुनै स्वदेशी वा विदेशी पर्यटकले प्रवेशपत्र लिई वा नलिई संरक्षण क्षेत्रभित्र प्रवेश गरेकोमा संरक्षण क्षेत्रभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए बापत क्षतिपूर्तिको लागि नेपाल सरकार वा संरक्षण क्षेत्र कार्यालय वा समिति जिम्मेवार हुनेछैन ।

५०. मुद्दा हेर्ने अधिकार : ऐन र यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

५१. भू-उपयोगिता प्रणाली लागू गर्ने : एकीकृत योजनामा भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने भनी तोकिएको क्षेत्रका जग्गामा संरक्षकले सम्बन्धित समितिको सहमति लिई भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली लगाउन वा फलफूल खेती गर्न वा रुख विरुवा वा घाँस लगाउन वा अन्य कुनै कार्य गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्ने व्यक्तिलाई संरक्षकले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

५२. संरक्षकलाई सहयोग गर्नु पर्ने : संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने काममा संरक्षकलाई स्थानीय प्रशासन, प्रहरी, सरकारी वा गैरसरकारी संस्था, समिति तथा सम्बन्धित सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

५३. निर्देशिका बनाउन सक्ने : ऐन र यस नियमावलीको अधीनमा रही यो नियमावलीको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

५४. अनुसूचीमा हेरफेर वा थपघट गर्ने : नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा थपघट गर्न सक्नेछ ।

अनुसूची-१

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

<u>उपभोक्ता समिति दर्ताको लागि दिइने निवेदन</u>

श्रीमान् संरक्षकज्यू, मिति :-

....................... संरक्षण क्षेत्र कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा ▶<u>संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७</u> मा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन गरी यस उपभोक्ता समितिको दर्ता गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं ।

१. उपभोक्ता समितिको नाम :-

२. चार किल्ला :-

पूर्व :- पश्चिम :- उत्तर :- दक्षिण :-

३. अन्दाजी क्षेत्र :-

४. घरधुरी संख्या :-

५. कूल जनसंख्या :-

६. उपभोक्ता समितिका पदाधिकारी तथा सदस्य :-

| सि.नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

........ उपभोक्ता समितिको तर्फबाट निवेदन दिने व्यक्तिको,-

दस्तखत :-

नाम, थर :-

ठेगाना :-

मिति :- पद :-

---

▶ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

अनुसूची-२

(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................. संरक्षण क्षेत्र कार्यालय

उपभोक्ता समिति दर्ताको प्रमाणपत्र

दर्ता नं.: मिति :-

श्री ...................... उपभोक्ता समिति,

....................................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा ▶संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

१. उपभोक्ता समितिको नाम :-

२. चार किल्ला :-

पूर्व :- पश्चिम :- उत्तर :- दक्षिण :-

३. अन्दाजी क्षेत्र :-

४. घरधुरी संख्या :-

५. कुल जनसंख्या :-

प्रमाणपत्र दिने अधिकृतको,-

दस्तखत :-

नाम, थर :-

दर्जा :-

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

---

▶ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

## अनुसूची-३

(नियम ३५ को उपनियम (१) सँग सम्बन्धित)

संरक्षण सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री संरक्षकज्यू,

...................... संरक्षण क्षेत्र कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा ▶संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधीनमा रही संरक्षण सामुदायिक वनको रुपमा व्यवस्थापन, संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस समितिलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।

(क) संरक्षण सामुदायिक वनको रुपमा व्यवस्था गर्न चाहेको
वनको नाम र क्षेत्र :-
चार किल्ला :
क्षेत्रफल :

(ख) वन्यजन्तु सम्बन्धी विवरण :-
१.
२.
३.

(ग) समितिको पदाधिकारी र सदस्यहरुको विवरण :-

| क्र.सं. | नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |

▶ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

८.

९.

समितिको तर्फबाट निवेदन गर्ने व्यक्तिको,-

दस्तखत :-

नाम, थर :-

पद :-

द्रष्टव्यः- संरक्षण सामुदायिक वनको संरक्षण र व्यवस्थापन गर्न निवेदन साथ छुट्टै पानामा सोको वन व्यवस्थापन कार्ययोजना संलग्न गर्नु पर्नेछ ।

अनुसूची-४

(नियम ३५ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................ संरक्षण क्षेत्र कार्यालय

संरक्षण सामुदायिक वन दर्ताको प्रमाणपत्र

दर्ता नं.: मिति :-

श्री ..................... उपभोक्ता समिति,

....................................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा ▶संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधीनमा रही संरक्षण सामुदायिक वनको रुपमा देहायको वन क्षेत्र यसैसाथ संलग्न वन व्यवस्थापन कार्ययोजना बमोजिम व्यवस्थापन, संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न यो प्रमाणपत्र प्रदान गरिएको छ ।

(क) संरक्षण सामुदायिक वनको विवरण :

१. नाम :-

२. चार किल्ला :-

पूर्व :- पश्चिम :- उत्तर :- दक्षिण :-

३. क्षेत्रफल :-

(ख) वन्यजन्तु सम्बन्धी विवरण :-

१.

२.

प्रमाणपत्र दिने संरक्षकको,-

दस्तखत :-

नाम, थर :-

पद :-

द्रष्टव्य :- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

---

▶ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

## अनुसूची-५

(नियम ३८ को उपनियम (१) सँग सम्बन्धित)

संरक्षण धार्मिक वन दर्ताको लागि दिइने निवेदन

श्री संरक्षकज्यू,
.................... संरक्षण क्षेत्र कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा ▶संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधीनमा रही संरक्षण धार्मिक वनको रुपमा संरक्षण, व्यवस्थापन, सम्बर्द्धन, र सदुपयोग गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस धार्मिक संस्था/समूह/समुदायलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।

(क) संरक्षण धार्मिक वनको रुपमा एकीकृत गर्न चाहेको
वनको नाम र क्षेत्र :-
चार किल्ला :-
पूर्व :- पश्चिम :- उत्तर :- दक्षिण :-
क्षेत्रफल :-

(ख) वन्यजन्तु सम्बन्धी विवरण :-
१.
२.

(ग) धार्मिक संस्था/समूह र समुदाय सम्बन्धी विवरण :-
१.
२.

........ धार्मिक संस्था/समूह समुदायको
तर्फबाट निवेदन दिने व्यक्तिको

मिति :-

दस्तखत :-
नाम :-
पद :-

द्रष्टव्य:- संरक्षण धार्मिक वन दर्ताको लागि निवेदन साथ छुट्टै पानामा सोको वन व्यवस्थापन कार्ययोजना संलग्न गर्नु पर्नेछ ।

---

▶ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

## अनुसूची-६

(नियम ३८ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................. संरक्षण क्षेत्र कार्यालय

संरक्षण धार्मिक वन दर्ताको प्रमाणपत्र

दर्ता नं.: मिति :-

श्री ......................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा ▶संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधीनमा रही देहायको वन क्षेत्र संरक्षण धार्मिक वनको रुपमा यसैसाथ संलग्न वन व्यवस्थापन कार्ययोजना बमोजिम व्यवस्थापन संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न यो प्रमाणपत्र प्रदान गरिएको छ ।

(क) संरक्षण धार्मिक सामुदायिक वनको विवरण :

१. नाम :-

२. चार किल्ला :-

पूर्व :- पश्चिम :- उत्तर :- दक्षिण :-

३. क्षेत्रफल :-

(ख) वन्यजन्तु सम्बन्धी विवरण :-

१.

२.

३.

प्रमाणपत्र दिने संरक्षकको

दस्तखत :-

नाम, थर :-

दर्जा :-

मिति :-

द्रष्टव्य :- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

---

▶ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

अनुसूची-७

(नियम ४० को उपनियम (५) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................. संरक्षण क्षेत्र कार्यालय

छोडपूर्जी

मिति :-

श्री ...............................................

....................................................

मिति ................................ मा पेश गर्नु भएको निवेदन उपर जाँचबुझ गर्दा तपसिल बमोजिमको वन पैदावार तपाईको निजी वनको देखिएकोले ............. दिनभित्र ......................... स्थानबाट ............................. ओसारपसार गर्न पाउने गरी यो छोडपूर्जी दिइएको छ । नजिकको चौकीमा अनिवार्य रुपमा दरपिठ गराई लैजानु होला ।

तपसिल

| क्र.सं. | वन पैदावारको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |

बोधार्थ तथा कार्यार्थ :-

१. .................................. कार्यालय

२. ......................... ......... समिति

................

(संरक्षक)

## अनुसूची-८

(नियम ४५ को उपनियम (१), ४६ को उपनियम (२) र ४७ को उपनियम (२) सँग सम्बन्धित)

### दस्तूर

१. ✄ .........................

♦१क. सिनेमा (डकुमेन्ट्री फिल्म) छायाङ्कन दस्तुर :

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु ५,०००।- |
| सार्क मुलुकभित्रका नागरिकलाई | रु २५,०००।- |
| अन्य राष्ट्रका नागरिकलाई | यू.एस. डलर १,०००.०० बराबरको नेपाली रुपैयाँ |

द्रष्टव्य : छायाङ्कन टोलीका साथ विभागले एकजना सम्पर्क अधिकारी खटाउनेछ ।

२. संरक्षण क्षेत्रको प्रवेश दस्तूर (प्रतिव्यक्ति प्रति प्रवेशको लागि) :

| | | |
|---|---|---|
| (क) | सार्क मुलुकका नागरिकलाई | रु.१००।- |
| (ख) | अन्य विदेशी नागरिकलाई | रु.१,०००।- |

३. अवतरण दस्तूर :

| | | |
|---|---|---|
| (क) | हेलिकप्टर अवतरणको निमित्त | रु.२,०००।- |
| (ख) | हट एयर बेलुन अवतरणको निमित्त | रु.५००।- |
| (ग) | अन्य | रु.५००।- |

द्रष्टव्यः- दश वर्ष मुनिका केटाकेटीलाई प्रवेश दस्तूर लाग्ने छैन ।
नेपाली नागरिकलाई प्रवेश दस्तूर लाग्ने छैन ।

---

✄ मिति २०५९।२।२७ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी झिकिएको ।

♦ मिति २०६४।१।३१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थपिएको ।

अनुसूची-९

(नियम ४५ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................. संरक्षण क्षेत्र कार्यालय

प्रवेशपत्र

प्रवेशपत्र नं. मिति :-

१. प्रवेशपत्र लिनेको नाम, थर :- ...................................

२. लिङ्ग :-...................................

३. उमेर :-..................................

४. नागरिकता :- ...........................

५. पासपोर्ट नं.:- ...........................

प्रवेशपत्र दिनेको,-

दस्तखत :-

नाम, थर :-

दर्जा :-

द्रष्टव्यः- यो प्रवेशपत्र एकपटक प्रवेशका लागि मात्र मान्य हुनेछ । यसबाट संरक्षण क्षेत्रभित्र मात्र प्रवेश गर्न पाइनेछ ।

अनुसूची-१०

(नियम ४६ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................. संरक्षण क्षेत्र कार्यालय

<u>अवतरण अनुमतिपत्र</u>

अनुमतिपत्र नं.:

१. अवतरण अनुमति प्राप्त गर्न चाहेको व्यक्ति वा संस्थाको नाम र ठेगाना :-

२. अवतरण गर्न चाहेको उपकरण :-

३. अवतरण गर्न चाहेको क्षेत्र :-

४. अवतरण गर्न दिएको अवधि :-

५. अनुमति बुझि लिनेको नाम र दस्तखत :-

अनुमतिपत्र दिने अधिकृतको

दस्तखत :-

नाम :-

मिति :- दर्जा :-

## अनुसूची-११

(नियम ४७ को उपनियम (१) सँग सम्बन्धित)

### फिल्म छायाँङ्कनको लागि दिने दरखास्त

श्री ...................... विभाग/कार्यालय

..............................................

▶संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ बमोजिम डकुमेन्ट्री/फिचर फिल्म संरक्षण क्षेत्रमा छाँयाङ्कन गर्न अनुमति दिन हुन देहाय बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

तपसिल

(क) फिल्म छायाँङ्कन गर्ने व्यक्ति वा संघ, संस्थाको नाम, ठेगाना :-

(ख) कथा वस्तुको नाम र सारांश :-

(ग) फिल्म छायाँङ्कन गरिने क्षेत्र :-

(घ) फिल्म छायाँङ्कनमा संलग्न हुने व्यक्ति (स्वदेशी/विदेशी) को नाम र संख्या :-

(ङ) फिल्म छायाँङ्कन गरिने अवधि :-

दरखास्त प्रस्तुतकर्ता,-

दस्तखत :-

नाम :-

मिति :- संस्थाको नाम र ठेगाना :-

▶ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

अनुसूची-१२

(नियम ४७ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................. संरक्षण क्षेत्र कार्यालय

<u>फिल्म छायाङ्कन अनुमतिपत्र</u>

मिति :-

१. डकुमेन्ट्री/फिचर फिल्म छायाँङ्कन वा बनाउन चाहने व्यक्ति संस्थाको नाम :-

२. अनुमति प्राप्त गर्नेको ठेगाना र नागरिकता :-

३. डकुमेन्ट्री/फिचर फिल्म खिच्न दिएको क्षेत्रको चार किल्ला :-

४. डकुमेन्ट्री/फिचर फिल्म खिच्न दिएको अवधि र दस्तूर :-

५. अनुमतिपत्र बुझि लिनेको :-

दस्तखत :-

नाम :-

ठेगाना :-

अनुमतिपत्र दिने अधिकृतको,-

दस्तखत :-

नाम :-

दर्जा :-

---

<u>द्रष्टव्य</u> : “जिल्ला विकास समिति” को सट्टा हाल “जिल्ला समन्वय समिति” कायम रहेको ।

# कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६४।१२।२०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) "आमा समूह वा महिला समूह" भन्नाले नियम १३ को उपनियम (२) बमोजिम गठन भएका उपभोक्ता समूह सम्झनुपर्छ ।

(ग) "उपभोक्ता समूह" भन्नाले नियम १३ बमोजिम गठन हुने उपभोक्ता समूह सम्झनुपर्छ र सो शव्दले आमा समूह वा महिला समूह समेतलाई जनाउँदछ ।

(घ) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनुपर्छ ।

(ङ) "कार्ययोजना" भन्नाले नियम ९ बमोजिमको कार्ययोजना सम्झनुपर्छ ।

(च) "परिषद्" भन्नाले ऐनको दफा १६ख. बमोजिम संरक्षण क्षेत्रको व्यवस्थापन गर्ने जिम्मेवारी पाई नियम १० बमोजिम गठित संरक्षण क्षेत्र व्यवस्थापन परिषद् सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनुपर्छ ।

(ज) "व्यवस्थापन योजना" भन्नाले नियम ६ बमोजिमको व्यवस्थापन योजना सम्झनुपर्छ ।

(झ) “विभाग” भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनुपर्छ ।

(ञ) “संरक्षण क्षेत्र” भन्नाले ऐनको दफा ३ बमोजिम नेपाल सरकारले घोषणा गरेको कञ्चनजङ्घा संरक्षण क्षेत्र सम्झनुपर्छ ।

(ट) “संरक्षण अधिकृत” भन्नाले नियम ५७ को उपनियम (१) बमोजिम विभागले खटाएको संरक्षण अधिकृत वा प्रमुख संरक्षण अधिकृत सम्झनुपर्छ ।

(ठ) “समिति” भन्नाले नियम १५ बमोजिम गठन हुने उपभोक्ता समिति सम्झनुपर्छ ।

## परिच्छेद-२

## संरक्षण क्षेत्रको सिमाना र कार्यालय स्थापना

३. संरक्षण क्षेत्रको सिमाना : संरक्षण क्षेत्रको सिमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गरे बमोजिम हुनेछ ।

४. कार्यालयको स्थापना : संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि परिषद्ले आफ्नो कार्यालयको स्थापना गर्न र आवश्यकतानुसार सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

५. संरक्षण क्षेत्रको इलाका विभाजन र इलाका कार्यालय : (१) परिषद्ले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि स्थानीय गाउँ विकास समिति तथा समुदायमा आधारित संघ, संस्थासँग समन्वय गरी संरक्षण क्षेत्रलाई आवश्यकता अनुसार विभिन्न संरक्षण इलाकाहरुमा विभाजन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षण इलाका विभाजन गर्दा संरक्षण क्षेत्रको भौगोलिक स्वरुप, विस्तार, बसोवास क्षेत्र र प्राकृतिक सिमानालाई आधार मान्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विभाजन गरिएको संरक्षण इलाकाहरुमा परिषद्ले आवश्यकता अनुसार संरक्षण इलाका कार्यालयहरु स्थापना गर्न सक्नेछ ।

## परिच्छेद-३

## संरक्षण क्षेत्रको व्यवस्थापन योजना तथा कार्ययोजनाको तर्जुमा र स्वीकृति

६. व्यवस्थापन योजना तर्जुमा र स्वीकृति : (१) परिषद्ले सम्बन्धित उपभोक्ता समूह र समितिसँग समन्वय गरी संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि अनुसूची-१ बमोजिमको विवरण खुलाई पाँच वर्षको लागि व्यवस्थापन योजना तर्जुमा गर्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यवस्थापन योजना तर्जुमा गर्दा परिषद्ले उपभोक्ता समूह र समितिका अध्यक्षको बैठक बोलाई व्यवस्थापन योजना तर्जुमा सम्बन्धमा छलफल गर्ने र राय सुझाव सङ्कलन गर्नेछ र त्यसरी सङ्कलन भएको राय सुझावको आधारमा व्यवस्थापन योजना तर्जुमा गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम व्यवस्थापन योजना तर्जुमा गर्दा प्राविधिक सेवा आवश्यक परेमा परिषद्ले सम्बन्धित विषयका प्राविधिकहरुको सेवा लिन सक्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम तर्जुमा गरिएको व्यवस्थापन योजनालाई परिषद्को बैठकबाट पारित गरी स्वीकृतिका लागि अध्यक्षले विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम विभागसमक्ष पेश हुन आएको व्यवस्थापन योजनालाई देहायका पदाधिकारी रहेको समितिले अध्ययन गरी परिमार्जन गर्न आवश्यक देखेमा परिर्माजन गरी सिफारिससाथ स्वीकृतिको लागि विभागमा पेश गर्नेछ :-

(क) उप-महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - संयोजक

(ख) अधिकृत प्रतिनिधि, वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, योजना तथा जनशक्ति महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(घ) संरक्षण क्षेत्र व्यवस्थापन गर्न जिम्मेवारी पाएको संस्थाको अध्यक्ष - सदस्य

(ङ) व्यवस्थापन अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - सदस्य-सचिव

(६) उपनियम (५) बमोजिमको समितिले व्यवस्थापन योजना र तत्सम्बन्धी अन्य विषयमा प्राविधिक राय परामर्शको लागि प्राविधिक उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमिति गठन नभएकोमा सम्बन्धित विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) उपनियम (४) बमोजिम पेश हुन आएको व्यवस्थापन योजना विभागले अध्ययन गरी सोही रुपमा वा परिमार्जन वा संशोधन गर्न आवश्यक देखेमा परिमार्जन वा संशोधन गरी स्वीकृत गर्नेछ ।

(८) उपनियम (७) बमोजिम स्वीकृत व्यवस्थापन योजनाको पालना गर्नु परिषद् र सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

७. व्यवस्थापन योजनामा संशोधन : नियम ६ बमोजिम स्वीकृत व्यवस्थापन योजनामा कुनै संशोधन गर्नु परेमा नियम ६ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

तर व्यवस्थापन योजनाको अनुसूचीमा उल्लिखित कार्यक्रमहरुमा कुनै हेरफेर वा संशोधन गर्नु परेमा परिषद् स्वयम्ले हेरफेर वा संशोधन गर्न सक्नेछ ।

८. व्यवस्थापन योजनाको पुन: तर्जुमा : स्वीकृत व्यवस्थापन योजनाको कार्यान्वयन अवधि समाप्त भएपछि पनि परिषद्ले संरक्षण क्षेत्र व्यवस्थापन गर्ने जिम्मेवारी पाएको अवधि कायमै रहेमा पुन: नियम ६ बमोजिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

९. कार्ययोजना तर्जुमा र स्वीकृत गर्ने : (१) नियम ६ को उपनियम (७) बमोजिम स्वीकृत व्यवस्थापन योजनाले निर्दिष्ट गरे बमोजिम प्रत्येक उपभोक्ता समितिले मातहतका उपभोक्ता समूहसँग छलफल गरी अनुसूची-२ बमोजिमका विवरणहरु खुलाई आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोत र वातावरणको संरक्षण, प्राकृतिक सम्पदाको सन्तुलित उपयोग तथा सामुदायिक विकासको लागि कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि परिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिले कार्ययोजना तर्जुमा गर्दा पाँच वर्षको अवधिको लागि तर्जुमा गर्नु पर्नेछ। यसरी तर्जुमा गरिएको कार्ययोजनामा पाँच वर्ष भित्र सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमको लक्ष्य वार्षिक रुपमा छुट्टिने गरी विभाजन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश हुन आएको कार्ययोजनालाई अध्यक्षले परिषद्को बैठकमा प्रस्तुत गर्नेछ त्यस उपर कुनै संशोधन गर्नुपर्ने भएमा सो समेत गरी कार्ययोजनालाई परिषद्ले स्वीकृत गर्नेछ ।

(४) समितिले कार्ययोजना बनाउने सिलसिलामा कुनै प्राविधिक सहयोग उपलब्ध गराउन परिषद् समक्ष अनुरोध गरेमा त्यस्तो प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था परिषद्ले गर्नेछ ।

## परिच्छेद-४

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१०. संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को गठन : (१) कञ्चनजङ्घा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् गठन हुनेछ :-

(क) संरक्षण क्षेत्रभित्रका उपभोक्ता समितिका अध्यक्षहरु

-सदस्य

(ख) समितिमा आमा वा महिला समूहबाट प्रतिनिधित्व गरिरहेका महिला सदस्यले प्रत्येक गाउँ विकास समितिबाट एकएक जनाको प्रतिनिधित्व हुने गरी आफूहरुमध्येबाट छानेका चार जना -सदस्य

(ग) समितिमा सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट प्रतिनिधित्व गरिरहेका सदस्य मध्येबाट एक जना -सदस्य

(घ) संरक्षण क्षेत्रभित्रका गाउँ विकास समितिहरुको प्रतिनिधित्व गर्ने जिल्ला विकास समितिका प्रतिनिधि एक जना -सदस्य

(ङ) समितिभित्रका पिछडिएका वर्ग, जाति वा सामाजिक कार्यकर्ताहरुमध्येबाट अध्यक्षले तोकेको एकजना -सदस्य

(च) संरक्षणको लागि उल्लेखनीय योगदान पुऱ्याएका वा निर्वाह गरेका संरक्षण क्षेत्रभित्रका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनीत गरेको एक जना -सदस्य

(२) परिषद्ले उपनियम (१) को खण्ड (क), (ख), (ग) र (ङ) का सदस्य मध्येवाट एक जना अध्यक्ष, एकजना सदस्य सचिव र एक जना कोषाध्यक्षको छनौट गर्नेछ । छनौट प्रक्रिया परिषद् स्वयम्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम गठित परिषद्ले परिषद् दर्ताको लागि अनुसूची-३ बमोजिमको ढाँचामा विभागसमक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम निवेदन दिएमा विभागले आवश्यक छानविन गरी परिषद् दर्ता गर्न उपयुक्त देखेमा परिषद्को दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

११. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने र परिषद्को दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) संरक्षण क्षेत्रको संरक्षण र व्यवस्थापनको लागि व्यवस्थापन योजना तयार गर्ने,

(ग) स्वीकृत व्यवस्थापन योजनाको कार्यान्वयन गर्ने,

(घ) समितिले पेश गरेको कार्ययोजना स्वीकृत गर्ने,

(ङ) संरक्षण क्षेत्रको संरक्षण, व्यवस्थापन र सामुदायिक विकास कार्य गर्न गराउन समितिलाई परिचालन गर्ने,

(च) संरक्षण क्षेत्रभित्रको स्रोत साधन वा संरक्षण सेवा उपलब्ध गराए बापत शुल्क तोक्ने,

(छ) संरक्षण क्षेत्रभित्र संरक्षण क्षेत्र पर्यटन सम्बन्धी व्यवस्थापन गर्ने वा गराउने,

(ज) कार्ययोजना बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न समितिलाई रकम वितरण गर्ने,

(झ) समितिले सञ्चालन गरेका संरक्षण तथा सामुदायिक विकास कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकतानुसार निर्देशन दिने,

(ञ) स्वीकृत कार्ययोजना कार्यान्वयन गर्नका लागि स्रोत जुटाउने,

(ट) संरक्षण क्षेत्रभित्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक वा अन्य यस्तै प्रकारका महत्वपूर्ण सम्पदाहरुको संरक्षण र सम्बर्धन गर्ने,

(ठ) महिला, जनजाति, दलित तथा विपन्न वर्गहरुको उत्थानको लागि विशेष कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ड) परिषद्को वार्षिक कार्यक्रम, आयव्यय विवरण तथा लेखापरीक्षण प्रतिवेदनहरु उपभोक्ता समूह र समितिको भेला बोलाई सार्वजनिक गर्ने र सोको एक एक प्रति मन्त्रालय र विभागलाई उपलब्ध गराउने,

(ढ) संरक्षण तथा सामुदायिक विकासमा संलग्न जिल्ला तथा स्थानीयस्तरका गैरसरकारी संघसंस्था तथा सरकारी निकायहरुसँग आवश्यक समन्वय गर्ने,

(ण) संरक्षण क्षेत्रको वृहत्तर हितको लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

१२. परिषद्को बैठक : (१) अध्यक्षको निर्देशन बमोजिम परिषद्को सदस्य सचिवले परिषद्को बैठक बोलाउने छ ।

(२) बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५

## उपभोक्ता समूह र समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

१३. उपभोक्ता समूहको गठन : (१) संरक्षण क्षेत्रको संरक्षण कार्यमा सक्रिय रुपमा सहभागी गराउन र सो क्षेत्रबाट प्रत्यक्ष लाभ पाउने संरक्षण क्षेत्रभित्रका सम्बन्धित गाउँ विकास समिति अन्तर्गत बसोबास गरेका प्रत्येक घरधुरीको प्रतिनिधित्व हुने गरी उपभोक्ता समूह वा उपभोक्ता समूहहरु गठन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम समूह गठन गर्दा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा महिलाहरुको सक्रिय सहभागितालाई सुनिश्चित गराउन सम्बन्धित समिति अन्तर्गतका महिला उपभोक्ताहरुको प्रतिनिधित्व हुने गरी आवश्यक संख्यामा आमा समूह वा महिला समूह गठन गरिने छ ।

(३) उपनियम (१) र (२) बमोजिम गठन भएका उपभोक्ता समूहहरु सम्बन्धित समितिको सिफारिसमा परिषद्को कार्यालयमा दर्ता गर्नु पर्नेछ र दर्ता गर्ने प्रयोजनका लागि अनुसूची-५ को ढाँचामा सम्बन्धित उपभोक्ता समूहको विधान र कार्ययोजना संलग्न गरी परिषद्को कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा परिषद्ले सो समूहलाई दर्ता गरी अनुसूची-६ को ढाँचामा प्रमाणपत्र दिनेछ ।

(५) उपनियम (१) र (२) बमोजिमको उपभोक्ता समूहमा प्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु समूहका सदस्य हुनेछन् त्यस्तो सदस्यले आफूहरुमध्येबाट एकजना अध्यक्ष र एकजना सचिव छनौट गर्नेछन् ।

१४. उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार : नियम १३ बमोजिम गठन भएको उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वन, वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने,

(ख) आफ्नो क्षेत्रका वन, वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने,

(ग) आफ्नो क्षेत्रमा भएका पर्ति जग्गामा वृक्षारोपण गर्ने,

(घ) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका योजनाहरुको सञ्चालन र कार्यान्वयन गर्ने,

(ङ) आफ्नो क्षेत्र भित्रको वनको अतिक्रमण हुनबाट जोगाउने,

(च) आफूले सम्पन्न गरेका योजनाको सञ्चालन र मर्मत सम्भारको व्यवस्था मिलाउने,

(छ) आफू मातहतका उपभोक्ताहरुलाई आफ्नो क्षेत्रको जैविक विविधताको संरक्षण तथा व्यवस्थापनका लागि परिचालन गर्ने,

(ज) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने योजनाहरु सम्पन्न गर्न आवश्यक पर्ने श्रमदान जुटाउने,

(झ) योजना सञ्चालन गर्न र मर्मतसम्भार गर्न सम्बन्धित समितिलाई आवश्यक सहयोग गर्ने,

(ञ) आफ्नो क्षेत्रमा सम्पन्न भएका योजनाहरुको मर्मतसम्भार शुल्क उपभोक्ताहरुबाट सङ्कलन गर्ने,

(ट) आफूले सञ्चालन गर्ने कार्यक्रमहरुको आर्थिक तथा अन्य आवधिक विवरण उपभोक्ताहरुलाई भेला गराई सार्वजनिक गर्ने,

(ठ) आफूले कार्यान्वयन गरेका योजनाको आम्दानी खर्चको हिसाब दुरुस्त राखी उपभोक्ताहरुलाई भेला गराई जानकारी गराउने,

(ड) आफूले सञ्चालन गर्ने योजनाको वारेमा त्यस्तो योजना कार्यान्वयन गर्नु अघि उपभोक्ताको भेला गराई सम्पूर्ण विवरण सार्वजनिक गर्ने,

(ढ) समितिले दिएको मार्गदर्शनको पालन गर्ने, गराउने,

(ण) सम्बन्धित समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

१५. उपभोक्ता समितिको गठन : (१) व्यवस्थापन योजना अनुसार संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्नका लागि परिषद्ले स्थानीय उपभोक्ता समूह र स्थानीय गाउँ विकास समितिसँग समन्वय राखी एक गाउँ विकास समितिमा वढीमा दुई उपभोक्ता समिति गठन गर्नेछ ।

(२) उपभोक्ता समितिमा देहाय बमोजिमका सदस्य रहने छन् :-

(क) समिति अन्तर्गतका उपभोक्ता समूहका अध्यक्षले आफूहरुमध्येबाट छानेको पाँच जना -सदस्य

(ख) समिति अन्तर्गतका आमा समूह वा महिला समूहका अध्यक्षले आफूहरुमध्येबाट छानेका तीनजना -सदस्य

(ग) सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षले आफूहरु मध्येबाट छानेको एकजना -सदस्य

(घ) पिछडिएका वर्ग, जाति वा सामाजिक कार्यकर्ताहरु मध्येबाट एकजना -सदस्य

(ङ) सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष -पदेन सदस्य

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको मनोनयन खण्ड (क), (ख) र (ग) का सदस्यको भेलाले गर्नेछ ।

(४) समितिका सदस्यले उपनियम (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यमध्येबाट एक/एकजना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको छनौट गर्नेछन् ।

(५) समितिका पदाधिकारीको छनौट प्रकृया समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) समितिका पदाधिकारी तथा सदस्यको पदावधि गठन भएको मितिबाट पाँच वर्षको हुनेछ ।

१६. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वन, वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने,

(ख) वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने गराउने,

(ग) वृक्षारोपण गर्ने वा गराउने,

(घ) पहिरो तथा भू-क्षयको नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ङ) आफ्नो कार्यक्षेत्रभित्रका स्थानीय बासिन्दाहरुको दैनिक उपभोगको लागि आवश्यक पर्ने वन पैदावार उपभोग गर्ने तरिका र शुल्क तोक्ने,

(च) आफ्नो वार्षिक तथा पञ्चवर्षीय कार्ययोजना बनाउने,

(छ) चरिचरण गर्न वा गोठ राख्न पाउने क्षेत्र, जनावरको किसिम, संख्या र शुल्क तोक्ने,

(ज) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका योजनाहरुको सञ्चालन र कार्यान्वयन गर्ने,

(झ) संरक्षणको क्षेत्रको संरक्षणका लागि स्थानीयस्तरका गैर सरकारी संस्था र सामुदायिक संस्थालाई परिचालन गर्ने,

(ञ) योजनाको आम्दानी र खर्चको हिसाव दुरुस्त राखी उपभोक्ता समूहलाई जानकारी गराउने,

(ट) विभिन्न दातृ संघ संस्था एवं व्यक्तिबाट प्राप्त अनुदान सहयोगबाट संरक्षण तथा विकास निर्माणका कार्यक्रम कार्ययोजनाको लक्ष्य अनुरुप सञ्चालन गर्ने गराउने,

(ठ) स्वीकृत व्यवस्थापन योजना वा कार्ययोजना बमोजिमका कामकारबाही गर्ने गराउने,

(ड) नियमावलीको उद्देश्य पूर्तिका लागि परिषद्का अध्यक्षले दिएको मार्गदर्शनको पालना गर्ने गराउने,

(ढ) परिषद्ले समय समयमा माग गरेको विवरण पेश गर्ने,

(ण) नियमित रुपमा कार्यप्रगति विवरण तयार गरी परिषद्को अध्यक्ष समक्ष पेश गर्ने,

(त) संरक्षण क्षेत्रअन्तर्गतका अन्य समितिसँग आवश्यक समन्वय राखी कार्य गर्ने,

(थ) आफ्नो मातहतका उपभोक्ता समूहलाई खण्ड (क) देखि (ञ) सम्मका कुराहरु सम्पन्न गर्न वा गराउन परिचालन गर्ने, तिनीहरुबीच समन्वय गर्ने र तिनीहरुका कार्यक्रमहरुको अनुगमन गर्ने,

(त) समितिको क्षेत्रभित्र सञ्चालनमा रहेका र सञ्चालन हुने पर्यटनसँग सम्बन्धित व्यवसायहरु (होटल, लज, चियापसलहरु र क्याम्पसाइटहरु आदि) को लगत राखी स्तर निर्धारण गर्ने र त्यस्ता व्यवसायीहरुबाट लिन पाउने शुल्क निर्धारणको लागि परिषद् समक्ष पेश गर्ने,

(थ) संरक्षण क्षेत्रको हितको लागि आवश्यक देखिएका अन्य काम गर्ने गराउने ।

१७. <u>समितिको बैठक तथा कार्यविधि</u> : (१) समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको सचिवले बोलाउने छ ।

(३) कम्तीमा एकाउन्न प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकको निर्णय सामान्य बहुमतबाट गरिनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सचिवद्वारा प्रमाणित गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(७) समितिको बैठकमा आवश्यकतानुसार कुनै प्राविधिक वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) कुनै महत्वपूर्ण विषयमा छलफल र निर्णय गर्नु परेमा समितिको कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यले बैठक बोलाउन लिखित रुपमा माग गरेमा वा मातहतका उपभोक्ता समूहका अध्यक्षहरुको कुल संख्याको कम्तीमा पच्चीस प्रतिशतले बैठक बोलाउन समितिको अध्यक्षलाई लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ ।

१८. समितिको दर्ता सम्बन्धी व्यवस्था : (१) नियम १५ बमोजिम पहिलो पटक समिति गठन भएपछि दर्ताको लागि अनुसूची-५ बमोजिमको ढाँचामा आफ्नो विधान समेत संलग्न राखी परिषद्को कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा परिषद्ले सो समिति दर्ता गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम एक पटक दर्ता भै सकेको समितिका पदाधिकारी र सदस्यको पदावधि समाप्त भएपछि पुन: निर्वाचित हुने समितिका पदाधिकारी तथा सदस्यको नामावली समितिका अध्यक्षले परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

१९. उप-समिति गठन गर्न सक्ने : (१) समितिले यस नियमावली बमोजिम आफूलाई सुम्पिएको कामलाई व्यवस्थित रुपले सम्पादन गर्न वा गराउन उपसमिति गठन गर्न आवश्यक देखेमा विषयगत उप-समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उप-समितिको काम, कर्तव्य, अधिकार र कार्यावधि समितिले त्यस्तो उपसमिति गठन गर्दाका वखत निर्धारण गरे बमोजिम हुनेछ ।

२०. समितिको विघटन : (१) कुनै समितिको काम कारबाहीका सम्बन्धमा परिषद्ले अनुगमन गर्दा वा कुनै उपभोक्ताले लिखित रुपमा देहायको अवस्था विद्यमान रहेको भनी उजुरी गरेमा र त्यस्तो उजुरी मनासिब देखिएमा परिषद्ले समिति विघटन गर्न सक्नेछ :-

(क) कार्ययोजना स्वीकृत नगराई वा स्वीकृत कार्ययोजना विपरीत कुनै कार्य गरेको,

(ख) नियम १६ बमोजिमका काम, कर्तव्य र जिम्मेवारी पूरा नगरेमा वा गर्न नसकेको,

(ग) कुनै कार्यक्रम सञ्चालन र सम्पन्न गर्न प्राप्त रकम तथा नियम २१ बमोजिमको कोषको दुरुपयोग वा हिनामिना गरेको,

(घ) कुनै कारणले आफूलाई सुम्पिएको दायित्व पूरा गर्न नसकेको,

(ङ) स्थानीय उपभोक्ताहरुको हित विपरीत कुनै काम गरेको वा उपभोक्ताहरुको हित संरक्षण गर्न नसकेको ।

(२) परिषद्ले सम्बन्धित समितिलाई आफ्नो जिम्मेवारी निर्वाह गर्न वा आफ्नो काम कारबाहीमा सुधार गर्न निर्देशन दिन वा असल नियतले काम गर्दा ऐन र यस नियमावली विपरीत कुनै कार्य भएमा वा कुनै त्रुटी भएमा निर्देशन दिई सच्याउन लगाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम समितिको विघटन गर्नुअघि विघटन गर्नु पर्नाको कारण खोली पैंतीस दिनको म्याद दिई सम्बन्धित समितिसँग स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम स्पष्टीकरण माग गरिएकोमा समितिले निर्धारित अवधि भित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा परिषद्ले आफ्ना सदस्यमध्येबाट तीन जनाको एक टोली गठन गरी समितिको काम कारबाहीको आवश्यक छानबिन गराउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम छानबिन गर्दा उपनियम (१) को अवस्था विद्यमान रहेको र उपनियम (२) बमोजिम दिएको निर्देशनको पालना पनि नगरेको प्रतिवेदन प्राप्त भएमा परिषद्ले त्यस्तो समिति विघटन गर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समितिका दुई तिहाई सदस्यले त्यस्तो समिति विघटन गर्न परिषद्समक्ष कारण खुलाई लिखित अनुरोध गरेमा परिषद्ले आवश्यक छानबिन गरी त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

(८) उपनियम (६) वा (७) बमोजिम कुनै समिति विघटन भएमा परिषद्ले पुन: अर्को समिति गठन गर्न सक्नेछ । त्यसरी गठन हुने समितिको पदावधि परिषद्को बाँकी अवधिको लागि मात्र कायम रहनेछ ।

(९) उपनियम (८) बमोजिम अर्को समिति गठन नभएसम्मका लागि विघटन गरिएको समितिले सम्पादन गर्दै आएको काम कारबाही परिषद् स्वयम्ले नै गर्नेछ ।

२१. समितिको कोष : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नियम १६ को खण्ड (ङ) बमोजिम उपभोक्ता समितिले तोके बमोजिमको शुल्क,

(ख) नियम २९ को उपनियम (१) बमोजिम समितिलाई प्राप्त हुने रकम,

(ग) कुनै संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) सामुदायिक वनबाट प्राप्त हुने रकमबाट परिषद्ले तोकेको रकम,

(ङ) वन पैदावार उपभोगबाट प्राप्त रकम,

(च) गैरकाष्ठ वन पैदावार र जडीबुटी उपभोग गर्न सिफारिस दिए बापत प्राप्त हुने रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) कुनै संघ संस्थाबाट कुनै किसिमको सहयोग प्राप्त भएमा सो कुराको जानकारी यथाशीघ्र परिषद्लाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जम्मा हुने रकम कुनै वाणिज्य बैंकमा खाता खोली राख्नु पर्नेछ र त्यसको सञ्चालन समितिको अध्यक्ष तथा कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

२२. समितिको खर्च : (१) समितिले आफूलाई प्राप्त भएको रकम कार्ययोजनाले निर्दिष्ट गरेको कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(२) समितिको तर्फबाट गर्नुपर्ने खर्च र अन्य प्रशासनिक खर्च समितिको कोषबाट व्यहोरिनेछ ।

तर प्रशासनिक खर्च समितिको कुल खर्चको पच्चीस प्रतिशतभन्दा बढी हुनेछैन ।

२३. समितिको लेखापरीक्षण : (१) समितिको लेखाको लेखापरीक्षण प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र परिषद्ले नियुक्त गरेको दर्तावाल लेखापरीक्षकबाट हुनेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्दा लेखापरीक्षकले हेर्न चाहेको श्रेस्ता कागजात तथा हिसाब किताब समितिको अध्यक्ष समक्ष माग गर्न सक्नेछ र त्यसरी माग भएकोमा माग भए बमोजिमको श्रेस्ता कागजात तथा हिसाब किताब उपलब्ध गराउनु अध्यक्षको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) बमोजिम लेखापरीक्षकबाट भएको लेखापरीक्षणको प्रतिवेदनको एकप्रति परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षणको प्रतिवेदनबाट समितिको कुनै पदाधिकारीले आर्थिक दुरुपयोग गरेको पाइएमा परिषद्ले सो रकम निजबाट तुरुन्त असुल उपर गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूलउपर गर्नुपर्नेछ र सो प्रयोजनका लागि सम्बन्धित निकायलाई परिषद्ले अनुरोध गर्नेछ ।

## परिच्छेद-६

## परिषद्को आर्थिक व्यवस्था

२४. शुल्क वा दस्तुर लगाउन सक्ने : (१) परिषद्ले संरक्षण क्षेत्रको दीगो संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमका शुल्क वा दस्तुर निर्धारण गरी असुल गर्न सक्नेछ :-

(क) संरक्षण क्षेत्रभित्र पर्यटक प्रवेश बापतको प्रवेश शुल्क,

(ख) पर्वतारोहीहरु र पदयात्रीहरुबाट प्राप्त हुने सरसफाई शुल्क,

(ग) संरक्षण क्षेत्र भित्रका वन पैदावार र जडीबुटी सङ्कलन र ओसारपसार गर्न अनुमति दिए बापतको दस्तुर,

(घ) संरक्षण क्षेत्रभित्र व्यापारिक प्रयोजनको लागि डकुमेण्ट्री वा फिचर फिल्म छायाङ्कन अनुमति दिए बापतको दस्तुर,

(ङ) संरक्षण क्षेत्रभित्र हेलिकप्टर वा अन्य उपकरण अवतरण बापतको दस्तुर,

(च) संरक्षण क्षेत्रभित्र अन्य कुनै मनोरञ्जनात्मक वा रोमाञ्चकपूर्ण (वंजी जम्पिङ्ग, माउण्टेन वाइकिङ्ग, कनोइङ, स्कीङ्ग, रक क्लाइविङ्ग, ह्यांग ग्लाइडिङ्ग, पारा ग्लाइडिङ्ग आदि) कार्य गर्न अनुमति दिए बापतको दस्तुर,

(छ) संरक्षण क्षेत्रभित्र पर्यटन सेवा सञ्चालन गर्न अनुमति दिए बापतको दस्तुर,

(ज) संरक्षण क्षेत्रभित्र लघु जलविद्युत परियोजना सञ्चालन अनुमति दिए बापतको दस्तुर,

(झ) परिषद्ले आफ्नै वा आफूलाई प्राप्त हुन आएको अन्य स्रोतबाट निर्माण भएको ऊर्जा (लघु जल विद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा आदि) बाट उत्पादन हुने ऊर्जा बिक्रीबाट प्राप्त हुने दस्तुर, र

(ञ) मन्त्रालयको स्वीकृति लिई तोकेका अन्य विषय बापत प्राप्त हुने शुल्क वा दस्तुर ।

(२) उपनियम (१) मा उल्लिखित कुराहरुमध्ये कुनै कार्यको अनुमतिपत्र जारी गरी संरक्षण क्षेत्रको नाममा सङ्कलन गरिने शुल्क वा दस्तुर ऐनको दफा २५क. बमोजिम मन्त्रालयबाट प्रतिशत निर्धारण भए बमोजिम परिषद्को खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्धार सम्बन्धी कार्यमा कुनै दस्तुर लाग्ने छैन ।

२५. परिषद्को कोष : (१) परिषद्को एउटा छुट्टै कोष रहनेछ र कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :-

(क) ऐनको दफा २५क. बमोजिम प्राप्त हुने रकम,

(ख) नेपाल सरकार वा जिल्ला विकास समितिबाट प्राप्त हुने रकम,

(ग) स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम विदेशी संस्था वा व्यक्तिबाट कुनै किसिमको सहयोग लिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२६. परिषद्को कोष र खाताको सञ्चालन : (१) परिषद्को कोषमा प्राप्त हुन आएको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

तर एक पटकमा पाँच हजार रुपैयाँसम्मको रकम सानो नगदी कोषमा जम्मा गरी खर्च गर्न सकिनेछ ।

(२) परिषद्को खाताको सञ्चालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । अध्यक्ष वा कोषाध्यक्षमध्ये कुनै एकको अनुपस्थितिमा कोषको खाता सञ्चालन परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

२७. परिषद्‌को खर्च : परिषद्‌ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि परिषद्‌लाई वार्षिक रुपमा प्राप्त हुने आम्दानीको बढीमा पच्चीस प्रतिशत रकम छुट्याउन सक्नेछ ।

२८. परिषद्‌को लेखापरीक्षण : (१) परिषद्‌ले प्रत्येक आर्थिक वर्षको आयव्ययको लेखा दर्तावाल लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको लेखापरीक्षक परिषद्‌ले नियुक्ति गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्न आउने लेखा परीक्षकले हेर्न चाहेको श्रेस्ता कागजात तथा हिसाब किताब परिषद्‌का अध्यक्षले उपलब्ध गराउनु पर्नेछ ।

(४) लेखापरीक्षणबाट परिषद्‌को कुनै पदाधिकारी वा सदस्यले र परिषद्‌को स्रोत, साधन र कोषको हिनामिना वा दुरुपयोग गरेको पाइएमा परिषद्‌ले सो रकम निजबाट तुरुन्त असुल उपर गर्नेछ ।

(५) उपनियम (४) बमोजिम रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नेछ र सो प्रयोजनका लागि सम्बन्धित निकायलाई परिषद्‌ले अनुरोध गर्नेछ ।

(६) लेखापरीक्षण प्रतिवेदन परिषद्‌को बैठकमा पेश गरी सोको एक प्रति विभागमा पठाउनु पर्नेछ ।

२९. समितिलाई रकम उपलब्ध गराइने : (१) परिषद्‌ले समितिको कार्ययोजना बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न समितिलाई वार्षिक रुपमा आवश्यक रकम उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिम समितिलाई रकम उपलब्ध गराउँदा कार्य प्रगतिका आधारमा चौमासिक रुपमा निकासा दिनु पर्नेछ ।

(३) परिषद्‌ले देहायको आधारमा विभिन्न समितिलाई उपनियम (१) बमोजिम रकम उपलब्ध गराउनेछ :-

(क) समितिको इलाका र जनसंख्याको आकार,

(ख) सामुदायिक विकासको माग र आवश्यकता,

(ग) वन्यजन्तुले समितिको इलाका क्षेत्रमा पुऱ्याएको असर,

(घ) वन्यजन्तु, वन पैदावार तथा प्राकृतिक स्रोतको संरक्षण गर्न त्यस क्षेत्रका वासिन्दाले पुऱ्याएको योगदान,

(ङ) जैविक विविधताको संरक्षण र सामुदायिक विकासमा स्थानीय जनताको सक्रियता तथा सहभागिता,

(च) कुनै खास क्षेत्रमा सञ्चालन हुने साझेदारीमा गरिने आयोजनाको लागत,

(छ) समितिले सञ्चालन गरेका कार्यक्रमको परिणाम र गुणस्तर ।

परिच्छेद ७

संरक्षण क्षेत्रभित्रका निषेधित कार्य

३०. संरक्षण क्षेत्रभित्र निषेधित कार्य : अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्ति वा संस्थाले संरक्षण क्षेत्रभित्र देहायको कुनै पनि कार्य गर्न पाउने छैन :-

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) सरकारी जग्गामा जस्तोसुकै घर, छाप्रो, आश्रम वा यस्तै प्रकारको कुनै निर्माण कार्य गर्न वा भोग गर्न,

(ग) सरकारी जग्गाको भू-भाग कव्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा कटान गर्न,

(घ) सरकारी जग्गाभित्र रहेका रुख, विरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुर्‍याउन,

(ङ) सरकारी जग्गामा खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पैदावारमा हानी नोक्सानी पुर्‍याउन,

(च) हातहतियार खर खजाना वा कुनै किसिमको विषालु पदार्थ साथमा लैजान वा प्रयोग गर्न,

(छ) संरक्षण क्षेत्रभित्र कुनै प्रकारको जीवजन्तु वा आखेटोपहार लैजान वा आखेटोपहार सङ्कलन गर्न,

(ज) संरक्षण क्षेत्रभित्र वग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

(झ) खोरिया फडानी गर्न ।

३१. काम कारबाही निषेध गर्न सक्ने : (१) परिषद्ले संरक्षण क्षेत्रभित्र भइरहेको वा हुन लागेको कुनै काम कारबाहीको कारणबाट संरक्षण क्षेत्रको भू-उपयोग,

जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोतको संरक्षणमा प्रतिकुल असर परेमा वा पर्ने संभावना देखिएमा तत्काल त्यस्तो काम कारबाही रोक्न वा निषेध गर्न वा त्यस्तो कार्यमा सुधार गर्न लिखित आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको आदेशमा के कति कारणले त्यस्तो काम कारबाही रोक्न वा निषेध गर्न वा सुधार गर्न परेको हो सो कुरा स्पष्ट रुपमा खुलेको हुनु पर्नेछ ।

३२. लिखित स्वीकृति लिनु पर्ने : संरक्षण क्षेत्रभित्रका बासिन्दाले आफ्नो निजी प्रयोजनको लागि संरक्षण क्षेत्रभित्रको सरकारी जग्गाबाट माटो, ढुङ्गा, रोडा वा बालुवा झिक्न चाहेमा परिषद्को लिखित स्वीकृति लिनु पर्नेछ । परिषद्ले त्यस्तो स्वीकृति दिँदा समितिको सिफारिसमा दिनु पर्नेछ ।

३३. क्षति पुऱ्याउन नहुने : कसैले पनि संरक्षण क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, घर, कार्यालय भवन, तारबार, चिन्हपट वा अन्य कुनै पनि वस्तुलाई कुनै पनि प्रकारले क्षति पुऱ्याउन हुँदैन ।

३४. अनुमति लिनु पर्ने : (१) कसैले पनि संरक्षण क्षेत्रभित्रको प्राकृतिक स्रोत प्रयोग हुने गरी वा सो क्षेत्रको प्राकृतिक स्रोतमा प्रतिकुल असर पर्ने गरी व्यापारिक प्रयोजनको लागि कुनै काम शुरु गर्नुभन्दा पहिले परिषद्को सहमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि परिषद्ले त्यसमा आवश्यक छानबिन गरी आवश्यक शर्तहरु तोकी सहमति दिन सक्नेछ ।

३५. सहमति लिनु पर्ने : (१) संरक्षण क्षेत्रभित्र रहेका निजी जग्गामा कुनै उद्योग सञ्चालन गर्न इजाजतपत्र प्रदान गर्नुअघि परिषद्को सहमति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सहमति दिँदा त्यस्तो उद्योगले पालना गर्नुपर्ने गरी परिषद्ले निश्चित शर्तहरु तोक्न सक्नेछ ।

(३) यो नियम प्रारम्भ हुनुअघि संरक्षण क्षेत्रमा सञ्चालन भइरहेका उद्योगको हकमा समेत परिषद्ले आवश्यक शर्त तोक्न सक्नेछ ।

## परिच्छेद-९

## वन व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था

३६. वनको व्यवस्थापन सुम्पन सकिने : (१) संरक्षण क्षेत्रभित्रको कुनै वन क्षेत्रलाई व्यवस्थापन योजना अनुसार वन पैदावारको दिगो व्यवस्थापन र सदुपयोग गर्नका लागि संरक्षण सामुदायिक वनको रुपमा संरक्षण तथा व्यवस्थापन गर्न चाहने संरक्षण वन उपभोक्ता समूहले सो वन क्षेत्र आफूले संरक्षण सामुदायिक

वनको रुपमा व्यवस्थापन गर्न चाहेको व्यहोरा खुलाई अनुसूची-७ बमोजमको ढाँचामा कार्ययोजना र समितिको सिफारिस सहित परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचवुझ गर्नेछ । जाँचबुझबाट निवेदनमा उल्लिखित वन क्षेत्र पूरै वा आंशिक रुपमा सुम्पन मनासिब देखिएमा त्यस्तो संरक्षण सामुदायिक वन सम्बन्धित समूहलाई सुम्पन सक्नेछ । त्यसरी संरक्षण सामुदायिक वन सुम्पदा अनुसूची-८ बमोजिमको प्रमाणपत्र समेत प्रदान गर्नु पर्नेछ ।

(३) एउटै वन क्षेत्र दुई वा दुईभन्दा वढी समितिले संरक्षण सामुदायिक वनको रुपमा माग गरेमा परिषद्ले सम्बन्धित समितिसँग समन्वय गरी सहमतिको आधारमा सो वन क्षेत्र उपयुक्त समितिलाई सुम्पन सक्नेछ ।

३७. संरक्षण सामुदायिक वन फिर्ता लिन सकिने : (१) नियम ३६ बमोजिम संरक्षण सामुदायिक वन जिम्मा लिने उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा परिषद्ले त्यस्तो समितिसँग पन्ध्र दिनसम्मको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरण नदिएमा वा दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण सामुदायिक वन फिर्ता लिन मनासिब देखिएमा परिषद्ले त्यस्तो वन फिर्ता लिन सक्नेछ । यसरी फिर्ता लिएको संरक्षण सामुदायिक वनको संरक्षण अर्को व्यवस्था नभएसम्म परिषद् आफैँले वा कुनै उपभोक्ता समूहमार्फत संरक्षण तथा व्यवस्थापन गर्न गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम परिषद्ले गरेको निर्णयउपर चित्त नवुझ्ने समूहले त्यस्तो निर्णयको सूचना पाएको पैँतीस दिनभित्र विभाग समक्ष उजुरी दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम उजुरी दिएमा विभागले आफ्नो निर्णय दिनुपर्नेछ र विभागले दिएको निर्णय अन्तिम हुनेछ ।

(५) उपनियम (३) बमोजिम उजुरी परेकोमा सोको अन्तिम निर्णय नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन परिषद् आफैंले गर्नेछ ।

३८. संरक्षण धार्मिक वनको रुपमा सुम्पन सकिने : (१) संरक्षण क्षेत्रभित्रको वन क्षेत्रलाई व्यवस्थापन योजना अनुसार संरक्षण धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहने कुनै धार्मिक संस्था, समूह वा समुदायले सोको दर्ताका लागि अनुसूची-९ बमोजिमको ढाँचामा वन व्यवस्थापन कार्ययोजना सहित परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट निवेदनमा उल्लिखित वन क्षेत्र पूरै वा आंशिक रुपमा सुम्पन मनासिब देखेमा त्यस्तो संरक्षण धार्मिक वन दर्ता गरी सम्बन्धित धार्मिक संस्था, समूह वा समुदायलाई सुम्पन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम संरक्षण धार्मिक वन सुम्पदा अनुसूची-१० बमोजिमको ढाँचामा सो सम्बन्धी प्रमाणपत्र समेत प्रदान गर्नु पर्नेछ ।

(४) संरक्षण धार्मिक वनमा उपलब्ध भएका काठ दाउरा धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न पाइनेछ । यसरी उपयोग गर्दा वातावरणमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न सकिने छैन ।

३९. संरक्षण धार्मिक वन फिर्ता लिन सकिने : (१) नियम ३८ बमोजिम सुम्पिएको संरक्षण धार्मिक वन जिम्मा लिने सम्बन्धित धार्मिक संस्था, समूह वा समुदायले वन व्यवस्थापन कार्ययोजना बमोजिम कार्य नगरेमा परिषद्ले त्यस्तो धार्मिक संस्था, समूह वा समुदायसँग पन्ध्र दिनसम्मको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरण नदिएमा वा दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण धार्मिक वन फिर्ता लिन मनासिब देखिएमा परिषद्ले त्यस्तो संरक्षण धार्मिक वन फिर्ता लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम परिषद्ले गरेको निर्णयउपर चित्त नबुझ्ने धार्मिक संस्था, समूह वा समुदायले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र विभागसमक्ष उजुरी दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम उजुरी दिएकोमा विभागले आफ्नो निर्णय दिनु पर्नेछ र विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) उपनियम (२) बमोजिम उजुरी परेमा सोको अन्तिम निर्णय र फिर्ता लिएको वनको संरक्षण अर्को व्यवस्था नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन परिषद् आफैंले गर्नेछ ।

४०. संरक्षण निजी वन सम्बन्धी व्यवस्था : (१) संरक्षण क्षेत्रभित्रको जग्गाधनीले संरक्षण क्षेत्रको व्यवस्थापन योजनाको अधीनमा रही निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) यस नियम बमोजिम निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न परिषद्ले निजी वनको धनीलाई आवश्यक प्राविधिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(३) संरक्षण निजी वनको धनीले सो वनको वन पैदावार संरक्षण क्षेत्रभित्र उपयोग गर्ने गरी ओसारपसार र बिक्री वितरण गर्न पाउने छ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षण निजी वनका वन पैदावार सोको धनीले संरक्षित क्षेत्र बाहिर लैजान र बिक्रीवितरण गर्नु परेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित समितिको सिफारिससाथ परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएमा परिषद्ले आवश्यक जाँचवुझ गरी त्यस्तो वन पैदावार निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई काठको हकमा टाँचा लगाई परिषद्ले संरक्षण क्षेत्र बाहिर लैजान अनुसूची-११ बमोजिमको ढाँचामा छोडपूर्जी दिनु पर्नेछ ।

तर नेपाल बाहिर काठ निर्यात गर्न छोडपूर्जी दिइने छैन ।

४१. वन पैदावारको उपयोग : आफैंले बिरुवा लगाई हुर्काएको वा समिति वा वन उपभोक्ता समूहले संरक्षण सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएको वन पैदावारको उपयोग कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नवढ्ने गरी सम्बन्धित समिति वा वन उपभोक्ता समूहले तोकेको दस्तुर तिरी उपभोक्ता समूहहरुले उपयोग गर्न सक्ने छन् ।

४२. गैर काष्ठ वन पैदावार र जडीबुटी उपयोग गर्न पाइने : (१) प्रचलित कानून बमोजिम निषेध गरिएका गैर काष्ठ वन पैदावार र जडीबुटी बाहेक संरक्षण क्षेत्रभित्र पाइने गैर काष्ठ वन पैदावार र जडीबुटीको दिगो सङ्कलन, उपयोग गर्न र संरक्षण क्षेत्र बाहिर लैजान स्वीकृत कार्ययोजना र प्राविधिक प्रतिवेदनका आधारमा परिषद्ले इजाजत दिन सक्नेछ ।

(२) परिषद्ले गैर काष्ठ वन पैदावार र जडीबुटी सङ्कलन गर्न र क्षेत्र बाहिर लैजान इजाजत बापत लाग्ने दस्तुर तोक्नेछ ।

तर त्यसरी तोकिने दस्तूर वन नियमावली, २०५१ बमोजिम तोकिएको दस्तूरभन्दा कम हुने गरी तोक्न सकिने छैन ।

(३) संरक्षण क्षेत्रबाट सङ्कलन र उपयोग गर्न तथा संरक्षण क्षेत्र बाहिर लैजान पाइने गैर काष्ठ वन पैदावार र जडीबुटीको सूची परिषद्ले निर्धारण गर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्धारित गैर काष्ठ वन पैदावार र जडीबुटी संरक्षण सामुदायिक वनको भएमा त्यस्ता गैर काष्ठ वन पैदावार र जडीबुटीको दिगो सङ्कलन, उपयोग र संरक्षण क्षेत्र बाहिर लैजान सम्बन्धित समितिका अध्यक्षको सिफारिस र नियम ५७ को उपनियम (१) बमोजिम

नेपाल सरकारले खटाएको प्राविधिकको प्रतिवेदनको आधारमा परिषद्को अध्यक्षले इजाजत दिन सक्नेछ ।

(५) उपनियम (२) बमोजिम जडीवुटीको सङ्कलन, उपयोग गर्न र संरक्षण क्षेत्र बाहिर लैजान इजाजत दिएको अवस्थामा सो बापत प्राप्त हुने दस्तुरको पचहत्तर प्रतिशत रकम जुन समितिको क्षेत्रबाट इजाजत दिएको हो, सोही समितिलाई परिषद्ले उपलब्ध गराउनु पर्नेछ ।

(६) यस नियम बमोजिम कुनै जडीबुटी सङ्कलन, उपयोग गर्न वा संरक्षण क्षेत्र बाहिर लैजान चाहने व्यक्ति वा संस्थाले अनुसूची-१२ बमोजिमको ढाँचामा परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निवेदन पर्न आएमा परिषद्ले अनुसूची-१३ बमोजिमको ढाँचामा जडीवुटी सङ्कलन इजाजत दिन सक्नेछ ।

(८) उपनियम (७) बमोजिम सङ्कलित जडीबुटी संरक्षण क्षेत्र बाहिर लैजान परेमा अध्यक्षले अनुसूची-१४ बमोजिमको ढाँचामा छोडपूर्जी दिनेछ ।

तर त्यसरी छोडपूर्जी दिनुअघि अध्यक्षले जडीबुटी सङ्कलन गर्न दिएको परिमाण अनुसार भए-नभएको जाँचबुझ गर्न सक्नेछ ।

(९) संरक्षण क्षेत्र बाहिरबाट कुनै जडीबुटी संरक्षण क्षेत्रभित्र ल्याउनु परेमा वा संरक्षण क्षेत्रको बाटो प्रयोग गरी अन्यत्र लैजान चाहने व्यक्ति वा संस्थाले सो जडीबुटी त्यसरी लैजान सम्बन्धित जिल्ला वन कार्यालयबाट जारी गरिएको इजाजतपत्र अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ र अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो जडीबुटी संरक्षण क्षेत्रभित्र ल्याउन वा संरक्षण क्षेत्र बाहिर लैजान अनुमति दिनेछ ।

## परिच्छेद-९

## सामुदायिक विकास सम्बन्धी आयोजना सञ्चालन

४३. सामुदायिक विकास सम्बन्धी योजना सञ्चालन : (१) समितिले आफ्नो कार्ययोजनामा उल्लेख भए अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्राथमिकताका आधारमा योजनाको छनौट गर्नु पर्नेछ । त्यसरी छनौट गरिएको कार्यक्रम वा योजनाको लागत अनुमान सहितको प्रस्ताव तयार गरी परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको प्रस्तावमा उपभोक्ताको श्रमदानको अंश समेत उल्लेख गर्नु पर्नेछ र यस्तो श्रमदानको अंश क,ल लागतको कम्तीमा दशदेखि तीस प्रतिशतसम्म हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लागत अनुमान तयार गर्ने कार्यमा आवश्यक परेमा परिषद्ले समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्राप्त भएको कार्यक्रम वा योजना परिषद्ले आफ्नो बैठकमा छलफलको लागि पेश गर्नेछ र त्यसमा आवश्यकतानुसार संशोधन गर्नु पर्ने भए सो समेत गरी बैठकले त्यस्तो कार्यक्रम वा योजना स्वीकृत गर्नेछ । त्यसरी स्वीकृत कार्यक्रम वा योजनाको कार्यान्वयनका लागि परिषद्ले कार्य प्रगतिका आधारमा चौमासिक रुपमा रकम निकासा दिनेछ ।

(५) उपनियम (३) बमोजिम स्वीकृत कार्यक्रम वा योजना कार्यान्वयन गर्नुअघि समितिले आफू मातहतका समूहका पदाधिकारीको भेला गराई सार्वजनिक गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम सञ्चालित कार्यक्रम वा योजना सम्पन्न भएपछि सम्बन्धित समितिले परिषद् समक्ष उक्त योजनाको जाँच पास गराइदिन अनुरोध गर्नु पर्नेछ र त्यसरी अनुरोध भई आएमा परिषद्ले सोको जाँचपास गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(७) कार्यक्रम वा योजनाको कार्य सम्पन्न भएपछि समितिले त्यसको हिसाब किताब, लेखापरीक्षण र जाँचपासको प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम हिसाब किताब, विल भर्पाइ र जाँचपास प्रतिवेदन पेश भएपछि परिषद्ले आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी कार्य सम्पन्न भएको देखिएमा कार्यक्रम वा योजनाको जाँचपास गरी दिनु पर्नेछ ।

(९) यस नियम बमोजिम जाँचपास गर्नको लागि परिषद्सँग सम्बन्धित विषयको प्राविधिक नभएमा जिल्ला विकास समितिलाई सम्बन्धित प्राविधिक उपलब्ध गराई दिन अनुरोध गर्न सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम प्राविधिक उपलब्ध गराउन अनुरोध भै आएमा जिल्ला विकास समितिले प्राविधिक खटाई पठाई दिनु पर्नेछ ।

(११) यस नियम बमोजिमको कार्यक्रम वा योजनाको लागत अनुमान र जाँचपास गर्दा लागेको खर्च सम्बन्धित योजना वा कार्यक्रमको खर्चमा समावेश गरिनेछ ।

४४. स्वीकृति लिनुपर्ने : संरक्षण क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले विदेशी संघ संस्थासँग मिलेर कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्न चाहेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४५. दोहोरो नपर्ने गरी विकास आयोजना सञ्चालन गर्नु पर्ने : परिषद्ले नियम ४३ बमोजिम सामुदायिक विकास सम्बन्धी कार्य गर्दा गराउँदा अन्य कुनै निकाय, संघ संस्था वा कार्यालयले सञ्चालन गरिराखेको कुनै सामुदायिक विकास सम्बन्धी कार्यक्रम वा आयोजनामा दोहोरोपना नआउने गरी सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-१०

## विविध

४६. वन्यजन्तुको व्यवस्थापन : (१) संरक्षण क्षेत्रमा संरक्षित वन्यजन्तु बाहेक अन्य वन्यजन्तुको संख्यामा वृद्धि भई स्थानीय उपभोक्ताको कृषिबाली, पशुधन क्षति गर्ने अवस्था देखिएमा सम्बन्धित प्रजातिको वस्तुस्थिति अध्ययनबाट कोटा निर्धारण गरी त्यस्ता वन्यजन्तुको व्यवस्थापनको लागि स्थानहरु तोकी व्यावसायिक शिकार गराउन परिषद्ले विभागमा सिफारिस पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यावसायिक शिकारको लागि वन्यजन्तु र तिनीहरुको संख्या (कोटा) तोक्दा परिषद्ले संरक्षण अधिकृतको राय सुझाव लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पठाइएको सिफारिसको आधारमा विभागले प्रजाति, स्थान र संख्या खोली शिकार अनुमति पत्र दिन सक्नेछ ।

(४) शिकार सम्बन्धी दस्तुर, पुरक शिकार अनुमतिपत्र दस्तुर र अन्य व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

(५) उपनियम (३) बमोजिम शिकार अनुमतिपत्र दिएबापत प्राप्त हुने रकमको पचास प्रतिशत रकम विभागले परिषद्को कोषमा जम्मा गर्नेछ ।

४७. प्रवेशपत्र लिनु पर्ने : (१) कुनै विदेशी पर्यटकले संरक्षण क्षेत्रभित्र प्रवेश गर्न चाहेमा परिषद्को कार्यालय वा सम्पर्क कार्यालयले तोके बमोजिमको प्रवेश दस्तुर तिरी प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने प्रवेशपत्रको ढाँचा अनुसूची-१५ बमोजिम हुनेछ ।

४८. संरक्षण क्षेत्रभित्र अवतरण गर्न अनुमति लिनु पर्ने : (१) कसैले संरक्षण क्षेत्रमा कुनै किसिमको हेलिकप्टर, हटएयर बेलुन वा त्यस्तै किसिमका हवाई उपकरणको अवतरण गर्न चाहेमा अनुमति लिनको लागि अनुसूची-१६ बमोजिमको ढाँचामा विभाग वा परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि विभाग वा परिषद्ले तोके बमोजिमको दस्तुर लिई संरक्षण क्षेत्रमा हेलिकप्टर, हटएयर बेलुन वा त्यस्तै किसिमको उपकरणको अवतरण गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम यसरी अनुमति दिँदा अनुसूची-१७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ ।

(४) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आपतकालीन अवतरण वा उद्धार सम्बन्धी कार्यका सिलसिलामा अवतरण गर्दा पूर्व अनुमति लिनु पर्ने छैन ।

(५) उपनियम (४) बमोजिम आपतकालीन अवतरण वा उद्धार सम्बन्धी कार्यका सिलसिलामा अवतरण गरेको कुराको जानकारी यथासक्य छिटो गरी विभाग वा परिषद्लाई दिनु पर्नेछ ।

४९. फिल्म छायाङ्कनको लागि अनुमति लिनु पर्ने : (१) संरक्षण क्षेत्रभित्र कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाले व्यावसायिक डकुमेन्ट्री वा फिचर फिल्म छायाङ्कन गर्न चाहेमा विभागमा वा परिषद्मा अनुसूची-१८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा विभागले तोके बमोजिमको दस्तुर लिई अनुसूची-१९ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम विभागले अनुमतिपत्र दिएको अवस्थामा अनुमतिपत्र बापतको दस्तुरको पचास प्रतिशत रकम परिषद्को कोषमा जम्मा गर्नेछ ।

(४) उपनियम (२) बमोजिम दिइएको अनुमतिपत्र अनुसार फिल्म छायाङ्कन गर्दा फिल्म छायाङ्कन गर्ने व्यक्ति वा संस्थासँग छायाङ्कन अवधिभर परिषद्ले आफ्नो कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी निजको रोहवरमा मात्र फिल्म छायाङ्कन गर्ने व्यवस्था गर्न सक्नेछ ।

५०. वैज्ञानिक अनुसन्धान गर्न स्वीकृति लिनु पर्ने : (१) संरक्षण क्षेत्रभित्र कसैले वैज्ञानिक अनुसन्धान, अवलोकन सम्बन्धी काम गर्न चाहेमा विभागले स्वीकृति दिन सक्नेछ । यसरी स्वीकृति दिएको जानकारी परिषद्लाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति लिई अनुसन्धान सम्पन्न गरेपछि सम्बन्धित व्यक्ति वा संस्थाले सोको प्रतिवेदन विभाग र परिषद् समक्ष एक एकप्रति बुझाउनु पर्नेछ ।

५१. क्षतिपूर्तिको लागि जिम्मेवार नहुने : कुनै व्यक्ति संरक्षण क्षेत्रभित्र प्रवेश गरेकोमा सो क्षेत्रभित्र निजलाई कुनै किसिमको हानी नोक्सानी भएमा, चोटपटक लागेमा वा निजको मृत्यु भएमा निज आफैं जिम्मेवार हुनेछ र सो बापत क्षतिपूर्तिका लागि नेपाल सरकार वा परिषद् जिम्मेवार हुने छैन ।

५२. मुद्दा हेर्ने अधिकार : (१) संरक्षण क्षेत्रभित्र ऐन र यस नियमावली अन्तर्गतका कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षण अधिकृतलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले खटाएको राजपत्र अनंकित प्रथम श्रेणीको प्राविधिक रेञ्जरलाई हुनेछ :-

(क) अनुमति नलिई संरक्षण क्षेत्रमा प्रवेश गरेमा,

(ख) पाँच हजार रुपैयाँसम्म विगो कायम हुने वन पैदावार अनियमित तरिकाले क्षति पुऱ्याएमा, काटेमा वा झिकेमा,

(ग) नियम ३० को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) मा उल्लिखित निषेधित कार्य गरेमा ।

५३. मुद्दाको तहकिकात र दायरी : नियम ५२ को उपनियम (१) बमोजिम कारबाही र किनारा हुने मुद्दाको तहकिकात र दायरी नेपाल सरकारबाट खटिएको राजपत्र अनङ्कित प्रथम श्रेणीको प्राविधिक रेञ्जर कर्मचारीले गर्नेछ ।

५४. कार्ययोजना विपरीत गर्नेलाई हुने सजाय : संरक्षण सामुदायिक वनमा कसैले कार्ययोजना विपरीत कुनै काम गरेमा निजलाई सम्बन्धित समितिले कार्ययोजनामा उल्लेख भए बमोजिम कारबाही गर्न सक्नेछ । कार्ययोजना विपरीत कार्य गरी कुनै हानी नोक्सानी गरेको पाइएमा त्यस्तो हानी नोक्सानीको बिगो कायम गरी प्रचलित कानून बमोजिम असुलउपर गर्नु पर्नेछ ।

५५. भू-उपयोगिता प्रणाली लागू गर्ने : (१) व्यवस्थापन योजनामा भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने भनी तोकिएको क्षेत्रका जग्गामा परिषद्ले सम्बन्धित समितिको सहमति लिई कार्ययोजना अनुसार भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली लगाउन वा फलफूल खेती गर्न वा रुख विरुवा वा घाँस लगाउन वा अन्य कुनै कार्य गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्ने व्यक्तिलाई परिषद्ले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

५६. परिषद्लाई सहयोग गर्नु पर्ने : संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने काममा परिषद्लाई स्थानीय निकाय, स्थानीय प्रशासन, प्रहरी, सरकारी वा

गैरसरकारी संघ संस्था, समिति तथा सम्बन्धित सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

५७. सरकारी कर्मचारी खटाउन सकिने : (१) संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउन विभागले कम्तीमा एकजना राजपत्राङ्कित तृतीय श्रेणीको संरक्षण अधिकृत र आवश्यकता अनुसार थप प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खटिएका कर्मचारीहरुले परिषद्लाई देहाय बमोजिम सहयोग पुऱ्याउनु पर्नेछ :-

(क) आवश्यक प्राविधिक तथा कानूनी राय, सुझाव उपलब्ध गराउने,
(ख) जैविक विविधताको संरक्षण र व्यवस्थापनसँग सम्बन्धित कुराहरुको अनुगमन गर्ने,
(ग) संरक्षण क्षेत्रभित्र रहेका वा पाइने वन्यजन्तुहरुको स्थितिको बारेमा तथ्याङ्क सङ्कलन गर्ने,
(घ) प्राकृतिक स्रोत तथा सम्पदाहरुको संरक्षण तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउने,
(ङ) परिषद् र समितिले गरेका मुख्य मुख्य कार्यहरुको वारेमा विभाग समक्ष समय समयमा प्रतिवेदन पेश गर्ने, र
(च) यस नियमावली बमोजिम तोकिएका र नेपाल सरकारले समय समयमा दिएका अन्य निर्देशन कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

५८. तदर्थ समिति : (१) उपभोक्ता समूह, समिति र परिषद्को सदस्यको पदावधि समाप्त भएपछि पुन: अर्को उपभोक्ता समूह, समिति र परिषद्को गठन गर्नको लागि एक तदर्थ समितिको गठन हुनेछ । त्यस्तो समितिमा देहाय बमोजिमका व्यक्तिहरु रहनेछन् :-

(क) संरक्षण अधिकृत - संयोजक

(ख) समूह वा समितिका कुनै पनि पदका लागि उम्मेदवारी दिन नचाहने व्यक्तिहरु मध्येबाट महिला र पुरुष गरी तीन जना - सदस्य

(ग) परिषद्को कार्यालयको कार्यालय सचिव - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्य तोक्दा परिषद्को सिफारिस बमोजिम संरक्षण अधिकृतले तोक्नेछ ।

(३) तदर्थ समितिले परिषद्को कार्य अवधि समाप्त हुनु भन्दा तीन महिनाअघि नै उपभोक्ता समूह, समिति र परिषद्को गठन गरिसक्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम गठित परिषद्ले अघिल्लो परिषद्को पदावधि सकिएको मितिबाट आफ्नो जिम्मेवारी बहन गर्नेछ ।

५९. पदावधि थप सम्बन्धी व्यवस्था : (१) असाधारण वा काबु बाहिरको परिस्थितिको सृजना भई परिषद्को म्याद समाप्त भएपश्चात् अर्को परिषद् गठन गर्न तत्काल सम्भव नभएमा नियम ५९ बमोजिमको तदर्थ समितिको सिफारिसमा विभागले परिषद्को पदावधि एक वर्षको लागि थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परिषद्को पदावधि थप भएमा परिषद्ले समिति र उपभोक्ता समूहको पदावधि पनि एक वर्षको लागि थप गर्न सक्नेछ ।

६०. परिषद् विघटन गर्न सकिने : (१) देहायको अवस्थामा विभागले परिषद् विघटन गर्न सक्नेछ :-

(क) परिषद्ले व्यवस्थापन योजना स्वीकृत नगराई वा स्वीकृत व्यवस्थापन योजना विपरीत हुने कुनै कार्य गरेमा,

(ख) परिषद्ले नियम ११ बमोजिमका आफ्नो काम, कर्तव्य पूरा नगरेमा वा गर्न नसकेमा,

(ग) परिषद्लाई प्राप्त रकम र परिषद्को कोषको हिनामिना गरेको पाइएमा,

(घ) परिषद्को जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यले सो परिषद् विघटन गर्न विभाग समक्ष कारण खुलाई लिखित रुपमा अनुरोध गरेमा ।

(२) उपनियम (१) बमोजिम परिषद् विघटन गर्नुपर्ने भएमा विभागले परिषद्लाई विघटन गर्नु परेको कारण खोली पैंतीस दिनको म्याद दिई सफाइको मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको सफाइ सन्तोषजनक भएमा परिषद्लाई आफ्नो काम कारबाहीमा सुधार ल्याउन एक पटकको लागि अवसर दिन सकिनेछ ।

तर यसरी आफ्नो काम कारबाहीमा सुधार गर्ने मौका दिँदादिँदै पनि आफ्नो जिम्मेवारी निर्वाह गर्न नसकेमा वा परिषद्ले पेश गरेको सफाई सन्तोषजनक नभएमा विभागले परिषद् विघटन गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम परिषद् विघटन भएपछि यसै नियमावली बमोजिमको प्रक्रिया अवलम्बन गरी नयाँ परिषद्को गठन गर्नु पर्नेछ ।

६१. विनियम तथा निर्देशिका बनाउन सक्ने : (१) परिषद्ले परिषद्का पदाधिकारी तथा कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी विनियम बनाई मन्त्रालयको स्वीकृति प्राप्त गरी लागू गर्न सक्नेछ ।

(२) परिषद्ले यस नियमावलीको अधीनमा रही नियमावलीको कार्यान्वयन गर्ने प्रयोजनको लागि निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६२. अनुसुचीमा हेरफेर वा थपघट : मन्त्रालयले आवश्यक देखेमा परिषद्को सिफारिसमा अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

६३. नेपाल सरकारसँग सम्पर्क : परिषद्ले नेपाल सरकारसँग सम्पर्क गर्दा विभाग मार्फत सम्पर्क गर्नु पर्नेछ ।

६४. बचाउ : (१) कञ्चनजङ्गा संरक्षण क्षेत्रमा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ बमोजिम गठन भएका उपभोक्ता समूह, उपभोक्ता समिति र संरक्षण क्षेत्र व्यवस्थापन परिषद् एवं सो नियमावली बमोजिम भए गरेका काम कारबाही यो नियमावली लागू भएपछि यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(२) उपनियम (१) मा उल्लिखित नियमावली बाहेक प्रचलित कानून बमोजिम संरक्षण क्षेत्रभित्रका प्राकृतिक सम्पदा उपयोग वा व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकारबाट कुनै अनुमति लिएको भएमा अनुमतिको म्यादसम्म सोही अनुमति बमोजिम र सो को म्याद समाप्त भएपछि यस नियमावली बमोजिम हुनेछ ।

---

द्रष्टव्य : १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।
२. "गाउँ विकास समिति" को सट्टा हाल "गाउँपालिका" रहेकोमा नियमावलीमा संशोधन हुन बाँकी ।

## अनुसूची-१

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

*व्यवस्थापन योजनामा समावेश हुनु पर्ने कुराहरु*

(१) संरक्षण क्षेत्रभित्र रहेका वन, जङ्गल, झाडी, बुट्यान, खर्क वा चरन, पर्ति, आवादी र अन्य जग्गाहरु (भू-उपयोगिता) को विवरण,

(२) वन सीमाको अवस्थिति,

(३) नदी नाला तथा अन्य जलस्रोत समेत देखिने गरी तयार गरिएको नक्सा,

(४) स्थानीय जनसंख्या तथा जनघनत्व सम्बन्धी विवरण,

(५) संरक्षण क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पति र अन्य प्राकृतिक स्रोतहरुको विवरण,

(६) संरक्षण क्षेत्रभित्रको सामुदायिक, धार्मिक वनको रुपमा सुम्पन सकिने वन क्षेत्र र वनको विवरण,

(७) वृक्षारोपण, भू-संरक्षण र वन विकास सम्बन्धी कार्यक्रमहरुको विवरण,

(८) स्थानीय जनताको मौलिक र परम्परागत ज्ञान तथा सीपको संरक्षण सम्बन्धी कार्यक्रम,

(९) स्थानीय उपभोक्तालाई आवश्यक पर्ने वन पैदावार, सोको सङ्कलन र उपभोग सम्बन्धी वार्षिक कार्यक्रम,

(१०) आफ्नो क्षेत्रभित्र गरिने सामुदायिक विकास, संरक्षण क्षेत्र पर्यटन विकास, वन्यजन्तु, वनस्पति र वातावरण संरक्षण, ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(११) आफ्नो क्षेत्रमा हुन सक्ने वार्षिक आम्दानी तथा स्रोतको विवरण,

(१२) व्यवस्थापन योजना कार्यान्वयन गर्न आवश्यक पर्ने साधन, स्रोत, जनशक्ति तथा रकमको विवरण,

(१३) जडीबुटीको सङ्कलन र उपयोग सम्बन्धी वार्षिक विवरण,

(१४) भू-उपयोगिता प्रणाली लागू गर्नुपर्ने क्षेत्रको विवरण,

(१५) संरक्षण क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा केन्द्रहरु, विद्यालयहरु, मठमन्दिर, गुम्बा, पुल पुलेसाहरु लगायत अन्य आवश्यक पूर्वाधारहरु ।

## अनुसूची-२

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

**उपभोक्ता समितिको कार्ययोजनामा समावेश हुनुपर्ने विवरणहरु**

(१) उपभोक्ता समितिको नाम, ठेगाना,

(२) उपभोक्ता समिति अन्तर्गत रहेको संरक्षण क्षेत्रको सीमाना,

(३) वन, वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(४) वन क्षेत्रमा चरिचरण गर्ने स्थान र तरिका,

(५) वृक्षारोपण, विरुवा काँटछाँट गर्ने, पातलो पार्ने, सफा गर्ने र अन्य वन सम्बर्द्धन कलाका पद्धतिहरु,

(६) जडीबुटी एवं वन पैदावारको सङ्कलन र बिक्री वितरण गर्ने तरिका,

(७) भूमि व्यवस्थापनको लागि अपनाइने नीति तथा तरिका,

(८) सामुदायिक विकासका कार्यक्रम र कार्यान्वयन गर्ने तरिका,

(९) जैविक विविधता संरक्षण गर्ने पद्धति,

(१०) आय आर्जन र क्षमता अभिवृद्धिका कार्यक्रम,

(११) संरक्षण शिक्षा र प्रचार प्रसारका कार्यक्रम,

(१२) संरक्षण क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा केन्द्रहरु, विद्यालयहरु, मठमन्दिर, गुम्बा, पुल पुलेसाहरु लगायत अन्य आवश्यक पूर्वाधारहरु ।

अनुसूची-३

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को दर्ताको लागि दिइने निवेदन

मिति :

श्रीमान् महानिर्देशकज्यू,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग ।

कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ बमोजिम व्यवस्थापन परिषद्को गठन गरी दर्ता गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं ।

१. व्यवस्थापन परिषद्को नाम :

२. उपभोक्ता समूहको संख्या :

३. उपभोक्ता समितिको संख्या :

४. कुल जनसंख्या :

५. परिषद्को पदाधिकारी तथा सदस्य :

| सि.नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

५

६

७

८

९

१०

११

निवेदन दिने व्यक्तिको,-

दस्तखत :............................

नाम, थर : ...........................

ठेगाना : ..............................

पद : ...................................

मिति : .................................

अनुसूची-४

(नियम १० को उपनियम (४) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभाग

परिषद् दर्ताको प्रमाण-पत्र

दर्ता नं. : मिति :

श्री कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्,

........................

कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ ले दिएको अधिकार प्रयोग गरी त्यस व्यवस्थापन परिषद्लाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्र दिने अधिकारीको,-

दस्तखत :

नाम,थर :

दर्जा :

द्रष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रुपैयाँ दस्तुर लाग्नेछ ।

## अनुसूची-५

(नियम १३ को उपनियम (३) र नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

### उपभोक्ता समूह/समिति दर्ताको लागि दिइने निवेदन

मिति :

श्रीमान् अध्यक्षज्यू,

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय ।

कञ्चनजङ्घा संरक्षण क्षेत्र नियमावली, २०६४ बमोजिम उपभोक्ता समूह/समिति गठन गरी यस उपभोक्ता समूह/समितिको दर्ता गरी दिनु हुन देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं ।

१. उपभोक्ता समूह/समितिको नाम :

२. चार किल्ला :

पूर्व :

पश्चिम :

उत्तर :

दक्षिण :

३. अन्दाजी क्षेत्र :

४. उपभोक्ताहरुको/उपभोक्ता समूहको संख्या :

५. घरधुरी संख्या :

६. कुल जनसंख्या :

७. उपभोक्ता समूह/समितिका पदाधिकारी तथा सदस्यको विवरण :

| सि.नं. | नाम | ठेगाना | बाबु/आमाको नाम | बाजे/बजैको नाम | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|---|---|---|

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

<u>उपभोक्ता समूह/समितिको तर्फबाट निवेदन दिने व्यक्तिको</u> :

दस्तखत :

नाम, थर :

ठेगाना :

पद :

मिति :

अनुसूची-६

(नियम १३ को उपनियम (४) र नियम १८ को उपनियम (२) सँग सम्बन्धित)

उपभोक्ता समूह/समितिको दर्ताको प्रमाण-पत्र

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

दर्ता नं. : मिति :

श्री ................................... उपभोक्ता समूह/समिति

.......................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूह/समितिलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

१. उपभोक्ता समूह/समितिको नाम :
२. चार किल्ला :
   पूर्व :
   पश्चिम :
   उत्तर :
   दक्षिण :
३. अन्दाजी क्षेत्रफल (हेक्टर) :
४. उपभोक्ताहरुको/उपभोक्ता समूहको संख्या :
५. घरधुरी संख्या :
६. कुल जनसंख्या :

प्रमाण पत्र दिने पदाधिकारीको,-

दस्तखत :

नाम,थर :

दर्जा :

द्रष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रुपैयाँ दस्तुर लाग्नेछ ।

## अनुसूची-७

(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

**संरक्षण सामुदायिक वन दर्ताको लागि दिइने निवेदन**

श्रीमान् अध्यक्षज्यू,

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ को अधीनमा रही संरक्षण सामुदायिक वनको रुपमा संरक्षण, सम्बर्द्धन, सदुपयोग र व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस समितिलाई हस्तान्तरण गरी दिनु हुन यो निवेदन पेश गरेका छौं ।

(क) संरक्षण सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको,-

१. वनको नाम र क्षेत्रफल :

२. वनको किसिम :

३. चार किल्ला :

(क) पूर्व : (ख) पश्चिम :

(ग) उत्तर : (घ) दक्षिण :

४. क्षेत्रफल :

(ख) वन्य जन्तु सम्बन्धी विवरण : १. २. ३. ४. ५.

(ग) समितिको पदाधिकारी र सदस्यको विवरण :

| सि.नं. | नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४

५

६

७

८

९

१०

११

| <u>वन उपभोक्ता समितिको तर्फबाट</u> : | <u>उपभोक्ता समितिको तर्फबाट सिफारिस गर्नेको</u> : |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम, थर :- | नाम, थर :- |
| पद :- | पद :- |
| मिति :- | मिति :- |

<u>द्रष्टव्य</u> : संरक्षण सामुदायिक वनको संरक्षण र व्यवस्थापन सम्बन्धी वन व्यवस्थापन कार्ययोजना संलग्न गर्नु पर्नेछ ।

अनुसूची-८

(नियम ३६ को उपनियम (२) सँग सम्बन्धित)

संरक्षण सामुदायिक वन दर्ताको प्रमाण-पत्र

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

दर्ता नं. मिति :

श्री ............................ उपभोक्ता समिति

...................................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई निम्नानुसारको संरक्षण सामुदायिक वन संरक्षण तथा व्यवस्थापन गर्न हस्तान्तरण गरी यो दर्ता प्रमाणपत्र दिइएको छ ।

(क) संरक्षण सामुदायिक वनको विवरण :

१. नाम :
२. चार किल्ला :
 पूर्व :
 पश्चिम :
 उत्तर :
 दक्षिण :
३. क्षेत्रफल (हे.):

(ख) वन्यजन्तु सम्बन्धी विवरण :

१.
२.
३.

प्रमाण पत्र दिने अधिकारीको,-
दस्तखत :
नाम, थर :
पद :

द्रष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रुपैयाँ दस्तुर लाग्नेछ ।

अनुसूची-९

(नियम ३८ को उपनियम (१) सँग सम्बन्धित)

संरक्षण  धार्मिक वन दर्ताको लागि दिइने निवेदन

श्रीमान् अध्यक्षज्यू

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ को अधीनमा रही संरक्षण धार्मिक वनको रुपमा संरक्षण, सम्बर्द्धन, सदुपयोग र व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस धार्मिक संस्था/समूह/समुदायलाई हस्तान्तरण गरि दिनु हुन यो निवेदन पेश गरेका छौं ।

संरक्षण  धार्मिक वनको रुपमा एकीकृत गर्न चाहेको :

(१) वनको नाम र क्षेत्र :

(२) चार किल्ला :
- (क) पूर्व :
- (ख) पश्चिम :
- (ग) उत्तर :
- (घ) दक्षिण :

(३) क्षेत्रफल :

(४) वन्यजन्तु सम्बन्धी विवरण :

१.
२.
३.

(५) धार्मिक संस्था/समूह र समुदाय सदस्यको विवरण :

१.
२.
३.

.............. धार्मिक संस्था/समूह/

समुदायको तर्फबाट निवेदन दिने व्यक्तिको,-

दस्तखत :

नाम :

पद :

मिति :

द्रष्टव्य : संरक्षण धार्मिक वन दर्ताको लागि निवेदन साथ संरक्षण धार्मिक वन व्यवस्थापन कार्ययोजना संलग्न गर्नु पर्नेछ ।

अनुसूची-१०

(नियम ३८ को उपनियम (२) सँग सम्बन्धित)

संरक्षण  धार्मिक वन दर्ताको प्रमाण-पत्र

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्‌को कार्यालय

दर्ता नं. मिति :

श्री ............................ ......................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ को अधीनमा रही देहायको वन क्षेत्रलाई संरक्षण धार्मिक वनको रुपमा यसैसाथ संलग्न वन व्यवस्थापन कार्ययोजना बमोजिम संरक्षण, सम्बर्द्धन, सदुपयोग र व्यवस्थापन गर्न निम्नानुसारको विवरणको वन क्षेत्र त्यस संस्था/समूहलाई हस्तान्तरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

संरक्षण धार्मिक वनको रुपमा एकीकृत गर्न चाहेको :

(१) वनको नाम र क्षेत्र :

(२) चार किल्ला :-

(क) पूर्व :

(ख) पश्चिम :

(ग) उत्तर :

(घ) दक्षिण :

(३) क्षेत्रफल :

(४) वन्य जन्तु सम्बन्धी विवरण :

१.

२.

३.

प्रमाणपत्र दिने अधिकारीको,-

दस्तखत :

नाम, थर :

पद :

द्रष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रुपैयाँ दस्तुर लाग्नेछ ।

अनुसूची-११

(नियम ४० को उपनियम (५) सँग सम्बन्धित)

<u>छोडपूर्जी</u>

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

च. नं. मिति :

श्री...............................

....................................

मिति .......................... मा पेश गर्नु भएको निवेदन उपर जाँचबुझ गर्दा तपसिल बमोजिमको वन पैदावार तपाईको निजी वनको देखिएकोले .................. दिनभित्र .......................... स्थानबाट ............................. स्थानसम्म ओसारपसार गर्न पाउने गरी यो छोडपूर्जी दिइएको छ । नजिकको चौकीमा दरपिठ गराई लैजानु होला ।

<u>तपसिल</u>

| क.सं. | वन पैदावारको नाम | परिमाण (तौल/भारी) | कैफियत |
|---|---|---|---|
| | | | |

<u>वोधार्थ तथा कार्यार्थ</u> :

१. .................समिति

२. बाटोमा पर्ने सम्पूर्ण चेक/जाँच चौकी ................

<u>छोडपूर्जि दिने अधिकारीको</u>,-

दस्तखत :

नाम :

पद :

अनुसूची-१२

(नियम ४२ को उपनियम (६) सँग सम्बन्धित)

<u>जडीबुटी/गैरकाष्ठ वन पैदावारको सङ्कलन/उपयोग गर्न र संरक्षण क्षेत्रबाहिर लैजान दिइने निवेदन</u>

श्री अध्यक्षज्यू

कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय ।

कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ को नियम ४२ को उपनियम (४) बमोजिम तपसिलमा लेखिएका जडीबुटी/गैरकाष्ठ वन पैदावारको सङ्कलन/उपयोग गर्ने वा संरक्षण क्षेत्रबाहिर लैजाने अनुमतिको लागि रु. ५।- यसैसाथ संलग्न राखी अनुरोध गर्दछु ।

<u>तपसिल</u>

| क.सं. | जडीबुटी/गैरकाष्ठ वन पैदावारको नाम | परिमाण (तौल/भारी) | सङ्कलन/उपयोग/ओसार पसार गर्ने क्षेत्र र माध्यम | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | ........ देखि<br>........ सम्म | |

<u>दरखास्त दिने व्यक्तिको</u>,-

नाम :

ठेगाना :

दस्तखत :

अनुसूची-१३

(नियम ४२ को उपनियम (७) सँग सम्बन्धित)

जडीबुटी सङ्कलन इजाजत पत्र

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

श्री ................

....................

तपाईंले मिति ..........................मा पेश गर्नु भएको निवेदनउपर कारबाही हुँदा तपसिलमा उल्लिखित जडीबुटी सङ्कलन गर्न इजाजत पत्र दिइएको छ ।

तपसिल

| क.सं. | जडीबुटी/गैरकाष्ठ वन पैदावारको नाम | परिमाण | सङ्कलन/उपयोग/ लैजाने क्षेत्र र माध्यम | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | .......... देखि<br>.......... सम्म | |

इजाजत पत्र दिने अधिकारीको,-

नाम :

पद :

दस्तखत :

मिति :

## अनुसूची-१४

(नियम ४२ को उपनियम (८) सँग सम्बन्धित)

**जडीबुटी/गैरकाष्ठ वन पैदावार संरक्षण क्षेत्रबाहिर लैजाने छोडपूर्जी**

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

श्री ................

....................

तपाईले मिति ..........................मा पेश गर्नु भएको निवेदन उपर जाँचबुझ गर्दा नियमानुसार जडीबुटी सङ्कलन गरेको पाइएकोले तपसिल बमोजिमको जडीबुटी संरक्षण क्षेत्रबाहिर मिति ................देखि ............. सम्म लैजाने छोडपूर्जि दिइएको छ । बाटोमा परेका उपभोक्ता समितिमा छोडपूर्जि दरपिठ गराई लैजानु होला ।

तपसिल

| क.सं. | जडीबुटीको नाम | परिमाण | संरक्षण क्षेत्रबाहिर लैजाने मार्ग र स्थान | कैफियत |
|---|---|---|---|---|
| | | | | |

जडीबुटी संरक्षण क्षेत्रबाहिर लैजान छोडपूर्जि दिने अधिकारीको,-

नाम :
पद :
दस्तखत :
मिति :

## अनुसूची-१५

(नियम ४७ को उपनियम (२) सँग सम्बन्धित )

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय / सम्पर्क कार्यालय ......................

## प्रवेश-पत्र

प्रवेश पत्र नं. ................................ मिति :

१. प्रवेश पत्र लिनेको नाम, थर : ....................................

२. लिङ्ग : ..............

३. उमेर : ...............

४. नागरिकता : ............................

५. पासपोर्ट नं : .....................

६. प्रवेश दस्तुर : ......................

७. प्रवेशपत्रको समय अवधि : ...................

प्रवेश पत्र दिनेको,-

दस्तखत :- .................

नाम, थर :-..................

दर्जा :- ...................

द्रष्टव्य :

(१) यो प्रवेशपत्र एक पटक प्रवेशका लागि मात्र मान्य हुनेछ । यसबाट कञ्चनजङ्घा संरक्षण क्षेत्रभित्र मात्र प्रवेश गर्न पाइनेछ ।

(२) प्रवेश पत्र नलिई संरक्षण क्षेत्रमा प्रवेश गरेको पाइएमा प्रवेशपत्र दस्तुरको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

अनुसूची-१६

(नियम ४८ को उपनियम (१) सँग सम्बन्धित)

हेलिकप्टर, हटएयर बेलुन वा अन्य हवाई उपकरणको अवतरण गर्नका लागि दिइने निवेदन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/कञ्चनजङ्घा संरक्षण क्षेत्र *व्यवस्थापन परिषद्को कार्यालय*

कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ बमोजिम हेलिकप्टर, हटएयर वेलुन वा अन्य उपकरण अवतरण गर्न अनुमतिको लागि देहाय बमोजिमको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. अवतरण गर्न चाहेको उद्देश्य :

२. अवतरण गर्न चाहेको उपकरण :

३. अवतरण गर्न चाहेको उपकरण :

४. अवतरण गर्न चाहेको क्षेत्र वा पटक :

५. अवतरण गर्न लाग्ने अवधि :

अनुमतिको लागि निवेदन दिनेको,-

दस्तखत :

नाम,थर :

दर्जा :

मिति :

अनुसूची-१७

(नियम ४८ को उपनियम (३) सँग सम्बन्धित)

राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभाग / कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय

अवतरण अनुमति-पत्र

अनुमतिपत्र नं.

१. अवतरण अनुमति प्राप्त गर्न चाहेको व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. अवतरण गर्न चाहेको उद्देश्य :

३. अवतरण गर्न चाहेको उपकरण :

४. अवतरण गर्न चाहेको क्षेत्र वा पटक :

५. अवतरण गर्न लाग्ने अवधि :

६. अनुमति बुझिलिनेको नाम र दस्तखत :

७. लेखा शाखाबाट प्राप्त रसिद नं :

८. अवतरण शुल्क :

अनुमतिपत्र दिने अधिकारीको,-

दस्तखत :

नाम, थर :

दर्जा :

मिति :

## अनुसूची-१८

(नियम ४९ को उपनियम (१) सँग सम्बन्धित)

### फिल्म छायाङ्कनको लागि दिने दरखास्त

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग / कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय,

....................... ।

कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ बमोजिम डकुमेन्ट्री/फिचर फिल्म कञ्चनजङ्घा संरक्षण क्षेत्रमा छायाङ्कन गर्न अनुमति दिन हुन देहाय बमोजिमको विवरण खुलाई रु. ५।- को टिकट संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

तपसिल

क. फिल्म छायाङ्कन गर्ने व्यक्ति वा संघ, संस्थाको नाम, ठेगाना :

ख. कथावस्तुको नाम र सारांश :

ग. फिल्म छायाङ्कन गरिने क्षेत्र :

घ. फिल्म छायाङ्कनमा संलग्न हुने व्यक्ति (स्वदेशी) को नाम र संख्या :

ङ. फिल्म छायाङ्कनमा संलग्न हुने व्यक्ति (विदेशी) को नाम र संख्या :

च. फिल्म छायाङ्कन गरिने अवधि :

दरखास्तवालाको,-

दस्तखत :

नाम :

संस्थाको नाम र ठेगाना :

मिति :

अनुसूची-१९

(नियम ४९ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभाग / कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय

फिल्म छायाङ्कन अनुमति पत्र

मिति :

१. डकुमेण्ट्री वा फिचर फिल्म छायाँङ्कन वा बनाउन चाहने व्यक्ति/संस्थाको नाम :

२. अनुमति प्राप्त गर्नेको ठेगाना र नागरिकता :

३. डकुमेण्ट्री वा फिचर फिल्म खिच्न दिएको क्षेत्रको चार किल्ला :

४. डकुमेण्ट्री वा फिचर फिल्म खिच्न दिएको अवधि र दस्तुर :

अनुमतिपत्र बुझिलिनेको,-

दस्तखत :

नाम :

ठेगाना :

अनुमतिपत्र दिने अधिकृतको,-

दस्तखत :

नाम, थर :

दर्जा :

# बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७१।९।१४

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "निकुञ्ज" भन्नाले बाँके राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) "सहायक संरक्षक" भन्नाले निकुञ्जको सहायक संरक्षण अधिकृतलाई सम्झनु पर्छ ।

(घ) "सवारी साधन" भन्नाले मोटर इन्जिन जडान भएको सवारी साधन सम्झनु पर्छ ।

(ङ) "राजमार्ग" भन्नाले निकुञ्जभित्र भएर गएको राजमार्ग सम्झनु पर्छ ।

३. निकुञ्जको सिमाना : (१) निकुञ्जको सिमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको निकुञ्जको सिमाङ्कन र संरक्षण गर्ने दायित्व संरक्षकको हुनेछ ।

४. निकुञ्जभित्र प्रवेश : (१) निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ र त्यस्तो दस्तुर बुझाउने व्यक्तिलाई संरक्षक वा निकुञ्जको कुनै कर्मचारीले अनुसूची-२ बमोजिमको प्रवेशपत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम २० बमोजिम सुविधा प्राप्त बाटो प्रयोग गर्ने व्यक्तिले सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई निकुञ्जभित्रबाट हिँडेमा कुनै दस्तुर तिर्नु पर्ने छैन ।

(३) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोली वा सरकारी कर्मचारीलाई संरक्षकले अनुसूची-३ बमोजिमको नि:शुल्क प्रवेशपत्र दिन सक्नेछ ।

५. निकुञ्जमा प्रवेश आफ्नै दायित्वमा हुने : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यसको जिम्मेवारी सम्बन्धित व्यक्तिमा नै रहनेछ । त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भएबापत क्षतिपूर्तिको निमित्त नेपाल सरकार जिम्मेवार हुने छैन ।

६. निकुञ्जभित्र गर्न निषेध गरिएका कार्यहरु : संरक्षक वा सो कामको लागि नेपाल सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र देहायका कामहरु गर्न पाउने छैन :-

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रम वा आकार बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भाग कब्जा गर्न, फाँड्न वा आवाद गर्न,

(ग) घरपालुवा पशु वा पंक्षी चराउन वा तिनीहरुलाई पानी खुवाउन,

(घ) रुख, विरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, ओसारपसार गर्न, छेक्न, छाँट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न, आगो लगाउन वा अरु कुनै किसिमले हानी पुऱ्याउन,

(ङ) क्याम्प गर्न भनी छुट्याइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(च) क्याम्प गर्न छुट्याईएको स्थान वा संरक्षकले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न, वा

(छ) नियम २० बमोजिम तोकिएको बाटो बाहेक अन्य बाटो वा ठाउँबाट हिँडडुल गर्न वा कुनै घरपालुवा पशु लैजान वा हिँडाउन ।

७. साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरु : कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा वा नियम २० अन्तर्गत तोकिएको बाटोबाट हिँड्दा संरक्षकको लिखित अनुमति बिना देहायका चिजवस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैन :-

(क) हातहतियार, खरखजाना, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु,

(ग) धनुषवाण, भाला, जाल, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने अन्य यस्तै वस्तुहरु ।

तर राजमार्गबाट सवारी साधनद्वारा यात्रा गर्ने यात्रुहरुले इजाजत प्राप्त हातहतियार साथमा लैजान कुनै बाधा पर्ने छैन ।

८. क्षति पुऱ्याउन नहुने : (१) निकुञ्जको सिमानाभित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै प्रकारबाट निकुञ्जभित्रको वनस्पति, भारपात वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

(२) निकुञ्जभित्रको बाटो, पुल, मचान, घर, कार्यालय भवन, तारवार, चिन्हपट वा अन्य कुनै चिजवस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

९. वैज्ञानिक अनुसन्धानको लागि नमूना सङ्कलन गर्न सकिने : (१) निकुञ्जको हितका लागि उपयुक्त हुने काम वा वैज्ञानिक अनुसन्धानको निमित्त ऐन बमोजिम नमूना सङ्कलन गर्न चाहने व्यक्तिले संरक्षक समक्ष लिखित निवेदन दिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले ऐनको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु बाहेक अन्य वन्यजन्तुलाई पक्री अनुसन्धानको निमित्त नमूना सङ्कलन गर्न आवश्यक शर्तहरु तोकी अनुमतिपत्र दिन सक्नेछ ।

(३)उपनियम (२) बमोजिम अनुमतिपत्र दिँदा लाग्ने दस्तुर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

१०. वन्यजन्तुको शिकार गर्न वा पंक्षीहरुको गुँड हटाउन वा बिगार्न नहुने : निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन गर्न अनुमति प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्यजन्तुलाई मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा सो को उद्योग गर्न वा कुनै पनि पंक्षीहरुको फुल वा गुँड हटाउन, भत्काउन, बिगार्न वा खलबल्याउन हुँदैन ।

११. माछा मार्न अनुमति लिनु पर्ने : (१) निकुञ्जभित्रको नदी, खोला, नाला, ताल वा पोखरीमा माछा मार्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम दस्तुर बुझाएपछि संरक्षक वा निकुञ्जको कर्मचारीले आवश्यक शर्त तोकी अनुसूची-४ बमोजिमको माछा मार्ने अनुमतिपत्र दिनेछ ।

१२. पूर्व स्वीकृति लिनु पर्ने : (१) नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र माटो, ढुङ्गा, बालुवा वा अन्य कुनै खनिज पदार्थ खोज्न, खन्न वा हटाउन पाउने छैन ।

(२) कसैले निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा नेपाल सरकारको स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१३. विज्ञापन टाँस्न वा राख्न नपाइने : ऐन बमोजिम निकुञ्जभित्र स्थापित होटल, लज वा अन्य सेवा व्यवसायीहरुले बाहेक निकुञ्जभित्र कुनै पनि व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँसी प्रचार प्रसार गर्नु, गराउनु हुँदैन ।

१४. बाजाहरु बजाउन नपाइने : निकुञ्जभित्रका सरकारी कार्यालय, भवन वा ऐन बमोजिम स्थापित होटल, लज वा अन्य सेवा स्थलहरुमा बाहेक अन्यत्र रेडियो, टेप रेकर्ड र सङ्गीतका यस्तै अन्य बाजाहरु बजाउन पाइने छैन ।

१५. फोहर मैला फाल्न नपाइने : कुनै पनि व्यक्तिले निकुञ्जभित्र फोहर मैला गर्न वा फाल्न हुँदैन ।

१६. विषालु पदार्थ फ्याँक्न नपाइने : निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको किटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषालु पदार्थ फ्याँक्न वा निकुञ्जभित्र भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै स्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुँदैन ।

१७. निकुञ्जभित्र सवारी साधन चलाउँदा पालन गर्नु पर्ने कुराहरु : निकुञ्ज भित्रको राजमार्ग वा राजमार्ग बाहेकको अन्य क्षेत्रमा सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधीनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछ :-

(क) सवारी साधनमा रहेका सबै सामानहरु प्रवेश चौकीमा जँचाई लैजानु पर्नेछ ।

(ख) राजमार्ग बाहेकको अन्य क्षेत्रमा सवारी साधन चलाउँदा पाँच टन भन्दा बढी वजनको सवारी साधन चलाउन पाइने छैन ।

(ग) अन्य सवारी साधन, पैदल यात्रु वा अन्य वस्तुको आवागमनमा बाधा पर्ने गरी सवारी साधन चलाउन वा अड्याई राख्न हुँदैन ।

(घ) हर्न बजाउन हुँदैन ।

(ङ) राजमार्गको हकमा चालीस किलोमिटर प्रतिघण्टा र राजमार्ग बाहेकको अन्य क्षेत्रमा बीस किलोमिटर प्रतिघण्टा भन्दा बढी गतिमा सवारी साधन चलाउन हुँदैन ।

(च) राजमार्गमा आवश्यकता अनुसार राखिएको तगारो र सवारी साधनको गति कम गराउन बनाइएको गति नियन्त्रकको पालना गर्नु पर्नेछ ।

(छ) निकुञ्जभित्र राखिएको तगारो भाँच्न, बिगार्न वा कुनै क्षति पुऱ्याउन हुँदैन ।

(ज) सवारी साधनले कुनै पनि वन्यजन्तुलाई लखेट्न, ठक्कर दिन, घाइते बनाउन, कुल्चिन वा मार्न हुँदैन ।

(झ) राजमार्ग बाहेकको अन्य क्षेत्रमा सवारी साधन चलाउँदा नियम २० को उपनियम (३) को खण्ड (ग) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्ता बाटोबाट सवारी साधन चलाउन हुँदैन ।

१८. इशारा वा सङ्केत मान्नु पर्ने : निकुञ्ज भित्र चलाउने सबै सवारी साधनका चालकले निकुञ्जको कर्मचारीले गरेको इशारा वा सङ्केत पालना गर्नु पर्नेछ र त्यस्तो इशारा वा सङ्केत जनाउनको लागि राखिएको चिन्हपट बमोजिम सवारी साधन चलाउनु पर्नेछ ।

१९. आवागमनमा प्रतिबन्ध : निकुञ्जभित्रको होटल, लज, क्याम्प, अनुमति प्राप्त स्थान वा राजमार्गमा बाहेक अन्य स्थानमा कसैले पनि संरक्षकको लिखित अनुमति बिना सूर्यास्तदेखि सूर्योदयसम्म प्रवेश गर्न, हिँडडुल गर्न वा सवारी साधन चलाउनु हुँदैन ।

२०. बाटोको सुविधा : (१) निकुञ्जभित्र अनुसूची-५ बमोजिमको बाटोबाट पैदल यात्रा गर्न, घर पालुवा जीवजन्तु हिँडाउन वा सवारी साधन चलाउन संरक्षकले चिन्हपट लगाई तोके बमोजिम बाटोको सुविधा प्राप्त हुनेछ ।

(२) संरक्षकको लिखित अनुमति बिना उपनियम (१) बमोजिमको चिन्हपट लगाई तोकिदिएको बाटो बाहेक अन्य बाटोको प्रयोग गर्न पाइने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम हुनेछ :-

(क) निकुञ्ज भित्र पर्ने अनुसूची-६ बमोजिमको सांस्कृतिक, धार्मिक र ऐतिहासिक स्थलमा परम्परागत रुपमा चलि आएको धार्मिक कार्यको लागि पैदल मार्गको अनुमति माग भई आएमा संरक्षकले उक्त क्षेत्रमा जाने बाटो तोकी अनुमति दिन सक्नेछ ।

(ख) निकुञ्ज भित्रको अनुसूची-७ बमोजिमको पानीको श्रोत प्रयोग गरी परापूर्वकाल देखि स्थानीयवासीले प्रयोग गर्दै आएको खानेपानी तथा सिंचाईको मर्मत तथा सम्भारको लागि अनुमति माग भई आएमा संरक्षकले उक्त क्षेत्रमा जाने बाटो तोकी मर्मत तथा सम्भारको लागि प्रवेश गर्न अनुमति दिन सक्नेछ ।

(ग) चिन्हपट लगाई तोकिदिएको कुनै बाटो प्रतिकूल मौसमका कारण बन्द गर्न उपयुक्त ठानेमा संरक्षकले मौसम अनुकूल नहुन्जेलसम्म बन्द गरी अन्य कुनै बाटो तोक्न सक्नेछ ।

२१. दस्तुर बुझाउनु पर्ने : (१) निकुञ्जभित्र देहायको कार्य गरे बापत अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ :-

(क) सवारी साधन चलाएमा (राजमार्ग बाहेक),
(ख) क्याम्प गरेमा,
(ग) निकुञ्जको गाइडको सेवा उपलब्ध गरेमा,
(घ) खरखडाई वा वनकस काटेमा,
(ङ) सुन चालेमा,
(च) च्याउ टिपेमा ।

(२)उपनियम (१) बमोजिम दस्तुर बुझाउने व्यक्तिलाई अनुसूची-८ बमोजिमको दस्तुर बुझाएको रसिद दिइनेछ ।

२२. सवारी साधन वा वस्तु पक्राउ गरिने : यस नियमावली बमोजिम निकुञ्जभित्र सुविधा दिएको बाटो बाहेक अन्य बाटोबाट कुनै सवारी साधन वा घरपालुवा जीवजन्तु हिँडाएको भेटिएमा संरक्षकले तोकिदिएको दर्जाको निकुञ्जको कर्मचारीले पक्री सम्बन्धित अधिकारी समक्ष कारबाहीका लागि बुझाउनेछ ।

२३. गिरफ्तार गर्न वा नियन्त्रणमा लिन सकिने : (१) ऐन तथा यस नियमावली विपरीत काम गरेको अभियोगमा संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, रेञ्जर वा निकुञ्जका अन्य कर्मचारीहरुले कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारी साधनको खानतलासी गर्न वा नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा वा सबुद नष्ट हुन सक्ने आशंका भएमा वारेण्ट बेगर पनि अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारी साधनको खानतलासी गर्न वा नियन्त्रणमा लिन सकिनेछ ।

(३) यस नियम बमोजिम नियन्त्रणमा लिएको वा बरामद भएको काठ वा अन्य सरसामान निकुञ्जले तोकेको स्थानसम्म ल्याउन संरक्षकले अनुमति दिन सक्नेछ ।

२४. दुर्घटना वा मृत्यु भएमा सूचना गर्नुपर्ने : निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्तिको दुर्घटना वा मृत्यु भएमा त्यस्तो व्यक्तिको साथमा गएका अन्य व्यक्तिले वा सो दुर्घटना वा मृत्यु भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा निकुञ्जको कार्यालयमा दिनु पर्नेछ ।

२५. सरकारी कामको लागि निकुञ्जभित्र प्रवेशमा छुट : यस नियमावलीमा लेखिएको कुनै कुराले पनि निकुञ्ज वा अन्य कुनै सरकारी कार्यालयका कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारबाही गर्नको लागि निकुञ्जभित्र कुनै पनि समयमा प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२६. मुद्दा हेर्ने अधिकारी : (१) ऐन र यस नियमावली बमोजिम सजाय हुने मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई हुनेछ :-

(क) नियम ४ विपरीत अनुमति नलिई निकुञ्जभित्र प्रवेश गरेको,
(ख) दशहजार रुपैयाँसम्म मोल पर्ने वन पैदावार अनियमित ढङ्गबाट हटाएको, काटेको वा झिकेको,
(ग) घरपालुवा जीवजन्तु वा पंक्षीलाई निकुञ्जभित्र चराएको वा पानी खुवाएको,
(घ) छुट्याइएको क्याम्प वा स्थान बाहेक अन्यत्र रात बसेको, क्याम्प गरेको वा आगो बालेको,
(ङ) नियम ११ विपरीत अनुमति नलिई माछा मारेको,
(च) नियम १३ विपरीत कुनै चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु राखको वा टाँसेको,
(छ) नियम १४ विपरीत कुनै बाजा बजाएको,
(ज) नियम १५ विपरीत फोहर मैला गरेको वा फालेको,
(झ) नियम १७ र १८ विपरीत हुने गरी सवारी साधन चलाएको,
(ञ) नियम १९ विपरीत निकुञ्जभित्र प्रवेश गरेको, हिँडडुल गरेको वा सवारी साधन चलाएको,

(ट) नियम २० विपरीत तोकेको बाटो बाहेक अन्य ठाउँबाट पैदल यात्रा गरेको, घर पालुवा जीवजन्तु हिँडाएको वा सवारी साधन चलाएको ।

२७. अधिकार प्रत्यायोजन गर्न सकिने : संरक्षकले आफूलाई प्राप्त अधिकार मध्ये नियम २६ बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आफू मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. सवारी साधन र पर्यटक संख्यामा नियन्त्रण : निकुञ्जको वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा संरक्षकले निकुञ्ज क्षेत्रमा प्रवेश गर्ने सवारी साधनमा प्रतिबन्ध लगाउन र पर्यटक संख्यामा नियन्त्रण गर्न सक्नेछ ।

२९. अनियमित तरिकाबाट सङ्कलन गरेको वन पैदावार लिलाम बिक्री गर्ने : कसैले निकुञ्जभित्र गैरकानूनी तरिकाले सङ्कलन गरेको वन पैदावारलाई संरक्षकले तोकेको निकुञ्जको कुनै कर्मचारीले बिगो कायम गरी संरक्षक समक्ष पेश गर्नु पर्नेछ । त्यसरी विगो कायम गरिएको वन पैदावारको प्रचलित कानून बमोजिम लिलाम बिक्री  गरिनेछ ।

३०. चौपाया वा सडीगली जाने माल वस्तु लिलाम गर्न सकिने : (१) ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा कब्जा गरेको वा नियन्त्रणमा लिएको सडीगली जाने माल वस्तु र चौपायालाई संरक्षकले तत्कालै लिलाम बिक्रि गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलामबाट आएको रकम मुद्दा किनारा हुँदा ठहरे बमोजिम हुने गरी धरौटी खातामा आम्दानी बाँधी राख्नु पर्नेछ ।

३१. जग्गा दर्ता गर्न नहुने : (१) निकुञ्ज भित्रको कुनै पनि जग्गा कसैले कुनै पनि तरिकाले कब्जा गर्न र दर्ता गर्न वा गराउन हुदैन । कसैले यस नियम विपरीत जग्गा दर्ता गराएमा त्यस्तो दर्ता स्वत: बदर हुनेछ ।

(२) उपनियम (१) बमोजिमको जग्गा निकुञ्ज घोषणा हुनु भन्दा अघि कसैले नेपाल सरकारको स्वीकृति बेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता निकुञ्ज घोषणा भएकै मितिबाट स्वत: बदर भएको मानिनेछ र सोको व्यहोरा अभिलेखमा जनाउन निकुञ्ज कार्यालयले सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ । त्यसरी  लेखी आएको सात दिन भित्र मालपोत कार्यालयले अभिलेखमा जनाई सोको जानकारी निकुञ्ज कार्यालयलाई गराउनु पर्नेछ ।

३२. बिगो कायम गर्ने : (१) निकुञ्जको वन जङ्गल नोक्सान भई ठुटासम्म भएको तर काठ फेला नपरेकोमा सोको बिगो कायम गर्नु पर्दा लोकल भोलुम टेवल प्रयोग गरी ठुटाबाट आयतन निकाली नेपाल सरकारले तोकेको काठको प्रचलित दर अनुसार बिगो कायम गर्नुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि ठुटा फेला नपरी काठ मात्र फेला परेमा प्राप्त काठको उपनियम (१) बमोजिम आयतन निकाली त्यसमा चालीस प्रतिशत थप गरी नेपाल सरकारले तोकेको काठको प्रचलित दर अनुसार बिगो कायम गर्नुपर्नेछ ।

३३. निकुञ्जको कार्य योजना तयार गर्ने : निकुञ्जको जैविक विविधता संरक्षणका लागि अनुसूची-९ बमोजिमका कुराहरु खुलाई संरक्षकले निकुञ्जको व्यवस्थापन कार्य योजना तयार गर्नु पर्नेछ ।

३४. असल नियतले गरेको कामको बचाउ : ऐन वा यस नियमावलीद्वारा प्रदत्त अधिकार असल नियतले प्रयोग गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन ।

३५. निकुञ्जको व्यवस्थापन र विकास निर्माणमा वन पैदावार उपयोग गर्न सकिने : नेपाल सरकारबाट स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गरिने निकुञ्ज व्यवस्थापन एवं सोको विकास निर्माण कार्यका लागि ढुङ्गा, गिट्टी, बालुवा, सुकेका काठ लगायतका वन पैदावारहरुको आवश्यकता परेमा उपलब्ध गराउन सकिने स्थानबाट संरक्षकको अनुमति लिई लागत अनुमानको आधारमा सङ्कलन, ओसार पसार र प्रयोग गर्न सकिनेछ ।

३६. अनुसुचीमा थपघट वा हेरफेर गर्न सक्ने : नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

अनुसूची- १

(नियम ४, ११ र २१ सँग सम्बन्धित)

<u>दस्तुर</u>

| क्र.सं. | विवरण | दस्तुर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क मुलुकका नागरिक | अन्य विदेशी नागरिक |
| (क) | निकुञ्जको प्रवेश दस्तुर (प्रति व्यक्ति प्रति दिन)<br>(१० वर्ष मुनिका बालबालिकालाई प्रवेश दस्तुर लाग्ने छैन ।) | ५०।- | ५००।- | १,०००।- |
| (ख) | माछा मार्ने दस्तुर (बल्छिले मात्र, प्रति व्यक्ति प्रति दिनको लागि)<br>(परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय खुना, वादी समुदायका मानिसहरुले वार्षिक शुल्क रु. १००।- तिरी माछा मार्न पाउने छन् ।) | १००।- | १,०००।- | २,०००।- |
| (ग) | सुन चाल्ने दस्तुर (परम्परागत रुपमा बालुवा चाली सुन खोजी गर्ने प्रति व्यक्ति प्रति दिनको)<br>(परम्परागत रुपमा बालुवा चाली सुन खोजी गरी जीविका चलाउने स्थानीय खुना, वादी समुदायका मानिसहरुले प्रति परिवार वार्षिक शुल्क रु १००।- तिरी सुन चाल्न पाउने छन् ।) | ५०।- | × | × |
| (घ) | क्याम्पिङ (बास बस्ने) दस्तुर (प्रति व्यक्ति प्रत्येक रातको लागि) | १००।- | ५००।- | १,०००।- |
| (ङ) | निकुञ्ज भित्र वा निकुञ्जको नदी नालामा पर्यटक घुमाउन डुङ्गा, ऱ्याफ्टीङ, बोटिङ्ग चलाए वापत लाग्ने दस्तुर | | | |

| | | | | |
|---|---|---|---|---|
| (१) | डुङ्गा (प्रति  व्यक्ति प्रति ट्रिप) | १००।- | ७५०।- | १,०००।- |
| (२) | र्‍याफ्टीङ्ग (प्रति व्यक्ति प्रति ट्रिप) | १००।- | १,०००।- | २,०००।- |
| (३) | बोटिङ्ग | ५००।- | २,०००।- | ४,०००।- |
| (च) | तालीम प्राप्त पञ्जीकृत गाइडले निकुञ्जभित्र गाइड सेवा उपलब्ध गराए वापत प्रति गाइड प्रति वर्ष गाइड शुल्क | १,०००।- | | |
| (छ) | सवारी साधन दस्तुर  (प्रति सवारी प्रति पटक) | | | |
| (१) | राजमार्ग बाहेक सुविधा प्राप्त बाटोको लागि | | | |
| | (क) कार, जीप, ट्रक, बस, ट्र्याक्टर, लरी  (५ टन सम्म) को लागि | ५०।- | | |
| | (ख) मोटर साइकल, बयलगाडा र टाँगाको लागि | १०।- | | |
| (२) | व्यावसायिक जङ्गल ड्राइभ | | | |
| | कार | १,०००।- | | |
| | जीप | २,०००।- | | |
| | भ्यान | २,५००।- | | |
| (३) | सुविधा प्राप्त बाटो बाहेक अन्य बाटोको लागि मोटर इन्जिन जडान भएको सवारी साधनको लागि | ३००।- | | |
| (४) | हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि | ५,०००।- | | |
| (ज) | खर खडाई, वनकस दस्तुर (प्रति पूर्जी) | २५।- | | |

| | | | | |
|---|---|---|---|---|
| (झ) | फुर्कि च्याउ  र बगाले च्याउ (असार एक गते देखि भदौ मसान्तसम्म संरक्षकले तोकेको क्षेत्रमा १ पटकमा बढिमा ७ दिन खुल्ला गर्ने गरी वर्षमा दुईपटक) प्रति के.जी. | ५०।- | | |
| (ञ) | हात्ती सफारी | ५००।- | १५००।- | २५००।- |

<u>द्रष्टव्य</u> :

(क) रित पूर्वकको प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजँदा दस्तुर लाग्ने छैन ।

(ग) खर खडाई पूर्जीको म्याद तीन दिनको हुनेछ ।

(घ) गाइड शुल्क बुझाउने गाइडलाई निकुञ्ज प्रवेश दस्तुर लाग्ने छैन ।

(ङ) व्यावसायिक जङ्गल ड्राइभमा प्रयोग गरिने सवारी साधनमा देहायमा तोकिएको सङ्ख्या भन्दा बढी पर्यटक राख्न पाइने छैन :-

(१) कार - ४ जना

(२) जीप - १० जना

(३) भ्यान - १५ जना

(च) प्रवेशपत्र वा अनुमतिपत्र नलिई निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तुरमा शत प्रतिशत थप दस्तुर लिई प्रवेशको अनुमति दिइनेछ ।

अनुसुची-२

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बाँके राष्ट्रिय निकुञ्ज

प्रवेशपत्र

क्र.सं.                                                                 मिति :-

१. प्रवेशपत्र लिने व्यक्तिको नाम :

२. ठेगाना :

३. राष्ट्रियता :

४. प्रवेशद्वार :

५. प्रवेश गर्ने दस्तुर :

६. प्रवेश गर्ने मिति :

७. प्रवेशपत्र बहाल रहने अवधि :

-----------------------

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य :- (१) यो प्रवेशपत्र अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइने छैन ।

(२) निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१ को पालना गर्नु पर्नेछ ।

अनुसूची-३

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बाँके राष्ट्रिय निकुञ्ज

नि:शुल्क प्रवेशपत्र

क्र.सं. मिति :-

१. प्रवेशपत्र लिने व्यक्ति वा संस्थाको नाम :

२. ठेगाना :

३. प्रवेश गर्ने व्यक्तिको संख्या :

४. प्रवेशद्वार :

५. प्रवेश गर्ने उद्देश्य :

६. प्रवेशपत्र बहाल रहने अवधि :

--------------------

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य :- (१) यो प्रवेशपत्र अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइने छैन ।

(२) निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१ को पालना गर्नु पर्नेछ ।

अनुसूची-४

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बाँके राष्ट्रिय निकुञ्ज

माछा मार्ने अनुमतिपत्र

क्र.सं. मिति :-

१. अनुमतिपत्र लिने व्यक्तिको नाम :

२. ठेगाना :

३. नागरिकता :

४. माछा मार्न पाइने नदी खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा हिस्साको विवरण :

५. माछा मार्ने दस्तुर :

६. अनुमतिपत्र बहाल रहने अवधि :

--------------------

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य :- यो अनुमति प्राप्त गर्ने व्यक्तिले संरक्षकले तोकेको शर्तको अधीनमा रही माछा मार्नु पर्नेछ ।

## अनुसूची-५

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

<u>घर पालुवा जीवजन्तु, सवारी साधन र पैदल यात्रुको लागि बाटोहरु</u>

१. खड्गबार-आम्बास-घुइयावारी (प्रस्तावित मोटरबाटो)

२. ठुरिया-अमिलाबारी-हात्तिदमार (पैदल बाटो)

३. ठुरिया-अमिलाबारी-जिला (पैदल बाटो)

४. अगैया-देउराली-जलजला (पैदल बाटो)

## अनुसूची-६

(नियम २० को उपनियम (३) को खण्ड (क) सँग सम्बन्धित)

सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थल

१. देउराली डाँडाको देउती बजै मन्दिर
२. झिझरी चुरे डाँडाको झाँकी मन्दिर
३. कुकुरगौडा

## अनुसूची -७

(नियम २० को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

<u>परम्परागत रुपमा सञ्चालित खानेपानी तथा सिंचाई</u>

१. ठुरिया ओभरी कुलो, महादेवपुरी ७
२. हात्तिगौडा च्यामा (ठूलो) कुलो, चिसापानी २
३. कक्वा कुलो, चिसापानी ९
४. आमखोली खड्गवार कुलो, कोहलपुर ८
५. जोरहत्ते दाउना कुलो, कोहलपुर ४
६. झिझेरी बागेसाल उदयन कुलो, महादेवपुरी १
७. झिझेरी महादेवगाँउ कुलो, महादेवपुरी १
८. परुवाखोला पेरानी कुलो, महादेवपुरी ८
९. लुम्बाखोला सिक्टा गोठेरी कुलो
१०. लामीताल वैरिया कूलो
११. कटसेनी अगैया खानेपानी, कचनापुर १
१२. कुकुरगौडा कुसुम खानेपानी
१३. राजावास कुसुम खानेपानी
१४. शिवखोला खानेपानी

अनुसूची-८

(नियम २१ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बाँके राष्ट्रिय निकुञ्ज

दस्तुर बुझाएको रसिद

क्र.सं. मिति :-

१. दस्तुर बुझाउनेको नाम, थर :

२. ठेगाना :

३. दस्तुर बुझाउने प्रयोजन :

(क) सवारी साधन चलाउन
(ख) क्याम्प गर्न
(ग) निकुञ्जको गाइड सेवा उपलब्ध गर्न
(घ) खरखडाई वा वनकस काट्न
(ङ) सुन चाल्न
(च) च्याउ टिप्न

--------------------

दस्तुर बुझिलिनेको दस्तखत

द्रष्टव्य :- यो रसिद दस्तुर बुझाउने व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र रहँदा साथमा राख्नु पर्नेछ ।

अनुसूची-९

(नियम ३३ सँग सम्बन्धित)

<u>निकुञ्ज व्यवस्थापन कार्ययोजनामा समेट्नु पर्ने विषयवस्तु</u>

१. प्रत्येक जङ्गल, झाडी, बुट्यान, घाँसे मैदान, नदीखोला र प्रति चउरले ओगटेको क्षेत्र,

२. संरक्षित वन्यजन्तुहरुको सङ्ख्या र संरक्षणको स्थिति,

३. जैविक विविधता संरक्षणका लागि अपनाएको कार्यविधि ,

४. भू-बनोट तथा संरक्षित प्रजातिहरुको बासस्थानको विवरण देखिने गरी तयार गरिएको निकुञ्जको नक्सा,

५ निकुञ्जको मध्यवर्ती क्षेत्रको जनसंख्या तथा जनघनत्व तथा वन पैदावार उपयोग सम्बन्धी विवरण,

६. वन पैदावारको विवरण,

७. मध्यवर्ती क्षेत्रमा प्राप्त हुने वन पैदावारको सङ्कलन, उपयोग तथा बिक्रि सम्बन्धी वार्षिक विवरण,

८. कार्य योजना अवधिभर प्राप्त हुने वार्षिक राजस्वको विवरण,

९. पर्यटन विकास, वातावरण, धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

१०. निकुञ्ज र मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि उपयुक्त अन्य विवरणहरु ।